# दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक यथार्थ

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र

सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि

उपाधि प्राप्त गर्ने प्रयोजनका लागि

प्रस्तुत

**शोधप्रबन्ध**


शोधकर्ता

महानन्द जोशी

रोल नं. २३०/२०७४(पौष)

त्रि.वि. दर्ता नं. ६३४९२-९१

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०८१

# दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक यथार्थ

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र

सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि

उपाधि प्राप्त गर्ने प्रयोजनका लागि

प्रस्तुत

**शोधप्रबन्ध**


शोधकर्ता

महानन्द जोशी

रोल नं. २३०/२०७४(पौष)

त्रि.वि. दर्ता नं. ६३४९२-९१

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०८१

## शोधप्रबन्ध समितिको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधि हासिल गर्ने प्रयोजनका लागि श्री महानन्द जोशीले *दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक यथार्थ* शीर्षकको प्रस्तुत शोधप्रबन्ध हाम्रा सुपरिवेक्षणमा परिश्रमपूर्वक तयार पार्नु भएको हो । प्रस्तुत शोधप्रबन्धमा आन्तरिक मूल्याङ्नकर्ता विषयविशेषज्ञहरूबाट लिखित रूपमा प्राप्त भएका सुझावहरूको परिमार्जन तथा पूर्वमौखिक परीक्षामा उठाइएका प्रश्नहरूलाई समायोजन गरिएको छ। यसका साथै प्रस्तुत शोधप्रबन्धमा बाह्य मूल्याङ्कनकर्ता विषयविशेषज्ञहरूबाट लिखित रूपमा प्राप्त सुझावहरूलाई समेत समावेश गरी परिमार्जन गरिएकाले उहाँको यो शोध सन्तोषजनक रहेको छ । अतः हामी यसको आवश्यक मूल्याङ्नप्रक्रिया अगाडि बढाउनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय डीन कार्यालयसमक्ष सिफारिस गर्दछौँ ।

**शोधप्रबन्ध समिति**

...............................

प्रा.डा. महादेव अवस्थी

शोधनिर्देशक

...............................

प्रा.डा. नारायणप्रसाद गडतौला

सहशोधनिर्देशक

मिति : २०८१/१०/२०

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय डीन कार्यालयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत *दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक यथार्थ* शीर्षकको यो शोधप्रबन्ध मैले मेरा शोधनिर्देशक तथा सहशोधनिर्देशकका निर्देशनमा रही सम्पन्न गरेको पूर्णतः मौलिक कार्य हो । मैले यस शोधप्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र तीप्रति कृतज्ञ पनि छु । यस शोधप्रबन्धमा प्रस्तुत सामग्रीलाई मैले यसअघि कहीँ पनि कुनै उपाधि अथवा अन्य प्रयोजनका निमित्त प्रस्तुत गरेको छैन । यस शोधप्रबन्धको कुनै पाठ/अंश पुस्तक वा पुस्तकको अंशका रूपमा प्रकाशित गरे/गराएको छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेवार हुनेछु ।

मिति : २०८१/१०/२०

.............

. शोधकर्ता

महानन्द जोशी

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधि प्राप्त गर्ने प्रयोजनका लागि आदरणीय गुरु प्रा.डा. महादेव अवस्थीको कुशल निर्देशनमा तयार पारिएको हो । आफ्नो अतिव्यस्त दैनिकीबाट बारम्बार मेरा निम्ति समय निकालेर मलाई शोधकार्य गर्नका लागि प्राज्ञिक मार्गनिर्देशन गर्नुहुने तथा शोधका अप्ठ्यारा र कठिन गाँठाहरू फुकाई मेरो शोधकार्यलाई सहज तुल्याइदिनु हुने आदरणीय शोधनिर्देशक गुरुप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै क्रममा प्रस्तुत शोधकार्यलाई गन्तव्यसम्म पुऱ्याउन हौसला र अभिप्रेरणाका साथ मित्रवत् निरन्तर सकारात्मक सल्लाह सुझाव दिएर प्राज्ञिक मार्गनिर्देश गर्नुहुने मेरा अर्का आदरणीय गुरु तथा सहशोधनिर्देशक प्रा.डा. नारायणप्रसाद गडतौलाप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । आदरणीय गुरुहरूको प्राज्ञिक मार्गनिर्देशनबाट प्रस्तुत शोधकार्यले पूर्णता प्राप्त गरेको हो ।

मलाई शोधतर्फ अभिमुख गराई मेरो शोधकार्यमा आवश्यक सल्लाह परामर्श दिनुहुने नेपाली केन्द्रीय विभागका पूर्व विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम, प्रा.डा. कृष्णप्रसाद घिमिरे, प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल र वर्तमान विभागीय प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपानेप्रति कृतज्ञता प्रकट गर्दछु । त्यस्तै विभागका आदरणीय गुरुहरू प्रा.डा. ताराकान्त पाण्डेय र प्रा.डा. लक्ष्मणप्रसाद गौतम तथा अन्य गुरुहरूप्रति कृतज्ञ छु । मेरो विद्यावारिधि अनुसन्धानका लागि अध्ययनबिदा उपलब्ध गराइदिने नेपाली विभाग पाटन संयुक्त क्याम्पसका तत्कालीन विभागीय प्रमुख सहप्राध्यापक अच्युतराज पराजुली र  क्याम्पस प्रमुख सहप्राध्यापक डा. लक्ष्मणसिंह कुँवरप्रति आभारी छु । शोधकार्यका क्रममा सधैँ भेट हुँदा मप्रति स्नेह र सद्भाव प्रकट गर्दै समयमै शोधकार्य सम्पन्न गर्न हृदयतः प्राज्ञिक मार्गनिर्देश गर्नुहुने नेपाली विभागका पूर्व विभागीय प्रमुख प्रा.डा. धर्मराज अधिकारीप्रति विशेष आभार प्रकट गर्दछु । त्यस्तै मेरो शोधकार्यले पूर्णता पाओस् भनी शुभेच्छा प्रकट गर्नुहुने वर्तमान विभागीय प्रमुख सह प्राध्यापक माधव उपाध्याय लम्साल तथा विभागका अन्य सम्पूर्ण प्राध्यापक मित्रहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । मेरो शोधका आन्तरिक मूल्याङ्कनकर्ता प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल र सह प्राध्यापक डा. नेत्रमणि सुवेदी तथा बाह्य मूल्याङ्नकर्ता प्रा.डा. धर्मराज अधिकारी, प्रा.डा. कृष्णहरि बराल र प्रा.डा. जीवेन्द्रदेव गिरीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस्तै आदरणीय

डिन तथा सहायक डिन सरहरू, अनुसन्धान समितिका सदस्य सरहरू र कार्यालयको काममा सहयोग गर्ने कर्मचारी मित्रहरूमा धन्यवाद व्यक्त गर्दछु ।

मलाई अध्ययनको यो अवस्थासम्म ल्याइपुऱ्याउन विशिष्ट योगदान गर्नुहुने मेरा स्वर्गीय मातापिता धनादेवी जोशी र टीकादत्त जोशीप्रति म आजीवन ऋणी रहने छु । कार्यालयीय कार्यव्यस्तता र घरायसी सम्पूर्ण कामको बोझ आफ्नो काँधमा लिई समय जुटाइदिएर मलाई अध्ययन तथा अनुसन्धानकार्यमा अघि बढ्न हृदयतः सधैँ प्रेरित र हौसला प्रदान गर्ने अनि कम्प्युटर टाइपमा समेत सहयोग गर्ने मेरी जीवन सङ्गिनी भुवना जोशी, विद्यावारिधि कहिले पूरा हुन्छ भन्दै झस्काइरहने तथा कम्प्युटरसम्बन्धी प्राविधिक पक्षमा सहयोग पुऱ्याउने छोरा यमन जोशी, बेलाबेलामा मलाई शोधकार्य छिटो पूरा गर्न झकझकाई रहने छोरीहरू एलिना जोशी र नेहा भट्ट र अन्य शुभेच्छुक सबैप्रति यथायोग्य आभार एवम् धन्यवाद प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्यको सामग्री सङ्कलनका क्रममा मलाई सहज रूपमा आवश्यक सामग्री उपलब्ध गराइदिने केन्द्रीय पुस्तकालय कीर्तिपुर परिवार, मदन पुस्तकालय पाटन परिवार, पाटन संयुक्त क्याम्पस पुस्तकालय परिवारलाई धन्यवाद छ । यसै गरी मेरो अनुसन्धान कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरूमा धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा प्रस्तुत शोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय डीन कार्यालयसमक्ष पेस गर्दछु ।

मिति : २०८१/१०/२०

.............

शोधकर्ता

महानन्द जोशी

# शोधसार

प्रस्तुत शोधप्रबन्धको शीर्षक *दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक यथार्थ* रहेको छ । दौलतविक्रम विष्ट आधुनिक नेपाली साहित्यका विकासप्रक्रियामा देखा परेका महत्त्वपूर्ण आख्यानकार हुन् । उनका *मञ्जरी (२०१६), एक पालुवा अनेकौँ याम (२०२६), चपाइएका अनुहार (२०३०), बिग्रिएको बाटो (२०३३), थाकेको आकाश (२०३४), भोक र भित्ताहरू (२०३८), ज्योति ज्योति महाज्योति (२०४५), हिमाल र मान्छे (२०४५)* र *फाँसीको फन्दा (२०५३)* गरी नौवटा उपन्यास प्रकाशित छन् । उनका यिनै उपन्यासलाई शोधक्षेत्र बनाई तिनमा सामाजिक यथार्थको अभिव्यक्ति केकसरी भएको छ भन्ने प्रश्नलाई यस शोधमा मूल प्राज्ञिक समस्या बनाइएको छ । त्यसैले उनका २०१६ देखि २०५३ सालसम्म प्रकाशित भएका नौवटा उपन्यासहरू यस शोधका विश्लेष्य सामग्री हुन् र यी सामग्रीहरू सामाजिक यथार्थवादका मान्य चिन्तन र पद्धतिका दृष्टिले अनुसन्धेय पनि छन् ।

दौलतविक्रम विष्टका यी उपन्यासहरूका बारेमा विभिन्न आधारमा अध्ययन एवम् अनुसन्धान पनि भएका छन् तर सामाजिक यथार्थवादी मान्यताका कोणबाट यिनका बारेमा हालसम्म शोधमूलक अध्ययन भएको भने पाइँदैन । यसमा यही शोधरिक्तताको परिपूर्तिका लागि उनका उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थलाई मूल प्राज्ञिक समस्याका रूपमा लिई त्यसैको प्रामाणिक समाधान पहिल्याउने काम गरिएको छ । यसका लागि प्राथमिक स्रोतका रूपमा रहेका उनका नौवटा उपन्यासहरूमध्ये सामाजिक यथार्थको सशक्त प्रस्तुति भएका र औपन्यासिक कलात्मकताका दृष्टिले स्तरीयता प्राप्त गरेका *मञ्जरी, एक पालुवा अनेकौँ याम, भोक र भित्ताहरू, ज्योति ज्योति महाज्योति* र *हिमाल र मान्छे* उपन्यासहरूको मात्र यस शोधको उद्देश्यअनुरूप सामग्री सङ्कलनका सोद्देश्य छनोट विधिका आधारमा सूक्ष्म पठन गरी आवश्यक सामग्रीको सङ्कलन गरिएको छ । यसका साथै दौलतविक्रम विष्टका उपन्यासका सन्दर्भमा विमर्श गरिएका पुस्तक, अनुसन्धान, लेख, टिप्पणी, पत्रपत्रिका, कृति समीक्षाहरू र शोधप्रबन्धका साथै सामाजिक यथार्थवादसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, शोधप्रबन्ध आदिमा गरिएको अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । प्रस्तुत शोधप्रबन्धसँग सम्बन्धित सामग्रीहरूको विश्लेषणका लागि सामाजिक यथार्थवादलाई मूल आधार बनाइएको छ । त्यसका लागि सामाजिक यथार्थवादका सैद्धान्तिक स्थापना, मूल्यमान्यता तथा अवधारणामा आधारित भएर उपन्यास विश्लेषणका निम्ति स्थापित प्रतिमानका आधारमा उपन्यास

विश्लेषणको मूलढाँचा बनाइएको छ र यसैका आधारमा विष्टका उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थको अध्ययन यस शोधप्रबन्धमा गरिएको छ ।

दौलतविक्रम विष्टका उपन्यासमा नेपालको राणाशासनकालीन (२००७ साल निकट पूर्वको) सामन्ती सामाजिक परिपाटीका साथै २००७-२०१५ सालको प्रजातन्त्रकालीन सङ्क्रमणशील सामाजिक यथार्थ र २०१७-२०४५ सालका बिचको पञ्चायतकालीन सामन्ती सामाजिक यथार्थका विशिष्ट पक्षहरू प्रतिविम्बित छन् । त्यस क्रममा दौलतविक्रम विष्टका उपन्यासमा परम्परागत सामाजिक संरचनामा आधारित सामाजिकता र सामाजिक सम्बन्धका यथार्थका साथै नेपाली समाजमा विद्यमान हिन्दु धार्मिक संस्कृति तथा हिमाली शेर्पाजनजातीय संस्कृतिका यथार्थ र वस्तुवादी चेतनालाई देखाइएको छ । त्यस्तै उनका उपन्यासमा एकातिर वर्गीय समाज तथा परम्परागत धार्मिक, सांस्कृतिक, प्रशासनिक र न्यायिक व्यवस्थाका कारण निम्नवर्गको जीवन शोषित, पीडित र सङ्कटग्रस्त भएको पाइएको छ अर्कातिर हिमाल, पहाड र तराईका भूगोलमा पाइने पात्रीय अभिव्यक्ति, सामाजिक रहनसहन, खानपान, पेसा, व्यवसाय, धर्म, संस्कृति जस्ता क्षेत्रीय विषयलाई भौगोलिक यथार्थका रूपमा र तत्कालीन सन्दर्भका विषयलाई सामाजिक यथार्थका रूपमा अभिव्यक्ति गरिएको छ । यस प्रकार उनका उपन्यासका सहरिया तथा ग्रामीण परिवेशको चित्रणमा प्रयुक्त मानक भाषा, स्थानीय बोली, सामाजिक भाषिका, उखान र टुक्काको समुचित विन्यासबाट सामाजिक यथार्थको दुरुस्त प्रस्तुति हुन गएको छ ।

नेपाली उपन्यासको सामाजिक यथार्थवादी अध्ययन परम्परामा दौलतविक्रम विष्टका उपन्यासमा पाइने सामाजिक यथार्थसम्बन्धी यो मौलिक किसिमको शोध पनि थपिन पुगेको छ । यस शोधले उनका उपन्यासमा पाइने राणाकालीन तथा २०१६ सालदेखि २०४५ सालसम्मको नेपाली सामाजिक जनजीवन, राजनीतिक परिस्थिति, भौगोलिक विविधता, सांस्कृतिक अनेकता, जातीय बहुलता र वर्गीय समाजका यथार्थ जस्ता सामाजिक यथार्थसम्बन्धी ज्ञान थप हन गई विशेष योगदान पुऱ्याएको छ । यस शोधकार्यमा सामाजिक यथार्थवादका सैद्धान्तिक मान्यताबाट निर्दिष्ट रही सामाजिक यथार्थवादी उपन्यासको विश्लेषण गर्ने ढाँचा बनाइएको छ र त्यसैका आधारमा अन्य कृतिको पनि अध्ययन गरी सामाजिक यथार्थका विविध पक्षको उद्घाटन गर्न सकिने हुनाले प्रस्तुत शोधको उपादेयता पनि सिद्ध हुन्छ ।

# विषयसूची


पृष्ठ

शोधप्रबन्ध समितिको सिफारिस ख

अनुमोदन पत्र ग

प्रतिबद्धता घ

कृतज्ञताज्ञापन ङ

शोधसार छ

**पहिलो परिच्छेद**

**शोधपरिचय** **१-२८**

१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ४

१.५ शोधकार्यको औचित्य १९

१.६ शोधविधि २०

१.६.१ सामग्री सङ्कलनविधि २०

१.६.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार २१

१.६.३ विश्लेषण ढाँचा २७

१.७ सीमाङ्कन २७

१.८ शोधप्रबन्धको रूपरेखा २८

**दोस्रो परिच्छेद**

**दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक संरचना** **२९-१०२**

२.१ विषयप्रवेश २९

२.२ दौलतविक्रम विष्टका उपन्यासमा सामाजिकता २९

२.२.१ मञ्जरी उपन्यासमा सामाजिकता ३०

२.२.२ एक पालुवा अनेकौं याम उपन्यासमा सामाजिकता ३२

२.२.३ भोक र भित्ताहरू उपन्यासमा सामाजिकता ३४

२.२.४ ज्योति ज्योति महाज्योति उपन्यासमा सामाजिकता ३६

२.२.५ हिमाल र मान्छे उपन्यासमा सामाजिकता ४०

| | |
|---|---|
| २.३ दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक सम्बन्ध | ४५ |
| २.३.१ मञ्जरी उपन्यासमा सामाजिक सम्बन्ध | ४७ |
| २.३.२ एक पालुवा अनेकौं याम उपन्यासमा सामाजिक सम्बन्ध | ४९ |
| २.३.३ भोक र भित्ताहरू उपन्यासमा सामाजिक सम्बन्ध | ५१ |
| २.३.४ ज्योति ज्योति महाज्योति उपन्यासमा सामाजिक सम्बन्ध | ५४ |
| २.३.५ हिमाल र मान्छे उपन्यासमा सामाजिक सम्बन्ध | ५७ |
| २.४ दौलतविक्रम विष्टका उपन्यासमा सांस्कृतिक सन्दर्भ | ६० |
| २.४.१ मञ्जरी उपन्यासमा सांस्कृतिक सन्दर्भ | ६३ |
| २.४.२ एक पालुवा अनेकौं याम उपन्यासमा सांस्कृतिक सन्दर्भ | ६७ |
| २.४.३ भोक र भित्ताहरू उपन्यासमा सांस्कृतिक सन्दर्भ | ७० |
| २.४.४ ज्योति ज्योति महाज्योति उपन्यासमा सांस्कृतिक सन्दर्भ | ७३ |
| २.४.५ हिमाल र मान्छे उपन्यासमा सांस्कृतिक सन्दर्भ | ७६ |
| २.५ दौलतविक्रम विष्टका उपन्यासमा वस्तुवादी चेतना | ७८ |
| २.५.१ मञ्जरी उपन्यासमा वस्तुवादी चेतना | ८२ |
| २.५.२ एक पालुवा अनेकौं याम उपन्यासमा वस्तुवादी चेतना | ८५ |
| २.५.३ भोक र भित्ताहरू उपन्यासमा वस्तुवादी चेतना | ८८ |
| २.५.४ ज्योति ज्योति महाज्योति उपन्यासमा वस्तुवादी चेतना | ९४ |
| २.५.५ हिमाल र मान्छे उपन्यासमा वस्तुवादी चेतना | ९६ |
| २.६ निष्कर्ष | १०० |
| **तेस्रो परिच्छेद<br>दौलतविक्रम विष्टका उपन्यासमा वर्गीय जनजीवन** | **१०३-१५६** |
| ३.१ विषयप्रवेश | १०३ |
| ३.२ दौलतविक्रम विष्टका उपन्यासमा वर्गीय जनजीवनको प्रतिविम्बन | १०३ |
| ३.२.१ मञ्जरी उपन्यासमा वर्गीय जनजीवनको प्रतिविम्बन | १०५ |
| ३.२.२ एक पालुवा अनेकौं याम उपन्यासमा वर्गीय जनजीवनको प्रतिविम्बन | १०८ |
| ३.२.३ भोक र भित्ताहरू उपन्यासमा वर्गीय जनजीवनको प्रतिविम्बन | १११ |
| ३.२.४ ज्योति ज्योति महाज्योति उपन्यासमा वर्गीय जनजीवनको प्रतिविम्बन | ११७ |
| ३.२.५ हिमाल र मान्छे उपन्यासमा वर्गीय जनजीवनको प्रतिविम्बन | १२० |

| | |
|---|---|
| ३.३ दौलतविक्रम विष्टका उपन्यासमा सङ्कटग्रस्त जीवनको प्रयोग | १२२ |
| ३.३.१ मञ्जरी उपन्यासमा सङ्कटग्रस्त जीवनको प्रयोग | १२३ |
| ३.३.२ एक पालुवा अनेकौं याम उपन्यासमा सङ्कटग्रस्त जीवनको प्रयोग | १२७ |
| ३.३.३ भोक र भित्ताहरू उपन्यासमा सङ्कटग्रस्त जीवनको प्रयोग | १३० |
| ३.३.४ ज्योति ज्योति महाज्योति उपन्यासमा सङ्कटग्रस्त जीवनको प्रयोग | १३३ |
| ३.३.५ हिमाल र मान्छे उपन्यासमा सङ्कटग्रस्त जीवनको प्रयोग | १३६ |
| ३.४ दौलतविक्रम विष्टका उपन्यासमा तथ्यको संयोजन | १३८ |
| ३.४.१ मञ्जरी उपन्यासमा तथ्यको संयोजन | १३९ |
| ३.४.२ एक पालुवा अनेकौं याम उपन्यासमा तथ्यको संयोजन | १४२ |
| ३.४.३ भोक र भित्ताहरू उपन्यासमा तथ्यको संयोजन | १४६ |
| ३.४.४ ज्योति ज्योति महाज्योति उपन्यासमा तथ्यको संयोजन | १५० |
| ३.४.५ हिमाल र मान्छे उपन्यासमा तथ्यको संयोजन | १५३ |
| ३.५ निष्कर्ष | १५४ |
| **चौथो परिच्छेद**<br>**दौलतविक्रम विष्टका उपन्यासमा भौगोलिक यथार्थ** | **१५७-२१३** |
| ४.१ विषयप्रवेश | १५७ |
| ४.२ दौलतविक्रम विष्टका उपन्यासमा स्थानीय दृश्यसम्पादन | १५७ |
| ४.२.१ मञ्जरी उपन्यासमा स्थानीय दृश्यसम्पादन | १५८ |
| ४.२.२ एक पालुवा अनेकौं याम उपन्यासमा स्थानीय दृश्यसम्पादन | १६० |
| ४.२.३ भोक र भित्ताहरू उपन्यासमा स्थानीय दृश्यसम्पादन | १६३ |
| ४.२.४ ज्योति ज्योति महाज्योति उपन्यासमा स्थानीय दृश्यसम्पादन | १६५ |
| ४.२.५ हिमाल र मान्छे उपन्यासमा स्थानीय दृश्यसम्पादन | १६८ |
| ४.३ दौलतविक्रम विष्टका उपन्यासमा तत्कालीन सन्दर्भ | १७२ |
| ४.३.१ मञ्जरी उपन्यासमा तत्कालीन सन्दर्भ | १७२ |
| ४.३.२ एक पालवा अनेकौं याम उपन्यासमा तत्कालीन सन्दर्भ | १७७ |
| ४.३.३ भोक र भित्ताहरू उपन्यासमा तत्कालीन सन्दर्भ | १८० |
| ४.३.४ ज्योति ज्योति महाज्योति उपन्यासमा तत्कालीन सन्दर्भ | १८२ |
| ४.३.५ हिमाल र मान्छे उपन्यासमा तत्कालीन सन्दर्भ | १८५ |

४.४ दौलतविक्रम विष्टका उपन्यासमा क्षेत्रीयता बोध १८८
४.४.१ मञ्जरी उपन्यासमा क्षेत्रीयता बोध १८९
४.४.२ एक पालुवा अनेकौं याम उपन्यासमा क्षेत्रीयता बोध १९२
४.४.३ भोक र भित्ताहरू उपन्यासमा क्षेत्रीयता बोध १९७
४.४.४ ज्योति ज्योति महाज्योति उपन्यासमा क्षेत्रीयता बोध २०१
४.४.५ हिमाल र मान्छे उपन्यासमा क्षेत्रीयता बोध २०७
४.५ निष्कर्ष २११

**पाँचौं परिच्छेद**

**दौलतविक्रम विष्टका उपन्यासमा भाषिक विन्यास** **२१४-२४२**

५.१ विषयप्रवेश २१४
५.२ दौलतविक्रम विष्टका उपन्यासमा स्थानीय बोली २१४
५.२.१ मञ्जरी उपन्यासमा स्थानीय बोली २१५
५.२.२ एक पालुवा अनेकौं याम उपन्यासमा स्थानीय बोली २१६
५.२.३ भोक र भित्ताहरू उपन्यासमा स्थानीय बोली २१७
५.२.४ ज्योति ज्योति महाज्योति उपन्यासमा स्थानीय बोली २१८
५.२.५ हिमाल र मान्छे उपन्यासमा स्थानीय बोली २२०
५.३ दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक भाषिकाको प्रयोग २२१
५.३.१ मञ्जरी उपन्यासमा सामाजिक भाषिकाको प्रयोग २२२
५.३.२ एक पालुवा अनेकौं याम उपन्यासमा सामाजिक भाषिकाको प्रयोग २२३
५.३.३ भोक र भित्ताहरू उपन्यासमा सामाजिक भाषिकाको प्रयोग २२४
५.३.४ ज्योति ज्योति महाज्योति उपन्यासमा सामाजिक भाषिकाको प्रयोग २२६
५.३.५ हिमाल र मान्छे उपन्यासमा सामाजिक भाषिकाको प्रयोग २२८
५.४ दौलतविक्रम विष्टका उपन्यासमा उखानको प्रयोग २३०
५.४.१ मञ्जरी उपन्यासमा उखानको प्रयोग २३०
५.४.२ एक पालुवा अनेकौं याम उपन्यासमा उखानको प्रयोग २३२
५.४.३ भोक र भित्ताहरू उपन्यासमा उखानको प्रयोग २३३
५.४.४ ज्योति ज्योति महाज्योति उपन्यासमा उखानको प्रयोग २३६
५.४.५ हिमाल र मान्छे उपन्यासमा उखानको प्रयोग २३८

५.५ दौलतविक्रम विष्टका उपन्यासमा टुक्काको प्रयोग २३९

५.५.१ मञ्जरी उपन्यासमा टुक्काको प्रयोग २३९

५.५.२ एक पालुवा अनेकौं याम उपन्यासमा टुक्काको प्रयोग २४०

५.५.३ भोक र भित्ताहरू उपन्यासमा टुक्काको प्रयोग २४०

५.५.४ ज्योति ज्योति महाज्योति उपन्यासमा टुक्काको प्रयोग २४१

५.५.५ हिमाल र मान्छे उपन्यासमा टुक्काको प्रयोग २४१

५.६ निष्कर्ष २४२

**छैटौं परिच्छेद**

**सारांश र निष्कर्ष** **२४३-२५४**

६.१ सारांश २४३

६.२ निष्कर्ष २४६

सन्दर्भ सामग्रीसूची **२५५-२६२**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

दौलतविक्रम विष्ट (१९८३-२०५९) आधुनिक नेपाली साहित्यका विकासप्रक्रियामा देखा परेका महत्त्वपूर्ण आख्यानकार हुन् । उनले नेपाली साहित्यका कविता, नाटक, आख्यान, निबन्ध जस्ता सबैजसो विधामा आफ्नो सिर्जन सामर्थ्य देखाए तापनि कथा र उपन्यास विधामा विशेष सफलता प्राप्त गरेका छन् । उनका *गालाको लाली (२०१४), प्रदर्शनी (२०२३), छाया (२०३१), घाउका सत्र चक्का (२०३५), आँसु त्यसैत्यसै छचल्किन्छ (२०४८)* र *एक एकाङ्की दस कथा (२०५७)* गरी छवटा कथासङ्ग्रह प्रकाशित छन् भने *मञ्जरी (२०१६), एक पालुवा अनेकौं याम (२०२६), चपाइएका अनुहार (२०३०), बिग्रिएको बाटो (२०३३), थाकेको आकाश (२०३४), भोक र भित्ताहरू (२०३८), ज्योति ज्योति महाज्योति (२०४५), हिमाल र मान्छे (२०४५)* र *फाँसीको फन्दा (२०५३)* गरी नौवटा उपन्यास प्रकाशित छन् । यिनै उपन्यासहरूले गर्दा दौलतविक्रम विष्ट आधुनिक नेपाली उपन्यास परम्परामा महत्त्वपूर्ण तथा ख्याति प्राप्त उपन्यास स्रष्टा हुनुका साथसाथै आधुनिक नेपाली उपन्यासको सामाजिक यथार्थवादी धाराका उपन्यासकारका रूपमा समेत प्रतिष्ठापित भएका छन् । विष्टका उपन्यासहरूमा गरिएका अध्ययनहरूलाई अवलोकन गर्दा खासगरी उनका उपन्यासहरूका बारेमा आधारित भएर पाठ्यक्रमका पुस्तकहरूमा सामान्य चर्चापरिचर्चा, विभिन्न पत्रपत्रिकाहरूमा कृतिसमीक्षा, जीवनी, व्यक्तित्व र कृतित्व तथा विधातत्त्वगत अध्ययन भएको पाइए पनि उनका उपन्यासहरूको सामाजिक यथार्थवादका दृष्टिले भने हालसम्म शोधपरक अध्ययन भएको पाइँदैन । त्यसैले उनका उपन्यासमा पाइने सामाजिक यथार्थसम्बन्धी अध्ययनलाई प्रस्तुत शोधमा मुख्य विषय क्षेत्र बनाइएको छ ।

साहित्यका चारवटा प्रमुख विधामध्ये उपन्यास गद्यमा लेखिने कलात्मक आख्यान विधा हो । यो सामाजिक यथार्थसँग प्रत्यक्ष सम्बन्ध राख्ने विधा पनि हो । यसमा मानवीय सत्यलाई कलात्मक अभिव्यक्ति दिइएको हुन्छ । साहित्यिक अभियानका रूपमा विकसित सामाजिक यथार्थवाद आख्यान क्षेत्रमा विशेष प्रभावकारी रहेको देखिन्छ । यसको मुख्य लक्षण समाज जेजस्तो छ, त्यसको चित्रण गर्नु र लेखक तटस्थ रहनु हो । यसका अतिरिक्त यसले समाजको यथार्थ स्थिति, खसोखास, सत्य वा वास्तविक कुराको उद्घाटनमा जोड दिन्छ भने सामाजिक

यथार्थवादी कृतिमा विशेष गरी पारिवारिक अन्तरकलह, तनाव वा गार्हस्थ्य जीवनका जटिलता, सामाजिक मूल्यमान्यताको सङ्क्रमणले ल्याएको पुस्तागत मतभेद, द्वन्द्व, नारी र निरीह मानवका दुखेसा, सत् पात्रमा अन्तर्निहित मानवीय दुर्बलता, त्यस्ता समस्याले भताभुङ्ग हुँदै गएको जीवन, पात्रका वेशभूषा, रीतिरिवाज, भाषा, संस्कृति, धर्म, जीवनशैली, भूगोल, विविधकालीन प्रकृति, जनबोलीमा आधारित उखान, टुक्का, झर्रा पदावली जस्ता कुरा समेटिएको स्थानीय रङ्ग वा यथार्थ परिवेश आदिको चित्रण गरिएको हुन्छ ।

दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक यथार्थको अभिव्यक्ति केकसरी गरिएको छ भन्ने यसको मुख्य शोधसमस्या हो । यस शोधसमस्याको समाधानका लागि प्रस्तुत शोधमा सामाजिक यथार्थवादका सैद्धान्तिक स्थापना, मूल्य मान्यता तथा अवधारणामा आधारित भएर उपन्यास विश्लेषणका निम्ति स्थापित सामाजिकता, सामाजिक सम्बन्ध, सांस्कृतिक सन्दर्भ, वस्तुवादी चेतना, वर्गीय जनजीवनको चित्र, सङ्कटग्रस्त जीवनको प्रयोग, तथ्यको संयोजन, स्थानीय दृश्यसम्पादन, तत्कालीन सन्दर्भ, क्षेत्रीयता बोध, स्थानीय बोली, सामाजिक भाषिका, उखान र टुक्का जस्ता सैद्धान्तिक प्रतिमानलाई उपन्यास विश्लेषणका आधार बनाइएको छ । यसका साथै दौलतविक्रम विष्टका समग्र उपन्यासहरूको पठन र तिनका बारेमा गरिएको पूर्वकार्यहरूको सर्वेक्षणबाट प्राप्त निष्कर्षमा टेकेर हेर्दा उनका नौवटा उपन्यासहरूमध्ये *मञ्जरी, एक पालुवा अनेकौँ याम, भोक र भित्ताहरू, ज्योति ज्योति महाज्योति* र *हिमाल र मान्छे* गरी पाँचवटा उपन्यासहरू सामाजिक यथार्थको अभिव्यक्तिका दृष्टिले तुलनात्मक रूपमा सघन एवम् सशक्त देखिन्छन् र यी उपन्यासहरूमा अभिव्यक्त सामाजिक यथार्थलाई लिएर हालसम्म अध्ययन नभएकाले यसै रिक्तताको परिपूतिका लागि उनका यी उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थको मात्र अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधमा मुख्य शोधसमस्या दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक यथार्थको अभिव्यक्ति केकसरी भएको छ भन्ने हो । उनका २०१६ देखि २०५३ सालसम्म प्रकाशित भएका नौवटा उपन्यासहरूमध्ये पाँचवटा उपन्यासहरू मात्र विश्लेष्य सामग्री हुन् र यी सामग्रीहरू सामाजिक यथार्थवादका मान्य चिन्तन र पद्धतिका दृष्टिले अनुसन्धेय छन् । पूर्वकार्यको सर्वेक्षण र समीक्षा गर्दा उनका उपन्यासहरूका बारेमा एकल कृतिगत भूमिका, कृतिपरक अध्ययन, प्रभावमूलक सामान्य समालोचना, समीक्षात्मक अध्ययन, जीवनी, व्यक्तित्व

र कृतित्वका परिचयमूलक अध्ययनका साथै केही परिचयात्मक अध्ययन एवम् केही विश्लेषणात्मक अनुसन्धान भएका छन् र तिनमा उनका उपन्यासमा सामाजिक यथार्थका बारेमा सङ्क्षिप्त टिप्पणी पनि गरिएको छ भन्ने कुरो यस शोधका पूर्वकार्यको समीक्षाबाट स्पष्ट हुन्छ । तर उनका समग्र उपन्यासहरूको सामाजिक यथार्थवादी मान्यताका कोणबाट अहिलेसम्म शोधमूलक अध्ययन नभएको कुरो पनि पूर्वकार्यको समीक्षाबाट अवगत हुन आएको छ । तसर्थ दौलतविक्रम विष्टका उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थलाई मूल प्राज्ञिक समस्याका रूपमा लिई त्यसैको प्रामाणिक समाधान पहिल्याउनका लागि यस शोधमा निम्नलिखित शोधप्रश्नहरू बनाइएका छन् ।

(१) दौलतविक्रम विष्टका उपन्यासमा अभिव्यक्त सामाजिक संरचनामा केकस्तो सामाजिक यथार्थको प्रस्तुति गरिएको छ ?

(२) दौलतविक्रम विष्टका उपन्यासमा चित्रित वर्गीय जनजीवनमा सामाजिक यथार्थको प्रतिविम्बन केकसरी भएको छ ?

(३) दौलतविक्रम विष्टका उपन्यासमा पाइने भौगोलिक परिवेशमा सामाजिक यथार्थका अभिलक्षणलाई कुन रूपमा प्रस्तुत गरिएको छ ?

(४) दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक यथार्थको अभिव्यक्तिका निम्ति केकस्तो भाषिक विन्यास गरिएको छ ?

## १.३ उद्देश्य

सामाजिक यथार्थवादमा केन्द्रित भएर दौलतविक्रम विष्टका उपन्यासहरूको अध्ययन गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य हो । विष्टका उपन्यासमा पाइने सामाजिक यथार्थवादसँग सम्बद्ध चारवटा प्राज्ञिक समस्याहरूको समाधान हुने गरी निम्नलिखित उद्देश्यहरूको प्राप्तितर्फ प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

(१) दौलतविक्रम विष्टका उपन्यासमा अभिव्यक्त सामाजिक संरचनामा निहित सामाजिक यथार्थको विश्लेषण गर्नु,

(२) दौलतविक्रम विष्टका उपन्यासमा गरिएको वर्गीय जनजीवनको चित्रणमा प्रतिविम्बित सामाजिक यथार्थको समीक्षा गर्नु,

(३) दौलतविक्रम विष्टका उपन्यासका भौगोलिक परिवेशमा पाइने सामाजिक यथार्थका अभिलक्षण विवेचना गर्नु,

(४) दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक यथार्थको अभिव्यक्तिका निम्ति प्रयोग गरिएका भाषिक विन्यासको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोध दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक यथार्थ विषयमा केन्द्रित रहेको छ । विष्ट सामाजिक यथार्थका विषयलाई लिएर उपन्यास लेख्ने उपन्यासकार हुन् र त्यही नै उनको सिर्जनाको प्रमुख क्षेत्र हो । उनले आधुनिक नेपाली उपन्यास परम्परामा *मञ्जरी* (२०१६) उपन्यास प्रकाशन गरेपछि सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा परिचय र साहित्यिक इतिहासअन्तर्गत प्रवेश पाएका हुन् । हुन त उनका २०१६ देखि २०५३ सालसम्म प्रकाशित सबै उपन्यास रचनामा सामाजिक यथार्थलाई कुनै न कुनै रूपमा प्रस्तुत गरिएको पाइन्छ तर पनि यस शोधमा सामाजिक यथार्थको तुलनात्मक रूपमा सशक्त प्रस्तुति भएका *मञ्जरी, एक पालुवा अनेकौँ याम, भोक र भित्ताहरू, ज्योति ज्योति महाज्योति* र *हिमाल र मान्छे* उपन्यासको मात्र विश्लेषण गरिएको छ ।

दौलतविक्रम विष्टका उपन्यासका बारेमा समीक्षक, साहित्यिक इतिहास लेखक र समालोचकहरूले नेपाली समालोचना, विभिन्न साहित्यिक वा समालोचनामूलक पत्रपत्रिकाहरूमा धेरथोर चर्चा गरेका छन् । नेपाली साहित्यको इतिहास लेखनका क्रमका साथै सामाजिक यथार्थवादी धाराअन्तर्गत रचना गरिएका नेपाली उपन्यासहरूको चर्चाका सिलसिलामा गरिएका सैद्धान्तिक अध्ययनमा पनि उनका उपन्यासको समीक्षा भएको पाइन्छ । उनका बारेमा गरिएका जीवनीपरक अध्ययन र व्यक्तित्वका बारेमा भएका टिप्पणी, उपन्यासहरूको एक पक्षीय समीक्षा, कृतिगत भूमिका, संस्मरण, पाठ्यक्रममा आधारित पुस्तकहरूमा भएका सामान्य चर्चापरिचर्चाको अध्ययन गर्दा तिनमा सम्बन्धित उपन्यासको कथासार दिई प्रभाववादी शैलीमा सानोतिनो टिप्पणी गरेर छाडेको देखिन्छ र उनका बारेमा भएका यस्ता चर्चाहरू धेरैजसो सामान्य वा सतही प्रकृतिका फुटकर लेखका रूपमा रहेका छन् । उनका समग्र उपन्यासहरूको शोधमूलक र सैद्धान्तिक ढङ्गले विश्लेषण र मूल्याङ्कन भएको भने पाइँदैन । त्यसमाथि पनि सामाजिक यथार्थवादका दृष्टिले प्रस्तुत गरिएका पूर्वकार्यहरू त साह्रै थोरै पाइन्छन् । त्यसैले उनका उपन्यासका बारेमा गरिएका समीक्षा,

टिप्पणीलगायत उपलब्ध भएसम्मका यस्ता केही बढी महत्त्वका सामग्रीहरूलाई मात्र कालक्रमिक रूपमा समीक्षासहित तल प्रस्तुत गरिएको छ ।

श्यामदास वैष्णवले दौलतविक्रम विष्टको *मञ्जरी* (२०१६) उपन्यासमाथि औपचारिक प्रतिक्रिया व्यक्त गर्दै उनले विष्टको पहिलो उपन्यास *मञ्जरी* अन्तर्गत 'मञ्जरीको बारेमा' शीर्षकको सामान्य परिचयात्मक भूमिका लेखेका छन् । यसमा सो उपन्यासलाई स्वाभाविक विषयवस्तु समेटिएको सुधारवादी उपन्यासका रूपमा चिनाउन खोजिएको छ ।

रत्नध्वज जोशीले *आधुनिक नेपाली साहित्यको झलक* (२०२१/२०५०) नामक कृतिमा दौलतविक्रम विष्टको *मञ्जरी* उपन्यासको समीक्षा प्रस्तुत गरेका छन् । यसमा जोशीले प्रस्तुत उपन्यासमा आजका युगमा विधवा विवाहलाई सबैले चलाउनुपर्छ र यस विषयमा जातपातको बन्धन रहन दिन हुँदैन भन्ने निष्कर्षात्मक महत्त्वपूर्ण सन्देश अभिव्यक्त गरिएको कुरा उल्लेख गरेका छन् । जोशीको *मञ्जरी* उपन्यासको यो विश्लेषण यस अनुसन्धानका शोधप्रश्नको समाधानका लागि सहायक भएको छ ।

कृष्णचन्द्रसिंह प्रधानले *साझा समालोचना* (२०२५/२०५८) कृतिमा 'नेपाली उपन्यास' शीर्षकअन्तर्गत आधुनिक नेपाली उपन्यासको विकासक्रमको चर्चा गर्ने क्रममा दौलतविक्रम विष्टका *मञ्जरी, एक पालुवा अनेकौँ याम, चपाइएका अनुहार, थाकेको आकाश, ज्योति ज्योति महाज्योति* र *हिमाल र मान्छे* उपन्यासका बारेमा सङ्क्षिप्त चर्चा गरेका छन् । प्रधानले विष्टको *मञ्जरी* उपन्यासलाई सुधारवादी स्वर भएको उपन्यासका रूपमा चिनाउने काम गरेका छन् भने *एक पालुवा अनेकौँ याम* उपन्यासमा सामन्ती समाज तथा सामाजिक अन्तर्विरोध अभिव्यक्त भएको तथ्यतर्फ सङ्केत गर्दै यसमा सात सालपूर्वको विद्रोहात्मक संचेतना र वृहत्तर जीवनको चारित्रिक प्रस्तुति रहेको विश्लेषण गरेका छन् । यस्तै उपन्यासकार विष्टका *चपाइएका अनुहार* मा विकुञ्चित, विक्षत र भयावह बौद्धिक जीवन र *थाकेको आकाश* मा समतुल्य भोगाइको अनुभूति र पीडामा विकलाङ्ग युगको विसङ्गति बोकेको उपन्यासका रूपमा चित्रण गरिएको छ । प्रधानले विष्टको *ज्योति ज्योति महाज्योति* उपन्यास सम्पूर्ण पशुपतिक्षेत्र र त्यसको सेरोफेरोको वातावरणसहित तिनले चर्चेको थरीथरीका जीवनका यथार्थता समेट्ने प्रक्रियामा आध्यात्मकेन्द्री रहेको तथा नाना पन्थीहरू, श्रद्धालुहरू, निरालम्बहरू र विप्रलम्भीहरूको जीवनचर्या, विचार, आचरणहरू, छाया, निस्पृहता र विसङ्गतिहरूको विशद अध्ययन भएको उपन्यासका रूपमा प्रस्तुत गरेका छन् । उनले विष्टको *हिमाल र मान्छे* हिमाली भेगको जनजीवन र सगरमाथा आरोहण गर्ने महत्त्वाकाङ्क्षाका साथै

त्यहाँको हैकमी सामन्ती अनाचारविरुद्ध पलाएको आत्मबोध प्रतिविम्बित भएको उपन्यासका रूपमा चर्चा गरेका छन् । दौलतविक्रम विष्टका उपन्यास सम्बन्धमा गरिएको प्रधानको यो समीक्षात्मक टिप्पणी उनका उपन्यासमा सामाजिक यथार्थसम्बन्धी प्रश्नहरूको अध्ययनका लागि सहायक भएको छ ।

कृष्णचन्द्रसिंह प्रधानले ‘बाध्य जीवन नयाँ परिवेशको यथार्थ चित्र एक पालुवा अनेकौँ याम’ (२०२६) शीर्षकको लेखमा नेपाली उपन्यासको विकासका सन्दर्भमा *एक पालुवा अनेकौँ याम* उपन्यासको मूल्य निरूपण गरेका छन् । प्रधानले यसमा विष्ट प्रमुखतया सामाजिक उपन्यासकार हुन् भन्दै उनका *मञ्जरी* र *एक पालुवा अनेकौँ याम* उपन्यासमा वर्णित समस्या, पात्र र जीवन समाज केन्द्रित भएको उल्लेख गरेका छन् । यस आलेखमा समाजको स्थान सर्वोपरि रहेरै त्यसले आधारभूत केन्द्रीयता लिएको र व्यक्ति त्यसैमा तिरोहित भएका छन् भन्ने विचार व्यक्त गरिएको छ र व्यक्ति केन्द्रित जीवनका अन्तर-विश्लेषण र चित्रण गर्ने कार्यलाई महत्त्व नदिएर समाज-निर्मित व्यक्तिको सामूहिक अवस्थालाई प्रमुखता दिइएको छ । त्यसो भएकाले विष्टका यी दुवै उपन्यासमा व्यक्तिले प्रमुखता नपाई समाजकै सम्पुष्टिमा तिनीहरू अन्तर्निहित छन् भन्ने कुरा विश्लेषण गरिएको छ । विष्टको *एक पालुवा अनेकौँ याम* उपन्यासको कथावस्तु २००७ सालअघिको सामन्ती समाजबाट लिइएको हो भन्दै यसको पृष्ठभूमि सामन्ती व्यवस्था, मानसिक द्वन्द्व, सामाजिक सङ्क्रमण र राजनीतिक चेतनाका लहरहरू भएको बताइएको छ । यसले सर्वप्रथम विशाल जीवनको बृहत् परिवेशलाई आफूमा आत्मसात् गरेर कुनै एउटा युगकै प्रतिनिधित्व गर्न खोज्यो भनेर चर्चा गरिएको छ । यस लेखमा गरिएको समाजकेन्द्री परिचयात्मक अध्ययन विष्टका *मञ्जरी* र *एक पालुवा अनेकौँ याम* उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थ पहिल्याउन उपयोगी भएको छ ।

इन्द्रबहादुर राईले *उपन्यासका आधारहरू* (२०३१/२०५०) को निष्कर्षण खण्डमा दौलतविक्रम विष्टको *एक पालुवा अनेकौँ याम* उपन्यासलाई आञ्चलिकताको बृहत्कथा भएको उपन्यासका रूपमा चर्चा गर्दै यसमा देश (नेपाल) समग्र नै युगीय एक पूर्ण आञ्चलिकतामा छ भन्ने निष्कर्ष दिएका छन् । राईले *चपाइएका अनुहार* औपन्यासिक कृतिलाई सङ्गीत र चित्र अनुभूतिको खोला बगेको उपन्यासका रूपमा टिप्पणी गरेका छन । यस समालोचनात्मक ग्रन्थमा नेपाली उपन्यास साहित्यका केही उपन्यासकार र तिनका औपन्यासिक रचनाको विश्लेषण गर्ने क्रममा विष्टका उपरोक्त औपन्यासिक कृतिका बारेमा गरिएको अध्ययन खास

गरेर *एक पालुवा अनेकौँ याम* उपन्यासको क्षेत्रीयता बोधसम्बन्धी विश्लेषणमा सहयोगी भएको छ ।

प्रतापचन्द्र प्रधानले 'थाकेको आकाश' (२०३५) शीर्षकको लेखमा दौलतविक्रम विष्टको उक्त उपन्यास स्वअस्तित्ववादी धारणा बोकेको उपन्यास भएको विचार व्यक्त गरेका छन् । प्रधानले यसमा प्रभावपरक समालोचनात्मक दृष्टि राख्दै उपन्यासको वर्गीकरण गर्दा चरित्रप्रधान उपन्यास पनि एक प्रमुख औपन्यासिक स्वरूप हुन आउने भन्दै *थाकेको आकाश* पनि चरित्र प्रधान उपन्यास भएको उल्लेख गरेका छन् । यसमा 'म' पात्र मूल नायकका रूपमा चित्रित छ भन्दै 'म' पात्रको मनःस्थितिमा देखा परेका विभिन्न ग्रन्थि तथा हिनताबोध आदिले नै एउटा औपन्यासिक कथानकको सृजना गर्ने काम गरिएको छ । मनोवैज्ञानिक उपन्यासको मूल विशेषता यस उपन्यासले बोकेको भन्दै प्रधानले उक्त उपन्यासमा वर्तमानप्रति अनास्था, निराशा र विसङ्गति रहेको निष्कर्ष प्रस्तुत गरेका छन् । यसरी गरिएको प्रस्तुत अध्ययन दौलतविक्रम विष्टका उपन्यासहरूको विश्लेषणमा सहयोगी भएको छ ।

खेम कोइराला 'बन्धु' ले 'आजको समाजको सशक्त चित्रण बिग्रेको बाटो' (२०३५) शीर्षकको लेखमा दौलतविक्रम विष्टको *बिग्रेको बाटो* उपन्यासमा आजको यथार्थ जीवनलाई स्पष्ट रूपमा औँल्याइएको बताएका छन् । समस्या प्रस्तुतिकरण र आजको जीवन भोगाइमा सशक्त र मार्मिक हुनुका साथै स्वाभाविकता, यथार्थता र प्रभावमूलकताका दृष्टिले सफल उपन्यास भएको विश्लेषण गरिएको छ । प्रस्तुत उपन्यासले विद्रोही र क्रान्तिकारी चरित्र बोकेको र समाजका असमानतालाई सम्याउन खास कदम चालेको छ । आजसम्म प्रकाशित प्रगतिवादी उपन्यासकारहरूसँग टक्कर लिन सक्ने यस उपन्यासको प्रकाशनले प्रगतिवादी परम्परा र प्रगतिवादको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ भन्ने विचार यसमा अभिव्यक्त गरिएको छ । यसबाट अनुसन्धानका शोधप्रश्नहरूको समाधानका लागि सहयोग पुगेको छ ।

कृष्णचन्द्रसिंह प्रधानले *नेपाली उपन्यास र उपन्यासकार* (२०३७/२०७७) नामक उपन्याससम्बन्धी समालोचना ग्रन्थमा नेपाली उपन्यासका बारेमा विस्तारमा अध्ययन गर्ने काम गरेको देखिन्छ । उनले यसमा उपन्यासको सैद्धान्तिक स्थापना, विश्व साहित्यमा उपन्यासको उद्भव र विकास, नेपाली उपन्यासको उद्भव र विकास-क्रम, विभिन्न वाद र नेपाली उपन्यास, महत्त्वपूर्ण नेपाली उपन्यासकार र तिनका औपन्यासिक कृतिहरूको अध्ययन प्रस्तुत गरेका छन् । उनले नेपाली उपन्यासको विस्तारपूर्वक अध्ययन गर्ने क्रममा विष्टका उपन्यासको पनि केही विस्तारमै चर्चापरिचर्चा गरेका छन् । २०३७ सालमा प्रथम पटक

प्रकाशित यस समालोचना ग्रन्थमा विष्टका त्यसअघि प्रकाशित उपन्यासहरूको अध्ययन गरिएको छ भने त्यसकै २०५३ सालमा प्रकाशित तेस्रो संस्करणमा विष्टको पछिल्लो *फाँसीको फन्दा* (२०५३) उपन्यासलाई छाडी बाँकी आठवटा उपन्यासको चर्चा गरिएको छ। यसै ग्रन्थको चौथो संस्करण (२०६१), पाँचौँ संस्करण (२०६९) र छैटौँ संस्करण (२०७७) मा पनि यिनै आठवटा उपन्यासको अध्ययन गर्ने क्रममा *मञ्जरी, एक पालुवा अनेकौँ याम* र *ज्योति ज्योति महाज्योति* उपन्यासलाई विशेष महत्त्व दिएर अध्ययन गरिएको छ । यस ग्रन्थमा *मञ्जरी* उपन्यासलाई आदर्शोन्मुख समाजको चित्र राख्ने र थोत्रो प्रथापरम्पराको विरुद्ध नयाँ सामाजिक सम्बन्ध र मान्यताको आदर्श उपस्थित गर्ने उपन्यासका रूपमा चिनाइएको छ । साथै आदर्शोन्मुख नयाँ समाज अथवा समाजका रूढि र परम्पराहरूको सुधारका लागि केही निर्देशन दिनु र उत्साहित गर्नु *मञ्जरी* को लक्ष्य भएकाले यसको आदर्शोन्मुख परिणति भयो सामाजिक सुधार भन्ने विश्लेषणसमेत गरिएको छ। *एक पालुवा अनेकौँ याम* चेतना प्रवाहात्मक शैलीको यथार्थवादी उपन्यास भएको चर्चा गर्दै यसलाई सामाजिक तथा मनोवैज्ञानिक विषयवस्तु अँगालेको व्यापक क्षेत्रसँग सम्बन्धित उपन्यासका रूपमा समेत विश्लेषण गरिएको छ। यसमा आदर्श होइन, यथार्थ छ; निर्देशन वा सुधार होइन, सत्यता छ; तारतम्य होइन, विचित्र जीवनको विविधता छ; कुनै एकको जीवनमा केन्द्रित सामाजिकता होइन, विभिन्न जीवनमा विभक्त सामाजिक बृहत्तता छ भन्दै यही नै यसको रचनासत्य भएकाले यसको बृहत् स्वरूप र विस्तृत सामाजिक परिवेशमा युगजीवनकै समग्रता र विविध पक्षहरू अङ्कित भएकाले यसले एउटा सिङ्गो युगलाई खण्डित जीवनमा नसमाएर त्यस युगले चर्चेका र गाँजेका जीवनहरूकै समाजद्वारा सम्पूर्ण परिस्थितिलाई प्रतिविम्बित गरेको छ भनेर प्रस्ट पार्ने काम भएको छ । यसमा *ज्योति ज्योति महाज्योति* उपन्यासको कर्मभूमि पशुपतिनाथ भएको र यसले स्थानविशेषको परिधि बाँचेर पनि योसँग सम्बद्ध विविध जीवनको विराटता तथा विपुलता ओगटेको उपन्यासका रूपमा सङ्केत गरिएको छ । *हिमाल र मान्छे* उपन्यासमा कहिल्यै र कसैले नछोएको हिमाली भेगका शेर्पा जाति र तिनीहरूको स्थानीय सामाजिक, सांस्कृतिक जीवनका साथै पारस्परिक ईर्ष्या, स्पर्धामा केन्द्रीय हाँकको रूपमा रहेको सगरमाथाद्वारा प्रभावित जातीय आकाङ्क्षाको प्रस्तुति रहेको देखाइएको छ। यस ग्रन्थमा विष्टका उपन्यासमा अभिव्यक्त मुख्य विषयको सङ्केत प्राप्त भएको छ र प्रधानले यस समालोचनात्मक ग्रन्थमा सामाजिक यथार्थवादका सैद्धान्तिक मान्यताका आधारमा विष्टका उपन्यासको अध्ययन गरेको नपाइए

पनि उनका उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थको विश्लेषणमा भने यो समीक्षा उपयोगी भएको छ ।

सीता शर्माले *साहित्यकार दौलतविक्रम विष्टको जीवनी र व्यक्तित्वको अध्ययन* (२०३८) शीर्षकको स्नातकोत्तर तहको शोध-पत्रमा उपन्यासकार विष्टको जीवनी र व्यक्तित्व निरूपण गर्ने सन्दर्भमा विष्टका पछिल्ला चार उपन्यास छाडी अघिल्ला पाँचवटा (*मञ्जरी, एक पालुवा अनेकौँ याम, चपाइएका अनुहार, बिग्रिएको बाटो* र *थाकेको आकाश)* उपन्यासको सरसर्ती चर्चा गरेको पाइन्छ । यस क्रममा विष्टको पहिलो उपन्यास *मञ्जरी* समाज सुधारका खास प्रयोजनद्वारा निर्देशित भएको हुँदा आदर्शोन्मुख हुन पुगेको तथा *एक पालुवा अनेकौँ याम* चोखो यथार्थवादी उपन्यास भएको र यसमा सामाजिक तथा पारिवारिक आदर्श क्षतविक्षत हुनुका साथै सामाजिक यथार्थ-जीवनको चित्राङ्कनसमेत भएको चर्चा पाइन्छ । विष्टको *चपाइएका अनुहार* उपन्यासलाई सर्वथा नवीन अन्तर्राष्ट्रिय पृष्ठभूमिमा नेपाली पात्र रहेको विषयवस्तु अँगालेको उपन्यासका रूपमा लिइएको छ । यस्तै उनको *बिग्रिएको बाटो* उपन्यासले समसामयिक युगीन सामाजिक परिवेशमा आएको चापलाई उजागर गरेको छ भने *थाकेको आकाश* उपन्यासले सामाजिक सङ्क्रमणका क्रममा समसामयिक अत्याधुनिक युवावर्गमा आइरहेको अनुत्तरदायीपन, हिप्पीपन, उच्छृङ्खलता, विसङ्गति, मनोरुग्णता र निरुद्देश्यपनालाई देखाएको कुरा शोधमा विश्लेषण गरिएको छ । यसका साथै यस शोधकार्यमा उनको आख्यानकारिताको प्रथम प्रवृत्ति सामाजिकता भएको भन्दै उनलाई यथार्थवादी संलग्नताबाट प्रशस्त मात्रामा सामाजिक यथार्थको अङ्कन गर्ने, सामाजिक आदर्शको पुनःस्थापना गर्न चाहने र समाजको सुधारको आकाङ्क्षासमेत भएका यथार्थवादी-प्रगतिवादी आख्यानकारका रूपमा चिनाउने काम भएको छ । यसमा विष्टको जीवनी, व्यक्तित्वमाथि प्रकाश पारी उनको औपन्यासिक यात्राको विश्लेषणसहित चरण विभाजन गर्दै उपन्यास प्रवृत्तिको रेखाङ्कनसमेत सीता शर्माबाट भएको छ । सीता शर्माद्वारा गरिएका विष्टका यी पाँचवटा उपन्यासको विश्लेषणले यस अनुसन्धानका शोधप्रश्नअन्तर्गतको सामाजिकताको अध्ययनमा सहयोग पुऱ्याएको छ ।

गोपीकृष्ण शर्माले 'एक पालुवा अनेकौँ याम उपन्यासको पात्रविधान' (२०४१) शीर्षकको लेखमा दौलतविक्रम विष्टको *एक पालुवा अनेकौँ याम* उपन्यासमा समावेश भएका पात्रको कार्यपक्षको भूमिकालाई वस्तुवादी दृष्टिकोणले विश्लेषण गर्दै शैलीवैज्ञानिक आधारमा अध्ययन गरी निष्कर्ष दिने काम गरेका छन् । यसमा २००७ सालको सङ्क्रमण कालका दुवै

छेउमा टेकेर पहाड र तराईका मध्यवित्त परिवारका किसान, जागिरे र सामन्ती पात्रहरूलाई समावेश गरिएको छ । यसमा वर्गचरित्र र व्यक्तिचरित्र दुवै किसिमका चरित्रहरूको छनोट गरिएको छ । शर्माले यस उपन्यासको पात्रविधान बहुआयामिक अनि सामाजिक संरचनाका प्रवृत्ति-विविधतालाई बोक्ने खालको छ भन्दै यसै विशेषताले गर्दा पनि यो नेपाली उपन्यास परम्पराको बृहत् आकारको उपन्यास बन्न सफल भएको उल्लेख गरेका छन् ।

रामदयाल राकेशले 'ज्योति-ज्योति महाज्योति औपन्यासिक जगतको हिमज्योति' (२०४८) शीर्षकको लेखमार्फत *ज्योति ज्योति महाज्योति* उपन्यासको विधातत्त्वका आधारमा विश्लेषण गरेका छन् । यसमा उपन्यासका साक्ष्य प्रस्तुत गर्दै नारीलाई महत्त्व दिने क्रममा यस उपन्यासकी नायिका प्रजाम्बीलाई अनुकरणीय आदर्श हिन्दु नारीका रूपमा अग्रसारित गरेर आधुनिक नारीहरूका अगाडि एउटा उत्कृष्ट उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । यसमा प्रजाम्बीलाई प्राचीन परम्परा र आदर्शकी प्रतिमूर्ति, हिन्दु नारीको प्रतीकका रूपमा देखाइएको छ । यसमा आधुनिकताको आरोहण पनि औधी भएको देखाइएको छ । उपन्यासकार दौलतमा आधुनिक युगबोध र समसामयिक युग संवेदनाको तीव्र दृष्टि पनि रहेको र प्रस्तुत उपन्यास नेपाली औपन्यासिक जगतमा एउटा हिमज्योतिका रूपमा आलोकित एवम् उद्भासित भएको निष्कर्ष दिइएको छ । यस आलेखमा गरिएको उक्त उपन्यासको विश्लेषण विष्टका उपन्यासमा सामाजिक यथार्थपरक अध्ययनका लागि उपयोगी भएको छ ।

राजेन्द्र सुवेदीले 'वस्तु-स्रोत र विन्यासका सफलता र विफलता ज्योति ज्योति महाज्योति भित्र' (२०५०) शीर्षकको लेख लेखेर *ज्योति ज्योति महाज्योति* उपन्यासको कथावस्तुगत स्रोत र विन्यासको निरूपण गरेका छन् । उनले विष्टका उपन्यासहरूको सिर्जनाको क्रमको चर्चा गर्दै *ज्योति ज्योति महाज्योति* उपन्यासको वस्तुस्रोत र त्यसको प्रयोग, पात्र विन्यासको प्रतीकात्मक आधार, उपन्यासको मञ्चीय परिधि उपशीर्षकमा विवेच्य उपन्यासको सङ्क्षिप्त विश्लेषण प्रस्तुत गरेका छन् । यस क्रममा सुवेदीले *ज्योति ज्योति महाज्योति* उपन्यास सीमित कथालाई असीमित आयतनमा उभ्याउने साहस, वस्तुका अनपेक्षित आयामको पुनरावर्तन र प्रत्यावर्तन गरिने प्रयास, झिनो कथ्यको मोटो प्रकथन, थोरै समयको व्यापक आयतन भएको रचनाका रूपमा उल्लेख गरेका छन् । साथै उनले यसमा उपन्यासको वस्तुस्रोत र त्यसको प्रयोग तथा पात्रविन्यास सम्बन्धमा विमर्श गरेका छन् । यस अध्ययनबाट विष्टको *ज्योति ज्योति महाज्योति* उपन्यासको भौगोलिक परिवेशगत यथार्थताको अनुसन्धानमा सहयोग पुगको छ ।

तारानाथ शर्माले *नेपाली साहित्यको इतिहास* (२०५१) मा उपन्यासकार दौलतविक्रम विष्टलाई क्रान्तिउत्तर युगका साहित्यकारका सूचीमा राखेका छन् । यसमा विष्टका *मञ्जरी, एक पालुवा अनेकौँ याम, चपाइएका अनुहार* र *बिग्रिएको बाटो* जस्ता उपन्यासहरूका बारेमा सङ्क्षिप्त टिप्पणी गर्दै उनका उपन्यासमा हाम्रै समाजका होची र अर्घेली, सामन्तवादी फुइँ र मध्यमवर्गीय अप्ठ्यारा र अन्यौलहरूको अभिव्यक्ति भएको कुरा उल्लेख गरेका छन् । उनले *बिग्रिएको बाटो* र *थाकेको आकाश* मा समाजका यस्तै विसङ्गतिहरूको चित्र प्रस्तुत गरिएको कुरा उल्लेख गरेका छन् । शर्माले विष्टका उपन्यासमा तत्कालीन सामाजिकता र वर्गीय समस्या अभिव्यक्त भएको विश्लेषण प्रस्तुत गरेका छन् । तसर्थ विष्टका उपन्यासका बारेमा गरिएको यो विश्लेषणात्मक समीक्षा प्रस्तुत अनुसन्धानका शोधप्रश्नको समाधानका लागि सहायक सिद्ध भएको छ ।

पशुपति नेउपानेले 'दौलतविक्रम विष्टको उपन्यासकारिताको निरूपण' (२०५१) शीर्षकको लेखमा विष्टका औपन्यासिक प्रवत्तिहरूको चर्चा गरेका छन् । यसमा परम्परागत विवरणात्मक शैली र वाङ्देलको सामाजिक यथार्थवादी प्रवृत्तिबाट विष्टको उपन्यास लेखन सुरु भएको र उपन्यासकार व्यक्तित्व विकसित हुँदै गएको उल्लेख गरिएको छ । यस आलेखमा विष्टका औपन्यासिक प्रवत्तिको निरूपण गर्दै उनका उपन्यासमा युगानुकूलको भाषा, जीवनपद्धति, यथार्थवादिता, सामाजिकता, मनोविश्लेषणात्मकता, प्रायोगिकता, चिन्तनशीलता, दार्शनिकता, व्यङ्ग्योक्ति र विसङ्गति आदि प्रवृत्तिहरू पाइन्छन् भनिएको छ । विष्टका प्रकाशित आठवटा उपन्यासको विवेचनाका क्रममा उनले नेपाली उपन्यास परम्परामा देखा परेका सबैजसो प्रवृत्तिहरूलाई समेट्ने काम गरेर विष्ट मूलतः सामाजिक यथार्थवादी उपन्यासकार भएको निष्कर्ष दिएका छन् । नेउपानेले *मञ्जरी* उपन्यासमा नेपाली परम्परामा प्रचलित बहुविवाह एवम् अनमेल विवाहप्रति असहमति प्रकट गरिएको कुरा उल्लेख गरेका छन् । यस आलेखमा विष्टलाई *मञ्जरी* उपन्यासमा सुधारवादी, *एक पालुवा अनेकौँ याम* उपन्यासमा नेपाली राष्ट्रिय भूगोलका विविध गतिविधिका अध्येता, *चपाइएका अनुहार* उपन्यासमा अन्तर्राष्ट्रिय गतिविधिका विश्लेषक, *बिग्रिएको बाटो* उपन्यासमा सामाजिक विकृति र विसङ्गतिका विरोधी, *थाकेको आकाश* उपन्यासमा मानवीय आन्तरिक पक्षका उद्घाटक, *भोक र भित्ताहरू* उपन्यासमा शोषकवादी समाजका शत्रु, *ज्योति ज्योति महाज्योति* उपन्यासमा आध्यात्मिकताका शुभचिन्तक अनि *हिमाल र मान्छे* उपन्यासमा शेर्पाहरूका जातीय संस्कृतिका

समर्थक उपन्यासकारका रूपमा विश्लेषण गरिएको छ । तसर्थ नेउपानेको यो लेख यस अनुसन्धानका शोधप्रश्नहरूको समाधानका लागि सहायक भएको छ ।

दौलतविक्रम विष्टले 'रचनाको सन्दर्भमा मेरो जीवन' (२०५२) शीर्षकको लेख *गरिमा* पत्रिकामा लेखेर आफ्नै उपन्यास *चपाइएका अनुहार* र *ज्योति ज्योति महाज्योति* माथि प्रकाश पारेका छन् । यसमा *चपाइएका अनुहार* उपन्यासले युद्धजनित स्थितिको विडम्बनालाई व्यक्त गरेको तथा *ज्योति ज्योति महाज्योति* उपन्यासले कर्मवादी तथा साम्यवादी संचेतनाका साथ हाम्रो सामाजिक, राजनीतिक, आर्थिक तथा धार्मिक स्थिति र तिनका विडम्बना आदिलाई कलात्मक निसर्गताका साथ यथार्थवादको सन्निकट रही चिरफार गरेको कुराको विश्लेषण प्रस्तुत गरिएको छ । यसमा विष्टका अन्य उपन्यासको चर्चा नगरिए पनि प्रस्तुत आलेख *ज्योति ज्योति महाज्योति* उपन्यासको विश्लेषणमा सहयोगी भएको छ ।

राजेन्द्र सुवेदीले *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति* (२०५३) समालोचनात्मक ग्रन्थमा नेपाली उपन्यासको समग्र परम्परा निरूपण गर्ने क्रममा यथार्थवादी धाराअन्तर्गत दौलतविक्रम विष्टलाई आदर्शोन्मुख यथार्थवादी परम्परामा समेटेका छन् । सुवेदीले विष्टका *मञ्जरी, एक पालुवा अनेकौँ याम, ज्योति ज्योति महाज्योति र हिमाल र मान्छे* गरी जम्मा चारवटा उपन्यासका आधारमा विष्टका औपन्यासिक प्रवृत्ति निरूपण गरेका छन् । सुवेदीले *मञ्जरी* आदर्शोन्मुख यथार्थवादको मूल स्वर आदर्शको रेखाबाट विचलित नभईकन यथार्थमा देखिएका विकृतिलाई तिखो टिप्पणी गर्ने दिशासम्म आफूलाई उपस्थापन गर्ने क्षमता भएको उपन्यास हो भन्दै यसले नेपाली सामाजका सांस्कृतिक र मर्यादागत विसङ्गतिलाई मूल कथ्य बनाएको कुरा प्रस्ट पारेका छन् । ब्राह्मण समाजका छोरी-बुहारीको विवाह पुनः हुन पाउनुपर्छ भन्ने झिनो स्वर बोकेको यस उपन्यासमा रूढिग्रस्त समाजले आवाज निकाल्नसम्म दिएको छैन भन्ने विचार अभिव्यक्त गरिएको छ। सामाजिक चिन्तनको आदर्शोन्मुख पक्ष नै यस उपन्यासमा प्रतिपादन भएकाले प्रस्तुत उपन्यास सामाजिक यथार्थमा अडेर आदर्शतिर अभिमुख बन्न पुगेको छ भन्ने सुवेदीको विश्लेषण रहेको छ। समालोचक राजेन्द्र सुवेदीले *एक पालुवा अनेकौँ याम* नेपालको इतिहास, संस्कृति र पर्यावरणमा मौलाएका अनैकौं विकृतिहरूलाई आफ्नो केन्द्रमा राखेर लेखिएको बृहद् आकार भएको उपन्यास हो भन्दै प्रस्तुत उपन्यासमा २००७ साल पछिको सामाजिक संरचना र त्यसमा आउन थालेको विचलनलाई यथावत् रूपमा स्थापना गर्ने प्रयत्नमा वस्तुको चयन गरिएको छ भनेका छन् । अर्थका क्षेत्रमा आएका शोषण र उत्पीडनका विसङ्गति, प्रणय र यौनका बिचका रेखाहरूको पहिचानपूर्ण प्रयोग, वर्गीय

उच्चता र त्यस मर्यादाबाट बिस्तारै गिर्दै गएको अवस्थिति अनि सांस्कृतिक र राजनीतिक अस्थिरताले जन्माएको परम्परालाई समेत यस उपन्यासमा समेटिएको कुरा सुवेदीले विश्लेषण गरेका छन् । यस्तै सुवेदीले विष्टका *ज्योति ज्योति महाज्योति* र *हिमाल र मान्छे* उपन्यासको पनि समीक्षा गरेका छन् । उनले नेपाली उपन्यास परम्पराको विशाल क्षितिजको फराकिलो ग्रह बनेका विष्टलाई आंशिक रूपमा विसङ्गति र आलोचनात्मक यथार्थको फाँटमा भेटे पनि आदर्शोन्मुख यथार्थकै परिवृत्तको घेरामा लिनुपर्ने निष्कर्ष दिएका छन् । सुवेदीले विष्टका चारवटै उपन्यासमा व्यक्त आदर्शोन्मुख यथार्थको विश्लेषणका क्रममा औंल्याएका सामाजिक चिन्तन यस अनुसन्धानका शोधप्रश्नहरूको समाधानका लागि सहायक भएको छ ।

सुन्दरी थापाले *उपन्यासकार दौलतविक्रम विष्टको एक पालुवा अनेकौँ याम उपन्यासमा द्वन्द्व* (२०५६) शीर्षकको नेपाली विषयका स्नातकोत्तर तहको शोधपत्र लेखेकी छन् । यस शोधपत्रमा उपन्यासकार विष्टलाई अनुभूत यथार्थलाई उपन्यासमा बढी महत्त्व दिने उपन्यासकारका रूपमा चिनाइएको पाइन्छ । यसमा कल्पना र यथार्थको सम्मिश्रण उनको उपन्यासकारिता हो भन्दै यथार्थवादी र प्रयोगवादी धाराका बिचमा उभिएर उनी विशिष्ट स्थान प्राप्त गर्न सफल उपन्यासकार भएको कुरा उल्लेख गरिएको छ । यस शोधपत्रमा *एक पालुवा अनेकौँ याम* उपन्यासको विधातत्त्वका आधारमा अध्ययन गर्दै यो उपन्यास सामाजिक विषयवस्तुमा केन्द्रित रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । त्यसैले यो अध्ययन विष्टको *एक पालुवा अनेकौँ याम* उपन्यासको सामाजिकता सम्बन्धीको विश्लेषणमा उपयोगी भएको छ ।

कृष्णहरि बराल र नेत्र एटमले *उपन्यास-सिद्धान्त र नेपाली उपन्यास* (२०५८) मा धारागत रूपमा आधुनिक नेपाली उपन्यासको वर्गीकरण गर्दा दौलतविक्रम विष्टलाई आलोचनात्मक यथार्थवादी धाराअन्तर्गत राखेका छन् । यस कृतिमा दौलतविक्रम विष्टका *मञ्जरी, एक पालुवा अनेकौँ याम, बिग्रिएको बाटो, थाकेको आकाश, भोक र भित्ताहरू* र *ज्योति ज्योति महाज्योति* उपन्यासको समीक्षा गर्दै यिनमा आलोचनात्मक यथार्थवादी प्रवृत्ति पाइन्छ भन्ने कुरा उल्लेख गरिएको छ । विष्टको *एक पालुवा अनेकौँ याम* उपन्यासमा २००७ सालको प्रजातन्त्र प्राप्तिपछिका दुई पुस्ताका द्वन्द्वलाई प्रस्तुत गरिनुका साथै नयाँ मूल्यका लागि लागिपर्नेहरू र यथास्थितिवादको रूढि फलाकेर समाज कुहाउनेहरूको चर्चासमेत यस ग्रन्थमा गरिएको छ । यसमा *मञ्जरी* लाई चाहिँ अन्तर्जातीय विवाह र नारी समस्याका कुराहरू आलोचनात्मक ढाँचामा व्यक्त गर्ने उपन्यास भएको र *बिग्रिएको बाटो* तथा *थाकेको आकाश* सुधारवादी अनि निराशाका बादलहरू मडारिरहेको स्थितिको चित्रण गर्ने उपन्यासका रूपमा

उपस्थापन गरिएको छ । यस्तै *भोक र भित्ताहरू* उपन्यासमा आजको वर्गीय समाजका विसङ्गति र विकृतिहरूलाई उद्घाटन गरी तीप्रति व्यङ्ग्य गरिएको छ। गरिब वर्गको भोकको आवाज धनी वर्ग सुन्दैन किनभने उनीहरूको कानमा ठेडी कोचिएको हुन्छ । त्यसैले मागेर होइन खोसेर खानुपर्छ भन्ने सारवस्तुलाई समेत यसले प्रस्तुत गरेको छ । यति मात्र होइन, यसमा समाजका नवधनिकवर्गद्वारा गरिने शोषणलाई टड्कारो रूपमा प्रस्तुत गरेर गरिबहरूको उठीबास भएको प्रसङ्गलाई केन्द्रमा राखिएको छ । *ज्योति ज्योति महाज्योति* उपन्यासमा धार्मिक आडमा गरिने सूक्ष्मातिसूक्ष्म विकृतिहरूमाथि व्यङ्ग्य र विरोध गर्दै ती परम्परागत भक्तिका आलापबाट मुक्तिका लागि गोरेटो खोज्नुपर्ने कुराहरूको चर्चा गरिनुका साथै नारी जीवनका व्यथालाई सुधारको आकाङ्क्षासहित प्रस्ट्याइएको तथा काव्यात्मक भाषाको मिठासले सिँगारिएको र समाजका यथार्थ आलोचनात्मक रूप अभिव्यक्त भएको उपन्यासका रूपमा प्रस्तुत गरिएको छ । त्यसैले विष्टका उपन्याससम्बन्धीको प्रस्तुत कृति समीक्षात्मक अध्ययन यस अनुसन्धानका शोधप्रश्नहरूको समाधानमा सहायक सिद्ध भएको छ ।

विष्णु पौडेलले 'साहित्यकार दौलतविक्रम विष्ट र उनको औपन्यासिक यात्राको चरण-विभाजन' (२०५८) शीर्षकको लेखमा विष्टको जीवनी, व्यक्तित्व र कृतित्वका साथै उनको औपन्यासिक यात्राको चरण विभाजन गरेर देखाएका छन् । उपन्यासकार विष्टले साहित्यका विभिन्न विधामा कलम चलाए तापनि विशेष दक्षता उपन्यास विधामा प्रदर्शन गरेका र २००८ सालमा यस विधामा प्रवेश गरी २०५३ सालसम्म नौवटा उपन्यास लेखेको कुरा यसमा उल्लेख गरिएको छ । विष्टको *मञ्जरी* उपन्यासमा बालविवाह, अनमेल विवाह र बहुविवाहको विरोध गरिएको अनि अन्तर्जातीय विवाहको स्वीकृति दिइएको सङ्केत गरिएको छ भने *एक पालुवा अनेकौँ याम* सामाजिक विषयवस्तुमा आधारित रहेको तथा विष्टकै जीवनभोगाइसँग सम्बन्धित यथार्थको चित्रणका साथै सात सालको सङ्क्रमणकालीन परिवेशले उत्पन्न गरेको नयाँ र पुरानो पुस्ताको द्वन्द्व, सङ्घर्ष र युगीन यथार्थको चित्रको प्रस्तुति रहेको देखाइएको छ । यस्तै प्रस्तुत लेखमा *चपाइएका अनुहार* उपन्यासमा अन्तर्राष्ट्रिय परिवेशका साथै विसङ्गतिवादी र अस्तित्ववादी चेत प्रतिध्वनित भएको, *बिग्रिएको बाटो* उपन्यासमा बाह्य यथार्थ भए पनि कलात्मकताको अभाव देखिएको, *थाकेको आकाश* उपन्यासमा आन्तरिक यथार्थ प्रस्तुत भएको, *भोक र भित्ताहरू* उपन्यासमा बाह्य यथार्थलाई कलात्मकताका साथ प्रस्तुत गरिएको, *ज्योति ज्योति महाज्योति* उपन्यासमा दार्शनिक कथ्य या अध्यात्ममूलक सन्देश अभिव्यञ्जित गरिएको, *हिमाल र मान्छे* उपन्यासमा हिमाली संस्कृति र सगरमाथाको सेरोफेरोको परिवेशको प्रस्तुति

रहेको र *फाँसीको फन्दा* उपन्यासमा ऐतिहासिक चरित्र धर्मभक्तको वीरताको जीवनगाथा र राणाहरूको क्रूरताको कथालाई अँगालिएको कुरा विश्लेषण गरिएको छ । तसर्थ प्रस्तुत विश्लेषणात्मक लेख यस अनुसन्धानका शोधप्रश्नको समाधानमा सहयोगी भएको छ ।

नरेन्द्रराज प्रसाईले *दौलतविक्रम विष्टको परिक्रमा* (२०६०) नामक ग्रन्थमा उपन्यासकार विष्टका नौवटै उपन्यासको विश्लेषणात्मक समीक्षा प्रस्तुत गरेका छन् । विष्टको *मञ्जरी* उपन्यासमा विधवा विवाहले स्वीकृति पाउनुपर्ने सामाजिक मान्यतामा जोड दिइएको लेखकीय चिन्तन समेटिएको छ । यसका साथसाथै यो उपन्यास आजको विश्वमा जातभात वा जातजातिभन्दा मानवतालाई सिङ्गो रूप मान्नुपर्छ भन्ने विषयमा केन्द्रित रहेको बताइएको छ । यस कृतिमा *एक पालुवा अनेकौँ याम* लाई एउटा सामाजिक धारामा बगेको कलात्मक प्रस्तुतिले युक्त उपन्यासका रूपमा चित्रण गरिएको छ। विष्टका उपन्यास सामाजिक परिवेशको सेरोफेरोले ढाकिएका हुन्छन् भन्ने मान्यतालाई *भोक र भित्ताहरू* उपन्यासले साकार पारेको कुरा उल्लेख गर्दै यस कृतिमा एकातिर समाजका फटाहाहरूको जगजगीको चित्रण गरिएको छ भने अर्कातिर साधु स्वभावका मान्छेहरूले कठघरामा उभिनुपर्ने नियतिलाई प्रस्तुत गरिएको छ। यस्तै *ज्योति ज्योति महाज्योति* तथा *हिमाल र मान्छे* उपन्यासका बारेमा प्रकाशकीय तथा अन्य समालोचकका विचार तथा धारणालाई यसमा प्रस्तुत गरिएको छ । यस कृतिले विष्टको *हिमाल र मान्छे* उपन्यासको प्रकाशकीयमा कवि घिमिरेद्वारा चर्चा गरिएका बुँदालाई समेटेको छ । घिमिरेले उक्त प्रकाशकीयमा हिमाली जातिको आफ्नो भाषा भएको र उनीहरूले आफ्नो उच्चारण पद्धतिअनुसार नेपाली भाषाका शब्दहरू बोल्दा हामीलाई निकै रमाइलो र नौलो अनुभव हुन्छ भन्दै जलवायु र उनीहरूको आफ्नो मातृभाषाले पनि नेपाली भाषाको उच्चारण अवयव र ध्वनिमा प्रभाव पार्छ भन्ने विचार व्यक्त गरेका छन् । यसमा घिमिरेले उनीहरूको अभिव्यक्ति हामीलाई मिठासपूर्ण लाग्छ भन्दै शेर्पाले बोलेको नेपाली भाषामा पनि आ, उ, ओं र अनुनासिक तथा दीर्घ र मनोहारी उच्चारणले जीवन्तता पाएको विश्लेषण गरेका छन् । पात्र, परिवेश र संस्कृति सुहाउँदो ढङ्गले उपन्यासमा संवादको संयोजन गरिएको छ र यस्ता संवादले शेर्पा जातिको सांस्कृतिक चित्रावली उपस्थित गराएको छ भन्ने जस्ता टिप्पणीलाई यस कृतिमा समेटिएको छ । विष्टका उपन्यास बारेको यस्तो गहन विश्लेषणात्मक कृति समीक्षा प्रस्तुत अनुसन्धानका शोधसमस्याहरूको समाधानका लागि उपयोगी सिद्ध भएको छ ।

विष्णुप्रसाद पौडेलले *नेपाली उपन्यास र यथार्थवाद* (२०६०) शीर्षकको विद्यावारिधिको शोधप्रबन्ध तयार पारेका छन् । उनले यस शोध प्रबन्धमा यथार्थवादको ऐतिहासिक परिप्रेक्ष्य

र यसको सैद्धान्तिक स्वरूपको चर्चा गर्नुका साथै यथार्थवादी नेपाली उपन्यासको पृष्ठभूमि र परम्परा तथा सामाजिक यथार्थवादी उपन्यासकार लैनसिंह वाङ्देल, लीलबहादुर क्षेत्री, दौलतविक्रम विष्ट, शङ्कर कोइरालाका सामाजिक यथार्थवादी उपन्यासको विश्लेषणसमेत गरेका छन् । यस शोधप्रबन्धमा विष्टका *एक पालुवा अनेकौं याम* र *भोक र भित्ताहरू* उपन्यासको कथानक, पात्र, परिवेश र भाषाशैलीमा निहित सामाजिक यथार्थवाद पहिल्याउने क्रममा उनले *एक पालुवा अनेकौं याम* उपन्यासमा गतिशील समाजका परिप्रेक्ष्यमा जीवनका अनेक आयामलाई नजिकैबाट नियाल्ने प्रयत्न भएको निष्कर्ष दिएका छन् । त्यस्तै *भोक र भित्ताहरू* उपन्यासलाई यथार्थवादी उपन्यासको संज्ञा दिँदै यस उपन्यासमा समकालीन युगजीवनको समस्याग्रस्त महत्त्वपूर्ण पाटोलाई आधारभूत रूपमा यथार्थवादी औपन्यासिक आवरणमा ढालेर प्रस्तुत गरिएको उल्लेख गरेका छन् । यस शोधप्रबन्धमा सामाजिक यथार्थवादी विश्लेषणपद्धतिका आधारमा गरिएको उपर्युक्त उपन्यासका कथावस्तु, चरित्र, परिवेश र भाषाशैलीको विश्लेषण यस अनुसन्धानका शोधप्रश्नहरूको समाधानका लागि उपयोगी सिद्ध भएको छ ।

लक्ष्मी अधिकारीले *चपाइएका अनुहार उपन्यासको कृतिपरक अध्ययन* (२०६२) शीर्षकको नेपाली विषयको स्नातकोत्तर तहको शोधपत्रमा दौलतविक्रम विष्टको उपन्यासयात्राको तेस्रो चरणको प्रारम्भमा २०३० सालमा प्रकाशित *चपाइएका अनुहार* लाई लघु आयाममा उत्कृष्ट कलाकारिताका साथ लेखिएको चिन्तनप्रधान उपन्यासका रूपमा रहेको उल्लेख गरेकी छन् । द्वितीय विश्वयुद्धको मारमा परी दक्षिण अफ्रिकाको अनकन्टार जङ्गलमा जीवन धकेल्न वाध्य अनन्त, किमरिख र बेरगितको कष्टदायक अवस्थालाई मूल कथावस्तु बनाई लेखिएको प्रस्तुत उपन्यास विष्टको काल्पनिक चेतनाको प्राप्ति भएको विसङ्गतिवादी-अस्तित्ववादी र अन्तर्राष्ट्रिय परिवेश समेटिएको उपन्यास भएको बताइएको छ । त्यसैले यो विश्लेषण यस अनुसन्धानका शोधप्रश्नको समाधानमा उपयोगी रहेको छ ।

ऋषिराज बरालले *साहित्य र समाज* (२०६४) समालोचनात्मक ग्रन्थमा 'ज्योति ज्योति महाज्योतिमा निरूपित सौन्दर्य दर्शन' शीर्षकको लेखमा दौलतविक्रम विष्टलाई २००७ सालको राजनीतिक घटनापश्चात् देखा परेका उपन्यासकारका रूपमा राखेका छन् । यसमा उनको औपन्यासिकता २००७ सालपछि नेपाली उपन्यासपरम्परामा देखा परेको सामाजिक चिन्तनकै धारबाट अगाडि आएको उल्लेख गरिएको छ । यस लेखमा *मञ्जरी* उपन्यासको विवेचनाका क्रममा यो समाजसुधारको सामाजिक चिन्ता गर्ने र यसका ठाउँठाउँमा राजनीतिक प्रसङ्गहरू

देखा परे पनि सांस्कृतिक चेतनामार्फत समाजसुधारको परिकल्पना बोकेको उपन्यासका रूपमा चित्रित गरिएको छ भने *एक पालुवा अनेकौँ याम* उपन्यासमा सामाजिक भित्तिको आडमा यौनजन्य कुण्ठा र अन्तर्वृत्तिको उद्घाटन गरिएको बरालको विश्लेषणमा पाइन्छ । यसपछि विष्टका समग्र औपन्यासिक जीवन यात्राका सन्दर्भमा *ज्योति ज्योति महाज्योति* उपन्यासको मूल्य निरूपण गरिएको छ । यसमा बरालले उपन्यासमा प्रयुक्त औपन्यासिक रचना सामग्रीहरू, सामाजिकता, पौराणिकता, उत्पादन इतिहासको प्रयोग, समाजशास्त्रीयता, आध्यात्मिक र भौतिकवादबिच द्वन्द्व, व्यङ्ग्यात्मकता, प्रकृतिवादी चित्रण र दार्शनिकताका आधारमा उपन्यासको सौन्दर्य दर्शन निरूपण गर्ने काम गरेका छन् । उपन्यासको कथावस्तुगत मूल भित्ति सामाजिकता हो भन्दै यसमा नेपालको पूर्व, पश्चिम, उत्तर, दक्षिण र विशेषतः पशुपति क्षेत्र वरिपरिको सामाजिक, आर्थिक, राजनीतिक एवम् सांस्कृतिक स्थितिको विशिष्ट प्रस्तुति रहेको विश्लेषण गरिएको छ । बरालले प्रस्तुत आलेखमा *मञ्जरी, एक पालुवा अनेकौँ याम, ज्योति ज्योति महाज्योति* जस्ता उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थताको सङ्केत गरेकाले प्रस्तुत विश्लेषण यस अनुसन्धानमा सहायक सिद्ध भएको छ ।

भोलानाथ पोखरेलले *आधुनिक नेपाली सामाजिक यथार्थवादी उपन्यासको पात्रविधान (२००४-२०१८)* (२०६४) शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा दौलतविक्रम विष्टको *मञ्जरी* (२०१६) उपन्यासको पात्रविधानका आधारमा विश्लेषण गरेका छन् । शोधकर्ताले यस उपन्यासका पात्रहरू विद्यमान समाजमा रहेको बालविवाह, अनमेल विवाहको विरोध गर्दै विधवा विवाह, प्रेम विवाह एवम् अन्तर्जातीय विवाहलाई महत्त्व दिन्छन् भनेका छन् । यसमा उपन्यासका आधुनिकतामा विश्वास गर्ने पात्र कैलास, मञ्जरी र शङ्करले रूढिग्रस्त सामाजिक रीतिरिवाजका विरुद्ध बालविधवा मञ्जरी र कैलासका बिचमा भएको प्रेम विवाहलाई सफल गर्न निकै ठुलो सङ्घर्ष गर्नु परेको विषयलाई देखाइएको छ । यसको कथानकमा पात्रहरूले बहुविवाह, अनमेल विवाहको विरोध गर्दै बाहुनी मञ्जरी एवम् छेत्री कैलास र जर्नेलकी छोरी एवम् ठाकुरका बिचमा अन्तर्जातीय प्रेमविवाह गरेर परम्परित सामाजिक रीतिरिवाजको विरोध गरिएको कुरा औँल्याइएको छ । प्रस्तुत अनुसन्धान विष्टको मञ्जरी उपन्यासको विश्लेषणमा सहयोगी भएको छ ।

खगेन्द्रप्रसाद लुइटेलले *नेपाली उपन्यासको इतिहास* (२०६९) नामक समालोचनात्मक पुस्तकमा नेपाली उपन्यासको ऐतिहासिक चर्चा गर्ने क्रममा उपन्यासकार दौलतविक्रम विष्टलाई आधुनिक नेपाली उपन्यासको दोस्रो चरण (२०१६-२०२०) अन्तर्गत राखेर उनका

उपन्यासका बारेमा गहन समीक्षा प्रस्तुत गरेका छन् । यसमा खगेन्द्रप्रसाद लुइटेलले विष्टलाई सामाजिक यथार्थवादी, आलोचनात्मक यथार्थवादी, अस्तित्ववादी-विसङ्गतिवादी प्रवृत्तिलाई अनुसरण गरेर उपन्यास रचना गर्ने उपन्यासकार भएको उल्लेख गर्दै उनका प्रकाशित नौवटै उपन्यासमाथि प्रकाश पारेका छन् । उनले दौलतविक्रम विष्टको पहिलो उपन्यास *मञ्जरी* सामाजिक विषयवस्तुमा आधारित कृति भएको भन्दै यसमा तत्कालीन समाजमा व्याप्त बालविवाह, बहुविवाहलगायत रूढिवादी मान्यताले ग्रस्त अनेक समस्याहरूबाट सिर्जित विसङ्गति र विकृतिको चित्रण गरिएको र तिनमा सुधार ल्याउनु पर्ने विचार व्यक्त भएको बताएका छन् । उक्त ग्रन्थमा विष्टको अर्को प्रसिद्ध उपन्यास *एक पालुवा अनेकौं याम* चाहिँ सामाजिक विषयवस्तुमा आधारित उपन्यास भएको र यस उपन्यासमा २००७ सालपछिको नेपाली समाजका सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक आदि विविध क्षेत्रमा व्याप्त विसङ्गति र विकृतिको चित्रण गरिएको तथा तिनमा सुधारको अपेक्षा राखिएको विश्लेषण गरिएको छ । यस्तै विष्टको *भोक र भित्ताहरू* उपन्यास पनि सामाजिक विषयवस्तुमा आधारित उपन्यास भएको भन्दै यसमा समाजका उच्चवर्गद्वारा निम्नवर्गप्रति गरिएको अन्याय, अत्याचार, शोषण र दानवीय वृत्तिको चित्रण प्रस्तुत गरिएको र त्यस वर्गका विरुद्ध सङ्घर्ष गर्नुपर्ने विचार अभिव्यक्ति गरिएको कुरा उल्लेख गरिएको छ । उनले विष्टको *ज्योति ज्योति महाज्योति* उपन्यासमा हिन्दुहरूका आराध्यदेव पशुपतिनाथको ऐतिहासिक र पौराणिक महत्त्व प्रस्तुत गर्नाका साथै त्यस क्षेत्रमा देखिएका विकृति र विसङ्गतिको समेत अभिव्यक्ति गरिएको विश्लेषण गर्दै *हिमाल र मान्छे* उपन्यासमा हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा जातिको सकसपूर्ण जीवन भोगाइको प्रतिबिम्वन भएको उपन्यासका रूपमा प्रस्तुत गरेका छन् । त्यसैले विष्टका उपन्यासहरूका बारेमा गरिएको यो कृति समालोचना यस अनुसन्धानका शोधप्रश्नहरूको निरूपणका लागि सहयोगी भएको छ ।

समग्रमा उपन्यासकार दौलतविक्रम विष्टका विषयमा जीवनीका सामान्य पक्ष, उपन्यासको कृतिपरक अध्ययन, प्रतिनिधि उपन्यासको अध्ययन, सामान्य प्रभावपरक समालोचना, अन्तर्वार्ता, अनुभवजन्य व्यावहारिक क्रियाकलापसमेतको सामान्य अध्ययन भएको पाइन्छ । नेपाली उपन्यासका क्षेत्रमा अध्ययन गर्ने अध्येताहरूबाट विष्टको परिचयात्मक अध्ययनसमेत भएको पाइए पनि उक्त अध्ययन एकल कृतिका सामान्य समीक्षामा केन्द्रित रहेका देखिन्छन् । निश्चित तह पार गर्ने उद्देश्यबाट अभिप्रेरित भई गरिएका यस्ता अध्ययनले पनि विष्टको उपन्यास लेखनको सामाजिक यथार्थवादी महत्तातर्फ सङ्केत गरेका छन् । यस

सन्दर्भमा विचार गरी हेर्दा विष्टका उपन्यासहरूका बारेमा धेरैजसो समीक्षकले सानातिना समीक्षात्मक लेख लेखेर पाठकीय प्रतिक्रिया प्रस्तुत गरेका र केहीले नेपाली विषयको स्नतकोत्तर तहको औपचारिक अध्ययन पूरा गर्ने सन्दर्भमा अध्ययन गरेको पाइए पनि उनका उपन्यासमा अभिव्यक्त सामाजिक संरचनागत यथार्थ, वर्गीय यथार्थ, भौगोलिक परिवेशगत यथार्थ र सामाजिक यथार्थसँग सम्बद्ध भाषिक विन्यासमा केन्द्रित भई शोधमूलक अध्ययन भएको पाइँदैन । यस प्रकार उनका उपन्यासमा गरिएका पूर्वाध्ययनहरूमा सामाजिक यथार्थवादी अध्ययनगत रिक्तता रहेको र सोही रिक्तताको परिपूर्तिका लागि यो अनुसन्धान गरिएको छ । यस शोधकार्यमा सामाजिक यथार्थवादका सैद्धान्तिक स्वरूप, उपन्यासकार विष्टको जीवनी, व्यक्तित्वका विभिन्न पक्ष तथा उनका समग्र उपन्यासका बारेमा भएगरेका समीक्षा, संस्मरण, कृतिगत भूमिका, प्रारम्भिक शोधकार्यका प्रारूप आदिलाई आधार सामग्री स्वीकार गरी सामाजिक यथार्थवादका सैद्धान्तिक प्रतिमानले आत्मसात् गरेका मान्यताका आधारमा उनका उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थको अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

दौलतविक्रम विष्ट नेपाली समाजलाई आधार मानेर सामाजिक यथार्थवादी उपन्यास लेख्ने उपन्यासकारका रूपमा स्थापित छन् र उनका उपन्यासहरू मूलतः सामाजिक यथार्थका विषयमा केन्द्रित रहेका छन् । आधुनिक नेपाली उपन्यासको प्रथम चरणमा देखा परेका सामाजिक यथार्थवादी धाराका सशक्त उपन्यासकार विष्टले नेपाली उपन्यास लेखनका क्षेत्रमा विशिष्ट योगदान दिएका छन् । तर विष्टका उपन्यासको कृतिपरक अध्ययन, प्रतिनिधि उपन्यासको अध्ययन, सामान्य प्रभावपरक समालोचनात्मक अध्ययन र साहित्यिक इतिहास लेखनका क्रममा वा पत्रपत्रिकामा उनको योगदानको धेरथोर चर्चा भए पनि हालसम्म उनका समग्र उपन्यासहरूको सामाजिक यथार्थवादका सैद्धान्तिक प्रतिमानका आधारमा गहन शोधमूलक विशिष्ट अध्ययन हुन नसकेकाले त्यही सामाजिक यथार्थवादी अध्ययनगत रिक्तताको परिपूर्ति प्रस्तुत शोधकार्यबाट हुने भएकाले यस शोधको प्राज्ञिक औचित्य सिद्ध हुन्छ । यस अनुसन्धानले उपन्यासकार दौलतविक्रम विष्टका उपन्यासहरू सामाजिक यथार्थका दृष्टिले केकस्ता रहेका छन् भनेर जान्न चाहने जिज्ञासुहरूका लागि आवश्यक सामग्री प्राप्त हुने हुँदा यस अध्ययनको नेपाली साहित्यका क्षेत्रमा विशेष महत्त्व, उपयोगिता र औचित्य रहेको छ । प्रस्तुत शोधकार्य सामाजिक यथार्थवादी मान्यतामा आधारित भएर गरिएको हुनाले सामाजिक यथार्थवादमा केन्द्रित रही थप अध्ययन गर्न चाहने शोधार्थीहरूलाई आवश्यक ज्ञान प्राप्त हुने

र उपन्यासको विश्लेषण गर्ने आधिकारिक ढाँचा निर्माण भएकाले यस अध्ययनको विशेष औचित्य र महत्त्व रहेको छ ।

## १.६ शोधविधि

प्रस्तुत शोध मूलतः विषयविश्लेषण विधिमा आधारित रहेको छ । यसमा सामग्री विश्लेषण एवम् अर्थापन कार्य गुणात्मक पद्धतिबाट गरिएको छ र दौलतविक्रम विष्टका उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थको विश्लेषण गर्नका निम्ति पाठविश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । यो आनुभविक शोध भएकाले सामग्रीको विश्लेषणमा सामाजिक यथार्थवादका सैद्धान्तिक मान्यता तथा आफ्नो ज्ञान एवम् अनुभवको समेत उपयोग गरिएको छ । प्रस्तुत शोधमा सामग्री सङ्कलन, तिनको सम्पादन र व्यवस्थापनका लागि अँगालिएको विधि र प्रक्रिया, चयन गरिएका सामग्रीको अर्थापनको विधि र प्रक्रिया तथा विश्लेषणका सैद्धान्तिक आधार एवम् ढाँचाको परिचय बेग्लाबेग्लै उपशीर्षकमा  दिइएको छ ।

### १.६.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधमा शोधसमस्याहरूको समाधान पहिल्याउनका निम्ति आवश्यक सामग्रीका मुख्य स्रोत दौलतविक्रम विष्टले लेखेका समग्र उपन्यासहरू नै हुन् । उनका *मञ्जरी* (२०१६), *एक पालुवा अनेकौँ याम* (२०२६), *चपाइएका अनुहार* (२०३०), *बिग्रिएको बाटो* (२०३३), *थाकेको आकाश* (२०३४), *भोक र भित्ताहरू* (२०३८), *ज्योति ज्योति महाज्योति* (२०४५), *हिमाल र मान्छे* (२०४५) र *फाँसीको फन्दा* (२०५३) जस्ता उपन्यासहरूमध्ये सामाजिक यथार्थको सशक्त प्रस्तुति भएका र औपन्यासिक कलात्मकताका दृष्टिले स्तरीयता प्राप्त गरेका *मञ्जरी, एक पालुवा अनेकौँ याम, भोक र भित्ताहरू, ज्योति ज्योति महाज्योति* र *हिमाल र मान्छे* उपन्यासहरूको मात्र यस शोधको उद्देश्यअनुरूप सामग्री सङ्कलनको सोद्देश्य नमूना छनोट विधिका आधारमा सूक्ष्म पठन गरी आवश्यक सामग्रीको सङ्कलन गरिएको छ । यसका साथै दौलतविक्रम विष्टका उपन्यासहरूबारे प्रकाश पारी लेखिएका पुस्तक, अनुसन्धान, लेख, टिप्पणी, पत्रपत्रिका, कृति समीक्षाहरू, शोधप्रबन्धका साथै सामाजिक यथार्थवादसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, शोधप्रबन्ध आदिलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरी अनुसन्धानलाई पूर्णता दिइएको छ ।

### १.६.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत अनुसन्धानमा यथार्थवाद र सामाजिक यथार्थवादलाई सामग्री विश्लेषणको सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ। इन्द्रियप्रत्यक्षबाट वस्तुका बारेमा प्राप्त हुने ज्ञान यथार्थ हो भने त्यही यथार्थसम्बन्धी सिद्धान्त नै यथार्थवाद हो । सामान्यतया यथार्थवाद भनेको संसारमा जुन वस्तु जस्तो छ, त्यस्तै रूपमा त्यसको ठिक ठिक चित्रण वर्णन गर्नुपर्छ भन्ने सिद्धान्तविशेष हो। यस प्रकारको यथार्थवाद पश्चिमी समाजमा थालनी र विकास भएको साहित्यिक सिद्धान्त हो। यो वस्तुवादी चेतनासँग सम्बन्धित छ। विशेष गरी पश्चिमी समाजमा नवीन अन्वेषणमुखी चेतनाको उदयपश्चात् दर्शन शास्त्रमा पनि वस्तुवादी चिन्तन देखा पऱ्यो र त्यपछि भूगोल, खगोल, गणित, भौतिक र औषध-रसायन शास्त्रहरूमा पनि अनेकन् नवीन तथ्यहरू फेला पर्दै गए । त्यसैको प्रतिक्रियास्वरूप समाजमा एकातिर परम्परित धार्मिक अन्धअवधारणा वा रहस्यमय आध्यात्मिक चिन्तनप्रति अविश्वास र अनास्था बढ्दै गयो भने अर्कातिर वस्तुवादी दृष्टिप्रति तीव आकर्षण र आस्थाशील जनमत टड्कारो रूपमा निर्मित हुँदै गयो। त्यही वस्तुवादी वा विज्ञानवादी चेतनाको प्रभाव पश्चिमी कलासाहित्यमा भित्रिँदै जाँदा यथार्थवादी साहित्य-सिर्जना र चिन्तनको अस्तित्व देखा पर्न थालेको पाइन्छ (जोशी, कुमारबहादुर ६६१) । यसबाट सामाजिक यथार्थवादमा वस्तुवादी चेतनाको उदय विभिन्न दर्शनशास्त्रको विकाससँगै भएको देखा पर्दछ ।

यथार्थवादको समय मुख्यतः उन्नाइसौँ शताब्दीको उत्तरार्ध मानिन्छ । यो पाश्चात्य साहित्यिक चिन्तन र सिर्जनाका क्षेत्रमा देखिएका परिष्कारवाद, पूर्वस्वच्छन्दतावाद, नवपरिष्कावाद र स्वच्छन्दतावादका चक्रलाई तोडेर स्थापित भएको हो। यसलाई स्पष्ट पार्ने क्रममा अलेक्जेण्डर हर्जनका भनाइलाई उद्धृत गर्दै शिवकुमार मिश्रले प्राचीन परिष्कारवाद र स्वच्छन्दतावादको आन्तरिक सङ्घर्ष चर्कँदै जाँदा तेस्रो तत्त्वका रूपमा यथार्थवाद जन्मन पुगेको कुरा उल्लेख गरेका छन् (२८-२९) । यो स्वच्छन्दतावादपछि देखिए पनि यसमा स्वच्छन्दतावादी मान्यताहरूको मात्रै प्रतिध्रुवता छैन। अग्रवर्ती परिष्कारवाद वा आदर्शवादको पनि प्रतिध्रुवता छ। यो साहित्यिक चिन्तन सिर्जनाका क्षेत्रमा देखिएको एक महत्त्वपूर्ण उपलब्धि हो । परिष्कारवाद र स्वच्छन्दतावादमा प्रशस्त विपरीत सन्दर्भहरू भए पनि ती आधारभूत रूपमा आध्यात्मिक चिन्तन र प्राचीन आदर्शप्रति अनुरक्त भेटिन्छन् । तिनले विषय सन्दर्भ पनि मूलभूत रूपमा अभिजात्य परिवार वा शक्तिशाली वर्ग र तिनका उदात्त चरित्रलाई अपनाएका छन् । साहित्य जनसामान्यको विषय पनि हो भन्ने हेक्का तिनमा त्यति पाइँदैन ।

विधागत दृष्टिले हेर्दा पनि ती कविता वा पद्य विधामा बढी केन्द्रित देखिन्छन् । यसले गर्दा त्यतिखेर साहित्यलाई नै परिष्कृत लयात्मक भाषाका माध्यमबाट प्रकट गरिने रागात्मक विषय भएको वस्तुका रूपमा हेर्ने परिपाटी प्रबल रह्यो । यी यस्ता धारणाहरूका विरुद्ध यथार्थवाद देखिन्छ । यसले आध्यात्मिक सत्यलाई यथार्थ ठान्दैन । भौतिक वा विज्ञानसम्मत वस्तुवादी दृष्टिकोणलाई यथार्थ ठान्दछ । प्राचीन आदर्शप्रति भन्दा वर्तमान वा समसामयिक वास्तविकताप्रति यसको सरोकार रहने गर्दछ । अभिजात्य परिवारको उदात्त चरित्र यसको वर्ण्य विषय हुँदैन । यसले समाजका सामान्य परिवारको समस्याग्रस्त जीवनलाई वर्ण्य विषय बनाएको हुन्छ । अभिजात्य परिवार आइहाले पनि तिनका उदात्त चरित्रतर्फ यो केन्द्रित नभई कुटिल र पतित चरित्रलाई यसले नङ्ग्याइरहेको हुन्छ । विधागत दृष्टिले हेर्दा पनि यसले आफ्नो अनुकूल विधा पद्य नभई गद्य ठान्दछ । साहित्यलाई यसले रागात्मक विषयकेन्द्री नठानी समाजको दर्पणका रूपमा हेर्दछ । भाषिक प्रयोग पनि यसले चरित्रको स्तरअनुकूलको वा जनबोलीमा आधारित वा सरल सरस हुनुपर्ने मान्दछ ।

साहित्यमा यथार्थवादको थालनी युगीन आवश्यकताअनुरूप भएको हो तापनि यो सोभ्कै साहित्यमा देखिएको वाद होइन । दर्शनशास्त्र, समाजशास्त्र र कलामा प्रयोग हुँदै यो साहित्यमा भित्रिएको हो (श्रेष्ठ, दयाराम १३) । पदार्थ वा वस्तुको ज्ञान मानवलाई भए पनि नभए पनि त्यसको स्वतन्त्र अस्तित्व हुन्छ, हरेक पदार्थमै त्यसको स्वतन्त्र गुण अन्तर्निहित हुन्छ, मानवीय ज्ञानबाट वस्तुको गुण प्रभावित हुँदैन, वस्तुको गुणलाई प्रत्यक्ष रूपमा ज्ञान गरिन्छ, यस्तो ज्ञान सबैलाई एकै किसिमको हुन्छ भन्ने जस्ता मान्यता नै दार्शनिक यथार्थवादको सार हो (निगम १०७-९) । यस्तो धारणाको समर्थन प्रारम्भिककालीन दार्शनिकहरूले गरेको पाइन्छ । यस्तै मध्यकालीन खोज अनुसन्धानले धेरै भ्रमहरूको निवारण गर्दै वस्तुवादी चेतना निर्माणमा सहयोग पुऱ्यायो । मार्क्सको ऐतिहासिक भौतिकवादी चिन्तनले सामाजिक अध्ययनको पद्धति अँगाल्दै पूर्णतः वैज्ञानिक विधिलाई प्रोत्साहित गऱ्यो । उनको द्वन्द्वात्मक भौतिकवादले हेगेलको द्वन्द्वात्मक अध्यात्मवादलाई प्रतिस्थापित गर्न समर्थ भयो । तसर्थ मार्क्सको दार्शनिक चिन्तन यथार्थवादको थालनीमा मात्रै होइन, यसको विकासमा समेत उल्लेखनीय आधार बनेर रह्यो । यी विभिन्न दार्शनिक चिन्तनका अतिरिक्त संवेग र कल्पनालाई महत्त्व नदिई हेतु र प्रज्ञालाई महत्त्व दिने बुद्धिवाद र मानिसलाई विकासवादले भ्कैँ जन्तुबाट विकसित ठान्ने वा प्रकृतिका हरेक वस्तु विकासकै परिणाम ठान्ने पणिामवादको पनि यथार्थवादको थालनी र विकासमा

महत्त्वपूर्ण भूमिका रहेको मानिन्छ (श २९६) । यसबाट यथार्थवादले वस्तुवादी चेतना अँगालेको कुराको पुष्टि हुन्छ ।

समाजशास्त्रका चिन्तक अगस्त कोम्त (सन् १७९८-१८५७) ले सन् १८३० मा समाजशास्त्रको उपयोगिता प्रमाणित गर्ने सन्दर्भमा सत्यको मानदण्ड गोचर तथ्य हो भन्दै प्रस्तुत गरेको यथार्थवादी दर्शनबाट पनि साहित्यिक यथार्थवाद अभिप्रेरित रहेको बुझ्न सकिन्छ (श्रेष्ठ, दयाराम १४) । साहित्यिक समाजशास्त्रको सैद्धान्तिक प्रस्थापनाको आधारशिला निर्माण गर्ने हिप्पोली तेनको योगदान पनि यसमा महत्त्वपूर्ण रहेको पाइन्छ । किनभने उनले प्रत्यक्षवादलाई महत्त्व दिँदै साहित्यलाई सामाजिक दस्तावेजका रूपमा लिएका छन् ।

यथार्थवादी साहित्यको विकासमा फ्रान्सेली चित्रकार गुस्ताव कुर्वेको सन् १८५५ मा 'गुस्ताव कुर्वेको यथार्थवाद' नाम दिएर गरिएको एक व्यक्ति चित्र प्रदर्शनीले पनि ठुलो भूमिका खेलेको छ (मिश्र, मनुजबाबु ३७३) । यसले साहित्यिक यथार्थवादलाई अझ टड्कारो रूपमा प्रेरित गऱ्यो । कलाकारले समकालीन जीवनगत यथार्थतालाई पूर्ण इमानदारीकासाथ वस्तुपरक ढङ्गमा उतार्नु पर्दछ भन्ने कुर्वेको मान्यताबाट अभिप्रेरित भएर उनकै मित्र फ्रान्सेली उपन्यासकार चेम्फलुअरी (१८२१-१८८९) ले जनसामान्यलाई नै प्रमुख पात्रका रूपमा प्रयोग गरेर साहित्यमा यथार्थवादको थालनी गरे (श्रेष्ठ, दयाराम १६-१७) । त्यसपछि सन् १८५६ मा फ्रान्सेली एडमन्ड डुरान्टेले आफ्नै सम्पादनमा 'रियलिजम्' भन्ने पत्रिका प्रकाशित गरे । यसबाट साहित्यमा यथार्थवादको औपचारिक स्थापना हुन गयो । यसको अर्को वर्ष सन् १८५७ मै फ्रान्सेली गुस्ताव फ्लुबर्टले 'म्याडम बोभरी' नामक उपन्यास प्रस्तुत गरे । यो उपन्यास फ्रान्सेली साहित्यमा यथार्थवादी जीवित चित्र प्रस्तुत गर्न सक्षम भयो र साहित्यिक यथार्थवादको स्पष्ट थालनी पनि यहीँबाट भएको मानिन्छ (कँडेल ४१) । साहित्यका क्षेत्रमा सामाजिक चेतनाका साथ यसको उदय फ्रान्सेली बाल्जाकबाट भएको स्वीकार गरिन्छ । त्यसैले जोलापूर्वको फ्रान्सेली यथार्थवाद सामाजिक यथार्थवादकै रूपमा रहेको देखिन्छ र सामाजिक प्रवृत्तिकै कारणले गर्दा फ्रान्सेली, जर्मनेली, रुसी, अङ्ग्रेजी, अमेरिकाली, चिनियाँ, बङ्गाली, हिन्दी, नेपाली आदि विश्वसाहित्यमा फैलिँदै गएको यथार्थवाद आधारभूत रूपमा समाजको वस्तुपरक विषय सन्दर्भमा केन्द्रित रहेको पाइन्छ । यथार्थवादका गम्भीर अध्येता डामियन ग्रान्टले यसका अनेक प्रकारका बारेमा चर्चा गरेका छन् । साहित्यमा यथार्थवाद भन्नाले सामान्यतया समाजशास्त्रीय चिन्तनद्वारा प्रभावित सामाजिक यथार्थवाद नै बुझिन्छ, तर यसको बढ्दो प्रगति र प्रयोगले गर्दा यसको सैद्धान्तिक रूपमा वैविध्य देखा परेको छ र आज

यथार्थवादलाई सामाजिक यथार्थवादका अतिरिक्त यसका मुख्य प्रकार भनेर समाजवादी यथार्थवाद, ऐतिहासिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, विवेचनात्मक यथार्थवाद जस्ता विभिन्न शाखामा विभाजित गरिएको पाइन्छ (जोशी, कुमारबहादुर ६६२) । यसले साहित्यिक समालोचनाका क्षेत्रमा यथार्थवादको विकास विभिन्न वादका रूपमा भएको देखाएको छ ।

विशुद्ध साहित्यिक सौन्दर्य र वैज्ञानिक दृष्टिकोण लिएर उन्नाइसौँ शताब्दीको उत्तरार्धतिर प्रथमतः फ्रान्समा प्रकट भएको यथार्थवादको आधारभूमि समाज नै हो । हिप्पोली तेन पनि साहित्य सिर्जनाको कारण समाज नै ठान्दछन् । उनी साहित्यलाई कल्पनाको वैयक्तिक क्रीडा नठानी समकालीन रीति र आचरणको प्रतिलिपि मान्दछन् (स्विङउड ३२) । सामाजिक वस्तुपरकताको आग्रह नै यसको मूल ध्येय रहेको हुँदा सामान्यतः यथार्थवाद भन्नाले सामाजिक यथार्थवाद बुझिनुको कारण पनि त्यही हो । दर्शन, कला र साहित्यमा प्रचलित यथार्थवाद शब्द साहित्यमा सामाजिक यथार्थवादका रूपमा अभिव्यक्त भएको पाइन्छ । साहित्यमा यथार्थवादले सामाजिक यथार्थवादलाई अँगालेको हुन्छ (लुइटेल ३३९) । सामाजिक यथार्थवाद सैद्धान्तिक प्रतिमानका साथ समाजमा निहित रहेका वस्तुसत्यलाई इन्द्रियप्रत्यक्ष ज्ञानका आधारमा कलात्मक सौन्दर्य व्यक्त गर्ने विचार हो । समयानुसार युगजीवनमा परिवर्तित हुने सांस्कृतिक, भौगोलिक, आर्थिक, भाषिक एवम् सामाजिक सम्बन्धलाई निष्ठापूर्वक ग्रहण गरी तटस्थ द्रष्टाको भूमिका निर्वाह गर्ने सिद्धान्तलाई नै सामाजिक यथार्थवादका नामले चिनिन्छ । भौतिक जगत्को खोज-अनुसन्धानलाई प्रयोगात्मक र परीक्षणमूलक तथ्यमा विश्वास गर्ने र रचनात्मक सान्दर्भिकतामा विशेष ध्यान दिने काम यसमा हुने गर्दछ । सामजिक यथार्थवादी लेखकले सामाजिक जीवन र समाजका बिचमा अन्तःमूल्यका बिचको सम्बन्धलाई स्थापित गराउने प्रयास गर्दछ । सामाजिक यथार्थको पूर्ण ज्ञानका आधारमा रचनाकार यथार्थ चित्रका केन्द्रमा रमाउँछ भने वर्णित समाजको सौन्दर्यपूर्ण स्वरूप कलामा व्यक्त हुने गर्दछ ।

साहित्यिक आन्दोलनका रूपमा विकसित सामाजिक यथार्थवाद वस्तु, वर्ग, भूगोल र भाषाका मान्य चिन्तनबाट आख्यान क्षेत्रमा विशेष प्रभावी बनेको पाइन्छ । यो समयक्रमअनुसार सैद्धान्तिक चिन्तन ग्रहण गरेर आख्यानका क्षेत्रमा मौलिक चिन्तनका साथ समाहित हुँदै इन्द्रियप्रत्यक्ष हुने समाजका वस्तुयथार्थलाई व्यक्त गर्दा स्थापित भएको देखिन्छ । त्यसैले सामाजिक यथार्थवादलाई समाजका जटिलता उजागर गर्न सक्षम सैद्धान्तिक चिन्तनका रूपमा लिने गरिएको छ । यसरी स्थापित र विकसित भएको सामाजिक यथार्थवादका मूल स्वरूपका आधारमा यसका आधारभूत मान्यताहरू यहाँ प्रस्तुत गरिएको छ ।

सामाजिक यथार्थवादमा स्वच्छन्दतावादी अतिआत्मपरकता, अतिभावुकता वा अतिकाल्पनिकता, रहस्यात्मकता, आद्भुतिकता जस्ता अवस्तुवादी प्रवृत्तिहरूको टड्कारो विरोध गर्दै वस्तुपरकता, सामाजिकता, नियन्त्रित वा न्यून काल्पनिकता, वास्तविकता, सामान्यता जस्ता प्रवृत्तिहरूको अनुसरण गरिन्छ । यसमा स्वच्छन्दतावादी अमूर्तताको सट्टा मूर्तता, आवेग-संवेगको सट्टा बुद्धि-विवेक, अवचेतनको सट्टा चेतन, सुन्दरको सट्टा सत्य वा यथार्थ, अतिवैयक्तिकताको सट्टा निर्वैयक्तिकता, अन्तर्मुखीको सट्टा बहिर्मुखी, अतीतको गौरवको सट्टा वर्तमानको विद्रूपता जस्ता विपरीत तर वस्तुगत मान्यता पाइन्छन् । समाज र जीवनको यथार्थता एवम् वस्तुस्थितिको वास्तविकतालाई पूर्णतया इमानदारीका साथ चित्रण गर्ने तथा विषयवस्तुहरू यथार्थ र वास्तविक रूपमा जेजस्ता छन्, ठिक त्यस्तै रूपमा तिनको अङ्कन गरिएको हुन्छ (जोशी, कुमारबहादुर ६७१) । त्यसैले सामान्य जीवनका प्रतिरूपलाई स्थापना गर्ने अनि उसको समाज जीवनको इमानदारीपूर्वक वस्तुपरक चित्रण गर्नु सामाजिक यथार्थवादी लेखनको सबल मान्यता हो ।

सामाजिक यथार्थवाद वस्तुवादी चेतनामा आधारित हुने भएकाले यसमा अतिशय भावुकतामा रमाउने वर्गका चिन्तनलाई र अभिजात्य वर्गका गुणगान एवम् तिनका रूप-सौन्दर्यले समाजमा पार्ने प्रभावका विषयलाई कदापि स्वीकार गरिँदैन । समाजमा आर्थिक दृष्टिले पछाडि परेका निम्नवर्गका चरित्रलाई र तिनबाट प्रक्षेपण हुन आउने सत्यलाई कला सिर्जनामा प्रतिविम्बित गर्ने काम यसमा गरिएको हुन्छ । सामाजिक यथार्थवादले स्वकीय सत्ता स्थापनाका लागि सङ्कटग्रस्त जीवनले बेहोर्ने सम्बन्धपरक आधारलाई वर्गीय मान्यता बनाउँदछ । तसर्थ सामान्य मानसिकताका भरमा जीवनयापन गर्ने र निम्नवर्गको जीवनशैलीमा जीवन बिताउन बाध्य भएकाहरूको यथार्थ अङ्कन गर्नु नै सामाजिक यथार्थवादको वर्गीय मान्यता हो (मिश्र, शिवकुमार ११०) । त्यसैले सामाजिक यथार्थवादले समाजका पिछडिएका वर्गको दुःखद जीवनलाई विशेष महत्त्वका साथ चित्रण गर्ने हुँदा निम्न तथा निम्नमध्यम वर्गीय परिवारमा यो बढी केन्द्रित हुन्छ ।

सामाजिक यथार्थवाद सामाजिक जीवनसित घनिष्ट सम्बन्ध राख्ने चिन्तन हो । यसले परम्परादेखि अर्थिँदै आएका दैवीगुणसम्पन्न अदृश्य शक्तिलाई अस्वीकार गर्दछ र तिनका आचरण र विधिलाई पनि स्वीकार गर्दैन । समस्याग्रस्त समाजमा इन्द्रियप्रत्यक्ष हुने विषय र तिनको सामाजिक जीवनमा विचरण गर्नु सामाजिक यथार्थवादको सामाजिक मान्यता हो । यसले मूलतः समकालीन समाजको सङ्कटग्रस्त स्वरूपलाई प्रस्तुत गर्दछ । हर्बर्ड फास्टले

सामाजिक यथार्थ हिजो, आज र भोलिका लागि समान प्रवृत्तिको हुनुपर्छ भन्ने छैन भन्दै परिवर्तनशील समाजमा हिजो, आज र भोलिका प्रतिमान पूर्णतः अलग रहे पनि त्यहाँ यथार्थ भने रहिरहन्छ भन्ने मान्यता राखेका छन् (३७) ।

कुनै पनि समाजको वस्तु विश्वसनीय हुनका लागि सामाजिक, आर्थिक र भौगोलिक परिसीमा मुख्य कारण बनेका हुन्छन् । निश्चित सीमामा आबद्ध रहेका विशेषताहरूलाई ग्रहण गर्ने र तिनको प्रभावलाई सिर्जनामा प्रतिविम्बित गर्ने काम यस वादमा हुन्छ । सामाजिक यथार्थवादी कला सर्जकको प्रयास के रहेको हुन्छ भने आफूले संलग्न गराएका पात्र तथा घटनाहरू यथार्थ जगत्को प्रतिच्छाया बन्न सकून् र तिनको प्रभाव अमिट रहोस् (नगेन्द्र २१८) । यसले निश्चित भूगोलमा आश्रय लिने मानवको चरित्र जस्तो छ, ठिक त्यस्तै किसिमले प्रस्तुत गर्दछ । यस दृष्टिले आजका उपन्यासहरूलाई साँचो अर्थमा सामाजिक यथार्थवादी भन्ने आधार यसबाट नै प्राप्त भएको हो र भौगोलिक मान्यतालाई अपनाउने आधार र विषयमा सामाजिक यथार्थवादको विशेष जोड रहेको पाइन्छ ।

सामाजिक यथार्थवादले रचनामा स्वाभाविकता र विश्वसनीयता सिर्जनाका लागि स्थानीय रङ्ग, स्थानीय भाषा-शब्दावली, उच्चारण पद्धति, दृश्यावली र वातावरण समावेश गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । स्थानीय रङ र आञ्चलिकता शब्द परस्पर सम्बद्ध छन् र साहित्यमा आञ्चलिकता जीवनप्रतिको दृष्टिकोण हो भने स्थानीय रङ साहित्यलाई विश्वसनीय बनाउने एउटा महत्त्वपूर्ण पक्ष हो । स्थानीय रङको प्रयोगमा नै आञ्चलिकताले जीवन्तता प्राप्त गरेको हुन्छ । आञ्चलिकता र स्थानीय रङका बिचमा अन्तर रहेको हुन्छ । आञ्चलिक साहित्यमा पनि स्थानीय रङको प्रयोग भएको हुन्छ । आञ्चलिकताको व्यापकतालाई स्थानीय रङले समेट्दैन । स्थानीय रङ जुनसुकै उपन्यासमा पनि रहन्छ, तर त्यो सामान्य अवस्थामा हुन्छ, साधनका रूपमा हुन्छ भने आञ्चलिक उपन्यासमा स्थानीय रङ घनत्व भएर पोखिन्छ । यथार्थताको बोध गराउनका लागि पनि प्रायः उपन्यासमा स्थानीय रङको प्रयोग गरिन्छ । तर आञ्चलिकता स्थानीय रङभन्दा भिन्नै कुरा हो र आञ्चलिकता अञ्चल विशेषको यथार्थता र सत्यमा आधारित हुन्छ (सुवेदी, धनप्रसाद ४८) । आञ्चलिकता र स्थानीय रङ अलग अलग भए पनि स्थानीय रङको प्रयोगविना आञ्चलिकता सम्भव हुँदैन । यसले आञ्चलिक सन्दर्भमा स्थानीय रीतिरिवाज, मान्यता, परम्परा, आस्था, विश्वास र स्थानीय भाषाको उपयोग गर्दै प्राकृतिक वातावरण सृजना गर्ने प्रयास गर्दछ (भारद्वाज २२०) त्यसैले आञ्चलिक वैशिष्ट्यलाई सामाजिक यथार्थवादले विश्वसनीय अवस्थामा प्रस्तुत गर्दछ किनभने

यथार्थवादकै एउटा भेदका रूपमा आञ्चलिकतालाई पनि लिने गरेको पाइन्छ । तसर्थ यसमा वस्तुसत्य र तथ्यअनुरूप सामान्यभन्दा सामान्य घटना र महत्त्वहीन तथ्यको विस्तृत चित्रण गर्नुपर्ने कुरामा जोड दिइएको हुन्छ । यसरी सामाजिक यथार्थवादले स्थापित गरेका यिनै सैद्धान्तिक मान्यतामा टेकेर सामाजिकता, सामाजिक सम्बन्ध, सांस्कृतिक सन्दर्भ, वस्तुवादी चेतना, वर्गीय जनजीवनको प्रतिविम्बन, सङ्कटग्रस्त जीवनको प्रयोग, तथ्यको संयोजन, स्थानीय दृश्यसम्पादन, तत्कालीन सन्दर्भ, क्षेत्रीयता बोध, स्थानीय बोली, सामाजिक भाषिका, उखान र टुक्का जस्ता उपन्यास विश्लेषणका प्रतिमान निर्धारण गरिएका छन् ।

साामाजिक यथार्थवादी सिद्धान्तका परिप्रेक्ष्यमा सामाजिक यथार्थवादसँग सम्बन्धित अवधारणा, सामाजिक यथार्थवादका चिन्तक तथा विश्लेषकहरूका विचार, सामाजिक यथार्थवादका प्रमुखतम साहित्यिक प्रवृत्ति तथा अभिलक्षणका रूपमा रहेका 'स्थानगत दृश्य र समयगत स्पन्दनको यथातथ्य, समकालिक वा ऐतिहासिक सामाजिक सन्दर्भ, घटना र परिस्थितिको यथार्थता; वर्णनीय व्यक्ति र सामाजिक सम्बन्धको यथार्थ विवृति र कथ्य भाषा र भाषिकाको यथार्थता (त्रिपाठी ५१) जस्ता मान्यताका केन्द्रीयतामा रहेर दौलतविक्रम विष्टका उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थसँग सम्बद्ध शोधसमस्याको समाधानका निमित्त उल्लिखित प्रतिमानहरूको उपयोग गरेर विश्लेषण ढाँचा बनाइएको छ ।

### १.६.३ विश्लेषण ढाँचा

शोधप्रश्न (१) को विश्लेषणका लागि सामाजिकता, सामाजिक सम्बन्ध, सांस्कृतिक सन्दर्भ र वस्तुवादी चेतनालाई आधार बनाइएको छ । शोधप्रश्न (२) को विश्लेषणका लागि वर्गीय जनजीवनको प्रतिविम्बन, सङ्कटग्रस्त जीवनको प्रयोग र तथ्यको संयोजनलाई आधार बनाइएको छ । शोधप्रश्न (३) को विश्लेषणका लागि स्थानीय दृश्यसम्पादन, तत्कालीन सन्दर्भ र क्षेत्रीयता बोधलाई आधार बनाइएको छ भने शोधप्रश्न (४) को विश्लेषणका लागि स्थानीय बोली, सामाजिक भाषिका, उखान र टुक्कालाई आधार बनाइएको छ ।

## १.७ सीमाङ्कन

दौलतविक्रम विष्टका *मञ्जरी, एक पालुवा अनेकौँ याम, चपाइएका अनुहार, बिग्रिएको बाटो, थाकेको आकाश, भोक र भित्ताहरू, ज्योति ज्योति महाज्योति, हिमाल र मान्छे* र *फाँसीको फन्दा* गरी नौवटा उपन्यासहरू प्रकाशित छन् । यीमध्ये *चपाइएका अनुहार* उपन्यासमा दोस्रो विश्वयुद्धबाट उत्पन्न मानसिक त्रास र ह्रासोन्मुख मानवमूल्यको प्रस्तुतिमा

आधारित विसङ्गतिवादी चिन्तन र विशेष रूपमा अन्तर्राष्ट्रिय परिवेशको चित्रण भएको उपन्यासका रूपमा देखा परेकाले अनि *बिग्रिएको बाटो* तथा *थाकेको आकाश* उपन्यासमा सामाजिक विषयवस्तु पाइए पनि विसङ्गतिवादी चिन्तनकै प्रधानता देखिन गएकाले एवम् *फाँसीको फन्दा* उपन्यास ऐतिहासिक विषयमा आधारित भएकाले प्रस्तुत शोधमा यी उपन्यासहरूलाई अध्ययनका लागि समावेश नगरी सामाजिक यथार्थको सबल र सशक्त चित्रण भएका *मञ्जरी, एक पालुवा अनेकौँ याम, भोक र भित्ताहरू, ज्योति ज्योति महाज्योति* र *हिमाल र मान्छे* उपन्यासहरूको मात्र प्रस्तुत शोधमा अध्ययन गरिएको छ। यी उपन्यासहरूको पनि सामाजिक यथार्थवादमा स्थापित सामाजिकता, सामाजिक सम्बन्ध, सांस्कृतिक सन्दर्भ, वस्तुवादी चेतना, वर्गीय जनजीवनको प्रतिविम्बन, सङ्कटग्रस्त जीवनको प्रयोग, तथ्यको संयोजन, स्थानीय दृश्यसम्पादन, तत्कालीन सन्दर्भ, क्षेत्रीयता बोध, स्थानीय बोली, सामाजिक भाषिका, उखान र टुक्का जस्ता सैद्धान्तिक प्रतिमानका आधारमा मात्र विश्लेषण गरिएको छ।

## १.८ शोधप्रबन्धको रूपरेखा

यस शोध प्रबन्धको परिच्छेद विभाजनको रूपरेखा निम्नानुसार रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक संरचना

तेस्रो परिच्छेद : दौलतविक्रम विष्टका उपन्यासमा वर्गीय जनजीवन

चौथो परिच्छेद : दौलतविक्रम विष्टका उपन्यासमा भौगोलिक यथार्थ

पाँचौँ परिच्छेद : दौलतविक्रम विष्टका उपन्यासमा भाषिक विन्यास

छैटौँ परिच्छेद : सारांश र निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक संरचना

## २.१ विषयप्रवेश

दौलतविक्रम विष्टका उपन्यासहरू सामाजिक यथार्थवादमा आधारित छन् । उनका उपन्यासहरूमा तत्कालीन नेपाली समाजको यथार्थतालाई अभिव्यक्त गरिएको छ । यस परिच्छेदमा दौलतविक्रम विष्टका उपन्यासहरूमध्ये सामाजिक यथार्थवादी लेखनका दृष्टिले महत्त्वपूर्ण देखिएका *मञ्जरी, एक पालुवा अनेकौँ याम, भोक र भित्ताहरू, ज्योति ज्योति महाज्योति* र *हिमाल र मान्छे* उपन्यासमा पाइने सामाजिक संरचनागत यथार्थको अध्ययन गरिएको छ । त्यसका लागि सामाजिकता, सामाजिक सम्बन्ध, सांस्कृतिक सन्दर्भ र वस्तुवादी चेतना जस्ता सैद्धान्तिक प्रतिमानलाई आधार बनाइएको छ । यस क्रममा प्रथमतः यिनै सैद्धान्तिक आधारको परिचय प्रस्तुत गरी त्यसपछि विष्टका उपन्यासमा अभिव्यक्त सामाजिक संरचनामा वस्तुपरक चिन्तनको प्रयोग कसरी भएको छ तथा तिनमा सामाजिकता, सामाजिक सम्बन्ध र सांस्कृतिक सन्दर्भ केकसरी अभिव्यक्त भएका छन् भन्ने कुराको विश्लेषण गरिएको छ ।

## २.२ दौलतविक्रम विष्टका उपन्यासमा सामाजिकता

समाज एउटा संरचना हो । समाजका विभिन्न अङ्गहरू व्यवस्थित रूपमा संयुक्त भएर एउटा ढाँचाको रचना हुने गर्दछ । यसैलाई सामाजिक संरचना भन्न सकिन्छ । यो एउटा वृहत् संरचना हो । यसमा जाति, धर्म, संस्कृति, राजनीति, अर्थव्यवस्था, मूल्य मान्यता लगायत अनेकौँ एकाइहरूको गठन र तिनीहरूबिच सम्बन्ध रहेको पाइन्छ (सचदेव ८७) । यसै समाजिक संरचनाभित्रको एउटा पक्ष सामाजिकता हो भने औपन्यासिक समाजमा घटित हुने यिनै विभिन्न सामाजिक क्रियाकलापलाई नै सामाजिकता भनिन्छ । सामाजिक यथार्थवादी उपन्यासमा अधिकार, उचित व्यवहार, नियम अनि सम्पत्तिको खोजी गरिएको हुन्छ । अधिकारप्राप्त व्यक्तिसँग उचित व्यवहारको आकाङ्क्षा राखिएको हुन्छ किनभने नैतिक र अनैतिक विषयको किनारा लगाउने काम अधिकार प्राप्त व्यक्ति वा समाजले गर्दछ । कृत्रिमताविहीन अवस्थामा सदाचार, नैतिकता, मानवीय समवेदना र आचरणको खोजी गरिएको हुन्छ । सामाजिक मान्यताका विधिलाई समाजका सामान्य पात्रहरूले निर्वाह गरेको जीवनसित सम्बद्ध गर्दै कलामा स्थापना गर्नु सामाजिकताको विषय मानिएको छ । सामाजिक यथार्थवादी उपन्यासमा

लेखकले यसको उचित व्यवस्थापन गरेको पाइन्छ। सामान्य कृषि व्यवसायमा जीवन चलाउन विवश वा सहरका कुनाकाप्चामा रहेर दैनिक गुजारा गर्ने पात्रहरूको यथार्थको विश्लेषण गर्नु सामाजिकताको वर्ण्य विषय मानिएको छ । कतिपय अवस्थामा उच्च तहका मानिसहरूबाट भोगेका आहत परिस्थिति र समाजमा रहेका परम्परित मान्यताका आधारमा व्यक्तिले भोग्नु परेको यथार्थलाई यसमा उठाउने काम गरिएको हुन्छ । यसरी सामाजिक विषय र त्यसको सत्यापन गर्ने काम सामाजिक यथार्थवादी उपन्यासमा गरिने हुँदा विष्टका उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थलाई सामाजिकताका प्रतिमानबाट विश्लेषण गरिएको छ ।

### २.२.१ मञ्जरी उपन्यासमा सामाजिकता

*मञ्जरी* उपन्यासमा पुरुषप्रधान सामन्ती सामाजिक मानसिकताका माध्यमबाट सामाजिकतालाई प्रस्तुत गरिएको छ। किनभने तत्कालीन समयमा नारीको सामाजिक हैसियत कमजोर एवम् पुरुषसमान हुन नसकेका घटनाक्रम *मञ्जरी* उपन्यासमा व्यक्त भएका छन् । तत्कालीन सामाजिक व्यवस्थामा विधवा विवाहलाई मान्यता नभएको र नारीलाई भोग्याका रूपमा मात्र हेरिएको कुरा मञ्जरीका जीवनबाट पुष्टि भएको पाइन्छ । उपन्यासमा यस प्रकारको उपभोगवादी समाजको झलक देखाउने क्रममा नारीलाई मुख्य पात्र वा घटनाको केन्द्र बनाई सामाजिक अवस्थासित दाँजेर प्रस्तुत गरिएको छ र २००७ सालको सेरोफेरो वा सङ्क्रमणकालीन सामाजिकतालाई विषयगत भित्ति बनाउँदै त्यस समयको नारी समाजको सामाजिकतालाई समेत औपन्यासीकरण गरिएको छ। उपन्यासकार दौलतविक्र विष्टले *मञ्जरी* उपन्यासमा अभिव्यक्त राणाकालीन समयको नारी सामाजिकतालाई चित्रण गर्ने क्रममा त्यस समयको समाज पुरुषप्रधान रहेको चित्रण गरेका छन् । यसलाई पुष्टि गर्दै उपन्यासकारले लेखेका छन्- “तपाईं कान्छी आमा हुनुहुन्छ; तर घरका लोग्नेमान्छेसँग आज्ञा नलिईकन धर्मसभा फर्मसभामा जान पाउनहुन्न ।” यस अभिव्यक्तिमा परम्परागत नेपाली समाजमा रहेको पितृसत्तात्मक सामाजिकताको प्रस्तुति भएको छ । किनभने यसमा मञ्जरीका सौताने छोरा रामले मञ्जरीलाई घरका लोग्नेमान्छेको आज्ञा नलिईकन घरबाहिर मात्र होइन, धर्मसभामा समेत जान नपाउने आदेश दिएको छ । यसले लोग्नेमान्छे बाहिर जाँदा कसैको स्वीकृति लिनु नपर्ने तर महिलाहरूले भने लोग्नेमान्छेको अनुमतिविना घरबाहिर जान नपाउने लैङ्गिक विभेद देखाएको छ । यसबाट नेपाली समाजमा विद्यमान पितृसत्तात्मक सामाजिकताको पुष्टि भएको छ । यति मात्र होइन यसमा पितृसत्तात्मक राणाकालीन समाज र त्यसअन्तर्गतको नारी सामाजिकताको समेतको प्रस्तुति भएको छ ।

समाजमा उचित व्यवहारको अपेक्षा गरिएको हुन्छ । यस उपन्यासमा मञ्जरीलाई बाल विवाहिता र बालविधवा हुनु परेको र उसले पाएको वैधव्य जीवनको पीडाबाट नेपाली समाजमा नारीप्रति हुने विभेदलाई यथार्थ रूपमा देखाउने काम भएको छ । उसले आफ्ना सौतेनी छोरा तथा बुहारीबाट सहनु परेको अनुचित व्यवहार तथा आरोप उपन्यासमा प्रमुख समस्या बनेको देखिन्छ । दाइ शङ्करले पठाएको पत्रलाई कुनै गुप्त प्रेमीले पठाएको पत्र भनी शङ्का गर्नु, कैलासले स्थापित गरेको धर्मसभामा जाँदा छाडा भएको आरोप लगाउनु तथा बलरामले उसमाथि कुदृष्टि लगाउनु यस कुराका साक्ष्य हुन् । यसरी प्रस्तुत उपन्यासमा घर तथा समाजले मञ्जरीलाई नारी भएकै कारण गरेको न्यायिक अधिकार हननको विषयबाट उपन्यासमा नारी सामाजिकता प्रकट भएको छ ।

प्रस्तुत उपन्यासमा मञ्जरीको परिवारभित्र पनि अरूलाई दुःख दिएर रमाउने मनोवृत्ति पाइन्छ । *मञ्जरी* उपन्यासको पात्र भामाले आफ्नो चोलो आफैँ लुकाएर मञ्जरीलाई चोरीको आरोप लगाउनु, बलरामले रातको अँध्यारामा एकान्त स्थल पारेर आफ्नै सौतेनी विधवा आमा मञ्जरीलाई शृङ्गारको बट्टा दिनु र एक्लै भेट्न खोज्नु तथा गुप्त पति राखेको जस्ता नाना थरी आरोप लगाएकाले घरभित्रै पनि नारी असुरक्षित भएको हुँदा उसमाथिको शोषण, अन्याय, अत्याचार पुष्टि भएको छ । यस्तै सेती विमला जस्ता नारीहरूले आर्थिक अभावका कारण यौन शोषण सहनु परेको छ । यसरी नारीमाथि हुने विभेदबाट उपन्यासमा नारी सामाजिकता अभिव्यक्त भएको छ ।

विवेच्य उपन्यासमा परम्परित र आधुनिक चिन्तनमाथिको वहस कैलास र प्रचण्डबहादुरका माध्यमबाट प्रस्तुत गरिएको छ । उपन्यासको पूर्वार्धमा कैलासले नेपाली समाजमा परम्परादेखि चलिआएका सामाजिक चालचलनलाई यथावत् राख्नुपर्ने विचार प्रस्तुत गर्दै रामायण, महाभारत, गीता र पुराणमा उल्लेख भएका आदर्शका विषयलाई उठाउँदै नेपाली समाजलाई चरित्रवान् बनाउन जोड दिएको छ । ऊ आधुनिक समाज निर्माणका नाममा समाजमा भएको व्यवस्थालाई बिगार्न नहुने चिन्तनमा अडेको हुँदा परम्परित नेपाली सामाजिक मान्यताले पनि उपन्यासमा स्थान पाएको छ । प्रचण्ड बहादुरले भने राजनीतिमा आएको परिवर्तनलाई पछ्याउनु पर्ने कुरामा जोड दिएको छ । तर कालान्तरमा कैलासमा पनि वैचारिक विचलन देखा परेको हुँदा ऊ भन्छ- “म पनि प्रगतिशील बन्न चाहन्छु (३५३) ।” सम्बद्ध भनाइमा रहेको कैलासको चिन्तनबाट नेपाली समाज सामाजिक तथा सांस्कृतिक दृष्टिले सङ्क्रमण अवस्थामा रहेको पुष्टि गरेको छ । समय र समाजको गति आफैँमा बलवान् हुने र

यसले समाजका सबै खाले मानिसहरूका चिन्तनलाई बढारेर आफूमा समाहित गर्ने यथार्थ उपन्यासमा उल्लेख गरिएको छ । यसरी उपन्यासको अन्त्यतिर कैलासमा पनि जातिपाती, छुवाछुत, विधवा विवाह अनि धर्म जस्ता कुरामा आएको परिवर्तनले नेपाली समाज परिवर्तनका दिशामा अग्रसर भएको पुष्टि गरेको छ ।

कैलासले विधवा मञ्जरीसँग विवाह गर्न खोजेको भए पनि आमाले छोराको इच्छानुसार विवाहको स्वीकृति नदिएको सामाजिक यथार्थ उपन्यासमा आएको छ । तत्कालीन सामाजिक विधि विधान यस कुराको बाधक भएको चित्रण उपन्यासमा गरिएको छ । त्यसैले कप्तान्नी मखना तथा उसका ज्वाइँ प्रचण्ड बहादुर कैलासले मञ्जरीसँग विवाह गर्न नहुने पक्षमा रहेका छन् । किनभने तत्कालीन सामाजिक मान्यताअनुसार विधवालाई पुनर्विवाह गर्ने अधिकार नभएको देखिन्छ । त्यसैले आर्थिक रूपमा सम्पन्न तथा कन्या केटीसँग उसको विवाह हुनुपर्ने कुरामा उनीहरूको जोड रहेको छ । तर अन्त्यमा शङ्करको प्रगतिशील चिन्तनबाट प्रभावित बन्न पुगेका कैलास तथा परिस्थितिका कारण कप्तान्नी मखनाले पनि विधवा मञ्जरीसँग छोराको विवाहका लागि तयार हुनु परेको छ । आजको युगमा विधवा-विवाहलाई सबैले चलाउनु पर्छ र यस विषयमा जातपातको बनधन रहन दिनु हुँदैन भन्ने रत्नध्वज जोशीको यस भनाइले यस कुराको पुष्टि गरेको छ (२५७) । यस प्रकार उपन्यासको अन्त्यमा मञ्जरीको कैलाससँग विवाह भएको छ र समाजमा नारी अधिकार स्थापित गर्नेतर्फ उपन्यास केन्द्रित देखिन्छ । यसरी उपन्यासमा तत्कालीन नेपाली सामाजिकताको अध्ययनका माध्यमबाट नेपाली समाजमा विद्यमान सामाजिक यथार्थको अभिव्यक्ति भएको छ ।

### २.२.२ एक पालुवा अनेकौँ याम उपन्यासमा सामाजिकता

*एक पालुवा अनेकौँ याम* उपन्यासमा नेपाली समाजमा नारीहरू सङ्घर्षशील भएको यथार्थ सङ्केत गरिएको छ । यसमा अधिकारका लागि समाजमा लडाइँ लड्नु अनिवार्य भएको सामाजिकता व्यक्त भएको छ । लामो समयसम्म विविध जटिल परिस्थितिका कारण आर्यसमाजको आश्रममा रहेर कलेजस्तरसम्मको शिक्षा हासिल गरेकी तथा अत्यन्त दृढ स्वभावकी ताराले समाजका हरेक क्षेत्रमा नवीनताको आकाङ्क्षा राखेको पाइन्छ । हरेक क्षेत्रमा नवीनताको आह्वान गर्ने वा “मेरो प्रयोजन हो नवीनतालाई आह्वान गर्नु र हरेक पुरानो आवाजलाई मेटिदिनु (१४४)” भन्ने ताराको दृढोक्ति सस्तो भावुकतामा आधारित देखिँदैन । यस्तो विचार तद्युगीन चरम अनुदार समाजमा उसले विकल्पविहीन भई निर्माण गरेको सिद्धान्तको रूपमा उपन्यासमा आएको छ । उसका पूर्वार्ध जीवनका व्यथाले त्यसैलाई स्पष्ट

पारेको छ । यसबाट राणाको हुकुमी शासन र त्यसका मतियारहरूले विकास गरेको चरम शोषण, दमन र उत्पीडनकै जगमा समान्नान्तर रूपमा विद्रोहको स्वर सङ्गठित बन्दै गएको परिप्रेक्ष्यमा उपन्यासमा सामाजिक यथार्थता उजागर भएको छ ।

प्रस्तुत उपन्यास नारी समस्या प्रधान बनेको हुँदा चरित्र पनि पुरुषको भन्दा नारीको अझ सशक्त देखिएको छ। यस उपन्यासका महत्त्वपूर्ण नारी पात्रहरू आत्मसम्मानका भावनाले भरिएका छन् । जेठकी मालकिनीले जस्तै विपत्ति आइलागे पनि कसैको दयामा बाँच्न नचाहनु र दया भन्ने कुरालाई साह्रै घृणा गर्दै आफ्नो मृत लोग्नेले नरेन्द्रसँग लिएको ऋणसमेत चुक्ता गर्न खोज्नु उसको नारी स्वाभिमान हो। त्यसैले उसको व्यक्तित्वका अगाडि रामलखन पटुवारी बाघलाई देखेर बाँदर नुहेझैँ भएको छ । यसमा जेठकी मालकिनीको परिस्थितिवश उत्पन्न गरिबीले गर्दा उसप्रति ऱ्याले दृष्टि राख्ने व्यक्तिलाई उसको जबाफले नराम्रोसँग आक्रान्त तुल्याइदिएको घटनाबाट पनि नारीको सशक्त चरित्र प्रदर्शित भएको छ । यस्तै उपन्यासमा कल्पनाले निर्घिनी नरेन्द्रलाई दिएको मुखभरिको ओठे जबाफ र आफ्नो अस्मिता लुट्न खोज्दा खाटबाट भुँइमा बजारिदिएको घटनाबाट उपन्यासमा अर्को नारी चरित्रको स्वाभिमान प्रदर्शन भएको छ । यसै विषय सम्बन्धमा कल्पनाले कमलसँग भनेको अभिव्यक्ति यस्तो रहेको छ- "अपमानको गाँस पनि त मीठो हुँदैन नि ठूलो बाबु ! बाँच्ने नै हो भने कुकुरझैँ के बाँच्नु (१८९) ।" सम्बद्ध भनाइले नारीहरू परम्परा तथा धर्मका नाममा सधैँ पुरुषका दासी भएर मात्रै होइन आफ्नो अस्मिताका लागि अगाडि आउन सक्छन् भन्ने कुरा पुष्टि गरेको छ । लिचुमैयाँ पनि लोग्नेको दयामा बाँच्न नचाहेको हुँदा उसले कमलसँग व्यक्त गरेको भनाइ यस्तो छ- "मलाई चाहिएको छैन दया, मैले त सम्झिएकी थिएँ हजुर मलाई माया गरिबक्सिन्छ भन्ने । के गर्नु, नर्क खाएको बुद्धि मेरो । यस्तो जानेकी भए...! त के गर्थ्यौं ? आफै सुम्पुवा हुन जान्थेँ (२९३) ।" सम्बद्ध कथनमा लिचुमैयाँका माध्यमबाट नारी स्वाभिमान देखाउन खोजिएको प्रतीत हुन्छ किनभने उसलाई लोग्नेको दयामा बाँच्न नचाही आत्महत्या गरेर समाप्त भएकी नारीका रूपमा देखाइएको छ । उपन्यासमा आएका सम्बद्ध विषयबाट नेपाली समाजमा नारीहरू सङ्घर्षशील भएको वस्तुगत यथार्थको सङ्केत गरिएको छ र नारीहरूले अधिकारका लागि समाजमा लडाइँ लड्नु अनिवार्य भएको सामाजिकता व्यक्त भएको छ ।

परिवार र समाजबाट प्राप्त हुन नसकेको उचित व्यवहार सामाजिकताको मुख्य कडी मानिन्छ । यस उपन्यासमा कल्पनाका सौतेनी आमा र दाजुहरूले कल्पनाका नाममा भएको घरवास आफ्ना नाममा तुल्याउने र उसलाई पैसाको लोभले वृद्ध विधुरसँग बेचिदिने काम

गरेको देखिन्छ । यता नरेन्द्रले छोराको फोटो देखाएर उसैसँग बिहा गरिदिने भनी आफ्नो तिर्सना मेट्न कल्पनालाई भित्र्याउँछ तर कल्पनाको टड्कारो प्रतिरोधका कारण सफल नभएपछि उसलाई जेलमा सडाउन विपन्न गङ्गा नूनियालाई पैसा दिएर नाठो सिद्ध गर्दै नरेन्द्रले कल्पनालाई विक्षिप्त तुल्याई जेलमा सडाउने काम गरेको छ । यसरी प्रस्तुत उपन्यासमा कल्पनालाई माइतीबाट बेचिनु परेको परिस्थिति एकातिर छ भने अर्कातिर उसले आफ्नो कर्म घरमा पनि विभिन्न आरोपको सामना गर्नु परेको र जेल जीवनसम्म बिताउनु परेको अवस्थाले गर्दा उसप्रति परिवार र समाजबाट उचित व्यवहार नभएको पुष्टि भएको छ । सम्बद्ध विषयबाट उपन्यासमा सामाजिकता प्रकट भएको छ । यस्तै तारा सात वर्षमै विवाहिता भएर दश वर्षको हुँदा गर्गहनाले सजिएर सासूससुरासँग कुम्भ मेला नुहाउन जाँदा सन्न्यासी भेषधारी डाँकाहरूको अपहरणमा पर्नु, आर्यसमाजी प्रोफेसरद्वारा उद्धार गरिए पनि उसका आफन्तहरूको सम्पर्कका अभावमा छ वर्षसम्म आर्य समाजी आश्रममै बिताउनु र पछि घर आउँदा उसका सासू-ससुराले छ वर्षसम्म हराएको भनेर घर भित्र्याउन अस्वीकार गर्नु जस्ता सामाजिक पक्षहरू उपन्यासमा देखा परेका छन् । यता कमलले लिचुमैयाँसँग प्रेम गरेर विवाह गर्नु, विवाहपश्चात् जारपुत्रका कारण यी दुईका बिचमा खटपट सुरु हुनु र माया नगरेका कारण उसमा असन्तुष्टि देखिनु अनि उसले दयाको होइन, मायाको अपेक्षा गरेको छु भन्नु जस्ता सामाजिक विषयको प्रस्तुति उपन्यासमा भएको छ । कमलले आफ्नो कुल बिगारेको भन्दै लिचुमैयाँलाई घृणा गरेकामा उसले त्यसो गर्नुभन्दा बरु आफूलाई जेलमै सुम्पिदिन आग्रह गरेको छ । यसरी उपन्यासमा कल्पना, तारा र लिचुमैयाँ जस्ता नारीमाथि भएका पारिवारिक तथा सामाजिक अन्याय, अत्याचार र विभेदबाट उनीहरू पीडित हुनुपरेको नारी सामाजिकतालाई देखाइएको छ ।

### २.२.३ भोक र भित्ताहरू उपन्यासमा सामाजिकता

*भोक र भित्ताहरू* उपन्यासमा नेपाली गाउँले तथा सहरिया समाजको तत्कालीन यथार्थ अभिव्यक्त भएको छ । परम्परित धार्मिक, सांस्कृतिक चलनलाई उपन्यासमा समावेश गर्दै जाँदा साधारण कृषि व्यवसायसँग जोडिएको जीवन निर्वाह गर्ने नेपाली गाउँले समाजका मानिसहरूलाई धार्मिक आस्थाका आधारमा जायजेथाले खेप्ने जति रकम धर्मका नाममा खर्च गराएर सम्पत्ति हडप्ने परिपाटीलाई देखाइएको छ । उपन्यासमा माहुरी साहुले ऋण असुल्ने नाउँमा चन्द्रेको सम्पत्तिको नाममा रहेको जम्मा एउटा ब्याउने भैँसीसमेत आफैँले लगेको कार्यबाट सोही कुराको पुष्टि भएको छ । समाजका उच्च वर्ग ठानिएका साहु, महाजनहरूले

न्याय आफ्नो हातमा लिएर कसरी दुःख दिएका छन् र सर्वसाधारणलाई कसरी बनवासी बनाएका छन् भन्ने विषयको यथार्थ चन्द्रे र हर्केका माध्यमबाट उपन्यासमा प्रस्तुत गरिएको छ । त्यसैले तत्कालीन समाजमा सामाजिक व्यवहारका नाममा हुने गरेका शोषण, अन्याय र त्यसको यथार्थ यसमा सामाजिकताका रूपमा व्यक्त भएका छन् ।

प्रस्तुत उपन्यासमा समाजको वर्गीय जीवनको यथार्थ प्रस्तुत गरिएको छ । हर्के साहिँला वर्गीय दृष्टिले निम्न वर्गीय चरित्र देखिन्छ । ऊ गाँसवास पनि नभएको पाटीमा गुजारा गर्नुपर्ने अत्यन्त सोझो मानिस भएको हुँदा अरूको उक्साहटमा चोरी कार्यमा संलग्न भई सोह्र वर्ष जेल जीवन बिताएर घर आउँछ । वास्तवमा हर्केले परिबन्दमा परेर चोरीको अभियोगमा जेल सजाय भोगे पनि वास्तवमा ऊ चोरी कार्यलाई घृणा गर्ने पात्र देखिन्छ । चन्द्रे र जुनेलीले भने पेट पाल्नकै लागि काम खोज्दा पनि नपाएपछि चोरी कार्य गरेर भए पनि जीवन निर्वाह गर्नुपर्ने बाध्यात्मक अवस्था तथा कहिल्यै भोकै पनि रात बिताउनु पर्ने स्थिति भोगेको देखिन्छ । यस प्रकारको बेसहारा भई दयनीय जीवन निर्वाह गर्दै आएका वर्गको वर्गीय जीवनको प्रस्तुतिबाट उपन्यासमा वर्गीय सामाजिकताको अभिव्यक्ति भएको पाइन्छ ।

समाजको वास्तविक स्वरूप छायाचित्रका रूपमा सिर्जनामा अभिव्यक्ति हुनु सामाजिक यथार्थवादको वस्तुनिष्ठ आधार मानिएको छ । गतिमान् समयमा समाजमा क्रियाशील पात्रहरूले चरित्रलाई स्थापित गर्न सहयोग गरेको पाइन्छ । यसमा गाउँको सामन्ती शोषणका कारण चन्द्रेका बाबुआमाको दुःखद मृत्यु र चन्द्रेको बिचल्लीपूर्ण अवस्था देखाइएको छ अनि सहरमा खाते बालबालिका जस्ता बनेका चन्द्रे र जुनेलीको टिठलाग्दो स्थितिलाई पनि मूल सन्दर्भ नै तुल्याएर प्रस्तुत गरिएको छ । आमाबाबुविहीन भई टुहुरा बनेका चन्द्रे र जुनेलीले गाईवस्तुको गोठालो बस्ने, घर निर्माण गर्ने, ठेला धकेल्ने जस्ता कुनै पनि श्रममूलक काम पाएको देखिँदैन । कुल्ली काम गर्छु भन्दा पनि ठेकेदारले उनीहरूलाई अपमानपूर्वक अरूको भन्दा तीन चौथाई कम ज्याला दिने जनाएको छ । काम थोरै मान्छे धेरै हुँदा "मान्छेको भाउ सागपातको भन्दा पनि साह्रैसाह्रै तल्लो भैसक्यो (१३०)" भन्ने अनुभूति जुनेलीलाई भएको छ । समाजमा मानवीयता भन्ने कुरा समाप्त नै भैसकेको देखाइएको छ । सम्पन्नले विपन्नलाई मानिस नै नठान्ने, उनीहरूलाई आफ्नो आडमै पर्न नदिने, गल्लीका लुते कुकुरलाई झैँ छिः छिः र दुरदुर गर्ने वा फोहरी कीरो जस्तो ठान्ने गरेको देखिन्छ । यस्तो अवस्थाप्रति लेखकीय आक्रोश यसरी व्यक्त भएको छ–

> त्यस किसिमका गँगटे आँखाबाट उनीहरू त त्यसरी नै छिः छिः दूर-दूर गर्दै धपाइन्छन् जसरी धपाइन्छन् गल्लीका लूते कुक्कुरहरू । ती आँखामा त उनीहरू मान्छेका रूपमा अटाउँदै अटाउँदैनन् । अटाइरहेका छन् त यौटा कीराको रूपमा, त्यो पनि यस्तो कीराको रूपमा जसलाई देख्नेबित्तिकै या त चिम्टाले समातेर मिल्काइन्छ या त जुत्ताले कुल्चिएर मारिन्छ । ती गँगटे आँखासँग नै आक्रोश छ उनीहरूलाई । तर त्यो आक्रोशको अर्थ नै के जुन आक्रोशले यौटा छुसी पातसम्म पनि हल्लाउन सक्तैन भने । तर आक्रोशको इतिहासमा त धेरै धेरै कुरा लेखिएको छ । आक्रोशको इतिहासले आजादीको कथा पनि बुनेको छ र यौटा नयाँ रचनाको कथा पनि जन्माएको छ । तर उनीहरू जस्ताको आक्रोशले त स्वयम्लाई नचाउने मच्चाउने र थच्चाउने मात्र गर्दछ (८५) ।

प्रस्तुत अभिव्यक्तिमा चन्द्रे र जुनेलीले मान्छे भएर मान्छेका रूपमा बाँच्न नपाएको अवस्थालाई देखाइएको छ । समाजद्वारा उनीहरू तिरस्कृत भएका छन् र समाजका आँखामा उनीहरू मानवका रूपमा होइन, पशुका रूपमा हेरिएका छन् । त्यसैले उनीहरूको यस्ता आँखासँग सशक्त आक्रोश भए तापनि तिनका विरुद्ध विद्रोह गर्न भने सकेका छैनन् । यद्यपि आक्रोशको आफ्नै इतिहास भएको र यसले आजादीको इतिहाससमेत लेखेको चर्चा गर्दै यसमा मानवतावादी जीवनदृष्टि प्रस्तुत गरिएको छ । यस खाले सामाजिक विभेदले निम्त्याएका विषम परिस्थितिका माध्यमबाट उपन्यासमा सामाजिक यथार्थ अभिव्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा अरूलाई दुःख दिएर समाजमा आफू रमाउने सामन्ती मनोवृत्तिको यथार्थको पनि खोजी गरिएको छ । उपन्यासमा जगतेले यसको प्रतिनिधित्व गरेको पाइन्छ । उसले हर्के जस्ता सुधा मानिसलाई आर्थिक प्रलोभनमा पारी चोरी गर्न उक्साएर जेलमा फसाई आफ्नो भलो गर्न चाहने समाजको प्रतिनिधि पात्रका रूपमा भूमिका खेलेको छ । हर्के सोह्र वर्ष जेल परेपछि जगतेले झुने र जुनेको यौन शोषण गरेको छ । तसर्थ यसमा जगतेका माध्यमबाट अरूको शोषण गरेर आफू अगाडि आउन खोज्ने चरित्रलाई देखाइएको छ ।

### २.२.४ ज्योति ज्योति महाज्योति उपन्यासमा सामाजिकता

*ज्योति ज्योति महाज्योति* उपन्यासमा समाज र जीवनका अनेक आयामहरू उद्घाटित भएका छन् । समाज र जीवनका यस्ता अनेकन् आयाम उद्घाटन गर्न यसले थुप्रै घटनाप्रसङ्ग र चरित्रहरूलाई आफूमा समेटेको छ । उपन्यासको मूल विषयवस्तु घाइते शङ्कर, प्रजाम्बी

र दिनानाथमा केन्द्रित भए पनि परशु, गजराज, सुभद्रा, सुब्बा होमप्रसाद जस्ता पात्रका क्रियाकलाप सहायक कथावस्तुका रूपमा आएका छन् । यस्तै पशुपतिका भट्ट, खडानन्द जैसी, राजभाइ, चट्टुकाजी, निर्देशक शाह, व्याँखाचा, निरन्जन, सुमित्रा, धनीराम, जयराम, आनन्दनाथ, ग्वारामरी, कृष्णलाल वैद्य, अघोरी साधु आदि पात्रका क्रियाकलाप जीवन र समाजगत अलग अलग यथार्थ भइदिएका छन् । सामाजिक भित्तिमा उभिएको प्रस्तुत उपन्यासमा टुक्रा टुक्रा समाजका माध्यमबाट नेपाली समाज देखाउने काम गरिएको छ ।

प्रस्तुत उपन्यासमा समाजको रूपमा नेपालको पूर्व, पश्चिम, उत्तर, दक्षिण सबै क्षेत्र परेका छन् (बराल, २७५) । यसमा एकातिर कामको खोजमा उत्तरतिर लागेका गजराज बाजेले भोगेको दृश्य र अनुभवमार्फत हिमाली भेगको गरिबी, अशिक्षा, भोकमरी र आर्थिक विषमताको चित्रण गरिएको छ भने अर्कोतिर खडानन्द जैसी र 'अ' साहुको कथाले त्यस ठाउँको सामाजिक जीवनको आर्थिक पक्षको जानकारी गराएको छ । त्यस्तै गरेर सेतीखोलाको दोभानको समाजमार्फत त्यहाँको आर्थिक, राजनीतिक र सांस्कृतिक स्थितिको चित्रण गरिएको छ । तर पनि प्रस्तुत उपन्यासको मूल समाज काठमाडौँकै समाज हो । त्यसमा पनि काठमाडौँको पाशुपत क्षेत्र वरपरको समाजलाई केन्द्रमा राखेर यसमा त्यहाँको सामाजिक गतिविधिको प्रस्तुति गरिएको छ । उपन्यासमा तीन वर्षकी नहुँदै आमा मरेर टुहुरी भएकी प्रजाम्बी हजुरबुबा कविराज दिनानाथको संरक्षणमा हुर्किएर सातै वर्षमा बाबु नभएको टुहुरो शङ्करसँग लगन गाँठोमा बाँधिएको, बिहा भएको वर्ष दिन नहुँदै सासू सीतादेवीको निधन भएपछि शङ्करका जेठाबा सुब्बा होमप्रसादको आश्रयमा बस्ने क्रममा एकदिन जेठाबाको पिटाइबाट आत्तिएर शङ्कर घरबाट भागेर कहिल्यै नफर्किएको, त्यसपछि प्रजाम्बी माइतीमै फर्किई पुनः दिनानाथसँग बस्न थालेको, उनकै सान्निध्यमा रहेर पशुपतिको पूजापाठ गरेको, स्कुलमा पढेको, उनैसँग आयुर्वेदिक उपचार पद्धति सिकेर मानिसहरूको उपचारमा सहयोग गरेको, धेरै समयपछि एकदिन हातमा शङ्कर लेखेको विक्षिप्त प्रकृतिको घाइते मानिस उपचारका लागि ल्याइएको र प्रजाम्बीले उसको उपचार चाख लिएर गरेको, उसको उपचारमा मन दिएकी प्रजाम्बीले उसमा आफ्नै लोग्नेको अनुहार देख्न थालेको र दिनानाथले पनि त्यही कुरा ठानेको जस्ता सामाजिक विषयवस्तु उपन्यासमा सामाजिकताका रूपमा प्रस्तुत भएका छन् । उपन्यासको मूल विषय यसै विषयमा आधारित रहेको छ र नेपाली समाजमा हुने यस प्रकारका समस्याले समाजको जुनसुकै कुनामा पनि अधिकार प्राप्त व्यक्तिबाट अर्काको अधिकार हनन

हुने गरेको र उचित व्यवहार नभएको कुरा शङ्करका जेठाबा सुब्बा होमप्रसादको उसप्रतिको व्यवहारबाट उपन्यासमा सामाजिकताको अभिव्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा सुब्बा होमप्रसादका छोराबुहारीका जीवन पद्धतिका माध्यमबाट सामन्ती नेपाली समाजको वास्तविक स्वरूप उतार गरिएको छ । उच्चवर्गीय समाजका छोराछोरीहरू कुलतमा फसेर नसालु पदार्थ सेवन गर्दै हिँड्ने र तास खेलेर बस्ने गरेका जस्ता कुलतमा फसेको वस्तुगत यथार्थलाई पनि उपन्यासमा प्रस्तुति गरिएको छ । यस्ता छोराबुहारीहरूले पैतृक सम्पत्तिलाई ताकेर त्यसैको प्राप्तिका लागि मात्र आमाबाबुको देखावटी सेवा तथा व्यवहार गर्ने गरेको यथार्थ पनि उपन्यासको कथ्यबाट प्रस्ट भएको छ र यसमा उच्च वर्गीय सामाजिक आर्थिक संरचना र त्यसले पारिवारिक जीवनमा उत्पन्न गरेको विकृत र विसङ्गत सामाजिकताको प्रस्तुति भएको छ । यस्तै शङ्कर घर छोडेर बेपत्ता भएपछि उसको ठुलो बुबा सुब्बा होमप्रसादले लोकलाज छोप्न केही समय उसको खोजीनिती गरे पनि त्यसलाई निरन्तरता दिएको भने पाइँदैन । बुहारी प्रजाम्बीलाई दसैँमा टीकासमेत नलाइदिएर घरमा आउने र बस्ने वातावरण नभएको तर भाइ-भतिजाको अंश आफ्ना छोराहरूका नाममा सार्दै गएको जस्ता पारिवारिक अन्तर्कलहका विषयका माध्यमबाट उपन्यासमा नेपाली सामाजिकताको यथार्थ चित्रण भएको छ । यस सम्बन्धमा उपन्यासकार विष्टले लेखेका छन्- “आजभन्दा भोलि, भोलिभन्दा पर्सि भत्किदै गएको परम्परागत ध्यान-धारणा पुड्को हुँदै गएको चलन चाँदोको कुरालाई लिएर भित्रभित्रै साह्रै साह्रै ज्वरग्रस्त भएका थिए उनी (३११) ।” यस भनाइले उपन्यासमा परम्परागत सामाजिक सम्बन्ध बदलिँदै गएको कुरातर्फ सङ्केत गरेको छ । यसैको परिणामस्वरूप नयाँ मूल्यमान्यता विकसित भएर उपन्यासमा सोहीअनुरूप सामाजिक यथार्थले नयाँ दिशा लिएको कुरा अभिव्यक्ति भएको छ ।

विवेच्य उपन्यासमा नेपाली समाजका यथार्थ चित्रण गर्ने क्रममा उच्चवर्गका मानिसहरूले समाजको तल्ला तहसम्म विकृति फैलाउने गरेको विषयलाई प्रस्तुत गरिएको छ। त्यसका लागि औपन्यासिक पात्र निरञ्जनले रक्सी पिएर हिँड्ने गरेको तथा सुभद्रा बजैलाई आर्थिक प्रलोभनमा पारेर उनीमाथि कुदृष्टि राखेको पाइन्छ । यस प्रकार उपन्यासमा एकातिर यस प्रकृतिका विकृत सामाजिक पक्षलाई वस्तुगत रूपमा स्थान दिइएको छ भने अर्कोतर्फ उमेर अवस्था पुगेर पनि पारिवारिक अहम्‌का कारण छोरीको समयमा विवाह नगरिदिनु, कुलतमा लाग्दा पनि परिवारका मानिसहरूले सचेत नगराउनु र सामाजिक मर्यादा विपरीत

काम गर्दा पनि त्यसलाई भित्रभित्रै दबाएर राख्ने गरेका विषयको उपस्थितिबाट उपन्यासमा विसङ्गत सामाजिकता अभिव्यक्त भएको पाइन्छ ।

प्रस्तुत उपन्यासमा समाजमा ठगी गर्नेहरूको ठुलो जमात रहेको उल्लेख गरिएको छ। उपन्यासमा तत्कालीन समयका मानिसहरू विभिन्न प्रकारले राज्यलाई ठग्न तल्लीन भएको देखाइएको छ । राजनीति सेवाका लागि भन्दा आर्थिक उपार्जन गर्ने साधन हो भन्दै जसरी पनि सत्तामा पुग्ने र आर्थिक अनियमितता गर्ने प्रवृत्तिलाई उपन्यासमा देखाइएको छ । राजनीतिक अव्यवस्थाका सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "आज भोलि ऊसँग पैसाको छेलोखेलो छ । त्यसैले रा.पं.स.को चुनाव लड्ने तयारीमा छ ऊ (३४०) ।" सम्बद्ध विषयबाट राजनीति पैसाका भरमा गरिने प्रचलन हिजो थियो, आज छ र यसलाई नरोक्ने हो भने भोलि पनि रहिरहने सामाजिकता यसमा व्यक्त भएको छ । यस्तै सुभद्रा बजैले आफ्नो र आफ्ना परिवारको पेटको आगो निभाउन विभिन्न व्यक्तिसँग साइनो गाँसेर त्यस्ता व्यक्तिलाई धनीमानीकहाँ लगी आर्थिक लाभका लागि नोकरी लगाइदिने गरेको यथार्थबाट उपन्यासमा सामाजिकता व्यक्त भएको छ। यस आधारमा उपन्यासले सामाजिक यथार्थतालाई वरण गरेको पाइन्छ। यसरी उपन्यासमा समाजका मानिसहरूमा सामाजिकता ह्रास भएको कुरा उपन्यासमा सुभद्रा जस्ता पात्रका माध्यमबाट प्रतिविम्बित भएको छ ।

प्रस्तुत उपन्यासमा शैक्षिक क्षेत्रका विकृति विसङ्गतिलाई पनि समेटिएको छ । यसमा गजराज बाजेले स्याङ्जाको सेती दोभानको विद्यालयमा पढाउने क्रममा विद्यालयले आयोजना गरेको वार्षिकोत्सव कार्यक्रममा रक्सी सेवन नगरेका कारण जागिर गुमाउनु परेको निर्मम यथार्थलाई देखाइएको छ । शैक्षिक क्षेत्रमा इमानदार र योग्य व्यक्तिलाई स्थान दिनेभन्दा नातावाद कृपावादलाई प्रश्रय दिइनुका साथै राजनीतिक पुर्वाग्रह जस्ता अन्य अस्वस्थ पक्षमा जोड दिएको देखिन्छ । यस्तै नेपाली विषयलाई हेलाका दृष्टिले हेर्ने र उक्त विषय जुनसुकै विषय पढेका वा योग्यता नै नपुगेका शिक्षकले पढाए पनि हुने चिन्तन प्रस्तुत गर्नुका साथै चाकरी, चाप्लुसी र नातावादलाई प्रश्रय दिएको कुरा पनि उपन्यासमा उल्लेख गरिएको छ । यस विषयको अभिव्यक्तिका लागि उपन्यासकार एकजना अभिभावकका माध्यमबाट यसरी प्रस्तुत भएका छन्- "समाजमा मिल्न नसक्ने त्यस्तो एकलकाँटेलाई के शिक्षक तुल्याएर राख्नु भएको होला अध्यक्षज्यूले पनि । सञ्चालक समितिको बैठकमा राखेर ढिसमिस गर्दिनु होस् न। जाबो नेपाली पढाउने शिक्षकको यस्तो फूर्ति । यस्तोलाई घोक्रेचुत्ति लाइदिनुपर्छ (१४२) ।" यस भनाइले शैक्षिक क्षेत्रमा हुने राजनीतिक विकृति र विसङ्गतिका साथै जातीय भेदभाव र

आफूसँग विचार नमिल्ने मानिसलाई असामाजिक तथा अराष्ट्रिय तत्त्वको आरोप लगाउँदै जागिरबाट समेत पजनी हुनु परेको कुरा गजराज बाजेका माध्यमबाट देखाएको छ । तसर्थ यी र यस्ता विषयबाट उपन्यासमा शैक्षिक क्षेत्रको विसङ्गत सामाजिकता व्यक्त भएको छ ।

समाजमा पुरेत्याइँ गरिहिड्ने व्यक्तिका छोराछोरीलाई टपरे बाहुनका सन्तान भनेर हेलाका दृष्टिले व्यवहार गरिने यथार्थ व्यक्त भएको छ । यस क्रममा निमाका लाहुरे लप्टन बा र गोकुलराजबिचको आर्थिक हैसियतका आधारमा को ठुलो भन्ने अहम्लाई पनि यसमा समेटिएको छ । उपन्यासमा समाजका सम्पन्न व्यक्ति गोकुलराजले त्यस पहाडी भेगका गुरुङ, मगर, खस, बाहुनदेखि लिएर अन्य सबै जातिका गरिब गुरुवालाई जग्गा धितो लिएर ब्याजमा रुपियाँ लगानी गर्ने र घरमा श्रीमतीहरू थुपार्ने गरेको नेपाली समाजको तत्कालीन सामाजिक यथार्थ व्यक्त भएको छ । आर्थिक हैसियत भएकाहरूले गाउँमा हैकम देखाउन सिकार गर्न जाने, अदालतमा मुद्दा मामिला गर्न रुचि राख्ने कुरालाई आफ्नो इज्जतको रूपमा लिने गरेको पाइन्छ । तिनै साहु महाजनका सन्तानले समेत गरिबका छोराछोरीलाई अपमान गर्ने गरेको सामाजिक यथार्थ उपन्यासमा व्यक्त भएको छ । यस सम्बन्धमा गोकुलराजकी छोरी उजेली र लाहुरे लप्टनकी छोरी निमाका माध्यमबाट उपन्यासकारले यसरी अभिव्यक्ति दिएका छन्- "हेर सुभद्रा हाम्रो घरमा पनि पात चाहिएको छ आइज है गाँस्न (१३३) ।" विवेच्य विषयबाट नेपाली समाजमा वर्गीय, जातीय र लैङ्गिक थिचोमिचो रहेको र उक्त अधिकार प्राप्तिका लागि समाजमा लडाइँ लड्नुपर्ने अनिवार्य भएको विषय उपन्यासमा सामाजिकताका रूपमा व्यक्त भएको छ ।

### २.२.५ हिमाल र मान्छे उपन्यासमा सामाजिकता

*हिमाल र मान्छे* उपन्यासमा हरेक समाज समाजबाट स्वीकृत नियममा आबद्ध भएको हुन्छ भन्ने कुरा देखाउने क्रममा नेपाली समाजमा विवाहका लागि केटी माग्ने प्रचलन रही आएअनुसार हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा जातिमा पनि गाउँका भद्र भलादमी तथा आफन्तजनलाई साथमा लिएर कन्याको घरमा केटी माग्न जाने सामाजिक प्रचलन रहेको पाइन्छ । आङरिगुलाई माग्न जाँदा पनि पेमा दोर्जीको परिवारले पेम्बा लामालाई साथमा लगेर उसलाई मागेको छ । शेर्पाहरूमा केटी माग्ने प्रचलनलाई लोङ्गजङ्ग (मगनी) भन्ने गरिन्छ । यिनीहरूमा मगनी गर्न जाँदा खादा र छ्याङ लिएर जाने प्रचलन रहेको छ । समाजमा अभिभावकको मन्जुरीमा विवाह हुने भए पनि केटा-केटीको स्वीकृतिका लागि उनीहरूलाई

सोध्ने प्रचलन भने रहेको पाइन्छ । शेर्पा समाजमा रहेको वैवाहिक प्रचलनको पुष्टि गर्दै उपन्यासकारले लेखेका छन्-

> लाक्पा डोमासँग आएको पेम्बा लामाले केटीको राजूबाजू सम्बन्धमा चर्चा उठाएपछि भने ऊ मानौँ झस्किन्छे । पेमा सुन्दर र फुलाङो राजुबाजु भएपछि उसले पनि आफू राजू भएको कुराको सङ्केत दिनुपर्छ भन्ने तथ्य हेक्कै थिएन उसलाई । फेरि त त्यो विधुवी बूढी लाक्पा डोमाको तर्फबाट पेमा लामाले सगुनस्वरूप खादा लगाइदिँदा आफू राजू भएको कुराको सङ्केत दिन पेमा सुन्दर र फुलाङोले झैँ ऊ पनि घाँटी थापिदिन्छे लाज मान्दै (७९) ।

सम्बद्ध भनाइमा शेर्पा समाजमा विवाहका लागि केटीका बाबुआमाका साथसाथै स्वयम् केटीको पनि स्वीकृति चाहिने सामाजिक मान्यता रहेको सन्दर्भ प्रस्तुत गरिएको छ । यसबाट बाहुन-क्षेत्री समाजको तुलनामा शेर्पा समाजमा नारी अधिकारको सम्मान हुने गरेको नारी सामाजिकताको प्रस्तुति भएको पाइन्छ । तर यसमा भने केटाका तर्फबाट सगुनस्वरूप ल्याइएको खादा लगाई दिएपछि केटीले बाध्य भएर विवाहको प्रस्ताव स्विकार्नु परेको प्रसङ्ग समेटिएको छ ।

*हिमाल र मान्छे* उपन्यासमा नेपालको हिमाली जीवनलाई प्रत्यक्ष रूपमा व्यक्त गर्ने समाज रहेको छ । यसमा खुन्दे र खुम्जुङमा बसोबास गरेर खेतीपाती गर्ने तथा पर्वतारोहीको भारी बोक्ने कामका भरमा सामान्य जीवन चलाउने पेमा दोर्जीको परिवारको चित्रण गरिएको छ । यस परिवारमा आमा लाक्पा डोमा, पेमा दोर्जी, श्रीमती आङरिगु तथा छोरा रिन्जिङ्ग रहेका भए पनि आङरिगु आफ्नो घरमा नबसेर माइती घरमा बुबा पेमा सुन्दरसँग बस्दै आएकी देखिन्छे । यसमा शेर्पा संस्कृतिअनुसार पेमा दोर्जीको आङरिगुसँग लोङ्गजङ्ग (मगनी) हुनु, आङरिगुले नवजात शिशु रिन्जिङ्गलाई दुध चुसाउन आनाकानी गर्नु, पेमा दोर्जीले बरियात लिएर आउँदा आङरिगु घरबाट भागेर (११०) घर जान अस्वीकार गर्दा तानेर घर लिएर गए पनि केही समयपछि फेरि माइतीमै आएर बस्नु जस्ता पेमा दोर्जीका वैवाहिक जीवनमा देखा परेका सामाजिक तथा सांस्कृतिक समस्याको चित्रणका माध्यमबाट सामाजिक जीवनको प्रस्तुति गरिएको छ । यति मात्र होइन, बाबुछोराको उन्नति र प्रगति तथा पेमा दोर्जीको निमासँगको सम्बन्धलाई लिएर सहन गर्न नसकी लोग्नेलाई विष सेवन गर्न लगाउने कार्यसमेत आङरिगुले गरेको देखिन्छ । ऊ आफू चाहिँ लाक्पा नुर्बु जस्तो धनाढ्यको सान्निध्यमा रहन्छे तर श्रीमान्लाई भने निमासँग लसपसमा रहेको आरोप लगाउँछे । यसरी उपन्यासको मूल

समस्या वैवाहिक जीवनमा आधारित रहेको हुँदा नेपालको गाउँले समाजको पारिवारिक जीवनमा देखिने यस्ता समस्याका विषयवस्तुबाट उपन्यासमा सामाजिकता अभिव्यक्त भएको छ ।

विवेच्य उपन्यासमा नेपाली ग्रामीण समाजको तत्कालीन यथार्थ व्यक्त गर्ने क्रममा हिमाली ग्रामीण भेगका शेर्पाहरूको समाजलाई यथार्थ रूपमा देखाइएको छ । उनीहरूले कृषि कर्म तथा पर्वतारोहीको भारी बोक्ने तथा आफू स्वयम् पनि हिमाल चढेर आफ्नो जीविकोपार्जन गर्ने गरेको देखिन्छ । त्यहाँका सर्वसाधारण मानिसहरूको आर्थिक उपार्जन गर्ने माध्यम पर्यटकीय क्षेत्रमा काम गर्नु रहेको हुँदा सो क्षेत्र प्रभावित भएमा आर्थिक अभाव खट्किने गरेको यथार्थलाई उपन्यासमा अभिव्यक्त यी भनाइहरूले सङ्केत गरेका छन्- “अब के भन्नु स-साना खेतीवालहरू पनि ज्याला दिने पैसाको अभावले गर्दा चिन्तित छन् । स-साना व्यापारीहरू पोहर-परारको जस्तो व्यापार नभई दिएकाले चिन्तित छन् र पर्वतारोहण सम्बन्धी पेसा लिएर बसेकाहरू त झन् सारो चिन्तित छन् । पोहोर-परार आफूले खाई नखाई जम्मा पारेको गुठरी फुकाएर सफाचट पार्नु परेकोमा (९१) ।” सम्बद्ध भनाइले त्यहाँको सामाजिक जीवनमा परेको आर्थिक अभावलाई सङ्केत गरेको छ । यस्तै साधारण कृषि व्यवसायसँग जोडिएर जीवन निर्वाह गर्ने गाउँले समाजका मानिसहरूलाई हिमाली चितुवाका नामले चिनिएको लाक्पा नुर्बु साहुले न्याय आफ्नो हातमा लिएर दुःख दिने गरेको यथार्थलाई पनि उपन्यासमा प्रस्तुत गरिएको छ । उसले तत्कालीन पञ्चायती राजनीतिक शक्तिका आडमा गाउँले जनतामाथि अत्याचार गर्ने गरेको छ । लुक्लाको कुनै व्यापारीले ब्याजस्वरूप दिएको र आफूले ओहोरदोहोर गर्दा चढ्ने गरेको बोके घोडालाई खुला छोडी दिएर कृषकको बालीनाली नष्ट गरेको घटनाले यही कुराको पुष्टि गर्दछ । आफ्नो बाली नष्ट गर्दा पनि गाउँले भने उससँग प्रतिरोध गर्न सकिरहेका देखिँदैनन् र उनीहरू आफ्नो बालीनाली नष्ट गरेको टुलुटुलु हेर्न बाध्य भएका छन् । त्यति मात्र होइन, तीनवटा साँढेहरूलाई समेत उसले त्यस क्षेत्रमा ल्याएर छाडा छोडिदिएको छ । त्यसबाट समेत किसान पीडित बन्न पुगेका छन् । सर्वसाधारण जनतालाई यसरी दुःख दिँदा पनि गाउँ समाजमा चलाइएको हल्लाका सम्बन्धमा उपन्यासकार लेख्छन्- “त्यस किसिमको स्थितिले गाउँ समाजमा लाक्पा नुर्बु बदमास र अत्याचारी होइन उसका नोकर चाकर र प्यादाहरू नै लाक्पा नुर्बुको शक्तिको आड लिएर अन्याय र अत्याचार गरिरहन्छन् भन्ने भ्रम फैलाई दिने गर्दै आइरहेको छ । लाक्पा नुर्बले त्यो घोडा आम सभामा सार्वजनिक घोडा भनेर छोडेको दिनदेखिन् नै (२१८) ।” सम्बद्ध भनाइले लाक्पा नुर्बुले हिमाली ग्रामीण समाजमा शक्ति

र सत्ताका आडमा गाउँलेहरूमाथि गर्ने गरेको अन्याय अत्याचार व्यक्त गरेको छ। शासकहरूले समाजमा यस्तो व्यवस्था सिर्जना गरेका हुन्छन् कि शोषित वर्ग आफू शोषणमा परेको समेत स्वीकार गर्दैन । यसरी सामन्ती व्यवहारका माध्यमबाट उपन्यासमा सामाजिकता अभिव्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा औपन्यासिक पात्र रिन्जिङ्गले आमाबाट उचित व्यवहार प्राप्त नगरेको स्थितिलाई देखाउने काम लेखकबाट भएको छ। समाजमा उचित व्यवहारको अपेक्षा गरिए पनि आङरिगुले आफैँले जन्म दिएको बालकप्रति अन्याय गरेको सम्बन्धमा उपन्यासकारले आफ्ना यसरी राखेका छन्- "होइन होइन सिष्टर । अहिले यो बच्चा तपाइँ नै लिनुहोस्, अहिले मलाई सन्चो छैन, कपाल रिँगाइरहेछ भन्दै त्यो बच्चोलाई फेरि पन्छाउने चेष्टा गरी टोपलेकी थिई उसले (१०६) ।" यस भनाइद्वारा एउटी आमाको नवजात शिशुप्रतिको तिरस्कारलाई सङ्केत गरिएको छ। एउटा शिशुले आमाको दुध पिउन पाउने नैसर्गिक अधिकारबाट वञ्चित गर्न खोजिएको यथार्थलाई अभिव्यक्ति दिइएको छ। रिन्जिङ्गप्रति गरिएको दुर्व्यवहार सम्बन्धमा उपन्यासकारको भनाइ यस्तो छ- "दुवैपल्ट फर्किएर आउँदा बेवारिसे बच्चोको झैँ हुलियामा फेला परेको थियो रिन्जिङ्गलाई । दुई दुई बच्चाको आमा भैसक्दा पनि आङरिगुबाट रिन्जिङ्गको उपेक्षा भएको देख्दा आफ्नो पुर्पुरो ठोकेको थियो उसले (१२८) ।" सम्बद्ध भनाइले नेपाली समाजमा बालबालिकाप्रति हुने पारिवारिक उपेक्षालाई सङ्केत गरेको छ । यसमा त झन् आङरिगुले आफ्नो छोरालाई नातासम्म दिन नचाहेको उल्लेख गरिएको छ। यसरी प्रस्तुत उपन्यासमा बालक रिन्जिङ्गको नैसर्गिक अधिकार मात्र हनन भएको होइन, उसको न्यायिक अधिकारसमेत खोसिएको छ भन्ने विषयबाट उपन्यासमा सामाजिकता अभिव्यक्त भएको छ।

प्रस्तुत उपन्यासमा निमाको श्रीमान्को भारी बोक्ने क्रममा दुःखद मृत्यु भएपछि उत्पन्न भएको आर्थिक अवस्थाका बारेमा यथार्थ अभिव्यक्ति दिइएको छ । यस सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "त्यसैले उसले आफ्नो आर्थिक स्तर दह्रो तुल्याउन ङार चिया, छ्याङ र आराक बेच्न शुरु गरेकी छे । त्यसबाहेक उसले तान बुन्ने काम पनि छोडेको छैन (१२२) ।" यस अभिव्यक्तिले नेपाली समाजमा नारीहरू सङ्घर्षशील भएको यथार्थतालाई पुष्टि गरेको छ। त्यस्तै हाम्रो समाजको परम्परागत सोचअनुरूप यसमा निमा एकल महिला भएका कारण पेमा दोर्जीसँग रहेको उसको हेलमेलप्रति शङ्काका दृष्टिले हेरिएको छ। पेमा दोर्जीकी श्रीमतीले त उनीहरूबिचको सम्बन्धलाई अनैतिक समेत भनेको छ। यसरी नेपाली समाजमा

एउटी महिलालाई पुरुषले मात्र होइन, महिलाले समेत शङ्काको घेरामा राख्ने गरेको नारी सामाजिकता यसमा व्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा झुटको विषय फैलाउने विधिलाई सार्वजनिक गरिएको छ। गाउँमा आफ्नै श्रीमान् पेमा दोर्जीको विरोधमा चित्त बुझ्ने गरी सरसल्लाह दिन सक्ने मनले खाएको मान्छे नदेखेपछि आङरिगुले लाक्पा नुर्बुका सम्बन्धमा झुटो खबर फैलाएको छ। यसलाई पुष्टि गर्दै उपन्यासकारले लेखेका छन्- "फेरि त लाक्पा नुर्बु छिट्टै आओस् भन्ने उद्देश्यले हत्तनपत्त लाक्पा नुर्बुलाई बेनामी चिठी पठाएकी थिई- 'तिम्रो नाममा बिन्तीपत्र चढाउने सुरले तिम्रो शत्रु घर घरै डुलेर सहिछाप गराउँदै हिडिरहेका छन्' भनेर (२०६) ।" यस भनाइको पर्दाफास भएपछि आङरिगुको असली रूप देखा परेको छ । यसबाट उपन्यासमा समाजका असल र खराब मानिसहरूको यथार्थ चरित्र उजागर भएको छ । यस्तै उपन्यासमा शक्तिका आडमा साधारण गाउँले समाजका मानिसहरूमाथि हुने गरेको अन्याय अत्याचारको चित्रण गरिएको छ किनभने आफ्नो स्वार्थ सिद्धिका लागि राजनीतिक शक्ति आफ्नो हातमा पार्ने गरेको नेपाली समाजको यथार्थ उपन्यासमा प्रस्तुत भएको छ ।

*हिमाल र मान्छे* उपन्यासले सोलुखुम्बुको शेर्पा समाजमा घटेका थुप्रै प्रकारका घटनाहरूलाई समेटेको पाइन्छ । लाक्पा नुर्बुले बाह्रबाह्रवटी श्रीमती राखेर पनि (४१) पेमा दोर्जीकी श्रीमती आङरिगुलाई आँखा लगाउनु र आफूतर्फ आकर्षित गर्ने क्रियाकलाप गर्नु, आफ्ना ऋणीहरूलाई चर्को ब्याज लगाउनु तथा ब्याज तिर्न नसके विभिन्न खाले जिन्सी सामान लिएर भए पनि ब्याज असुल गर्नु (४२) र शक्तिका आडमा गाउँका सर्वसाधारणमाथि भेदभाव र थिचोमिचो गर्नु जस्ता विषयले उपन्यासलाई सामाजिक यथार्थका कोटीमा पुऱ्याएको पाइन्छ । चुनावलाई जसरी पनि आफ्नो पक्षमा पार्नका लागि हुने गरेका अनेक षड्यन्त्र तथा धाँधलीका बारेमा उपन्यासकारले लेखेका छन्- "तर लाक्पा नुर्बु जतिसुकै गर्जिए पनि भोट दिन आएका तन्नेरीहरू भने हाँसिदिन्छन् 'कास्तु लाज पचाउन साक्ने मान्छे हो गाँठे आफै गार्नु गार्छ, आफू जेल पठाउँछु भान्छ' भन्ने खासखुस गर्दै (१८८) ।" यसमा चुनावमा गरिने धाँधली तथा अनियमितताको यथार्थ अभिव्यक्ति गरिएको छ। त्यस्तै खुम्बिलाका नाममा बोके घोडा तथा अन्य पशुहरू छाडा छोडिदिनु र बालीनाली नोक्सान गर्नु, गाउँका सोझासाझा युवाहरूलाई त्रसित बनाउने कार्य गरेर उनीहरूमाथि प्रभुत्त्व कायम गर्नु जस्ता सामाजिक क्रियाकलाप यसमा व्यक्त गरिएको छ । यस्तै खुम्जुङल, खुन्देगायतका हिमाली गाउँको

तत्कालीन अवस्थाको जुन समाज छ र त्यो समाजको यथार्थ *हिमाल र मान्छे* उपन्यासमा व्यक्त भएको छ जसबाट उपन्यासमा त्यहाँका शेर्पा जातिको सामाजिकता प्रकट भएको छ ।

## २.३ दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक सम्बन्ध

समाजमा विद्यमान रहने आपसी सम्बन्धलाई सामाजिक सम्बन्ध भनिन्छ । यस प्रकारको सम्बन्धलाई सामाजिक यथार्थवादी रचनामा विशद रूपमा निरूपण गरिएको हुन्छ । यहाँ विष्टका विवेच्य उपन्यासहरूमा विभिन्न आधारमा निर्मित सामाजिक सम्बन्ध र त्यसले समाजमा पार्ने प्रभाव अनि बदलिँदै गरेको सामाजिक सम्बन्धको विश्लेषण गरिएको छ ।

दुई वा दुईभन्दा बढी व्यक्तिहरूका बिचको आपसी सम्बन्धलाई सामाजिक सम्बन्धका रूपमा लिने गरिन्छ । समाज शब्द सामाजिक सम्बन्धसँग सम्बन्धित छ । समाजले एउटा संरचना मात्र नभई त्यसभित्रको सम्बन्धको पक्षमा बढी जोड दिन्छ भने समाजका मानिसहरू एउटा पारिवारिक तहदेखि समुदाय र राज्यस्तरसम्म एकअर्कामा निर्भर रहेका हुन्छन् । आफैँमा परिपूर्ण कुनै एकाइ कहीँ पनि छैन । सामाजिक सम्बन्धविना वा अन्तरक्रियाविना समाज बन्न सक्दैन । यसमा समुदायका सदस्यको उद्देश्य परिपूर्ति गर्ने हेतुले यस्ता प्रक्रियाहरू अवलम्बन गरिन्छन् । परिवार तथा समुदाय सञ्चालनको प्रक्रिया पनि अन्तरसम्बन्धित अर्थात् एकअर्कामा अन्योन्याश्रित छ । संस्कृतिले पनि सामाजिक सम्बन्धलाई स्थिर तथा जीवन्त राख्ने काम गर्दछ (सचदेव ७५३) । किनभने संस्कृतिविना मानवीय जीवन एकाङ्गी, क्षुद्र एवम् पशुवत् हुने देखिन्छ ।

सामाजिक यथार्थवाद सामाजिक जीवनमा रमण गर्दछ । समाजमा विद्यमान रहने आपसी सम्बन्धलाई सामाजिक यथार्थवादी रचनामा निरूपण गरिएको हुन्छ । यस विषयमा शिवकुमार मिश्र लेख्छन्- सामाजिक जीवनको उत्पादन प्रक्रियामा मानिसले सुनिश्चित सम्बन्ध स्थापना गर्नु अनिवार्य हुन्छ । यसले समाजमा आर्थिक धरातल निर्माण गर्दछ । यस तथ्यका आधारमा न्यायिक र राजनीतिक बाह्य संरचना निर्माण हुन जान्छ, अनि सामाजिक चेतनाले समाजसँग सामाजिक सम्बन्ध स्थापित गर्दछ (१६) । समाजमा सदियौँदेखि स्थापित भएको सम्बन्ध सिर्जनामा रमण गर्दछ । समाजको सम्बन्धविना कला सिर्जनाले गति लिन सक्दैन । समाजमा स्थापित हुने यस खालको सम्बन्ध बाह्य र आन्तरिक गरी दुई किसिमको रहेको पाइन्छ । समाजमा विद्यमान रहने सामाजिक भूमिकाका विषयलाई बाह्य सम्बन्धका दृष्टिबाट अर्थ्याउन सकिन्छ । यसमा आर्थिक, न्यायिक र राजनीतिक धरातलका आधारमा निर्माण हुने

समाजका सबै सम्बन्ध जोडिएको पाइन्छ । यस तथ्यका आधारमा न्यायिक र राजनीतिक बाह्य संरचना निर्माण हुन जान्छ । अनि सामाजिक चेतनाले समाजसँग सामाजिक सम्बन्ध स्थापित गर्दछ (मिश्र, शिवकुमार १०६) । सामाजिक यथार्थवादी उपन्यासमा बाह्य सम्बन्धले विशेष प्रभाव पारेको हुन्छ त्यसैले एक दृष्टिबाट यसलाई सामाजिक यथार्थवादी उपन्यासको प्राण मान्न सकिन्छ । सामाजिक यथार्थवादको चिन्तन आर्थिक विषयले सिर्जना गरेको सामाजिक जीवनमा केन्द्रित रहने हुँदा बाह्य सम्बन्ध वस्तुतथ्यको सूक्ष्म निरीक्षण गर्ने आधार बनेको हुन्छ । सामाजिक यथार्थवादी उपन्यासमा आन्तरिक अवस्था र आलोचनालाई महत्त्व नदिई आर्थिक दृष्टिले निरन्तर बन्न गएको अवस्थाको मात्र चित्र उतार गरिएको हुन्छ । वस्तुयथार्थलाई सूक्ष्म विश्लेषण गर्ने आधार बाह्य सम्बन्धले निर्धारण गर्दछ ।

कुल परम्पराबाट चलिआएको सम्बन्धलाई आन्तरिक सम्बन्ध मानिएको छ । समाजमा विद्यमान रहने यस सम्बन्धलाई कुनै पनि अवस्थामा भेद गर्न नमिल्ने सदियौँदेखिको आपसी सम्बन्ध वा नाताका कारणबाट बुझाउने गरिएको छ । वर्गीय आधारमा तल्लो वर्गका पात्रहरू रमण गर्ने स्थान, भाषा, भूगोल क्षेत्र, परिवेशलाई सामाजिक यथार्थवादले अन्तरङ्गका रूपमा लिन्छ (सान्याल २३२) । यसबाट सामाजिक यथार्थवादले सामान्य जीवनलाई प्राथमिकता दिएको पुष्टि हुन्छ ।

सामाजिक यथार्थवादमा निम्न वर्गका कारुणिक जीवनलाई उठाउने सिलसिलामा पुरुष पात्रका भन्दा महिला पात्रका सामाजिक जीवनका यथार्थ घनीभूत भएका पाइन्छन् । हतभागीहरूका कारुणिक जीवनको प्रस्तुतिका लागि भने महिला तथा पुरुषको जीवन-सन्दर्भ सामाजिक यथार्थवादमा समान तहमा जोडिने गर्दछ (वर्मा ५६) । सामान्य प्रकारको मानिएको काममा संलग्न व्यक्तिहरूको सार्थक चित्र उतार्ने काम सामाजिक यथार्थवादमा गरिएको हुन्छ।

समाजमा विद्यमान रहने सामाजिक सम्बन्धलाई समाजको अतल गहिराइमा लुकेर बसेका मालिक र नोकर, सासू र बुहारी, कटुवाल, पुजारी, भरिया, धामी, मुखिया, जिम्मेवाल आदिलाई आर्थिक आधार, सामाजिक मान्यता र मनोभावका विषयसँग जोड्ने काम पनि गरिएको हुन्छ । यथार्थवादले सामाजिक जनजीवनका यथार्थको चित्रण गर्दा सम्बन्धित समाजका स्थान, काललगायतको परिवेशमण्डल एवम् ग्रामीण-सहरिया परिप्रेक्ष्यको वस्तुतथ्य पनि पर्दछ र त्यस समाजका संरचनाका साथै सामाजिक वर्ग र सामाजिक सम्बन्धको ढाँचाको प्रमाणिक वस्तुगत आलेखन पनि पर्न आउँछ (त्रिपाठी, “पाश्चात्य समालोचनाको सैद्धान्तिक

परम्परा (दोस्रो भाग)" ५२) । यसरी उपन्यासमा मानव समाजमा सदियौँदेखि स्थापित हुँदै आएका समाजका आन्तरिक तथा बाह्य सम्बन्धको खोजी गरिन्छ ।

### २.३.१ मञ्जरी उपन्यासमा सामाजिक सम्बन्ध

*मञ्जरी* उपन्यासमा सामाजिक, आर्थिक, राजनीतिक आदि आधारमा निर्मित सामाजिक सम्बन्धको विश्लेषण गरिएको छ । परम्परागत सामाजिक व्यवस्थामा केटी मान्छेको सानै उमेरमा विवाह गर्ने प्रचलनअनुरूप यस उपन्यासको नारी पात्र मञ्जरीको पनि सहरमा बसोबास गर्ने सुब्बा बाजेसँग बाल तथा अनमेल विवाह भएको विषय उपन्यासमा देखाइएको छ । पैतृक स्वामित्वका स्रोतसाधनमाथि निर्भर रहँदा आर्थिक सामाजिक रूपले बाबुआमाप्रति आश्रित मञ्जरीसँग न त स्वनिर्णयको अधिकार नै रहेको छ न सानै उमेरका कारण विवेक पुऱ्याउन सकेको देखिन्छ । यस स्थितिमा मञ्जरीका बाबुआमाले आर्थिक, सामाजिक र सांस्कृतिक कारणले गर्दा उसको विवाह उमेरदार व्यक्तिसँग गरिदिएको घटनाबाट आर्थिक सामाजिक आधारमा निर्धारण हुने वैवाहिक सम्बन्धको प्रस्तुति भएको छ ।

पुरुषप्रधान समाजमा नारीपुरुष सम्बन्ध असमानतामा आधारित देखिन्छ । विधवाले विवाह गर्न नहुने, शृङ्गार गर्न नहुने, परपुरुषलाई हेर्न नहुने जस्ता असमान व्यवहारबाट तत्कालीन समाजमा नरनारीको हैसियत बराबरी नभएको उपन्यासमा उल्लेख गरिएको छ । मञ्जरीको सानै उमेरमा अनमेल विवाह भएको र विवाह भएको वर्ष दिनमै श्रीमान्‌को मृत्यु भई विधवा हुनु परेकोले बालविधवा मञ्जरीले वैधव्य जीवन बिताउने क्रममा परिवार तथा समाजबाट तिरस्कार बेहोर्नु परेको स्थिति नारीपुरुषबिचमा रहेको असमान सामाजिक सम्बन्धका कारणबाट सिर्जना भएको समस्या हो र सम्बद्ध विषयले उपन्यासमा नरनारीबिचको सामाजिक सम्बन्धलाई उजागर गरेको छ । यस्तै सुब्बा बाजेले तीन तीनवटा छोरा तथा श्रीमती हुँदाहुँदै अर्को विवाह गर्नाले उपन्यासमा पारिवारिक संरचनाको विषय अगाडि आएको पाइन्छ । यसले सामन्ती चिन्तनमा आधारित पारम्परिक सामाजिक संरचनामा रहने सम्बन्धलाई देखाएको छ । यसरी उपन्यासमा एकातिर सामाजिक तथा पारिवारिक सम्बन्धले निम्त्याएका समस्या पाइन्छन् भने अर्कोतिर समयक्रममा शैक्षिक, राजनीतिक र सामाजिक क्षेत्रमा आएको परिवर्तनले सामाजिक सम्बन्धमा ल्याएको खुकुलोपनाका कारण विधवा मञ्जरीको कैलाससँग पुनर्विवाह भएको पाइन्छ । समालोचक कृष्णचन्द्रसिंह प्रधानको *मञ्जरी* मा थोत्रो प्रथापरम्पराको विरुद्ध नयाँ सामाजिक सम्बन्ध र मान्यताको आदर्श उपस्थित गरिएको छ (२७७) भन्ने विश्लेषणले पनि यसको पुष्टि गरेको छ । यसबाट पूर्वस्थापित सामुदायिक,

वर्गीय, जातीय र पारिवारिकलगायत आर्थिक, राजनीतिक र सांस्कृतिक जस्ता सामाजिक सम्बन्ध धरापमा पर्दै गएका र नयाँ पारिवारिक एवम् सामाजिक सम्बन्धहरूको पुनर्गठन भइरहेको सङ्केत देखापर्दछ ।

समाजमा व्यक्ति र व्यक्ति, व्यक्ति र समूह तथा परिवार र परिवारबिचको सम्बन्ध आपसी हितका रक्षाका लागि कायम रहन्छ । यस सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "यद्यपि कप्तानसाहेब र सुब्बाबाजे यस ठोस जगत्मा थिएनन् तापनि कप्तान्नी मखना औ मिश्रीबजै दुवैले आपस्तको सम्बन्ध तोडेका थिएनन् (६६) ।" यस कथनमा कप्तानसाहेब र सुब्बाबाजेबिचको सम्बन्ध उनीहरूको शेषपछि पनि यी दुई परिवारको पारिवारिक सम्बन्ध रूपमा कायम नै रहेको र कप्तान्नी मखनाले आफ्नो घरगृहस्थी सञ्चालन गर्न सामाजिक व्यवहार वा सामाजिक सम्बन्धलाई निरन्तरता दिनुका साथै बिस्तार गरेको समेत उल्लेख गरेको पाइन्छ । त्यही सम्बन्धका कारण कप्तान्नी मखनाले राणासरकारले बन्द गरेको छोराको छात्रवृत्ति फेरि दिलाउन सकेको कुराले उसको सत्तासँगको सम्बन्ध देखाउँछ । उपन्यासमा पारिवारिक सम्बन्धको अर्को कडीको रूपमा मञ्जरी तथा कप्तान्नी मखनाकी छोरी इन्दिराका बिचको सम्बन्धलाई लिन सकिन्छ जुन सम्बन्धले कैलास र मञ्जरीलाई नजिक ल्याउन सहयोग गरेको छ । अन्ततः यी दुई परिवारका बिचमा रहेको सामाजिक सम्बन्ध कालान्तरमा कैलास र मञ्जरीको विवाहपछि भने झन् पारिवारिक तथा सांस्कृतिक सम्बन्धका रूपमा विकसित भएको पाइन्छ ।

विवेच्य उपन्यासमा सामाजिक विधानका आधारमा सामाजिक सम्बन्धको खोजी गरिएको छ । मिस्रीबजैले भनेका भनाइले नेपाली समाजको यथार्थ सम्बन्ध उपन्यासमा व्यक्त भएको छ । परम्परित नेपाली समाजको मूल्य-मान्यताअनुरूप मञ्जरी जस्ता समाजका विधवा महिलाहरूले पालना गर्नु पर्ने परम्परित विधि र आचरणमा विधवाले हातमा चुरा लगाउन नहुने, रातो लुगा शरीरमा लगाउन नहुने, शृङ्गार प्रसाधनका अन्य वस्तुहरू प्रयोगमा ल्याउन नहुने, परपुरुषसँग बातचित गर्न नहुने, अर्को विवाह गर्ने कुरा त सोच्न पनि नहुने जस्ता विषयमा विशेष जोड दिइएको छ । यस सन्दर्भमा मिस्रीबजैले आफ्नी सौता मञ्जरीलाई समाजको सम्बन्धबारे प्रस्ट पार्दै भनेको छ- "हेर बाबै तँ विधवा होस्, तैंले आफ्नो दिन धर्मकर्ममा बिताउनु पर्दछ (२९) ।" यस अभिव्यक्तिबाट नेपाली समाजका विधवा महिलाका आचरण तथा कर्तव्यको प्रस्तुति हुनुका साथै तत्कालीन सामाजिक सम्बन्धका रूपमा व्यक्त भएको यस विषयलाई उपन्यासमा आन्तरिक यथार्थका रूपमा ग्रहण गरिएको छ ।

*मञ्जरी* उपन्यासमा सामाजिक सम्बन्धका अतिरिक्त राजनीतिक सम्बन्धको पनि चर्चा गरिएको छ । यसमा शङ्कर तत्कालीन राज्य व्यवस्थाको अन्त्यका लागि भूमिगत रूपमा लागिपरेको उपन्यासमा उल्लेख पाइन्छ । सोही विषय सन्दर्भ प्रस्ट पार्दै उपन्यासकार विष्टले लेखेका छन्- "गंगालाल, धर्मभक्तहरूको साथसाथै उनी पनि राणा-शासनको जग भत्काउन अगाडि बढेका थिए । त्यस किसिमको जीवन उनले पूरा आठ वर्षसम्म बिताएका थिए (३०९) ।" यसमा शङ्कर गङ्गालाल, धर्मभक्तहरूसँगै राणाशासनको अन्त्यका लागि भएको सङ्घर्षमा आठ वर्षसम्म संलग्न भएको सन्दर्भ प्रस्तुत गरिएको छ । यसबाट उपन्यासमा सामाजिक यथार्थको अभिव्यक्तिका साथै शङ्करका माध्यमबाट तत्कालीन राजनीतिक सम्बन्ध अभिव्यक्त भएको पाइन्छ ।

### २.३.२ एक पालुवा अनेकौँ याम उपन्यासमा सामाजिक सम्बन्ध

*एक पालुवा अनेकौँ याम* उपन्यासमा नेपाली समाजमा स्थापित सामाजिक सम्बन्धको खोजी गरिएको छ । यस क्रममा नरेन्द्रका माध्यमबाट तत्कालीन नेपाली समाजमा विद्यमान पुनर्विवाह सम्बन्धलाई देखाइएको छ । उपन्यासमा उसले आफ्ना बाबुले तीन तीनवटा विवाह गरेको दृष्टान्त प्रस्तुत गर्दै श्रीमती मरेको तीन महिना नपुग्दै अर्की श्रीमतीको खोजीमा लागेको सन्दर्भमा पुरुष मात्र होइन, महिलाहरूले समेत उसको पुनर्विवाह हुनु पर्ने कुरामा जोड दिएका छन् । उसकी दिदी सासूले भने बहिनी बितेको तीन महिना नपुग्दै केको बिहे गर्न खोजेको भनेर हपार्न खोज्दा उल्टै बमबहादुरको बाबुले विधुर बस्न खोज्दा बुहारीसँग लागेको अवगाल फैलाएर फेरि बिहे गरेको दृष्टान्त ल्याउँदै आफ्नो पुनर्विवाहको अडान प्रस्तुत गरेको छ । उसका साख्खै माहिला जेठान हर्कबहादुरले आफ्नी छोरी च्यान्टी दिन खोजे पनि उसको मन भने च्यान्टीभन्दा मकवानपुरेकी छोरी राजेश्वरीतर्फ खिँचिएको हुँदा छोरो कमललाई मकवानपुरेसँग गई हामी टुहुरा भयौँ भनेर पुकारा गर्न लगाई राजेश्वरीलाई माग्न पठाएको छ । नरेन्द्रले यसरी राजेश्वरीसित विवाह गर्ने चाहना राखेको भए पनि उसका माइला जेठान हर्कबहादुर भने उसलाई आफ्नो मुठीबाट फुत्किन दिने पक्षमा छैन । किनभने ऊ सरकारी जागिरमा विचारीसम्मको पदमा पुऱ्याइदिन भनसुन गर्न सक्ने, भ्रष्टाचारको मुद्दामा झ्यालखानाको वास हुन लाग्दा ठुलो सहयोग गरेर बचाउन सक्ने र सयौँ बिघा जग्गाको मालिकका रूपमा रहेको छ । त्यसैले उसले आफ्नी छोरी च्यान्टीको विवाह नरेन्द्रसँग गरेर सम्बन्ध राख्न खोजेको छ (१३) । उपन्यासमा वर्णित सम्बद्ध विषयबाट पुरुषप्रधान समाजमा पुरुषले विधुर बस्न नपर्ने र जसरी पनि विवाह गर्न खोज्ने मान्यता रहेको देखिन्छ भने

महिलाहरूलाई भने विधवा विवाहको स्वीकृति रहेको पाइँदैन । यसरी वैवाहिक सम्बन्धका दृष्टिले समेत समाजमा लैङ्गिक विभेद रहेको सामाजिक यथार्थ उपन्यासमा देखाउनुका साथै आर्थिक सम्बन्धका प्रभावमा कायम हुने वैवाहिक सम्बन्धलाई पनि यसमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत उपन्यासमा आर्थिक सम्बन्धले पारेको सामाजिक प्रभावलाई अभिव्यक्ति गरिएको छ र यसका माध्यमबाट उपन्यासमा सामाजिक सम्बन्धको खोजी गरिएको छ। यसमा जेठकी मालकिनीका देवरहरूले दिएको ऋणको सट्टा जेठकी मालकिनीको जग्गा जायदात र जमिनदारी खोसिएर आर्थिक अवस्था खस्कँदै गएपछि सामाजिक आर्थिक सम्बन्धमा परिवर्तन आएको विषयले प्रवेश पाएको छ । यसैको कारण वंश परम्परादेखि नै आफ्नो जुठोपुरो खाएर बाँच्दै आएको रामलखन पटुवारीले स्वयंवरको औंठी किन्ने बहाना गरेर वृद्ध विधवालाई ऱ्याले दृष्टिले हेर्ने तथा आफ्नो आर्कषण प्रदर्शन गर्न खोजेको छ । आर्थिक समस्याका कारण बाध्यतावश स्वयंवरको औंठी बेच्न उसकहाँ पुगेकी जेठकी मालकिनीसँग उसले ठाडै वासनापूर्तिको कामना गरेको छ । यस सम्बन्धमा रामलखन पटुवारीको भनाइ यस्तो छ- “म त्यो औंठी होइन, तपाईलाई चाहन्थेँ (५६) ।” सम्बद्ध कथनमा कुनै समय आफ्नै नोकरका रूपमा रहेको रामलखनको अप्रत्यासित कथनबाट जेठकी मालकिनी मर्माहत बन्न पुगेको परिस्थितिको चित्रण गरिएको छ । जेठकी मालकिनीको आर्थिक अवस्था कमजोर हुँदै गएपछि रामलखनमा यस्तो आँट आएको देखिन्छ । सम्बद्ध सन्दर्भबाट उपन्यासमा आर्थिक प्रभावका कारण परिवर्तित भएको सामाजिक सम्बन्ध पुष्टि हुन गएको छ ।

यस उपन्यासमा प्रयुक्त पात्रहरू कुनै न कुनै दृष्टिले आपसी सम्बन्धमा बाँधिएका छन् । उपन्यासको केन्द्रीय चरित्र कमलसँग सम्बन्धित तुल्याएर उसको बाबु नरेन्द्र, जेठा बाबु सुब्बा होमबहादुर, जेठा बाजे, ठुली आमा, सानिमा च्यान्टी, कल्पना, कल्पनाको बाबु मेजर नीर सिंह, पत्नी लिचुमैयाँ, ससुरा लप्टन बमबहादुर, सासू (लिचुमैयाँकी आमा), माइजू (जेठकी मालकिनी), मामातर्फकी सानिमा (राजेश्वरी), माइजू (तारा) जस्ता पात्रका विविध क्रियाकलाप प्रस्तुत गरिएको छ । यसबाट औपन्यासिक जीवन सामाजिक सम्बन्धमा जोडिएको पाइन्छ । यस्तै उपन्यासको अर्को पात्र रामलखन पटुवारीलाई जेठकी मालकिनीको जमिनदारी हेर्ने व्यक्तिका रूपमा र गङ्गा नूनियालाई कल्पनाको नाठोका रूपमा प्रस्तुत गरिएको छ । यसरी उपन्यासमा एउटा बृहत् समाजलाई देखाइएको छ र यसभित्रका हरेक पात्र एकअर्कासँगको पारिवारिक तथा सामाजिक सम्बन्धमा जोडिएका देखिन्छन् ।

प्रस्तुत उपन्यासमा समाजका सामान्य आर्थिक अवस्थाको जीवन निर्वाह गरिरहेका निम्नआर्थिक अवस्थाका मानिसहरूले सामाजिक सम्बन्धका आधारमा समाजमा आर्थिक उपार्जन गर्ने पद्धति बनाएको पाइन्छ । समाजका कमजोर आर्थिक स्थिति भएको गङ्गा नूनियाले कहिले रतनलालको जग्गा अधियाँ जोत्ने, कहिले बनियाको नोकर बन्ने, कहिले ज्यामी काम गर्ने, कहिले आमा मरिन् भनेर, कहिले आँगनमा महादेव छन् भन्ने हल्ला फिँजाएर आर्थिक उपार्जन गर्ने काम गरेको छ । यसबाट पनि आफ्नो परिवारको बिहानबेलुकीको छाक टार्न असमर्थ भएपछि पैसाका लागि कल्पनाको नाठो बन्न स्वीकार गरेको छ । यस सम्बन्धमा गङ्गा नूनियाकी श्रीमतीको भनाइ यस्तो छ- "पेटला सब कुछ कराय छे (२९७) ।" उपन्यासमा प्रयुक्त विषय समाजको यथार्थ हो, यसलाई सामाजिक सम्बन्धका आधारमा व्यवस्थित गर्ने प्रयास उपन्यासमा गरिएको छ । यस्तै बजार अड्डाको सिपाहीको जागिर छाडी पुजारी बनेका पुजारी बाजेले कालीकै नाममा साना व्यापारीबाट खाद्यान्न उठाएर आफ्नो जीविका चलाएका छन् । यसरी उपन्यासको कथ्यको विश्लेषणबाट वर्गीय समाजका कारण नेपाली समाजमा विभेदकारी आर्थिक सामाजिक सम्बन्ध रहेको वस्तुवादी चेतना प्रकट भएको छ ।

प्रस्तुत सन्दर्भमा समालोचक राजेन्द्र सुवेदीको *एक पालुवा अनेकौँ याम* उपन्यासमा २००७ साल पछिको सामाजिक संरचना र त्यसमा आउन थालेको विचलनलाई यथावत् रूपमा स्थापना गर्ने प्रयत्नमा कथावस्तुको चयन गरिएको छ भन्ने टिप्पणी परिपुष्ट भएको छ (९५) । किनभने प्रस्तुत उपन्यासमा परम्परित सामाजिक सम्बन्ध सामाजिक चेतनाको विकाससँगै विघटनतर्फ उन्मुख रहेको विषयको चित्रण गरिएको छ । कल्पनाले जसरी भए पनि सिन्दूर हालेपछि जस्तोसुकै बुढालाई पनि पति स्वीकार गर्नुपर्छ भन्ने मान्यताको विरोध गर्नु, बाबुका जस्तासुकै कर्मलाई पनि आँखा चिम्लेर समर्थन गर्ने कमल स्वयम्ले त्यसको अवज्ञा गर्न थाल्नु, कमलकी ठुली आमाद्वारा मन परेकासँग पोइल जान वा प्रेम विवाह गर्न सकिने उदाहरण पेस गर्नु, कमलकी पत्नी लिचुमैयाँले आफूलाई पतिबाट दया होइन, माया चाहिएको छ भन्दै विद्रोहस्वरूप आत्महत्या गर्नु (२९३) जस्ता विषयको प्रस्तुतिबाट उपन्यासमा परम्परागत सामाजिक सम्बन्ध परिवर्तनको सङ्घारमा रहेको कुरा उपन्यासका यी तथ्यले पुष्टि गरेको छ ।

### २.३.३ भोक र भित्ताहरू उपन्यासमा सामाजिक सम्बन्ध

*भोक र भित्ताहरू* उपन्यासमा वर्गीय सम्बन्धका माध्यमबाट सामाजिक सम्बन्धलाई देखाइएको छ । वर्गीय सम्बन्ध आर्थिक आधारमा व्यवस्थित बनेको हुन्छ । यसमा शोषक र

शोषित वा उच्च वर्ग र निम्न वर्गबिचको सम्बन्धमाथि जोड दिइएको पाइन्छ । उपन्यासमा शोषक वर्गका रूपमा मुख्यतः जगते, उसको बाबु शेशे मुखिया वा सर्पो बाजे, माहुरी साहू र जेठा पुरेत पर्दछन् भने शोषित वर्गमा हर्के साहिँला, चन्द्रे, जुने, भ्रुने आदि पात्रहरू रहेका छन् । समाजमा विद्यमान यही वर्गीय सम्बन्धका कारण हर्के र चन्द्रेले आफ्ना बाबु र आमाको किरिया गर्दा घरजग्गा गुमाउन बाध्य भएका छन् । पुरोहितले मौका यही हो भनी प्रशस्त दानदक्षिणा गर्न जोड गर्ने, व्यापारीले सामानको मनपर्दी नाफा कस्ने र साहूले चर्को ब्याज असुल्ने गर्नाले उनीहरूको उठीवास लागेको छ । यति मात्र होइन, चन्द्रेको बाबुले माहुरी साहुको भिरमौरी काढ्ने काम गर्दा भिरबाट खसेर ज्यान गुमाउनु परेको छ । हर्के साहिँलाले जगतेका कारण सोह्र वर्षसम्म जेल जीवन बिताउनु परेको छ । उसकी श्रीमती भ्रुनेले ज्यानै गुमाउनु परेको छ भने छोरी जुनेले बाबु आमाको विछोड अनि साहरा गुमाउनु परेको छ । यसरी उपन्यासमा वर्गीय सम्बन्धका माध्यमबाट सामाजिक यथार्थको प्रस्तुति भएको छ ।

उत्पादनका साधनमाथि पुँजीपतिवर्गको स्वामित्व रहने हुँदा पुँजीवादी अर्थ व्यवस्थामा समाजका हरेक क्षेत्रमा सोही वर्गको स्वामित्व वा नियन्त्रण कायम रहेको हुन्छ । यसमा जगते नवधनाढ्य वर्गका रूपमा रहेको हुँदा उसले हर्केलाई आर्थिक दृष्टिले प्रभावित पारेको छ । जगते आर्थिक रूपमा सबल भएकाले उसले हर्केलाई तीन सय रुपैयाँ ऋण दिनुका साथै स्थानीय पञ्चायतको स्वीकृतिमा पाटीमा बस्ने अधिकारसमेत कायम गरिदिएको छ । यसबाट हर्केले जगतेसँग विद्रोह गर्न नसकेको र उसले जगतेकै लहलहैमा लागेर चोरी कार्यमा संलग्न हुँदा सोह्र वर्ष जेल जीवन बिताउनु परेको यथार्थ उपन्यासमा प्रस्तुत गरिएको छ । त्यस्तै हर्के साहिँलाले सर्पो मुखियालाई सयकडा पाँच र बैङ्कका कर्मचारीलाई सयकडा दश कमिसन दिएर घरजग्गा धितोमा राखी कृषि विकास बैङ्कको तीन हजार ऋणमा किनेको भैंसी मर्दिनाले उसको घरजग्गा लिलाम भएको यथार्थ उपन्यासमा उल्लेख भएको पाइन्छ । यस प्रकार पुँजीवादी अर्थ व्यवस्थामा निर्मित वर्गीय सम्बन्धका माध्यमबाट उपन्यासमा सामाजिक यथार्थको अभिव्यक्ति भएको छ ।

प्रस्तुत उपन्यासमा सामाजिक सम्बन्धलाई आन्तरिक तथा बाह्य आधारमा खोज्ने क्रममा आर्थिक र सामाजिक दुवै दृष्टिकोणलाई प्रस्ट पार्ने काम गरिएको छ । समाजमा जुनसुकै आधारमा आर्थिक उपार्जन गर्न खोज्ने जगतेको चरित्रका सन्दर्भमा हर्केको मनोतरङ्ग यस्तो छ- "ऊ (जगते) चोरी र डकैती गराउन सक्छ भने स्वास्नी मान्छेलाई बेच्ने व्यापार पनि त गर्न सक्छ (१०१) ।" सम्बद्ध भनाइमा जगतेको आर्थिक सहयोगबाट थिचिएर जेल

सजायसम्म भोग्न बाध्य पारिएको हर्केका जहान परिवारलाई उसले पारिवारिक संरक्षणका निहुँमा शारीरिक शोषण गरी आम्दानी गर्ने साधनको रूपमा प्रयोग गरेबाट तत्कालीन नेपाली समाजको यथार्थ आर्थिक सामाजिक सम्बन्धका आधारमा निरूपण भएको छ। जगतेले आफ्ना घरमा केटी, रक्सी र जुवाको सुविधा उपलब्ध गराएर राष्ट्रको निर्णायक तहमा बसेका महत्त्वपूर्ण मानिसलाई आफ्नो इच्छाअनुसार उपयोग गर्दै ठेक्का पट्टा र तस्कर व्यवसाय सञ्चालन गर्ने, अर्काकी श्रीमती र छोरीलाई अनेक षड्यन्त्रको तानाबाना बुनेर बलात्कार गर्ने तथा यौनव्यापार गरेर आफ्नो स्वार्थ सिद्ध गर्ने जस्ता घृणित क्रियाकलापहरू तत्कालीन समाजमा विद्यमान आर्थिक सम्बन्धकै प्रतिफल भएको कुरा उपन्यासमा देखाइएको छ।

प्रस्तुत उपन्यासमा विपन्न वर्गको पारिवारिक सम्बन्धले राम्रै स्थान पाएको छ। जुनेलीप्रति उसकी आमाको स्नेह प्रगाढ देखिन्छ। छोरीकै मुख हेरेर जगतेले आफूप्रति गरेको घोर अपमान र पीडालाई सहँदा पनि छोरीलाई समेत जगतेले क्रूर कामुक दृष्टिले हेर्न थालेपछि भने उसको धैर्यको बाँध टुटेर छोरीको इज्जत जोगाउन आफ्नै ज्यान दिएको छ (२१०)। त्यस्तै खानी खोलाको बगरमा भैँसी चराउँदा चुरोटको आदानप्रदानबाट बोलचाल सुरु भएर हर्के र झुनेको सम्बन्ध विवाहमा परिणत भएदेखि ऊ आफ्नो जहान परिवारकै सुखका लागि आद्यान्त क्रियाशील देखिन्छ। यही कारण ऊ जगतेको षड्यन्त्रको जालोमा फस्दै गएर जेलभित्र परेपछि पनि ठाडै शोषण गर्ने भुस्तिघ्रे कैदीलाई घाँटी अँचेटेर मार्न लागे पनि परिवार नै सम्झेर छोडी दिएको छ। ऊ जेल बस्दा कमाएको पैसाले समेत श्रीमती तथा छोरीका लागि लुगाफाटा किन्न बिर्सेको छैन। जेलबाट छुटेपछि जगतेको कुटिल षड्यन्त्रलाई बुझेर उसप्रति घृणाको भाव व्यक्त गरे पनि तबसम्म जाइलागेको छैन जबसम्म उसले आफ्नी श्रीमती र छोरीप्रति चरम दुर्व्यवहार गरेको थियो भन्ने थाहा पाउँदैन। त्यो कुरा थाहा पाएपछि भने उसको धैर्यको सीमा टुटेको छ र ऊ जगतेमाथि रुखो ढङ्गमा जाइलागेको छ। यसबाट हर्केको पारिवारिक सम्बन्ध गहिरो भएको पुष्टि हुन्छ। यस्तै उपन्यासमा चन्द्रे र उसकी आमाको स्नेहपूर्ण सम्बन्धका साथै चन्द्रे र जुनेलीले पेट पाल्नका लागि संयुक्त रूपमा गरेका सङ्घर्षमाथि पनि प्रकाश पारिएको छ। विपन्न वर्गका मानिस र घरपालुवा पशुबिच पनि गहिरो स्नेह सम्बन्ध हुन्छ भन्ने कुरा चन्द्रे र उसको सेती भैँसीबिचको सम्बन्धबाट देखाइएको छ। यसरी व्यक्ति, परिवार, समुदाय र समाज आपसी सहयोगमा अघि बढेको हुन्छ भन्ने कुरा उपन्यासमा उनीहरूका बिचमा रहेको पारिवारिक तथा सामाजिक सम्बन्धका माध्यमबाट देखाइएको छ।

*भोक र भित्ताहरू* उपन्यासमा प्रविष्ट घटनाहरू नेपाली समाजको अन्तरङ्गलाई बुझाउने गरी प्रस्तुत भएका पाइन्छन् । हर्के साहिँलाको जीवनसँग जोडिन आएकी उसकी पत्नी भुने, छोरी जुनेली, मित्रका रूपमा देखिएर पनि शत्रुको व्यवहार गर्ने जगते, जुनेलीको मित्र बनी सम्पर्कमा आएका चन्द्रे जस्ता पात्र उपन्यासको कथ्यलाई डोऱ्याउनका लागि समावेश भएका छन् । यस्तै माहुरी साहु र चन्द्रेको बाबु साहु र रिनीका सम्बन्धमा रहेका छन् । शेशे मुखिया गाउँको सामन्तका रूपमा रहेको छ । यस प्रकार उपन्यासमा प्रस्तुत पात्रहरू आपसमा जोडिएर सामाजिक सम्बन्धमा गाँसिएका छन् । तत्कालीन समाजमा अपराध गर्ने मानिसहरू निर्धक्कसँग छाती फुलाएर हिँडिरहेका तर निर्दोष व्यक्ति सजाय भोग्न विवश भएको विषयले उपन्यासको कलेवर निर्माण भएको छ । यिनै आन्तरिक तथा बाह्य सम्बन्धका आधारमा उपन्यासमा प्रयोग भएका पात्रहरू विश्लेषित देखिन्छन् । यही कोणबाट विष्टको *भोक र भित्ताहरू* उपन्यासमा सामाजिक सम्बन्धको खोजी आन्तरिक तथा बाह्य आधारमा गरिएको छ ।

प्रस्तुत उपन्यासमा चन्द्रे र उसकी आमाको स्नेहपूर्ण पारिवारिक सम्बन्धलाई पनि स्थान दिइएको छ । यस सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "ऊ आफ्नै आमाका आँखालाई सम्झन थाल्छ । उसकी आमाका आँखाले उसलाई भोक लाग्यो भनेर भन्दै नभनेको भए पनि उसको भोकको ज्वालालाई बुझिहाल्ने थिए (५४) ।" सम्बद्ध भनाइबाट आमाछोराका बिचमा हुने आत्मीयता र ममतालाई स्वतः बुझिने सम्बन्धको रूपमा हेरिएको छ । बाबुका बारेमा उसलाई राम्रो सम्झना नभएकाले उसका लागि बाबु पनि आमा नै र आमा पनि आमा नै बन्न गएको र आमाकै छत्रछायाँमा उसको बाल्यकाल बितेको सामाजिक यथार्थलाई अभिव्यक्ति दिइएको छ ।

### २.३.४ ज्योति ज्योति महाज्योति उपन्यासमा सामाजिक सम्बन्ध

*ज्योति ज्योति महाज्योति* उपन्यासमा तत्कालीन सांस्कृतिक, राजनीतिक र आर्थिक आधारमा निर्मित सामाजिक सम्बन्धमा आधारित सामाजिक जीवनको विश्लेषण गरिएको छ । उपन्यासमा निम्न आर्थिक अवस्थाका मानिसहरूले सामाजिक सम्बन्धका आधारमा समाजमा आर्थिक उपार्जन गर्ने पद्धति अपनाएको पाइन्छ । प्रस्तुत उपन्यासमा सुभद्रा बजैले विभिन्न पर्वमा पशुपतिमा लाखबत्ती बाल्न, भोग लगाउन वा पञ्चामृतले स्नान गराउन आउने परिवारका मान्छेसँग कुनै न कुनै किसिमले सम्बन्ध गाँसेर तिनका घरमा आवतजावत गर्ने र त्यसबाट आर्थिक उपार्जन गर्ने गरेको पाइएको छ । यस सन्दर्भलाई प्रस्ट पार्दै यस्तो लेखिएको

छ- "तिनी येनकेन प्रकारेण मान्छे पनि पुऱ्याइदिने गर्थिन फर्माइसकर्ताहरूकहाँ तर जति पुऱ्याए पनि भद्रभलादमीकहाँ मान्छेको खाँचो भै नै रहने भएकाले तिनी पशुपति क्षेत्रमा देखिएका झुम्रे झाम्रे र झुम्री झाम्रीसँग कुनै न कुनै किसिमले नाता गाँस्न पुगिहाल्थिन (७९) ।" यस अभिव्यक्तिमा सुभद्रा बजैले पशुपति क्षेत्रमा देखा पर्ने अनजान मानिसहरूसँग नाता गाँसेर तिनीहरूलाई आफ्ना परिचितकहाँ पुऱ्याउने गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । यसबाट ती परिवारले उसलाई आर्थिक सहयोग गर्ने गरेको देखिन्छ। सुभद्रा बजैका माध्यमबाट समाजमा विद्यमान आर्थिक तथा सामाजिक सम्बन्ध देखाइएको छ ।

प्रस्तुत उपन्यासमा राजनीतिक सम्बन्धका माध्यमबाट सामाजिक यथार्थ अभिव्यक्ति भएको छ । बाबुको निधनपछि समाजमा एक्कासि गुमेको प्रतिष्ठालाई कायम गर्न पैसा नै हुनुपर्छ भन्ने लागेकाले राजभाइले गुप्त किसिमले हिप्पीहरूलाई चरेस बेच्ने काम गरेको छ । उसले त्यतिले मात्र चित्त बुझाउन नसकी पैसा आर्जन गर्ने अर्को उपायका सम्बन्धमा चट्टु काजी र प्याण्टे बाजेसँग छलफल गर्दा राजनीति नै त्यस्तो उपाय भएको कुरा उपन्यासमा चित्रण गरिएको छ । यस विषयलाई थप स्पष्ट पार्न उपन्यासकार विष्ट यसरी प्रस्तुत भएका छन्- "पैसा आर्जन गर्ने अर्को उपायको सम्बन्धमा बाह्रमासेमा थुनामा परी छुटेर आएका चट्टुकाजी र प्यान्टे बाजेसँग छलफल गर्दा त्यसको निम्ति राजनीति नै उत्तम उपाय हो भन्ने ठहर गर्दिएकाले राजनीतिको डम्फु बजाउँदै आइरहेको थियो ऊ पछिल्लो पाँच वर्षदेखिन् (७८) ।" सम्बद्ध भनाइले तत्कालीन नेपाली समाजमा राजनीति समाज सेवाका लागि नभई सत्ता र शक्तिका लागि हुने गरेको नेपाली समाजको अर्थ-राजनीतिक सम्बन्ध उपन्यासमा अभिव्यक्त भएको छ। तत्कालीन अनुदार राजनीतिक सम्बन्धकै कारण गजराज बाजेले सरकारी विद्यालयको शिक्षक पद गुमाउनु परेको कुरा पनि उपन्यासमा चर्चा गरिएको छ । यस्तै पशुपतिनाथको पूजाका लागि दक्षिण भारतका भट्ट पण्डितलाई नियुक्त गर्ने परम्पराअनुसार दक्षिण भारतको महाविद्यालयमा पत्राचार गरेर पण्डित छनोट गर्न लगाई पशुपतिमा पुजारी नियुक्ति गरेको विषयको प्रस्तुतिबाट उपन्यासमा नेपाल र भारतबिचको सांस्कृतिक सम्बन्ध देखाइएको छ ।

प्रस्तुत उपन्यासमा आर्थिक सम्बन्धले पारेको सामाजिक प्रभावसमेत देखाइएको छ । कर्मचारी र व्यापारीको मिलोमतोमा सरकारी कार्यालयमा हुने अनियमिततालाई प्रस्तुत गरिएको सम्बन्धमा उपन्यासकारकारले लेखेका छन्- "सेठ धनीरामको का.मु. निर्देशक शाहसँग त्यही बेलादेखिन् सम्बन्ध कायम हुँदै आएको छ, जुन बेला का.मु. निर्देशकको पदमा बसेको

छ महिना मात्र भएको थियो । सेठ धनीरामको लिमिटेड कन्स्ट्रक्सनबाट परेको कहिले मालसामान ल्याउने त कहिले बिल्डिङ र परखाल बनाउने टेण्डर कैयन् पल्ट स्वीकृत गरेका छन् निर्देशक शाहले (३४९) ।” सम्बद्ध भनाइबाट तत्कालीन समयमा कर्मचारीले व्यापारीसँग मिलेर गर्ने आर्थिक अनियमितता र समाजमा व्याप्त आर्थिक भ्रष्टाचार तथा त्यसले निर्माण गरेको आर्थिक सामाजिक सम्बन्धतर्फ सङ्केत गरिएको छ । यस्तै सेठ धनीरामले घाइते शङ्करलाई आफ्नो घरमा कैद गरी राखेर उसलाई सिद्ध पुरुषका रूपमा प्रचार गरेको छ । यस्तो हल्ला फिँजिएपछि समाजका नेता, व्यापारी लगायतका मानिसहरूले आफ्नो मनोकामना पूरा गर्न दानदक्षिणाका साथ उसको दर्शन गर्ने गरेका छन् । यसबाट उपन्यासमा एकातिर मानिसहरू स्वार्थका कारणले अन्धविश्वासी भएको चित्रण गरिएको छ भने अर्कातिर धनीरामले घाइते शङ्करलाई समेत आर्थिक स्रोत उत्पादन गर्ने माध्यम बनाएको छ । यसरी समाजमा विद्यमान निम्नपुँजीवादी आर्थिक-सामाजिक सम्बन्धका माध्यमबाट उपन्यासमा सामाजिक यथार्थको अभिव्यक्ति भएको छ ।

प्रस्तुत उपन्यासमा पण्डित दिनानाथले आमाबाबुबाट सडकमा परित्यक्त बालक परशुलाई सडकबाट उद्धार गरेका छन् । उसलाई अभिभावकत्व प्रदान गरेका छन्, उसको पालनपोषण मात्र होइन, शिक्षादीक्षाको व्यवस्थासमेत गरिदिएका छन् । यसरी पालिएको परशु बनारसबाट उच्च शिक्षा हासिल गरेर सुभद्रा बजैकहाँ बसिरहेको अवस्थामा दिनानाथले भेट्दा आफ्नै घरमा आश्रय दिएको विषयबाट उपन्यासमा समाजमा विद्यमान पारिवारिक सम्बन्धको पुष्टि भएको छ । यस सम्बन्धमा औपन्यासिक पात्र दिनानाथले आफ्ना भनाइ यसरी राखेका छन्- “के यहाँ कोठा खाली छैन र ? के यो तिम्रो घर होइन र ? (२९६) ।” सम्बद्ध भनाइबाट उपन्यासमा पण्डित दिनानाथ र शङ्करका बिचमा रहेको पारिवारिक तथा आत्मीय सम्बन्ध पुष्टि भएको छ । यस्तै सुभद्रा बजैले कविराज दिनानाथलाई तिहारमा टिका लगाइदिएकाले दुवै परिवारका बिच पारिवारिक सम्बन्ध कायम भएको पाइन्छ भने प्रजाम्बी र परशुले गजराज बाजेबाट शिक्षा आर्जन गरेको हुँदा यिनीहरूका बिचमा गुरुशिष्य सम्बन्ध रहेको छ ।

*ज्योति ज्योति महाज्योति* उपन्यासमा समाजमा विद्यमान सामाजिक सम्बन्धहरू खुकुला हुँदै गएर त्यसमा परिवर्तन समेत हुँदै गएको विषयले प्रवेश पाएको छ । गुरुकुलका विद्यार्थीहरू आफ्ना गुरुका लागि ज्यान दिनसमेत तत्पर हुने परम्परागत गुरुचेलाको सम्बन्धमा हाल भने ठुलो  परिवर्तन आएको देखिन्छ । परिवर्तित गुरुचेलाका सम्बन्धबारे उपन्यासकार विष्टले लेखेका छन्- “आजभोलिको गुरु-चेलाको बीचमा त्यस्तो किसिमको सम्बन्ध रहँदैन ।

आजभोलि त बरु गुरु र चेलाको बीचमा नाटकीय मञ्चको जोक्कर नाटक हेर्न बसेका दर्शकहरूको झैँ सम्बन्ध पो त विकास हुँदै आइरहेको छ (१२४) ।" यस भनाइले पहिलेको समयमा गुरुचेलाका बिचमा जुन किसिको सम्बन्ध हुने गर्थ्यो आजको समयमा त्यस किसिमको सम्बन्ध हुन छोडेको र समाजको विकासको गतिसँगै मानवीय सामाजिक सम्बन्धहरू साँघुरिदै गएकोतर्फ सङ्केत गरेको छ ।

### २.३.५ हिमाल र मान्छे उपन्यासमा सामाजिक सम्बन्ध

*हिमाल र मान्छे* उपन्यासमा आर्थिक आधारमा सामाजिक सम्बन्धको खोजी गरिएको छ । लाक्पा नुर्बुको व्यवहारलाई अनुशीलन गर्ने हो भने उसले माननीय अर्थात् राष्ट्रिय पञ्चायत सदस्यसँग गरेको व्यवहार आफ्नो व्यापार वृद्धि गरेर धन कमाउनका लागि रहेको छ। यसबाट समाजका मानिसहरू जुनसुकै आधारमा आर्थिक उपार्जनको बाटोमा लाग्ने गरेको यथार्थ उपन्यासमा व्यक्त भएको छ। त्यसर्थ यस्ता मानिसहरूको व्यवहार सामान्यतः समाजका मानिसहरूले गर्ने व्यवहारभन्दा फरक हुने गरेको पाइन्छ। लाक्पा नुर्बुले आर्थिक उपार्जनका लागि राजनीति र निकासी पैठारीसम्बन्धी व्यवसायलाई सँगसँगै अँगालेको पाइन्छ। त्यसका लागि उसले संसद्का माननीयहरूलाई डिस्कोमा लैजानुका साथै आफ्नै घरमा समेत आमन्त्रण गरी स्वागत सत्कार गर्ने गरेको छ (४४) । यस प्रकारको सम्बन्ध कायम गरेर सुनचाँदी ल्याउने लाइसेन्स, बिजुलीको तार तान्ने र भवनहरू बनाउने ठेक्काका साथै देश विदेशमा सामानहरू निकासी पैठारी गर्ने इजाजत पत्र प्राप्त गरेको छ । लाक्पा नुर्बुले यस कामका लागि मन्त्रीहरूलाई समेत उपयोग गर्ने गरेको छ। यसरी उपन्यासमा लाक्पा नुर्बुले सामाजिक राजनीतिक सम्बन्धका माध्यमबाट व्यापार प्रवर्धन गरी आर्थिक लाभ गरेको पाइन्छ।

प्रस्तुत उपन्यासमा आन्तरिक तथा बाह्य सम्बन्धको प्रयोग तत्कालीन नेपाली समाजको यथार्थ पर्यवेक्षण गर्ने सिलसिलामा गरिएको छ। विशेषतः बाह्य सम्बन्धको भूमिकामा आर्थिक आधार प्रकट भएको पाइन्छ। यहाँ मूलतः पेमा दोर्जीले हिमाल आरोहणमा सफलता प्राप्त गरेपछि उसको परिवारलाई हेर्ने दृष्टिकोणमा ठुलो परिवर्तन आएको छ किनभने पेमा सुन्दरले आफ्नी छोरी आङरिगुका लागि उसकहाँ विवाहको प्रस्ताव नै लिएर गएको छ। यस सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "खुम्जुङ र त्यसको सेरोफेरोको गाउँमा त्यो समाचार फैलिएपछि पेमा दोर्जीकी आमा लाक्पा डोमा छोपिँदै गएकी थिई इष्टमित्र र नाता कुटुम्बहरूबाट सगुनस्वरूप ल्याइएका खादा र छ्याङ भरिएको जर्किन, जेदुङ्ग र शिशीहरूले (१९) ।" यस भनाइमा पेमा दोर्जीले हिमाल आरोहण गरेर घर फर्केपछि समाजमा उसको

परिवारलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको कुरातर्फ सङ्केत गरिएको छ । यसले उनीहरूप्रतिको सामाजिक सम्बन्ध फेरिएको छ । यसबाट समाजमा सम्बन्धहरू कसरी परिवर्तन हुन्छन् भन्ने कुरा पुष्टि भएको छ । त्यसैले यस विषयको प्रस्तुतिबाट उपन्यासमा सामाजिक तथा सांस्कृतिक सम्बन्ध प्रकट भएको छ ।

सामाजिक सम्बन्ध आर्थिक तथा राजनीतिक आधारमा पनि व्यवस्थित बनेको पाइन्छ। यस उपन्यासको पात्र लाक्पा नुर्बुले मन्त्रीहरू, सचिवहरू तथा राष्ट्रिय पञ्चायत सदस्यहरूलाई आफ्नो व्यापार प्रवर्धनका लागि उपयोग गर्न खोजेको यथार्थ उपन्यासमा उल्लेख गरिएको छ । लाक्पा नुर्बुले उनीहरूलाई आर्थिक दृष्टिले प्रभावित बनाएको चित्रण गरिएको छ । ऊ आर्थिक दृष्टिले सम्पन्न भएको हुँदा उसले समाजका ठुलाठालु व्यक्तिहरूसँग सम्बन्ध कायम गरेको विषयले उपन्यासमा आर्थिक रूपमा निर्धारण हुने सामाजिक सम्बन्धलाई पुष्टि गरेको छ ।

विवेच्य उपन्यासमा सामाजिक सम्बन्धका माध्यमबाट आर्थिक र राजनीतिक दुवै दृष्टिकोणलाई प्रस्ट पार्ने प्रयास गरिएको छ । यसमा आर्थिक आधारमा लाक्पा नुर्बुको चरित्र चित्रण गर्दै उसले समाजमा जुनसुकै दृष्टिबाट आर्थिक उपार्जन गर्ने काम गरेको विषयबाट सामाजिक सम्बन्ध स्थापित भएको छ। उसले एकातिर राजनीति र निकासी पैठारी व्यवसायमा लागेर आफूलाई सम्पन्न मानिसको दाँजोमा पुऱ्याउन आवश्यक ठानेको देखिन्छ भने अर्कातिर उच्च पदस्थहरूको सेवा चाकरीबाट राजनीतिक क्षेत्रमा लागेर सत्ता र शक्ति आर्जन गर्न चाहेको यथार्थ उपन्यासमा व्यक्त भएको छ । त्यसका लागि गाउँ जाने बेलामा विकासका नाउँमा केही न केही योजना र सरकारी सरसामान तथा नगदी लिएर जाने एवम् गाउँमा रहेका प्रशासक तथा प्रहरीसँग सुसम्बन्ध कायम गरिराख्न र उनीहरूका लागि कोसेलीको राम्रो व्यवस्था गर्ने गरेको उपन्यासको कथ्यबाट पुष्टि भएको छ (४५) ।

प्रस्तुत उपन्यासमा तत्कालीन राजनीतिक सम्बन्धलाई पनि देखाइएको छ । यही राजनीतिले समाजका अन्य सम्बन्धलाई निर्धारण गरेको हुन्छ । समाजमा राजनीतिक सत्ता र शक्ति प्राप्तिको साधनका रूपमा रहेको हुन्छ । यति मात्र होइन, चुनावका मौकामा कमाउने अवसरको खोजी हुने नेपाली समाजको राजनीतिक सम्बन्धलाई उपन्यासमा देखाइएको छ । यसबाट समाजको यथार्थ सम्बन्ध उपन्यासमा व्यक्त भएको छ । तत्कालीन समयमा राष्ट्रिय पञ्चायत सदस्य हुने चाहना समाज सेवाको भावनाबाट अभिप्रेरित भएर नभई व्यक्तिगत लाभका लागि गरिएको प्रपञ्चबाट भएको राजनीतिक सम्बन्धलाई देखाइएको छ । जनतालाई

बाहिर देखावटी कुरा गर्ने र सुनाउने गरेको यथार्थतर्फ उपन्यासको चिन्तन प्रस्तुत भएको छ । तत्कालीन समयको राजनीतिलाई प्रतिविम्बित गर्दै *हिमाल र मान्छे* उपन्यासको वस्तुवादी चिन्तनलाई सामाजिक सम्बन्धका आधारमा उजागर गरिएको छ । यस विषयमा प्रस्ट पार्दै उपन्यासकारले लेखेका छन्- "फेरि त त्यसै त्यसै आत्तिएको थियो उसले चुनावमा खर्च गरेको पैसा नउठ्ने भयो भनेर (२०४) ।" सम्बद्ध विषयले एकथरि मानिसका दृष्टिमा समाजमा राजनीति केवल कमाउनका लागि मात्र हो भन्ने देखाइएको विषय राजनीतिक सम्बन्धका आधारमा पनि पुष्टि भएको छ ।

सामाजिक सम्बन्ध समाजको आर्थिक राजनीतिक संरचनाले निर्धारण गर्ने गर्दछ किनभने वर्गीय समाजमा सामाजिक सम्बन्धका बहुआयाम भेटिन्छन् । उच्च वर्गीय समाजमा जुन प्रकारको सामाजिक सम्बन्ध कायम भएको हुन्छ, निम्न वर्गीय समाजमा त्यस प्रकारको सम्बन्ध नहुन पनि सक्छ । यस उपन्यासमा लाक्पा नुर्बु जस्ता पात्रका जीवनमा देखा पर्ने सम्बन्ध र पेमा सुन्दर, पेमा दोर्जी, निमा, आलम आदि पात्रका बिचमा रहेको सम्बन्धका स्वरूपमा भिन्नता देखिन्छ । यस प्रकार समाज व्यवस्थाअनुरूप नै सामाजिक सम्बन्धको विकास भएको पाइन्छ । यसरी विष्टका उपन्यासमा अभिव्यक्त सामाजिक सम्बन्धको खोजी आन्तरिक तथा बाह्य आधारमा गरिएको छ ।

प्रस्तुत उपन्यासमा बिसौं शताब्दीमा समेत बाँचिरहेका सामन्ती सामाजिक संरचनाका अवशेषहरूलाई देखाउने क्रममा एकातिर हिमालमा बस्ने शेर्पाहरूको सरल प्रकृतिको समाज र संस्कृतिको यथार्थ चित्रण गरिएको छ भने अर्कातिर लाक्पा नुर्बुका माध्यमबाट त्यही समाजभित्रको सामन्ती समाजको अभिव्यक्ति गरिएको छ । नेपाली सामन्ती सामाजिक संरचनामा निर्मित सामाजिक सम्बन्ध परम्परागत प्रकृतिको रहेको कुरा लाक्पा नुर्बुको चरित्रबाट पुष्टि हुन गएको छ । यस सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "जे होस् उसले यस उमेरसम्म जम्मा पारेको बाह्रवटी स्वास्नीहरूमध्ये कसैले पनि ममाथि सौता हाल्यो भनेर न प्रहरी चौकी वा ठानामा उजुर बाजुर नै गरेका छन् न त अदालतमा नालिस नै दिएका छन् (४१) ।" यसबाट उपन्यासमा परम्परागत अभिजात्य संस्कार र संस्कृतिको जगमा निर्मित सामाजिक सम्बन्धको अभिव्यक्त भएको छ । त्यस्तै लाक्पा नुर्बुको व्यक्तित्व पञ्चायती प्रजातन्त्रको परिपाटीमा फस्टाएर पनि उसले वास्तविक प्रतिनिधित्व चाहिँ राणाकालीन समयको गर्दै आइरहेको कुरा उसको सामन्ती व्यवहारबाट पुष्टि हुन गएको र यसबाट उपन्यासमा सामन्ती सामाजिक सम्बन्धलाई देखाइएको छ । सामन्ती पितृसत्तात्मक चिन्तन

बोकेका मान्छेले बहुपत्नी राख्नु तत्कालीन नेपाली समाजको सामाजिक यथार्थ बन्न गएको छ । यसबाट तत्कालीन समाजमा नारीप्रतिको दृष्टिकोण तथा नारीलाई भोग्याका रूपमा मात्र हेर्ने सामन्ती पितृसत्तात्मक प्रचलनलाई उपन्यासमा उजागर गरिएको छ । पेमा दोर्जीलाई भने गाउँको सरल व्यवहार भएको मानिसका रूपमा देखाइएको छ र गाउँका धनाढ्य व्यक्ति लाक्पा नुर्बुको आकर्षणमा परेकी उसकी श्रीमती आङरिगुबाट उसप्रति गरिएको असहिष्णु व्यवहारलाई पनि यसमा देखाइएको छ । त्यस्तै यसमा एकातिर बाल्यकालीन साथीका रूपमा रहेका पेमा दोर्जी र निमाबिचको सुमधुर सम्बन्धलाई देखाइको छ भने अर्कोतिर आङरिगुद्वारा भने उनीहरू शङ्काका दृष्टिले हेरिएका छन् । यही क्रममा पेमा दोर्जीका छोरा रिन्जिङ्ग र निमाकी छोरी आलमबिचको प्रेम विवाहमा परिणत हुँदा यिनीहरू पतिपत्नीका रूपमा र बाबुआमा चाहिँ सम्धीसम्धिनीका सम्बन्धमा गाँसिएका छन् । यसरी *हिमाल र मान्छे* उपन्यासमा प्रयोग भएका हरेक पात्र सामाजिक सम्बन्धमा जोडिएका छन् र यसबाट हिमाली जिल्ला सोलु तथा त्यस वरपर रहेको समाजको सामाजिक, आर्थिक र राजनीतिक सम्बन्ध अभिव्यक्त हुनुका साथै त्यसैका माध्यमबाट त्यहाँको भौगोलिक तथा सामाजिक यथार्थ अभिव्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा आन्तरिक सम्बन्ध पारिवारिक समस्यासँग जोडिएको छ किनभने यसमा तत्कालीन सामाजिक समस्याका अतिरिक्त पारिवारिक समस्यालाई पनि उठान गरिएको छ । उपन्यासमा पेमा दोर्जी र आङरिगु विवाह बन्धनमा बाँधिएर छोरा रिन्जिङ्गको जन्म भए पनि जन्म दिने आमाले छोरालाई दुध नपिलाउनु, आमाले हेला गर्दा पनि बाबुसँगै हुर्केको रिन्जिङ्गले सगरमाथाको सफल आरोहण गरेपछि त्यसको श्रेय बाबुले मात्र पाउने भए भन्ने ईर्ष्याका कारण आफ्नै श्रीमान्लाई पिलाउन खोजेको विष कारणवश छोराले पिउन पुग्नु र डाक्टरको सहयोगबाट छोरो निको हुनु, विष पिलाउनेको खोजीनिती गर्दा आङरिगुलाई दोषी करार गरी हत्कडी लगाइनु जस्ता विषय पारिवारिक तथा सामाजिक सम्बन्धमा देखा परेका अन्तर्विरोध तथा समस्या हुन् (२६५) । पारिवारिक तहमा देखा परेका यस्ता अन्तर्विरोधहरूबाट उपन्यासमा पुरानो सामाजिक सम्बन्ध बिस्तारै विघटित भएर नयाँ सामाजिक सम्बन्ध विकसित हुँदै गइरहेको यथार्थ उपन्यासमा प्रस्तुत गरिएको छ ।

## २.४ दौलतविक्रम विष्टका उपन्यासमा सांस्कृतिक सन्दर्भ

समाज र संस्कृति एक-अर्काका परिपूरक मानिन्छन् । उपन्यासमा जीवनसँगै संस्कृति पनि अभिव्यक्त भएको हुन्छ किनभने जीवन र संस्कृति अभिन्न रूपमा गाँसिएका हुन्छन् ।

जीवनयापनका क्रममा मानिसले सामूहिक रूपमा हासिल गर्ने ज्ञान या बौद्धिकताको समुच्चयलाई संस्कृति भन्न सकिन्छ । संस्कृति 'कृति' आधारपदमा 'सम्' उपसर्ग लागेर बनेको शब्द हो । संस्कृतिभित्र मानिसका सामूहिक बौद्धिकताका सम्पूर्ण भौतिक अभौतिक पक्षहरू अर्थात् मूल्य, मान्यता, धर्म, दर्शन, विज्ञान, प्रविधि परम्परा, कला, सङ्गीत, मनोरञ्जन, सङ्घर्ष, अनुष्ठान आदि समग्र पक्षहरू समाहित भएका हुन्छन् । नेपाली बृहत् शब्दकोशमा यसलाई 'कुनै वस्तुलाई परिमार्जन गरेर निक्खर रूप दिने काम, परिष्कार, संस्कार, कुनै राष्ट्र वा जातिको सामाजिक जीवन आदिमा प्रतिविम्बित हुने र तिनका कला कौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप' आदि भनी परिभाषित गरिएको छ । यसरी मान्छेले निर्माण गरेका मानसिक, वैचारिक र परम्परागत धारणालाई संस्कृति भनिन्छ ।

संस्कृति शब्द 'संस्कार' बाट बनेको हो भन्ने मत पनि छ । यसको अर्थ 'शुद्धि क्रिया' भन्ने हुन्छ । यहाँ 'शुद्धि क्रिया' को तात्पर्य पवित्रता नभएर सामाजिकता हो । यसबाट मनुष्यलाई सामाजिक प्राणी बनाउन जति पनि तत्त्वहरूले योगदान दिन्छन्, ती सबै संस्कृतिभित्र पर्दछन् भन्ने बुझिन्छ । रबर्ट बिरस्टिडले संस्कृतिलाई एउटा मनुष्यबाट अर्को मनुष्यलाई, एउटा समाजबाट अर्को समाजलाई अलग्याउने आधारका रूपमा प्रस्तुत गरेका छन् । उनका विचारमा जसमाथि हामी विचार गर्छौं, कार्य गर्छौं र समाजको सदस्य हुनुका नाताले आफूसँग सुरक्षित राख्छौं, त्यो संस्कति हो (गिरी १३) । यो सामाजिक अर्थव्यवस्थामा प्रतिविम्बित हुने र तिनका कला-कौशल, बौद्धिक विकास आदिमा प्रकट हुने आचार, विचार, रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप खप्टिने यावत् मान्यता, भावना, चिन्तन, मनन, भौतिक अभिव्यक्तिहरूसमेतको समूह, साधना, साहित्य, इतिहास आदि विभिन्न विषय वा मूल्य परम्पराको समष्टि नाम संस्कृति हो (शिवाकोटी १३२७) । समग्रमा संस्कृति मानव चेतनाको उपज र मानव निर्मित जीवन शैलीको प्रकटीकरण हो । यसलाई परम्पराले निर्माण गर्दै ल्याएको हुन्छ । यो समय क्रममा परिवर्तन हुँदै जाने विषय हो । संस्कृति भौगोलिक परिस्थिति र पर्यावरणीय अवस्थाका आधारमा फरक फरक हुन्छ ।

संस्कृतिलाई मनुष्य निर्मित दोस्रो प्रकृति पनि भनिन्छ । यसबाट संस्कृति मनुष्यकृत हुन्छ भन्ने स्पष्ट हुन्छ । मनुष्य निर्मित भौतिक र अभौतिक दुवै कुराहरू यसभित्र पर्दछन् । वेशभूषा, लवाइ, खवाइ र जीवन यापनका यावत् भौतिक वस्तु र साधन भौतिक संस्कृतिका कुरा हुन् भने विचार, धारणा, आचार आदि अभौतिक संस्कृतिअन्तर्गत पर्दछन् । भौतिक संस्कृतिलाई मूर्त संस्कृति र अभौतिक संस्कृतिलाई अमूर्त संस्कृति भनिन्छ । यिनलाई क्रमशः

वस्तुनिष्ठ संस्कृति र विचारनिष्ठ संस्कृति पनि भन्न सकिन्छ । भौतिक संस्कृतिले साहित्यमा विशेषतः वातावरण, कलात्मक भ्रम, आञ्चलिकता आदि सिर्जनामा प्रत्यक्ष र प्राथमिक काम गर्दछ तर यसो भन्नाको तात्पर्य यस काममा अभौतिक संस्कृतिले सघाउँदैन भन्ने चाहिँ होइन (प्रधान, भिक्टर २०८) । अभौतिक संस्कृतिले चाहिँ साहित्यमा मूलतः विचार, द्वन्द्व, सङ्घर्ष आदि पक्षलाई विशेष प्रभाव पार्दछ ।

कुनै पनि समाजको भौतिक प्रगतिलाई सभ्यता र सभ्यताको मानसिक, बौद्धिक तथा आध्यात्मिक पक्षलाई संस्कृति भनिन्छ (सिंह १२१) । उनले भौतिक प्रगतिका आधारमा संस्कृतिको निर्धारण हुने कुरा व्यक्त गरेका छन् । विभिन्न समाजमा आफ्नो संस्कृतिअनुरूप नारी र पुरुषको भूमिका पनि निर्धारण हुन्छ । यस्तो भूमिका नारी र पुरुषको क्षमताका आधारमा नभएर समाजको संस्कृतिअनुरूप हुने गर्दछ (पाण्डेय ८४) । उनका अनुसार मानवीय क्षमताभन्दा पनि समाजको संस्कृति बलवान् हुन्छ । त्यही समाजको संस्कृतिअनुरूप नै नारी, पुरुष, ठुला, साना, धनी, गरिब सबै जातजाति विशेषले आफूलाई अगाडि बढाएको हुन्छ ।

मार्क्सवादी विचारमा उत्पादनपद्धति र उत्पादन सम्बन्धद्वारा निर्मित आर्थिक आधारको उपरि संरचनामा हुने विचारधारात्मक प्रतिविम्बनलाई संस्कति भनिएको छ । यस्तै संस्कृति वर्गद्वन्द्व र सामाजिक सम्बन्धको अभिव्यक्ति हो जो शक्ति सम्बन्धहरूबाट निर्मित पनि हुन्छ र त्यसैमार्फत अभिव्यक्त पनि हुन्छ ।

साहित्यिक कृतिमा संस्कृतिको प्रयोग कुन रूपमा कसरी भएको छ भन्ने कुरालाई सांस्कृतिक सत्य भनिन्छ । सामाजिक जीवन र व्यवहारसँग प्रत्यक्ष सम्बन्ध रहेको संस्कृति स्वतः साहित्यमा प्रस्तुत हुन्छ । मानव जीवनका यावत् पक्षसँग सम्बन्धित भएको हुनाले यसको क्षेत्र व्यापक छ । जीवनका हरेक व्यवहारमा जस्तै साहित्यमा पनि सांस्कृतिक चित्रणको अध्ययन औचित्यपूर्ण विषय मानिन्छ । मानिसको पहिचानात्मक सम्बन्ध संस्कृतिका आधारमा स्थापित हुने हुँदा मानिसलाई एकबाट अर्को रूपमा छुट्याउने आधार धर्म र संस्कृति हो । संस्कृतिविनाको मानिस अपाङ्ग हुने गरेको यथार्थ समाजका अगाडि इतिहासले सिद्ध गरेको छ । संस्कृतिले एकातिर मानिसलाई मानव-समाजका अगाडि जीवन्त बनाएको पाइन्छ भने अर्कोतिर समाजका मानिसले सामाजिक भूमिका निर्वाह गर्दा संस्कृतिद्वारा निर्देशित हुने गरेको देखिन्छ । यसरी सामाजिक व्यवस्था, भूगोल र संस्कृति मानव समाज पहिचानका पक्ष मानिन्छन् र समाज व्यवस्थाका आधारमा यिनको उचित किसिमबाट समन्वय गर्दै उपन्यासको कलेवर निर्माण भएको भेटिन्छ ।

सामाजिक यथार्थवादले समाजका हरेक पक्षमा आफ्नो ध्यान केन्द्रित गर्दछ । यसले नैतिक विषयलाई वस्तुवादी मान्यतामा जोड्ने काम गर्दछ भने सांस्कृतिक चिन्तनलाई तथ्यका आधारमा विश्लेषण गर्दछ । समकालिक दृष्टिले समाजमा प्रचलनमा रहेका संस्कृतिलाई कुन तहसम्म उठान गर्ने यस विषयमा सामाजिक यथार्थवाद कलाको अन्तर्तहसम्म पुग्दछ र यसका मर्मलाई आवश्यकताका आधारमा बोध गर्दछ । यसरी नै संस्कृतिले समाजमा आफ्नो स्वकीय पहिचान बनाएको हुन्छ । संस्कृति समाजको परिचायक र समाज संस्कृतिको चिनारी दिने अवस्थामा रहेको पनि हुन्छ । हर्वट फाष्ट लेख्छन्-होमरका लागि देवता, राक्षस, भूतप्रेत र पिशाचहरू उनको संस्कृतिको एक हिस्साको रूपमा रहेका थिए । ती वस्तुहरू यथार्थको एक हिस्सा नभए पनि ती प्राचीन ग्रीसका जनताको सांस्कृतिक ढाँचाको एक हिस्सा थिए र त्यस रूपमा हामी तिनलाई स्वीकार गर्छौं (भण्डारी ३०) । यस्तै समाजले संस्कृतिलाई जीवन्त बनाउँछ भने संस्कृतिले समाजलाई अरूबाट भिन्न बनाउने सामर्थ्य राख्दछ । आपसी समन्वयका आधारमा समाज र संस्कृति एक अर्काका परिपूरक बनेका हुन्छन् । सामाजिक मान्यता फेरिँदै आउँदा सांस्कृतिक मान्यतामा पनि समकालीन चिन्तनअनुसार परिवर्तन आउँछ । समय सन्दर्भका दृष्टिले आदर्शका लेशबाट मुक्त भएको सांस्कृतिक विषय सामाजिक यथार्थवादमा अटाउन सक्दछ । समाजशास्त्रीय मान्यताका आधारमा पनि यो विषय सामाजिक यथार्थवादको सामाजिक, सांस्कृतिक सत्यका कोणबाट निरूपित हुन पुग्दछ ।

### २.४.१ मञ्जरी उपन्यासमा सांस्कृतिक सन्दर्भ

*मञ्जरी* उपन्यासमा सांस्कृतिक सत्य वस्तुगत यथार्थको खोजीका सन्दर्भमा आफैँ उपस्थित भएको पाइन्छ । यसमा नेपाली संस्कृतिलाई चिनाउनका लागि भन्दा पनि उपन्यासको कथानक अगाडि बढाउने सिलसिलामा सांस्कृतिक प्रयोग स्वतः देखिन आएको छ । मञ्जरीलाई विधवा भएको अनुभव उसको हातमा चुरा नभएपछि भएको छ । नेपाली समाजमा महिलाहरूले शृङ्गार प्रसाधनका सामान श्रीमान् जीवित रहेको अवस्थामा मात्र प्रयोग गर्न पाउने र श्रीमान्को मृत्युपछि चुरा, रातो टिका, मङ्गलसूत्र, पोते आदि लगाउन नपाउने नेपाली सांस्कृतिक परम्परा उपन्यासमा व्यक्त भएको छ । यसबाट उपन्यासमा परम्परागत सांस्कृतिक परिवेशको चित्रण हुनुका साथै उच्चवर्गीय सामन्ती सम्बन्धलाई समेत उपन्यासमा प्रस्तुत गरिएको छ । यस सम्बन्धमा मञ्जरीको भनाइ यस्तो छ- “कसले भन्नुपर्छ ? पुरानमा पनि त यस्तै कुरा आउँछ नि ! फेरि दिदी पनि यसै भन्नुहुन्थ्यो- ‘विधुबा भएर शृङ्गार नगर्नु, सिनेमा केही नहेर्नु !’ फेरि पण्डितबाजे पनि त्यसै भन्थे (११५) ।” सम्बद्ध भनाइमा विधवाले परम्परित

नेपाली धर्म संस्कृतिले निषेध गरेका कार्य तथा सामानहरूको प्रयोग गर्न नहुने कुरालाई उठाउँदै सांस्कृतिक सन्दर्भ व्यक्त गरिएको छ । यसका साथै छोरीको सानै उमेरमा विवाह गरिदिने र उसको भविष्यप्रति आमाबाबुले कुनै जिम्मेवारी लिन नचाहने तत्कालीन सामाजिक यथार्थतर्फ उपन्यासलाई जोड्ने काम गरिएको छ । यस प्रकार तत्कालीन समाजमा सम्बद्ध विषय नेपाली समाजको तत्कालीन सांस्कृतिक पहिचानको रूपमा उपन्यासमा प्रस्तुत भएको छ ।

विवेच्य उपन्यासमा मिश्रीबजै, मञ्जरी, कप्तान्नी मखना जस्ता पात्रहरूमा परम्परित नेपाली सांस्कृतिक प्रभाव पाइन्छ । यिनीहरूले समाजलाई देखाउनका लागि नभएर धर्म संस्कृतिप्रतिको निष्ठा तथा विश्वासबाट अभिप्रेरित भएर सांस्कृतिक अनुष्ठान सम्पन्न गरेको उपन्यासकारले चित्रण गरेका छन् । यस सम्बन्धमा उपन्यासकारले लेखेका छन्- “बेलुकीपख गाउँका धार्मिक कार्यमा उत्साही ठिटाहरूले मञ्जरीको इच्छानुसार नै केराको थाम, बाँसहरू बटुलेर आँगनको बिचमा यज्ञशाला तयार पारिदिए । आँपका पात, पीपलका पात र थरी थरीका फूलहरू घुसारेर यज्ञशालालाई सिंगारिदिए (४९) ।” उपन्यासको यस अभिव्यक्तिले नेपाली समाजमा घरमा पूजाआजा लगाउने परम्परित सांस्कृतिक सन्दर्भलाई उजागर गरेको छ । घरमा पूजा सम्पन्न गरिसकेपछि निम्तालुहरूलाई भोजन गराउने परम्परा नेपाली संस्कृतिको अभिन्न अङ्ग बनेको पनि यसमा देखाइएको छ । यस्तै ज्ञानी ब्रह्मचारीसँग त्याग र तपस्या सम्बन्धी प्रवचन सुन्नु अनि उसलाई दानदक्षिणा दिनु, कप्तानी मखनाले आफ्नो जन्मोत्सवमा तीन तीनवटा गाई दान गर्नु, धर्म संस्कृतिसम्बन्धी विषयलाई लिएर वार्तालाप गर्नु पनि नेपाली संस्कृतिको हिस्सा बनेको कुरा यसमा प्रस्तुति गरिएको छ ।

प्रस्तुत उपन्यासमा महिलालाई पनि समाजका सबै पक्षमा पुरुषसरह स्वतन्त्रता दिनुपर्ने शङ्करको मान्यता आधुनिक चिन्तनसँग जोडिएको छ । परम्परित संस्कृतिमा नारीलाई पुरुषसरह अधिकार नभएको हुँदा आजको नेपाली समाज गतिशील बन्न नसकेको यथार्थ व्यक्त गरिएको छ र सबैलाई समान अधिकार दिनु उन्नत संस्कतिको परिचायक मानिएको छ । यो प्रयोग नेपाली समाजका लागि पनि सान्दर्भिक भएको चित्रण गरिएको छ । यसलाई प्रस्ट पार्दै शङ्करले आफ्ना भनाइ यसरी राखेका छन्- “म त सुधारवादी चक्करमा मात्र छैन, मेरो शक्तिले भेटे स्त्रीका निम्ति त्यत्तिकै आजादीको ऐन पास गर्ने थिए । जत्तिको आजादी पुरुषलाई छ (३७०) ।” प्रस्तुत अभिव्यक्तिमा शङ्कर प्रगतिशील विचार राख्ने पात्र भएकाले उसको सम्बद्ध भनाइ नारी अधिकार र समानताको पक्षपाती रहेको देखिन्छ । यसमा उसले नारीलाई

कानुनी र सांस्कतिक अधिकार दिन नसक्ने नेपाली समाज र परम्परा उचित नभएको विचार व्यक्त गरेको छ । उसले जातिपातिका आधारमा नारीमाथि विभेद गर्नु र परम्परागत रूढिवादी मान्यतामा अल्झिनु राम्रो नभएको भन्दै यसलाई सच्च्याएर जानुपर्ने भनेर नारी अधिकारसम्बन्धी नवीन सांस्कृतिक चिन्तनलाई उपन्यासमा अगाडि सारेको छ। यस्तै इन्दिराले पनि धार्मिक पक्षमा महिलालाई पुरुषसमान अधिकार नभएको विचार व्यक्त गरेको छ । यस सम्बन्धमा उपन्यासकार इन्दिराका माध्यमबाट यसरी प्रस्तुत भएका छन्- "जुन धर्ममा स्त्री जातिलाई कठपुतलीको रूप दिएर आइमाईलाई ओल्लो घाटको न पल्लो तीरको तुल्याइएको छ, त्यस्तो धर्मलाई म धर्मै मान्दिन (१०५) ।" सम्बद्ध भनाइमा इन्दिराले धर्मगुरुसँग पुरुषसरह नारीलाई पनि धार्मिक समानता हुनुपर्ने अन्यथा त्यस्तो धर्म आफूलाई स्वीकार्य नभएको विचार व्यक्त गरेको छ । यसबाट नारीहरू धार्मिक सामाजिक क्षेत्रमा पुरुषसरह अधिकारका लागि अघि बढ्न खोजेको नयाँ संस्कृतिको सङ्केत प्राप्त भएको छ ।

नेपाली समाजमा गहनाको विषयले पनि संस्कृतिको स्वरूप ग्रहण गरेको छ । नेपाली समाजमा खास गरेर महिलाहरूले गर्गहना लगाउने गर्दछन् किनभने यसको प्रयोगले नारी सौन्दर्य बढ्न जान्छ । नारी समाजमा प्रयोग गरिने गहनागुरिया मिस्रीबजै तथा कप्तानी मखनाले पनि लगाएको प्रसङ्ग उपन्यासमा यसरी समेटिएको छ- "तिनको मासुले थलथलिएको घाँटीमा एउटा सुनको सिक्री थियो । त्यस सिक्रीमा अल्झिएको पूरा दस तोलाको सुनको जन्तर छातीको कवच सदृश प्रतीत हुन्थ्यो । दुवै हातका नाडीमा मोटा खँदिला सुनका बाला शोभा पाइरहेका थिए । कानमा एक जोर जडाउ ढुङ्ग्री शोभा पाइरहेको थियो (२४) ।" यस वर्णनमा आएको सुनका गहनाको प्रसङ्गले सामान्य अवस्थामा मिस्रीबजै तथा कप्तान्नी मखनाको मध्यमवर्गीय आर्थिक स्थितिको चिनारी गराएको भए पनि समग्रतामा यसले नारीको सौन्दर्य वृद्धि गर्नुका साथै नेपाली संस्कृतिलाई परिचित गराउने काम गरेको छ र यस खाले गहनाको प्रचलन नेपाली संस्कृति बनेको छ ।

नेपाली समाजमा विवाह सामाजिक सम्झौता र कानुनी मान्यता हो । समाजमा प्रचलित यसका विधिले मानव संस्कृतिलाई जीवन्त बनाएको पाइन्छ । मञ्जरी उपन्यासमा मञ्जरीको विवाहको सन्दर्भ प्रमुख समस्याका रूपमा प्रस्तुत भएको छ किनभने तत्कालीन समयमा सानो उमेरमा विवाह गर्ने प्रचलन संस्कृतिका आधारमा विकसित भएको उपन्यासमा चित्रण गरिएको पाइन्छ । मञ्जरीका पिता राइटर वासुदेव पण्डित भन्छन्- "के गर्नु छोरी, अहिले तेरो आत्माले मलाई सराप्दो हो; म पनि रात दिन पश्चातापमा रहन्छु । के गर्नु !

बाहुनको कोखमा जन्म लिन आइस्, छिटै बिहे गरिदिनु पर्ने ! त्यसैले सुब्बा बाजेलाई सौंपेको थिए (३२४) ।" उपन्यासको यस अभिव्यक्तिमा मञ्जरीका आमाबाबु आर्थिक रूपमा विपन्न तथा मञ्जरी ब्राह्मण कन्या भएकाले सौता तथा सौतेनी छोराहरू भएका भए तापनि नेपाल (हालको काठमाडौँ उपत्यका) जस्तो ठाउँमा सुब्बा बाजे जस्ताको घर पाएपछि उसको विवाह गरिदिएको तर वर्ष दिन नहुँदै पतिको मृत्यु भई विधवा हुनु परेको वैवाहिक संस्कृतिको विषय उठान भएको छ। यसै सांस्कृतिक समस्याको परिपाकमा उपन्यासमा सांस्कृतिक सन्दर्भ अभिव्यक्त भएको छ।

प्रस्तुत उपन्यासमा नेपालका गाउँ तथा सहरिया समाजमा मानिसहरू आपसमा मिलेर सामूहिक अवस्थामा गर्ने कामलाई नेपाली संस्कृतिका रूपमा चिनाउने काम गरिएको छ । मञ्जरी उपन्यासमा कैलासको विवाहका लागि समाजका महिलाहरू बोलाएर पात गाँस्ने, बत्ती कात्ने, धूप बाट्ने जस्ता कार्य कप्तानी मखनाले गराएको सन्दर्भ उल्लेख गरिएको छ । समाजमा एकआपसमा मिलेर सम्पन्न गरिने यस्ता धार्मिक कर्महरूलाई नेपाली संस्कृतिका रूपमा लिने गरिन्छ र यसले नेपाली परम्परा र संस्कृतिलाई द्योतन गरेको छ । यस सन्दर्भमा कप्तान्नी मखनाको भनाइ यस्तो छ- "हतार केही छैन, केटी छिन्ने पर्सीको साइतमा; बिहा त एक मैन्हापछि नै हो नि ! त्यसैले सब टपरीहरू चारकुने राम्रो बनेको हुनुपर्छ (४०८) ।" यसबाट तत्कालीन नेपाली समाजमा विवाहका अवसरमा महिलाहरू भेला भएर विवाह घरमा पात गाँस्ने तथा विवाहसित सम्बन्धित यसखाले सामाजिक एवम् सांस्कृतिक कृत्य गर्ने प्रचलन रहेको कुरा उपन्यासका यी विभिन्न प्रसङ्गबाट पुष्टि भएको छ ।

प्रस्तुत उपन्यासमा प्रयोग भएका पात्र कैलास र प्रचण्डबहादुरका बिचमा भएको धर्मसम्बन्धी बहसलाई उपन्यासमा प्रस्तुत गरिएको छ । आपसमा वार्तालाप गर्दा कैलासले हिन्दु धर्म सर्वोत्कृष्ट धर्म हो भन्दै यसको सांस्कृतिक महत्तालाई उँचो देखाउने प्रयास गरेका छन् । यस सम्बन्धमा कैलासको भनाइ यस्तो छ- "के कुरा गरिबक्सिन्छ हजुर, संसारको सबभन्दा पुरानो र श्रेष्ठ नै सनातन धर्म हो । त्यसलाई सम्झने चेष्टा किन गर्दैनौँ हामी ? यो धर्म 'सब' कुराबाट पूर्ण छ । राजनीति खोजिबक्सिन्छ कि समाजनीति ? यस धर्मले सब विषयमा राम्रो विचार गरेको छ (६८-६९) ।" सम्बद्ध भनाइले नेपाली समाजमा प्राचीन समयदेखि चलिआएको तथा ऋषिपरम्पराबाट अनुप्राणित हिन्दु धर्म र संस्कृति विश्वका अन्य संस्कृतिका तुलनामा उन्नत अनि सभ्य भएको निष्कर्ष दिएको छ । यसर्थ यस उपन्यासमा नेपाली परम्पराको बखान गर्दा पूर्वीय संस्कृतिले निर्देश गरेको आचरण र व्यवहारलाई पूरा

पालना गर्नुपर्ने धारणा व्यक्त गरिएको पाइन्छ । कैलासले वेद, उपनिषद्, गीता, धर्मशास्त्र, पुराण आदिले निबन्धन गरेको चिन्तनलाई संस्कृतिका रूपमा स्वीकार गरेको छ भने प्रचण्डबहादुरले चाहिँ प्रकृतिलाई महत्त्व दिँदै त्यसभन्दा माथि कुनै नियम नभएको विचार व्यक्त गरेको छ। यसरी प्रस्तुत उपन्यासमा वर्गीय सामाजिक सम्बन्धमा आधारित परम्परागत सांस्कृतिक सन्दर्भको उजागर गर्नुका साथै नारी समानताका पक्षपाती विचार तथा विधवा विवाह गर्न पाउनु पर्ने सांस्कृतिक मान्यतालाई पनि ठाउँ दिइएको छ ।

### **२.४.२ एक पालुवा अनेकौं याम उपन्यासमा सांस्कृतिक सन्दर्भ**

*एक पालुवा अनेकौं याम* उपन्यासमा हिन्दु धर्म-संस्कारलाई संस्कृतिका रूपमा देखाइएको छ । यसमा कमलका बाबुले कमलको जन्ममा अनेक धार्मिक तथा सांस्कृतिक अनुष्ठान गरेको कुरा उल्लेख गरेका छन् । यस सम्बन्धमा कमलका बाबु कमलसँग भन्छन्- "तँ माथिका अरू तेरा दाजु र दिदीहरू मरेकाले नै तँ जन्मिनासाथ पञ्चबली दिएर त्यसको रगतले तँलाई नुहाइदिएको थिएँ । एकसय आठजना बाहुनहरू बटुलेर तेरो लामो आयुर्दाको लागि रुद्री लगाएको थिएँ (२०) ।" सम्बद्ध भनाइले धर्म, परम्परा, संस्कार र संस्कृति समाजसँग अभिन्न रूपमा गाँसिएर रहेका हुन्छन् र तीप्रति मानिसको ठुलो विश्वास रहेको कुरा उपन्यासमा देखाइएको छ । प्रस्तुत उपन्यासले नेपाली समाजमा धर्मसित जोडिएका यस्ता सांस्कृतिक अनुष्ठान सम्पन्न भइरहने र त्यसले संस्कृतिको रूप धारण गरेको यथार्थपरक प्रस्तुति गरेको छ ।

हिन्दु धर्ममा मानिसका सोह्र संस्कारमध्ये मृत्यु संस्कार पनि एउटा संस्कार मानिन्छ र यसले नेपाली समाजमा संस्कृतिको रूप धारण गरेको पाइन्छ। त्यसैले मृत्यु संस्कारलाई पनि उपन्यासमा संस्कृतिको रूपमा चित्रण गरिएको छ। यस्ता संस्कारसम्बन्धी विधानका सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "तेह्र दिनको काम जेठा बाबुकै घरमा सिद्याएर सहरकी ठूली आमाकहाँ आएर बसेको पनि झन्डै दुई महिना बित्न थालिसकेको छ (१०) ।" सम्बद्ध भनाइमा कमलकी आमा परलोक भएपछि उसले हिन्दु परम्पराअनुसार मृत्यु संस्कारका साथै काजक्रियासमेत सम्पन्न गरेको कुरा उपन्यासमा चर्चा गरिएको छ। यस विषयको प्रस्तुतिबाट उपन्यासमा परम्परित सांस्कृतिक सन्दर्भ उजागर हुनु पुगेको छ।

प्रस्तुत उपन्यासमा नेपाली समाजमा विद्यमान टुनामुना तथा तन्त्रमन्त्रले समेत नेपाली समाजमा संस्कृतिको रूप लिएको हुँदा त्यसले पनि उपन्यासमा ठाउँ पाएको छ। *एक पालुवा*

*अनेकौं याम* उपन्यासमा टुना मन्तरेको पेडा केटीलाई खुवाउँदा विवाहका लागि राखिएको प्रस्ताव स्वीकार गर्ने विषयले स्थान पाएको छ । नरेन्द्रले जेठकी मालकिनीमार्फत राजेश्वरीलाई आफूसँग विवाहका लागि राजी गराउन मन्तरेको पेडा खुवाउन लगाएको छ । यस सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "उफ् ! जेठकी मालकिनी कस्ती कठोर स्वास्नीमान्छे ! ठट्टाठट्टैमा तिनले राजेश्वरीको मुखमा त्यो पेडा कोचेर "गुन्द्रुक पकाउन पर्दैन, साली फकाउन पर्दैन" भन्ने वाक्य कसरी उडाउन सकेकी होलिन् कोठाभरि ! ऊ विस्मित छ (३०) ।" उपन्यासमा अभिव्यक्त यस भनाइले तान्त्रिक विधिलाई नेपाली समाजले मान्दै र विश्वास गर्दै आएको सामाजिक यथार्थ उपन्यासमा समेटिएको छ । यसमा धामी-झाँक्री बसाउने सांस्कृतिक प्रचलन रहिआएको चित्रण कमलकी आमा बिरामी हुँदा झाँक्री बसाएको चर्चाबाट थाहा हुन्छ । यसको उल्लेख गर्दै उपन्यासकारले लेखेका छन्- "वरिपरिका गाउँका ओझाहरू (झाँक्री) आए, पिँढीमा बसेर भुइँमा केराको पात बिछ्याई लोटामा भिजाएको तुलसी पत्रमा कालीको छायाँ हेरेर रातभरि गुन (मन्त्रतन्त्र) गरे, कालीमाईलाई परेवाको बली दिए, सन्ठीको घोडा र चिनीको लड्डु चढाए, तर कमलकी आमाको ज्वरो पटक्कै ओर्लिएन (१२) ।" यस भनाइबाट नेपाली समाजमा धामी-झाँक्री संस्कृति रहेको देखिन्छ । नेपाली समाजमा आधुनिक औषधीविज्ञानको विकास नभएको अवस्थामा मानिसहरूमा यसको गहिरो प्रभाव रहेको औपन्यासिक कथ्यबाट देखिन आएको छ ।

पितृसत्तात्मक समाजमा पैतृक सम्पत्तिमाथि बाबुको शेषपछि छोराहरूको मात्रै अधिकार स्थापित हुने र छोरीहरू विवाहपूर्व बाबुको आश्रयमा र विवाहपश्चात् श्रीमान्‌को अधीनमा रहने हुँदा समाजमा नारीलाई स्वतन्त्र रूपमा निर्णय गर्ने अधिकार नभएको कुरा उपन्यासमा राजेश्वरीका माध्यमबाट देखाइएको छ । यसबाट समाजमा सांस्कृतिक पक्ष बलवान् हुने बिषय आफैं प्रकट भएको छ । उपन्यासमा नरेन्द्रसँगको विवाहका सम्बन्धमा सोधनी गर्दा राजेश्वरीको भनाइ यस्तो रहेको छ- "आमा-दाजुहरूको जस्तो विचार मेरो त्यस्तै विचार (३३) ।" यस कथनले नेपाली समाजमा प्रचलित अभिभावकहरूद्वारा वाग्दान गरिएको ठाउँमा छोरीहरूले विवाहका लागि अस्वीकार नगर्ने परम्परालाई प्रस्तुत गरेको छ । यसबाट नेपाली समाजमा विद्यमान विवाहसम्बन्धी पितृसत्तात्मक सांस्कृतिक चिन्तन अभिव्यक्त हुन गएको छ ।

समाजमा धर्म र संस्कृति एक-अर्काका पर्याय बनेर रहेका हुन्छन् किनभने कतिपय धार्मिक विषय पनि संस्कृतिका रूपमा विकसित भएका पाइन्छन् । यस उपन्यासमा नरेन्द्रले कालीको भक्त बनेर कालीको मन्दिरलाई दश विघा जमिन गुठीमा राखिदिएको र मन्दिरमा

गएर सत्यनारायणको कथा श्रवण गर्ने गरेको विषय होस् वा जेठकी मालकिनीको सातवटा बाहुनलाई खुवाउनुभन्दा एउटा भान्जालाई खुवाउनु बढी महत्त्वको ठान्ने कुरा होस् वा पतिको खुट्टाको जल खाने तथा धार्मिक आस्थाको केन्द्र मन्दिरमा गएर पूजाआजा गर्ने जस्ता विषय नेपाली हिन्दु समाजका साझा धार्मिक तथा सांस्कृतिक क्रियाकलाप मानिएका छन् । नेपाली समाजमा रहेका यस्ता परम्परागत धर्म संस्कृतिका विषयमा उपन्यासकार विष्टले लेखेका छन्-

> बिहान उठ्नेबित्तिकै लप्टन्नीसाहेब नुहाइधुवाइ गरेर झन्डै आधा घण्टासम्म गणेशको मूर्तिको पूजा गरिरहन्थिन् । गणेशलाई तिनले आफ्नो इष्टदेवता मानेकी छन् । घरमा दिनदिनै इष्टदेवताको पूजा भयो भने त्यहाँ कहिल्यै दरिद्रता पस्दैन भन्ने तिनमा विश्वास जमेको छ । इष्टदेवताको पूजाआजापछि तिनी लप्टनसाहेबको खुट्टाको बूढीऔँलाको जल खाएपछि टन्न एक गिलास दूध खान्छिन् (५९) ।

प्रस्तुत कथनमा हिन्दु धर्ममा आस्था राख्ने लप्टन्नीसाहेबले नुहाइधुवाइ गरेर गणेशको पूजाअर्चना गर्ने गरेको विषय उल्लेख गरिएको छ । किनभने उसले गणेशलाई इष्टदेवता मान्ने गरेको छ । घरमा दिनदिनै इष्टदेवताको पूजा भयो भने त्यहाँ दरिद्रता पस्दैन भन्ने उसको धार्मिक विश्वास रहेको पाइन्छ । यही विश्वासका कारण उसले पूजाआजापछि आफ्ना श्रीमान् लप्टनसाहेबका खुट्टाको जल खाने गरेको कुराको उल्लेखबाट यसमा नेपाली समाजमा रहेको धार्मिक तथा सांस्कृतिक सन्दर्भ उजागर भएको छ र यो विषय संस्कृतिसापेक्ष यथार्थका रूपमा देखापरेको छ । यस्तै धार्मिक मठमन्दिरको स्थापना गर्ने तथा आराध्य देवी-देवताको महिमाका सम्बन्धमा उपन्यासमा यसरी वर्णन गरिएको छ-

> उनीहरूका बीचमा कालीमाईको ठूलो महिमा छ । के खेतमा, के बारीमा, के वनमा, के घरमा, उनीहरू चारैतिर काली नै काली देख्ने गर्छन् । मर्दाखेरि काली, जन्मँदाखेरि काली, सुत्दाखेरि काली, उठ्दाखेरि काली, सारा मोरङको धरतीको कणकणमा मानौँ काली बसेकी छन् । कालीको अस्तित्वको छाप बोकेको यस जिल्लामा झन्डै गाउँ नै पिच्छे काली स्थापना गरिएको हुन्छ । हरेक वर्षको नौरथामा कालीको माटोको मूर्तिलाई खोलामा सेलाएर फेरि नयाँ मूर्ति स्थापना गर्ने गर्छन् (१३६) ।

सम्बद्ध भनाइमा मोरङका नेपाली समाजमा कालीमाईको ठुलो महिमा देखाइएको कुरा वर्णन गरिएको छ । यहाँका मान्छेहरूले खेतमा, बारीमा, बनमा, घरमा चारैतिर काली नै काली

देख्ने गरेको वर्णन गरिएको छ । उनीहरू मर्दा, जन्मँदा, सुत्दा, उठ्दा तथा सारा मोरङका कणकणमा काली देख्छन् र हरेक वर्षको नौरथामा कालीको माटोको मूर्ति खोलामा सेलाएर फेरि नयाँ मूर्ति स्थापना गर्ने गर्दछन् भन्दै यसमा कालीदेवीप्रतिको आस्था र विश्वासका माध्यमबाट स्थानीय समाजको धार्मिक सांस्कृतिक चिन्तन उजागर भएको छ ।

प्रस्तुत उपन्यासमा परम्परित सांस्कृतिक सन्दर्भलाई अँगालिएको पाइन्छ । यसमा कमलकी सासू, माइजू, पत्नी आदि धार्मिक आस्था भएका पूरै परम्परावादी नारीका रूपमा देखिएका छन् । कमलकी सासू लप्टन्नीको प्रभाव छोरी लिचुमैयाँमा पनि राम्रैसँग परेको पाइन्छ । त्यही प्रभावस्वरूप लिचुमैयाँले पनि पूजापाठ गर्ने, लोग्नेको पैतालाको जल नखाई केही नखाने, पशुपतिमा लाखबत्ती बाल्ने जस्ता सांस्कृतिक कृत्य गर्ने गरेको छ (२७३) र यस खाले सांस्कृतिक अनुष्ठानको प्रस्तुतिबाट उपन्यासमा नेपाली संस्कृतिको प्रस्तुति भएको छ । यसरी प्रस्तुत उपन्यास उच्चवर्ग र पितृसत्तात्मक विचारधाराका केन्द्रमा रहेर नेपाली समाजका तत्कालीन सांस्कृतिक सन्दर्भलाई चित्रण गर्न सक्षम रहेको छ ।

### २.४.३ भोक र भित्ताहरू उपन्यासमा सांस्कृतिक सन्दर्भ

*भोक र भित्ताहरू* उपन्यासमा नेपाली समाजमा विद्यमान सांस्कृतिक सन्दर्भको प्रस्तुति गरिएको छ । प्रस्तुत उपन्यासमा विवाहका अवसरमा दौरा सुरुवाल वा जामा लगाउने नेपाली संस्कृति भएको वर्णन गरिएको छ । यसमा जामा लगाउने चलन त पुस्ता दरपुस्तादेखि चल्दै आएको र यसको धारणालाई पनि दौरा सुरुवालले भत्काइदिएको सांस्कृतिक सन्दर्भ प्रस्तुत गरिएको छ (११) । यस्तै प्रस्तुत उपन्यासमा चन्द्रेकी आमाको मृत्यु संस्कारको सन्दर्भलाई पनि देखाइएको छ । यसमा माहुरी साहु र जेठा पुरेतद्वारा चन्द्रेलाई आमाको किरिया गर्नु, ब्राह्मणलाई प्रशस्त दानदक्षिणा दिनु र आमालाई मुक्ति दिनु छोराको कर्तव्य भएको कुरा बताइएको छ । यस सन्दर्भलाई प्रस्ट पार्दै माहुरी साहुले यस्तो भनेको छ- “यो जीवन नै अस्थायी । आमा खसिन् भनेर पिन्चे भएर नै अब के फाइदा ! अब त हेरी तैंले दानदक्षिणाको बारेमा सोच्नुपर्छ । छोराको कर्तव्य हो हेरी आमालाई मुक्ति दिलाउने प्रयत्न गर्नु ...(६४) ।” यस भनाइमा चन्द्रे आर्थिक रूपमा विपन्न भए पनि उसले पूर्वीय हिन्दु धार्मिक संस्कारअनुरूप आमाको काजकिरिया गरी ब्राह्मणलाई दानदक्षिणा दिएको प्रसङ्ग समेटिएको छ । यस विषयबाट उपन्यासमा सांस्कृतिक सन्दर्भको पुष्टि भएको छ ।

ग्रामीण समाजमा आर्थिक रूपले विपन्न चन्द्रेलाई धर्म संस्कृतिका नाममा माहुरी साहु र जेठा पुरेतले ठगेर उसको भएभरको सम्पत्ति पनि आफ्नो भागमा पार्ने योजना गरेका छन् । नेपाली समाजमा धर्म संस्कृतिका नाउँमा हुने शोषणप्रति लेखकले गरेको आलोचनात्मक टिप्पणी यस्तो रहेको छ-

> कठै ! के थाहा होस् चन्द्रेलाई धर्म र संस्कृतिको मुकुन्डोले आफ्नो अनुहार छोपी गाउँका ती दुई भद्रभलादमीले उसलाई सर्वनाशतिर धकेल्दै लगिरहेका छन् भन्ने कुरा । के थाहा होस्, संस्कारको आडमा उनीहरूले उसलाई यो गतिमा पुऱ्याइदिन लागेका छन् भन्ने कुरा । उसले त भन्ठानेको थियो उसकी आमाले सबभन्दा पहिले दशैंको टीको थाप्ने गरेको जेठा पुरेतले उसको अहित कहिल्यै चिताउँदैनन् भन्ने । उसले त भनिठानेको थियो उसको बाबुले प्राणको बाजी लगाएर सेवा गरेको माहुरी साहूले कहिल्यै कुभलो चिताउँदैनन् भन्ने (६४) ।

सम्बद्ध भनाइमा नेपाली समाजमा रहेको परम्परित धर्मसंस्कृतिका आडमा चन्द्रेमाथि भएको शोषणको चर्चा गरिएको छ । गाउँका साहु महाजनले धर्म र संस्कृतिको मुकुन्डोले आफ्नो अनुहार छोपी चन्द्रे जस्तो सोझो मानिसलाई सर्वनाशतिर लग्दै छन् भन्ने कुरा स्वयम् उसलाई नै थाहा नभएको बताइएको छ । उसको परिवारले अभिभावक मान्दै आएको एवम् उसको बाबुले प्राणको बाजी लगाएर सेवा गरेको माहुरी साहुबाट शोषण हुने कुरामा उसले कहिल्यै सोचेको पनि थिएन । तर त्यही व्यक्तिबाट धर्मसंस्कृतिका नाउँमा ऊ शोषित भएको सांस्कृतिक सन्दर्भ यसमा अभिव्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा उपत्यकाका कुम्भेश्वर महादेव, बङ्गलामुखी भगवती, कोटेश्वर महादेव, छिन्नमस्ता भगवती, महाङ्काल, पशुपतिनाथ आदि मन्दिर र त्यहाँ देखिने भक्तहरूको धार्मिक आस्थाको सङ्केत गरिएको छ । यसमा खास गरेर महाङ्कालको कालो मूर्तिको सांस्कृतिक सन्दर्भको प्रस्तुति यसरी गरिएको छ- “महाङ्कालको कालो मूर्तिको मुखमा क्रमशः पेडाहरू टाँसिदै जान्छन् र पूजारीको हातबाट फेरि उप्किँदै जान्छन् । महाङ्कालको हातको पात्रमा शीशी भरिभरि रक्सी खनिँदै जान्छन् र फेरि पूजारीको हातबाट रित्तिँदै जान्छ (४९) ।” सम्बद्ध भनाइमा महाङ्कालको पूजा गर्न आउने भक्तजनहरूले पेडा तथा रक्सी चढाउने र पुजारीले त्यसको व्यवस्थापन गर्ने संस्कृति रहेको उल्लेख गरिएको छ । यस्तै यी मन्दिरहरूमा धार्मिकबाहेक अन्य प्रयोजनका लागि धाउने व्यापारी, चोर, प्रेमी, प्रेमिका, मगन्ते, झगडिया, हिप्पी अनुहार आदिका माध्यमबाट धार्मिक आस्था विघटित हुँदै गएको संस्कृतितर्फ सङ्केत

गरिएको छ। यस प्रकार धार्मिक आस्था विघटित हुँदै गएको स्थितिलाई गाउँका सामन्त तथा पुरोहितहरूले धर्मका नाममा गर्ने गरेको शोषण, ईश्वर ठानिएका इन्द्र तथा विष्णुको कामुक तथा अनैतिक (ऋषि गौतम पत्नी र जालन्धरकी पत्नीको सतीत्व लुटेको) चरित्र र जस्तोसुकै अपराधीले पनि आफ्नो स्वार्थ सिद्धिका लागि ईश्वरसँग गर्ने गरेको पुकारा जस्ता कार्यको प्रदर्शनमार्फत पनि प्रकट गरिएको छ। कोटेश्वर महादेवको सानो तामाको मुकुट चोरिएको स्थितिले पनि त्यसलाई नै पुष्टि गरेको छ। यस्तै जिउँदो छउन्जेल छिः छिः र दुरदुर गर्ने र मरेपछि बेवारिसे लासलाई पैसाले पुर्न खोज्ने नेपाली सहरी समाजको विडम्बनापूर्ण सांस्कृतिक सन्दर्भलाई पनि यस उपन्यासमा देखाइएको छ।

*भोक र भित्ताहरू* उपन्यासमा नेपाली समाजमा हुने विभिन्न सांस्कृतिक कर्म सम्पादन गरिएको छ जसले नेपाली समजको यथार्थ व्यक्त गरेको छ। जगतेकी पत्नी आफ्नो मन्त्राणी बन्ने अभियानमा बाधा उपस्थित हुने देखेपछि चिन्तित देखिन्छे। यसका लागि उसले गरेका सांस्कृतिक कर्म यसरी प्रस्तुत गरिएको छ- "उसको चिना लिएर पाटन ज्योतिषीहरूकहाँ दौडने गरेकी थिई र जान्ने कहलाइएका धामी झाँक्रीहरूलाई बटुलेर ढ्याङ्ग्रो ठटाउन लाउने गरेकी थिई। जगते स्वयं पनि स्वास्नीको त्यस विश्वासलाई भत्काउने पक्षमा थिएन।" सम्बद्ध भनाइमा नेपाली समाजमा आफ्ना दैनिक काममा बाधा उत्पन्न हुँदा ज्योतिषीलाई चिना देखाउने तथा धामीझाँक्री बसाउने जस्ता मान्यताले सांस्कृतिक स्वरूप लिएकोतर्फ सङ्केत गरिएको छ।

प्रस्तुत उपन्यासका विभिन्न पात्रहरूद्वारा गरिएका सांस्कृतिक कृत्यलाई यथार्थपरक रूपमा देखाइएको छ। यसमा हर्केका परिवारले शङ्खमूल घाटमा नवरात्रिमा नुहाउने, चामुण्डा र बगलामुखीको दर्शन गर्ने, भैँसी मर्न लाग्दा नमरोस् भनी भाकल गर्ने जस्ता धार्मिक कृत्यलाई समेटिएको छ। यस्तै नेपाली सामाजिक संरचनामा आएको परिवर्तनका कारणले समाजका परम्परित नैतिक मूल्यमान्यता क्षीण बन्दै गएको परिस्थितिलाई उजागर गरिएको छ। विपन्नले पेटको क्षुधा मेट्न जस्तोसुकै पापकर्म गर्नुपर्ने बाध्यता एकातिर सिर्जना भएको छ भने अर्कोतिर सम्पन्नले आफ्नै पत्नीको अस्मिता बेचेर शासन सत्तामा पुग्न खोज्ने संस्कार र संस्कृति देखापरेको छ। यसमा एकातिर सङ्गठित सामन्त तथा नवपुँजीपति वर्गका विरुद्ध गरिएको वैयक्तिक विद्रोह आफ्नै लागि बढी हानिकारक सिद्ध हुने स्थितिको सङ्केत गरिएको छ भने अर्कोतिर आफ्ना जहान परिवारप्रति भएको घोर अन्यायलाई जस्तै निमुखा मानिसले पनि चुपचाप सहेर सधैँ बस्न नसक्ने भन्दै ठुलो क्षति बेहोर्नु परे पनि प्रतिरोध गर्नुपर्ने दृष्टिकोण

राखिएको छ र यसले उपन्यासमा सामन्ती सत्ताका विरुद्धमा उठेको प्रतिरोधको संस्कृतितर्फ सङ्केत गरेको छ ।

### २.४.४ ज्योति ज्योति महाज्योति उपन्यासमा सांस्कृतिक सन्दर्भ

*ज्योति ज्योति महाज्योति* उपन्यासमा हिन्दुहरूका आराध्य देवता पशुपति नाथ र त्यस वरपरको क्षेत्रलाई कार्यपीठिका बनाइएको छ। हिन्दु संस्कार र संस्कृतिको प्रभाव रहेको प्रस्तुत उपन्यास सांस्कृतिक र सामाजिक दृष्टिले महत्त्वपूर्ण मानिएको छ । उपन्यासमा एकातिर हजारौँ हजार भक्तजन नित्य पशुपतिको दर्शन गर्न जाने विषयको चर्चा गरिएको छ भने अर्कातिर नेपालको सांस्कृतिक मान्यता भनौँ जीवन निरुपाय बन्यो भने जीविकोपार्जनका लागि मठमन्दिरको ओतमा जाने धार्मिक चिन्तनअनुरूप आफूलाई ढालेर जीवन चलाउनका लागि पशुपति क्षेत्र रोजेका गजराज बाजे तथा सुभद्रा बजै, खडानन्द र उसकी पत्नी आदि पात्रका माध्यमबाट उपन्यासमा सामाजिक यथार्थ अभिव्यक्त भएको छ। पशुपति क्षेत्रमा त झन् जोगी सन्न्यासी, पूजा गर्ने पण्डित, विभिन्न पेसा व्यवसाय गर्ने व्यक्तिहरूले जीवन निर्वाह गर्ने गरेका र ढल्कँदो उमेरसँगै तीर्थस्थलमा पुग्ने र आफूले कसरी जीवन चलाउन सकिन्छ त्यस विषयमा सोच्ने काम नेपाली समाजमा आजसम्म पनि हुने गरेको सामाजिक यथार्थ उपन्यासमा व्यक्त भएको छ । पशुपति क्षेत्रमा सम्पादन हुने गरेका यस्ता धार्मिक तथा सामाजिक कार्यका माध्यमबाट उपन्यासमा सांस्कृतिक सन्दर्भ उजागर हुनुका साथै यसबाट सांस्कृतिक, धार्मिक तथा सामाजिक सम्बन्ध अभिव्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा विवाह संस्कारलाई संस्कृतिका रूपमा लिइने मान्यताको अभिव्यक्तिका साथै नेपाली हिन्दु समाजमा विद्यमान रजस्वला हुनुभन्दा पहिले नै कन्यादान गर्नुपर्ने अन्यथा पुण्य प्राप्त नहुने सांस्कृतिक परम्परा प्रस्तुत गरिएको छ। प्रस्तुत उपन्यासका पात्रद्वय दिनानाथ र सुब्बा होमप्रसादले भने यस मान्यताप्रति सैद्धान्तिक रूपमा असहमति जाहेर गरेका भए तापनि दिनानाथकी नातिनी प्रजाम्बीको भने उसका बाबुआमाका कारण सानै उमेरमा विवाह भएको प्रसङ्गबाट त्यस मान्यतालाई कार्यरूप दिन नसकेको कुरा उपन्यासमा अभिव्यक्त भएको छ । त्यस्तै यसमा नेपाली समाजमा प्रचलित गुफा राख्ने संस्कृतिको समेत चर्चा गरिएको छ । छोरी पहिलोपल्ट नछुने (रजस्वला) हुँदा गुफा राख्ने प्रचलनअनुसार पहिलोपालि नछुने हुँदा बाह्र दिनसम्म सूर्यलाई र बाइस दिनसम्म बाबु र दाजुभाइलाई अनि दोस्रोपालि नछुने हुँदा पन्ध्र दिनसम्म र तेस्रोपालि नछुने हुँदा सात दिनसम्म बाबु र दाजुभाइको मुख हेर्न नहुने मान्यता रहेको पाइन्छ । नेपाली समाजका हिन्दु

धर्मावलम्बीहरूमा प्रचलित यस प्रकारको गुफा राख्ने संस्कार र संस्कृतिका माध्यमबाट उपन्यासमा सांस्कृतिक सन्दर्भ उद्घाटित भएको छ ।

नेपाली समाजमा उपचारका लागि तन्त्रमन्त्र गर्ने र त्यसबाट रोग निको भएको जनविश्वास पाइन्छ। सदियौँदेखि नेपाली समाजमा प्रचलित तान्त्रिक विधिले संस्कृतिको स्वरूप ग्रहण गरिसकेको पाइन्छ। त्यसैले यस विषयले पनि उपन्यासमा प्राथमिकता पाएको छ। शिव र शक्तिको नाम लिँदै अम्रिसाको कुचो टाउकामा ठटाउनाले विभिन्न किसिमका रोगी र रोगिनीहरूको रोगसम्बन्धी समस्याको समाधान भएको विषयवस्तुलाई उपन्यासमा देखाइएको छ। यसलाई प्रस्ट पार्दै उपन्यासकार विष्टले यसरी लेखेका छन्-

> ती तन्नेरी, तरुनी र अर्धबैँसे स्वास्नीमान्छे र लोग्नेमान्छेहरूमध्ये कसैलाई हिस्टिरीया किसिमको रोग लागेको हुन्छ त कसैलाई सिताङ्ग हुने किसिमको रोग लागेको हुन्छ। कुनै स्वास्नीमान्छेलाई लोग्नेमान्छे देख्यो कि त मारूँ मारूँ जस्तो लाग्ने छोएको जस्तो हुन्छ त कुनै लोग्नेमान्छेलाई स्वास्नीमान्छे देख्यो कि त घाँटी निचोरूँ निचोरूँ भन्ने किसिमको रोगले छोएको हुन्छ । ती सबै किसिमका रोगी र रोगिणीहरूको थाप्लोमा भने अम्रिसाको कुचो ठटाउने गर्थी, त्यो अर्धबैंसे माइराम शिव र शक्तिको नाम लिँदै (४) ।

सम्बद्ध विषयले पशुपतिको गौरीघाट छेउछाउमा कुटी बनाएर बसेकी माइरामकहाँ फुकफाक गर्न आउने मान्छेतर्फ सङ्केत गरेको छ । बिहान सात बजेदेखि दश बजेसम्म माइरामको कुटीमा तन्नेरी तरुनी अनि अर्धबैंसे स्वास्नीमान्छे र लोग्नेमान्छेको जमघट हुने गरेको उल्लेख पाइन्छ। तत्कालीन अवस्थामा नेपाली समाजमा यस प्रकारका तन्त्रमन्त्र फुक्ने विधि रहेको र पछि गएर त्यही पद्धति नेपाली संस्कृति बनेको यथार्थ *ज्योति ज्योति महाज्योति* उपन्यासमा देखाइएको छ ।

प्रस्तुत उपन्यासमा मठ, मन्दिरहरूका परिसरमा धार्मिक आस्थाका आडमा हुने गरेका जुवा, तास र देहव्यापार धन्दा तथा गाँजा चरेसको सेवन जस्ता समाज र कानुनमा वर्जित गरिएका विषयवस्तुलाई प्रस्तुत गरिएको छ । खुला समाजमा वर्जित यस्ता क्रियाकलापहरूले आजको समाजमा संस्कृतिको रूप लिएको देखिन्छ। पशुपतिनाथ जस्तो धार्मिक तीर्थस्थलमा हुने गरेका यस खाले घृणित क्रियाकलापका सम्बन्धमा उपन्यासकारले लेखेका छन्- “नत्र धार्मिक स्थलमा धार्मिक मुकुण्डो लगाउनेहरूको घुइचो हुने गर्छ । त्यस मुकुण्डोभित्र किसिम

किसिमका आँखा हुने गर्छन। पराईको जोईपोइ ताक्ने आँखा पनि हुन्छन् । अर्काको घडी सिक्री र मनिब्याग ताक्ने आँखा पनि (८) ।" सम्बद्ध भनाइमा पशुपति क्षेत्रमा विभिन्न अवसरमा हुने विकृत सांस्कृतिक कृत्यलाई प्रस्तुत गरेको देखिन्छ । यस्तै उपन्यासमा गजराज बाजे र सुभद्रा बजै, खडानन्द र उसकी श्रीमती, माइराम, अघोरी साधु 'क' जस्ता पात्रहरूको आर्थिक अवस्था नाजुक भएपछि पशुपति क्षेत्रमा आएर जीवन निर्वाहका लागि उनीहरूद्वारा गरिएका धार्मिक सांस्कृतिक कृत्यका माध्यमबाट उपन्यासमा सामाजिक यथार्थ देखाइएको छ र यस्ता विषयलाई नेपाली समाजमा स्थापित सामाजिक, धार्मिक तथा सांस्कृतिक सम्बन्धका रूपमा लिने गरिएको पाइन्छ ।

नेपालको सामाजिक सांस्कृतिक पृष्ठभूमिमा लेखिएको *ज्योति ज्योति महाज्योति* उपन्यासमा मृत्यु संस्कारलाई नेपाली संस्कृतिका रूपमा चित्रण गरिएको छ। नेपाली समाजमा मृत्यु संस्कारले संस्कृतिको स्वरूप ग्रहण गरेको सन्दर्भमा यस उपन्यासमा सुब्बा होमप्रसाद र प्रजाम्बीको मृत्यु संस्कारलाई पनि सांस्कृतिक सन्दर्भ रूपमा लिइएको छ । सुब्बा होमप्रसाद बिरामी हुँदा आर्यघाट ल्याइएको र दिनानाथको औषधीले निको भएपछि अबिर जात्रा गर्दै घर लैजाने क्रममा टिनले घाँटी रेटिएर मृत्यु भएपश्चात् छोराहरूले पशुपति आर्यघाटमै दाह संस्कार गरेका छन् । यसमा लासको खरानी विसर्जन गरेपछि पुरोहितले कपाल खौरन एवम् मृतात्माको नाममा तिलाञ्जली दिन लगाएको र त्यसपछि परिवारका सम्पूर्ण सदस्यले मृतात्माको नाममा तिलाञ्जली दिएका जस्ता कर्मका माध्यमबाट उपन्यासमा परम्परागत सांस्कृतिक सन्दर्भ उजागर भएको छ । यस्तै प्रजाम्बीले पशुपतिमै प्राण त्याग गरेपछि उसको दाहसंस्कार र काजक्रिया गरिएको र बालाचतुर्दशीका दिन परशुले उसको आत्माशान्तिका लागि पशुपतिमा बत्ती बालेका जस्ता प्रसङ्ग उपन्यासमा उल्लेख गरिएको छ र पूर्वीय पारम्परिक विधानमा रहेर सम्पन्न गरिएका मृत्यु संस्कारसम्बन्धी यस प्रकारका कृत्यबाट उपन्यासमा सांस्कृतिक सन्दर्भको अभिव्यक्ति भएको छ ।

प्रस्तुत उपन्यासमा नेपाली महिलाहरूको महान् पर्व तिजको प्रसङ्ग पनि समेटिएको छ । खास गरेर हिन्दु महिला समाजमा प्रचलित यस पर्वमा दर खाने, निराहार व्रत बस्ने र पूजाआजा सम्पन्न गरेपछि श्रीमान्को खुट्टाको जल खाएर व्रत समापन गर्ने अनि गीत गाएर नाचगान गर्ने र तिजको प्रसङ्गबाट उपन्यासमा नेपाली संस्कृति समेटिएको छ (४९३) । यस्तै उपन्यासमा हिन्दु संस्कृतिका अनुयायी महिलाहरूले अपनाउने आचरणलाई परम्परित संस्कृतिका रूपमा देखाउने क्रममा हिन्दु समाजका महिलाहरूले श्रीमान्भन्दा पहिले ओछ्यान

छोड्ने, बिछ्याउनाबाट उठेर सबभन्दा पहिले लोग्ने चाहिँको खुट्टामा ढोगेपछि मात्र कोठा चोटा बढार्ने, त्यसपछि हरियो गोबर रातोमाटोले दैलो पोतेर पँधेरामा नुहाउन जाने, नुहाइवरि गाग्रीभरि पानी ल्याउँदा गाग्रीमाथि एउटा घल्चा चोखो पानी ल्याउने, पूजा कोठामा पूजा, जपतप सिध्याएपछि पाञ्चायन पूजा गर्नका लागि आफ्नो श्रीमान्का लागि पूजा सामा, नैवेद्य र धूपबत्ती ठिक पार्दिने र लोग्नेको खुट्टाको पानी खाएर भान्साको काममा लाग्ने गरेका जस्ता नित्य कर्म सुभद्रा बजैकी आमाका माध्यमबाट उपन्यासमा प्रस्तुत गरिएको छ (१०९) । उपन्यासमा प्रस्तुत गरिएका हिन्दु नारीका यस्ता सांस्कृतिक आचरणका माध्यमबाट नेपाली समाजमा विद्यमान परम्परित सांस्कृतिक सन्दर्भको उजागर हुन गएको छ ।

### २.४.५ हिमाल र मान्छे उपन्यासमा सांस्कृतिक सन्दर्भ

*हिमाल र मान्छे* उपन्यासमा शेर्पा संस्कृतिको चिनारी गराइएको छ । यिनीहरूले लगाउने पोसाक, खानपान तथा चाडबाडका विषयसँग सम्बन्धित संस्कृतिको उपन्यासमा चित्रण गर्दै उपन्यासकार विष्टले लेखेका छन्-

> खेलको अतिरिक्त ती तीनै जना वर्ष दिनपछि घुमिफिरी आउने चाडबाड मनाउने कुरामा पनि ज्यादै-ज्यादै उत्साहित हुने गर्थे । दावा ठक्पा (श्रावण) महिनामा पर्ने फाङ्गी चाड मनाउने जमर्कोमा उनीहरू नै अगुवा भैरहेका हुन्थे भने छेवाचीक (नयाँ वर्ष) महिना अर्थात् फाल्गुनमा पर्ने दशैं सरहको चाड गेल्बु लोसर मनाउँदा पनि उनीहरू नै अगुवा भैरहेका हुन्थे । त्यसै गरी माने रुम्डु चाडको अभ्यर्थना गर्ने जमर्काहरूमा उनीहरू नै अगुवा भैरहेका हुन्थे (६३) ।

प्रस्तुत भनाइमा चाड मनाउन रकम उठाउने र त्यस रकमबाट आवश्यक सर-सामानहरू किनेर तामाको घ्याम्पोमा छ्याङ र आराक (रक्सी)का निम्ति बहान बसाउने अनि याक्सा र लुक्साको व्यवस्थाका साथ सबै सबैलाई भोज खुवाई रातरातभरि नाचगान गर्दै स्याप्रो नाच्ने परम्परा रहेको चर्चा गरिएको छ । गेल्बु लोसर त झन् सातसात दिनसम्म मनाइने चाड भएकाले नयाँ लुगा किनेर एक अर्कालाई दिने प्रचलन रही आएको छ भन्दै यस चाडका अवसरमा सबै मिलेर गुम्बामा ध्वजा पताकाले सजाई नयाँ लुगाले सजिसजाउ भई इष्टमित्रहरूले व्यवस्था गरेको भोज खाने गर्नुका साथै दोहोरी गीत गाउँदै स्याप्रो नाच्ने प्रचलन रहेको वर्णन गरिएको छ । नेपालको हिमाली भूगोलको शेर्पा समाजमा प्रचलित यस खाले विशिष्ट संस्कृतिका माध्यमबाट सामाजिक सम्बन्ध गाढा तथा सौहार्दपूर्ण भएको पाइन्छ ।

प्रस्तुत उपन्यासमा पेमा दोर्जीकी आमा लाक्पा डोमाले छोराको विवाह पेमा सुन्दरकी एक मात्र छोरी आङरिगुसँग गर्ने चाहना राखेको विषयबाट शेर्पाहरूको वैवाहिक संस्कृति देखाइएको छ र यसमा दुवै परिवारको सहमतिमा आङरिगुसँग पेमा दोर्जीको लोङ्गजङ्ग (टिकाटालो) सम्पन्न भएको छ। टिकाटालो गर्न पेम्बा लामा, केही बुढापाकाहरू र आफन्तका साथ खादा र धाम्बे छयाङ लिएर केटीका घर जाने प्रचलनअनुसार साथमा गएका लामाले केटा मन परेको नपरेको सम्बन्धमा सोधनी गरेपछि सगुनस्वरूप खादा लगाइदिने र केटाले ल्याएको छयाङ खाने गरिन्छ। त्यसपछि साथमा आएका अन्य व्यक्तिहरू घर फर्के पनि केटा चाहिँ केटीकै घरमा बस्नु पर्ने र प्रणय निवेदन गरेर केटीलाई रिझाउनुपर्ने मात्र होइन, केटाकेटीको एउटै ओछ्यान गर्ने चलनसमेत रहेको पाइन्छ। यसरी शेर्पा समाजमा प्रचलित लोङ्गजङ्ग तथा विवाहसम्बन्धी प्रचलनका माध्यमबाट शेर्पाहरूको सांस्कृतिक सन्दर्भलाई उपन्यासमा प्रस्तुत गरिएको छ।

दौलतविक्रम विष्टले यस उपन्यासमा मृत्यु संस्कारलाई शेर्पा संस्कृतिका रूपमा पनि चित्रण गरेको पाइन्छ। यस्ता संस्कारहरूका माध्यमबाट उनीहरूको सांस्कृतिक मान्यता चिनाउने क्रममा पेमा दोर्जीकी आमा लाक्पा डोमाको मृत्यु संस्कार गरेको प्रसङ्ग उपन्यासमा प्रस्तुत गरिएको छ। शेर्पा परम्परा र संस्कृतिअनुरूप लासको अगाडि बसेर लामाहरूले मन्त्र भट्याएपछि कुन समयमा लास लैजाने र कुन दिशातर्फ लगेर लास जलाउने भन्ने बारेमा जोखना हेरिन्छ र जोखनाबाट लास लैजाने समय र दाहसंस्कार गर्ने दिशा निर्धारित भएपछि लासलाई सजाएर बाजागाजासहित अन्तिम संस्कारका लागि लाने परम्परा रहेको छ। यही शेर्पा संस्कृतिअनुरूप पेमा दोर्जीले आमाको दाहसंस्कार गरेको विषयका आधारमा *हिमाल र मान्छे* उपन्यासमा सांस्कृतिक विषयले प्रवेश पाएको छ। शेर्पाली समाजमा मृत्यु संस्कारको विषयलाई लिएर उपन्यासकारले यसरी लेखेका छन्- "स्याङ्बोचेको डाँडामा लाश संस्कार गरेर फर्किएपछि लामाहरूले लाक्पा डोमाले लाउने गरेको पुरानो लत्ता कपडा बटुलेका थिए। फेरि त्यसलाई सिईवरी लाक्पा डोमाको मूर्तिको आकार दिएर स्थापित गरेपछि त्यसको अगाडि दियो जलाइएको थियो (१२६)।" प्रस्तुत भनाइमा हिमालमा बस्ने शेर्पा जातिको विशिष्ट किसिमको मृत्यु संस्कारका आधारमा उनीहरूको सांस्कृतिक सन्दर्भ प्रकट भएको छ।

हिन्दु समाजमा जस्तै शेर्पा समाजमा रहेको नवजात शिशुको न्वारानसम्बन्धी संस्कार गर्ने प्रचलनलाई पनि उपन्यासमा देखाइएको पाइन्छ। यसमा लामाद्वारा मन्त्र भट्याउँदै भूमि, वायु, ग्राम्य देवता आदिको पूजा गरिसकेपछि भोजपत्रे किसिमका कागजका टुक्राहरूमा थुप्रै

नाम लेखी घल्चाजस्तो भाँडोमा छोपेर ती नामहरूलाई चिट्ठा झिकेझैँ झिकेर नामाकरण गरिने प्रचलन रहेको पाइन्छ । यस धार्मिक संस्कारले समाजमा एउटा संस्कृतिको रूप लिएको कुराका सम्बन्धमा उपन्यासकार विष्टले यसरी लेखेका छन्- “झिकिएको त्यस कागजमा पेमा रिन्जिङ्ग भन्ने लेखिएकाले ‘पेमा रिन्जिङ्ग’ भनाउन थालेको त्यो बच्चो (१०७) ।” सम्बद्ध भनाइ तथा वर्णित विषयका आधारमा *हिमाल र मान्छे* उपन्यासमा नेपाली समाजमा प्रचलित थुप्रै संस्कारले संस्कृतिको रूप ग्रहण गरेझैँ न्वारनसम्बन्धी संस्कारले पनि संस्कृतिको स्वरूप ग्रहण गरेको पाइन्छ ।

*हिमाल र मान्छे* उपन्यासमा शेर्पा समाजमा हुने अधिकांश सांस्कृतिक कृत्य उपस्थापन गरिएको छ जसले उक्त समाजको यथार्थ व्यक्त गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ र यसबाट समाजमा सांस्कृतिक पक्ष बलवान् हुने कुरा पुष्टि भएको छ । उपन्यासमा षोडश संस्कार भित्रका कतिपय संस्कारहरू, धार्मिक पर्व तथा सामाजिक चालचलन आदिलाई शेर्पा समाजसँग जोडेर प्रस्तुत गरिएको छ । शेर्पाहरूले याक्से, थाक्से, लुक्से, मोमो, थोक्पा, आलु तथा पेय पदार्थका छ्याङ, आराक आदिलाई खानाका मुख्य परिकारका रूपमा लिने गरेका छन् । यी खाना पकाउँदा भुटनका रूपमा छिलुको प्रयोग गर्ने गरिएको छ । छिलु भनेको छालाभित्र राखेको गन्हाउने बोसो हो । यसलाई भुटनका रूपमा मात्र नभएर यिनीहरूका पुर्खादेखिन् बस्दै आएको स्वाद अनि उचाइमा बस्नेहरूको प्राणलाई सक्रिय तुल्याई राख्ने प्राणेश्वर जस्तो औषधी मान्ने गरिएको छ । यसर्थ शेर्पाहरूले खाने विशिष्ट प्रकृतिको खाना तथा त्यसमा प्रयोग हुने छिलु शेर्पा संस्कृतिको नमुना मानिएको छ । त्यस्तै माने रुम्डु चाडको अवसरमा किसिम किसिमका विधि विधानका साथ मन्त्रोच्चारण गरी सातु, चिनी र छ्याङ मिसाएर स-साना दानाको रूपमा प्रत्येक गुम्बाका लामाले तयार पार्ने वाङ पनि शेर्पा जातिको एउटा विशिष्ट सांस्कृतिक पहिचान मानिएको छ । यस चाडका अवसरमा वाङ थाप्न र नाच हेर्न दर्शकहरू भेला हुने प्रचलन रहेको छ । विवेच्य विषयवस्तुको औपन्यासिक प्रस्तुतिबाट शेर्पा समाजमा हुने सांस्कृतिक सन्दर्भको निरूपण गरिएको हुँदा यहाँ संस्कृतिसापेक्ष सामाजिक यथार्थ देखा पर्दछ ।

## २.५ दौलतविक्रम विष्टका उपन्यासमा वस्तुवादी चेतना

सामाजिक यथार्थवादले सामाजिक संरचनाको यथार्थ स्वरूप पहिचान गर्नका लागि वस्तुवादी चेतनालाई प्रमुख सैद्धान्तिक प्रतिमान स्वीकार गरेको छ । विशेष गरी पश्चिमी

समाजमा नवीन अन्वेषणमुखी चेतनाको उदय हुन थाल्दा दर्शनशास्त्रमा पनि वस्तुवादी चिन्तनको उदय भएको पाइन्छ । यसै क्रममा भूगोल, खगोल, गणित, भौतिक र औषध-रसायनशास्त्रहरूमा पनि नवीन तथ्यहरू फेला पर्दै गएको र त्यसैको प्रतिक्रियास्वरूप पश्चिमी समाजमा एकातिर परम्परित धार्मिक अन्ध अवधारणा वा रहस्यमय आध्यात्मिक चिन्तनप्रति अविश्वास र अनास्था बढ्दै गएको देखिन्छ भने अर्कातिर वस्तुवादी दृष्टिप्रति तीव्र आकर्षण वा विज्ञानवादी चेतनाको प्रभाव पश्चिमी कला साहित्यमा भित्रिँदै गएको पाइन्छ (जोशी, कुमारबहादुर ६६१) । विज्ञानसम्मत अध्ययन, विश्लेषण एवम् तथ्यमा आधारित वस्तुपरक ज्ञानले आधारशिला निर्माण गर्दै जाँदा गत्यात्मक समाज निर्माणका लागि गुम्सिएर बसेका परम्परित मान्यतामा अन्ततः स्वाभाविक रूपले जनविश्वास कायम रहन सकेन ।

प्राचीन ग्रिसेली दर्शन ईश्वरीय सत्ता नै यथार्थ हो भन्ने मान्यतामा अडिग रहेको अवस्थामा प्लेटोको आध्यात्मिक सत्य वा परम ईश्वरीय सत्यको सन्दर्भलाई छाडी साहित्यले यसै लोकको प्राकृतिक सत्यको अनुकरण गर्ने अवधारणा ल्याएको हुँदा एरिस्टोटललाई प्रथम वस्तुवादी कला साहित्यका मर्मज्ञका रूपमा लिने गरेको पनि पाइन्छ (कँडेल १३१) । वास्तवमा एरिस्टोटल पूर्ववर्ती सोक्रेटस र प्लेटोभन्दा वस्तुवादी भए पनि उनी यथार्थवादी वस्तुका निकट छैनन् । त्यसैले उनले वस्तुसत्यप्रति समर्थन जनाए पनि उनको यो चिन्तन विवादमुक्त भने हुन सकेन किनभने उनी मूलतः क्लासिकल वा परिष्कारवादी साहित्य चिन्तक मानिन्छन् ।

प्राचीन समाजमा वैज्ञानिक चेतनाले त्यति गहिरो ढङ्गमा प्रभाव पारिसकेको देखिँदैन किनभने त्यतिबेलाको समाज र जीवन धार्मिक अन्ध अवधारणामा रुमल्लिरहेको पाइन्छ । पूर्व आधुनिक कालमा फ्रान्सिस बेकनले बैज्ञानिक तर्कसहितका निबन्ध रचनाहरू प्रस्तुत गरे भने एङ्गेल्सले बेकनलाई संसारको भौतिक सत्ता प्रतिपादन गर्ने पहिलो अङ्ग्रेजी दार्शनिक नै ठाने (मिश्र, शिवकुमार २७) । यसरी वैज्ञानिक अनुसन्धान बढ्दै जाँदा ब्रह्माण्डको केन्द्र पृथ्वी नभई सूर्य हो भन्ने पनि स्थापित हुँदै गयो । पोल्यान्डका दार्शनिक निकोलस कोपर्निकसले पनि ब्रह्माण्डको केन्द्र सूर्य ठानी अन्य ग्रहले सूर्यकै परिक्रमा गर्ने धारणा दिए । यस समयमा भएका खोज अनुसन्धानले गर्दा धार्मिक अन्ध आस्था र सामन्ती प्रवृत्तिहरू स्वतः शिथिल बन्दै गए । वैज्ञानिक खोज-अन्वेषणतर्फ जनरुचि बढ्दै गयो । यसै क्रममा मुद्रण-यन्त्रको आविष्कारले वैज्ञानिक चेतनाको सञ्चारमा थप टेवा पुऱ्यायो । यस किसिमको वैज्ञानिक चेतनाले परवर्ती यथार्थवादी साहित्य लेखनका निम्ति केही अप्रत्यक्ष आधारभूमि बन्दै गएको देखिन्छ ।

पुनर्जागरणकालीन वैज्ञानिक उत्थान र विशेष गरी फ्रान्सेली रेन देकार्तको सन्देहात्मक विचारले ल्याएको कुनै पनि मान्यताप्रति सन्देह गर्ने, सन्देह निवारण गर्न प्रयोग-परीक्षण गर्ने र त्यसबाट प्रमाणित भए मात्र ग्रहण गर्ने वा मान्य घोषित गर्ने दृष्टिकोणबाट दार्शनिक चिन्तकहरू पनि वस्तुवादी वा यथार्थवादी बन्दै गएपछि वस्तुवादी चेतना थप सशक्त हुँदै गएको पाइन्छ । यसपछि नै हल्यान्डका यहुदी परिवारका वरुच द स्पिनोजा, ब्रिटानी जोन लक जस्ता दार्शनिकहरूले मनोगत प्रवृत्ति त्यागी भौतिकवादी सिद्धान्तको प्रतिपादन गर्दै गए । यसपछि जर्मनेली लुदबिग फायरबाख, चार्ल्स रोबर्ट डार्विन, कार्लमार्क्स, फ्रेडरिक एङ्गेल्सहरूले भौतिकविज्ञान, जीवविज्ञान, पुरातत्त्व तथा रसायनशास्त्रका क्षेत्रमा नयाँ नयाँ सन्दर्भ प्रस्तुत गर्दै द्वन्द्वात्मक भौतिकवादलाई संस्थापित गरे । फायरबाखले प्रकृतिको परिवर्तनशील वस्तुसत्ताको चर्चा गर्दै भौतिकवादी सिद्धान्तको स्थापना गरे (मास्के २८-२९) । यिनले भाववादी विचारधाराको खण्डन गर्दै वस्तुसत्यप्रति जोड दिएका छन् । यस्तै विकासवाद र अनुवंश सिद्धान्तले मानिसको अतीतको अनौठो रहस्यलाई प्रकाशमा ल्याएर धेरै भ्रमहरूको निवारण गर्दै वस्तुवादी चेतना निर्माणमा सहयोग पुऱ्याए । मार्क्सको ऐतिहासिक भौतिकवादी चिन्तनले सामाजिक अध्ययनको परिपाटीमा पूर्णतः वैज्ञानिक पद्धतिलाई प्रोत्साहित गऱ्यो । उनको द्वन्द्वात्मक भौतिकवादले हेगेलको द्वन्द्वात्मक अध्यात्मवादलाई प्रतिस्थापित गर्न समर्थ भयो । समाजशास्त्रका चिन्तक अगस्त कोम्तेले समाजशास्त्रको उपयोगिता प्रमाणित गर्ने सन्दर्भमा सत्यको मानदण्ड गोचर तथ्य हो भन्दै प्रस्तुत गरेको वस्तुपरक यथार्थवादी दर्शनबाट साहित्यिक यथार्थवाद अभिप्ररित रहेको बुझिन्छ (श्रेष्ठ, दयाराम १४-१५) । साहित्यिक समाजशास्त्रको सैद्धान्तिक प्रस्थापनाको आधारशिला निर्माण गर्ने हिप्पोली टेनको योगदान पनि महत्त्वपूर्ण छ । किनभने उनले प्रत्यक्षवादलाई महत्त्व दिँदै साहित्यलाई सामाजिक दस्तावेजका रूपमा लिएका छन् । यसपछि फ्रान्सेली लुइस जेक्विस मण्डे दागरद्वारा आविष्कृत 'फोटोग्राफी' शैलीले कलामा यथातथ्य चित्रणमा जोड दियो (श्रेष्ठ, दयाराम १६) यसको प्रभाव यथार्थवादीमा पनि पर्याप्त रहेको छ । फ्रान्सेली चित्रकार गुस्ताव कुर्वेको सन् १८५५ मा यथार्थवादी चित्र प्रदर्शनी गरेर त्यसलाई 'गुस्ताव कुर्वेको यथार्थवाद' नाम दिएर निकै प्रचारमा ल्याइयो । उनी समकालीन जीवन जगत्का यथार्थतालाई पूर्ण इमानदारीका साथ वस्तुपरक ढङ्गमा उतार्नु पर्दछ भन्ने मान्यता राख्थे र उनीबाटै प्रभावित उनकै मित्र उपन्यासकार चेम्फलुअरीले जनसामान्यलाई प्रमुख पात्रका रूपमा अँगाल्दै साहित्य सिर्जना गरेका छन् । फ्रान्सेली उपन्यासकार गुस्ताव फ्लुबर्टले 'म्याडम बोभरी' नामक उपन्यास लेखे र त्यसमा उनले आफू

सकेसम्म तटस्थ बसेर वस्तुगत दृष्टिकोणबाट घटनाहरूको चित्रण गरेको उल्लेख गरेका छन् । यसरी दर्शन, कला तथा साहित्यका क्षेत्रमा वस्तुवादी चेतनाको विकास भएको पाइन्छ ।

वस्तुवादी चेतना सामाजिक यथार्थवादको महत्त्वपूर्ण दार्शनिक आधार हो । सामाजिक यथार्थवाद पश्चिमी कला साहित्यका क्षेत्रमा वस्तुपरक दृष्टिकोण लिएर अगाडि आएको पाइन्छ किनभने सामाजिक यथार्थवादमा समाज र जीवनको इमानदारीपूर्वक उठान गरिएको हुन्छ । यसमा समाजको चित्रण गर्ने सिलसिलामा वस्तुपरक चेतनालाई पूर्वाग्रहविना ग्रहण गर्ने उद्देश्य राखिएको हुन्छ । यतिमात्र होइन समाजको सबल रूप पारख गर्न लेखकले वैयक्तिक पूर्वाग्रहबाट मुक्त हुँदै समाजका अतल गहिराइका इतिवृत्तिलाई निरीक्षण गर्ने गर्दछ । यसरी समाज र जीवनबाट आवश्यक सामग्री ग्रहण गरी समाजका गूढतम रहस्यलाई विश्लेषण गर्नु सामाजिक यथार्थवादी लेखकको वस्तुवादी चेतनाको प्रतिफल मानिएको पाइन्छ । यस विषयलाई स्पष्ट पार्दै फ्लुबर्टले जीवनका सामान्य पक्षको उद्घाटन वस्तुपरक दृष्टिकोणमा गर्नु सामाजिक यथार्थवादको विशिष्टता भएको उल्लेख गरेका छन् (सिंह, त्रिभुवन ८२) । यसर्थ वस्तुवादी चेतना सामाजिक यथार्थवादको वस्तुलाई हेर्ने एउटा महत्त्वपूर्ण चिन्तन मानिएको छ ।

विज्ञानवादी प्रेरणासँग जोडिएको सामाजिक यथार्थवादले स्वच्छन्दतावादका अतिशय भावुकतापूर्ण विधिलाई निषेध गर्दै विज्ञानसम्मत चिन्तनलाई आत्मसात गर्दछ । आदर्शवादी चिन्तनले यथार्थका नाममा अगाडि सार्ने सत् चरित्रलाई र तिनका प्रेरणादायी अनि प्रामाणिक मानिएका प्रसङ्गलाई तिरस्कार गर्दै निर्वैयक्तिकताका साथ सामान्य जीवनका प्रतिरूपलाई स्थापना गर्ने विश्लेषणीय पक्ष यसमा समाहित भएको हुन्छ । सामान्य दृष्टिबाट गोचर हुन नसक्ने समाजका अन्तरङ्गलाई सूक्ष्म दृष्टिका साथ विज्ञानसम्मत दृष्टिबाट यसमा प्रस्तुत गरिन्छ । यसर्थ यसमा परीक्षणीय, मापनीय, तथ्यपूर्ण अनि विश्वसनीय निष्कर्ष रहने हुँदा वस्तुवादी चेतना यसको प्राण मानिन्छ । आदर्शवाद वा अध्यात्मवादअनुसार जगत्‌को वास्तविक तात्त्विक स्वरूप भौतिक होइन, चैतनिक हो भन्ने धारणाका विपरीत भौतिकवादीले जगत्‌लाई ईश्वर-निर्मित नभएर शास्वत वस्तु मान्दै चेतनालाई पनि यसले पदार्थमूलक बाह्य जगत्‌को प्रतिच्छाया मात्र मान्दछ (जोशी, कुमारबहादुर ९१) । यसबाट पनि वैज्ञानिक वस्तुपरक चेतना सामाजिक यथार्थवादको मूल मान्यता हो भन्ने पुष्टि हुन गएको छ ।

### २.५.१ मञ्जरी उपन्यासमा वस्तुवादी चेतना

*मञ्जरी* उपन्यासमा राणाकालीन सामन्ती राज्यव्यवस्थाले सिर्जना गरेको नेपाली समाजको यथार्थ स्वरूप चित्रण गरिएको छ । यसमा तत्कालीन समाजमा विद्यमान वर्गीय विभेद र त्यसले सिर्जना गरेका आर्थिक शोषण अनि समाजमा रहेको बहुविवाह, अनमेल विवाह, बालविवाह, अवैध यौन सम्बन्ध जस्ता विषयलाई यथार्थ रूपमा व्यक्त गरिएको छ ।

प्रस्तुत उपन्यासमा राणाकालीन सामन्ती व्यवस्थाका अवशेषका रूपमा रहेका परम्परित संस्कार र सांस्कृतिक अवस्थालाई देखाउने क्रममा त्यसैको प्रतिविम्बस्वरूप तत्कालीन नेपाली समाजमा विद्यमान बहुविवाह, अनमेलविवाह र बालविवाहको प्रचलनलाई वस्तुगत रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा सुब्बा होमप्रसादका माध्यमबाट बहुविवाह र मञ्जरीका माध्यमबाट बालविवाह तथा अनमेल विवाह देखाइएको छ । छोरा तथा श्रीमती हुँदाहुँदै पनि सुब्बा होमप्रसादले मञ्जरीलाई भित्र्याएर बहुविवाह गरेका छन् । सुब्बा होमप्रसाद जागिरे हुनुका साथसाथै प्रशस्त जग्गासमेत बिर्ता प्राप्त गरेकाले उनको आर्थिक अवस्था बलियो भएको हुँदा तिनै सुब्बासँग मञ्जरीको अनमेल विवाह सम्पन्न भएको उपन्यासमा देखाइएको छ । किनभने तत्कालीन समाजमा आर्थिक रूपमा सबल व्यक्ति उमेर ढल्केका भए पनि उसका लागि अनमेल विवाह सामान्य विषय मानिन्थ्यो भन्ने वैवाहिक विषयसन्दर्भलाई यसमा प्रस्तुत गर्दै उपन्यासकार विष्टले लेखेका छन्- “गाउँका सबैलाई थाहा भएको कुरा हो त्यस घरमा दुलही भएर आउँदा तिनी केवल आठ वर्षकी थिइन् । तिनका पति सुब्बा होमप्रसादले भने छपन्न वर्ष पार गरिसकेका थिए । त्यसताका सुब्बाबाजे तीन तीनओटा लक्का-जवान छोराहरूका धनी भए तापनि नोकर्नी साहिँलीको पोइ भन्ने सम्बोधनले बदनाम भएका थिए (१९) ।” यस भनाइमा एउटी आठ वर्षीय बालिका मञ्जरीको उमेरदार व्यक्तिसँगको अनमेल विवाह देखाइएको छ र उसले विवाह भएको एक वर्ष बित्न नपाउँदै श्रीमान् गुमाउनु परेको छ । पितृसत्तात्मक समाजमा सम्पन्न वर्गका पुरुषले जतिसुकै विवाह गर्दा पनि पाच्य हुने तर खास गरेर आर्थिक रूपमा विपन्न वर्गका महिलाले त्यसको भारी बोक्नु पर्ने विषयमा समेत उपन्यासले जोड दिएको छ । यसका साथै महिलाले दुःखद वैधव्य जीवन भोग्ने क्रममा बेहोरेको अपमानको चित्रण पनि उपन्यासमा सशक्त रूपमा गरिएको छ । यसरी प्रस्तुत उपन्यासमा तत्कालीन नेपाली सामन्ती सामाजिक संरचनामा नारीमाथि विवाहका नाममा हुने गरेका अन्यायको यथार्थपरक चित्रण गरिएको छ ।

प्रस्तुत उपन्यासमा तत्कालीन सामन्ती संरचनात्मक समाजमा नारीमाथि हुने लैङ्गिक विभेदको समेत चित्रण गरिएको पाइन्छ । महिलाले कुनै पुरुषसित व्यक्तिगत कामका आधारमा सम्बन्ध कायम गर्दा त्यसलाई शङ्काका दृष्टिले हेर्ने गरिन्छ र परिवारका सदस्यहरूले समेत यस्ता विषयमा महिलालाई राम्रो मान्दैनन् भन्ने कुरा मञ्जरीमाथि हुने गरेको पारिवारिक हिंसाले पुष्टि गरेको छ । मञ्जरीको दाजु शङ्करको चिठीलाई लिएर उसलाई अनेक शङ्का उपशङ्काका दृष्टिले हेरिएको मात्र छैन कि त्यस चिठीलाई कुनै नाठोले पठाएको प्रेमपत्र भनेर तथा उसले कुनै व्यक्तिलाई भेट्दा गुप्त प्रेमीसँग भेटेको भनेर आरोप लगाउने गरिएको विषयबाट उपन्यासमा सामाजिक यथार्थको प्रस्तुति भएको छ । यति मात्र होइन, प्रस्तुत उपन्यासमा विधुवा नारीलाई शृङ्गार गर्न, कसैसित बोल्न एवम् कसैको चिठी प्राप्त गर्नेसम्मको अधिकार समाजलाई स्वीकार्य नभएको विषयवस्तुसमेत उपन्यासमा उठाइएको छ । यसबाट उपन्यासमा नेपाली सामाजिक संरचनामा लैङ्गिकता सम्बन्धी वस्तुवादी चिन्तनको यथार्थ अभिव्यक्ति भएको देखिन्छ ।

साहित्य र कलाको सिर्जना आर्थिक र सामाजिक जीवनको बिचबाट हुने गर्दछ । सामाजिक र आर्थिक जीवनको सम्बन्धको सूक्ष्मतर अध्ययन एक प्रकारले समाजको वर्गीय आधारको अध्ययन पनि हो । वर्ग निर्धारण गर्ने प्रमुख कारक भनेको आर्थिक पक्ष हो । सामाजिक यथार्थवादमा आर्थिक पक्षको निरूपण मूलतः समाजका अभावग्रस्त जीवनका कारुणिकताका पक्षसँग जोडिएको हुन्छ । उपन्यासकार विष्टले यही वर्गीय जीवनको चित्रण गर्ने सिलसिलामा मञ्जरीको समाजमा आर्थिक अवस्था कमजोर भएका र वर्गीय आधारमा समाजले तल्लो वर्ग मानेका मानिसहरूको जीवनको चित्र उतार्ने काम गरेका छन् । पेट पाल्नका लागि ठुलाबडाकहाँ कुटो कोदालो गर्ने सेती ठालुको वासनाको सिकार भएको यथार्थतालाई उपन्यासमा विषयवस्तु बनाइएको छ । तत्कालीन नेपाली समाजमा पेट पाल्नकै लागि सेती जस्ता नारीहरूले परपुरुषसँग शारीरिक सम्बन्ध राख्नुपर्ने बाध्यात्मक स्थितिलाई समेत यसमा चित्रण गरिएको छ । यस उपन्यासका सेती, विमला र सरला जस्ता पात्रहरू यसका साक्ष्य भएका छन् । उपन्यासमा उठान भएको यो विषय सहरी क्षेत्रमा अझ बढी मौलाउँदै गएको पाइन्छ । आजको समयमा यसका रूप र प्रकार फेरिएका होलान् तर सहरमा हुने नारी शोषणका अनेक रूप सामाजिक यथार्थका साक्ष्य भएका छन् । सामाजिक यथार्थवादमा प्रतिमानहरू फेरिँदै जान्छन् तर यथार्थ भने उही नै रहन्छ भन्ने सामाजिक यथार्थ यस उपन्यासको वस्तुगत यथार्थबाट पुष्टि भएको छ ।

प्रस्तुत उपन्यासमा समाजमा हुने विविध घटनालाई समावेश गरी समाजको वास्तविकतालाई देखाउने काम गरिएको छ। "नेपाल टुकुचाको पुलमुनि एउटा अबोध शिशुको लास" (७३) शीर्षकमा छापिएको समाचारलाई उपन्यासमा समेटिएको विषयले तत्कालीन समयमा अबैध सम्बन्धबाट जन्मेको शिशुलाई बाटो, पुलमुनि वा एकान्त ठाउँमा फ्याक्ने गरेको र अस्पतालमा खुलेआम गर्भपतन गराउने सेवा र शय्यामा छाडिने शिशुहरू सामाजिक यथार्थका साक्ष्य हुन् । उपन्यासमा समाचार पत्र डुलाउँदै अखबार पढ्नोस् भन्ने ठिटाका भनाइलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ- "भैगो छोडिबक्सियोस् ! हिजो टुकुचाको पुलमुनि एउटी आइमाईले समाजको डरले आफ्नो गर्भबाट जन्मेको बालकलाई हत्या गरेर फ्याँकीछ; स्थानीय पुलिस सरजमीन तहकिकात गर्न लागेका छन् रे ! (७४) ।" सम्बद्ध विषयबाट सहरिया समाजमा अवैध सम्बन्धबाट जन्मिने बालबालिका बेवारिसे छाडिने गरेको वस्तुगत यथार्थ प्रस्तुत भएको छ। यस भनाइबाट उपन्यासमा घटित यो विषय हिजोको मात्र यथार्थ होइन, आजको पनि यथार्थ हो भन्ने कुरा पुष्टि भएको छ।

प्रस्तुत उपन्यासले पुँजीवादी अर्थव्यवस्थामा समाजका मानिसहरू आफूभन्दा उच्च आर्थिक हैसियत भएका परिवारसँग नाता सम्बन्ध जोड्न चाहन्छन् भन्ने विषयमा कप्तान्नी मखनाका परिवारका माध्यमबाट देखाएको छ। यस सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "अब तिनी छोरालाई उच्च खान्दानी र धनसम्पन्न व्यक्तिकी छोरीको पासोमा अल्झाउन चाहन्थिन् (६६) ।" उपन्यासको यस अभिव्यक्तिले कप्तान्नी मखनाको मनको अन्तरध्वनिको प्रतिनिधित्व गरेको छ। यसले उपन्यासमा आन्तरिक चेतनालाई प्रकटमा ल्याएको पाइन्छ। यस्तै गरिब तथा ब्राह्मण कन्या भएकोले आठ वर्षीय छोरीलाई सौतामाथि तीन तीनवटा छोराको बाबु तथा उमेर पुगेका सुब्बा बाजेलाई सुम्पिनु समाजको आर्थिक पक्षलाई महत्त्व दिने चिन्तनले प्रश्रय पाएको प्रमाणका रूपमा लिन सकिन्छ। समाजमा आर्थिक हैसियत भएका मानिससँग सम्बन्ध जोड्न पाएको खण्डमा छोरीलाई जीवन यापन गर्न कुनै समस्या नहुने तथा कान्छी श्रीमती हुने भएपछि तुलनात्मक रूपमा बढी माया प्राप्त हुने तत्कालीन सामाजिक चिन्तनमा लुकेको आन्तरिक मर्मलाई उपन्यासमा देखाएको छ। तत्कालीन नेपाली समाजमा विद्यमान यस खाले धारणाका सम्बन्धमा उपन्यासकारको थप भनाइ यस्तो रहेको छ- "नेपाल जस्तो ठाउँमा सुब्बा बाजेको जस्तो घर पाएपछि उनको बेलामा कुन बाहुनले उनीसँग चोलो फरियाको नाता जोड्न नचाहला ? (२०) ।" सम्बद्ध भनाइमा तत्कालीन नेपाली समाजमा सौतामाथि अनमेल विवाह स्वीकार गर्नु परे तापनि आर्थिक रूपमा सम्पन्न परिवारसँग वैवाहिक

सम्बन्ध कायम गर्नुपर्छ भन्ने सामन्ती सामाजिक तथा सांस्कृतिक चिन्तन प्रतिपादित भएको छ ।

तत्कालीन नेपाली समाजको यथार्थ व्यक्त गर्न मिस्रीबजैले भनेको विषय अहिले पनि नेपाली समाजमा यथावत् गुञ्जिने वस्तुपरक ध्वनि बनेको पाइन्छ । यस उपन्यासमा उपन्यासकार त्यस सम्बन्धमा यसरी प्रस्तुत भएका छन्- "मलाई मेरा छोराहरूले केही गर्नु पर्दैन ! आफ्नै मालिकले यति जोडेर गइदिनु भा छ ! यति भयो भने छोराहरूले केही नगरे पनि इष्टमित्रहरूले मरेपछि मेरो क्रिया-कर्म राम्ररी गरिदेलान् (२४) ।" यस भनाइमा मिश्रीबजैमा रहेको पुँजीवादी सामन्ती चिन्तन र अहम्का आधारमा तत्कालीन नेपाली समाजको परम्परागत सामाजिक तथा सांस्कृतिक चिन्तन प्रस्तुत भएको छ ।

### २.५.२ एक पालुवा अनेकौँ याम उपन्यासमा वस्तुवादी चेतना

*एक पालुवा अनेकौँ याम* उपन्यासमा सामाजिक यथार्थको अभिव्यक्तिका क्रममा यसमा मुख्यतः नारी समस्याले प्राथमिकता पाएको छ । प्रस्तुत उपन्यासमा कमलकी आमाको असमयमै निधन भएको हुँदा कमलका घरमा समस्या उत्पन्न भएको छ । किनभने कमलको बाबु नरेन्द्र पुरुषप्रधान परम्परित सामन्ती सामाजिक मूल्य मान्यताअनुरूप स्वास्नी मरेको तीन महिना नबित्दै अर्को बिहेको खोजीमा लागेको सन्दर्भलाई पुष्टि गर्दै नरेन्द्रकी जेठी सासूको भनाइ यस्तो रहेको छ- "छिः छिः ज्वाइँ ! के कुरा गरिबक्सिएको हो हजुरले त्यस्तो । मेरी बैनी खसेको आज तीन महिना भएको छैन, यति चाँडै दोस्रो बिहे गर्ने कुरा (१४) ।" उपन्यासमा प्रयुक्त यस अभिव्यक्तिको प्रत्युत्तरमा नरेन्द्र आफ्नो बाबुले तीन-तीनवटी श्रीमती भित्र्याएको हुँदा आफू झन् विधुर भएर नबस्ने सामन्ती विचार प्रस्तुत गरेको छ । उसको यस विचारलाई जेठाबाजेकी आमा ठुली दिदी, भाउजू, सरदार्नी फुपूहरूसमेतले बिहे नगरेर पनि कहाँ हुँदो हो भनेर उचालिदिँदा झन् बल पुग्न गई ऊ श्रीमतीको खोजीमा बेचैन नै हुन थालेको छ । उपन्यासमा समावेश भएका यी चरित्रहरूले गरेका पितृसत्तात्मक अभिव्यक्तिमा सिङ्गो नेपाली समाजको यथार्थ प्रतिविम्बित भएको देखिन्छ । माइनस बीसको चस्मा लाउने तीन तीनवटा छोराका बाबु नरेन्द्रलाई पुरुष मात्र होइन, नारीहरूले समेत बिहा गर्नुपर्छ भनेर उचाल्ने काम गरेर त्यसका सहयोगी बनेको यथार्थको प्रस्तुतिबाट उपन्यासमा नेपाली समाजको वस्तुवादी चेतना प्रकट भएको पाइन्छ ।

प्रस्तुत उपन्यासमा नरेन्द्रका माइला जेठान हर्कबहादुरले नरेन्द्रसँग गरेका विवाह सम्बन्धी वार्तालापबाट नेपाली समाजका यथार्थलाई उदाङ्गो पार्ने काम भएको छ । नरेन्द्रको अर्को बिहेको बहस चलिरहेको सन्दर्भमा माहिला जेठानको भनाइ यस्तो छ- "मेरा यी भन्टचाङभुन्टुङ भान्जाहरू टुहुरा भए तर धन्दा मानिबक्सिनु पर्दैन ज्वाइँ । मेरी जेठी छोरी च्यान्टी छँदैछ नि हजुरको सेवा गर्ने, के फुपूका छोराछोरी के आफ्नो, एउटै च्यान्टीले यी टुहुराहरूलाई आँखामा राख्नेछ (१३) ।" सम्बद्ध भनाइले नेपाली समाजमा विधुरलाई अर्को बिहाको स्वीकृति रहेको यथार्थ व्यक्त गरेको छ ।

प्रस्तुत उपन्यासमा बुढेसकालमा विधुरै बस्न चाहे पनि सामाजिक अबगालबाट बच्न नसकिने अर्को स्थितिको सङ्केत पनि गरिएको छ। नरेन्द्रले आफ्ना स्वार्थका लागि बमबहादुरको बाबुको दृष्टान्त ल्याए पनि त्यो पनि अर्को विडम्बनापूर्ण यथार्थ नै हो। यसमा नेपाली समाजको शङ्कालु प्रवृत्तिलाई सान्दर्भिक प्रसङ्गका रूपमा संयोजन गरिएको छ र यसले तत्कालीन नेपाली समाजका वृद्ध विधुरलाई गृहस्थी जीवन काट्न जति गाह्रो हुन्छ, त्यति वृद्ध बिधुवालाई नहुने भन्दै विधुर विवाहको स्वीकृति रहे पनि विधवालाई विवाह गर्ने स्वीकृति नरहेको तत्कालीन पितृसत्तात्मक सामाजिक चिन्तनको प्रस्तुति गरिएको पाइन्छ ।

प्रस्तुत उपन्यासमा सामन्ती मनोवृत्तिका मध्यमवर्गीय पुरुषले आफ्ना कामक्षुधा पूर्तिका लागि नारीप्रति गर्ने अनेकन् क्रूर कुटिल चाल प्रस्तुत गरिएको छ । वृद्ध नरेन्द्रले चाहेको भर्खरकी राजेश्वरीलाई उनीहरूका अभिभावकले दिन आलटाल गरेपछि मोहनी मन्त्र लगाएर आफ्नो वशमा पार्ने षड्यन्त्र रचेको छ। यस कार्यमा असफल भएपछि भने च्यान्टीलाई बिहा गरेर राजेश्वरीलाई आफैँले स्वास्नी राखेको हुँ भन्ने झुटो मुद्दा दायर गरेर छोरालाई त्यसैको तारिख खेप्न लगाइएको यथार्थ चित्रण उपन्यासमा गरिएको छ। यसबाट तत्कालीन नेपाली समाजको वस्तुवादी चेत उपन्यासमा व्यक्त भएको छ । च्यान्टी शारीरिक रूपले अशक्त र रोगी बन्दै गएपछि छोरो कमलकै फोटो देखाएर उसैसँग बिहा गरिदिने भनेर कल्पनाको दाजुलाई तीन हजार रुपैयाँ दिई कल्पनालाई श्रीमती तुल्याएको विषयले समाजको यथार्थ व्यक्त भएको छ । बुहारी बनाउँछु भनी ल्याएर स्वास्नी तुल्याएको हुँदा विद्रोही बनेकी कल्पनालाई आफ्नो वशमा राख्न खोज्दा असफल भएपछि उसलाई विक्षिप्त तुल्याई जेलमा सडाउने काम गरेको छ। ताराले कमललाई लेखेको पत्रमा कल्पनाका बारेमा यसो भनिएको छ- "बिचरी अब झ्यालखानको कैदी भएकी छन् । स्वयम् गङ्गा नूनिया पनि कैदमा छ (२२६) ।" यस भनाइबाट उपन्यासमा तत्कालीन नेपाली समाजमा नारीले पुरुष वासनाको

सिकार हुनुपर्ने त्यसो नगरेको खण्डमा जेलको सजाय मात्र होइन, ज्यानै समेत गुमाउनु पर्ने नेपाली समाजको यथार्थ व्यक्त भएको छ ।

*एक पालुवा अनेकौँ याम* उपन्यासमा वृद्ध विधुरको नारीप्रतिको वासनात्मक आतङ्क मात्र प्रकट नभई विभिन्न तहका पुरुषको नारीप्रतिको हेपाहा र वासनात्मक आतङ्क पनि प्रकट भएको छ । वंश परम्परादेखि नै आफ्नो जुठोपुरो खाएर बाँच्दै आएको रामलखन पटुवारीले वृद्ध विधुवा जेठकी मालकिनको आर्थिक अवस्था खस्कँदै गएपछि उसलाई ञ्याले दृष्टिले हेर्न थालेको छ । कमजोर मानिसलाई हेप्ने प्रवृत्ति समाजमा हिजो थियो र आज पनि छ । यसमा एकातिर स्वयंवरको औँठी किन्ने बहाना गरेर आफ्नो आकर्षण प्रदर्शन गर्न खोजिएको छ भने अर्कातिर आर्थिक समस्याकै कारण बाध्यतावश आफ्नो स्वयंवरको औँठीसमेत बेच्न रामलखन पटुवारीकहाँ पुगेकी जेठकी मालकिनसँग उसले ठाडै वासनापूर्तिको कामना गर्नु जस्ता अप्रत्यासित घटनाबाट जेठकी मालकिनको स्थिति अत्यन्त नाजुक बनेको छ । यस वस्तुवादी चेतनाका माध्यमबाट उपन्यासमा सामाजिक यथार्थ अभिव्यक्त भएको छ । यस्तै यस उपन्यासमा एकातिर कल्पनालाई सौतेनी आमा र दाजुहरूले उसका नाममा भएको घरबास आफ्ना नाममा तुल्याउने र उसलाई पैसाको लागि वृद्ध विधुरसँग बेचेर अत्यन्त कृतघ्न काम गरेका छन् भने अर्कोतिर सात वर्षमै विवाहिता भएकी र दश वर्षकी हुँदा गर्गहनाले सजिएर सासू-ससुरासँग कुम्भ मेला नुहाउन जाँदा डाँकाहरूको अपहरणमा परेर छ वर्षसम्म हराएकी भनेर तारालाई घरमा भित्र्याउन अस्वीकार गरिएको छ । यसरी नेपाली समाजमा प्रचलित बालविवाह, अनमेल विवाह, अनिच्छित विवाह, षड्यन्त्रमूलक गरिने विवाहका साथै पुरुषको एकतर्फी वासनात्मक आकर्षणले सामान्य वैँसालु एवम् विधवा नारीको जीवन निकै क्षतविक्षत भएको कुरा उपन्यासमा देखाइएको छ र यसले विवेच्य उपन्यासमा नेपाली समाजको वस्तुवादी चिन्तन समेटेको छ ।

प्रस्तुत उपन्यासमा तत्कालीन सामन्ती समाजको चिन्तनलाई प्रस्तुत गरिएको छ । समाजमा बालविवाह, विधुर विवाह र बहुविवाहको स्वीकृति, विधवा विवाहको निषेध, नारीले परपुरुषलाई चियाउनै नहुने, पतिलाई परमेश्वर ठान्नुपर्ने, उसको पैतालाको जल नखाई केही खान नहुनेजस्ता परम्परित धार्मिक रूढ मान्यताले नेपाली समाज बाँधिएको देखिन्छ । त्यस्तै सामाजिक परम्परित सोच पनि नारीप्रति सारै अनुदार रहेको उपन्यासमा उल्लेख गरिएको छ । नारीलाई साँघुरा परिवेशमा सीमित गर्ने, उसलाई पुरुषको वासनापूर्तिको सामान्य साधन ठान्ने, अन्य वस्तु किनेझैँ पैसाले किन्ने, घरभित्र सीमित गर्ने, कुनै आर्थिक र सामाजिक

भूमिका निर्वाह गर्न नदिने जस्ता सारै साँघुरा प्रचलन देखिन्छन् । तत्कालीन राणाशासकहरू नारीलाई भोगविलासको साधनभन्दा बढी महत्त्व नदिने र न्याय व्यवस्था पनि नारीप्रति अमानवीयता प्रदर्शन गर्ने प्रकृतिको रहेको छ भन्ने कुरा कल्पनाले विक्षिप्त भएर भोग्दै गरेको जेल जीवन र लिचुमैयाँले भोग्नुपर्ने सम्भावित जेल जीवनको स्थितिबाट प्रस्ट भएको छ । तत्कालीन समाजमा नेपाली नारीको दयनीय अवस्थाको सन्दर्भमा कमललाई लेखेको पत्रमा ताराको भनाइ यस्तो छ- “परम्परागत छद्म आवरणले ढाकिएको हाम्रो समाजमा कति दुर्दशा छ स्वास्नी मान्छेको । मानौँ हाम्रो समाजमा स्वास्नी मान्छे मात्र पुरुषको वासना तृप्तिको साधन हो । मानौँ स्वास्नीमान्छे मान्छे नै होइन, मानौँ हाड मासु र रगतले बनेको जीव होइन । ऊ मानौँ स्पन्दनहीन, हलचलहीन एउटा लास मात्र हो (२२३) ।” यस भनाइमा तत्कालीन समाज नारीप्रति अत्यन्तै अनुदार रहेको चर्चा गरिएको  छ । नारीलाई पुरुषको वासना तृप्तिको साधन मात्र मानिएको छ र उसलाई समाजमा मान्छे नै होइन जस्तो व्यवहार गरिन्छ । उनीहरू मानौँ हलचलविहीन लास हुन् झैँ गरेर सामाजिक सम्बन्ध निर्धारण गरिएको हुँदा समाजमा उनीहरूले एकपछि अर्को जटिलता व्यहोर्नु परेको सामाजिक यथार्थलाई औपन्यासिक कलात्मक घटकका बुनोटद्वारा जीवन्त रूपमा व्यक्त गरिएको छ । त्यसैले नारीहरूले पुरुषप्रधान पितृसत्तात्मक समाज व्यवस्थाका विरुद्धमा उठ्नुपर्ने वस्तुवादी चेतनासमेत यसमा प्रकट भएको छ ।

### २.५.३ भोक र भित्ताहरू उपन्यासमा वस्तुवादी चेतना

*भोक र भित्ताहरू* उपन्यासमा पञ्चायतकालीन पुँजीवादी समाज व्यवस्थाले सिर्जना गरेका समाजका यथार्थ स्वरूपलाई चित्रण गरिएको छ । यस क्रममा उपन्यासमा समाजका उच्चवर्गद्वारा निम्नवर्गप्रति गरिने अन्याय, अत्याचार, शोषण, दमन, षड्यन्त्र र त्यसले उनीहरूको सामाजिक जीवन छिन्नभिन्न भएको हुँदा त्यस्ताका विरुद्ध सङ्घर्ष गर्नुपर्ने विचार अभिव्यक्त भएको छ । विवेच्य उपन्यासमा नवधनाढ्य जगतेले अवैध आर्जनका लागि हर्के तथा उसको परिवारप्रति गरेको अमानवीय व्यवहार तथा त्यसबाट उसको पारिवारिक अवस्था सङ्कटपूर्ण हुन पुगेको वस्तुगत यथार्थ समेटिएको छ । समाजका ठालुहरूले निम्न आर्थिक अवस्था भएका मानिसलाई गर्ने शोषणको प्रकोप गाउँ तथा सहर दुवैतिर छ तापनि गाउँमा यसले आफ्नो स्वरूप धार्मिक तथा सांस्कृतिक मान्यतामा समाहित गर्दै लगेर दरोसँग जरा गाडेको देखिन्छ भने सहरमा यसले प्रशासन र न्याय व्यवस्थालाई नै आफ्नो संरक्षण कवच बनाउन थालेको पाइन्छ ।

प्रस्तुत उपन्यासमा गाउँका हर्के र चन्द्रेले आफ्ना बाबुआमाको किरिया गर्दा घर जग्गा वा जायजेथा गुमाउन बाध्य भएका छन् । यसमा पुरोहितले मौका यही हो भनी प्रशस्त दानदक्षिणा गर्न जोड गर्ने, व्यापारीले समाजमा मनपर्दी नाफा कस्ने र साहुले अप्ठ्यारोमा दिएको ऋण भनी मनपरी ब्याज असुल्ने गर्दा हर्के साहिँला तथा चन्द्रे जस्ता पात्रको उठीवास लागेको विषयको प्रस्तुति गरिएको छ । समाजका विपन्न वर्गको विपत्तिको कारण टाठाबाठाहरूले गर्ने शोषण हो भन्ने निष्कर्षसमेत प्रस्तुत गरिएको हुँदा यस उपन्यासमा वस्तुवादी चेतना प्रस्ट देखा पर्दछ । यस्तै उपन्यासमा माहुरी साहुले चन्द्रेको बाबुलाई भिरमौरी काढ्ने जोखिमपूर्ण काममा लगाउँदा एकदिन उसको भिरबाट खसेर बीभत्स ढङ्गमा मृत्यु भएको दारुण यथार्थलाई पनि देखाइएको छ ।

प्रस्तुत उपन्यासमा गाउँको तुलनामा सहरमा शोषण झन् पेचिलो रहेको देखाइएको छ । यस उपन्यासमा जगतेले विपन्न हर्केलाई धेरै पैसाको लोभ देखाई चोरी डकैती गर्न लगाउनु, पुलिसले समातिहाले ठुलाबडा वकिल राखेर छुटाउने आश्वासन दिनु, उसका जहान परिवारको पनि आफूले संरक्षण गरिदिने भन्दै आफूलाई नपोल्न भनी फुस्ल्याउनु र सोही फुस्ल्याइमा परी हर्केले सबै अपराध सकारेपछि उसको कुनै वास्ता नगर्नु अनि उसका जहान परिवारलाई उल्टो कुरा लगाई संरक्षणका नाममा उनीहरूमाथि गर्नसम्मको शोषण गर्नु जस्ता यथार्थलाई देखाइएको छ । त्यसैले गाउँको अपेक्षा सहरका व्यक्तिले गर्ने शोषण व्यापक देखिन्छ । गाउँमा सामान्यतः निम्नमध्यम वर्गीय शेशेमुखिया, माहुरी साहु र जेठा पुरेत जस्ता व्यक्तिले निम्नवर्गीय हर्के, चन्द्रे जस्ता परिवारको सीमित जायजेथामा आँखा गाडेका छन् भने सहरका कर्मचारी (सचिव, इन्जिनियर), ठेकेदार (जगते) जस्ता व्यक्तिहरूले हर्के जस्तो विपन्न मानिसदेखि लिएर राष्ट्रको ठुलो बजेट आफ्नो घृणित स्वार्थअनुरूप उपभोग गरेर शोषणको परिधि व्यापक तुल्याएको देखिन्छ । हाम्रो जस्तो विपन्न मुलुकका पढेलेखेका वा टाठाबाठा एवम् उच्च वर्गको शोषणले समग्र राष्ट्रका विपन्नहरूको अप्रत्यक्ष शोषण भैरहेको हुन्छ । त्यसमाथि पनि जगते जस्ता नवधनाढ्य वर्गको मानवीय संवेदनाहीन व्यापारवादी शोषण त विपन्न वर्गको आर्थिक, नैतिक, सांस्कृतिक पक्षकै संहारक बनेर प्रकट भएको वस्तुवादी चेतना यसमा पनि प्रखर रूपमा देखिएको छ ।

*भोक र भित्ताहरू* उपन्यासमा शोषणका गम्भीर, गम्भीरतर र गम्भीरतम रूपहरू प्रदर्शन गर्दै तीप्रति तीव्र आक्रोश पनि प्रकट गरिएको छ । सम्पन्न र विपन्न समाजको विभेद

देखेर विपन्न टुहुरो चन्द्रेका मनमा पैदा भएका असन्तोषपूर्ण मनोतरङ्गलाई यस प्रकार व्यक्त गरिएको छ-

> ऊ स्वयम् पनि त दगुर्दादगुर्दै त्यो घाटमा एकै पल्ट खाँदा खाँदा मर्नेहरूको लाश र खानै नपाएर मर्नेहरूको लाश ल्याइन सक्ने सम्भावनाको बारेमा सोच्न पुगेको थियो । फेरि दगुर्दादगुर्दै उसले सोचेको थियो अन्नपातले पुरिएर मर्ने पनि मान्छे । एक मुट्ठी अन्नको लागि जीवनपर्यन्त हाहाकार बोकी मर्नेहरू पनि मान्छे । मान्छे हुने नाताले खाने अधिकार त सबैलाई हुनुपर्ने हो ? फेरि कसैलाई मातै मात कसैको पर्पुरोमा हात नै किन ? चन्द्रे गम्भीर भएको थियो त्यो प्रश्नमा यो पूर्वजन्मको फल भन्ने कुरापट्टि विश्वास लिन सक्तैनथियो । ऊ आफ्नो गाउँको स्कूल पढ्दा पनि यस्ता कुरामा विश्वास लिएको थिएन । उसले आजभोलि त झन् विश्वास लिने कुरै पनि भएन । भगवान्का आँखामा त सबैको पेट भर्नुपर्ने नै हुन्छ । कसैको पेट चाहिने पेट ठहरिने रे कसैको पेट चाहिने पेटै नठहरिने स्थिति त अवश्यै पनि सिर्जना नभएको होला समदर्शी रघुनाथबाट (८९) ।

प्रस्तुत अभिव्यक्तिमा चन्द्रेले धर्तीका सम्पूर्ण प्राणीलाई खान पाउने नैसर्गिक अधिकार भए पनि त्यसो हुन नसकेको र कसैलाई फालाफाल र कसैको पुर्पुरामा हात किन भन्दै प्रश्न गरेको छ । यो सबै पूर्वजन्म वा भाग्यको फल हो भन्ने कुरामा उसले आफ्नो कहिल्यै विश्वास नरहेको र यसका लागि पूर्वजन्म वा भाग्य नभएर नेपाली वर्गीय समाज व्यवस्था र त्यसले सिर्जना गरेको असमान आर्थिक सामाजिक संरचना नै दोषी रहेको बताएको छ र चन्द्रेको यस कथनबाट उपन्यासमा वस्तुवादी चेतना प्रकट भएको छ ।

प्रस्तुत उपन्यासमा तत्कालीन नेपाली मानसिकतालाई अध्ययन गरेर जीवनका गूढ रहस्य अन्वेषण गर्ने काम भएको छ । सामाजिक क्रियाकलापलाई अन्तिम सत्य स्वीकार गरी उपन्यासमा वस्तुपरक चिन्तन प्रस्तुत भएको पाइन्छ । यसमा जेलबाट छुटेको हर्केले जगतेसँग प्रकट गरेका कथनहरू र छोरी जुनेलीबाट आफ्नी पत्नी र उसप्रति जगतेले गरेको नृशंस व्यवहार थाहा पाएपछि हर्केले अन्ततः जगतेलाई मारेको घटनाले पनि यसलाई देखाएको छ । यस्तै थुनामा परेको अर्धसिल्लीका कथनले पनि यसलाई अझ टड्कारो रूपमा स्पष्ट पारेको छ । उपन्यासकारले अर्धसिल्लीका भनाइलाई यसरी प्रस्तुत गरेका छन्-

लक्ष्मीको कृपा नपाउनेहरू चोर, लक्ष्मीको कृपा भएकाहरू चोर भए पनि सद्धे......चोर कहलाउन चोरी नै गर्नुपर्छ र ? डाँका कहलाउन डाँका नै गर्नुपर्छ र ? ठग कहलाउन ठगी नै गर्नुपर्छ र ? त्यस्तो केही गर्नुपर्दैन साथीहो ! यही त तारीफ छ आजभोलिको हाम्रो सभ्यताको । सुन-चाँदीका मूर्खहरूले त आफ्ना निधारको कलङ्क त तपाइँ हामी जस्ताको निधारमा सुटुक्क साटिदिसकेका छन् कसैले अत्तो-पत्तो नपाउने गरी । त्यसैले त पुलीसहरू चोर समात्न सक्तैनन् । चोरीको बातमा रायोको सागको पात समात्ने गर्छन् (१५७) ।

सम्बद्ध भनाइमा जगतेद्वारा हर्के र चन्द्रे चोरीको आरोपमा पुलिसमा थुनाइएपछि त्यहाँ भेट भएको अर्धसिल्लीले वर्गीय समाजप्रति व्यङ्ग्य गरेको छ । उसद्वारा यसमा गरिबले चोरी नगर्दा पनि चोर कहलाइने र धनी चोर भए पनि सद्दे हुने व्यवस्थाप्रति असहमति जाहेर गरिएको छ । यसमा गरिब निमुखाले केही नगर्दा पनि चोर, डाँका र ठगको आरोप सहनु पर्ने तथा धनी वर्गले आफ्ना निधारको कलङ्क समेत उनीहरूको थाप्लोमा हाल्दिने अनि पुलिसले पनि त्यस्ता अपराधीलाई भन्दा निरपराधी समात्न पुग्ने अवस्थाको उल्लेख गरिएको छ । यसमा आजको पुँजीवादी अर्थव्यवस्थाका कारण सम्पन्न वर्गद्वारा समाजका विपन्न वर्गप्रति हुँदै आएको अन्याय, अत्याचारको प्रस्तुतिमा वस्तुवादी चेतना प्रकट हुनुका साथै निम्नवर्गीय जीवनका माध्यमबाट सामाजिक यथार्थको अभिव्यक्तिसमेत भएको छ ।

सहरिया परिवेश विकसित हुँदै जाँदा समाजका कतिपय मानिसहरूलाई जीवन चलाउन निकै असहज परिस्थिति निर्माण हुने यथार्थ उपन्यासमा व्यक्त भएको छ । यस अवस्थामा समाजका आर्थिक दृष्टिले विपन्न तथा निम्नवर्गका चन्द्रे र जुनेली चोरी कार्य गरेर पेट पाल्न विवश बनेको तथ्य उपन्यासमा समेटिएको छ । चन्द्रे र जुनेलीले रातको समयमा पुलमा आवतजावत गर्ने मान्छेलाई ढुकेर लुट्ने योजना बनाएका छन् । त्यही क्रममा त्यहाँबाट जाँदै गरेको हर्के साहिँलालाई तर्साउन खोज्ने जुनेलीको भनाइ यस्तो छ- “हेर ! करायौ कि चुपीले तिम्रो छाती छेडिदिनेछु (१०३) ।” सम्बद्ध विषयले निम्नवर्गीय जीवन बिताउन विवश नेपाली समाजको वास्तविक यथार्थ उजागर गरिएको छ । उपन्यासमा प्रयुक्त विषयबाट समाजको वस्तुगत यथार्थ *भोक र भित्ताहरू* उपन्यासमा अभिव्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा अरूलाई दुःख दिएर समाजमा आफू रमाउने व्यक्तिको प्रतिनिधित्व जगतेले गरेको पाइन्छ । जगतेले समाजको सोभो इमानदार हर्केलाई आर्थिक प्रलोभनमा पारेर चोरी गर्न लगाई जेलमा सडाउने काम गरेको छ । यसरी जगतेले अरूलाई दुःख दिएर आफ्नो

मात्र भलो गर्न चाहने नेपाली समाजको शोषक वर्गको प्रतिनिधि पात्रका रूपमा भूमिका निर्वाह गरेको पाइन्छ । हर्के साहिँलाका परिवारलाई कसरी तर्साउन सकिन्छ भन्ने विषयको यथार्थ चित्र उपन्यासमा उतार गरिएको छ । यस प्रकारको सामाजिक यथार्थ उपन्यासमा खोजी गर्ने क्रममा जगतेको चरित्र यसको साक्ष्य बनेको छ ।

समाजमा आर्थिक अवस्था कमजोर भएका र वर्गीय आधारमा समाजले तल्लो वर्ग मानेका मानिसहरूको जीवनको चित्र उतार्ने काम उपन्यासमा गरिएको छ । जगतेको षड्यन्त्रमा परी हर्के जेल परेपछि उसका जहान परिवारलाई समेत आफ्नो जालमा पारिएको छ । नवधनाढ्य जगतेले झुनेलाई उसका घरमा आउने उच्च तहका सरकारी मान्छेसँग सुत्न पठाएर देहव्यापार गर्ने, सम्बन्धित हाकिम इन्जिनियरहरूलाई सुरासुन्दरी उपलब्ध गराएर वा घुस खुवाएर ठुला ठुला ठेक्कापट्टा आफ्नो भागमा पार्ने अनि सरकारी रकम मनपरी गर्ने, अवैध धन्दा गरेर अकुत सम्पत्ति आर्जन गर्ने काम गरेको छ । यसरी पुँजीवादी समाज व्यवस्थामा हरेक कुरालाई धनका तराजुमा जोखिन्छ (मिश्र ३१५) भन्ने मार्क्सवादी वस्तुवादी चेतना यस उपन्यासका कथ्यका माध्यमबाट प्रकट भएको छ । तत्कालीन समयमा सहरी क्षेत्रमा सञ्चालित त्यस प्रकारका अवैध व्यवसाय समाजका यथार्थ हुन् । आजको समाजमा पनि यस किसिमका अवैध व्यवसायहरू रूप र प्रकार फेरिएर भए पनि सहरमा सञ्चालित भएका पाइन्छन् जुन सामाजिक यथार्थका साक्ष्य भएका छन् । यसरी सामाजिक यथार्थवादमा प्रतिमानहरू फेरिँदै जान्छन्, तर यथार्थ भने उही नै रहन्छ भन्ने वस्तुवादी चिन्तन यस उपन्यासका माध्यमबाट अभिव्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा समाजका परम्परित नैतिक मूल्य मान्यता क्षीण बन्दै गएको यथार्थलाई पनि चित्रण गरिएको छ । विपन्न व्यक्तिले पेटको क्षुधा मेट्न जस्तोसुकै पापकर्म गर्नुपर्ने बाध्यता एकातिर सिर्जना भएको छ भने अर्कातिर सम्पन्नहरूले आफ्नै पत्नीको पनि अस्मिता बेचेर शासन सत्तामा पुग्ने संस्कार स्थापित गर्न थालेको देखिन्छ । यस्तै उपन्यासमा चोरी कर्मलाई सारै घृणा गर्ने र त्यसैका कारण चन्द्रे र जुनेलीलाई दुत्कार्ने हर्केले पेटकै क्षुधाका कारण जगतेको ढुकुटीमा रहेको नोटका बिटा चोरेर भागेको वस्तुयथार्थका साथै चन्द्रेले चोरी कर्ममा लाग्दा पलपल मरिरहेको अनुभूति गरेर पनि अर्काको पाकेट मार्ने, बाटो ढुक्ने र घरमै चोर्न पस्ने जस्ता काम गरेको छ ।

*भोक र भित्ताहरू* उपन्यासले समाजमा आर्थिक रूपमा बलियाहरूको सत्ता र शक्तिमा पहुँच रहने विषयलाई सम्बोधन गरेको छ । यस सामाजिक आर्थिक विषयमा जगतेको

अभिव्यक्ति यस्तो रहेको छ- "जोसँग गाँठी छ, उसले वकिल किन्न सक्छ। साक्षी किन्न सक्छ, सर्जमिन किन्न सक्छ । गाँठी बलियो हुनेहरूलाई तिमीहरू जस्ताको बकबासले केही नाप्न सक्दैन (२८-२९) ।" जगतेको यस भनाइले सहरका इन्जिनियर, हाकिम, प्रहरी प्रशासन मात्रै होइन, न्यायालय नै तिनै शोषक-सामन्तको रक्षाकवच भएर बसेको स्थितिलाई सङ्केत गरेको छ । यसकारण जगते जस्ता सामन्तले समाजमा आफ्नो मनोमानी चलाएको चित्रण गरिएको छ । नेपाली समाजमा जसरी पनि धन-सम्पत्ति आर्जन गर्नेहरूको चरित्र जगतेका माध्यमबाट प्रकट भएको छ । वस्तुपरक चिन्तनमा अडेको प्रस्तुत उपन्यासमा समाजको वस्तुवादी यथार्थ उजागर हुन गएको र उपन्यासमा हर्केद्वारा जगतेको हत्या गरिनुले समाजमा शोषक-सामन्तको अन्त्य नगरी सुन्दर समाजको कल्पनासम्म पनि गर्न सकिँदैन भन्ने वस्तुवादी चेतना लेखकमा रहेको कुरा पुष्टि हुन गएको छ ।

सहरिया समाजमा कतिपय मानिसहरूलाई जीवन चलाउन निकै असहज परिस्थिति निर्माण भएको कुरा उपन्यासमा व्यक्त गरिएको छ किनभने समाजका आर्थिक दृष्टिले विपन्न मानिसहरू निम्नस्तरको काम वा चोरी नै गरेर भए पनि पेट पाल्न विवश बनेको तथ्य देखा पर्दछ। यसै कारण विपन्न चन्द्रे र जुनेली भोको पेटले गर्दा पकेट मार्ने, बाटो ढुक्ने, घर फोर्ने जस्ता दुष्कर्म गर्न विवश बनेका छन । यस्ता कार्य गरेर उनीहरूले धेरै दिनपछि पेटभरि खाएको चित्रण उपन्यासमा गरिएको छ । भोको पेटकै कारण जुनेली अन्धी मगन्ते वृद्धाको कचौरीका केही पैसा समेत चोरौँ कि भन्ने सोचमा परेकी देखिन्छे । विवेच्य विषयमा उपन्यासकार विष्टले लेखेका छन-

> त्यो लाशको वरिपरि साँच्ची कति पैसा थिए, पाँच पैसे, सुकी मोहर रुपियाँले त त्यो लाश झण्डै छोपिन लागेको थियो । बाटो हिड्नेहरूले पनि पैसा हुर्‍याउने गर्थे र सेता मच्छिन्द्रको दर्शन गर्न आउनेहरूले पनि पैसा हुर्‍याएका थिए त्यो लाशतिर । पैसामाथि पैसा थपिँदै गएको देखेर चन्द्रेलाई त्यो मुर्दा एकाएक बौरिएर हिँड्न थाल्छ कि भने झैँ लागेको थियो । साँच्ची, त्यो मुर्दा बौरिएको भए आफ्नो अगाडि त्यतिका पैसालाई देखेर कति खुशी हुँदो हो, खुशी खुशीले पहिले त भात किनेर पेटभरि खाँदो हो । अनि औषधी गर्न जाँदो हो (७१) ।

सम्बद्ध अभिव्यक्तिमा गरिब मान्छेले बाँचुन्जेल एक छाक खाना नपाएको अवस्थालाई एकातिर देखाइएको छ भने अर्कोतिर मरेपछि भने उसको लास पैसाले पुरिने गरेको विडम्बना प्रस्तुत गरिएको छ । यसमा लास पैसैपैसाले पुरिएको दृश्यका माध्यमबाट यस विषयको पुष्टि

गरिएको छ । त्यस मृतात्माले जिउँदो छँदा यति धेरै पैसा पाएको भए पहिले भोको पेट भर्ने थियो र त्यसपछि औषधी उपचार गर्ने थियो तर त्यसो हुन सकेन र मृत्यु वरण गर्नु पऱ्यो । यस भनाइबाट निम्नवर्गीय नेपाली समाजको वास्तविक यथार्थ उजागर हुनुका साथै मानिसहरू पेट पाल्नकै लागि गलत कर्ममा प्रवृत्त हुने गरेको नेपाली समाजको वस्तुगत यथार्थसमेत यसमा अभिव्यक्त भएको छ ।

## २.५.४ ज्योति ज्योति महाज्योति उपन्यासमा वस्तुवादी चेतना

*ज्योति ज्योति महाज्योति* उपन्यासमा मुख्यतः तत्कालीन नेपाली समाजको यथार्थ व्यक्त गर्न बालविवाह, जीविकोपार्जनका जटिलता, पशुपति क्षेत्रमा रहेको पशुपतिको सांस्कृतिक महत्ता जस्ता पक्षबाट उपन्यासको कथ्यलाई डोऱ्याएको पाइन्छ । उपन्यासमा एकातिर पशुपतिनाथको उत्पत्ति र देवताहरूमा शिवको स्थान र महिमा सम्बन्धमा आध्यात्मिक चिन्तन प्रस्तुत गरिएको छ भने अर्कातिर त्यस क्षेत्रका नेपाली समाजका विभिन्न आयामको वस्तुवादी दृष्टिबाट यथार्थ प्रस्तुत गरिएको छ । जीविकोपार्जनका लागि गरिने अमानवीय क्रियाकलापलाई अभिव्यक्ति गर्ने क्रममा मानव तस्करी, राजनीतिक विकृति, धार्मिक क्षेत्रमा हुने विकृति, आफ्नो स्वार्थपूर्तिका लागि पराया मानिससँग नाता जोडेर त्यसको दुरुपयोग गर्ने सामाजिक प्रवृत्ति आदिका यथार्थ रूपलाई उपन्यासमा समाहित गरिएको छ ।

प्रस्तुत उपन्यासले सहरिया परिवेशमा समाजका एकथरी मानिसलाई जीवन चलाउन निकै असहज परिस्थिति विद्यमान रहेको यथार्थ व्यक्त गरेको छ । यस्तो अवस्थामा समाजका आर्थिक दृष्टिले विपन्न निम्नवर्गका मानिसहरू छलछाम गरेर भए पनि परिवार पाल्न विवश बनेको तथ्यको खोजी गर्ने क्रममा उपन्यासका पात्र सुभद्रा बजैले आफ्नो घरको आवश्यकता परिपूर्तिका लागि आफूलाई सक्रिय राखेको देखिन्छ । सुभद्रा बजै पशुपति क्षेत्रमा आवतजावत गर्ने त्यस क्षेत्रका भद्रभलादमीलाई आवश्यक पर्ने जुनसुकै कुराको व्यवस्था मिलाइदिन खप्पिस भएको कुरा उपन्यासमा उल्लेख गरिएको छ । उनीहरूका लागि टपरी गाँस्नेदेखि लिएर कर्मकाण्ड गर्न पुरोहितको व्यवस्था मिलाउनेदेखि घरमा काम गर्ने मान्छेसमेत पठाइदिने गरेको पाइन्छ । त्यसका लागि पशुपति क्षेत्रमा देखा पर्ने अनजान मानिसहरूसँग नाता गाँसेर आफ्नो काम बनाउने गरेको यथार्थ चित्रण उपन्यासमा गरिएको छ । यस तथ्यतर्फ सङ्केत गर्दै उपन्यासकारले लेखेका छन्- “कहिले कहिले त ज्वरो आएर वा घाइते भएर सडकमा पसारिरहेका तन्नेरी तरुनीहरूसँग पनि नाता गाँसेर उनीहरूलाई घरमा ल्याउने गर्थिन् । ती नाता गाँसिएकाहरू केही दिनपछि तिनका परिचितहरूकहाँ पुगिहाल्ने गर्थे (७९) ।” सम्बद्ध

कथनबाट सुभद्राबजैले पशुपति क्षेत्रमा कामको खोजीमा हिँडेका अपरिचित व्यक्तिसँग नाता गाँसेर त्यहाँका हुनेखाने मान्छेका घरमा काम लगाइदिएर आफ्नो पारिवारिक गर्जो टार्ने गरेको विषयको प्रस्तुति गरिएको छ । यसबाट उपन्यासमा आर्थिक अभावका कारण आफ्नो घरबार चलाउन विवश नेपाली समाजको वास्तविक यथार्थ उजागर भएको छ ।

प्रस्तुत उपन्यासमा चारैतिर सामाजिक तथा कानुनी मान्यतालाई उल्लङ्घन गर्ने होडबाजी नै चलेको सामाजिक यथार्थ प्रकट भएको छ। उपन्यास रचनाको सेरोफेरोको समाज र जीवनको वस्तुपरक चिन्तन यस उपन्यासमा छायाका रूपमा समाहित भएको छ। विधि र प्रक्रिया फरक भए तापनि सामाजिक यथार्थ भने नेपालमा अझैं पनि उपन्यासमा प्रयोग भएजस्तै प्रकृतिको रहेको पाइन्छ। उपन्यासकारले सम्बद्ध विषयलाई स्पष्ट पार्दै लेखेका छन्- "त्यसो भए लौ सम्झनुहोस् पास हुनु भयो भनेर, तर त्यसको लागि केही खर्च गर्नुपर्छ' भनेको थियो उसले (३२४) ।" यसबाट तत्कालीन समयमा सरकारी जागिरी पैसामा बिकाउ हुने गरेको कुरा प्रस्ट पारिएको छ। समाजमा न्याय व्यवस्था सबैका लागि समान हुनुपर्नेमा त्यसो नभएर पैसा हुनेका लागि मात्र भएको र न्याय व्यवस्था महङ्गो भएकाले सीमित व्यक्तिको मात्र त्यसमा पहुँचमा भएको कुरा गजराज बाजेको भनाइले पुष्टि गरेको छ । उनी भन्छन्- "अदालतमा मुद्दा लड्न त मैले आफैँलाई कौडीको मोलमा बेच्नु पर्ने थियो (४३३) ।" यस भनाइले तत्कालीन समयमा अदालतबाट प्राप्त हुने न्यायको लागि पैसामा भर पर्नुपर्ने वस्तुगत यथार्थ अभिव्यक्त गरेको छ । त्यस्तै यसमा तत्कालीन समयमा मानिसहरू कमाउ धन्दाका लागि पञ्चायतको प्रमुख हुन चाहने वस्तुवादी चिन्तन उपन्यासमा साक्ष्य बनेको छ। सेवाको भावनाले होइन, समाजलाई सिरानी राखेर आफ्नो परिवारको आय वृद्धि गर्नेमा सबैको एकहोरो चिन्तन रहेको यथार्थ उपन्यासमा व्यक्त भएको छ । नेपाली समाजमा सत्ता प्राप्तिका लागि राजनीतिलाई पेसा बनाउनेहरूको वास्तविक चरित्र कृष्ण लाल, राजभाइ जस्ता पात्रका माध्यमबाट देखाइएको छ । चुनावमा साम, दाम, दण्ड, भेदको नीति अपनाएर पद हत्याउने अनि पद प्राप्त गरिसकेपछि विभिन्न अनैतिक कार्य गरेर धनार्जन गर्ने गरेको तथ्य प्रस्तुत गरिएको छ । यस विषयको पुष्टि गर्दै उपन्यासकार विष्टले यसरी लेखेका छन्- "दोस्रो अध्यायको व्याख्या भने भएको थियो चट्टकाजीबाट नगर पञ्चायतबाट पशुपति क्षेत्रका विकासका लागि छुट्याइने बजेटको आधाभाग जति त सुट्टै निल्न सकिन्छ भन्ने कुरा थियो दोस्रो अध्यायमा (७०-७१) ।" चुनावका समयमा भएको वार्तालाप आजको नेपाली समाजको अन्तरङ्ग उल्लेख गर्न निकै सार्थक भएको देखिन्छ। वस्तु र रूपमा फरक भए पनि राजनीतिक

दृष्टिले नेपाली समाजको सार भने एकै किसिमको रहेको पाइन्छ । जनताका नाममा लुट मच्चाउनेहरूका नयाँ नयाँ अनुहार विकसित हुँदै गएको कुराको चित्रणबाट उपन्यासको वस्तुगत यथार्थ प्रकट भएको छ ।

विवेच्य उपन्यासमा वस्तुवादी चेतनाको उपयोगका साथै सामाजिक चेतनाको प्रभावलाई पनि प्रस्तुति दिइएको छ । उपन्यासमा एउटा दम्पतीको समयमा सन्तान नहुँदा डाक्टरसँग जाँच गराउने क्रममा उक्त दम्पती सन्तान पाउन योग्य नभएको बताइएको छ । डाक्टर तथा वैद्यको सल्लाह मुताबिक लामो समय औषधी सेवन गर्दा समेत सन्तान नजन्मिएपछि अदृश्य शक्तिमा विश्वास गर्दै त्यसको निवारणका लागि तान्त्रिक विधिको उपयोग गरिएको छ । त्यसैले यसमा नेपाली परम्परा र विश्वासलाई सामाजिक जीवनसँग गाँसेर हेरिएको छ । उपन्यासमा सन्तान नहुँदा एकातिर डाक्टर तथा वैद्यकोमा गई जाँच गराएर औषधी सेवन गर्ने वस्तुवादी चिन्तन देखिन्छ भने अर्कातिर धामी झाँक्रीद्वारा गरिने फुकफाकमा विश्वास राख्ने परम्परागत रूढिवादी चिन्तन देखिन्छ। यसबाट उपन्यासमा वस्तुवादी चेतनाका साथसाथै सामाजिक जीवनका यथार्थको प्रस्तुतिसमेत भएको पाइन्छ ।

प्रस्तुत उपन्यासमा नेपाली समाजको परम्परित मूल्य-मान्यतामा भइरहेको परिवर्तनलाई समेत देखाइएको छ। विवेच्य उपन्यासमा तत्कालीन समयमा ब्राह्मण समाजमा प्रचलित रजस्वला हुनुभन्दा पहिले नै कन्याको विवाह गरिदिनुपर्छ भन्ने विचारका विपरीतमा प्रजाम्बीका हजुरबुबा देखा परेका छन् । यस्तै सुब्बा होमप्रसादले छोरी सुमित्राको विवाह गर्ने सन्दर्भमा रूढिवादी मान्यताबाट मुक्त हुँदै नछुने हुनुभन्दा पहिले नै छोरीलाई कन्यादान दिएपछि पुण्य प्राप्त हुन्छ भन्ने मान्यताप्रति असहमति जाहेर गरेका छन् । यसरी उपन्यासमा कन्यादान सम्बन्धमा विकसित हुँदै गएको नयाँ सोचबाट उपन्यासकारमा रहेको वस्तुवादी चेतना प्रकट भएको छ ।

### २.५.५ हिमाल र मान्छे उपन्यासमा वस्तुवादी चेतना

*हिमाल र मान्छे* उपन्यासमा हिमाली जिल्ला सोलुको सामाजिक चित्र उतार्ने काम भएको छ। यसमा एकातिर विदेशी पर्वतारोहीको भारी बोकेर अर्थोपार्जन गर्ने उद्देश्य राखिएको छ भने अर्कोतर्फ सर्वोच्च सगरमाथा चढ्ने अभिलाषालाई मूर्त रूप दिन खोजिएको छ। यति मात्र होइन, त्यस समाजमा आफ्नो प्रभुत्व कायम राख्न राजनीतिलाई सत्ता र शक्ति प्राप्तिको माध्यम बनाउन खोजिएको विषय पनि समेटिएको छ ।

हिमालमा बसोबास गर्ने शेर्पाहरू अग्ला-अग्ला हिमाल चढ्ने कलामा साहसिक हुनुका साथै कला संस्कृतिका दृष्टिले समेत उनीहरू धनी जातिका रूपमा चिनिएका छन् । उनीहरूले हिम चितुवाका नामले मात्र प्रसिद्धि कमाएका छैनन् कि हिउँमा उफ्रने झारल समातेर खाने जातका नामले समेत परिचय प्राप्त गरेका छन् । यस्तै उनीहरूले कृषि पेसा अपनाउनेदेखि लिएर तिब्बतसम्म व्यापार फैलाउँदै आएका छन् । उपन्यासकारले कृषि पेसा अँगालेका शेर्पा जातिका सम्बन्धमा यसरी लेखेका छन्-

> धनी मान्छेमा गनिन्छ पेमा सुन्दर त्यस गाउँमा । उसँग तीस चालीस मुरी उवा, तीन चार मुरी कोदो, दुई तीन मुरी जति फापर आउने भूमि छ । उवा आदि बाली भित्र्याएपछि आलु लगाएर साठी-सत्तरी मुरी आलु बाली भित्र्याउने गर्छ । खेतीपातीबाहेक उसँग लुच्याङ्ग र लुक्साको दुइटा र एउटा चमरी र याकको गोठ पनि छ । त्यति भूमि र त्यति गोठ हुनु निश्चय पनि सम्पन्नताको चिनो हो (२१) ।

सम्बद्ध भनाइबाट त्यहाँका मानिसहरूले कृषि कर्मलाई पेसा बनाउने गरेको यथार्थ पुष्टि हुनुका साथै त्यहाँका बासिन्दाहरूले विदेशी पर्वतारोहीको भारी बोकेर आर्थिक उपार्जन गर्ने गरेको विषय पनि उजागर भएको छ । पेमा दोर्जीले त भारी बोक्ने क्रममा हिमाल चढेर शेर्पा जातिका साथै नेपालीको शिर ठाडो पार्ने कामसमेत गरेको छ । उसकै छोरा रिन्जिङ्गले झन् अपाङ्ग भएर पनि सगरमाथाको सफल आरोहण गरेर आफ्ना बुबाका अधुरा सपनालाई साकार गरेको यथार्थ उपन्यासमा चित्रण गरिएको छ ।

*हिमाल र मान्छे* उपन्यासमा सामाजिक यथार्थ अभिव्यक्त गर्ने क्रममा वस्तुवादी चेतनालाई नेपाली समाजअनुरूप परिपाकमा पुऱ्याउनका लागि निमाको भनाइ यस्तो रहेको छ- "मलाई थाहा छ तिम्रो मनको दुःख । आरूले रिन्जिङ्गलाई माग्या (ज्वाइँ) तुल्याएन भान्दैमा त्यास्तो दुःख माान्न पर्छ र तोइले ? मेरो दुःखमा तो काम आयो । तेरो दुःखमा म काम आउँदैना र दोर्जी ! मेरो तेरो हो तेरो मेरो हो (१५७) ।" यहाँ निमा र दोर्जी बाल्यकालका साथी मात्र होइनन्, हिजो आज पनि असल मित्र भएकाले निमाले आफ्नी छोरी आलमलाई पेमा दोर्जीको छोरा रिन्जिङ्गलाई दिएर ज्वाइँ बनाउन चाहेको कुरा अभिव्यक्त भएको छ । नेपाली समाजमा रहेका यस प्रकारका वस्तुयथार्थलाई *हिमाल र मान्छे* उपन्यासमा वस्तुपरक ढङ्गमा देखाउने काम गरिएको छ ।

प्रस्तुत उपन्यासमा शेर्पाली समाजको वस्तुवादी चिन्तन प्रकट भएको देखिन्छ । तत्कालीन समाजको सामाजिकतालाई अध्ययन गरेर जीवनका गूढतम रहस्य अन्वेषण गर्ने काम यस उपन्यासमा गरिएको छ। यस उपन्यासका सामाजिक क्रियाकलापलाई अन्तिम सत्य स्वीकार गरी उपन्यासमा वस्तुपरक चिन्तन प्रस्तुत भएको पाइन्छ। यसमा हिमालमा बस्ने शेर्पाहरू अर्थोपार्जनका लागि विदेशी पर्वतारोहीको भारी बोकेर हिड्नुपर्ने अवस्था अनि स्वदेशमा हिम चितुवाका नामले चिनिने भए पनि विदेशमा पहाड चढ्ने भरियाका नामबाट परिचित हुने यथार्थको प्रस्तुति भएको छ। समय-समयमा पर्वतारोही नआइदिँदा यस लेकाली भेगका सबै तन्नेरीहरूले काम नपाएर हात बाँधेर समय काट्नु परेको र ट्रेकिङ पेसामा लागेका तन्नेरीहरू आत्तिसकेको वस्तुगत अवस्थाको चित्रण उपन्यासमा पाइन्छ । यस सम्बन्धमा उपन्यासकारले यसरी लेखेका छन्- “अब के भन्नु स-साना खेतीवालहरू पनि ज्याला दिने पैसाको अभावले चिन्तित छन् (९१) ।” प्रस्तुत कथनमा पर्वतारोहीको भारी बोकेर जीवन निर्वाह गर्ने शेर्पा तन्नेरीहरूका पेसामा सङ्कट आइपर्दा र अरू विकल्प नहुँदा उनीहरू मात्र समस्यामा परेका नभई सानोतिनो खेतीपाती भएका अन्य स्थानीय पनि आर्थिक सङ्कटमा परेको कुरा उजागर गरिएको छ।

प्रस्तुत उपन्यासमा प्रयुक्त सन्दर्भबाट नेपाली समाजको वस्तुवादी चेतना मुखरित भएको छ। विवाहको प्रसङ्गलाई लिएर बाबु र छोरीका बिचमा चलेको वार्तालाप नेपाली जनसमुदायको मुखबाट निस्कने सामाजिक यथार्थ हो। यसमा सरल भावनाले वस्तुलाई सहज अवस्थामा उठाइएको पाइन्छ। ग्रामीण सरलपनालाई मुखरित गरेर सामाजिक यथार्थ प्रस्तुत गर्दै विवेच्य विषयमा उपन्यासकार विष्टले यसरी लेखेका छन्- “जसरी भए पनि यो वर्ष त घरज्वाइँ भित्र्याउँछु भित्र्याउँछु भन्ने अठोट गरेको थियो उसले (५५) ।” यसमा बाबुले छोरीको मनलाई छाम्ने चेष्टा गरेका छन् । छोरीको विवाहप्रति चिन्तित बाबुले व्यक्त गरेका विवाहसम्बन्धी विचारप्रति आङ्रिगुको अस्वीकृति नभई उत्सुकता रहेको देखिएको छ । उपन्यासमा प्रयोग भएको यस विषयले नेपाली समाजको यथार्थलाई अभिव्यक्त गर्नुका साथै वस्तुपरक चेतनाको प्रस्तुति गरेको छ।

प्रस्तुत उपन्यासमा उपन्यासको पात्र लाक्पा नुर्बुमा विद्यमान सामन्ती चिन्तनलाई प्रस्तुत गरिएको छ। उसको व्यक्तित्व पञ्चायती प्रजातन्त्रको परिपाटीमा फस्टाए पनि उसका क्रियाकलापले राणाकालीन समयको प्रतिनिधित्व गर्दै आइरहेको देखिन्छ। राणाकालमा ठुलाठुला पदाधिकारी तथा ठालुहरूले बहुविवाह गरेझैँ उसले पनि बहुविवाह गरेको छ। अझ उसले त

श्रीमती थुपार्ने मामलामा राणाकालीन सामन्ती व्यक्तित्वलाई पनि मातदिएको छ । लाक्पा नुर्बुको बाह्रबाह्रवटी नारीलाई भोग्ने विषयवस्तुले नेपाली समाजको तत्कालीन यथार्थ उपन्यासमा खोजी गरिएको छ । उसले खुन्देदेखि नाम्चे, जोरसल्ले, फेङ्कर, मञ्जु, फदिङ्ग, चौरीखर्क, लुक्ला काठमाडौँ आदि ठाउँमा राखेका श्रीमतीका सन्दर्भबाट विषयको पुष्टि भएको छ । त्यतिले मात्र नपुगेर पेमा दोर्जीकी श्रीमती आङ्रिगु तथा छोरी प्रेमफुटीप्रतिको उसको आसक्तिको विषय उपन्यासमा यस कुराको साक्षी बनेको छ । यस सम्बन्धमा उपन्यासकार विष्टले लेखेका छन्- “खुन्दे गाउँमा मात्रै थुप्रिएका छैनन् उसका ती स्वास्नीहरू । तीमध्ये कोही खुन्देमा छन् त कुनै नाम्चेमा छन् । फेरि कुनै स्वास्नी जोरसल्लेमा छे त कुनै स्वास्नी फेङ्करमा छे । मञ्जु, फदिङ्ग, चौरीखर्क, लुक्ला जतासुकै गए पनि त्यहीँ त्यहीँ नै आ-आफ्नो गृहस्थी सम्हालेर बसेका हुन्छन् उसकी स्वास्नीहरू (४१) ।” सम्बद्ध भनाइमा लाक्पा नुर्बुले विवाह गरेर ल्याएका श्रीमतीहरूलाई विभिन्न ठाउँमा व्यवस्था गरेर राखेको कुरा उल्लेख छ । यसमा उनीहरूलाई त्यहीँ त्यहीँ ठाउँको जिम्मेवारी दिएर राखिएको वर्णन गरिएको छ र यस विषयबाट उसमा रहेको परम्परागत सामन्ती चिन्तन प्रस्तुत भएको छ ।

नेपाली ग्रामीण भेगमा जनताका नाममा लुट मच्चाउनेहरूका नयाँनयाँ अनुहार विकसित हुँदै गएको चित्रण गरिएको छ । *हिमाल र मान्छे* उपन्यासले यस प्रकारको वस्तुवादी चिन्तनलाई लाक्पा नुर्बुका माध्यमबाट प्रस्तुत गरेको छ । लाक्पा नुर्बुले तत्कालीन राष्ट्रिय पञ्चायत सदस्यको चुनाव जित्नका लागि गाउँका भद्रभलादमी र गुन्डा किसिमका स्त्रीपुरुष, सरकारी जागिरदार आदिलाई बोलाएर आफूलाई चुनाव जिताउने सर्तमा भव्य भोजको आयोजना गर्ने गरेको छ । त्यति मात्र होइन, अनिकालका कुरा उठाएर सरकारी निकायले उसिनेको चामलको व्यवस्था गर्नुपर्ने भन्दै देखावटी भाषण गरेर गाउँका प्रभावशाली हुल्याहाहरूलाई आफ्नो मुट्ठीमा राख्ने र आफू जनताको दुःखसुखमा साथमा रहेको स्वाङ रच्न ऊ सिपालु देखिन्छ । लाक्पा नुर्बुले चुनावका समयमा चुनाव जित्नका लागि गरेका यस्ता घृणित कार्यबाट तत्कालीन नेपाली समाजको यथार्थ अभिव्यक्त भएको छ र यस विषयको प्रस्तुतिले वस्तु र रूपमा फरक भए पनि नेपाली समाजको सार भने आज पनि एकै किसिमको रहेको पाइन्छ । यसरी नेपाली राजनीतिमा हुने आर्थिक चलखेल तथा गुण्डागर्दीबाट उपन्यासमा सामाजिक यथार्थ प्रकट भएको पाइन्छ ।

*हिमाल र मान्छे* उपन्यासमा तत्कालीन समाजमा उच्च वर्गले निम्नवर्गलाई गर्ने व्यहारसँग जोडेर गाउँले समाजको सजीव चित्र उतार्ने काम भएको छ । उपन्यासमा लाक्पा

नुर्बु र उसका प्यादाहरूले समाजमा गर्ने अनैतिक क्रियाकलापका माध्यमबाट उनीहरूको चरित्र उदाङ्गो भएको छ । यसका लागि लाक्पा नुर्बुको समाजमा प्रकट भएको चरित्रलाई उपन्यासमा उजागर गरिएको छ । उसले बाह्र बाह्रवटी श्रीमती बटुलेको घटना उपन्यासमा महत्त्वपूर्ण विषय बनेको छ । विवेच्य विषयहरू समाजका यथार्थका साथै नेपाली समाजका आन्तरिक तथ्य उजागर गर्ने वस्तुवादी चिन्तन हुन् । यस सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "ऊ खुन्देबाट ओझेल भइरहे पनि उसको हाँक हैकमलाई साबिकमा झैँ आजसम्म पनि बिउँझाउँदै आइरहेकै छ त्यो कालो बोके घोडाले (१०३) ।" सम्बद्ध भनाइमा लाक्पा नुर्बुको खुन्दे र त्यस वरिपरिको समाजमा हैकम रहेको कुरा ऊ त्यस ठाउँमा नहुँदा पनि उसले छाडा छोडेको कालो बोके घोडाले सङ्केत दिइरहेको हुन्छ । किनभने ऊ नभए पनि घोडाले मच्चाइरहेको आतङ्कबाट त्यसको पुष्टि हुन गएको छ । यही कुरो सामाजिक यथार्थका रूपमा प्रस्तुत भएको छ ।

## २.६ निष्कर्ष

दौलतविक्रम विष्टका उपन्यासहरूमा अभिव्यक्त सामाजिक संरचनामा निहित सामाजिक यथार्थ विश्लेषणका लागि अघि सारिएका सामाजिक यथार्थवादका सैद्धान्तिक प्रतिमान सामाजिकता, सामाजिक सम्बन्ध, सांस्कृतिक सन्दर्भ र वस्तुवादी चेतनाका आधारमा उक्त उपन्यासहरूको विश्लेषण गरिएको छ । यस क्रममा विष्टका उपन्यासमा नेपाली समाजका वर्गीय, लैङ्गिक, जातीय, क्षेत्रीय आदि आधारमा सिर्जित सामाजिक संरचनाका यथार्थको अभिव्यक्ति भएको पाइन्छ । उनका उपन्यासमा राणाकालीन तथा पञ्चायतकालीन शासकहरूले नेपाली जनतामाथि गर्ने गरेका अन्याय अत्याचारका माध्यमबाट सामन्ती सामाजिकताको प्रस्तुति भएको छ । यसैले गर्दा खास गरेर निम्नवर्गीय जीवनमा देखा परेको भोको पेटको समस्या समाधानका लागि मानिस जानी-जानी चोरी, बेइमानी र घोर अनैतिक कर्म वा नौटङ्की गर्न विवश रहेको सामाजिकताका यथार्थलाई पनि प्रस्तुत गरिएको छ । विष्टका उपन्यासमा तत्कालीन पितृसत्तात्मक नेपाली समाजमा हुने गरेका बालविवाह, बालविधवा, अनमेल विवाह, बहुविवाह, विधवा विवाहको निषेध तथा एकल नारीलाई शङ्काका दृष्टिले हेर्ने जस्ता लैङ्गिक विभेदसम्बन्धी सामाजिकताको अभिव्यक्ति भएको छ । यस्तै घर तथा समाजमा अधिकार प्राप्त व्यक्तिबाट उचित व्यवहार नभएको र उनीहरूको न्यायिक अधिकार हननको विषयबाट उपन्यासमा नारी सामाजिकता व्यक्त भएको छ । यस प्रकार

विष्टका उपन्यासमा अभिव्यक्त सामाजिक संरचनामा देखा परेका नेपाली सामाजिकताका तथ्यहरूको वस्तुपरक विश्लेषण गर्दै सामाजिक यथार्थको सत्यापन गरिएको छ ।

विष्टका उपन्यासमा मूलभूत रूपमा परम्परागत सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सम्बन्ध देखाइएको छ र उत्पादन सम्बन्ध र उत्पादनका नयाँ नयाँ भौतिक साधनको विकास र विस्तारबाट नयाँ सामाजिक सम्बन्धको विकास हुने हुँदा नयाँ र पुराना पुस्ताबिचको सम्बन्धमा पर्याप्त अन्तर्विरोध पैदा भएको र त्यसले परिवारका सदस्यबिचको सम्बन्धमा उल्लेख्य परिवर्तन भएको र हुँदै गरेको कुरा विवेच्य उपन्यासमा पाइन्छ । यी परिवर्तन आर्थिकलगायत अन्य क्षेत्रमा भएका परिवर्तनसँग अन्तरङ्ग रूपले गाँसिएका छन् । यस प्रकार उपन्यासमा पारम्परिक आर्थिक, राजनीतिक र सांस्कृतिक संरचना तथा मूल्यमान्यताका कारण वर्गीय, जातीय, लैङ्गिक र सांस्कृतिक सम्बन्धमा विभेद देखिन्छ । समाजमा रहने आपसी सम्बन्ध र आन्तरिक रूपमा रहने सम्बन्ध सामाजिक संरचनाअनुरूप समाजमा विद्यमान रहने हुँदा त्यस्ता सम्बन्धलाई उपन्यासमा वस्तुगत रूपमा देखाइएको छ । समाजमा रहने आपसी सम्बन्धबाट समाज गतिशील भएको र यस्ता सम्बन्धलाई उपन्यासमा कतै अन्तर्विरोधात्मक र कतै सहयोगात्मक रूपमा देखाइएको छ । यसरी विष्टका उपन्यासहरूमा अभिव्यक्त सामाजिक संरचनामा निहित सामाजिक यथार्थको जीवन्त अभिव्यक्ति गरिएको छ ।

दौलतविक्रम विष्टका उपन्यासमा आम रूपमा हिन्दु तथा बौद्ध धर्ममा आधारित परम्परित नेपाली संस्कृतिको प्रस्तुति गरिएको छ । उनका *मञ्जरी, एक पालुवा अनेकौँ याम, भोक र भित्ताहरू* तथा *ज्योति ज्योति महाज्योति* उपन्यासमा हिन्दु धर्ममा आधारित संस्कृति र *हिमाल र मान्छे* उपन्यासमा बौद्ध संस्कृतिका विभिन्न सन्दर्भ उपन्यासका कथ्यका आधारमा देखाउँदै समाज र संस्कृति एक अर्काका परिपूरक हुन्छन् भन्ने कुरालाई पुष्टि गरिएको छ । यसरी सांस्कृतिक सन्दर्भका आलोकमा नेपाली समाजमा विद्यमान सांस्कृतिक पक्षको विश्लेषण गर्दा समाजका विविध अवस्थामा आएको परिवर्तनले सांस्कृतिक क्षेत्रमा समेत परिवर्तन देखा पर्न थालेको यथार्थलाई सङ्केत गरिएको छ ।

दौलतविक्रम विष्टका उपन्यासमा मध्यमवर्गीय परिवारको पनि आर्थिक अवस्था खस्कँदै गएपछि धान्नु पर्ने परम्परित रीति र विधान धान्न गाह्रो भएको र त्यसले जीवन निकै मार्मिक बन्दै गएको अवस्थालाई देखाइएको छ र यसको मुख्य समस्या भनेको परम्परित सामाजिक तथा सांस्कृतिक मूल्यमान्यताअनुरूप समायोजन गर्दै लान खोज्नु र नखोज्नु नै हो । युगीय

चेतनाको सङ्क्रमणले गर्दा कतिपय मध्यमवर्गीय पात्रहरू परम्परित समाजको विपक्षमा उभिएका छन् भने कतिपय पुरातन संस्कार बोकेका पात्रहरू यथास्थितिकै पक्षधर भएर रहेका छन् । यसले उनीहरूका बिच तीब्र अन्तर्विरोध पैदा भएर विविध पारिवारिक समस्याहरू उत्पन्न भएका छन् । त्यस्तै विष्टका उपन्यासमा उच्चवर्गले निम्नवर्गीय जीवनमाथि गरेको शोषण, उत्पीडन, अन्याय, अत्याचार र त्यस वर्गको क्रूरता, कुटिलता र विलासिताको वस्तुवादी चेतनाका दृष्टिबाट महत्त्व दिएर प्रस्तुति गरिएको छ ।

## तेस्रो परिच्छेद

# दौलतविक्रम विष्टका उपन्यासमा वर्गीय जनजीवन

## ३.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा दौलतविक्रम विष्टका उपन्यासमा चित्रित वर्गीय जनजीवनका यथार्थताको अध्ययन गरिएको छ । सामाजिक यथार्थवादका आधारमा वर्गीय जीवन भन्नाले सम्पन्न र विपन्न वा शोषक र शोषित वर्गको जीवनका बिचमा विद्यमान विभेद भन्ने मानिन्छ । समाजका यिनै वर्गका मानिसहरूले सम्पादन गरेका काम र यिनका समग्र क्रियाकलापबाट वर्गीय जीवनको स्वरूप तयार हुनुका साथै यिनीद्वारा सम्पादन गरिएका आर्थिक क्रियाकलापबाट समाजमा उच्च, मध्यम र निम्न वर्ग निर्धारण भएको हुन्छ । विष्टका उपन्यासमा अभिव्यक्त यही सामाजिक यथार्थवादी वर्गीय जीवनको विश्लेषणका लागि तिनमा गरिएको वर्गीय जनजीवनको प्रतिविम्बन, सङ्कटग्रस्त निम्नवर्गीय जीवनको यथार्थ अङ्कन एवम् सामाजिक यथार्थका सूचकजस्ता सैद्धान्तिक प्रतिमानलाई आधार बनाइएको छ । यस क्रममा प्रथमतः यिनै सैद्धान्तिक आधारहरूको परिचय प्रस्तुत गरी त्यसपछि विष्टका उपन्यासहरूमा वर्गीय जनजीवनको प्रतिविम्बन कसरी गरिएको छ र सङ्कटग्रस्त वर्गीय जीवनको अवस्था केकस्तो रहेको छ भन्नेबारे अध्ययन गरी तिनमा सामाजिक यथार्थका सूचकको स्थिति के छ भन्ने विषयको समेत विश्लेषण गरिएको छ ।

## ३.२ दौलतविक्रम विष्टका उपन्यासमा वर्गीय जनजीवनको प्रतिविम्बन

दौलतविक्रम विष्टका उपन्यासमा वर्गीय जीवनको प्रतिविम्बन उपस्थापित गरिएको छ र यस कुराको पुष्टि गर्नका निम्ति प्रथमतः सामाजिक यथार्थवादले स्थापित गरेका वर्गीय जीवनको प्रतिविम्बनसम्बन्धी मान्यता अघि सार्नुपर्ने हुन्छ अनि तिनै मान्यताका कसीमा उनका उपन्यासमा प्रतिविम्बित वर्गीय जीवनको चित्रको परीक्षण गर्नुपर्ने हुन्छ । वास्तवमा वर्ग मूलरूपमा आर्थिक आधारमा विभक्त मानिसहरूको समूह हो । कार्ल मार्क्सले आर्थिक उत्पादनका साधनहरूमा समान हैसियत राख्ने मानिसहरूको समूहलाई वर्ग भनेका छन् र वर्ग विभाजनको आधार आर्थिक अवस्थालाई मानेका छन् । आर्थिक आधारमा नै समाजका व्यक्ति उच्च, मध्यम र निम्नवर्गमा विभक्त हुन्छन् तथा वर्गकै हैसियतअनुसार सामाजिक व्यवस्थामा आफ्नो स्थान बनाउँछन् । स्रोत र साधनमाथिको वर्गीय स्वामित्व र यसको

सम्बन्धले समाजमा असमानता सिर्जना गराउँछ । समाजका शासक वा अभिजात, धनी वा स्रोतमा पहुँच भएका वर्गहरू निम्नवर्गका मानिसहरूप्रति विभेद र शोषण गर्दछन् ।

सामाजिक यथार्थवादी उपन्यासमा वर्गीय जीवनको यथार्थ चित्रण गरिएको हुन्छ । यसले अँगाल्ने यथार्थ मध्यम तथा निम्न-मध्यम र निम्नवर्गीय समाज र जीवनको यथार्थ हो । सामान्यतम स्थिति र सालाखाला चरित्रचित्रणमा विश्वास गर्ने यो वाद समाजको निम्नवर्गको यथार्थ चित्रकारीको पर्यायजस्तै देखिन्छ (त्रिपाठी ४६) । त्यसैले समाजका पिछडिएका वर्गको दुःखद जीवनलाई यसमा विशेष महत्त्वका साथ चित्रण गरिने हुँदा निम्न तथा निम्नमध्यम वर्गीय परिवारमा यो बढी केन्द्रित हुन्छ । यसमा सम्पन्न वर्गको परिवेश ल्याइए पनि उनीहरूको दैवीगुणयुक्त उदात्त चरित्रको चित्रण नगरी उनीहरूभित्र रहेका पाशविक प्रवृत्ति वा उनीहरूले तल्लो वर्गप्रति गर्ने अमानवीय व्यवहारलाई ध्यानमा राखी चित्रण गरिएको हुन्छ । यसमा वर्गीय जीवनको चित्रण गर्ने क्रममा कृषि-कर्ममा रमाउने गाउँले जीवन तथा नदीकिनार, सडकपेटी र फोहरको थुप्रोमा रमाउने जीवनको यथार्थको प्रस्तुतिका साथै सामान्य जीवन निर्वाह गर्ने महिला, आर्थिक आधारमा कमजोर जीवनका यथार्थलाई सूक्ष्मरूपमा पर्यावलोकन गरिएको हुन्छ । त्यस्तै निम्न वा मध्यमवर्गका समकालीन जीवनका पुरुष प्रतिनिधिमा भन्दा महिलाका विषयलाई प्राथमिकता दिनु, महिलाका जीवनमा पनि विधवा अर्थात् समाजमा एकल जीवन बिताउन विवश भएका एकल महिला तथा अपहेलित वा परिवारबाट तिरस्कृत पात्रहरूको चयनतर्फ सामाजिक यथार्थवादको दृष्टि रहन्छ । सामाजिक आरोपबाट बतुराउन बाध्य पारिएका र जीवनलाई निराशाका कोणमा लान विवश भएका, निरुपाय, आर्थिक अवस्था कमजोर भएका जीवनका यथार्थलाई निरीक्षण गर्ने काम यस वादमा गरिएको हुन्छ (वर्मा ५५) । यसरी यसमा मानव-समाजमा सदियौँदेखि आर्थिक विभेदले निर्माण गरेको सन्दर्भबाट निर्माण हुन गएको वर्ग र समाजको व्यवस्थापनको खोजी गरिएको हुन्छ ।

लेखकका अगाडि विद्यमान रहेका समग्र वस्तु र चरित्रमध्ये कुनबाट सामाजिक यथार्थ अभिव्यक्त हुन्छ, तिनको छनोट यसमा गरिन्छ । सामान्य मानसिकताका भरमा जीवन यापन गर्ने र निम्न वर्गको जीवनशैलीमा जीवन बिताउन बाध्य भएकाहरूको यथार्थ अङ्कन गर्नु नै सामाजिक यथार्थवादको वर्गीय मान्यता स्वीकार गरिएको छ (मिश्र, शिवकुमार ११०) । कतिपय अवस्थामा लोभलालचमा नपरीकन जे-जति प्राप्त छ, त्यसमा सन्तोष लिने कुनै उच्च प्रकारको आकाङ्क्षा नराख्ने चिन्तनमा निम्नवर्गको जीवन चलेको हुन्छ । दिनभरको शारीरिक श्रमपछि प्राप्त हुने जीवनाधारलाई पूर्ण प्राप्ति सम्झने र एकै प्रकारको जीवन निर्वाह गर्ने

वर्गीय चेतना यसमा रहने गर्दछ । निम्न तथा मध्यमवर्गले जीवनमा अपनाउने आधार एवम् उसको जीवनशैली यथार्थवादी सिर्जनामा निहित रहने हुँदा भाषा र बसोबासको अन्तरङ्ग यसमा स्वतः प्रकट हुन पुग्दछ । जीवनको तथ्यको निरूपण गर्ने आधार यसले तयार गर्दैन, बरु यसले त उपस्थित जीवनको यथार्थको मात्र परीक्षण गर्दछ । आदर्शवादले जस्तो समाजमा यस्तो हुनुपर्छ भन्ने आग्रह सामाजिक यथार्थवादले लिँदैन, आलोचनात्मक यथार्थवादले आग्रह गर्ने विरोध वा अस्वीकृतिलाई पनि सामाजिक यथार्थवादले रुचाउँदैन । समय-समयमा तयार गरिएका राज्यका विधान, वर्ण, लिङ्ग, धर्म, परिधान, आवास, शिक्षा, भूगोल र अर्थबाट निर्माण हुन गएको विभेदकारी विषयअन्तर्गत हेय मानिएका जीवनलाई सामाजिक यथार्थवादको प्राण स्वीकार गरिन्छ । सामाजिक यथार्थवादका वर्गीय जीवनको प्रतिविम्बनसम्बन्धी यिनै मान्यताको उपयोग गरी दौलतविक्रम विष्टका उपन्यासको विश्लेषण गरिन्छ ।

### ३.२.१ मञ्जरी उपन्यासमा वर्गीय जनजीवनको प्रतिविम्बन

*मञ्जरी* उपन्यासमा २००७ साल वरपरको सङ्क्रमणकालीन नेपाली समाजको वर्गीय सम्बन्ध र त्यस सम्बन्धमा देखिएको अन्तर्विरोध र सङ्घर्षको अभिव्यक्ति भएको छ । उपन्यासमा वर्गीय चित्रण उपन्यासकार विष्टको वर्गीय पक्षधरताका रूपमा आएको नभई समाज चित्रणका क्रममा आएको देखिन्छ । यस्तै तत्कालीन समाजमा गहिरो प्रभाव पार्न सफल उच्चवर्गीय सामाजिक सम्बन्धको आलोकमा नै मध्यमवर्गीय र निम्नवर्गीय जीवनको उपन्यासमा प्रत्यक्ष प्रस्तुति रहेको छ भने उच्चवर्गीय समाजको भने परोक्ष प्रस्तुति मात्र पाइन्छ ।

प्रस्तुत उपन्यासमा तत्कालीन समयमा मध्यमवर्गका मानिसहरू खास गरेर नेपालमा दुई प्रकारका भएको वर्णन गरिएको छ । त्यसमध्येका एकथरी धन सम्पन्न भए पनि आफूलाई निम्नवर्गकै मानिस सम्झिने गर्छन् भने अर्काथरी जसलाई खास गरेर राणाका उच्च परिवारसँग पारिवारिक सम्बन्ध स्थापित गर्ने मौका मिलेको छ, दरबारिया चालचलनको दर्शन गर्ने गौरव प्राप्त भएको छ र घरमा चुलो नबले पनि तथा ऋणमा चुर्लुम्म डुबे पनि बाहिर हिँड्दा मोटरै चाहिने तथा घरमा कमसेकम एउटा धाई र एउटा भान्छे बाहुन नभईकन हुँदैन, त्यस्तो वर्ग पनि मध्यमवर्ग नै कहलाउँछ । उपन्यासमा त्यस्तो मध्यमवर्गका रूपमा मिश्रीबजैको परिवार तथा कप्तान्नी मखनाको परिवारलाई राखिएको छ । यसमध्ये सुब्बा बाजेको परिवार राणाहरूसँगको सम्बन्धका कारण छोराहरूका लागि सरकारी जागिरमा पहुँच पुऱ्याएर जागिर प्राप्त गर्न मात्र होइन, जग्गा बक्सिस पाउन समेत सफल भएको छ भने कप्तान्नी मखनाको

परिवारको पनि राणाहरूसँग गहिरो सम्बन्ध रहेको छ । यही सम्बन्धका कारण उसका छोराले सरकारी छात्रवृत्ति प्राप्त गरेको छ । यसरी दुवै परिवारको तत्कालीन राणाशासकसँगको सम्बन्धबाट आर्जित आर्थिक हैसियत र सोही अनुसारको व्यवहारको प्रदर्शनले उपन्यासमा मध्यमवर्गीय जीवनको पुष्टि भएको छ । यसै क्रममा कप्तान्नी मखनाको राणाहरूसँगको सम्बन्धका बारेमा भने उपन्यासकार विष्ट यसरी प्रस्तुत भएका छन्- "यद्यपि कुल घरानकी छोरी र कुलै घरानकी बुहारी भएकीले कप्तान्नी मखनालाई राजा महाराजाको ढोकादेखिन् लिएर सबै जर्नेलहरूको ढोका खुल्ला थियो । उनी प्रायः जसो तामदानमा अथवा मोटरमा एउटा न एउटाको दरबारभित्र पसेकी नै देखिन्थिन् (६५) ।" यस भनाइले कप्तान्नी मखनाको परिवार मध्यमवर्गीय भए पनि राणाहरूसँगको उठबसका कारण उसमा उच्चवर्गीय चिन्तन र व्यवहार हाबी रहेको सामाजिक यथार्थ प्रस्तुत भएको छ ।

प्रस्तुत उपन्यासमा सामाजिक, राजनीतिक र आर्थिक अवस्थाको पर्यवेक्षण गरी वर्गीय जनजीवनको प्रतिविम्बन गरिएको छ । यस विषयका आधारमा प्रस्तुत उपन्यासमा नेपाली समाजको वर्गीय जीवनलाई खोतल्ने काम गरिएको छ । सामाजिक दृष्टिकोणले नारीका जीवनलाई नेपाली समाजअनुरूप *मञ्जरी* उपन्यासमा अभिव्यक्ति गरिएको छ । मञ्जरीको माइतीमा कमजोर आर्थिक अवस्था भएका कारण उसका पिताले जीवनमा अत्यन्त दुःख बेहोर्नु परेको कुरा उपन्यासमा एकातिर देखाइएको छ भने अर्कातिर कमजोर आर्थिक अवस्थाकै कारण उसले विवाहित पुरुषसित अनमेल तथा बालविवाह बेहोर्नु परेको छ । यति मात्र होइन, विवाह भएको वर्ष दिन नपुग्दै ऊ बाल विधवा भएको हुँदा नेपाली समाजले उसलाई परपुरुषको अनुहार पनि हेर्न निषेध गरेको सामाजिक प्रचलनको प्रयोगबाट उपन्यासमा वर्गीय स्वरूप देखा पर्दछ । यस्तै मिस्रीबजैले मञ्जरीलाई अलच्छिनी भनेर सम्बोधन गर्नु तथा परपुरुषलाई हेर्नु हुँदैन, शृङ्गार आदि गर्नु हुँदैन, सिनेमा हेर्नु हुँदैन भन्नु सामाजिक यथार्थवादको वर्गीय मान्यता हो । घर परिवार तथा समाजले विवाह भएको वर्ष दिन नबित्दै पोइ टोकी भनेर समाजका अगाडि अभिव्यक्ति दिनु, आफ्नै सौतेला छोराद्वारा कुदृष्टि लगाइनु, बुहारीले चोरीको आरोप लगाउनु, घरमा सबैभन्दा बढी काममा दलिनु उपन्यासमा वर्गीय आधारलाई पुष्टि गर्ने तथ्य भएको देखिन्छ । उपन्यासमा विशेषतः नेपाली समाजका एकल महिलाहरूले समाजमा भोग्नु परेको तिरस्कार, घरपरिवारबाट हुने अपमान, घृणा आदिले गर्दा एकल महिलाको जीवन आफै तल्लो वर्गमा परिणत हुने गरेको सामाजिक व्यवहारले पुष्टि गरेको छ । यसरी समाजद्वारा

तेर्स्याइएका नैतिकताका बन्धनबाट विधवाहरूले पीडित हुनुपरेको जीवनको यथार्थ चित्रणले उपन्यासमा वर्गीय जनजीवनको प्रस्तुति भएको छ ।

*मञ्जरी* उपन्यासमा निम्नवर्गीय महिलाले भोगेका आर्थिक सामाजिक समस्यालाई अभिव्यक्ति गर्ने क्रममा पहाडी संसारमा पनि सबैभन्दा कमजोर आर्थिक अवस्था भएको एउटा बाहुन केटासँग दश बाह्र वर्षकै उमेरमा विवाह बन्धनमा बाँधिन पुगेकी एउटी महिलाका माध्यमबाट निम्नवर्गको आर्थिक दुरवस्थाको प्रस्तुति गरिएको छ । आर्थिक विपन्नताकै कारण एकातिर उसको श्रीमान् पल्टनमा जागिर खान भनेर विदेशतिर पलायन भएको छ भने अर्कातिर घरमा एक्ली सासूलाई स्याहार गरी बस्दा साँझ बिहानको छाक टार्न धौधौ भएपछि गाउँकै ठुलाबडाकहाँ कुटो कोदालो गरेर जीवन धान्न परेको यथार्थ छ । यसै क्रममा गाउँकै ठालुबाट निरन्तर यौन शोषणमा परेको घटना उपन्यासमा उल्लेख गरिएको छ । जब यौन पिपासु शोषकले ती सेती भन्ने पीडित महिलाको पेटमा उसको बच्चा छ भन्ने थाहा पाउँछ तब उसले सय दुई सय खर्च गरेर एउटा अर्के मानिसलाई त्यसको दोष लगाई उल्टै गाउँले उठाएर सेतीलाई अड्डामा सुम्पुवा गरेको छ । यसरी गाउँका सम्पन्न वर्गले विपन्न वर्गका महिलामाथि गर्ने गरेको शारीरिक शोषणको उपन्यासमा अभिव्यक्ति भएको छ । तत्कालीन न्याय व्यवस्था पनि ठुलाबडाकै पहुँचमा रहेको हुँदा महिलाले न्याय पाउनुको सट्टा उल्टै दुई वर्षको जेल सजाय भोग्नु परेको र जेलभित्रै आफूले जन्म दिएको सन्तानसमेत गुमाउनु परेको अवस्थाबाट समाजका तल्ला वर्गका छोरी बुहारीहरूले अनाहकमा दुःख पाएका घटना तथा हृदय विदारक मर्म भोगेर बाँच्न विवश हुनु परेको तथा समाजका अगाडि देखिनसम्म नहुने गरी जीवन चलाउनु पर्ने वर्गीय घटना उपन्यासमा समेटिएको छ । यसरी उच्चवर्गका मानिसहरूले समाजमा घटाउने घृणित क्रियाकलापका सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "अन्त्यमा जब त्यो ठालूले तिनको गर्भमा बालक बसेको छ भन्ने थाहा पायो । सय दुईसय रुपैयाँ खर्च गरेर एउटा अर्के मानिसको दोष लगाई गाउँले उठाएर अड्डामा लगी सुम्पुवा गरिदिएको थियो (३२७) ।" यस अभिव्यक्तिबाट नेपाली समाजमा उच्चवर्गका ठालुहरूले गर्ने निकृष्ट कार्यलाई समाजले प्रकटमा ल्याउन नसक्दा निम्नवर्गका एकल महिलाहरूले निरीह जीवन बाँच्नु पर्ने निम्नवर्गीय जीवनको यथार्थ चित्रका माध्यमबाट उपन्यासमा सामाजिक यथार्थको पुष्टि भएको छ । यस्तै उपन्यासमा अर्को नारी पात्र विमलाले जीवन धान्नकै लागि परपुरुषसँग शारीरिक सम्बन्ध राख्ने गरेको र त्यसबाट केही रकम आर्जन गरेर जीवन चलाएको विषयको प्रस्तुतिले यसमा वर्गीय जीवनका अनेक पाटालाई देखाइएको छ । यी वस्तुगत

यथार्थका आधारमा उपन्यासमा वर्गीय जीवन अर्थात् निम्नवर्गीय जीवनको चित्र प्रकट भएको छ। यसरी विषय र प्रस्तुतिका आधारमा मञ्जरी, सेती र विमला जस्ता महिलाहरूले भोगेका सामाजिक र आर्थिक समस्याका माध्यमबाट उपन्यासमा सामाजिक यथार्थ प्रकट भएको छ।

प्रस्तुत उपन्यासमा उच्चवर्गीय जीवनले समेत ठाउँ पाएको छ। तत्कालीन समयका राणाशासकलाई उच्च वर्गका रूपमा चर्चा गरिएको छ। यस वर्गले सवारी साधनका रूपमा गाडी, तामदान प्रयोग गर्ने गरेको, मनोरञ्जनका लागि सिनेमा तथा स्वप्नभूमि जाने गरेको र घरमा नोकरचाकर तथा धाई राख्ने गरेको जस्ता विषय उल्लेख गरेको विषयबाट उपन्यासमा उच्चवर्गीय जीवनको पुष्टि हुन गएको छ।

### **३.२.२ एक पालुवा अनेकौं याम उपन्यासमा वर्गीय जनजीवनको प्रतिविम्बन**

*एक पालुवा अनेकौं याम* उपन्यासमा मूलतः उच्च, मध्यम तथा निम्नवर्गको वर्गीय जनजीवनको विश्लेषण गरिएको छ। यस उपन्यासमा उच्चवर्गको परिवेश ल्याइए पनि तिनीहरूको दमन, शोषण र विलासिताको प्रदर्शन मात्र भएको छ र तिनीहरूप्रति पाठकको विकर्षण मात्र होइन, घृणा विकास गराउने कामसमेत गरिएको छ। समाजमा न्याय, समानता र मानवीयता स्थापित गर्न क्रियाशील क्रान्तिकारी सङ्गठनकी मध्यमवर्गीय तारालाई वा आफ्ना जनता अङ्ग्रेजको हातमा बेचेर पैसा कमाउने राणाशासकको खुलेर विरोध गर्ने द्वितीय विश्वयुद्धको बहादुर लडाकु मेजर वीरसिंह थापा वा अन्य सोझा निम्नवर्गीय जनतालाई पक्रेर क्रुरतापूर्वक दमन गर्ने राणाशासकप्रति उपन्यासमा आक्रोश उत्पन्न गरिएको छ। त्यस्तै राणाशासकका प्रतिनिधि पहलमान जरसाहेबका क्रियाकलापले वा यस्ता उच्चवर्गीय परिवारमा हुने विलासी संस्कारको प्रदर्शन गरी त्यसप्रति घृणा जगाउने काम गरिएको छ। उपन्यासमा उच्चवर्गीय जीवनको चित्रणमा धेरै पृष्ठ खर्चिएको छैन। तसर्थ यो मूलतः मध्यम र निम्नवर्गीय सामाजिक यथार्थमै केन्द्रित रहेको हुँदा यसमा सोही वर्गको जीवनको चित्रणले प्राथमिकता पाएको छ।

उपन्यासको केन्द्रीय चरित्र कमल मध्यम वर्गीय पारिवारिक पृष्ठभूमिको छ। उपन्यासमा उसैसँग सम्बन्धित तुल्याएर उसको बुबा नरेन्द्र, पाठकनी, जेठा बुबा आदि जस्ता पात्रका मध्यमबाट वर्गीय जीवनको चित्रण गरिएको छ। कमलको पारिवारिक स्थिति आर्थिक दृष्टिले मध्यमवर्गीय भए पनि उनीहरूको पृष्ठभूमि राणाकालीन र चरित्र चाहिँ सामन्ती देखा पर्दछ। कमलको बाबु नरेन्द्र पुरुषप्रधान परम्परित सामन्ती मूल्य-मान्यताअनुरूप श्रीमती

मरेको तीन महिना नहुँदै अर्को बिहा गर्ने सुरमा लागेको विषयले उसमा रहेको सामन्त वर्गीय चिन्तन उजागर गरेको छ । उपन्यासमा सामन्ती मनोवृत्ति भएका यस खाले मध्यमवर्गीय पुरुषले आफ्नो कामक्षुधा पूर्तिका लागि नारीप्रति गर्ने अनेकन् क्रूर कुटिल षड्यन्त्र देखाउने काम गरिएको छ । आफ्नो बाबुले तीन तीनवटी श्रीमती भित्र्याएको हुँदा आफू विधुर भएर नबस्ने विचार व्यक्त गर्ने नरेन्द्र आफन्तहरूले उचालिदिँदा त झन् अर्की श्रीमतीको खोजीमा बेचैन भएको पाइन्छ । आफ्नै माहिला जेठान विचारी हर्कबहादुरले आफ्नी छब्बीस वर्षे छोरी च्यान्टी दिन खोज्दा पनि ऊ चाहिँ आफ्नै ससुरालीको अर्को नालतर्फकी मकवानपुरेकी छोरी राजेश्वरीतर्फ आकर्षित भएको विषयको चित्रण गरिएको छ । यसपछि छोरा कमललाई राजेश्वरी माग्न पठाउँदा उसका अभिभावकले छोरी दिन आलटाल गरेपछि मोहनीमन्तर लगाएर आफ्नो वशमा पार्ने षड्यन्त्र गर्नु (३०), त्यस कार्यमा पनि असफल भएपछि च्यान्टीसँग बिहा गर्नु र राजेश्वरीलाई श्रीमती राखेको हुँ भन्ने झुटो मुद्दा दायर गर्नु जस्ता कारणले उसमा निहित सामन्ती वर्गीय चिन्तनको पुष्टि भएको छ । त्यस्तै उसले कल्पनाकी सौतेनी आमा र दाजुलाई तीन हजार रुपैयाँ दिएर छोरा कमलको फोटो देखाएर उसैसँग बिहा गरिदिने भनी आफैँ बिहा गरेको  छ । कल्पनाले आफूमाथि भएको अन्यायको प्रतिकार गर्न खोज्दा उल्टै गङ्गा नूनियालाई उसको नाठो सिद्ध गरी जेलमा सुम्पुवा गरेको छ । यसरी उपन्यासमा मध्यमवर्गीय नरेन्द्रमा अन्तर्निहित सामन्ती जीवन पद्धति र उसद्वारा नारीमाथि हुने गरेका वर्गीय शोषण तथा लैङ्गिक विभेदको चिरफार गर्दै तत्कालीन सामाजिक यथार्थको अभिव्यक्ति गरिएको छ ।

विवेच्य उपन्यासमा जेठकी मालकिनी, रामलखन पटुवारी, कल्पना, गङ्गा नूनिया, पुजारीबाजे आदि निम्नवर्गका पात्रहरूको वर्गीय जीवनको चित्रण गरिएको छ । जेठकी मालकिनी पहिला जमिन्दार भए पनि भाइ-भाइको झगडा, लोग्नेको मृत्यु, आर्जनशीलताको ह्रास तथा देवरहरूले आफ्नै विधवा भाउजूको सम्पत्ति हड्पेका कारणले उसको जीवन तल्लो वर्गमा परिणत हुन गएको छ । यस सम्बन्धमा उपन्यासकारले लेखेका छन्- “सम्पत्तिको नाउँमा त्यो गाउँमा तिनीसँग खालि त्यो फुसको घर र दुई-चारवटा काँसका भाँडाकुँडाबाहेक अर्थोक कुनै खास वस्तु छैन । तिनी घरको खाँचो जोरजाम पार्ने निहुँले महिनाको पन्ध्र-बीस दिन चैनपुरदेखिन् बाहिरफेरकै गाउँमा बिताउँछिन् (४२) ।” यस्तो स्थितिमा उसले आफ्नो साँझबिहानको छाक टार्न स्वयंवरको औँठीसमेत आफ्नै जुठोपुरो खाएर हुर्किएको रामलखन पटवारीसँग बेच्नु पर्ने बाध्यात्मक स्थिति सिर्जना भएको उपन्यासमा उल्लेख गरेको पाइन्छ ।

यसलाई प्रस्ट पार्ने जेठकी मालकिनीको भनाइ यस्तो छ- "मैले ठट्टा गरेको होइन, रामलखन, साँच्चै बेच्न आएकी हुँ (५५) ।" यसबाट उपन्यासमा जेठकी मालकिनीको खस्कँदै गएको वर्गीय जीवनको सङ्केत प्राप्त हुन्छ । गरिबीकै कारण रामलखनले उसको अस्मिताको सौदा गर्न खोजेको हुँदा आवेगमा आएर जेठकी मालकिनी निर्वस्त्र हुनुपरेको यथार्थलाई पनि उपन्यासमा समेटिएको छ । वर्गीय जीवनको चित्रण गर्ने क्रममा कल्पनाका सौतेनी आमा र दाजुहरूले कल्पनाका नाममा भएको घरबास आफ्ना नाममा तुल्याउने हेतुले उसलाई वृद्ध नरेन्द्रसँग तीन हजार रुपैयाँमा बेचिदिने अत्यन्त निर्घिनी काम गरेको देखिन्छ भने यता कमलको बाबु नरेन्द्रले कल्पनालाई बुहारी बनाउँछु भनेर ल्याई श्रीमती तुल्याएको हुँदा विद्रोही बनेकी कल्पनाले आफ्नो अस्मिता उसलाई समर्पित नगरिदिँदा अनेकन् शारीरिक र मानसिक यातना दिएर उसलाई आफ्नो वशमा पार्न खोजेका छन् । रात रात नाठो खेलाउने गरेको आक्षेप लगाए पनि त्यसलाई सत्य साबित गर्न नसक्दा र आफूले उसबाट वासनात्मक क्षुधापूर्ति गर्न नपाउँदा अन्ततः विपन्न गङ्गा नूनियालाई पैसाको लोभ देखाएर उसलाई नै कल्पनाको नाठो सिद्ध गरी कल्पनालाई जेल सुम्पुवा गरेको विषयले गरिबीका कारण निम्नवर्गीय महिलामाथि हुने अमानवीय व्यवहारलाई उपन्यासमा देखाइएको छ । यसरी उपन्यासमा कल्पनाको निरीह जीवनको प्रस्तुति गर्दै महिलाहरूमाथि हुने लैङ्गिक तथा वर्गीय शोषणका आधारमा सामाजिक यथार्थको पुष्टि भएको छ ।

*एक पालुवा अनेकौँ याम* उपन्यासमा गङ्गा नूनियाको अभावग्रस्त जीवनको प्रस्तुति गर्ने क्रममा उसले जीवन धान्नका लागि कहिले रतनलालको जग्गा अधियाँ जोत्ने, कहिले बनियाको नोकर बन्ने, कहिले ज्यामी काम गर्नेजस्ता विविध कार्यमा संलग्न भए पनि बिहानबेलुकीको छाक टार्न असमर्थ भएको देखिन्छ । त्यसैले उसले कहिले आमा मरिन् भनेर त कहिले मेरो आँगनमा महादेव छन् भन्ने हल्ला फैलाएर आर्थिक उपार्जन गर्ने गरेको छ । ऊ पैसाकै लोभमा कल्पनाको नाठोको रूपमा प्रस्तुत भएको छ । उसका यी क्रियाकलाप उपन्यासमा वर्गीय जीवनको चित्र प्रस्तुत गर्ने माध्यम बनेका छन् । यसै सन्दर्भमा गङ्गा नूनियाकी श्रीमतीले तारासँग भनेको भनाइ यस्तो रहेको छ–

> मेरो मर्दलाई के दोष दिन्छ तपाईं । खर्दार मालिकले जस्तो गर भन्यो त्यस्तै गऱ्यो । खर्दार मालिकले हजार टका र बाह्र बेसी (मुरी) धान दिन्छु भन्यो र पनि मेरो मर्दले मानेको थिएन, के भन्छ हजुर । आर की गर्नु ! घरमा एक दाना अन्न थिएन फेरि खरिदारी मालिकले जे भन्यो त्यो गर्नैपऱ्यो । इला पेट ला सब कुछ

करा‍य छे मलकिन । (पेटले सब थोक गराउँछ मालकिनी) पेट ला सब कुछ कराय छे (२२६) ।

सम्बद्ध भनाइले भोको पेटले मानिसलाई जस्तोसुकै कर्म गर्न पनि बाध्य पार्छ भन्ने विचारका रूपमा उपन्यासमा उसलाई प्रक्षेपित गरेको छ । त्यस्तै बजार अड्डाको सिपाहीको जागिर छाडी पुजारी बनेका पुजारीबाजेले कालीकै नाममा साना व्यापारीबाट खाद्यान्न उठाई जीवन यापन गर्ने गरेको प्रसङ्गबाट उपन्यासमा निम्न वर्गको जीवनले स्थान पाएको छ ।

प्रस्तुत उपन्यासमा वर्गीय समाजमा नारीहरूले एकपछि अर्को जटिलता बेहोर्नु परेको प्रस्तुति पनि पाइन्छ । बालविवाह, विधुरविवाह र बहुविवाहको स्वीकृति, विधवा विवाहको निषेध, नारीले परपुरुषलाई चियाउनै नहुने, पतिलाई परमेश्वर ठान्नु पर्ने, उसको पैतलाको जल नखाई केही खान नहुने जस्ता परम्परित धार्मिक रूढ मान्यताले नारीलाई बाँधेको छ । त्यस्तै सामाजको परम्परित सोच पनि नारीप्रति सारै अनुदार रहेको छ । यसमा नारीलाई साँघुरो परिवेशमा सीमित गर्ने, उसलाई वासनापूर्तिको सामान्य साधन ठान्ने, अन्य वस्तु किनेझैँ पैसाले किन्ने, उसलाई घरभित्रै सीमित गर्ने, कुनै आर्थिक र सामाजिक भूमिका निर्वाह गर्न नदिने जस्ता सारै साँघुरा सामाजिक प्रचलन देखिन्छन् । यिनै सङ्कीर्ण वा अनुदार धार्मिक, सामाजिक र राजनीतिक पृष्ठभूमिमा निर्मित वर्गीय समाजमा तत्कालीन न्यायव्यवस्था पनि नारीप्रति अमानवीयता प्रदर्शन गर्ने प्रकृतिको रहेको छ । विक्षिप्त कल्पनाले भोग्दै गरेको जेलजीवन र लिचुमैयाँले भोग्नुपर्ने सम्भावित जेलको स्थितिबाट यो कुरा स्पष्ट भएको छ । प्रस्तुत उपन्यासभित्र एकातिर सामन्तवादको विरोध चित्रित छ भने अर्कातिर निम्नवर्गीय जीवनको शोषण, अन्याय, अत्याचार, प्रपीडन आदिको कलात्मक प्रस्तुति पनि छ । यसरी विवेच्य उपन्यासमा वर्गीय जीवनको यथार्थ चित्र प्रस्तुत गरिएको  छ ।

### ३.२.३ भोक र भित्ताहरू उपन्यासमा वर्गीय जनजीवनको प्रतिविम्बन

*भोक र भित्ताहरू* उपन्यासमा नेपाली समाजका उच्च, निम्नमध्यम र निम्नवर्गीय जीवनको चित्रणका साथै यी वर्गले गर्ने कामलाई पनि देखाइएको छ । यसमा वर्गीय दृष्टिकोणका आधारमा यिनलाई शोषक वर्ग र शोषित वर्गका रूपमा विभाजन गरिएको छ र शोषक वर्गका रूपमा मुख्यतः जगते, उसको बाबु शेशे मुखिया वा सर्पोबाजे, माहुरी साहु र जेठा पुरेत देखिएका छन् भने शोषित वर्गका रूपमा हर्के साहिँला, चन्द्रे, जुने, झुने आदि पात्रहरू रहेका छन् । जगते गाउँको मुखियाको छोरो भए पनि सुरुमा उसको आर्थिक अवस्था

निम्नमध्यम वर्गीय नै रहेको पाइन्छ तर पन्ध्र सोह्र वर्षको अन्तरालमा नै उसले अवैध धन्दा सञ्चालन गरेर अकुत सम्पत्ति आर्जन गरेको छ । यसबाट उसको आर्थिक हैसियत समाजमा नवधनाढ्य उच्चवर्गको जस्तै बन्न पुगेको छ । यसबाहेक उपन्यासमा देखिएका अन्य कतिपय शोषक वर्गीय पात्रको आर्थिक स्तर भने निम्नमध्यम वर्गीय नै रहेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा जगते गाउँमा छउन्जेल निम्नमध्यम वर्गीय आर्थिक स्तर भएको सामान्य व्यक्तिको रूपमा देखिन्छ । गाउँबाट काठमाडौँ सहर आएको पन्ध्र बिस वर्षको अन्तरालमा भने उसले तारे होटल खोल्ने, आलिसान महलमा बस्ने र आफ्नो कारमा गुड्न सक्ने हैसियत प्राप्त गरेको छ । यो हैसियत प्राप्त गर्न उसले नारी देहको व्यापार गर्ने, सम्बन्धित हाकिम इन्जिनियरहरूलाई सुरासुन्दरी चढाउने वा घुस खुवाएर ठुलाठुला ठेक्कापट्टा आफ्नो हातमा पार्ने, सरकारी रकम मनपरी गर्ने, अवैध धन्दा गरेर प्रशस्त सम्पत्ति जोड्ने र त्यसैका बलमा मन्त्री बन्न प्रयत्न गर्ने अनि त्यसका लागि आफ्नै श्रीमतीको अस्मिता बेच्न पनि तयार हुने (३७) जस्ता उसका घृणित क्रियाकलापका माध्यमबाट उपन्यासमा उच्चवर्गीय जीवनको यथार्थ प्रस्तुति भएको छ ।

प्रस्तुत उपन्यासमा जगतेले हर्के साहिँलालाई आफ्नो जालमा फसाएको चित्रण गरिएको छ । जगतेले हर्केलाई आर्थिक प्रलोभन देखाएर चोरी गर्न उक्साई जेलमा पारेपछि उसको परिवारलाई संरक्षण गर्ने निहुँमा शोषण गरेको विषय उपन्यासमा वर्गीय जनजीवनको चित्र प्रस्तुत गर्ने माध्यम बनेको छ । आर्थिक दृष्टिले माथिल्लो तहमा रहेका मानिसले तल्लो वर्गका मानिसलाई शोषण गर्ने आधार कसरी बनाउँछन् भन्ने कुराको यथार्थ उपन्यासमा जगतेका माध्यमबाट प्रस्ट भएको छ । यसरी जगतेका अवैध क्रियाकलापका माध्यमबाट एकातिर उपन्यासमा उच्चवर्गीय जीवन मुखरित हुन पुगेको छ भने अर्कोतिर हर्केका माध्यमबाट निम्नवर्गीय जीवन चित्रित भएको छ । हर्के जेलमा छँदा जगतेले आफ्नी पत्नीमाथि कस्तो नजर राख्यो होला वा कस्तो व्यवहार गऱ्यो होला भन्नेबारे मनमा खेलाएका तरङ्गलाई उपन्यासकारले यसरी व्यक्त गरेका छन्-

> इन्द्रले राम्री राम्री स्वास्नीमान्छेहरूसँग छल गरे जस्तै न जगतेले पनि झुनेसँग छल पो गरेको थियो कि । इन्द्रले बलशालीहरूलाई अप्सराहरू टक्र्याए जस्तै न जगतेले पनि आफूलाई कुवेर बनाउने मुहानहरूका बीचमा झुनेलाई नचाई पो दिएको थियो कि । जगतेभित्र त्यसै त्यसै मच्चिरहेको लोभले के के पो गर्न सक्तैन । ऊ चोरी र डकैती गराउन सक्छ भने स्वास्नीमान्छेलाई बेच्ने व्यापार पनि

त गर्न सक्छ । के ठेकान न उसले उसकी स्वास्नी झुने र छोरी जुनेलाई बेचि पो दियो कि । असम्भव केही छैन । सबै कुरो सम्भव छ । साह्रै साह्रै सम्भव छ (१०१) ।

सम्बद्ध भनाइमा जगतेको कुटिल चरित्र चित्रण गरिएको छ । यसमा निम्नवर्गीय पुँजीवादी चिन्तन बोकेको जगतेले आफ्नो स्वार्थ पूर्तिका लागि हर्के साहिँला जस्ता साथीलाई जेल हाल्न सक्छ भने पैसाका लागि उसका परिवारलाई ऊ जे पनि गर्न सक्छ भन्ने चिन्ता जाहेर गरिएको छ । यस वर्णनबाट उपन्यासमा उच्चवर्गीय घृणित जीवनलाई देखाइएको छ । यस प्रकार समाजमा एकातिर फटाहाहरूको जगजगी हुनु र अर्कातिर साधु स्वभावका मान्छेहरू कठघरामा उभिनुपर्ने नियतिलाई यसमा टड्कारो उभ्याएको छ । यसरी समाजमा हुने उच्चवर्गीय शोषणको यथार्थ चित्र वर्गीय जीवनका माध्यमबाट यसमा प्रस्तुत गरिएको छ । यस्तै उपन्यासमा जगतेको चरित्रको उद्घाटन गर्दै उपन्यासकारले अगाडि लेखेका छन् -

जगते यौटा धोका, जगते यौटा जालसाज, जगते यौटा भयानक कपटी, समग्रको हत्यारा जगते, धोकेबाज, नीच, चाण्डाल जगते, कसले दियो उसलाई जालझेलको भूमिका तयार गर्ने र त्यसमा मनग्ये खेल्ने अधिकार । कसले दियो त्यहाँ खेलेर मान्छेपनको रगतै रगतले पेट भर्ने अधिकार ? कुन अधिकारले ऊ ब्वाँसो भएको हो ? कुन अधिकारले ऊ म्यामथ भएको हो र कुन अधिकारले युद्ध भएको हो (१०१) ।

प्रस्तुत भनाइबाट पनि जगतेको शोषणमूलक वर्गीय चारित्रिक विशेषता उपन्यस्त भएको छ । जगते समाजको उच्च आर्थिक स्थिति भएको मानिस भए पनि उसको आचरण र व्यवहार भने नीच प्रकृतिको भएको चित्रण गरिएको छ किनभने आर्थिक उपार्जनका लागि जुनसुकै हदसम्म पुगेर घृणित काम गर्न पनि पछि नपर्ने उसमा विकृतिका अनेक रूप देखा पर्दछन् । त्यसैले उसले जीवनमा धन कमाउने विषयलाई सबैभन्दा बढी महत्त्व दिएको छ । यसरी सामाजिक यथार्थवादी उपन्यासमा उच्चवर्गीय जीवन आए पनि त्यसका दुर्वृत्ति चित्रण हुने मान्यता रहिआएको सन्दर्भमा प्रस्तुत उपन्यास पनि यही मान्यतामा अडेको छ किनभने यसमा जगते जस्ता उच्चवर्गीय पात्रका स्वार्थप्रेरित जीवनलाई सामाजिक यथार्थका कोणबाट प्रस्तुत गरिएको छ ।

विवेच्य उपन्यासमा निम्नवर्गीय जीवनले भोगेका यथार्थको पनि खोजी गरिएको छ । तत्कालीन समाजमा गाई, भैँसी पाल्नु, मेलापात गर्नु जस्ता निम्न तहको ज्यालामजदुरीको काम गर्नु निम्नवर्गीय जीवनलाई चिनाउने आधार हुन् । यस्ता कर्ममा संलग्न निम्नवर्गमाथि समाजका उच्चवर्गका मानिसहरूले विभिन्न दृष्टिबाट शोषण गरिरहेका हुन्छन् । त्यसको यथार्थ चित्र उपन्यासमा वर्गीय जीवनका माध्यमबाट प्रस्तुत भएको छ । शेशे मुखिया, माहुरी साहु र जेठा पुरेतले विपन्न वर्गका हर्के साहिँला, चन्द्रे जस्ता पात्रलाई धर्म संस्कृतिको संरक्षणको निहुँमा वा गरिबलाई ऋण उपलब्ध गराउने निहुँमा जालमा फसाएको विषयले नेपाली समाजको आन्तरिक यथार्थ अभिव्यक्त गरेको पाइन्छ । गाउँका शोषक माहुरी साहुले चन्द्रेका बाबुलाई भिरमौरीको मह काढ्न लगाउँदा ज्यानै गएको विषयले उपन्यासमा वर्गीय जीवनको यथार्थ चित्र प्रस्तुत भएको छ । यस्तै नेपाली समाजमा विद्यमान सामन्ती वा निम्न पुँजीवादी चिन्तनको प्रभावस्वरूप सामान्य व्यापारी, कर्मचारी र सर्वसाधारण जस्ता मानिसहरूमा पाइने बेइमानी, ठगी र अनैतिक चरित्र रहेको यथार्थलाई पनि उपन्यासमा  चित्रण गरिएको छ । घिउमा राँगाको बोसो मिसाएर होस् वा हिन्दुस्तानी कपडालाई जापानी कपडा हो भनेर होस् वा चन्द्रे र जुनेलीसँग सक्कली गहनालाई नक्कली हो भनी सुनलाई पित्तलको मूल्यमा किन्ने व्यापारी होस्, घुस खाएर पनि खाएको छैन भनी किरिया हाल्ने कर्मचारी होस् वा विपन्न खाते बालिका जुनेलीसँग यौनसुख चाहने दुष्ट आकृति होस् यी सबैले उपन्यासमा यही कुराको पुष्टि गरेका छन् ।

प्रस्तुत उपन्यासमा प्रयोग भएका निम्नवर्गका पात्रका माध्यमबाट सामाजिक यथार्थ प्रकट भएको छ । उपन्यासमा गतिशील भएका हर्के, झुने, जुने, चन्द्रे जस्ता निम्न आर्थिक अवस्थाका पात्रहरूको वर्गीय आधारमा जीवनको यथार्थ खोज्ने काम गरिएको छ । गाउँको हर्के र चन्द्रेलाई बाआमाको किरिया गर्दा घर जग्गा वा जायजेथा (भैँसी) गुमाउन बाध्य पारिएको छ । हर्केले गाउँमा बाबुको किरिया गर्दा अनि बल्ल बल्ल घुस ख्वाएर कृषि विकास बैङ्कबाट ऋण लिएर किनेको भैँसी मरिदिँदा घरजग्गा लिलाम भई सहाराविहीन हुनुपरेको छ र त्यसपछि जगतेको पछि लागी काठमाडौँ आउँदा गाँसबासका लागि हर्के दम्पतीले जगतेका भैँसी पाल्ने काम गरेको विषयवस्तुका सम्बन्धमा उपन्यासकारले यसरी लेखेका छन्- “चार चारओटा भैँसीका निम्ति भारीका भारी घाँस काट्नु, चार चारओटा भैँसीलाई एकैपल्ट बागमतीमा आहाल खेलाउन लैजानु, भकारो सोहर्नु, दुध दुहुनु आदि चानचुने मान्छेले सक्ने कुरो होइन । त्यो हर्के साहिँला र झुने जस्ती फलामे मान्छे थिए र पो त्यत्रो विधि काम सम्भव

भयो । नत्र त गाँठे भो...(४) ।" यस अभिव्यक्तिमा हर्केका दम्पतीसँग गाँसबास अभाव हुँदा त्यसका लागि जगते जस्ता साहुको भैँसी पाल्नु परेको विषयको प्रस्तुति गरिएको छ । हर्केले जीवनयापनका लागि जगतेको काम गर्दागर्दै उसकै फन्दामा परेर जीवनका महत्त्वपूर्ण सोह्र वर्ष जेलमा बिताउनु परेको छ । यसरी उपन्यासमा उसका ती पीडामय परिस्थिति एकातिर खुल्दै आएका छन् भने अर्कातिर जेलबाहिर उसका जहान परिवारले जगतेकै कारण बेहोर्नु परेको दारुण कथा पनि प्रकट भएका छन् । हर्केकी श्रीमती झुनेलाई हर्केले त अर्कैकी श्रीमती टिपेर हिँडेको गलत खबर दिइएको छ (३८) र आमाछोरीलाई एकान्त पाटीमा बस्दा खतरा हुने भन्दै सहानुभूति देखाए जस्तो गरी आफ्नै घरमा लगेर बलात्कार गर्ने अनि पछिपछि उच्च तहका सरकारी मानिससँग सुत्न पठाउने जस्ता घृणित कार्य गरेर गर्नसम्मको उसको अस्मिताको शोषण गरिएको छ । एकदिन त हर्के साहिँलाकी नौ वर्षकी छोरीलाई समेत जगतेले आफ्नो बिछ्याउना बनाउने प्रयत्न गरेको देख्दा झुनेले त्यसको टड्कारो प्रतिवाद गर्ने क्रममा उसलाई माथिल्लो झ्यालबाट तल छिँडीमा खसालेर बीभत्स ढङ्गमा मारिदिएको छ । यसरी उपन्यासमा निम्नवर्गीय जीवनको दारुण चित्रणका माध्यमबाट वर्गीय जीवनको प्रस्तुति भएको छ ।

*भोक र भित्ताहरू* उपन्यासमा चन्द्रेका माध्यमबाट निम्नवर्गीय समाजमा रहेको गरिबीको प्रस्तुति गरिएको छ । चन्द्रेको परिवारको अभाव र गरिबी उसका आमाछोराका संवादका माध्यमबाट यसरी प्रस्तुत भएको छ-

> भित्ताको कीलामा अड्काएर राखेको नाङ्लो ल्याउँदा ल्याउँदै चन्द्रे सोध्छ-
>
> "माथि घ्याम्पोमा पीठो छैन र आमा ?"
>
> "त्यो त आजै बिहान सिद्धिहाल्यो नि ।"
>
> "पैँचो मागेर ल्याउँ त !"
>
> "कसले दिने पैँचो ? माहुरी साहूले दिँदा हुन् । तर साँझ परेपछि उनी एक दाना अन्न पनि छिराउँदैनन् कसैलाई । फेरि पानि दर्किरहेको छ हेरी । कहाँ जाने यस्तो बेलामा । आज जसोतसो काम टारूँ हुन्न ?"

सम्बद्ध भनाइमा चन्द्रेका घरका सबै भाँडाकुँडी घोप्ट्याउँदा पनि एक छाक पुग्ने पिठो नभएको र माहुरी साहुकहाँ पैँचो माग्न जाँदा साँझ परेकाले उसले पनि नदिने हुँदा आफूसँग

जेजति छ त्यसैबाट गुजारा गर्नुपर्ने कहाली लाग्दो अवस्थाको चित्रण गरिएको छ । यसबाट वर्गीय नेपाली समाजमा रहेको निम्नवर्गीय जीवनको सशक्त प्रस्तुति हुन गएको छ ।

प्रस्तुत उपन्यासमा चन्द्रेलाई एकातिर गाउँमा आमाबुबाको मृत्युपछि माहुरी साहु र जेठा पुरेतले धर्मका आडमा षड्यन्त्र गरी शोषण गरेका छन् भने अर्कातिर गाउँकै शोषकहरूले उसलाई चोरीको अभियोगमा साँगा प्रहरीमा तीन दिनसम्म थुन्न लगाएका छन् । त्यसपछि ऊ त्यहाँबाट भागेर भादगाउँ हुँदै काठमाडौँको शङ्खमूलमा आई पाटीको बास गर्ने क्रममा जुनेलीसँगको भेटपछि भोको पेटका कारण पकेट मार्ने, बाटो ढुक्ने, घर फोर्ने जस्ता काम गर्न बाध्य भएको छ । समाजको यस्तो वर्गीय विभेद सम्बन्धमा विपन्न टुहुरो चन्द्रेले समाजसँग प्रश्न गर्दै भनेको भनाइ यस्तो छ- “कसैलाई ज्यादा खान पाएकोले रोग लाग्ने त कसैलाई खानै नपाएकोले रोग लाग्ने किसिमको स्थितिलाई घोप्ट्याइदिने बारेमा किन पो सालिक बनिदिन्छ यो समाज ? (५७) ।” सम्बद्ध भनाइले नेपाली समाजमा रहेको आर्थिक विभेद र वर्गीय जीवनको पुष्टि भएको छ । यस्तै उपन्यासमा जुनेलीले नौ वर्षकै कलिलो उमेरमा जगतेका कामुक न्याले दृष्टिबाट जोगिन आमाबाबुविहीन भएर सडक बालबालिकाका रूपमा प्रकट हुनुपरेको छ । यसलाई प्रस्ट पार्दै उपन्यासकारले लेखेका छन्- “सडकको मान्छे भएदेखिन् उसलाई न सुकिला लुगाहरूले नै छोरी भनेका छन् न त छोरी भनेका छन् मैला लुगाहरूले नै (११७) ।” सम्बद्ध भनाइले जुने साहराविहीन सडक मानव भएको कुरा पुष्टि भएको छ । त्यसपछि उसले आफ्नो अस्मिता संरक्षणका लागि चुप्पी लिएर हिँड्ने र त्यही चुप्पी देखाएर आफूप्रति न्याले दृष्टि राख्नेहरूलाई लखेट्नु परेको छ । सहरी परिस्थितिले गर्दा उसलाई चन्द्रेका अपेक्षा बढी क्रूर मात्र बनाएको छैन कि परिस्थितिले चोरी  गर्न बाध्य समेत बनाएको हुँदा ऊ त्यस कार्यप्रति कुनै गुनासोरहित ढङ्गबाट प्रस्तुत भएकी छ । सम्पत्ति थुपार्न नभई पेट भर्न गरिने चोरीलाई उसले कुनै पापकर्म ठानेकी छैन । त्यसैले चोरी काम गर्नु हुँदैन भन्ने हर्के साहिँलासँग उसको भनाइ यस्तो छ- “पेटले सबकुरा सिकाउँछ काका ! तपाईंको पेट रित्तो । मेरो पेट रित्तो । हामी सबैको पेट रित्तो । धनीमानीको ठूलो रासबाट दुई चार-मुट्ठी झिक्यौँ भने के बिग्रन्छ उसको (२१६) ।” सम्बद्ध कथनमा जुनेलीले चोरी गर्नु हुँदैन भन्ने हर्के साहिँलाको भनाइप्रति आफू सहमत हुँदाहुँदै पनि परिस्थितिले गर्दा चोरी गर्न बाध्य भएको विचार व्यक्त गरेको छ । उसले समाजमा रहेको वर्गीय विभेदका कारण रित्तो पेट लिएर बाँच्नुपर्ने अवस्थामा धनीमानीका रासबाट दुईचार मुठी लिँदा पाप नहुने भनाइ राखेको छ । यसबाट उपन्यासमा हुनेखाने वर्गले विपन्न तथा सहाराहीन निम्नवर्गमाथि गर्ने गरेको चरम

अत्याचारले जीवन सन्त्रस्त बनेको हुँदा उनीहरूमा प्रतिरोधी भावनासमेत सिर्जना भएको कुरा खुल्न गएको छ । यस्तै मन्दिरको पाटीमा रहेको बहुला, थुनामा परेको अर्धसिल्ली, हर्के र जुनेका कथन तथा व्यवहारले विद्रोहको चेतना सञ्चार गरेको छ । त्यसमा पनि अर्धसिल्ली कैदीका कथन र हर्केले आफू र आफ्नी पत्नी तथा छोरीमाथि चरम दुर्व्यवहार गर्ने जगतेलाई मारेको घटनाले सो भावना मुखरित तुल्याउन बढी सहयोग पुगेको देखिन्छ ।

*भोक र भित्ताहरू* उपन्यासमा समाजका उच्चवर्गद्वारा निम्नवर्गप्रति गरिएको अन्याय, अत्याचार, शोषण र दानवीय वृत्तिको चित्रण प्रस्तुत गरिएको र त्यस वर्गका विरुद्ध सङ्घर्ष गर्नुपर्ने भावाभिव्यञ्जना गरिएको छ (लुइटेल, १६०) भन्ने भनाइले पनि यसै विषयको पुष्टि गरेको छ । यस्तै ठाउँ-ठाउँमा लेखकीय टिप्पणीका रूपमा आएका कथनले पनि यस खाले वस्तुवादी चिन्तनलाई परिपोषण गरेका छन् ।

यस प्रकार *भोक र भित्ताहरू* उपन्यासमा असमान आर्थिक सामाजिक संरचनाका कारण सहरको निर्जन पाटीमा बास बनाउन बाध्य हर्के साहिँला, जुनेली र चन्द्रेले सामान्य जीवनयापन गर्नसमेत अनेक उपायको खोजी गर्ने क्रममा भैँसी पालेर जीवन धान्ने काम गरे तर गरिबलाई कसै गरी माथि उठ्न नदिने उच्च वर्गीय चिन्तन बोकेको जगतेले आफ्ना मान्छेद्वारा विषको प्रयोग गरेर भैँसी नै मार्न लगाएको छ । त्यतिले मात्र चित्त नबुझेर उसले मन्दिर निर्माण गर्ने निहुँमा उनीहरूलाई पाटीबाटै हटाउन खोजेको छ । यसरी उपन्यासमा हर्के साहिँला, झुने, जुनेली र चन्द्रे जस्ता पात्रमाथि गरिएको उच्चवर्गीय शोषणका माध्यमबाट वर्गीय जीवनको यथार्थ प्रतिविम्ब प्रस्तुत गरिएको छ । तसर्थ यस उपन्यासलाई वर्गीय आधारमा निम्नवर्गका विषयले प्राथमिकता पाएको सामाजिक यथार्थवादी रचना मानिएको छ । उपन्यासमा प्रयोग भएका हर्के, चन्द्रे र जुनेलीका जीवनसन्दर्भले निम्न वर्गको आधारलाई पुष्टि गरेको पाइन्छ । यिनीहरूले दुःखसाथ भोगेको सामाजिक जीवनले वर्गीय आधारलाई परिणतिमा पुऱ्याउने काम गरेको छ ।

### ३.२.४ ज्योति ज्योति महाज्योति उपन्यासमा वर्गीय जनजीवनको प्रतिविम्बन

*ज्योति ज्योति महाज्योति* उपन्यासमा मूलतः पाशुपत क्षेत्र तथा त्यसका वरपरको समाजको चित्र उतार गर्ने क्रममा यसमा वर्गीय जीवन उपस्थित भएको छ । प्रस्तुत उपन्यासमा होमनाथको परिवार तथा गोकुलप्रसादलाई आर्थिक दृष्टिले सम्पन्न वर्गका रूपमा राखेर उपन्यासकारले तिनका चरित्रलाई प्रस्तुत गरेका छन् । यसमा गोकुलराजले सबै जातिका

गरिब गुरुवाहरूलाई घिउ खानेबापत सयकडा पाँच रुपियाँ कटाएर जग्गा धितो लिई ब्याजमा रुपियाँ लगानी गर्ने गरेको विषय समेटिएको छ । गाउँमा उसको आफ्नै कानुन भएकाले बन्दुक बोकेर जङ्गलमा सिकार खेल्नु, मारिएका सिकार आफ्नो पछि लाग्नेहरूलाई झुन्डचाउन लगाउनु, बाटाको कुनै घरमा राम्री तरुनी देख्यो भने पानी खाने निहुँले त्यसभित्र पसेर ठट्टा गर्नु, लगानी लगाउने र लगानी असुल गर्ने काममा बाबुभन्दा पनि चर्को देखिनु, ब्याँसीका मगर र लेकका गुरुङसमेतलाई आफ्नो मुठीबाट फुस्कन नदिनु जस्ता आचरण र व्यवहारबाट उसमा रहेको सामन्ती उच्चवर्गीय चरित्र देखा पर्दछ । त्यस्तै यसमा निम्न वर्गका चरित्रका माध्यमबाट निम्नवर्गीय जीवनको प्रस्तुति गरिएको छ । चन्द्रप्रसाद काफ्ले, मायाप्रसाद न्यौपाने, पण्डित बाजेहरू जस्ता थुप्रै चरित्रहरूको पशुपति क्षेत्र आश्रय स्थल बनेको छ र यिनीहरूले पशुपतिमा दैनिक पाठ गरेर आफ्नो घर परिवार चलाउने गरेका छन् भने मायावती, राममाया, श्यामदेवी, फूलमती, मैचा, माइली जैसिनी, सेती खत्रिनी आदिले फूल, प्रसाद र बेलपत्र बेचेर जीवन निर्वाह गर्ने गरेका छन् । यस क्षेत्रमा देखिने गरेका मगन्तेहरू अत्यन्त निम्न स्तरको जीवन बिताउन बाध्य भएका छन् । निम्नवर्गीय जीवनको चित्रण गर्दै उपन्यासकारले लेखेका छन्- “कैद हुन्छन् छरिएका फलफूल लड्डू पेडामाथि कुकुरझैँ लठारिन थालेका मगन्ते अनुहार र छुस्के बाँदरहरू पनि (१७४) ।” सम्बद्ध भनाइमा रहेका यी पात्रहरूले भोगेका जीवनका माध्यमबाट उपन्यासमा निम्नवर्गीय जीवनको सशक्त प्रस्तुतिका साथै वर्गीय सामाजिक यथार्थको अभिव्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा सामन्ती संरचनाको स्वरूपभित्रको वर्गीय जीवनलाई देखाइएको छ । वर्गीय जीवनअन्तर्गत एकातिर सामन्तवर्ग अर्थात् उच्चवर्गको वर्गीय चिन्तनलाई प्रस्तुत गरिएको छ भने अर्कोतिर निम्नवर्गका कहाली लाग्दा जीवनका यथार्थ चित्रण गरिएका छन् । उपन्यासमा सामान्य जीवन निर्वाह गर्ने पात्रका माध्यमबाट तत्कालीन समय, समाज र जीवनको यथार्थ पक्षको उद्घाटन गर्नुका साथै पशुपति क्षेत्रमा मागेर जीवन निर्वाह गर्ने जीवनको कारुणिक दृश्य प्रस्तुत गरिएको छ । यस सन्दर्भमा उपन्यासकारले यसरी लेखेका छन्-

> ऊ हराए पनि ऊ जस्ता मगन्तेहरू थुप्रिसकेका छन् त्यस सडकको दायाँ बायाँका किनार किनारमा । पेटभरी एक छाक दालभात खान पाइएला कि भन्ने सपना बोकेका ती विद्रोहहीन ज्वरग्रस्त अनुहारमध्ये कोही लूला, लङ्गडा छन् त कोही

> अन्धा र डुँडा छन् । त्यस जमातमा बूढाबूढीहरू पनि छन् र केटाकेटीहरू पनि छन् र आमा हुनेहरू पनि छन् अनि छन् बाबु हुनेहरू पनि (१६६) ।

सम्बद्ध भनाइमा पशुपति क्षेत्रका सडकका दायाँबायाँका किनार किनारमा एक छाक पेटभरी दालभात खान पाइएला कि भन्ने सपना बोकेका मगन्तेहरू थुप्रिसकेका विषयको चित्रण गरिएको छ । यी मगन्तेहरूमा कोही लुला, कोही लङ्गडा, कोही अन्धा र डुँडा छन् भने त्यस जमातमा बुढाबुढीहरू, केटाकेटीहरू, आमा हुनेहरू र बाबु हुनेहरू पनि दखिन्छन् भन्दै यसमा यी दयनीय अवस्थाका निम्न वर्गीय जीवन बिताउन बाध्य भएकाहरूको वास्तविक यथार्थ उजागर गरिएको छ । यसबाट उपन्यासकारको वर्गीय समाज विश्लेषणसम्बन्धी वस्तुवादी चेतना अभिव्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा निम्नवर्गीय जीवनको प्रस्तुति गर्दै त्यसका माध्यमबाट सामाजिक यथार्थ प्रकट भएको छ । यस क्रममा हिमाली ग्रामीण बस्तीमा बसोबास गर्दै आएको खडानन्दको परिवारले कमजोर आर्थिक अवस्थाका कारण दयनीय जीवन बिताउनु परेको दारुण यथार्थको अभिव्यक्ति भएको छ । यो परिवारले साँझबिहानको गाँसको व्यवस्था जुटाउन नसक्दा भोक भोकै बस्नु परेको विषयबाट वर्गीय जीवनको यथार्थ अभिव्यक्त भएको पाइन्छ । उपन्यासकारले खडानन्दको परिवारको दयनीय अवस्थाका बारेमा यसरी लेखेका छन्- “किनभने त्यो स्वास्नी मान्छे विगत तीन दिनदेखि भोकै थिई । नुन हालेको तातो पानीबाहेक उसको पेटमा त्यो दुई तीन फाँको चरुबाहेक अरू कुनै किसिमको अन्नपात परेको थिएन (२२४) ।” सम्बद्ध भनाइमा खडानन्दको परिवारको आर्थिक अवस्था अत्यन्तै कमजोर भएकाले साँझबिहानको छाक टार्नसमेत नसकेको अवस्थाको प्रस्तुति पाइन्छ । त्यसैले खडानन्दकी श्रीमतीको मुखमा तीन दिनदेखि नुन हालेको तातो पानी र चरुबाहेक अन्नपात केही नपरेको दयनीय स्थितिको चित्रण गरिएको छ । त्यस क्षेत्रमा उसको परिवारले हातमुख जोर्ने कुनै उपाय नभेटेपछि नोकरीको सिलसिलामा त्यहीँ क्षेत्रमा पुगेका गजराज बाजेका पछि लागेर पशुपति क्षेत्रमा आई उसले लास बोक्ने काम गर्दै जीवन चलाएको यथार्थ उपन्यासमा अभिव्यक्त भएको छ । यस्तै शिक्षकको जागिर तथा घरजग्गा गुमाएका गजराज बाजेको परिवारले पनि पशुपति क्षेत्रलाई नै आफ्नो कर्मभूमि बनाएको छ । गजराज बाजेकी पत्नी सुभद्रा बजैले घर चलाउनका लागि यही ठाउँमा ठुलो सङ्घर्ष गर्नु परेको छ । उसले बत्ती कातेर, पात गाँसेर, इष्टमित्रहरूकहाँ धाएर, सम्पन्न घरका लागि काम गर्ने व्यक्तिको व्यवस्था मिलाइदिने जस्ता काम गरेर घर व्यवहार चलाउने गरेको छ । गजराज बाजेले भने राजनीतिक

आस्थाका आधारमा जागिर गुमाइसकेपछि पशुपति क्षेत्रमा नै गाइडको काम गरेर जीवन धान्ने गरेका छन् । पशुपतिमै भेटिने माइराम, अघोरी साधु 'क', फलफूल बेच्ने महिलाहरू आमाबाबु गुमाएको परशु जस्ता थुप्रै व्यक्तिहरूले आ-आफ्ना ठाउँमा सहारा नपाएपछि कामको खोजीमा वा भजन कीर्तन वा तपस्याका निहुँमा पशुपतिको सेरोफेरोमा आएर जीवन चलाएको कुरा उपन्यासमा देखाइएको छ । यति मात्र होइन, एक छाक खान तथा एकसरो लाउनसमेत नभएका अत्यन्त नाजुक अवस्थाका मान्छेहरूले यही क्षेत्रमा आई मागेर खाने गरेको कहालीलाग्दो जीवनको चित्रणबाट उपन्यासमा वर्गीय जीवन प्रतिविम्बित भएको छ ।

### ३.२.५ हिमाल र मान्छे उपन्यासमा वर्गीय जनजीवनको प्रतिविम्बन

*हिमाल र मान्छे* उपन्यासमा मूलतः उच्च, मध्यम तथा निम्नवर्गीय जीवनको प्रस्तुति गरिएको छ। यस क्रममा हिमालको काखमा अवस्थित खुन्दे गाउँ निवासी लाक्पा नुर्बुलाई आर्थिक दृष्टिले सम्पन्न मानिसको कोटीमा गणना गरेर उसको जीवनका यथार्थ उपन्यासमा प्रस्तुत गरिएको छ । हिमालका विभिन्न भूभाग र काठमाडौँमा समेत घर तथा जायजेथाका मालिक लाक्पा नुर्बुको चालचलनले यस विषयको पुष्टि गरेको छ । बाह्र बाह्रवटी श्रीमतीलाई विभिन्न ठाउँमा उचित व्यवस्थापन गरेर राख्ने विषय उसको उच्च वर्गीय सामन्ती जीवनको साक्ष्य बनेको छ। यस सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "स्वास्नी जम्मा पार्ने मामलोमा राणाकालीन समयलाई पनि मात दिएको छ उसले (४१) ।" यस भनाइमा लाक्पा नुर्बुमा रहेको सामन्ती पितृसत्तात्मक चिन्तनको पुष्टि गरिएको छ । यति मात्र होइन, लाक्पा नुर्बुले उच्च पदस्थहरूको सङ्गतमा राज्यशक्तिको दुरुपयोग गर्दै बन्द व्यापारबाट कमाएको रकम विभन्न ठाउँका मानिसहरूमा लगानी गरेर ब्याज तथा अन्य वस्तु असुल गरेको विषयले उसको उच्चवर्गीय जीवनको परिचय दिएको छ । उसले राज्यशक्तिमा आफ्नो प्रत्यक्ष पहुँच बढाउनका लागि चुनाव लड्ने रणनीतिसमेत बनाएको छ । त्यसका लागि आफ्ना नोकर चाकर, प्यादा र लाउकेमार्फत गाउँलेहरूलाई आफ्नो नियन्त्रणमा राख्न अनेक क्रियाकलाप अगाडि बढाएको घटना उपन्यासमा उल्लेख गरिएको छ। गाउँमा जाँदा आफूले चढ्ने गरेको बोके घोडालाई छाडा छोडिदिएकाले गाउँलेहरूको बाली नोक्सान भई पीडित हुनुपरेको, देवताहरूका वाहनका रूपमा साँढेहरू ल्याएर छाडा छोडिदिनु, चुनाव प्रचारका क्रममा साँढेद्वारा पेमा दोर्जीलाई मरणासन्न हुने गरी घाइते तुल्याइनु (१८८), आङरिगुसँग शङ्कास्पद उठबस गर्नु र उसलाई श्रीमान्सँग बदला लिन विष सेवन गर्नका लागि उत्प्रेरित गर्नु (२१०) तर पुलिसद्वारा उसलाई हतकडी लगाइँदा र उसले सहयोगको याचना गर्दा भने रमिते हुनु

जस्ता क्रियाकलापबाट एकातिर लाक्पा नुर्बुको सामन्ती चरित्र प्रदर्शन भएको छ भने अर्कातर्फ उसद्वारा त्यहाँका निम्नवर्गमाथि हुँदै आएको अन्याय, अत्याचार र शोषणको प्रस्तुति भएको छ। सुरुवाती समयमा उसको कामको समर्थन गर्ने उसका नोकरचाकर तथा प्यादाहरूले पनि अन्त्यमा भने उसको यस्तो व्यवहार देखेर उसको साथ छोडेका छन् । समाजमा लाक्पा नुर्बु उच्च आर्थिक हैसियत भएको मानिसका रूपमा रहेको भए पनि आचरण र व्यवहारका दृष्टिले भने उसलाई नीच प्रकृतिको देखाइएको छ । खास गरेर सामाजिक यथार्थवादी उपन्यासमा समाजमा उच्च आर्थिक हैसियत भएका व्यक्तिहरूले निम्नवर्गीय जीवनप्रति गर्ने व्यवहार तथा उनीहरूमा देखिने विकृतिका अनेक रूपहरूको प्रस्तुति रहने मूल्यमान्यताअनुसार यस उपन्यासमा पनि लाक्पा नुर्बुले गरेका कतिपय कार्यलाई स्वार्थप्रेरित अनि हेय दृष्टिबाट हेरिएको छ । यसरी उपन्यासमा लाक्पा नुर्बुको समग्र जीवनको आलोकमा उच्च वर्गीय जीवनको चित्रणका साथ सामाजिक यथार्थको प्रस्तुति गरिएको छ ।

प्रस्तुत उपन्यासमा हिमाल आरोहीको भारी बोक्ने काम गरेर जीवन चलाउने गरेका पेमा दोर्जी जस्ता पात्रले बिताएको जीवनबाट निम्नवर्गको प्रतिनिधित्व भएको पाइन्छ। त्यसमा पनि उपन्यासको प्रमुख पात्र पेमा दोर्जीको वर्गीय जीवनलाई विशेष महत्त्वका साथ हेरिएको छ। ऊ निम्नवर्गीय पात्र हो भन्ने कुरा उसकै अभिव्यक्ति तथा व्यवहारबाट पुष्टि भएको छ। यस सम्बन्धमा पेमा दोर्जी भन्छ- "म त हिमाल उक्लिने कामको गरीब मान्छे (८६)।" यसबाट ऊ आर्थिक रूपमा गरिब भए पनि स्वाभिमानी, सहयोगी र उच्च आकाङ्क्षा भएको असल चरित्र देखिन्छ। आङरिगुसँग लोङ्गजङ्ग (मगनी) भएपछि विवाह नहुन्जेल केटीकै घरमा बसेर उसको मन जित्नुपर्ने शेर्पा परम्पराअनुसार त्यस घरका सम्पूर्ण काममा देखाएको लगनशीलता तथा निमाको श्रीमान्को निधन भएपछि बेसहारा निमालाई गरेको निस्स्वार्थ साथ सहयोगबाट उसले निम्नवर्गको प्रतिनिधित्व गरेको प्रस्ट हुन्छ।

प्रस्तुत उपन्यासमा निम्नवर्गीय किसानले न्याय नपाएको विषयलाई पनि ठाउँ दिइएको छ। यसमा खेतीपातीका भरमा जीवन गुजारा गर्दै आएका किसानको लहलहाउँदो बालीनाली लाक्पा नुर्बुद्वारा छाडा छोडिएको घोडाले तहसनहस पारेका कारण ती किसानहरू पीडित भएका घटनालाई समेटिएको छ । लाक्पा नुर्बुबाट पीडित हुँदा पनि गाउँका सोझासाझा मानिसहरूमा उसका विरुद्ध बोल्ने साहससम्म देखिँदैन किनभने पेमा दोर्जीले उसको विरोध गर्दै उसप्रति असहमति राखेकै कारण उसलाई मरणासन्न हुने गरी घाइते पारिएको छ। लाक्पा नुर्बुले त्यहाँका गाउँलेमाथि गर्दै आएको अत्याचारका सम्बन्धमा उपन्यासकारले यसरी लेखेका

छन्- "गुनासोमा नराम्रोसँग लाक्पा नुर्बु पनि मुछिएकोले साँढे काण्ड मच्चाएर त्यसको आडमा पेमा दोर्जीलाई जिउँदो लाश नै तुल्याइदिने योजना तयार पारेको थियो । लाक्पा नुर्बुले स्वयम् आङ्रिगुसँगै सल्लाह सास्ती गरेर (१९७) ।" यस भनाइमा लाक्पा नुर्बुले आङरिगुसँगको सल्लाहमा नै पेमा दोर्जीलाई लास नै तुल्याउने योजना बनाएको विषय उल्लेख भएको छ । यसबाट त्यस समाजका निम्नवर्गमाथि हुने गरेको शोषणका साथै लाक्पा नुर्बुको अत्याचारको मारमा त्यहाँका मान्छेले जीवन बिताउनु परेको यथार्थ चित्रण गरिएको पाइन्छ । गाउँमा आपत्विपत् पर्दा गाउँघरमा हुनेखाने कहलाइएकाहरूसँग ऋण माग्न जाँदासमेत लाक्पा नुर्बुबाट मारिने डरले गाउँका मान्छेले ऋण दिन समेत अस्वीकार गरेका घटना यसका साक्ष्य बनेका छन् । रिन्चीलाम्पाले आर्थिक अभावकै कारण पैसाको लोभमा आङरिगुद्वारा आफ्नो श्रीमान्को छ्याङको भाँडोमा विष मिलाई मार्न लगाउँदा त्यस कर्मलाई स्वीकार गरेको देखिन्छ भने निमाले श्रीमान्को मृत्युपछि छ्याङ बेच्ने तथा तान बुन्ने कार्य गरेर परिवारको भरणपोषण गरेका जस्ता विषवस्तुका आधारमा यस उपन्यासमा नेपाली समाजमा रहेको उच्च तथा निम्नवर्गीय जीवनको यथार्थ प्रस्तुत भएको छ ।

## ३.३ दौलतविक्रम विष्टका उपन्यासमा सङ्कटग्रस्त जीवनको प्रयोग

सामाजिक यथार्थवादी लेखनमा समकालीन समाजको सङ्कटग्रस्त जीवनको यथार्थवादी स्वरूप प्रस्तुत गरिएको हुन्छ । यसमा आर्थिक, राजनीतिक, सामाजिक एवम् सांस्कृतिक समस्याले जीवनमा ल्याएका सङ्कटलाई निरूपण गर्नुका साथै समस्याग्रस्त समाज र जीवनलाई प्रस्तुत गर्दा आर्थिक दृष्टिले निम्न तथा मध्यमवर्गका जीवनमा देखिने अभाव, गरिबी, विपन्नता आदिका चापले उब्जन गएका समस्या र बाध्यतालाई उठाइएको हुन्छ । यसले समाजमा जीवन बिताउन केले समस्या सिर्जना गर्छ र त्यसको कारणको पनि खोजी गर्छ । सामाजिक समस्याले सिर्जना गर्ने अवस्था र त्यसमा लैङ्गिक विभेदका कारणले अपहेलित हुनुपरेको सङ्कटको प्रस्तुतिका साथै समाजका आर्थिक दृष्टिले सम्पन्न वा उच्चवर्गका जीवनलाई समावेश गरे पनि त्यसमा विद्यमान रहेको तथ्यलाई मात्र प्रकटमा ल्याउने उद्देश्य राखिएको हुन्छ ।

सामाजिक यथार्थवादी रचनामा राजनीतिक समस्याले सिर्जना गरेको सङ्कट र त्यसले समाजमा पारेको प्रभावको पनि खोजी गरिएको हुन्छ । त्यस्तै सांस्कृतिक दृष्टिले देखा परेका परिस्थितिलाई समेत चित्रण गरिएको हुन्छ । यसमा न त प्रकृतिवादी यथार्थवादमा जस्तो

विवेकशून्य अवस्थाको बाह्य स्वरूपलाई उठाइएको हुन्छ न समाजवादी यथार्थवादमा व्यक्त हुने विद्रोही सञ्चेतनालाई समावेश गरिएको हुन्छ । यसमा त केवल सचेत पाठकलाई प्रभावित बनाउने र समाजका अवस्थाप्रति सजग गराउने काम मात्र गरिएको हुन्छ । यसले सङ्कटग्रस्त जीवन र समाजको चित्रण गरी पाठकलाई युग चेतनाप्रति सचेत गराइएको हुन्छ (पौडेल ६२) । यसमा आलोचनात्मक यथार्थवादमा जस्तो आर्थिक, सामाजिक, सांस्कृतिक एवम् राजनीतिक विषयले पारेको प्रभावलाई आलोचनाका रूपमा नहेरी तिनका विषयलाई उठान गरेर समाजमा विद्यमान रहेका विषयमा अस्वीकृति जनाउने काम हुने गर्दछ । स्थान, पात्र र परिस्थितिअनुसार यथार्थ अभिव्यक्त गर्नका लागि कति विषय ग्राह्य छन्, तिनलाई उठाउँदै सामाजिक जीवनमा सङ्कट उत्पन्न गराउने समग्र पक्षलाई सबै कोणबाट अन्वेषण गर्ने काम सामाजिक यथार्थवादमा गरिएको हुन्छ । यसले गर्दा सामाजिक यथार्थवादी रचनाहरूमा प्रयुक्त समग्र चरित्रहरूको आन्तरिक एवम् बाहय अवस्थामा कहाँनेर सङ्कट उत्पन्न भएको छ, त्यसको प्रकटीकरण हुन पुग्दछ ।

सामाजिक यथार्थवादमा मानिसका विविध सामाजिक बाध्यता, विपन्नता, सङ्कटग्रस्तता र छुद्रताहरूलाई मर्मस्पर्शी ढङ्गमा प्रस्तुत गरिएको हुन्छ । कुनै पनि व्यक्ति वा वस्तुमा राम्रा वा नराम्रा दुवै गुण वा विशेषता रहने गर्दछन् तर आदर्शवादले त्यसका राम्रा उपयोगी पक्षमा बढी जोड दिन्छ भने यसका विपरीतमा सामाजिक यथार्थवादले त्यसका गुणअवगुण दुवै पक्षमा प्रकाश पार्दछ (मिश्र, भगीरथ २०६) । यसले मानिसलाई दैवी गुण सम्पन्न नठानी उसभित्र राम्रा नराम्रा दुवै गुण रहने हुँदा सोहीअनुरूप पात्रको चरित्रचित्रण गर्दछ । हतास र निरुपाय बनेको जीवनको चित्रणमा सामाजिक यथार्थवाद रमण गर्ने हुँदा समाजका सङ्कटग्रस्तस्वरूप यसमा महिमामय रूपमा उपस्थित भएका हुन्छन ।

### ३.३.१ मञ्जरी उपन्यासमा सङ्कटग्रस्त जीवनको प्रयोग

*मञ्जरी* उपन्यासमा सामाजिक, आर्थिक, राजनीतिक आदि समस्याका चापबाट उत्पन्न जीवनलाई देखाइएको छ । यसमा सामाजिक, सांस्कृतिक, नैतिक विषयमा पात्रहरूको जीवन जोडिन जाँदा उपस्थित भएका समस्यालाई पर्यवेक्षण गरी हेर्दा सङ्कटग्रस्त जीवनको स्वरूप देखा पर्दछ । उपन्यासको प्रमुख पात्र मञ्जरीको जीवनमा घटेका घटनाका आधारमा सामाजिक समस्याले उसका जीवनमा सङ्कटका क्षण उत्पन्न भएको चित्रण गरिएको छ । नेपाली समाजमा बालविधवा हुनु आफैँमा सङ्कटको कारण बनेको पाइन्छ । बाल विधवा मञ्जरीको विवाह आठ वर्षको उमेरमा भएको थियो र विवाह भएको वर्ष दिन नपुग्दै ऊ विधवा हुन

पुगेकी थिई । मञ्जरीले विधवा भएकै कारण पारिवारिक तथा सामाजिक किसिमका अनेक समस्या बेहोर्नु परेको छ । परिवारमा आफ्नै सौतेनी छोराबुहारीको हप्कीदप्की सहनु परेको छ भने बाहिर सामाजिकताका बन्धनमा बेरिनु परेको छ । यस सन्दर्भमा उपन्यासकार विष्टले लेखेका छन्- "मानो मञ्जरीमा मनुष्यको जस्तो हृदय थिएन, आकार प्रकार थिएन ! मानो तिनी फलाम थिइन्, ढुङ्गा थिइन् ! मूढो थिइन् । तिनलाई आँसु खसाल्नेसमेत मानो अधिकार थिएन ! (८४) ।" यस भनाइमा मञ्जरी विधवा भएकाले उसले अनेक समस्या बेहोरेको चित्रण गरिएको छ । उसलाई आँसु खसाल्नेसमेत अधिकार नरहेको तथा मानवीय संवेदना नै नभएको व्यक्तिका रूपमा व्यवहार गरिएको छ । यसरी नेपाली समाजमा विधवाको जीवन सङ्कटग्रस्त हुने कुरा मञ्जरीले बाँचेको जीवन, परिवार तथा समाजमा उसले पाएको घृणा र तिरस्कारले पुष्टि गरेको छ ।

प्रस्तुत उपन्यासमा सेती, विमला जस्ता पात्रहरूले पनि सङ्कटग्रस्त जीवन भोगेको सामाजिक यथार्थ प्रस्तुत गरिएको छ । वर्गीय नेपाली समाजमा मानिसहरूले कुनै न कुनै सामाजिक समस्या बेहोरिरहेका हुन्छन् र ती समस्याहरूले मानिसलाई जीवनमा अधमरो बनाएको कुरा यसमा प्रस्तुत गरिएको छ । उपन्यासको पात्र सेती जीविकोपार्जन गर्ने क्रममा गाउँकै व्यक्तिबाट निरन्तर यौन हिंसाको सिकार भएको हुँदा उसको जीवन सङ्कटग्रस्त भएको छ । त्यही यौन पिपासुले सेतीको पेटमा बच्चा छ भन्ने थाहा पाएपछि पैसा खर्च गरेर अर्कै मानिसको दोष देखाई उसलाई जेलमा सुम्पुवा गरेको छ र जेलमै छँदा उसले जन्म दिएको सन्तानसमेत गुमाउनु परेको कष्टप्रद स्थितिबाट उपन्यासमा सेतीको जीवन झन् सङ्कटग्रस्त हुँदै गएको पुष्टि भएको छ । सेती जेलमा दुई वर्ष बिताएर छुटे पनि गाउँघरका समाजमा उसले सम्मानपूर्वक जिउने अवस्था कतै नभएको हुँदा गाउँको एउटा दयावान् व्यक्तिको सहयोगमा काठमाडौँ गएको र एउटा जर्नेलको घरमा कसरी जीवन बित्यो भन्ने बारेको मौनताबाट उसले जीवनमा बेहोरेका सङ्कटहरू छर्लङ्ग भएका छन् । त्यस्तै विमलाले आफ्ना पति र परिवारको सहारा गुमाएपछि पेट पाल्नका लागि निरन्तर देह व्यापार गर्नु पर्ने बाध्यताबाट उसको जीवन सङ्कटग्रस्त बनेको छ । ऊ मात्र होइन, त्यस टोलका अन्य सहाराविहीन थुप्रै महिलाहरूले समेत त्यही घृणित कार्य गरेर जीवन चलाइरहेको हुँदा उपन्यासमा आर्थिक समस्याले गर्दा उनीहरूको जीवनमा सङ्कट उत्पन्न हुन गएको छ । यस प्रकार सामाजिक तथा आर्थिक सङ्कट बेहोरिरहेका महिलाका सम्बन्धमा सेतीका भनाइ यस्ता छन्- "पेटले सब विद्या सिकाउँदो रहेछ मञ्जरी बहिनी" (३३९) ।" यस भनाइमा मान्छे भोको

पेटका कारण जस्तासुकै कर्म गर्न पनि विवश हुने कुरा बताइएको छ । त्यसैले सेती विमला मात्र होइन, त्यस टोल वरिपरिका सबै जातजातिका गरिब महिलाहरू खान नै नपुग्ने भएर परपुरुषसँग लाग्ने गरेको विषय प्रस्तुत भएको छ । यसरी गाँसबासका लागि यौनधन्दा गर्नुपर्ने बाध्यात्मक अवस्थाको प्रस्तुतिबाट प्रस्तुत उपन्यासमा निम्नवर्गीय जीवन कसरी सङ्कटग्रस्त बन्दै गएको छ भन्ने कुरा प्रस्ट भएको छ ।

प्रस्तुत उपन्यासमा शङ्करको जीवन राजनीतिक कारणले सङ्कटग्रस्त बनेको पाइन्छ । शङ्करले समाज परिवर्तनका लागि प्रतिबद्ध भएर भूमिगत रूपमा राजनीतिक क्रियाकलाप गर्ने क्रममा उसका पछाडि राज्यका तर्फबाट गुप्तचर छाडिएको हुँदा उसले राजनीतिक सङ्कट बेहोर्नु परेको छ। प्रमाण पत्र तह पास हुँदा नहुँदै गङ्गालाल धर्मभक्तहरूका साथसाथै उसले राणाशासनको अन्त्यका लागि लड्ने क्रममा थुप्रै सङ्कट बेहोरेको छ । ऊ एकातिर तत्कालीन व्यवस्थाको अन्त्यको सङ्घर्षमा क्रियाशील रहेको र अर्कातिर सामाजिक कुरीति, लैङ्गिक असमानता र जातीय भेदभाव विरुद्धका सामाजिक कार्यमा संलग्न भएको कुरा उपन्यासमा समेटिएको छ। तत्कालीन समयमा राजनीतिकर्मीलाई भूमिगत रूपमा आफ्ना क्रियाकलाप अगाडि बढाउनुपर्ने हुनाले उसले सङ्कटग्रस्त जीवन व्यतीत गरेको उसकै आत्मस्वीकृतिबाट प्रस्ट हुन गएको छ । यसरी सामाजिक यथार्थवादी उपन्यासले वरण गर्ने सङ्कटग्रस्त जीवनको स्वरूप उपन्यासमा आबद्ध विविध घटनाहरूका आधारमा पुष्टि भएको छ । यसै विषयमा शङ्करको भनाइ यस्तो रहेको छ- “मेरो पनि अस्ति मात्र वारण्ट छुट्यो वारण्ट नछुट्या भए शायद ठूलो दिदी खसेर विव्हल भएको तिम्रो मनलाई शान्त्वना दिन आउन पाउने थिइनँ ! (३०४) ।” यस भनाइले शङ्कर राणाशासनको अन्त्यको सङ्घर्षमा भूमिगत रूपमा होमिएको देखाएको छ । तत्कालीन राणाशासकहरूले आफ्ना विरोधीहरूलाई कठोर सजाय दिने गरेकाले राणाशासन व्यवस्थामा शङ्कर जस्ता थुप्रै नेपालीहरूले जेल जीवन बिताउनु परेको र त्यसले गर्दा जीवन नै सङ्कटग्रस्त बन्न पुगेको कुरालाई यसमा जीवन्त प्रस्तुति गरिएको छ ।

विवेच्य उपन्यासमा राणाकालीन समाजको प्रतिच्छाया र परिवेशको उपस्थिति पाइने तत्कालीन समाजका सङ्कटग्रस्त जीवनका यथार्थ अभिव्यक्त भएका छन् । यसमा सामन्ती परम्परा तथा चिन्तनको कलेवरमा निर्मित तत्कालीन समाज व्यवस्थामा जातीय एवम् लैङ्गिक विभेद र त्यसबाट सिर्जित सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक जस्ता अनेक समस्याहरू रहेको चित्रण गरिएको छ। समाजमा रहेका परम्परित चिन्तन र त्यसबाट उत्पन्न

विभेदका कारण विभिन्न अन्तर्विरोधहरू देखा परेका छन् । यिनै सामाजिक अन्तर्विरोधका कारण एकातिर कैलास जस्ता पात्रको जीवन सङ्कटग्रस्त बनेको छ भने अर्कातर्फ कप्तान्नी मखना र कैलासका बिचमा मञ्जरीसँगको विवाहको विषयलाई लिएर मत भिन्नता देखिएको छ । यस विषयलाई लिएर कैलासभित्र पनि आन्तरिक द्वन्द्व देखिन्छ । किनभने उसले एकातिर समय समयमा एकान्त स्थलमा गएर मञ्जरीलाई भेट्ने, पत्राचार गर्ने, सुटुक्क मञ्जरीको औँलामा औँठी पहिराउने, विवाहको प्रस्ताव राख्ने काम गरेको छ भने अर्कोतर्फ स्वयंवरका लागि भनेर जरसाहेबका घर जाने र आफ्नो घरमा यस विषयलाई गोप्य राख्ने गरेको छ । यसले उसको आन्तरिक तथा बाह्य चरित्रमा रहेको द्वन्द्वलाई सङ्केत गरेको छ । उसले आन्तरिक रूपमा मञ्जरीलाई मन पराउँछ भन्ने कुरा उसको यस भनाइले पुष्टि गरेको छ- “मञ्जरीको स्थान लुट्न खोजुला भन्दि हो ! (४६१) ।” यस भनाइले ऊ मञ्जरीलाई चाहन्छ भन्ने पुष्टि भएको छ । यही आन्तरिक द्वन्द्वले गर्दा बालविधवा मञ्जरीसँग विवाह गर्न चाहे पनि उसले न आमासँग प्रतिवाद गर्न सकेको छ न समाजमा आफ्नो विचार प्रस्ट रूपमा मञ्जरीका पक्षमा राख्न सकेको छ । कप्तान्नी मखनामा भने परम्परावादी सोच र चिन्तन विद्यमान रहेकाले ऊ विधवा ब्राह्मणी नारी मञ्जरीसँगको विवाहको विरोधमा देखिन्छे । बहुविवाहको पक्षमा देखिए पनि अन्तर्जातीय विवाहलाई अस्वीकार गर्छे । यस सम्बन्धमा कप्तान्नी मखनाको थप भनाइ यस्तो रहेको छ- “तर यहाँ त त्यो कुरा भएन, बाहुनीको सवालले पो माऱ्यो (४२४) ।” सम्बद्ध भनाइले कप्तान्नी मखनामा जातिवादी चिन्तन देखा परेको छ । यस्तै पण्डितहरूले समेत कैलासलाई जातीयताको लेप लगाउँदै क्षेत्री भएर वचनविरुद्ध चल्न नहुने भन्दै जातिगत कुरामा जोड दिएका छन् । त्यसैले विधवा नारीको मर्यादाको पक्षमा तथा पुनर्विवाहको विपक्षमा रहेकी कप्तान्नी मखनाले आफ्ना छोराको विवाह समान जातिमा तथा आर्थिक र ओहोदाका दृष्टिले आफूभन्दा पनि माथिल्लो जरसाहेबकी छोरीसँग गर्न चाहेको देखिन्छ । यसबाट तत्कालीन नेपाली समाजमा आफूभन्दा माथिल्लो हैसियत भएकाहरूसँग वैवाहिक नाता सम्बन्ध कायम गर्न खोज्ने सामाजिक यथार्थ उपन्यासमा अभिव्यक्त भएको छ । अन्त्यमा भने कैलासले मञ्जरीसँग विवाह गर्न खोज्दा पनि अनेक बाधाहरू देखा परेपछि मानसिक चिन्ताका कारण बिरामी भई थला परेकाले उसको जीवन नै सङ्कटमा परेको छ । त्यसपछि भने छोराको जीवन नै सङ्कटमा पर्ने भयले एउटी आमाको छोराप्रतिको ममताका कारण मखना आफ्ना मान्यतासँग सम्झौता गरेर मञ्जरीसँगको विवाहका लागि तत्पर भएको देखिन्छे (४८०) । यसरी समाजमा विद्यमान पुराना मान्यतासँगको

अन्तर्विरोधका कारण सामाजिक जीवनमा अनेक सङ्कट उत्पन्न भएको कुरा उपन्यासमा देखाइएको छ ।

यस प्रकार प्रस्तुत उपन्यासमा सामाजिक, आर्थिक, लैङ्गिक, सांस्कृतिक समस्याले गर्दा समाजमा जीवन बिताउन आइपर्ने समस्या र त्यसको कारणको खोजी गरिएको छ । उपन्यासमा बालविवाह, बहुविवाह र अनमेल विवाहलाई सामाजिक समस्याका रूपमा हेरिएको छ । नेपाली समाजमा पुरुष विधुर हुँदा पुनर्विवाह गर्न पाउने भए पनि विधवा महिलालाई पितृसत्तात्मक समाजमा लैङ्गिक विभेदका कारण पुनर्विवाह गर्न नपाउने र वैधव्य जीवन बिताउनु पर्ने सामाजिक मान्यता रहेको पाइन्छ । यस्तै समाजमा केटी मान्छे परसर्नुभन्दा पहिल्यै सानै उमेरमा विवाह गर्नु पर्ने, पुरुषले जति विवाह गरे पनि हुने, विधवाले विवाह गर्न नहुने जस्ता सामाजिक संरचना एवम् परम्परागत सांस्कृतिक मान्यताका कारणसामाजिक जीवन सङ्कटग्रस्त हुँदै गएको कुरा उपन्यासमा देखाइएको छ। यस्तै निम्नवर्गका महिलाहरूले भोग्नु परेका आर्थिक अभावले गर्दा पेट पाल्नका लागि बाध्यात्मक अवस्थामा परपुरुष गमन गर्नुपर्ने समस्याले गर्दा उनीहरूको जीवन सङ्कटग्रस्त बन्न पुगेको छ ।

## ३.३.२ एक पालुवा अनेकौँ याम उपन्यासमा सङ्कटग्रस्त जीवनको प्रयोग

*एक पालुवा अनेकौँ याम* उपन्यासमा सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक समस्याले सिर्जना गरेका विभिन्न खालका सङ्कटहरूको प्रस्तुति गरिएको छ । यस क्रममा ताराको सात वर्षकै उमेरमा बालविवाह भएर दश वर्षको हुँदा गर्गहनाले सजिएर सासू-ससुरासँग कुम्भमेला नुहाउन जाँदा सन्न्यासी भेषधारी डाँकाहरूका अपहरणमा परेर आर्यसमाजी प्रोफेसरले उद्धार गरे पनि उसका आफन्तहरूका सम्पर्कका अभावमा छ वर्षसम्म आर्यसमाजी आश्रममै बिताएर घर फर्किदा सासू ससुराले घर भित्र्याउन अस्वीकार गर्नाले र त्यस समाजमा उसको कुनै स्थान नरहेको हुँदा काठमाडौँको शमशेर दरबारमा जसरीतसरी एक वर्ष बिताई पुनः संरक्षणका लागि आर्यसमाजमै पुग्नाले एकातिर बालविवाहका कारण ताराको जीवन सङ्कटग्रस्त बनेको छ भने अर्कातिर परम्परागत सामाजिक सांस्कृतिक चिन्तनका कारण उसको समग्र जीवन नै प्रभावित भएर सङ्कटग्रस्तसमेत भएको पाइन्छ । यस्तै लामो समयसम्म विविध जटिल परिस्थितिका कारण आर्यसमाजको आश्रममा रहेर कलेजस्तरसम्मको शिक्षा हासिल गरेकी ताराले समाजका हरेक क्षेत्रमा नवीनताको आकाङ्क्षा राखेको देखिन्छ । नाटक खेली चन्दा उठाएर पुस्तकालय खोल्ने, पुस्तकालयमा एउटा डिबोटिङ क्लबको स्थापना गर्ने, जनसामान्यलाई बिस्तारै परिस्थितिबोध गराई आफ्ना पक्षमा ल्याउने

जस्ता काम गरेको पाइन्छ । यही क्रममा एकातिर राणाशासकले ताराको यस्तो कार्यको छनक पाएर उसको सङ्गठित विद्रोहलाई क्रूरतापूर्वक दमन गरेको अवस्थाको सङ्केत पाइन्छ भने अर्कातिर राणाशासन विरोधी पर्चा लिएको भन्ने आरोपमा पीताम्बरको घर घेराउ गर्ने राता फेटाधारी पुलिसका क्रियाकलाप, राणाशासन विरोधी पत्रिका 'नेपाल पुकार' सहित कमलको पक्राउ र चतुऱ्याईंद्वारा तारा डेराबाट भाग्न सफल भए पनि कमलकै बयानअनुसार भागेकी तारालाई पुलिसद्वारा पक्राउ गरिएको छ । यसरी तत्कालीन राजनीतिक व्यवस्थाका कारण ताराका जीवनमा एकपछि अर्को सङ्कट उत्पन्न भएको कुरा उपन्यासमा उल्लेख गरिएको छ । तत्कालीन राजनीतिक सम्बन्धकै कारण पीताम्बर, रत्न, कुमार जस्ता थुप्रै पात्रहरूको जीवनमा पनि सङ्कट देखा परेको विषयले पनि उपन्यासमा ठाउँ पाएको छ । उपन्यासको प्रारम्भ कमलको परिवारमा आमाको मृत्युको खबरबाट भएको छ भने उपन्यासको अन्त्य उसकी पत्नीको आत्मदाहको बीभत्सतामा भएको छ ।

प्रस्तुत उपन्यासमा पितृसत्तात्मक वर्गीय समाज व्यवस्थाका कारण सामाजिक जीवनमा देखापरेका समस्यालाई उपन्यासमा प्रस्तुत गरिएको छ । यसमा नरेन्द्रले कल्पनालाई पत्नीका रूपमा उपभोग गर्न नपाएको विषयबाट सामाजिक तथा सांस्कृतिक सङ्कटहरू देखा परेका छन् । नरेन्द्रले छोरा कमलको फोटो देखाएर उसैसँग बिहा गरिदिने भनी कल्पनाको दाजुलाई तीन हजार रुपियाँ दिएर उसलाई श्रीमती तुल्याएको छ । बुहारी बनाउँछु भनेर घर ल्याई श्रीमती बनउन खोज्दा विद्रोही बनेकी कल्पनाले आफ्नो अस्मिता उसलाई समर्पित नगरिदिँदा अनेकन् शारीरिक र मानसिक यातना दिएर उसलाई आफ्नो वशमा तुल्याउन खोजेको छ । त्यसका लागि विपन्न गङ्गा नूनियालाई पैसाको लोभ देखाएर कल्पनाको नाठो सिद्ध गरिएको छ । यसरी नरेन्द्रले कल्पनालाई विक्षिप्त तुल्याएर जेलमा सडाउने काम गरेको सन्दर्भमा ताराद्वारा कमललाई लेखिएको पत्रमा भनिएको छ- "बिचरी अब झ्यालखानको कैदी भएकी छन् । स्वयम् गङ्गा नूनिया पनि कैदमा छ । जुन दिन कल्पनालाई अदालतमा सुम्पुवा गर्न तिम्रो बा झापातिर जानुभएको थियो त्यस दिन म गङ्गा नूनियाको घर पुगेकी थिएँ (२२६) ।" यस भनाइबाट पितृसत्तात्मक सामन्ती समाजमा लैङ्गिक विभेदका कारण पुरुषले जति विवाह गरे पनि हुने तर महिलामाथि भने नैतिकताका पर्खाल तेर्स्याउने परम्पराले गर्दा एउटी नारीको जीवन दुःखदायी बनेको कुरातर्फ सङ्केत गरिएको छ । यस प्रकार सामाजिक तथा आर्थिक कारणले कल्पनाको जीवन सङ्कटग्रस्त बनेको कुरा उपन्यासको विश्लेषणबाट पुष्टि भएको छ ।

प्रस्तुत उपन्यासमा पुँजीवादी अर्थव्यवस्थाका कारण सृजित आर्थिक सङ्कटलाई सामाजिक यथार्थका कोणबाट प्रस्तुत गरिएको छ । पहिला जमिन्दार्नी भए पनि भाइ-भाइको झगडा अनि लोग्नेको मृत्युपछि आर्जनशीलताको ह्रास तथा देवरहरूले विधवा भाउजूको सम्पत्ति हड्पेका कारण जिमीदार जेठकी मालकिनी विपन्न अवस्थामा पुगेर आफ्नो साँझ बिहानको छाक टार्नका लागि स्वयंवरको औँठीसमेत बेच्न परेको परिस्थितिले उसको जीवन सङ्कटग्रस्त बन्न पुगेको छ । यस विषयमा जेठकी मालकिनीको भनाइ यस्तो छ- "हो रामलखन ! यो त्यही औँठी हो जसलाई तिमी किन्न चाहान्थ्यौ र म आफूसँगै राख्न चाहान्थेँ मृत्युपर्यन्त (५५) ।" यस भनाइमा कुनै समय रामलखनले त्यस औँठीमा आँखा लगाउँदा जेठकी मालकिनीको गाली खानु परेको थियो । आर्थिक अभावका कारण घरायसी व्यवहार चलाउन समस्या भएपछि जेठकी मालकिनी आफैँ स्वयंवरको औँठी बेच्न रामलखन पटुवारीका घरमा गएको सन्दर्भ प्रस्तुत गरिएको छ । यसबाट उसको जीवनमा देखा परेको आर्थिक सङ्कटतर्फ सङ्केत गरिएको छ । यस्तै गङ्गा नूनियाको जीवन आर्थिक समस्याले गर्दा सङ्कटग्रस्त बनेको छ । निम्नवर्गीय जीवन बाँच्न बाध्य गङ्गा नूनिया आफ्नो परिवारको बिहानबेलुकाको छाक टार्न असमर्थ भएकाले उसले कहिले रतनलालको जग्गा अधियाँमा जोत्ने, कहिले बनियाको नोकर बन्ने, कहिले ज्यामीकाम गर्ने जस्ता विविध काम गर्ने गरेको छ । यसरी काम गर्दा पनि परिवार पाल्न गाह्रो भएपछि पैसाका लागि उसले कल्पनाको नाठो बन्न स्वीकार गरेको हुँदा जेलजीवन बिताउन परेको छ । यसरी उसको जीवन सङ्कटग्रस्त बनेको कुरा उपन्यासमा वर्णन गरिएको छ ।

नेपाली समाजमा महिलाका विषयमा उठेका विवाद र समस्याले जीवनलाई सङ्कटतिर धकेलेको पाइन्छ । यस उपन्यासमा लिचुमैयाँको जीवन सन्दर्भलाई हेर्ने हो भने पनि नारी आफ्नो नैतिक आचरणमा भुलवश एकपटक चिप्लिएपछि उसलाई समाजको न्याय व्यवस्थाले कठोरभन्दा कठोर सजाय दिने, उसले पछि आफ्नो आचरण पूरै नैतिक ढङ्गबाट प्रस्तुत गरे पनि माफ नगर्ने प्रवृत्ति पाइन्छ । यही कारण लिचुमैयाँले समाजमा सम्मानपूर्वक बाँच्ने स्थिति नभएपछि आत्मदाह गर्नुपर्नेसम्मको सजाय भोग्नु परेको छ (२९६) र यसले गर्दा उसको जीवन सङ्कटग्रस्त बन्न पुगेको छ । यसरी तत्कालीन समाज व्यवस्थामा आर्थिक कारणले निर्माण हुन गएको वर्गीय विभेद तथा लैङ्गिक असमानताका कारण कल्पना, जेठकी मालकिनी, तारा, लिचुमैयाँ आदिको जीवन सङ्कटग्रस्त बनेको विषय उपन्यासमा चित्रण गरिएको छ ।

### ३.३.३ भोक र भित्ताहरू उपन्यासमा सङ्कटग्रस्त जीवनको प्रयोग

*भोक र भित्ताहरू* उपन्यासमा हर्के साहिँला, जुनेली, चन्द्रे र भुनेको जीवन सामाजिक, आर्थिक, राजनीतिक आदि कारणले सङ्कटमा परेको देखाइएको छ । हर्के साहिँला जीविकोपार्जनको खोजीमा जगतेको पछि लागेर काठमाडौँ छिरेपछि उसैको भैँसीको रेखदेख गर्ने काम गरेर बसेको देखिन्छ तर उसको घरमा बस्दा असहज भएकाले उसकै भनसुनमा शङ्खमूलनिरको पाटीमा बस्ने मौका पाउँछ । यसरी छुट्टै बस्ने अवसर पाए पनि जीवन धान्न चाहिँ अत्यन्त गाह्रो भैरहेको स्थितिमा जगतेकै आर्थिक प्रलोभनमा परेर उसैको उक्साहटमा हर्के चोरी कार्य गर्न अघि सर्दा पुलिसद्वारा समातिन्छ । यस्तो अवस्थामा जगतेले जेलमा परेको हर्केलाई भेटेर राम्रो वकिल राखी जेलबाट छुटाउने वाचा गर्दै आफूलाई दोषारोपण नगर्न अनुरोध गऱ्यो तर पछि भने उसले हर्केको बेवास्ता मात्र गरेन उल्टै उसकी श्रीमती तथा छोरीलाई भुटो कुरा बताएर आफूले संरक्षण गरिदिने भन्दै घरमा लगेर शारीरिक शोषण गर्ने काम गरेको छ । जगतेको षड्यन्त्र र बेवास्ताकै कारण हर्के सोह्र वर्ष जेल सजाय भोग्न बाध्य भएको छ । जगतेकै कारण उसले श्रीमती तथा छोरी गुमाउनु परेको हुँदा उसको जीवनमा अभैँ सङ्कट थपिँदै गयो । जगतेद्वारा नै उसकी श्रीमती मारिएको रहस्य पत्ता लागेपछि एक दिन जगतेको घरभित्र पसेर उसको हत्या गरी उसकै खजानाबाट नोटका बिटा लिएर घरको पर्खालबाट हाम फाल्ने क्रममा घाइते भई जीर्ण शरीर भएको हर्केको जीवन समाप्त भएको छ । यसरी सामाजिक तथा आर्थिक समस्याले गर्दा उसको जीवन सङ्कटग्रस्त हुन गएको सामाजिक यथार्थ उपन्यासमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत उपन्यासमा भुनेको जीवनमा पनि सामाजिक तथा आर्थिक कारणबाट संङ्कटका क्षण उत्पन्न भएको पाइन्छ । जगतेको जालभेलमा परेर सिमेन्टी चोरेको अभियोगमा श्रीमान् जेल परेपछि भुनेको जीवनमा पनि एकपछि अर्को गर्दै सङ्कटका क्षण सिर्जना भएका छन् । उसको श्रीमान्लाई जेल हालेपछि उसलाई भने तिम्रो श्रीमान्ले अर्केकी श्रीमती टिपेर हिँडेको भनी गलत सूचना दिई एकान्त पाटीमा बस्न असुरक्षा हुने भन्दै आफ्नै घरमा बस्नका लागि सहानुभूति देखाइएको छ । जब भुने छोरी लिएर उसको घरमा काम गरेर बस्न थाल्छे तब जगतेले उसलाई बलात्कार गर्न थाल्छ । पछि पछि त उसका घरमा आउने सरकारी मानिसहरूसँग सुत्न पठाउने जस्ता घृणित कार्य गर्न लगाएर भुनेमाथि गर्नसम्मको अत्याचार गर्दै उसको अस्मिताको शोषण गरेको विषयको प्रस्तुति उपन्यासमा गरिएको छ । यस्तो दुःखद परिस्थिति भेल्न परे पनि छोरी जुनेकै कारण उसले आत्महत्या गर्न चाहेर पनि नसकेको

अवस्थामा उसकी नौ वर्षीय छोरी जुनेलाई समेत जगतेले बलात्कार गर्न खोज्दा त्यसको टड्कारो प्रतिरोध गर्ने क्रममा उसलाई घरको माथिल्लो झ्यालबाट छिँडीमा खसालेर बीभत्स हत्या गरेको छ । यसरी झुनेको जीवनमा एकपछि अर्को सङ्कट उत्पन्न भएको यथार्थ उपन्यासमा अभिव्यक्त भएको छ ।

*भोक र भित्ताहरू* उपन्यासमा चन्द्रेको जीवनमा आर्थिक तथा सांस्कृतिक समस्याका कारण विभिन्न सङ्कटहरू उत्पन्न भएका छन् । समाजमा गरिब भएर रहनु आफैँमा एउटा समस्या हो भनिन्छ किनभने चन्द्रेले गाउँका सामन्त माहुरी साहुको भिरमौरी काट्दा बाबु तथा आर्थिक अभावका कारण उपचार गर्न नसकेर आमा गुमाउनु परेको छ र आमाको दाह संस्कार गरेर क्रियापुत्रीका रूपमा घर फर्किएपछि माहुरी साहु र जेठा पुरेतले परम्परित धर्म संस्कृतिका नाममा काजक्रिया तथा दानदक्षिणाका लागि उसको जायजेथाले खेप्ने जति रकम खर्च गराएर उसको सम्पत्ति हड्पेका छन् । यस प्रकार धर्म संस्कृतिका नाममा चन्द्रेसँग भएको सम्पत्ति आफ्नो भागमा पार्ने साहु पुरेतको योजनाप्रति उपन्यासकार विष्टले गरेको टिप्पणी यस्तो रहेको छ- “कठै ! के थाह होस् चन्द्रेलाई धर्म र संस्कृतिको मुकुण्डोले आफ्नो अनुहार छोपी गाउँका ती भद्रभलादमीले उसलाई सर्वनाशतिर धकेल्दै लगिरहेका छन् भन्ने कुरा (६४) ।” सम्बद्ध भनाइमा उसको जीवन सङ्कटतर्फ धकेलिन थालेको सङ्केत गरिएको छ । धर्मका नाममा गराएको खर्च असुलउपर गर्ने बहानामा माहुरी साहुले उसको सम्पत्तिको नाममा रहेको एउटा ब्याउने भैँसीसमेत आफैँले लगेको छ । यसपछि गाउँमा सहाराविहीन भएर भौतारिँदै सहरतिर पस्ने क्रममा चन्द्रेलाई साहुले भैँसी चोरीको आरोपमा पुलिस चौकीमा थुन्न लगाएका छन् । त्यहाँबाट पनि ऊ जसोतसो भागेर सहर पस्छ र काम गरेर खानका लागि अनेक ठाउँमा कामको खोजी गर्दा काम नपाएपछि जुनेलीसँग मिलेर चोरी गर्नुपर्ने स्थितिमा पुग्छ । त्यो काम पनि उसलाई उचित नलागेपछि ऊ आत्महत्या गर्ने स्थितिमा पुग्दा जुनेलीले उसलाई बचाउँछे । यसरी समाजमा जरा गाडेर रहेको परम्परागत धर्मसंस्कृति र चरम आर्थिक अभावले गर्दा चन्द्रेले जीवनमा एकपछि अर्को समस्या बेहोर्ने क्रममा उसको जीवन सङ्कटग्रस्त भएको छ ।

प्रस्तुत उपन्यासमा आर्थिक सामाजिक समस्याले गर्दा जुनेलीको जीवनमा पनि अनेक सङ्कटहरू देखा परेका छन् । जगतेले उसका बाबु हर्के साहिँलालाई षड्यन्त्र गरेर जेल जीवन जिउन बाध्य बनाएको छ भने आमाको बलात्कारपछि हत्या गरेको छ । यति मात्र होइन, जगतेले उसको पनि बलात्कार गर्न खोज्दा आमाको प्रतिकारपछि उसले भागेर आफ्नो ज्यान

र अस्मिता जोगाउनु परेको छ र आर्थिक सामाजिक समस्याले गर्दा नौ वर्षको उमेरदेखि बाबुआमाविहीन भएर सडक बालिकाको जीवन जिउन परेको छ । उसले पेट पाल्नका लागि वस्तुको गोठालो बस्ने, घर निर्माण गर्ने ठाउँमा कुल्ली काम गर्ने, ठेला धकेल्ने जस्ता कुनै पनि श्रममूलक काम नपाउँदा भोको पेटका कारण पकेट मार्ने, बाटो ढुक्ने, घर फोर्ने जस्ता अनुचित कार्य गरेर सहरिया सामाजिक संरचनामा जीवन धान्नु परेको छ । यति मात्र होइन, जीविकोपार्जनका लागि भौतारिने क्रममा फेरि दुष्ट व्यक्तिले उसको शारीरिक शोषण गर्न खोज्दा लेखेटिनु परेको छ र पाटीको बास पनि उसले गुमाउनु परेको छ । त्यसपछि चन्द्रे र हर्केसँग मिलेर भैँसी पालेर जीविका चलाउन खोज्दा जगतेबाट विष प्रयोग गर्न लगाई भैँसी नै मारिन्छ । यसरी आर्थिक अभाव तथा तत्कालीन समाज व्यवस्थाका कारण जुनेलीको जीवन सङ्कटग्रस्त बन्न पुगेको विषयको यथार्थपरक अभिव्यक्ति उपन्यासमा गरिएको छ ।

प्रस्तुत उपन्यासमा समाजमा रहेको सम्पन्नता र विपन्नताको खाडल झन् झन् बढ्दै गएको परिस्थितिलाई राम्रै सङ्केत गरिएको छ । यसले गर्दा हर्के, चन्द्रे जस्ता थुप्रैका परिवारले आफ्नो घरबास पनि गुमाउनु परेको छ । समाजमा सीमित व्यक्तिको अस्वभाविक आर्थिक पहुँच र त्यसैका आडमा राजनीतिक नेतृत्वमा हावी हुने स्थितिले चरम भ्रष्टीकरण बन्दै गएको राजनीतिलाई यहाँ सङ्केत गरिएको छ र यसले गर्दा समाजका परम्परित मूल्यमान्यता क्षीण बन्दै गएको परिस्थितिलाई पनि यहाँ उजागर गरिएको छ । उपन्यासमा विपन्नले पेटको क्षुधा मेट्न जस्तोसुकै पापकर्म गर्नुपर्ने बाध्यता एकातिर सिर्जना भएको छ भने अर्कातिर सम्पन्नले आफ्नै पत्नीको अस्मिता बेचेर भए पनि शासनसत्तामा पुग्ने संस्कार स्थापित हुन थालेको विषय समेटिएको छ । यही विषयको प्रस्तुतिका क्रममा चोरी कर्मलाई साह्रै घृणा गर्ने र त्यसैका कारण चन्द्रे र जुनेलीलाई दुत्कार्ने हर्केसँग जुनेलीको भनाइ यस्तो रहेको छ- “यो म बोलेकी होइन काका ! हामी सबैको आन्द्रालाई छुत्ती खेलाइरहेको भोक बोलेको हो (२१६) ।” यस भनाइमा निम्नवर्गीय जीवन सङ्कटग्रस्त भएको देखाएको छ । त्यसै कारण हर्के साहिँलाले वर्गीय भेदभावको प्रतिरोधस्वरूप नवधनाढ्य जगतेको हत्या गरेको छ र उसका ढुकुटीमा रहेका नोटका बिटा लिएर भागेको छ भने यता चन्द्रेले चोरी कर्ममा लाग्दा पल-पल मरिरहेको अनुभूति गरेको छ । यस्तै अनुभूति जुनेलीमा पनि देखिन्छ । वर्गीय समाजका नवधनाढ्यले गर्दा नै उनीहरू चोरी काम गर्न विवश भएका छन् । यसरी उपन्यासमा चित्रित हर्के साहिँला, चन्द्रे र जुनेली जस्ता निम्नवर्गीय पात्रका जीवनमा एकपछि अर्को समस्या उत्पन्न भएर उनीहरूको समग्र जीवन नै सङ्कटग्रस्त बन्न पुगेको छ ।

### ३.३.४ ज्योति ज्योति महाज्योति उपन्यासमा सङ्कटग्रस्त जीवनको प्रयोग

*ज्योति ज्योति महाज्योति* उपन्यासमा समाजमा विद्यमान असमान सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक अवस्थाले गर्दा वर्गीय जीवनमा देखा परेका सङ्कटहरू प्रस्तुत गरिएको छ । यसमा शङ्कर सानै छँदा आमाबाबु दुवै गुमाएको, उसको बाल्यावस्थामै प्रजाम्बीसँग विवाह भएको, आफ्नै जेठाबा होमप्रसादको पिटाइ खाएर एकदिन घर छाडेर निस्केपछि ऊ फेरि फर्केर घर नआएको (१५), घरपरिवारले उसको केही समय खोजी गरे पनि पछि चाहिँ बिर्सेर गएको र जेठाबाले उसको हिस्साको पैतृक सम्पत्तिसमेत आफ्ना सन्तानका नाममा सार्ने काम गरेको जस्ता समस्याले गर्दा उसको जीवन सङ्कटग्रस्त भएको छ । यस्तै प्रजाम्बी तीन वर्षकी नहुँदै आमा मरेर टुहुरी भई हजुरबुबा कविराज दिनानाथको संरक्षणमा हुर्किएर सातै वर्षमा बाबु नभएको टुहुरो शङ्करसँग लगन गाँठोमा बाँधिएको यथार्थ उपन्यासमा प्रस्तुत गरिएको छ (१३-१५) । प्रजाम्बीले एकातिर बिहा भएको वर्ष दिन नहुँदै सासू सीतादेवी गुमाउनु परेको छ भने अर्कातर्फ शङ्करका जेठाबा सुब्बा होमप्रसादको आश्रयमा बस्ने क्रममा एक दिन उसको रूखो झपराइ र पिटाइबाट आत्तिएर आफ्नो श्रीमान् शङ्कर घरबाट भागेर कहिल्यै नफर्किएपछि घरमा बस्ने अवस्था नभएर माइतीमै आएर बस्नु पर्ने बाध्यता सिर्जना भएको छ । उसले हजुरबाकै सान्निध्यमा रहेर पशुपतिमा पूजापाठ गर्ने, विद्यालयमा पढ्ने र उनैसँग आयुर्वेदीय उपचार पद्धति सिकेर मानिसहरूको उपचारमा सहयोग गर्ने क्रममा एक दिन हातमा शङ्कर लेखेको विक्षिप्त प्रकृतिको घाइते मानिस उपचारका लागि ल्याइएको र प्रजाम्बीले उसको उपचार चाख लिएर गर्ने गरेको भए पनि घाइते शङ्करले भने पशुपतिको सेरोफेरोमा रहेर अनेकन् उपद्रव र असङ्गतिला वा विक्षिप्त मनोदशा प्रेरित कार्य गर्दै हिँडेको र उसको उपचारमा मन दिएकी प्रजाम्बीले उसमा आफ्नै लोग्नेको अनुहार देख्ने गरेका जस्ता घटनाहरू उपन्यासमा चित्रण गरिएका छन । दिनानाथ पनि उक्त व्यक्ति प्रजाम्बीकै लोग्ने शङ्कर भएको र जेठाबाको पिटाइबाट घाइते भएका कारण स्मृति शक्ति गुमाएको भन्ने ठान्दै उसको स्मृति शक्ति फर्काउने दबाइ बनाउने प्रयत्नमा लागेका देखिन्छन् । यता प्रजाम्बीले आफूलाई छल्दै हिँडेको घाइते शङ्करलाई पार्वती र किराँतेश्वर महादेवको चरित्रसँग तुलना गरेको छ भने घाइते शङ्कर धेरै समयपछि दिनानाथको घरमै गएर सुत्दै आएको छ अनि बेलाबेलामा हराई रहने शङ्करलाई उसले खोजेर घर ल्याउने गरेको छ । यसै क्रममा एकदिन दिनानाथका भाइ र बुहारी पर्नेहरूले घाइते शङ्कर प्रजाम्बीको लोग्ने नभई उनीहरूको चितवनको भान्दाइको छोरो भएको र पिङबाट खसेर चुच्चे ढुङ्गामा

लागी उसको चेतनाशक्ति गुमेको थियो भन्ने यथार्थ खोली दिएपछि त्यो कुरा सुनेर असह्य भएर प्रजाम्बीले प्राण त्याग गरेको छ (५०४) । यस खाले सांस्कृतिक तथा सामाजिक समस्याले गर्दा प्रजाम्बीको जीवन सङ्कटतर्फ धकेलिँदै गएर मृत्युमा टुङ्गिएको विषयबाट उसको जीवन सङ्कटग्रस्त भएको कुरा उपन्यासमा देखाइएको छ ।

प्रस्तुत उपन्यासमा गजराज बाजेको परिवारले पनि जीवनमा अनेक सङकट भोग्नु परेको छ । गजराज बाजे तत्कालीन राजनीतिक व्यवस्थाको विकृति विसङ्गतिका रूपमा रहेको नातावाद कृपावादका कारण माध्यमिक विद्यालयस्तरको शिक्षक पदबाट षड्यन्त्रपूर्वक बर्खास्त गरिनु, सुभद्राको आमाबाबुको देहावसानपछि माइतीबाट प्राप्त हुने सहयोग बन्द हुँदै जानु, जागिर छुटेपछि त्यहाँबाट प्राप्त भएको रकम लिएर काठमाडौँस्थित बत्तिसपुतलीको आफ्नै घरमा फर्किदा सडक विकास योजनामा सो घरजग्गा पर्नु, घरजग्गावापतको मुअब्जा र जागिरबाट प्राप्त रकम दलालले ठग्नु, बचेखुचेको पैसाले पुस्तक पसल राख्दा पनि घाटा लाग्नु जस्ता आर्थिक राजनीतिक कारणले उनीहरूका पारिवारिक जीवनमा अनेक सङ्कटका क्षण देखा पर्दै गएको पाइन्छ । यस प्रकार उनीहरू आर्थिक रूपमा कमजोर हुँदै गई निरुपाय भएपछि दिनानाथको सहयोगमा पशुपतिको सात कबले सत्तलमा बास बनाउन बाध्य भएका छन् । पशुपतिमा बस्ने क्रममा पनि घर चलाउन धौधौ भएपछि सुभद्रा बजैले दश घर चाहार्दा पनि उनीहरूको गृहस्थ जीवन सङ्कटमा पेरको छ । यही कारणले पशुपतिको समाजमा उनीहरू अपहेलित हुनु परेको छ । रक्स्याहा निरञ्जनले आफ्नो अपमान गरेकोमा गजराज बाजेसँग आक्रोश पोख्दै सुभद्रा बजैले आफ्नो भनाइ यसरी राखेको छ- "मैले दश घर चाहारेर गृहस्थी चलाउनु पऱ्याछ (११७) ।" सम्बद्ध भनाइबाट सुभद्रा बजैको परिवार आर्थिक तथा सामाजिक कारणले सङ्कटमा परेको मात्र होइन, उनीहरूको जीवनमा सानासाना विषयले पनि समस्या सिर्जना गरेको सङ्केत प्राप्त भएको छ । यसरी सामाजिक, राजनीतिक र आर्थिक कारणले सुभद्रा बजैको पारिवारिक जीवन सङ्कटग्रस्त भएको कुरा उपन्यासको विश्लेषणबाट पुष्टि भएको छ ।

प्रस्तुत उपन्यासमा समाजको सङ्कटग्रस्त स्वरूपको प्रस्तुति भएको पाइन्छ । उपन्यासमा सहरिया प्रतिष्ठित अभिजात्य वर्गका सुब्बा होमप्रसादका परिवारका माध्यमबाट तत्कालीन समाजको स्वरूपमा आउन थालेको परिवर्तनलाई देखाइएको छ । यसमा एकातिर उच्चवर्गीय विलासी जीवनको चित्रण गरिएको छ भने अर्कातिर सामाजिक सम्बन्धमा आएको परिवर्तनले त्यस वर्गको नयाँ पुस्तामाथिको नियन्त्रण गुम्दै गएको विषयलाई देखाइएको छ ।

सुब्बा होमप्रसादका दम्पतीले आफ्नो सम्पत्तिमाथिको स्वामित्व गुमाउँदै गएका र छोराबुहारीले त्यसमाथि दावा गर्न थालेको घटनाले यही कुराको पुष्टि गरेको छ । यसबाट वृद्धवृद्धा टुहुराझैँ देखिएका छन् । यस प्रकार बदलिँदो सामाजिक सम्बन्धले गर्दा सामाजिक जीवनमा देखा पर्न थालेका सङ्कटप्रति टिप्पणी गर्दै उपन्यासकार विष्टले लेखेका छन्-

> आजभन्दा भोलि, भोलिभन्दा पर्सि भत्किँदै गएको परम्परागत ध्यान धारणा पुड्को हुँदै गएको चलन चाँदोको कुरालाई लिएर भित्रभित्रै ज्वरग्रस्त भएका थिए उनी पुरु, राम, भीष्म र श्रवणकुमार जस्ताले तयार गरेको ऐनामा आफ्ना छोराबुहारीलाई हेर्दा उनीहरू साह्रै साह्रै पुड्का देखिएकाले एक किसिमले बतासै खुस्किएको थियो ती जोईपोइको (३११) ।

सम्बद्ध भनाइबाट समाजमा भइरहेको परिवर्तनले सामाजिक, आर्थिक र सांस्कृतिक सम्बन्धको स्वरूपमा परिवर्तन हुन गई सामाजिक सङ्कटहरू सिर्जना हुँदै गएको सङ्केत प्राप्त भएको छ । यसमा सामाजिक सम्बन्धहरू बिस्तारै खुकुला हुँदै गएर आफ्नै सन्तान पनि टाढिँदै गएका छन् भन्ने कुरा देखाइएको छ र उनीहरूका छोराबुहारी धन सम्पत्तिका लागि मात्र आमाबुबाका नजिकमा रहेको विषयले यही कुराको सङ्केत गरेको छ ।

प्रस्तुत उपन्यासमा समाजको आर्थिक सङ्कटलाई सामाजिक यथार्थका कोणबाट प्रस्तुत गरिएको छ । उपन्यासको अति विपन्न पात्र खडानन्द जैसी भोको पेटको अग्नि शमन गर्नका लागि कामको खोजीमा गए पनि रित्तै घर फर्केको अवस्था र घरमा परिवारले तीन दिनदेखि केही खान नपाएको यथार्थ चित्रण गरिएको छ । खडानन्दको यस प्रकारको दयनीय आर्थिक अवस्थाका सम्बन्धमा उपन्यासकार विष्टले लेखेका छन्- "त्यतिबेला निन्द्राबाट बिम्झिएपछि बल्ल सम्झिएको थियो उसले उसकी स्वास्नीले पनि तीनतीन दिनदेखिन् केही खान पाएकी छैन र आमा चाहिँनेको दूध सुकेकोले बच्चोले पनि केही खान पाएको छैन भन्ने कुरालाई (२२७) ।" सम्बद्ध भनाइमा खडानन्द कामको खोजीमा गए पनि काम नपाएको यता घरमा उसकी श्रीमतीले तीन दिनदेखि केही खान नपाएको अनि आमा चाहिँले खान नपाएका कारण उसको दुधे बालकसमेत भोकै रहेको अवस्थाको चित्रण गरिएको छ । त्यसैले आर्थिक अभावका कारण उनीहरूको जीवन पनि सङ्कटग्रस्त बनेको पाइन्छ । यसपछि भने खडानन्द नोकरीको खोजीमा त्यस क्षेत्रमा निस्केका गजराज बाजेको पछि लागेर पशुपतिमा आएको र त्यहाँ ऊ जीवन धान्नका लागि लास बोक्ने काम गर्न विवश भएको छ । यसरी उसले सङ्घर्ष गर्दै जीवनगति अगाडि बढाएको कुरा उपन्यासमा चित्रण गरिएको छ । यस्तै जीवन निरुपाय

भएपछि पशुपति क्षेत्रमा आई मागेर जीवन बिताउने गरेका व्यक्तिहरूको जीवन पनि सङ्कटग्रस्त भएको चित्रण उपन्यासमा गरिएको छ । यी मनुष्य जातिले पेटका लागि पशुवत् जीवन बाँच्नु परेको अवस्थाप्रति उपन्यासकार विष्टको भनाइ यस्तो रहेको छ- "माग्नेहरूको त्यस लाममा कुच्चिएको टिनको बट्टा अघि सारेर बसिरहेको एउटा माग्ने अहिलेसम्म पनि उसको बट्टा रित्तो भइरहेकाले त्यसै त्यसै चिच्याउँछ 'जय शम्भो पशुपति (१६६-१६७) ।" यस भनाइमा एक छाक खानसमेत नपाएका मानिसहरू पशुपतिमा खान पाउने आसमा लामबद्ध थुप्रै माग्नेहरूको बिचमा एउटा अर्को माग्ने कुच्चिएको टिनको बट्टा अघि सारेर लाममा बसे पनि उसको भाँडो भने खाली नै छ । त्यसैले ऊ भोको पेट भएका कारण शिवको पुकारा गर्छ । यसरी वर्गीय समाजमा आर्थिक अभावका कारण एक छाक खान र एकसरो लगाउनसमेत नपाउँदा निम्नवर्गीय जीवन सङ्कटग्रस्त हुँदै गएको पुष्टि भएको छ ।

### ३.३.५ हिमाल र मान्छे उपन्यासमा सङ्कटग्रस्त जीवनको प्रयोग

*हिमाल र मान्छे* उपन्यासमा पेमा दोर्जी जस्ता पात्रका जीवनमा देखा परेका विभिन्न सामाजिक समस्याका माध्यमबाट सङ्कटग्रस्त जीवनलाई देखाइएको छ । यसमा सगरमाथा आरोहणकै क्रममा बाबु गुमाएको पेमा दोर्जी स्वयम् पनि पर्वतारोहणमै सक्रिय देखिन्छ । उसले भारी बोकेर जीविकोपार्जन गर्दै ल्होत्से र धवलागिरि हिमालसमेत चढिसकेको छ । त्यसबाट उसको त्यस सेरोफेरोमा राम्रै ख्याति फैलिएको छ । उसको उद्देश्य विश्वकै सर्वोच्च शिखर सगरमाथा (झ्यामोलोङ) चढ्ने भए तापनि आमाले बिहे गर्न करकाप गरेपछि पेमा सुन्दरकी छोरी आङरिगुसँग बिहे गर्ने तय हुन्छ । आङरिगु सानैमा अमेरिकी स्वयंसेविका मार्थासँग रहेकी र पछि काठमाडौँमा बसेर पढेकी हुँदा त्यहाँका अरू मानिसभन्दा सफा र राम्री भए पनि एस. एल. सी. तीनपटकसम्म फेल भएर पढ्न नसकी गाउँ फर्किएकी हुन्छे । उपन्यासमा उसलाई फेसनवती, उत्ताउली र घमण्डी स्वभावकी भएकाले त्यहाँका स्थानीय कसैसँग पनि बिहे गर्न तयार नभएकी तर पेमा दोर्जीको ल्होत्से आरोहणको सफलताको कथा सुनेपछि उससँग बिहे गर्न तयार भएको देखाइएको छ । यही क्रममा घरज्वाइँ बस्ने सर्तमा उसको पेमा सुन्दरकी छोरी आङरिगुसँग लोङ्गजङ्ग (मगनी) हुन्छ । त्यसैले दोर्जी आफ्नो संस्कृतिअनुरूप बिहेपूर्व केटीकै घरमा बसेर केटीलाई रिझाउन थालेको पाइन्छ । तर आङरिगु पछि भने दोर्जीको सगरमाथा चढ्ने विचार र उसको जीवनशैलीबाट सन्तुष्ट देखिँदैन । उसले गाउँको लाक्पा नोर्बुको जस्तो पैसा कमाउन भने पनि दोर्जी भने सामन्त नोर्बुप्रति निकै चिढिएको हुन्छ । त्यही कारण आङरिगुसँग झगडा भएर दोर्जी आफ्नो घर फर्किएको छ । केही समयपछि

आङरिगुले खुट्टाको औँला नभएको छोरो (रिन्जिङ्ग) पाए पनि त्यस नवजात शिशुलाई दुध चुसाउन अस्वीकार गर्छे (१०६) । पेमा दोर्जीले विवाह गर्न जन्ती लिएर आउँदा घरबाट भागे पनि विवाह हुन्छ नै तर आङरिगुले उसलाई पतिका रूपमा स्वीकार नगरेको जस्ता उपन्यासमा घटित घटनाले पेमा दोर्जीको पारिवारिक जीवनमा अनेक सङ्कट देखा परेका छन् । आङरिगुले पछिसम्म पनि छोरालाई घृणा तथा कुटपिट गर्नु तर पेमा दोर्जीलाई भने निमासँग अवैध सम्बन्ध राखेको झुटो आरोप लगाउनु अनि आफू चाहिँ लाक्पा नुर्बुको सम्बन्धमा रहेर उसैका उक्साहटमा विष प्रयोग गर्न लगाई आफ्नै पतिको हत्याको षड्यन्त्र गर्नुले पेमा दोर्जीको जीवन सधैँ तनावमय हुनुका साथै सङ्कटग्रस्त हुन पुगेको छ । यसका अतिरिक्त लाक्पा नुर्बुले राजनीति आफ्नो पक्षमा पार्नका लागि पेमा दोर्जीलाई लक्षित गरी गरेको साँढे काण्डबाट उसको करङको हड्डी भाँचिन पुगेको घटनाले उसको जीवन सङ्कटमा मात्र परेको छैन कि सगरमाथा आरोहण गर्ने उसको जीवनभरको सपनासमेत भताभुङ्ग भएको छ ।

प्रस्तुत उपन्यासमा आङरिगुले अहम् तुष्टिका लागि विषको प्रयोग गरेर आफ्नै श्रीमान्को हत्याको षड्यन्त्र गरेको पाइन्छ । उसले श्रीमान्सँग बदला लिने हेतुले रिन्चिलाम्पालाई आर्थिक प्रलोभनमा पारेर विषको प्रयोग गर्न लगाएको छ । रिन्जिङ्गले सगरमाथाको सफल आरोहण गरेपछि त्यसको खुसियालीमा उसको घरमा चलेको भोजमा विष मिलाउन लगाइएको छ । यस विषयको जानकारी आङरिगुबाहेक अरू कसैलाई नहुनु, आलमले सहभागी सबैलाई आराक र छ्याङ बाँड्ने क्रममा विषयुक्त छ्याङ पेमा दोर्जीलाई नपरी रिन्जिङ्गलाई पर्न गएकोले उसको जीवन सङ्कटग्रस्त भएको छ । पुलिसको तहकिकात पछि भने विषयको खुलासा हुँदा आङरिगुलाई जेल सजाय भएको छ र यसरी ऊ आफैँले खनेको खाल्टोमा आफैँ परेर उसको जीवन पनि सङ्कटग्रस्त बनेको छ ।

प्रस्तुत उपन्यासमा सामाजिक तथा आर्थिक कारणले सोलुको हिमाली ग्रामीण बस्तीको जनजीवनले सङ्कट झेल्नु परेको छ किनभने त्यस भेगमा आर्थिक उपार्जन गर्ने साधनहरूको मात्र कमी होइन, खेतीयोग्य जमीनको समेत अभाव देखिन्छ । त्यसैले त्यहाँका मानिसले कृषि, पशुपालन, सानोतिनो व्यवसाय र भारी बोक्ने काम गरेर जीवन चलाउने गरेको पाइएको छ । निमाले पर्वतारोहीको भारी बोक्ने क्रममा हिउँमा पुरिएर आफ्नो श्रीमान् गुमाएर आर्थिक तथा सामाजिक सङ्कट बेहोर्नु परेको छ । यस्तो अवस्थामा उसका बालसखा पेमा दोर्जीले सहयोग गर्न खोज्दा उसलाई भने शङ्काका दृष्टिले हेरिएको छ । त्यसैले ऊ आफ्नो आर्थिक स्थिति दह्रो तुल्याउन सङ्घर्षरत देखिन्छे । उसले एकातिर आफ्नो आर्थिक अवस्था सुदृढ

तुल्याउन डार चिया, छ्याङ र आराक बेच्ने काम गरेको छ भने अर्कातिर पेमा दोर्जीले दुःखमा परेको साथी भन्दै उसलाई साथ सहयोग गरेको छ। तर आङरिगुले भने यसलाई अवैध सम्बन्ध राखेको भन्दै आरोप लगाएको छ । यसरी उसले एकातिर सामाजिक र अर्कातिर आर्थिक सङ्कटको सामना गर्नु परेको छ ।

प्रस्तुत उपन्यासमा त्यस भेगमा हिम चितुवाका नामले परिचित उच्चवर्गीय सामन्त लाक्पा नुर्बुले ग्रामीण निम्नवर्गीय जीवनमाथि गर्ने गरेको अन्याय, अत्याचार, शोषण, दमनलाई समेत देखाइएको छ । उसले राजनीतिक सत्ताका आडमा राष्ट्रिय पञ्चायतको चुनावका समयमा आङरिगुसँगको मिलोमतोमा गर्न लगाएको हुलदङ्गामा परी पेमा दोर्जीको छातीका करङ र खुट्टाको जोर्नी भाँचिन गएको छ र त्यसको उपचार गरेर स्वास्थ्य लाभ गरे पनि ऊ हिमाल चढ्न भने नसक्ने भएको छ। त्यसपछि रिन्जिङ्गले सगरमाथा आरोहण गरेको खबर रेडियोबाट प्रसारण हुँदा आङरिगु र लाक्पा नोर्बु भने उसको त्यस सफलताबाट भित्रभित्रै निकै चिढिएर षड्यन्त्रका तानाबाना बुन्न थाल्छन्। त्यसैको परिणामस्वरूप आङरिगुले लाक्पा नोर्बुकै उक्साहटमा पेमा दोर्जीलाई मार्न भनेर गरेको विषको प्रयोग उसकै छोरा रिन्जिङ्गको पेयपदार्थमा पर्न गई बिरामी भएको र प्रहरी अनुसन्धानबाट त्यसको दोषी आङरिगु भएको पत्ता लागेको देखिन्छ (२५६) । यता लाक्पा नोर्बुले सामन्ती हैकमका आधारमा गाउँलेलाई तर्साउने क्रममा छाडा छोडेका बोके घोडा र साँढेहरूले गरिब जनताको बाली नष्ट गरिदिँदा गाउँलेहरू पीडित बन्न पुगेका छन्। यस प्रकार एकातिर लाक्पा नोर्बुको सामाजिक थिचोमिचो र अर्कोतिर आर्थिक अभावले त्यहाँको जनजीवन सङ्कटग्रस्त बनेको कुरा उपन्यासमा चित्रण गरिएको छ ।

## ३.४ दौलतविक्रम विष्टका उपन्यासमा तथ्यको संयोजन

सामाजिक यथार्थवाद पश्चिमी कला साहित्यको वस्तुवादी चेतनालाई ग्रहण गर्दै आधुनिक साहित्यमा विशेष प्रभाव जमाएको महत्त्वपूर्ण उपलब्धि हो। अधुनातनलाई पूर्णतामा बोध गर्न सामाजिक यथार्थवाद अझै महत्त्वपूर्ण बनेको छ। यसमा वस्तुपरक चेतनालाई ग्रहण गर्ने आन्तरिक अभिप्राय लुकेको हुन्छ। समाजमा स्वतः तयारी भएको वस्तुलाई यसले ग्रहण गर्दछ । वस्तुतालाई अपनाउने विषयमा सामाजिक यथार्थवादले तथ्यपूर्ण सामग्रीका नाममा प्रकृतिवादी यथार्थवादले जस्तो नग्नतालाई उजागर गर्न रुचाउँदैन । यसमा केवल वस्तुपरक ढङ्गमा विषयलाई ग्रहण गर्ने आकाङ्क्षा मात्र राखिएको हुन्छ । सामाजिक यथार्थवादमा

विश्वसनीय निष्कर्षको खोजी गरिएको हुन्छ । तथ्यको संयोजन गर्ने क्रममा आख्यानअन्तर्गत चिठी तथा मनोभाव समावेश भएका खुला पत्र, प्रलेख, प्राचीन विषयका प्रामाणिक लेख, पुस्तान्तर हुँदै आएको कुनै चिनो, सजाएर राखिएको कुनै प्रमाण लाग्ने वस्तु, अङ्क, प्रतीक, स्थान र निष्कर्षका लागि कुनै दृश्य आदि तथ्यपूर्ण सामग्री मानिन्छन् । भाषिका र क्षुद्र भाषाको प्रयोगको यथावत् पुनरुत्पादन, विज्ञान र व्यवसायका क्षेत्रका शब्दावली र पारिभाषिक शब्दको विशेष प्रयोग, डकुमेन्ट (अभिलेख) र चिठी तथा संस्मरणको अन्तर्भावद्वारा वर्णित घटनाप्रति विश्वसनीयताको संवर्धन (त्रिपाठी ४४) सामाजिक यथार्थवादी उपन्यासमा रहने गर्दछ साथै सामाजिक यथार्थ बोध गराउनका लागि सन्दर्भअनुरूप चरित्र आफैँ पनि तथ्यपूर्ण सामग्री बनेर उपस्थित भएको पाइन्छ । समाजका प्रतिनिधि चरित्रले समग्र समाजको यथार्थ द्योतन गर्दछ जसलाई मुख पात्रका नामबाट पनि पहिचान गर्न सकिन्छ । यस प्रकार पात्रका नीजि विशेषता, पोसाक, बोली अनि सामाजिक व्यवहार आदिलाई पनि सामाजिक यथार्थवादी उपन्यासमा तथ्यको संयोजन गर्ने सामग्रीका रूपमा लिइन्छ ।

### ३.४.१ मञ्जरी उपन्यासमा तथ्यको संयोजन

*मञ्जरी* उपन्यासमा आपसमा लेखिएका पत्रहरू तथा पत्रपत्रिकामा प्रकाशित समाचारलाई प्रमाणित तथ्य स्वीकार गरिएको छ । मञ्जरीका दाइ शङ्करले मञ्जरीलाई देशको समसामयिक विषयमा उजागर गर्न लेखेको पत्र उपन्यासमा समावेश गरिएको छ । पत्रमा शङ्करको भनाइ यस्तो रहेको छ- “नेपाल छोडी जानुभन्दा एकपल्ट तिमीलाई भेट्न साह्रै इच्छा लागेको थियो । तर अपसोच, देशमा उठेको बरबरताले मलाई पाँच मिनेट कहीँ उभिने फुर्सत नदिएकाले म तिम्रो घरको दैलोसम्म आए पनि एकछिन तिमीलाई पर्खेर बस्न सकिन ! (८८) ।” सम्बद्ध भनाइमा शङ्कर राणाविरोधी आन्दोलनमा सक्रिय रूपमा लागेको र तत्कालीन समयमा राजनीतिकर्मीलाई आवतजावत गर्न सहज अवस्था नरहेकाले नेपाल छोडेर बाहिर जाने बेलामा पनि बहिनी मञ्जरी भेट्न नपाएको सन्दर्भ प्रस्तुत छ । यसरी तत्कालीन समयमा निरङ्कुश शासन व्यवस्थाले गर्दा मानवीय हकअधिकार अपहरित भएकोमा बहिनीको घरको दैलोसम्म आएर पनि भे्टन नसकेको यथार्थलाई वस्तुपरक रूपमा प्रस्तुत गरिएको  छ ।

प्रस्तुत उपन्यासमा कैलासले त्यस समयमा माइतमै रहेकी मञ्जरीलाई लेखेको पत्र र त्यही पत्रको प्रत्युत्तरस्वरूप मञ्जरीद्वारा लेखिएको पत्रसमेतलाई उपन्यासमा तथ्य संयोजन गर्ने सामग्रीका रूपमा समावेश गरिएको छ । कैलासले नोकर कालेमार्फत मञ्जरीलाई पठाएको

पत्रमा उससँग बितेका रमाइला क्षण तथा धर्मसभाका विषयमा लेखिएको छ । उपन्यासकार विष्टले पत्रबारे यसरी प्रस्ट पार्दै लेखेका छन्- “तपाईंसँग बितेका दिन बिर्सु भनेर कति चेष्टा गर्दा पनि बिर्सन सकिन ! यस कुरालाई बिचार गरी हेर्दा मलाई तपाईंमा जादू छ जस्तै लाग्छ ! तर जे होस्, ‘धर्मसभा’ तपाईं बिन रोइरहेको छ (३५०) ।” यस पत्रमा मञ्जरीले धर्मसभाका निम्ति गर्ने भनिएको योगदानको सम्झना गराइएको छ र पत्रको प्रत्युत्तर गर्न अनुरोध गरिएको छ । यस्तै त्यही पत्रको प्रत्युत्तरमा मञ्जरीद्वारा लेखिएको पत्रमा भनिएको छ- “साँच्चै भन्ने हो भने आजसम्ममा मेरो वरिपरि जति गन्दकीपूर्ण मानिसहरू गुज्रे, त्यस कुरालाई विचार गर्दा म आफ्नो व्रतमा सहजै सफल हुन सकुँला जस्तो लाग्दैन (३६१) ।” मञ्जरीले यस पत्रमा आफ्नो माइती परिवेशको उल्लेख गर्दै त्यहाँको परिवेशले गर्दा आफू आफ्नो व्रतमा सहजै सफल हुनेमा शङ्का व्यक्त गरेको छ । यसरी कैलास र मञ्जरीका बिचमा भएको पत्राचारबाट नेपाली समाजको तत्कालीन यथार्थ सम्बन्धित व्यक्तिका तथ्यगत सामग्रीका आधारमा मुखरित भएको छ । मञ्जरीका अनुसार ऊ बसेको ठाउँको वातावरण विकृतिपूर्ण भएको र त्यसले तत्कालीन समाजलाई स्वस्थ राख्न असम्भव रहेको देखाइएको छ । यस प्रकार पत्रको आदानप्रदानबाट उपन्यासमा सामाजिक तथ्यको संयोजनका साथै सामाजिक यथार्थ प्रकट भएको पाइन्छ । यसरी उपन्यासमा चिठीका आदानप्रदानका माध्यमबाट तथ्यपूर्ण सामग्रीको सत्यापन भएको छ ।

प्रस्तुत उपन्यासमा तत्कालीन समयका पत्रपत्रिकामा प्रकाशित विषयलाई तथ्यको संयोजन गर्ने सामग्रीका रूपमा महत्त्वका साथ स्थान दिइएको छ । तत्कालीन सरकारको छात्रवृत्तिमा वनारस पढ्न गएको कैलासले राणाशाहीका विरोधमा लेख लेखेर ‘नेपाल पुकार’ भन्ने पत्रिकामा छपाएको विषयलाई उपन्यासमा तथ्य संयोजन गर्ने सामग्रीका रूपमा राखिएको छ । यद्यपि त्यस लेखमा समेटिएको विषयवस्तुको विस्तृत उल्लेख भने उपन्यासमा पाइँदैन तर त्यसबाट तत्कालीन शासक क्रुद्ध भएर छात्रवृत्ति रोक्का गरिएको र कप्तान्नी मखनाको राणाहरूसँगको नजिकको सम्बन्धका कारण छात्रवृत्ति पुनः सुचारु गराउन उसलाई सफलता भने मिलेको सङ्केत पाइन्छ । तैपनि एकतन्त्रीय जहानियाँ स्वेच्छाचारी शासन व्यवस्थाको विरुद्ध देश तथा विदेशमा पढ्न बसेका युवाहरूले गरेको प्रतिरोधले समाजमा हलचल ल्याएको देखिन्छ र पत्रिकामा स्थान पाएका यस प्रकारका विषयले राणाशासनको स्वेच्छाचारितालाई उजागर गरेको छ । यस्तै ‘आवाज’ पत्रिकामा लेखिएको लेखलाई पनि उपन्यासमा तथ्यपूर्ण सामग्रीका रूपमा संयोजन गरिएको छ । टुकुचाको पुलमुनि एउटा अबोध शिशुको लास

शीर्षकको लेख 'आवाज' पत्रिकामा छापिएको छ जसलाई उपन्यासमा तथ्यको सत्यापन गर्ने सामग्रीको रूपमा समेटिएको छ । तत्कालीन समयमा अवैध सम्बन्धबाट जन्मेको शिशुलाई बेवारिसे फालिने गरिएको विषयलाई उक्त पत्रिकामा समाचार बनाइएको छ जसबाट उपन्यासमा समाजको यथार्थ तथ्य अभिव्यक्त भएको छ । तत्कालीन समयमा प्रकाशित हुने पत्रिकामा छापिएका यस प्रकारका समाचारको उपयोगबाट उपन्यासमा तथ्यको संयोजन भएको छ ।

प्रस्तुत उपन्यासमा उपहारका रूपमा प्रदान गरिएको औँठीलाई पनि तथ्य संयोजन गर्ने सामग्री स्वीकार गरिएको छ । कैलासले मञ्जरीलाई प्रेमको प्रतीकस्वरूप पहिराइदिएको औँठी तथ्यको संयोजन गर्ने सामग्री बनेको छ । यस सम्बन्धमा कैलासको भनाइ यस्तो रहेको छ- "यदि तिमीलाई मेरो कुरा स्वीकार छ भने मैले दिएको यो उपहार ।...(४४९) ।" सम्बद्ध भनाइबाट कैलासले आफ्नो जीवन सार्थक बनाउन उसको साथ खोजेको र त्यसको स्वीकृतिका लागि उपहारका रूपमा मञ्जरीलाई दिएको औँठीलाई उपन्यासमा तथ्यपूर्ण सामग्रीका रूपमा प्रयोग गरिएको पाइन्छ । यस्तै शङ्करले मञ्जरीको धारणा परिवर्तन गर्न 'मार्क्सवाद पाठावली', 'वैज्ञानिक भौतिकवाद' जस्ता पुस्तक पढ्न दिएको र प्रचण्डले 'द टेष्ट बुक अफ मार्क्सिष्ट फिलोसफी' पढेको कुरा उपन्यासमा उल्लेख गरिएको छ । यस्ता तथ्यपूर्ण विषयबाट उपन्यासमा विश्वसनीयता पैदा भएको छ । यसरी उपन्यासमा विश्वसनीय निष्कर्षका लागि आपसमा लेखिएका चिठीपत्रहरू, विभिन्न स्थानका तथ्यहरू, औँठी, चिना आदिलाई तथ्य सामग्रीका रूपमा उपन्यासमा उपयोग गरिएको छ ।

*मञ्जरी* उपन्यासमा घरको भित्तामा सजाइएका कवचहरू, ठुलाठुला तैल चित्रहरूको पनि वर्णन गरिएको छ जसलाई मेजरसाहेबको अभिजातवर्ग देखाउने र सामाजिक यथार्थको सत्यापन गर्ने सामग्रीका रूपमा समेटिएको छ । नेपाली समाजमा महिलाहरूले गहनाको अधिक प्रयोग गर्ने गर्छन् भन्ने कुरा मिश्रीबजैले प्रयोग गरेका सुनका सिक्री, सुनको जन्तर, सुनका बाला र ढुङ्ग्रीजस्ता गहनाको उल्लेखबाट प्रस्ट भएको छ । नेपाली समाजमा गरगहनाको प्रयोगले एकातिर महिलाको शारीरिक सौन्दर्य बढाएको पाइन्छ भने अर्कातिर यस खाले नेपाली गहनाका प्रयोगले नेपालको सांस्कृतिक पहिचान पनि दिएको छ । यति मात्र होइन, चलचित्र घरमा सिनेमा हेर्न जाने विषयले नेपाली सहरिया समाजमा विकसित हुँदै गरेको नयाँ संस्कृति र सभ्यताको सत्यापन गरेको छ । उपन्यासको कथ्यमा इन्दिराको आग्रहमा मञ्जरीले पनि इन्दिरा, प्रचण्डबहादुर र कैलासका साथ सिनेमा हेरेको परिवेशगत तथ्यपूर्ण

सामग्री उपन्यासले ग्रहण गरेको छ । साथै भनेको समयमा टिकट नपाइने र दोब्बर पैसा तिरेर मात्र टिकट उपलब्ध हुने यथार्थपरक विषय उपन्यासमा उल्लेख गरिएको छ । टिकट र चलचित्र घर तथा चलचित्र हेर्न जाने क्रममा स्थानीय परिवेशको वर्णनले उपन्यासमा तथ्य सामग्रीको उपयोग भएको छ । यसबारे उपन्यासकार दौलतविक्रम विष्टले लेखेका छन्- "मोटर कप्तान्नीको घरको ढोकाबाट बालाजु बजार, बालाजु बजारबाट विष्णुमतीको पुल, विष्णुमतीको पुलबाट सोह्रखुट्टे पाटी, सोह्रखुट्टे पाटीबाट नयाँ सडक सिनेमा घरमा गएर रोकियो (२४९) ।" सम्बद्ध भनाइमा कप्तान्नी मखनाको परिवार मोटर प्रयोग गरेर सिनेमा हेर्न गएको बाटोका वर्णनले स्थानीय परिवेशको यथार्थपरक प्रतिविम्बन भएको छ र यसबाट औपन्यासिक कथावस्तुले यथार्थता प्राप्त गरेको छ ।

प्रस्तुत उपन्यासमा शङ्करलाई लेखकको सन्देशको मुख्य संवाहक वा मुख पात्रका रूपमा प्रस्तुत गरिएको देखिन्छ । नारी जागरणको आकाङ्क्षा राख्ने शङ्कर आधुनिक वैज्ञानिक दृष्टिकोण भएको चरित्र भएकाले शङ्करलाई उपन्यासकार विष्टले प्रगतिशील चरित्रका रूपमा उपस्थित गराएका छन् । उसमा मार्क्सको वर्गसङ्घर्षको दृढ चिन्तन नभए तापनि न्यूनतम प्रगतिशील सुधारको चाहना चाहिँ रहेको देखिन्छ । शङ्करले निरङ्कुश राणाशासन अन्त्यका लागि चलेको सङ्घर्षका क्रममा लामो समय जेलजीवन बिताएको र त्यहाँबाट मुक्त भएपछि समाज सेवामा क्रियाशील रहने क्रममा नारी शिक्षा तथा समानताका पक्षमा वकालत गरेको देखिन्छ । उपन्यासकारको बालविवाह, अनमेल विवाह र बहुविवाहको विरोध अनि अन्तर्जातीय विवाह, प्रेमविवाह र विधवा विवाहको स्वीकृति हुनु पर्ने मान्यतालाई शङ्करले संवहन गरेको हुँदा उससँग सम्बद्ध कथ्यलाई उपन्यासमा तथ्य संयोजन गर्ने सामग्रीका रूपमा स्वीकार गरिएको छ ।

### ३.४.२ एक पालुवा अनेकौँ याम उपन्यासमा तथ्यको संयोजन

*एक पालुवा अनेकौँ याम* उपन्यासमा समाजको यथार्थ प्रकट गर्न र विषयवस्तुलाई विश्वसनीयता प्रदान गर्न विभिन्न पात्रहरूका बिचमा आदानप्रदान भएका चिठीपत्रहरू समावेश गरिएका छन् । यस क्रममा उपन्यासमा कमल र लिचुमैयाँका बिचमा आदानप्रदान भएका प्रेम विषयका पत्रहरूलाई उपयुक्त स्थान दिइएको छ । उक्त पत्रमा कमलले लिचुमैयाँको सौन्दर्यको बयान गर्दै उसप्रतिको प्रेम अभिव्यक्त गरेको छ । कमलद्वारा लेखिएको पत्रमा यस्तो भनिएको छ- "तिम्रो नौनी ढालेर कुँदिएको झैँ मूर्तिमा आफ्नो जीवनको मधुरता त मैले पहिले नै अर्पित गरिसकेको थिएँ (७६) ।" सम्बद्ध भनाइमा कमल प्रेममा परेको कुरा स्वीकार गरिएको

छ । त्यसै चिठीको प्रत्युत्तरमा लिचुमैयाँले आफूलाई माया गरेर लेखेको पत्र पाएकोमा खुसी व्यक्त गर्दै "मेरो स्वर्ग यो पृथ्वीमाथि ओर्लिएझैँ लाग्यो (७७)" भन्ने बेहोराको पत्र लेखेको छ । सम्बद्ध पत्रमा प्रयोग भएको भाषा आलङ्कारिक भए पनि पत्रमा प्रयोग भएको विषयबाट भने उपन्यासमा तथ्यको संयोजन भएको छ ।

प्रस्तुत उपन्यासमा ताराद्वारा कमलका नाममा लेखिएको पत्रमा नरेन्द्रले कल्पनाका विरुद्धमा गरेको षड्यन्त्रको पर्दाफास गरिएको छ । यस पत्रमा नरेन्द्रले गाउँको विपन्न गङ्गा नूनियालाई आर्थिक प्रलोभनमा पारेर कल्पनाको नाठो सिद्ध गरेको र उसलाई विक्षिप्त तुल्याई जेलमा सडाउने काम गरेको विषय उल्लेख गरिएको छ । गङ्गा नूनियासमेत झ्यालखानाको कैदी भएको छ । यस सन्दर्भमा गङ्गा नूनियाकी श्रीमतीले तारालाई भनेको कथन यस्तो रहेको छ- "मेरो मर्दलाई के दोष दिन्छ तपाईँ । खर्दार मालिकले जस्तो भन्यो त्यस्तै गऱ्यो । खर्दार मालिकले हजार टका र बाह्रबेसी (मुरी) धान दिन्छु भन्यो र पनि मेरो मर्दले मानेको थिएन (२२६) ।" सम्बद्ध भनाइमा आर्थिक प्रलोभनमा पारेर निम्नवर्गमाथि हुने गरेको वर्गीय शोषण र दबाबको प्रस्तुति भएको विषय पत्रमा समेटिएको छ र यसबाट उपन्यासमा तथ्यको संयोजनसमेत हुन गएको छ । यस्तै नरेन्द्रले कल्पनाप्रति गरेको अत्याचारको सामान्यीकरण गर्दै पत्रमा थप लेखिएको छ- "परम्परागत छद्म आवरणले ढाकिएको हाम्रो समाजमा कति दुर्दशा छ स्वास्नी मान्छेको । मानौँ हाम्रो समाजमा स्वास्नी मान्छे मात्र पुरुषको वासना तृप्तिको साधना हो । मानौँ स्वास्नी मान्छे मान्छे नै होइन । मानौँ हाड, मासु र रगतले बनेको जीव होइन । ऊ मानौँ स्पन्दनहीन, हलचलहीन एउटा लास मात्र हो (२२३) ।" यस पत्रमा समेटिएका सम्बद्ध भनाइमा तत्कालीन नेपाली समाजमा नारीमाथि हुने गरेका लैङ्गिक असमानता, अन्याय, अत्याचार, शोषण, दमन, षड्यन्त्र आदिको प्रस्तुति गरिएको छ । यस्ता विषयको अभिव्यक्तिले एकातिर सामाजिक यथार्थ अभिव्यक्त गरेको छ भने अर्कातिर उपन्यासमा तथ्यपूर्ण सामग्रीको सत्यापन भएको छ । यसरी सामाजिक यथार्थवादी उपन्यासमा पत्रहरू समावेश गर्नाले तथ्यको संयोजन हुन गई औपन्यासिक विषयमा विश्वसनीयता सिर्जना भएको पाइन्छ ।

प्रस्तुत उपन्यासमा तथ्य संयोजनका लागि चौतारी, मठमन्दिर, बाटाघाटा जस्ता पक्षहरूलाई समेत उपयोगमा ल्याइएको छ । नरेन्द्रले प्रशस्त कालो कर्म गरे पनि कालीको भक्त बनेर कालीको मन्दिरलाई दश बिघा जमिन गुठीमा राखिदिएको र आफूले कालीकै मन्दिरमा त्यहाँका मान्छेहरूसँग बसेर गाँजा उडाउने गरेका जस्ता तथ्यगत प्रस्तुति उपन्यासमा

पाइन्छ भने कमल तारालाई जोगविनी रेल चढाएर घर फर्किदा बाटामा देखिएका सिंहाई, नूनाहपुर, बक्रहा खोला, रङ्गेली बजार, रतुवा खोला, गौरीगन्ज आदि स्थानको परिवेशगत वर्णन गरिएको छ (१२०) र यसबाट उपन्यासमा वस्तुपरकता स्थापित भएको छ । सम्बद्ध वस्तु र ठाउँहरूको वर्णनबाट उपन्यासमा तथ्यको संयोजन भएको छ । स्थानीय खोलाका सम्बन्धमा यस उपन्यासमा उपन्यासकार विष्टले लेखेका छन्- "हाट खोलामा कालीको मूर्ति हुनु त झन् एकदमै अनिवार्य छ (१३६) ।" सम्बद्ध भनाइमा हाटखोलामा स्थापित कालीको मूर्तिले सांस्कृतिक तथ्यको संयोजन हुन गएको छ ।

प्रस्तुत उपन्यासमा विश्वसनीय निष्कर्षका लागि चिनोका रूपमा दिइएको औँठीलाई पनि तथ्य विषयवस्तुको रूपमा उपन्यासमा उपयोग गरिएको छ । ताराले लिचुमैयाँसँगको भेटमा औँठी उपहार दिएको तथा जेठकी मालकिनीको स्वयंवरको चिनोको रूपमा रहेको औँठी आर्थिक अभाव भएपछि बेच्न खोजेका जस्ता विषयले उपन्यासमा तथ्य सामग्रीको प्रयोग भएको छ। यस्तै तत्कालीन समयमा घरका महत्त्वपूर्ण चिना, कागज, पैसा, लत्ताकपडा राख्नका लागि प्रयोगमा ल्याइने टिनको बाकसको प्रसङ्गले पनि उपन्यासमा महत्त्व पाएको छ । यस सम्बन्धमा ताराको भनाइ यस्तो रहेको छ- "आमाको बाकसमा थन्क्याइएको मेरो चिना जसलाई बाले लगभग दुईसय खर्च गरेर तयार गराउनु भएको थियो रे (८९) ।" यस भनाइमा एकातिर उपन्यासमा छोराछोरीको जन्मपश्चात् जन्मपत्री वा चिना बनाउने नेपाली धार्मिक सांस्कृतिक परम्परातर्फ सङ्केत गरिएको छ भने अर्कातर्फ यस्ता तथ्यपरक सामग्रीको प्रयोगबाट औपन्यासिक विषयवस्तुले विश्वसनीयता प्राप्त गरेको छ ।

विवेच्य उपन्यासमा तान्त्रिक विधिको प्रयोगबाट समाजमा उपचार गर्ने र मोहनी लगाउने काम गरिएको विषयलाई पनि देखाइएको छ । राजेश्वरीलाई मोहनी लगाउने सम्बन्धमा रामलखन पटुवारीको भनाइ यस्तो रहेको छ- "एक टुक्रा मन्तरेको सुपारी वा अर्थोकै केही खानेकुरा राजेश्वरीको मुखमा पारिदिन सक्यो भने भोलि नै खुट्टा समात्न आइहाल्छिन् हजुरको राजेश्वरी (८९) ।" यस भनाइबाट उपन्यासमा तान्त्रिक विधि (मोहनी लगाउने) लाई सामाजिक यथार्थ व्यक्त गर्ने पद्धति मानिएको देखिन्छ । त्यस्तै उपन्यासमा तत्कालीन समयमा सामाजिक विश्वासका रूपमा रहेको उपचार विधिलाई तथ्य संयोजन गर्ने सामग्रीका रूपमा ग्रहण गरिएको छ । उपन्यासमा कमलकी आमाको उपचारका लागि वरिपरिका ओझाहरू (झाँक्री) बोलाइएको, पिँढीमा बसेर भुइँमा केराको पात बिछ्याई लोटामा भिजाएको तुलसीपत्रमा कालीको छाया हेरेर रातभर गुन (तन्त्रमन्त्र) को काम गरिएको,

कालीमाईलाई परेवाको बलि दिइएको तथा सन्ठीको घोडा र चिनीको लड्डु चढाउने काम गरिए पनि ज्वरो ठिक नभएपछि एक जना क्वाक डाक्टर बोलाइएको जस्ता विषयलाई उपन्यासमा तथ्य संयोजन गर्ने सामग्रीका रूपमा उपयोग गरिएको छ ।

प्रस्तुत उपन्यासमा समाचार पत्रमा प्रकाशित भएको विषय तथ्यको संयोजन गर्ने सामग्री बनेको छ । यस विषयले समाजमा निकै चर्चा पाएको उपन्यासमा उल्लेख गरिएको छ । छोरी हराएपछि इलाहावादमा छोरीको तस्बिरसहितको हुलिया स्थानीय दैनिकमा छपाउन दिएको र त्यो हुलिया भएको पत्रिकाको अङ्कमा छ वर्षपछि मात्र पुस्तकालयका किताब र पत्रिकाहरू सफा गर्ने क्रममा प्रोफेसरका आँखा पर्न गएका र त्यसपछि मात्र उसले ताराका बाबुआमालाई पत्र लेखेको जस्ता विषयलाई तथ्यपूर्ण सामग्रीका रूपमा उपयोग गरिएको छ । पीताम्बरले 'विश्वामित्र दैनिक' समाचार पत्र च्यापेर बम खसालेको खबर घरघरमा सुनाउँदै हिँडेको प्रसङ्ग अनि एकतन्त्रीय जहानियाँ शासनको अत्याचार एकसय चार वर्षको राणाहरूको इतिहास शीर्षक राखेर 'नेपाल पुकार' पत्रिकामा छापिएको समाचारलाई पनि उपन्यासमा स्थान दिइएको छ । तत्कालीन समयमा प्रतिबन्धित यस पत्रिकाले राणाशासनको विरोधमा विद्रोहको सन्देश र चेतना बोकेको हुँदा तत्कालीन सामाजिक यथार्थका माध्यमबाट उपन्यासमा तथ्यको संयोजन भएको छ ।

सामाजिक यथार्थवादी उपन्यासमा विषयलाई विश्वासयोग्य बनाउनु अनिवार्य मानिएको हुन्छ । त्यसका लागि समाजमा घटित भएका घटना वा कामको बेहोरा जस्ताको त्यस्तै गरी प्रयोग भएन भने पाठकमा समाजप्रतिको विश्वास डगमगाउन जान्छ । त्यसकारण सामाजिक यथार्थवादी उपन्यासमा समाजमा भएका समग्र कामलाई तथ्यपरक बनाइएको पाइन्छ । नरेन्द्रको राजेश्वरीलाई भोग्ने रहर विफल भएपछि उसलाई आफूले स्वास्नी राखेको हुँ भन्ने कपोलकल्पित मुद्दा तयार पारेर उजुरी दिएको छ र छोरालाई तारिख बोकाएको प्रसङ्ग यसमा समेटिए पनि अदालतमा दिएको उजुरीको बेहोरा भने सूच्य रूपमा मात्र रहेको पाइन्छ । यस सम्बन्धमा उपन्यासकार विष्टले यसरी  लेखेका छन्- "रातमा सारा चिसा प्रहरहरूलाई रेलको बट्टाभित्र जाडोले कठ्याङ्ग्रिँदै पुछेर कुखुरा बास्नेबित्तिकै हिँडेको कमल अहिलेसम्म हिँडिरहेकै छ-वीरगन्जबाट चैनपुरतिर खल्तीमा अमिनीबाट तोकेको महिनादिनको लामो तारिखको पर्चा हालेर (४३) ।" यसका आधारमा तारिखको थाहा हुन आएको छ र यसबाट समाजमा विश्वास उत्पन्न भएको पाइन्छ । अदालतमा मुद्दा दिएको विषयको थप पुष्टि गर्दै उपन्यासकारले यसरी लेखेका छन्- "दुई वर्ष छ महिना फेरि भासिइसकेको छ

अतीतको गर्भमा । कसलाई थाहा थियो कमललाई मकवानपुरेकै घाटको पानी खाएर मकवानपुरेसँगै मुद्दा लड्नुपर्छ भन्ने । त्यो पनि यस्तो मुद्दा जसमा उसको बाले राजेश्वरीलाई स्वास्नी राखेको छु भन्ने दाबी गरेका थिए र राजेश्वरीको लाजलाई उदाङ्ग पारिदिएका थिए (३८) ।" सम्बद्ध भनाइमा राजेश्वरीका अभिभावकले विभिन्न कारण देखाउँदै नरेन्द्रलाई छोरी दिन आलटाल गरेपछि एकातिर उनीहरूका विरुद्ध उजुरी दिएको विषयलाई प्रस्तुत गरिएको छ भने अर्कातिर कमलले मकवानपुरेकै घाटको पानी खाएर उनीहरूकै विरुद्ध मुद्दा लड्नु परेको नैतिक प्रश्न देखापरेको छ । यस विषयले सामाजिक यथार्थवादी उपन्यासले ग्रहण गर्ने तथ्यलाई उपन्यासमा स्वीकार गरेको पाइन्छ ।

प्रस्तुत उपन्यासमा काठमाडौँलगायत तराईका विभिन्न स्थानको वर्णन गरिएको छ । दरबार स्कुल पढ्दा कमल बसेको जेठाबाजेको घरको कोठा, मकवानपुरे जेठकी मालकिनीको घर र त्यहाँको सेरोफेरो, तारालाई जोगबिनी रेल चढाएर घर फर्कँदा बाटामा देखिएका दृश्य शृङ्खलाहरू, कमलको तराई (झापा, गौरीगन्ज) को घर, नरेन्द्रको कोठा, घरअगाडिको फूलवारी, कालीको मन्दिर जहाँ उपन्यासका घटनाहरू घट्न पुगेका छन्, त्यहाँको यथार्थ उपन्यासमा प्रयोग गरिएको छ र यसबाट उपन्यासमा तथ्यको संयोजन भएको छ । यस्तै *एक पालुवा अनेकौँ याम* उपन्यासमा चिठीपत्र, पत्रपत्रिकाका माध्यमबाट सामाजिक यथार्थवादी उपन्यासले अपेक्षा गर्ने तथ्यको संयोजन भएको पाइन्छ । विशेषत: चिठीपत्र र समाजका विषयवस्तुलाई तथ्यको संयोजन गर्ने सामग्री स्वीकार गरिएको छ । उपन्यासमा प्रयोग गरिएका पात्रहरूले नेपाली समाजको तत्कालीन समयको विषयवस्तुलाई यथार्थपरक रूपमा प्रस्तुत गरेका छन् । यस प्रकार समाजका अन्तर्तहमा लुकेर बसेका विषय प्रवेश भएको हुँदा उपन्यासमा तथ्यको संयोजन भई उपन्यासको कथ्यले विश्वसनीयता प्राप्त गरेको छ ।

### ३.४.३ भोक र भित्ताहरू उपन्यासमा तथ्यको संयोजन

*भोक र भित्ताहरू* उपन्यासमा प्रयोग भएको 'पाटी' शब्दका आधारमा तथ्य विषयको सत्यापन गरिएको छ । उपन्यासको सुरुमै हर्केको परिवारले आश्रयस्थल बनाएको पाटीको परिचय दिने क्रममा उपन्यासकार विष्टले यसरी लेखेका छन्- "पाटी, मक्किँदै गैरहेका दलिनहरू पनि, चर्किँदै गैरहेका भित्ताहरू पनि-अनि छानो पनि चुहिने भैसकेको, ईंटहरू पनि धुलिँदै गएको एउटा एकलासे पाटी (१ ) ।" यस भनाइमा उक्त पाटी काठमाडौँ उपत्यकाको शङ्खमूल नजिकमा रहेको भए पनि तत्कालीन समयमा भने त्यो ठाउँ निर्जन स्थितिमा रहेको बताइएको छ । त्यसैले भुताहा पाटीका नामले परिचित उक्त पाटी जीर्णशीर्ण अवस्थामा रहेको

भौतिक परिचय प्राप्त भएको छ र त्यसबाट उपन्यासमा तथ्यको संयोजन भएको छ । यसको पूर्व सिमानामा स्वस्थानी कथामा वर्णित कोटेश्वर महादेवको मन्दिर, पश्चिम सिमानामा पाटन सहर र बानेश्वरको बस्तीलाई जोड्ने मोटर हिड्नेसम्मको कच्ची सडक, दक्षिणी सिमानामा पवित्र स्थल मानिएको शङ्खमूल घाट अनि उत्तर सिमानामा बानेश्वरको बस्ती बसेको उच्चा भू-भागमा चौडा छाती रहेको छ । यिनै चार किल्ला भित्रको निर्जन फाँटमा पाटी अवस्थित रहेको कुरा उपन्यासमा वर्णन गरिएको छ । यसरी उपन्यासमा उक्त पाटीको वस्तुगत परिचय दिइएको हुँदा यो आफैँमा तथ्यको संयोजन गर्ने सामग्री बनेको छ ।

प्रस्तुत उपन्यासमा धार्मिक सामाजिक विधानअनुसार छोराले गर्नुपर्ने काजकिरियाको विषयलाई तथ्यको संयोजन गर्ने सामग्रीका रूपमा उपयोग गरिएको छ । चन्द्रे आमालाई सेलाएर क्रियापुत्रीका रूपमा घर आएपछि माहुरी साहु र जेठा पुरेतले "छोरोको कर्तव्य हो हेरी आमालाई मुक्ति दिलाउने प्रयत्न गर्नु...(६४)" उल्लेख गरेको पाइन्छ । यस्तै परम्परित धार्मिक संस्कारका नाउँमा छोराको कर्तव्य सम्झाउँदै गाउँका धर्मका ठेकेदार जेठा पुरेतको भनाइ यस्तो रहेको छ- "दान दक्षिणाको काममा मन छोटो पारिस् भने चाहिँने जो तँलाई आफ्नो लाम्टा चुसाएको के काम (६४) ।" सम्बद्ध भनाइमा सांस्कृतिक परम्पराको प्रस्तुतिका आधारमा सांस्कृतिक तथ्यको संयोजन भएको पाइन्छ ।

सामजिक यथार्थवादी उपन्यासमा वस्तु अङ्क, प्रतीक, स्थान, दृश्य आदिलाई विश्वसनीय प्रमाण लाग्ने तथ्यपूर्ण सामग्री मानिएको छ । विवेच्य उपन्यासमा भने भैँसीलाई तथ्य सामग्रीका रूपमा उपयोगमा ल्याइएको देखिन्छ । उपन्यासमा भैँसीलाई चन्द्रेको गरिबीबाट उन्मुक्तिको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । गाउँमा छँदा चन्द्रेको भैँसीप्रति निकै मोह भएको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । यसमा चन्द्रेले आफ्नो सुरक्षित भविष्य देखेको अनुभव हुन्छ । पुरेत र साहुले धर्मसंस्कृतिका नाममा उसको भैँसी हत्याएपछि भागेर काठमाडौँ आएको चन्द्रेले सपनामा पनि भैँसी मात्र देख्छ । काठमाडौँमा पनि ऊ भैँसीको कामको खोजी गर्दागर्दै थाक्छ तर पनि उसको भैँसीप्रतिको मोह भङ्ग हुँदैन । पछि हर्केले किनेको भैँसी पाएर अत्यन्त उत्साही भएको चन्द्रे बिष ख्वाएर त्यो भैँसी मरेको देखेपछि साह्रै चिन्तित हुन्छ । अन्त्यमा हर्केले चन्द्रे र जुनेलीलाई पैसा दिँदा पनि उसले भैँसी किन्न भनेको छ । उपन्यासमा यसरी धेरै पटक दोहोरिँदै आएको भैँसीको प्रसङ्ग यहाँ चन्द्रेलगायत चन्द्रे जस्ता गरिब जनताहरूको आवश्यकता परिपूर्तिको साधनका रूपमा प्रयोग भएको देखिन्छ ।

त्यसैले उपन्यासमा आएको भैंसीको विषय तथ्य संयोजन गर्ने औपन्यासिक सामग्री बनेको पाइन्छ ।

प्रस्तुत उपन्यासमा विश्ववस्तुलाई विश्वसनीयता प्रदान गर्न काठमाडौं उपत्यकाका विभिन्न ठाउँहरूको वर्णन र समाजमा प्रचलित विभिन्न सामग्रीहरूको उपयोग गरिएको छ । बानेश्वर, शङ्खमूल, भद्रगोल जेल, शङ्खमूल नजिकैको पाटी, जगतेको घर, असन, इन्द्रचोक, कोटेश्वर, गौशाला, भद्रकाली, त्रिपुरेश्वर, लुमडीस्थानलगायत उपन्यास विचरण गरेका क्षेत्रका यथार्थ र त्यस ठाउँका मठमन्दिर, पाटी, पौवा, हाटबजार आदिलाई उपन्यासमा प्रस्तुत गरिएको छ । नेपाली समाजका स्थानीय मान्यतालाई प्रस्तुत गर्नका लागि यस्ता ठाउँहरूको वस्तुवर्णन आवश्यक मानिएको छ । यसरी सामाजिक यथार्थवादी उपन्यासमा तथ्यलाई परिपाकमा पुऱ्याउनका लागि उपन्यासमा भूगोलको परिचय हुने आधारमा स्थानको परिचयात्मक वर्णन गरिएको छ । त्यस्तै उपन्यासमा प्रस्तुत विभिन्न ठाउँका दृश्यहरूलाई पनि तथ्यपूर्ण सामग्री मानिएको छ । यहाँ हर्के साहिँला जेल गएको सन्दर्भमा जेलको विम्बात्मक दृश्यको वर्णन उपन्यासकारले यसरी प्रस्तुत गरेका छन्- "साँच्ची, ती अग्ला पर्खाल, अनि अग्ला अग्ला बुर्जामाथिबाट छिन छिनमा कैदीहरूतिर चिप्लने कठोर आँखा अनि त्यस पर्खालभित्र हरहमेशै अडिरहने कैदीपनको गन्धले कति उत्तेजित तुल्याइदिन्थ्यो उसलाई (५) ।" यस्ता दृश्यहरूको वस्तुगत प्रस्तुतिबाट उपन्यासमा तथ्यको संयोजन भएको छ ।

*भोक र भित्ताहरू* उपन्यासमा तथ्यको संयोजनका लागि विभिन्न वस्तुहरूको उपयोग गर्ने क्रममा यहाँ परम्परादेखि चलिआएको वस्तु नभईकन उपन्यासका विभिन्न प्रसङ्गमा प्रयोगमा आएका वस्तुको उल्लेख गरिएको छ । हर्के साहिँलाले जेलमा काम गरेबापत जेलबाट छुट्दा पाएको पैसाले छोरी जुने र श्रीमती झुनेका लागि किनेका कपडा राख्नका लागि बाक्सा प्रयोग गरेको छ । तत्कालीन नेपाली समाजमा घरमा लत्ताकपडा र महत्त्वपूर्ण कागजात राख्न प्रयोग गरिने टिनको बाक्सालाई यस उपन्यासमा पनि तथ्य संयोजन गर्ने वस्तु स्वीकार गरिएको छ । यस्तै यस उपन्यासमा तान्त्रिक विधिको प्रयोगलाई तथ्य संयोजन गर्ने सामग्रीका रूपमा ग्रहण गरिएको छ । कैयौं महिनादेखि लहरे खोकीले ग्रसित चन्द्रेकी आमाको ढ्याङ्ग्रो ठटाएर तान्त्रिक विधिद्वारा उपचार गरेको प्रसङ्ग उपन्यासमा देखाइएको छ । यसमा रोग निको पार्न मसान धपाउने काम पनि गरिएको छ । नेपाली समाजमा तान्त्रिक विधिलाई पनि सामाजिक यथार्थ व्यक्त गर्ने एउटा पद्धति मानिन्छ र उपचारका सिलसिलामा झाँक्रीले लगाउने माला र प्रयोग गर्ने ढ्याङ्ग्रोलगायतका अन्य सामग्री यसमा तथ्य संयोजन गर्ने विषय बनेका

छन् । यही उपचार पद्धतिका विषयमा उपन्यासकार विष्टले लेखेका छन्- "कति भाँक्रीको औषधि लगाइसक्यो, कैयन् भाँक्रीले ढ्याङ्ग्रो ठटाएर मसानलाई धपाइसके फेरि पनि उसकी आमालाई खोकी छाडेको होइन गाउँले वैद्यबाको औषधि-मूलो पनि भयो हेरी । साँगाको पसलमा पाइने डागदरी औषधि पनि खुवाइसक्यो, तर अहँ, कुनै औषधिले पनि पटक्कै छोएको होइन (७१) ।" सम्बद्ध भनाइमा भाँक्रीले ढ्याङ्ग्रो ठटाएर मसान धपाएको, गाउँले वैद्यबाको ओखतीमुलो गरेको र साँगाको पसलमा पाइने डागदरी औषधि गरेको तर त्यसबाट चन्द्रेकी आमाको खोकी निको नभएको प्रसङ्गलाई समेटिएको छ । यसबाट एकातिर सामाजिक यथार्थ अभिव्यक्त भएको छ भने अर्कातर्फ यो विषय उपन्यासमा तथ्य संयोजनको सामग्री बनेको छ ।

सामाजिक यथार्थ बोध गराउनका लागि सन्दर्भअनुरूप चरित्र पनि आफैँ तथ्यपूर्ण सामग्री बनेर उपस्थित भएको पाइन्छ । विवेच्य उपन्यासमा भुने हत्याकाण्डको प्रत्यक्षदर्शीका रूपमा रहेकी जुनेलाई तथ्य संयोजन गर्ने सामग्री स्वीकार गरिएको छ । जगतेले पठाएको मान्छेले दिएको हरेक हुलिया जुनेको हुलियासँग मिल्दोजुल्दो भएको हुँदा उसको मनले जुनेलीलाई जुने नै हो भनेर ठहऱ्याएको पाइन्छ । यस सम्बन्धमा उपन्यासकारको थप भनाइ यस्तो रहेको छ- "तर जुने भुने हत्याकाण्डको सबभन्दा बलियो साछी हो । गाउँका बटारिएका ठिटाहरूलाई उसले त्यो कुरा खोलिदिई भने उसको विरोधमा जुलूस उठ्न सक्तछ । जुलूस उठेपछि हत्याको मुद्दा सोह्र वर्ष पुरानो भएर सिद्धिसके पनि फेरि बिम्झन सक्तछ (१४८) ।" सम्बद्ध भनाइले सामाजिक यथार्थवादी उपन्यासमा कहिलेकाहीँ पात्रले प्राप्त गरेको भूमिकाका आधारमा त्यो पात्रसमेत तथ्यपूर्ण सामग्री हुने मान्यता अनुसार जुनेलाई तथ्य संयोजनको सामग्री स्वीकार गर्न सकिन्छ । यति मात्र होइन, जुनेलीले जगते आफ्नी आमाको हत्यारा हो भनेर प्रत्यक्षदर्शीका हैसियतमा हर्केलाई यसरी सुनाएको छ- "बुझ्नुभो काका, त्यो बजियाले मेरी आमालाई किन मारेको । म सानी केटीलाई मेरी आमाले उसलाई स्वास्नी राख्न दिइनन् रे भनेर ! ल हेर्नुहोस् त पापी मोरो ! एकदम झ्यालबाट आफालिदियो आमालाई । डरले गुहार पनि भन्न सकिन मैले (२०८) ।" यस भनाइमा रहेको जुनलीको अभिव्यक्ति र भूमिका उपन्यासमा तथ्यपूर्ण सामग्रीका रूपमा रहेको छ ।

*भोक र भित्ताहरू* उपन्यासमा प्रयुक्त तिथिमितिलाई पनि तथ्यको संयोजन गर्ने सामग्रीका रूपमा उपयोग गरिएको छ । उपन्यासलाई विश्वसनीय बनाउन इतिहासमा घटेका यस्ता घटनाहरूको तिथिमिति संयोजन गरिएको छ । दुई हजार छत्तिस सालमा उपत्यकामा

रातो मच्छिन्द्रनाथको रथ ढलेको साल भएको हुँदा बालीनाली नसप्रेको जनविश्वासलाई उपन्यासमा प्रस्तुत गरिएको छ । यसै सालमा भएका उपद्रवहरूले पुल भत्काएको र मान्छे मारिएको दृश्य तथा विभिन्न राजनीतिक विचारधाराका नेताहरूले एकअर्काको भर्त्सना गरेको दृश्य उपस्थित भएको छ । प्रमाण लाग्ने मिति र त्यस बेलाका दृश्यहरूको प्रस्तुतिबाट उपन्यासमा तथ्यको संयोजन भएको छ । यस प्रकार सामाजिक यथार्थवादी उपन्यासमा विषयवस्तुलाई विश्वासयोग्य बनाउनु अनिवार्य मानिएको छ । समाजमा घटित भएका घटना वा कामको बेहोरा जस्ताको त्यस्तै गरी प्रयोग भएन भने पाठकमा समाजप्रतिको विश्वास डगमगाउन जान्छ । त्यसकारण सामाजिक यथार्थवादी उपन्यासमा विषयवस्तुलाई तटस्थ, तथ्यपरक र वस्तुपरक बनाउन तथ्यपूर्ण सामग्रीको संयोजन गरिएको पाइन्छ ।

### ३.४.४ ज्योति ज्योति महाज्योति उपन्यासमा तथ्यको संयोजन

*ज्योति ज्योति महाज्योति* उपन्यासलाई कलात्मकताका साथै विश्वसनीय तुल्याउन तिथिमितिको प्रयोग गरेर तथ्यको संयोजन गरिएको छ । यसमा उपन्यासलाई विश्वसनीय बनाउन इतिहासमा घटेका घटनाहरूलाई संयोजन गर्ने क्रममा पशुपतिनाथको मन्दिर निर्माणदेखि त्यसमाथि गरिएको आक्रमण र त्यसको जीर्णोद्धारसम्मका इतिहासका घटनाहरूलाई उपन्यस्त गरिएको छ। उपन्यासमा प्रमाण लाग्ने मिति र तथ्य उपन्यासकारद्वारा यसरी प्रस्तुत गरिएको छ-

> बुझ्नु भो ! वि. सं. १४०६ मङ्सिर महिनामा बङ्गालका सुल्तान हाम सुदीनले राजा मानदेवको पालामा हाम्रो पशुपतिनाथलाई तीन टुक्रा पारिदिएका थिए । कुनै दिन कुरो उठेको थियो त वशिष्ठविक्रम राणासाहेबले त्यसैले त त्यसको राज्य र खानदानकै विनाश भयो भनेर उत्तर दिएका थिए । फेरि एकपल्ट रामप्रसाद तिमिलसिनाले बुझ्नु भो ! यशपुस वर्माले सबैभन्दा पहिले पशुपतिनाथको तीन तलाको मन्दिर बनाएका थिए भनेर के आफ्नो ज्ञानको परिचय दिएका थिए । कृपाराम श्रेष्ठले झन् ऐतिहासिक ज्ञानको परिचय दिएका थिए । वि. सं. १४०१७ मा महामन्त्री जयसिंह रामधनले पशुपति मन्दिर जीर्णोद्धार गरेको कुरादेखिन् लिएर श्री ५ महेन्द्रले जीर्णोद्धार गरेको र निर्माण गरेको मन्दिरसम्मको नाम जनाएर (५१) ।

सम्बद्ध अभिव्यक्तिमा पशुपतिनाथको मन्दिर निर्माण तथा जीर्णोद्धारसम्बन्धी ऐतिहासिक विषय उल्लेख गरिएको छ । विभिन्न समयमा विभिन्न व्यक्तिले मन्दिरको निर्माण तथा पुनर्निर्माण गरेको सन्दर्भबाट उपन्यासमा तथ्यको संयोजन भएको छ । त्यस्तै पशुपतिनाथ मन्दिर र त्यसका सबै दिशाका चाँदीका ढोकाहरू, छानो तथा दुईतले छानोमाथिको गजुरसमेतमा सुनको पालिस र त्रिशूल डमरु झन् सुनको रहेको भन्ने बयानबाट उपन्यासमा तथ्यको संयोजन भएको पाइन्छ ।

प्रस्तुत उपन्यासमा पशुपतिनाथ मन्दिरको परिसरभित्र विभिन्न थरीका व्यवसाय गर्ने मानिसहरूको जमघट हुने गरेको पाइन्छ । यस्तै मान्छेहरूमध्ये एक हो आनन्दनाथ जो त्यस क्षेत्रमा पशुपति गोली विक्री गर्छ र ऊ त्यसको विज्ञापन तथा प्रचार गर्दै भनेको भनाइ यस्तो छ- "तपाईंहरूमध्ये कसैलाई रुघा खोकी र ज्वरोले सताएको छ भने यो पशुपति गोली खानुहोस् । तीन चार मात्रा पेटमा पर्नासाथ निको हुन थाल्छ । अजीर्ण र सबै किसिमको कफसम्बन्धी रोगको निमित्त रामबाण हो यो (१८) ।" सम्बद्ध भनाइमा वर्णित पशुपति गोलीको विज्ञापनसित सम्बन्धित सामग्रीले उपन्यासमा तथ्यको संयोजन भएको छ ।

विवेच्य उपन्यासमा साँचो, पाटी, पसल, जुवा, भजन, मसान, प्रेमपत्र आदि जस्ता ठाउँ तथा वस्तुलाई तथ्यपूर्ण सामग्रीका रूपमा उपयोग गरिएको छ । सुब्बा होमप्रसाद बिरामी भएर पशुपति लैजानुभन्दा पहिले जेठी सुब्बेनी लक्ष्मीले लुकाएको साँचोका बारेमा उपन्यासमा चर्चा गरिएको छ किनभने बिरामी सुब्बाले लक्ष्मीसँग त्यसको बारम्बार प्रसङ्ग उठाएका छन् । बिरामी भएर पशुपतिमा ल्याइएका सुब्बा निको भएपछि त्यसको खुसियालीमा सिन्दुरे जात्रा चलाइएकोमा सुब्बाको ध्यान भने जात्रालुतिर भन्दा साँचोमा रहेको कुरा उसको यस भनाइबाट पुष्टि भएको छ- "त्यसो भए तिमीलाई पक्का विश्वास छ हैन त साँचो त्यहीँ छ भन्ने कुरा ? (४६२) ।" सम्बद्ध भनाइमा साँचोको प्रसङ्ग ल्याउने काम भएको छ । यति मात्र होइन लक्ष्मीले साँचो लुकाएर राखेको गमला हुरीले चोकमा बजारिदिँदा गमला मात्र फुटेको होइन, त्यसभित्र राखेको प्लास्टिकको बट्टा पनि फुटेर त्यसभित्रको साँचो बाहिर निस्किएको अवस्थामा साँचो टिप्न दगुर्दै गएका होमप्रसादले साँचो टिप्न नपाउँदै बतासले उडेर आएको टिनको पाताले घाँटी सेरिएर उसको मृत्यु भएको विषय पनि उपन्यासमा देखाइएको छ । मृत्युशय्यामा पुगी बाँचेर आएका होमप्रसादले पैसा राख्ने दराजको साँचो टिप्नका लागि ज्यानै गुमाएको प्रसङ्गबाट उपन्यासमा तथ्यको संयोजन हुनुका साथै पुँजीवादी युगमा पुँजीवादी अर्थव्यवस्थाको यथार्थ प्रकट भएको छ । यस्तै पशुपति क्षेत्रमा रहेका पाटी, पौवा र त्यसमा

आश्रित निम्नवर्गीय जीवनको विषय औँल्याउने क्रममा जङ्गबहादुरले निर्माण गर्न लगाएको सात कवले सत्तलको प्रसङ्ग पनि समेटिएको छ । कुनै समयमा उक्त सात कवले सत्तलमा घाट ल्याइएका रोगी राख्ने गरिन्थ्यो भने हाल आएर त्यही सात कवले सत्तलमा गजराज बाजे तथा सुभद्रा बजैको परिवार बस्दै आएको उपन्यासमा चर्चा गरिएको छ । यसका अतिरिक्त उपन्यासमा यस क्षेत्रमा रहेका आर्यघाट, राजेश्वरी घाट, भष्मेश्वर आदि विभिन्न घाटहरू, ढुङ्गे पेटीमा निर्मित ब्रह्मनालको चर्चाका साथै यहाँ क्रियाशील विभिन्न सङ्घसंस्था, गुठीहरू, फलफूल तथा पूजासामग्रीका पसलहरू, पुराणवाचक र भजनगायकहरू आदिको प्रस्तुतिबाट उपन्यासमा तथ्यको संयोजन गरिएको छ ।

प्रस्तुत उपन्यासमा निरञ्जनले कुनै कल्पना नाम गरेकी केटी मान्छेलाई लेखेको प्रेमपत्रलाई पनि तथ्यपूर्ण सामग्रीका रूपमा लिइएको छ । उसले कल्पनालाई दिने भन्दै सुभद्रा बजैकहाँ छोड्ने गरेको पत्र सम्बन्धमा भने सुभद्रा बजैलाई चित्त बुझेको छैन । त्यसैले ऊ उक्त पत्र पढेर सुनाइदिन परशुलाई आग्रह गर्दा पत्रको पहिलो पङ्क्तिमा कल्पना नाम गरेकी त्यस स्वास्नीमान्छेको रूपराशिको शब्दचित्र खडा गरिएको छ भने दोस्रो पङ्क्तिमा त्यो रूपराशिले उसको छातीभरि आगो सल्काइदिएको अभिव्यक्ति गरिएको छ । तेस्रो पङ्क्तिमा भने मायारूपी जलले हुरहुरी बलिरहेको त्यो आगोलाई कुन साइतमा निभाइदिन्छ्यौ भन्ने किसिमको प्रश्न गरिएको छ । यसरी पत्रमा भावुक प्रेमको अभिव्यक्ति गरिएको भए पनि उपन्यासमा प्रयुक्त उक्त पत्र चाहिँ तथ्य संयोजन गर्ने सामग्री बन्न पुगेको छ ।

विवेच्य उपन्यासमा तथ्यपूर्ण सामग्री प्रस्तुत गर्ने क्रममा निम्नवर्गीय जीवनको कहालीलाग्दो गरिबीको दृश्यलाई पनि तथ्यपूर्ण सामग्रीका रूपमा प्रस्तुत गरिएको छ । पशुपतिनाथको मन्दिर परिसरमा पेटभरि एक छाक दालभात खान पाइएला कि भन्ने सपना बोकेका लुला, लङ्गडा, अन्धा, डुँडा मानिसहरूको यथार्थ चित्र उपन्यासमा समेटिएको छ । नेपाली समाजको वर्गीय मर्म लुकेको र दयनीय आर्थिक अवस्था भएका मानिसहरूबारे उपन्यासकार विष्टले लेखेका छन्-

> ती मैला र धूस्राहरूमध्ये पनि कुनै स्वास्नीमान्छे बोराको टुक्राले आफ्नो लज्जा छोपी बसेका देखिइरहेका छन् त कुनै स्वास्नीमान्छे लज्जा छोपेर बसिरहेका देखिइरहेका छन् मात्र टालाटुलीले । कुनै कुनै झिना स्वास्नी मान्छेको सुकेको लाम्टालाई उसको काखको झिनो बच्चाले मुख गाडी कटक्क कटक्क टोकिरहेको

छ त कुनै कुनै झिना स्वास्नी मान्छेलाई उसका झिना स्याना ब्यानाले "आमा भोक लाग्यो" भनेर पिरल्न लागेका छन् (१६६ ) ।

प्रस्तुत अभिव्यक्तिमा समाजका अत्यन्त निम्नवर्गीय जीवनको कारुणिक चित्र प्रस्तुत गरिएको छ । यसमा यस्ता मानिसहरूको दृश्य प्रस्तुत गरिएको छ जोसँग लाज छोप्ने एकसरो लुगाकपडा समेत नभएको अनि मुखमा हाल्ने एक गाँस नभएकाले तिनका काखे बालक भोक लाग्यो भन्दै चिच्याइरहेको अवस्थाको वर्णन गरिएको छ । तसर्थ यसमा एकातिर पशुपति क्षेत्र वरपरको समाजमा विद्यमान निम्नवर्गीय जीवनका माध्यमबाट सामाजिक यथार्थ प्रतिविम्बित भएको छ भने अर्कातर्फ त्यस क्षेत्रमा प्रस्तुत गरिएको वर्गीय जीवनको कहालीलाग्दो दृश्यले उपन्यासमा तथ्यको संयोजनका साथै पशुपति वरपरको सामाजिक यथार्थ प्रस्तुत गरेको छ ।

### ३.४.५ हिमाल र मान्छे उपन्यासमा तथ्यको संयोजन

*हिमाल र मान्छे* उपन्यासमा इतिहासमा प्रमाणित भएका मितिलाई तथ्य संयोजन गर्ने सामग्री स्वीकार गरिएको छ । इतिहासमा उल्लेख भएका विवरणलाई उपन्यासमा जस्ताको त्यस्तै प्रस्तुत गर्दा सामग्रीको सत्यापन भएको हो । यस उपन्यासमा सर्वप्रथम सगरमाथा आरोहण गर्ने व्यक्ति र आरोहणको मितिको प्रयोग गरी विश्वसनीयता प्रकट गरिएको छ । यस विषयका सम्बन्धमा उपन्यासकार विष्टले लेखेका छन्- "उनीहरूसँग 'एडमण्ड हेलारी र तेन्जिङ्ग नोर्गेले सगरमाथा कुन मितिमा आरोहण गरेका थिए' भनेर सोध्यो भने 'सन् १९५३-२-२५ मा सफलताका साथ आरोहण गरेका थिए' भनेर तुरुन्तै जवाफ दिन सक्छन् (१३) ।" सम्बद्ध अभिव्यक्तिमा आएका तिथिमिति र व्यक्ति इतिहासमा प्रमाणित भएकाले उक्त मिति र व्यक्तिको प्रस्तुतिबाट तथ्यको संयोजन हुन गई तत्कालीन यथार्थसमेत अभिव्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा यथार्थ तथ्य प्रकट गर्नका लागि आवश्यकताअनुसार चिठीको पनि प्रयोग भएको पाइन्छ । लाक्पा नुर्बु काठमाडौँ गएपछि एक्लोपनको भावनाले त्यसै त्यसै लखेटिन थालेको र गाउँमा पेमा दोर्जीको विरोधमा चित्त बुझ्ने गरी सल्लाह दिन सक्ने मनले खाएको मान्छे कोही फेला नपार्दा लाक्पा नुर्बु छिट्टै आओस् भन्ने उद्देश्यका साथ आङरिगुले बेनामी चिठी पठाएको कुरा उपन्यासमा उल्लेख गरिएको छ । चिठीमा खुम्जुङ, ठमो, ठोसेका उसका ऋणीहरूले एकमतका साथ उसका विरुद्ध लेखिएको दरखास्त तत्कालीन श्री ५ महाराजाधिराज सरकारका हजुरमा पठाउँदैछन् भन्ने बेहोरा लेखिएको पाइन्छ । चिठी लेख्ने व्यक्तिको उद्देश्य अर्कै भए पनि त्यसमा उल्लेख गरिएको विषयले तत्कालीन राजनीतिक सत्ता सम्बन्धलाई

अभिव्यक्त गरेको छ । विशेषतः चिठी र समाजका विषयवस्तुलाई यसमा तथ्य संयोजन गर्ने सामग्री स्वीकार गरिएको छ । किनभने सम्बद्ध विषयले सामाजिक तथ्यको संयोजन गरेको छ ।

तथ्यको संयोजन गर्न साप्ताहिक समाचार पत्रमा प्रकाशित भएको अन्तर्वार्तालाई समेत उपन्यासमा यथार्थपरक रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा अखबारको नाम उल्लेख नभएको भए पनि त्यसको तेस्रो पानामा लाक्पा नुर्बुको अन्तर्वार्ता छापिएको विषयले ठाउँ पाएको छ । अन्तर्वार्तामा अन्तर्वार्ता लिनेले गरेको प्रश्न र आफूले दिएको उत्तर पढेपछि मन्त्रीमण्डल भङ्ग भएर पुनः मन्त्रीमण्डलको चयन हुँदा आफ्नो नाम समावेश हुने कुरामा आफू विश्वस्त भएको विषयको चर्चा गरिएको पाइन्छ । यसले एकातिर नेपाली समाजको तत्कालीन राजनीतिक सत्ता सम्बन्धलाई सङ्केत गरेको छ भने अर्कातिर समाजमा भएका यथार्थ विषय समाचार-पत्रका माध्यमबाट प्रकट हुने गरेको पाइएको छ । यसरी समाचार पत्रका माध्यमबाट उपन्यासमा प्रवेश पाएको विषयवस्तुले समाजको यथार्थ तथ्यलाई अभिव्यक्त गरेको छ ।

प्रस्तुत उपन्यासमा बौद्ध विधानअनुसार गरिने मृत्यु संस्कार तथा नापुरको विषयलाई तथ्य संयोजन गर्ने सामग्रीका रूपमा स्वीकार गरिएको छ । लामाहरूले पेमासुन्दरको मृत्युको तीन दिनपछि विधिविधानअनुसार दाह संस्कार गरेको कुरा उपन्यासमा उल्लेख गरिएको छ । यस समुदायमा दाह संस्कार गर्न लैजाँदा साराका सारा गाउँलेहरूको उपस्थिति रहने र मृत्यु भएको सात दिनमा नापुर गर्ने सांस्कृतिक विषयमाथि जोड दिएर उपन्यासमा नेपाली शेर्पा संस्कृतिको परिचय दिइएको छ (१२६-१२७) । नापुर गर्न आउने लामाहरूले ग्याल्जिन, बुकस्याउ, ढ्याङ्ग्रो आदि बाजा बजाउने र गाउँका साराका सारा मान्छे नापुरमा बाँडिने चामलको पिठोको पिण्ड, घिउ, नुन, रुपियाँ आदि लिन र खानपिन गर्न आउने जस्ता सांस्कृतिक विषयको उपयोगबाट उपन्यासमा तथ्यको संयोजन भएको पाइन्छ ।

## ३.५ निष्कर्ष

दौलतविक्रम विष्टका औपन्यासिक रचनाहरूमा सामाजिक विषयवस्तुको प्रयोग गरिएको छ र त्यसले गर्दा ती उपन्यासहरूमा नेपाली वर्गीय समाजको प्रतिविम्ब प्रस्तुत भएको पाइन्छ । त्यस क्रममा उनका उपन्यासमा नेपाली समाजका उच्च, मध्यम र निम्नवर्गीय जीवनको प्रस्तुतिमा विशेष जोड दिइएको छ । उनका उपन्यासमा उच्चवर्गीय जीवनको

परिवेश ल्याइए पनि उनीहरूको दैवीगुणयुक्त उदात्त चरित्रको चित्रण नगरी उनीहरूभित्र रहेका पाशविक प्रवृत्ति र उनीहरूले तल्लो वर्गप्रति गर्ने अमानवीय व्यवहारलाई देखाइएको छ । उच्चवर्गद्वारा ग्रामीण समाजमा धार्मिक तथा सांस्कृतिक मान्यता एवम् सहरिया समाजमा प्रशासन र न्याय व्यवस्थाका आडमा निम्नवर्गमाथि गरिने शोषण, दमन, अन्याय, अत्याचारलाई प्रदर्शित गरिएको छ । उनका उपन्यासमा नेपाली समाजमा सामन्ती राणाहरूसँगको सामीप्यमा रहेका मध्यम वर्गमा पनि उच्चवर्गीय चिन्तन प्रबल रहेको अवस्था तथा उच्चवर्गका रूपमा नवधनाढ्य वर्गको उदय भएको देखाइएको छ । यो वर्ग धनसम्पत्ति आर्जन गर्नका लागि सत्ता र शक्तिको दुरुपयोग गर्दै जस्तोसुकै कुकर्म गर्न पनि लागिपरेको देखिन्छ । यस क्रममा उनका उपन्यासमा एकातर्फ उच्च वर्गीय जीवनका कुटिल र पतित चरित्रको अङ्कन गरिएको छ भने अर्कातिर विपन्न वर्गका महिला र पुरुष तथा एकल महिलामाथि हुने गरेका वर्गीय, लैङ्गिक शोषणका अनेक रूपहरूलाई देखाइएको छ । यसरी उपन्यासमा तद्युगीन नेपाली सामन्ती समाजका वर्गीय जीवनमा विद्यमान विभेदकारी अवस्थाको प्रतिविम्बन वस्तुगत रूपमा गरिएको छ ।

विवेच्य उपन्यासमा सामाजिक, सांस्कृतिक र राजनीतिक समस्याका चापबाट उत्पन्न आर्थिक सङ्कटलाई मुख्य विषय बनाइएको छ । विष्टका उपन्यासमा अभिव्यक्त वर्गीय समाजमा एकथरी मानिस सम्पन्न र अर्काथरी मानिस विपन्न रहेकाले सम्पन्नको थिचाइ र विपन्नताको मारमा निम्नवर्गीय जीवन सङ्कटग्रस्त रहेको छ । नेपाली समाजमा विद्यमान सामन्ती चिन्तन र परम्पराले गर्दा बालविवाह, बहुविवाह, विधुर विवाहको अङ्गीकार तर विधवा विवाहको निषेध जस्ता सांस्कृतिक, सामाजिक समस्या उत्पन्न भई नारी जीवन अप्ठ्यारोमा पर्न गएको कुरा पनि उपन्यासमा देखाइएको छ । यस्तै उनले आफ्ना जीवनमा देखेभोगेका अनुदार राजनीतिक व्यवस्था र त्यससँगको सामाजिक सम्बन्ध, तत्कालीन असमान तथा महँगो न्याय व्यवस्था र बदलिँदो सामाजिक स्वरूपका कारणले गर्दा पनि उनका उपन्यासका पात्रका जीवनमा अनेक समस्या पैदा हुन गई सङ्कटको सिर्जना भएको पाइन्छ । नेपाली समाजमा विद्यमान वर्गीय विभेद र त्यसबाट सिर्जित सङ्कटग्रस्त जीवनका विषयलाई विश्वसनीय तुल्याउन उपन्यासमा वस्तुगत तथ्यको संयोजन गरिएको छ । त्यसका लागि आपसमा लेखिएका चिठीपत्रहरू, पत्रपत्रिकामा प्रकाशित समाचार, विज्ञापन आदिलाई उपयोगमा ल्याइएको छ । यसै गरी उपहारस्वरूप चिनोका रूपमा दिइएका औँठी तथा अन्य गरगहना, भित्तामा सजाइएका चित्रहरू, अड्डा अदालतमा दिइने नालिस वा उजुरी, प्राचीन

पाटीपौवा, सत्तल, गुठी, मठमन्दिर, स्थानीय दृश्य, तन्त्रमन्त्र विधि र त्यसमा प्रयोग हुने वस्तु र पुस्तान्तरित हुँदै आएका पुराना सामग्रीहरूलाई पनि उपन्यासमा तथ्यका रूपमा संयोजन गरी सामाजिक यथार्थको सत्यापन गरिएको छ । यसरी तत्कालीन नेपाली समाजमा विद्यमान पुरुष एवम् महिला र असहाय एकल महिलाका जीवनका वस्तुगत स्वरूपको यथार्थ प्रतिविम्बन गरिएको छ । यसैले उनका उपन्यासले सामाजिक यथार्थवादी उपन्यास हुनुको कलात्मक मूल्य प्राप्त गरेका छन् ।

# चौथो परिच्छेद

# दौलतविक्रम विष्टका उपन्यासमा भौगोलिक यथार्थ

## ४.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा दौलतविक्रम विष्टका उपन्यासमा चित्रित भूगोलविशेषका सामान्य जनजीवन, रहनसहन, खानपान, पेसा, व्यवसाय, धर्म, संस्कृति जस्ता क्षेत्रीय विषयलाई भौगोलिक यथार्थका रूपमा अध्ययन गरिएको छ । सामाजिक उपन्यासमा मानिसको बाह्य अवस्था र आन्तरिक चिन्तनमा भौगोलिक परिवेशको यथार्थ प्रतिविम्बन भएको हुन्छ । भूगोलका आधारमा मानवीय चिन्तन, चेतना र शारीरिक स्वरूप निर्माण हुने भएकाले समाजको वास्तविक स्वरूप सत्यापन गर्न भूगोलका यथार्थको पहिचान गर्नु पर्ने मान्यता सामाजिक यथार्थवादमा स्थापित छ । लेखकले आफू बाँचेको समाज र समयको प्रतिनिधित्व नगरीकन रचनामा कलात्मक सौन्दर्यको सिर्जना गर्न सक्दैन । तसर्थ रचनालाई सार्थक परिणतिमा पुऱ्याउन त्यहाँको भूगोलको विश्वसनीय स्वरूप प्रस्तुत गरिएको हुन्छ । भूगोलका विशेषताले समाजका व्यक्तिको जीवनमा विशेष प्रभाव पार्ने हुँदा त्यसको प्रतिच्छाया सामाजिक उपन्यासमा व्यक्त भएको हुन्छ । भूगोलका विशेषताको प्रकटीकरणविना सामाजिक उपन्यासको अन्तरङ्ग पक्ष जीवन्त बन्न सक्दैन । दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक यथार्थको सत्यापन भूगोलअनुरूप निरूपण गर्नका लागि सामाजिक यथार्थवादले स्थापित गरेका भौगोलिक यथार्थसम्बन्धी स्थानीय दृश्यसम्पादन, तत्कालीन सन्दर्भ र क्षेत्रीयता बोध जस्ता सैद्धान्तिक प्रतिमानलाई आधार बनाइएको छ । यस क्रममा प्रथमतः यिनै सैद्धान्तिक आधारहरूको परिचय प्रस्तुत गरी तिनकै आधारमा उनका उपन्यासलाई विभिन्न उपशीर्षकमा विश्लेषण गरेर तिनमा प्रतिविम्बित भौगोलिक यथार्थको प्रस्तुति गरिएको छ ।

## ४.२ दौलतविक्रम विष्टका उपन्यासमा स्थानीय दृश्यसम्पादन

सामाजिक यथार्थवादले भूगोलका आधारमा व्यवस्थित समाजको यथार्थ पक्ष उद्घाटन गर्नका निम्ति स्थानीय दृश्यसम्पादनलाई महत्त्वपूर्ण प्रतिमान स्वीकार गरेको छ । सामाजिक यथार्थवादी लेखनमा दृश्य र चित्रले अत्यन्तै पत्यारिलो रूप पाउँछन् र लेखकले परिवेशको अङ्कनमा पनि ध्यान पुऱ्याएको हुन्छ (गौतम, कृष्ण १९) । स्थानीय दृश्यमा खालि बाह्य दृश्यावली मात्र समेटिँदैनन्; पात्रका सामाजिक गतिविधि, मानसिक द्वन्द्व र स्थिति, कथोपकथन, स्वगत कथन जस्ता यावत् कुरा दृश्यभित्र समाहित रहेका हुन्छन् । तिनै कुराबाट पाठकले

कथ्यलाई शब्दार्थ-योगका रूपमा मात्र नभई ठोस वस्तुगत रूपमा घटना र त्यसको परिवेश, परिस्थिति, समय, स्थान आदि सारा कुरा एकै ठाउँ प्राप्त गर्न सक्तछ । नगिना जैनले सार्वभौमिकता र सार्वदेशिकता मात्र साहित्यको विषय नभएर स्थानीयता पनि साहित्यको महत्त्वपूर्ण विषय बन्दछ भन्ने दृष्टिकोण राख्दै यसले विषयवस्तुको व्यापकतालाई समेट्छ भनेकी छन् (६५) । सामाजिक यथाथवादी उपन्यासले स्थानीय समस्याको पहिचान गर्दै त्यसलाई यथार्थ रूपमा प्रस्तुत गरी समस्या समाधानमा सहयोग पुऱ्याउँछ । त्यसैले यसमा भौगोलिक यथार्थको चित्रणका क्रममा स्थानीय बासिन्दाका समस्या र त्यहाँको वस्तुस्थितिको सम्पूर्ण पक्षको यथार्थतालाई व्यक्त गर्ने काम गरिएको हुन्छ । त्यसकारण चेतनाले ग्रहण गरेका विषयलाई सिर्जनामा उठान गर्दा स्थानीय दृश्यसम्पादन अझैँ महत्त्वपूर्ण भई उपस्थित हुन्छ । लेखकले आफू बाँचेको समाज, परिवेश र सामाजिक प्रतिविम्ब आफ्ना कृतिमा अङ्कित गर्ने काम गर्दछ (पाण्डेय, मैनेजर १५३) । यस प्रकार सामाजिक यथार्थवादी उपन्यासमा स्थानीय विषयलाई गहन अनि सूक्ष्म महत्त्वका साथ प्रस्तुत गरिएको हुन्छ । सामाजिक यथार्थवादी लेखकको नैतिक जिम्मेवारी के पनि हो भने बाह्य अवस्थामा परिचित हुन सक्ने दृश्यको संयोजन उसमा सहसा उपस्थित रहनुपर्दछ । बाहिरी परिस्थितिका साथसाथै आन्तरिक क्रियाकलापलाई पनि समावेश गर्नु दृश्यसम्पादनअन्तर्गत रहने विषय बन्न जान्छ (श्रीवास्तव, शिवनारायण ५७४) । यस दृष्टिले दौलतविक्रम विष्टका उपन्यासमा पाइने स्थानीय दृश्यसम्पादनसम्बन्धी यथार्थ यहाँ विश्लेषण गरिएको छ ।

### ४.२.१ मञ्जरी उपन्यासमा स्थानीय दृश्यसम्पादन

*मञ्जरी* उपन्यासमा काठमाडौँ उपत्यकाको भूगोलमा व्यवस्थित मानवीय आचरण र व्यवहारलाई स्थानीय दृश्यसम्पादनका माध्यमबाट प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा मिश्रीबजै र कप्तान्नी मखनाको परिवार बसोबास गरेको बालाजु क्षेत्रको दृश्यसंयोजनका साथसाथै पूर्णतः विकसित भई नसकेको काठमाडौँ उपत्यकाको तत्कालीन अर्धविकसित समाज र त्यस समाजका शैक्षिक, धार्मिक, राजनीतिक र सामाजिक जागरणका विषयलाई समेत स्थानीय दृश्यसम्पादनका माध्यमबाट प्रस्तुत गरिएको छ । यस विषयको पुष्टि गर्दै उपन्यासकार विष्टले यसरी लेखेका छन्- "उनको मनमा एक पल्ट बालाजुको सारा दृश्य उदायो (१६५) ।" यस भनाइमा बालाजु क्षेत्रको सामजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक र राजनीतिक परिदृश्य समेटिएकोतर्फ सङ्केत गरिएको छ । कैलासद्वारा त्यस क्षेत्रमा धर्मको उत्थानका लागि 'धर्म सभा' को गठन गरिएको र त्यसका माध्यमबाट निःशुल्क नारी तथा

दलित शिक्षा र सामाजिक सेवालगायतका विषयले प्राथमिकता पाएको छ । उपन्यासमा यी विषयको प्रस्तुतिका माध्यमबाट स्थानीय दृश्य संयोजन हुन गएको छ। यस्तै उपन्यास विचरण गरेका काठमाडौँ उपत्यकाका बालाजु, रानीवन, कुमारीचोक, शोभाभगवती, डिल्लीबजार, थापाथली, सोह्रखुट्टे, नयाँसडक जस्ता ठाउँहरूलाई उपन्यासमा कार्यपीठिका बनाइएको छ र त्यहाँका सामाजिक समस्याहरूलाई ती ठाउँहरूसँग जोडेर वर्णन गरिएको हुँदा उपन्यासमा स्थानीय दृश्य संयोजन हुन गएको छ ।

प्रस्तुत उपन्यासमा समाज र भूगोललाई केन्द्र भागमा राखेर स्थानीय दृश्यसम्पादन गर्ने क्रममा नेपाली समाजमा अपहेलना सहँदै जीवन बिताउन विवश बनाइएका नारी र नेपालको राजनीतिक सामाजिक परिवर्तनका लागि लागेका युवाहरूको समाजमा रहने भूमिकाको सजीव चित्रण स्थानीय दृश्यसँग जोडेर प्रस्तुत गरिएको छ । यस सम्बन्धमा उपन्यासकार विष्टले लेखेका छन्- “पूर्वीपहाडको छातीमा क्रान्ति हुँदा यति आइमाईहरूले खोलामा हाम्फालेर, घाँटीमा पासो लगाएर, खुकुरीले घाँटी सेरेर आफ्नो प्राण दिए–त्यसको केही साँदी नै रहेन (१२२) ।” यस भनाइमा राणाशासनका विरुद्ध नेपालका विभिन्न भू-भागमा चलेको क्रान्तिमा समाजका सबै तह र तप्काका जनताको सहभागिता रहेको तथा खास गरेर महिलाहरूको पनि त्यसमा सक्रिय संलग्नता रहेको कुरामा विशेष जोड दिइएको छ । यसमा खास गरेर पूर्वी पहाडमा भएको जनक्रान्तिमा होमिएका कति महिलाहरूले खोलामा हामफालेर त कतिले घाँटीमा पासो लगाएर त कतिले खुकुरीले घाँटी सेरेर जीवन गुमाउनु परेको राजनीतिक परिदृश्य प्रस्तुत गरिएको छ । यसबाट पूर्वी पहाडमा भएका राजनीतिक क्रियाकलापलाई स्थानीय दृश्यसँग संयोजन गरेर प्रस्तुत गरिएको छ । त्यस्तै यसमा कतै राणाकालीन समयको र कतै प्रजातन्त्रप्राप्ति पछिको समय र समाजको छायालाई प्रतिविम्बन गर्दै तत्कालीन सामाजिक तथा राजनीतिक जीवनलाई समेटेर स्थानीय दृश्यसम्पादन समेत गरिएको पाइन्छ ।

*मञ्जरी* उपन्यास-रचनाको कार्यस्थल बनाइएको काठमाडौँका बालाजु, नागरजङ्ग डाँडाजस्ता भू-भागको वर्णन प्राकृतिक दृश्यावलीका रूपमा गरिएको छ । यस सम्बन्धमा उपन्यासकार विष्टको भनाइ यस्तो रहेको छ- “मानौँ त्यो बालाजुको हरियो छाती, नागरजङ्गको आफ्नो छातीमा सदियौँको इतिहासका झिल्का दबाएर स्थिर रहेको साल, सल्ला, सिरिस, काफल, कालीकाठ, चाँप आदि सुन्दर वृक्षहरूका ओढ्ने ओढी बसेको पहाड, अनि त्यो सडक, त्यो खेत, सबै सबै प्रकृतिले उनकै निम्ति निर्माण गरिरहेको थियो (१७८) ।” प्रस्तुत

अभिव्यक्तिमा एकातिर बालाजुको स्थानीय सुन्दर प्राकृतिक दृश्यवली प्रस्तुत गरिएको छ भने अर्कातिर त्यहाँको सामाजिक जीवनको ऐतिहासिकता अभिव्यञ्जित गरिएको छ ।

प्रस्तुत उपन्यासको कार्यपीठिका बनाइएको काठमाडौँका स्थानीय दृश्यलाई सम्पादन गर्ने क्रममा उपन्यासकार विष्टले लेखेका छन्- “मोटर कप्तान्नीको घरको ढोकाबाट बालाजुबजार, बालाजु बजारबाट विष्णुमतीको पुल, विष्णुमतीको पुलबाट सोह्रखुट्टे पाटी, सोह्रखुट्टे पाटीबाट नयाँसडक सिनेमा भवनमा गएर रोकियो (२४९) ।” सम्बद्ध वर्णनबाट उपन्यासमा काठमाडौँका विभिन्न सडक, बजार ठाउँको स्थानीय दृश्यसम्पादन हुनुका साथै मोटरको प्रसङ्गबाट विकसित हुँदै गरेको सहरिया सभ्यताको प्रस्तुतिसमेत भएको पाइन्छ । यस्तै उपन्यासमा नेपालका विभिन्न पहाडी भू-भाग र भारतका बनारस, बेङ्गलोर आदि ठाउँहरूको नाम मात्र समावेश भएको छ र उपन्यासको समग्र कार्यपीठिका काठमाडौँ उपत्यकामा मात्र सीमित रहेको हुँदा उपन्यासमा नाम मात्र समावेश भएका ठाउँहरूको भने स्थानीय दृश्यसम्पादन गरिएको छैन । यसरी काठमाडौँका विभिन्न ठाउँहरूको वर्णन र तिनमा उपन्यासको कथानक विचरण गरेकाले उपन्यासमा स्थानीय दृश्यसम्पादन मूलभूत रूपमा सहरिया परिवेशमा केन्द्रित रहेको र त्यसमा तत्कालीन स्थानीय जीवनले समग्रतामा ठाउँ पाए पनि स्थानीय भूगोलका यथार्थताको प्रस्तुतिका दृष्टिले भने प्रस्तुत उपन्यास कमजोर नै देखिएको छ ।

### ४.२.२ एक पालुवा अनेकौँ याम उपन्यासमा स्थानीय दृश्यसम्पादन

*एक पालुवा अनेकौँ याम* उपन्यासमा मूलभूत रूपमा तराई तथा अंशतः काठमाडौँको स्थानीय दृश्यसम्पादन गरिएको छ । यस क्रममा काठमाडौँ उपत्यकामा अवस्थित कमलका जेठा बाको घर, दरबार हाइस्कुल, पशुपति, स्वयम्भू, विजयेश्वरी, ठहिटी, बौद्ध, गोकर्ण र तराईका मकवानपुर, कलैया, दाङ, वीरगन्ज, चैनपुर, विराटनगर, माइस्थल, झापा, गौरीगन्ज, हाटखोला आदिको सेरोफेरोलाई उपन्यासको कार्यपीठिका बनाइएको हुँदा त्यहीँको दृश्यसम्पादन गरिएको छ। यसमा राणाशासनको क्रूरता र सम्भ्रान्त वर्गको विलासिता विशेषतः काठमाडौँ उपत्याकामा प्रकट भएको छ भने मध्यम तथा निम्नवर्गीय गतिविधिहरू तराईको भूगोलमा बढी प्रकट भएका छन् । भारतका रक्सौल, जोगबिनी, मुजफ्फरपुर, चारधाम र नेपालका भोजपुर, सल्यान जस्ता ठाउँहरू पनि प्रसङ्गवश स्थानीय दृश्यसम्पादनका लागि उपयोग गरिएका छन् ।

प्रस्तुत उपन्यासले धेरै भूगोल ओगटे पनि स्थान विशेषको मात्रै सघन चित्र प्रस्तुत गरेको छ । यसमा दरबार स्कुल पढ्दा कमल बसेको जेठा बाजेको घरको कोठा, कमलको मकवानपुरे माइजू, जेठकी मालकिनीको घर र त्यहाँको सेरोफेरो, तारालाई जोगबिनी रेल चढाएर घर फर्कदा बाटामा देखिएका दृश्यशृङ्खलाहरू, कमलको तराई (झापा, गौरीगन्ज) को घर, बाटिका, कालीको मन्दिर जस्ता ठाउँहरूको सघन रूपमा दृश्य सम्पादन गरिएको छ। कमल चार, पाँच वर्षपश्चात् घर फर्किंदा उसको घरको स्थानीय दृश्य उपन्यासमा यसरी प्रस्तुत गरिएको छ- "उसका आँखा फेरि वरिपरिका घरहरू र हाटखोलालाई छाडेर आफ्नो घरको मोहडाको काठका बारहरूमा पर्छ। ती छाँट परेका काठका बारहरूलाई उसकी आमाले बनाउन लगाएकी थिइन् पारि मुगलानबाट मिस्त्री बोलाएर (१२३) ।" यस अभिव्यक्तिमा कमलको गौरीगन्जस्थित घरवरपरको स्थानीय दृश्य प्रस्तुत भएको छ र यसबाट उसको पूर्वस्मृति अगाडि आएको छ । यस्तै उपन्यासकार कमलका घरको स्थानीय दृश्य प्रस्तुत गर्ने क्रममा विष्टले अगाडि लेखेका छन्- "अगाडि एउटा अग्लो पुरानो बाँसको पर्खाल छ। त्यस पर्खालभित्र छ एउटा ठूलो आँगन । त्यो बाँसको टाटीले त्यस आँगनको तीनतिरको घरलाई पर्दाभित्र लुकाइदिएको छ (१२५) ।" सम्बद्ध कथनबाट उपन्यास तराईको भूगोलमा केन्द्रित रहेको र यसमा त्यहीँको ग्रामीण स्थानीय दृश्य समेटिएको पाइन्छ।

प्रस्तुत उपन्यासमा कमल तारालाई जोगबिनी रेल चढाएर घर फर्कदा बाटामा देखिएका स्थानीय दृश्यावलीको वर्णन गर्न उपन्यासकार यसरी प्रस्तुत भएका छन्- "उसको मनको एउटा सूक्ष्म तार हिँड्दै तिरहुतेहरूलाई छाडेर उसको गाउँसँग जोडिन आइपुग्छ उसको अनजानमै । रामचन्द्रेपछि गौरिया खोला, गौरिया खोलाको पूर्वपट्टिको ठूलो पाखोमा टिन र फुसका सय-सवा सय पसल, घर, हाटखोलाको बीचमा कालीथान (१२०-१२१) ।" सम्बद्ध वर्णनमा तराईका विभिन्न स्थान तथा खोलानाला र आवासको प्रकृतिको दृश्यसम्पादनका माध्यमबाट त्यहाँको सामाजिक जीवनको यथार्थ प्रस्तुत भएको छ।

प्रस्तुत उपन्यासले तराईको भूगोलमा विद्यमान रहेका विशेषताहरूलाई वरण गरेको छ र सोही आधारमा उपन्यासमा स्थानीय दृश्यसम्पादन गरिएको छ । त्यहाँको भूगोलको मोटामोटी विवरण, पात्रको स्थानीय बोली, उनीहरूले गाउने गीत, राति गाइने तुलसीकृत रामायणको भजन, त्यहाँ आएको कालज्वरको प्रकोप, धान काट्न आउने तिरहुते देहातीहरूको भिड, उनीहरूले मोरङ पस्दा र फर्कदा वनदेवतालाई गर्ने पुकारा र आचरण, विपन्न भए पनि स्थानीय बासिन्दाहरू धान काट्न वा अन्य श्रममा सकभर लाग्न नखोज्ने प्रवृत्ति,

मोरङ्गियाहरूको भूत पिचासमाथिको अन्धविश्वास, डाँकाहरूको जगजगी, विपन्न भए पनि धेरै सन्तान पाउने चलन, धेरै नग्नावस्थाको पहिरन, पोखरीमा नुहाउने जस्ता जीवनपद्धतिलाई समेटेर उपन्यासमा स्थानीय दृश्यसम्पादन गरिएको छ । यस्तै कमलको गाउँ गौरीगन्जको सेरोफेरोमा पर्ने हाटखोलाको दृश्यसम्पादन गरिएको छ । यसको चिनारी गराउँदै उपन्यासकारले लेखेका छन्-

> शनिबार र बुधबारका दिन त्यो हाटखोला अनुहारैअनुहारले छोपिन्छ । बैलगाडा भरीभरी धान, पटुवा, तोरी लादेर आएका ताजपुरे गनगाई, राजवंशीहरूका अनुहार, पारि मुगलानबाट धान खरिद गर्न रित्ता गाडा लिएर आउने मुसलमानहरूका अनुहार, मारवाडीहरूका अनुहार, बनियाँका अनुहार, हलुवाईका अनुहार । अनुहारैअनुहारका गाइँगाइँगुइँगुइँले हाटखोलाभरि रमाइलो ओर्लिन्छ (१२१) ।

सम्बद्ध कथनमा हाटखोलामा शनिबार र बुधबारका दिन लाग्ने मेलामा ताजपुरे गनगाई र राजवंशीहरू बैलगाडा भरिभराउ धान, पटुवा र तोरी लादेर आएका देखिन्छन् भने पारि मुगलानबाट मुसलमानहरू, मारवाडीहरू, बनिया र हलुवाई धान खरिद गर्न रित्ता गाडा लिएर आएका देखा पर्दछन् भन्ने अभिव्यक्ति प्रस्तुत गरिएको छ । यसमा उक्त दिन लाग्ने स्थानीय व्यापारमेलाको दृश्यसम्पादनका माध्यमबाट त्यहाँको सांस्कृतिक तथा सामाजिक आर्थिक जीवनको प्रस्तुति भएको पाइन्छ ।

*एक पालुवा अनेकौँ याम* उपन्यासको कथानक तराईका अतिरिक्त काठमाडौँका विभिन्न स्थानमा समेत विचरण गरेको छ । त्यसैले ती क्षेत्रको स्थानीय दृश्यसम्पादन उपन्यासमा भएको छ । उपन्यासमा प्रयोग भएका स्थानहरूको नाम र तिनको वर्णन भएको अवस्थालाई हेर्ने हो भने कमलादी, क्षेत्रपाटी, बालाजु, विष्णुमती, पशुपति जस्ता ठाउँहरूलाई उपन्यासमा कार्यपीठिका बनाइएको छ । उपन्यासमा काठमाडौँका स्थानीय दृश्य यसरी सम्पादन गरिएको छ-

> हिँड्दा हिँड्दै एकाएक अस्वभाविक मान्छेझैँ उसको बाटो फर्किन्छ । केही छिनपछि ऊ स्वयम्लाई शोभाभगवतीको पुलपारिको थुम्कोमा उभिएको पाउँछ । मान्छेको हूलहाल छैन । वैराग्यको चिच्च्याइ दगुरिरहेझैँ धमिलोपन छ, शून्यपन छ वातावरणमा । थुम्कोमुन्तिर विष्णुमतीको किनारैनिर एउटा चिता बलिरहेको देखिन्छ । त्यसमाथिको मुडुलो आकाशमा कालो धूवाले आच्छादित छ मान्छेको

मासु पोलिएको गन्ध बाटो रुभ्फाउँदै बताससँगसँगै पातलिएर दौडन थाल्छन् (२९४) ।

प्रस्तुत अभिव्यक्तिमा शोभाभगवतीको पुलपारिको थुम्कोको दृश्यसम्पादन गर्ने क्रममा थुम्कोमुन्तिर विष्णुमतीको सुनसान किनारलाई देखाइएको छ । त्यस ठाउँमा दाहसंस्कार गर्ने प्रचलनअनुसार दाहसंस्कार भइरहेको छ र त्यही स्थानीय दृश्यका माध्यमबाट मान्छेमा वैराग्य भाव उत्पन्न भएको सङ्केतसमेत यसमा गरिएको छ ।

उपन्यासकार विष्टले काठमाडौँको स्थानीय दृश्यसम्पादन गर्ने क्रममा प्राकृतिक दृश्यावलीको समेत उपयोग गरेका छन् । उपन्यासमा वर्णित विषय स्थानीय दृश्यसम्पादनका लागि साक्ष्य बनेको छ । यसलाई स्पष्ट पार्न उपन्यासकार यसरी प्रस्तुत भएका छन्- "ऊ तिनीसँगसँगै उठेर ती झरझर झरिरहेका बाइसवटा ढुङ्गेधारालाई छाडेर सिँढी उक्लिन्छ । तारा बिचको पोखरीको डिलमा बस्छिन् । पश्चिम डाँडापारिको क्षितिजमा सङ्ग्रिएका लाली झन् झन् सङ्ग्रिँदै जान्छन् (२६९) ।" सम्बद्ध प्राकृतिक दृश्यावलीको प्रस्तुतिबाट उपन्यासमा सौन्दर्य सृष्टि हुन गएको छ र तारा र कमल यही सुन्दर प्रकृतिमा रमाउँदै तत्कालीन राजनीतिक विषयमा गम्भीर चिन्तन गरिरहेका देखिन्छन् । यस्तै उपन्यासमा तत्कालीन निरङ्कुश राजनीतिक व्यवस्थाको परिवर्तनका लागि लागेका देशका युवायुवतीहरूको जेल जीवनको चित्रण गर्दै उपन्यासकारले त्यस सम्बन्धमा यसरी लेखेका छन्- "त्यो झ्यालतल सल्लाघारी छ, सल्लाघारीदेखिन् पर सिंहदरबारको क्याम्पाभित्रको फाँट अनि त्यसपछि अग्लाअग्ला पर्खाल । ऊ त्यो झ्यालबाट हामफाल्यो भने पहिले सल्लाघारीमा पुग्छ त्यसपछि फाँटमा (२८७) ।" यस अभिव्यक्तिमा सिंहदरबारको क्याम्पाभित्र अग्लाअग्ला पर्खालले घेरिएको जेल र त्यसमा राखिएका राजनीतिक बन्दीको दृश्यसंयोजनबाट तत्कालीन सत्ता सम्बन्धको राजनीतिक दृश्य प्रतिविम्बित हुन पुगेको छ ।

### ४.२.३ भोक र भित्ताहरू उपन्यासमा स्थानीय दृश्यसम्पादन

*भोक र भित्ताहरू* उपन्यासले काठमाडौँका विशेष गरी बानेश्वर, शङ्खमूल, पाटन, भद्रगोल जेल जस्ता ठाउँहरूलाई कार्यपीठिका तुल्याएको छ । त्यसमा पनि शङ्खमूल नजिकैको पाटी र जगतेको घर मूल कार्यस्थलका रूपमा रहेका छन् भने काठमाडौँका असन, इन्द्रचोक, गौशाला, भद्रकाली, त्रिपुरेश्वर, कोटेश्वर, लुमडीस्थान, नयाँसडक, पशुपति, महाङ्काल आदि विभिन्न ठाउँहरूको वर्णन र ती ठाउँहरूमा उपन्यासको कथानक विचरण गरेको हुँदा त्यहीँ

ठाउँको स्थानीय दृश्यसम्पादन गरिएको छ । हर्के र जगतेको गाउँ कोथोगोरो र चन्द्रेको गाउँ ललिनचोकलाई प्रसङ्गवश पूर्वदीप्ति शैलीमा वर्णनमा ल्याएको भए पनि यसमा मूलतः काठमाडौँ उपत्यकाको सहरिया परिवेशले नै प्राथमिकता पाएको छ । उपन्यासको थालनीमै उपन्यासकार विष्टले स्थानीय दृश्य यसरी प्रस्तुत गरेका छन्- "जनकोलाहलबाट टाढा अँगालोभरिभरि चकमन्न स्थितिलाई सोहोरिरहेको किसिम किसिमका बाली लाग्ने एउटा ठूलो फाँट-अनि बीच फाँटको एउटा उच्चा किसिमको भू-भागमा यौटा पाटी (१) ।" यस वर्णनबाट काठमाडौँ उपत्यकाको शङ्खमूलस्थित निर्जन पाटीको दृश्यसम्पादन हुनुका साथै त्यसले उपन्यासको भावी जीवन उपेक्षा र तिरस्कारले विद्रूप बन्न सक्छ भन्ने पूर्व सङ्केत दिएको छ ।

प्रस्तुत उपन्यासमा काठमाडौँका विभिन्न स्थानीय दृश्यहरूलाई उपन्यासमा यसरी वर्णन गरिएको छ- "बिडीको धुवाँ उडाउँदा उडाउँदै उसका आँखा लुमडीथानभन्दा पनि पछाडिको दृश्यलाई टिप्ने प्रयत्न गर्न थाल्दछ । लुमडीथानभन्दा पछाडि छ सिंहदरबारको क्याम्प, सिंहदरबारभन्दा पनि पछाडि छ बानेश्वरको बस्ती (३) ।" यस वर्णनमा लुमडीथानभन्दा पछाडि रहेको सिंहदरबार क्याम्प र त्यसभन्दा पछाडिको बानेश्वरको बस्तीको दृश्य संयोजनबाट त्यहाँको मानवबस्ती र तिनका सामाजिक क्रियाकलाप प्रस्तुत गरिएको छ । यति मात्र होइन, यस उपन्यासको कथ्यको संरचनात्मक विश्लेषण गर्दा यसको प्रारम्भ पनि काठमाडौँको शङ्खमूलस्थित एउटा निर्जन पाटीबाट भएको छ भने समापन पनि उपत्यकाका विभिन्न ठाउँहरूको स्थानीय दृश्यसम्पादन गर्दै शङ्खमूलको निर्जन पाटीमा आएर भएको छ ।

प्रस्तुत उपन्यासमा समाजमा विद्यमान रहेका चरित्रलाई स्थानीय दृश्य सम्पादनका माध्यमबाट परिचित गराउने काम भएको छ। स्थानीय भौगोलिकताबाट व्यक्तिका क्रियाकलाप निर्धारण हुने भएकाले उसले निर्वाह गर्ने भूमिकाका आधारमा बाह्य तथा आन्तरिक दृश्यले मानिसका यथार्थ बोध हुन सक्ने विषयलाई प्रधान मानिएको छ । उपन्यासमा प्रयोग भएका हर्के, जगते, चन्द्रे, जुनेली आदि पात्रहरूका क्रियाकलापलाई उपन्यासमा स्थानीय परिस्थितिअनुसार उठान गरिएको छ र उपन्यासका ती पात्रहरू विचरण गरेको परिवेशबाट स्थानीय दृश्यसम्पादन भएको छ । सहरमा बाँच्नका लागि सङ्घर्ष गर्ने क्रममा भौतारी रहेका चन्द्रे र जुनेलीका सम्बन्धमा स्थानीय दृश्यसँग संयोजन गर्दै उपन्यासकारले लेखेका छन्-

> बस त निकै रोकिएका छन् । कुनै पाटनढोकाबाट आएका बस त कुनै टङ्गाल, नक्साल र डिल्ली बजारको परिक्रमा गरेर आएको बस । कुनै गौशालाबाट आएको बस त कुनै क्षेत्रपाटी र बालाजुको परिक्रमा गरेर आएको बस । तर लगनखेलबाट भर्खर भर्खर आइपुगेको बसको पहिलो ढोकाबाट ओर्लिन्छे जुनेली, अनि त्यस बसको पछिल्लो ढोकाबाट ओर्लिन्छ चन्द्रे । सुकिलो नै सुकिलोको बीचमा यौटा मैला कपडा फिजाए जस्तो (६१) ।

सम्बद्ध कथनमा विभिन्न ठाउँबाट आएका बसहरू तथा त्यसमा यात्रा गर्ने यात्रुहरूसँगै बसको पछिल्लो ढोकाबाट बाहिर ओर्लिएका चन्द्रे र जुनेलीलाई सुकिला कपडाका बिचमा रहेका मैला कपडाको रूपमा प्रस्तुत गरिएको छ । यसले चन्द्रे र जुनेलीको गरिबीको चित्र प्रस्तुत गरेको छ र त्यसलाई तत्स्थानिक भूगोलमा प्रदर्शन गर्ने कामसमेत  गरिएको छ। यस्तै उनीहरूले कामका लागि सहरका ठेकेदार लगायत थुप्रै व्यक्तिहरूसँग सोधपुछ गर्ने क्रममा उनीहरूविचरण गरेका परिवेशबाट स्थानीय दृश्यसम्पादन भएको छ । यस विषयलाई स्पष्ट पार्दै उपन्यासकार विष्टले अगाडि थप लेखेका छन्- “सिनामङ्गलबाट उनीहरू फेरि सोभै पुरानो बानेश्वरतिर पुग्छन् । बागमतीको पुल तरेर केही माथि उक्लिएपछि नयाँ बन्न लागेका घरहरूमाथि उनीहरूका आँखा मानौँ अट्किन्छन् । कुनै घरमा ढलान भै सकेको छ त कुनैमा माथिल्लो तलामा तला थप्ने काम चलिरहेको छ। काम पाउन सक्ने सम्भावना निकै फराकिलो छ (१२८) ।” यस प्रसङ्गबाट कामका खोजीमा भौतारिरहेका युवायुवतीको अवस्थालाई काठमाडौँको स्थानीय दृश्यसँग जोडेर प्रस्तुत गरिएको छ । उपन्यासमा चन्द्रे र जुनेली बाह्य रूपमा चोरी कार्यमा संलग्न देखिए पनि आन्तरिक रूपमा भने उनीहरूभित्र मानवतावादी सोच रहेको पाइन्छ किनभने उनीहरूले उपन्यासमा सबैले बाँच्न पाउनु पर्छ भन्ने दृष्टिकोण राखेको पाइन्छ । उपन्यासको अर्को पात्र जगतेले तत्कालीन समाजमा बाह्य रूपमा नवधनाढ्यको परिचय बनाए पनि उसको चरित्र चाहिँ घृणित प्रकृतिको रहेको देखा पर्दछ । यसरी उपन्यासमा प्रयोग भएका पात्रहरूका सामाजिक क्रियाकलाप र प्राप्त गरेको पहिचानलाई स्थानीय परिस्थितिअनुसार संयोजित गर्दै यिनले विचरण गरेका परिवेशबाट स्थानीय दृश्यसम्पादन गरिएको छ ।

### ४.२.४ ज्योति ज्योति महाज्योति उपन्यासमा स्थानीय दृश्यसम्पादन

*ज्योति ज्योति महाज्योति* उपन्यासमा मूलतः पशुपति क्षेत्र वरपरको स्थानीय दृश्य प्रस्तुत गरिएको छ । माधव घिमिरेले *ज्योति ज्योति महाज्योति* उपन्यासको प्रकाशकीयमा

उपन्यासको कथ्यबारे प्रकाश पार्दै यो पशुपतिको ज्योतिर्लिङ्ग र त्यसको अलौकिक आलोक वरिपरिको लौकिक परिवेशमा निर्मित रहेको बताएका छन् । सम्बद्ध कथनबाट पनि उपन्यासको समग्र वर्णन पशुपति क्षेत्रको सेरोफेरोमा केन्द्रित रहेको पुष्टि भएको छ । पशुपति क्षेत्रका विभिन्न स्थानहरूको विशेषताको चित्रण गरी स्थानीय दृश्यको सम्पादन गरिएको यस उपन्यासको प्रारम्भ पनि पशुपति क्षेत्रबाट गरिएको छ भने यसको समापन पनि यसै क्षेत्रबाट भएको पाइन्छ । यस सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "उसको कण्ठस्वरबाट गुञ्जँदै आइरहेको त्यस स्तुतिबाट सबभन्दा पहिले स्पर्शित हुने गरेका छन् जयवागेश्वरी र त्यसको सेरोफेरोका कानहरू । त्यसपछि क्रमशः टाठा हुँदै जान्छन् देवपाटनको गल्ली किसिमको सडकदेखिन् गौरीघाटसम्मका कानहरू एकपछि अर्को, अर्कोपछि फरि अर्को, अर्को (२) ।" यस अभिव्यक्तिमा पनि उपन्यासको समग्र कार्यपीठिका पशुपतिकै सेरोफेरोमा केन्द्रित रहेको पुष्टि भएको छ । यसमा खास गरेर पशुपति क्षेत्र वरपरका देवपाटन, जयवागेश्वरी, वेदविद्याश्रम, वनकाली, पञ्चदेवल, मृगस्थली, वासुकी स्थान तथा बागमती र यसका किनारमा रहेका गौरीघाट, कैलासघाट, आर्यघाटको वर्णन र तिनमा उपन्यासको कथानक विचरण गरेको हुँदा उपन्यासमा स्थानीय दृश्यसम्पादन त्यस क्षेत्रको परिवेशमा बाँधिएको पाइन्छ । यस्तै पूर्वदीप्ति शैलीमा स्यङ्जा सेतीदोभान, नौडाँडा, नेपालको उत्तरी सिमाना, काठमाडौँ बत्तिसपुतली जस्ता ठाउँहरूको समेत उपन्यासमा स्थानीय दृश्यसम्पादन गरिएको छ । उपन्यासमा ककिनेटो, रङ्गाठाँटी, वागलुङ, पर्वत, भैरवा तथा भारतका गोरखपुर, बनारस, जगन्नाथ आदि ठाउँहरूको पनि प्रसङ्गवश नाम उल्लेख गरिएको छ ।

प्रस्तुत उपन्यासमा विद्यमान रहेका चरित्रलाई एकातिर स्थानीय दृश्यका माध्यमबाट परिचित गराइएको छ भने अर्कातिर स्थानीय दृश्यबाट नै तिनका अभिव्यक्ति र क्रियाकलाप निर्धारण गरिएको पाइन्छ । प्रस्तुत उपन्यासमा प्रयोग भएका शङ्कर, प्रजाम्बी, परशु, दिनानाथ, सुभद्रा, गजराज आदि पात्रहरूका क्रियाकलापलाई स्थानसँग आबद्ध गरेर स्थानीय दृश्यसम्पादन गरिएको छ । प्रजाम्बीले उपन्यासमा विचरण गरेका स्थानहरूको वर्णन यसरी गरिएको छ- "गौरीघाटबाट किरातेश्वर, किरातेश्वरबाट मृगस्थली हुँदै बिहानीको ठीक पाँच बजेतिर पशुपतिमन्दिरको पश्चिम ढोकामा उभिने गर्दै आइरहेकी छे प्रजाम्बी" (५) । सम्बद्ध कथनमा प्रजाम्बी प्रत्येक बिहानीको ठिक पाँच बजेतिर पशुपति मन्दिरको पश्चिम ढोकामा दर्शनका लागि उभिने गरेको दृश्य प्रस्तुत भएको छ । यसबाट उपन्यासमा पशुपतिनाथ मन्दिरको

पश्चिम ढोकाको महिमाका साथै त्यस क्षेत्रका विभिन्न ठाउँहरूको सांस्कृतिक दृश्यसम्पादनसमेत भएको छ ।

प्रस्तुत उपन्यासमा समाजमा विद्यमान रहेका चरित्रलाई स्थानीय दृश्यसम्पादनका माध्यमबाट परिचित गराउने काम भएको छ । उपन्यासमा मूलतः पशुपति क्षेत्र वरपरका दृश्यबाट व्यक्तिका क्रियाकलाप समेट्ने क्रममा जेठा पण्डित आफ्नो पेसागत पुस्तक शिवपुराण र रुद्राक्षमहिमा काखी च्यापी मुक्तिमण्डलमा पुगेको, चन्द्रप्रसाद काफ्ले र मायाप्रसाद न्यौपाने भागवत र उपनिषद्को पुस्तक च्यापी उन्मत्त भैरवको मन्दिरको पेटीमा पुगेको, फूल-प्रसाद र बेलपत्र बेच्ने पेसा लिई बसेका मायावती, राममाया, श्यामदेवी, फूलमती, मैँचा, माइली जैसिनी, सेती खत्रिनी फूलप्रसाद र बेलपत्रले भरिएको डालो-नाङ्लो लिएर सोही ठाउँमा पुगेको तथा राताटिकी, कालटिकी र नेत्रको पसल थाप्ने गरेका सरस्वती र गंगी सन्न्यासिनीसमेतले त्यहीँ ठाउँमा व्यापार व्यवसाय गरेर बसेको दृश्याङ्कन गरिएको छ । यी पात्रहरूका क्रियाकलापलाई उपन्यासमा स्थानीय परिस्थितिअनुसार उठान गर्दै उपन्यासकारले लेखेका छन्- “यसो त मैँचा नानीचादेखिन् लिएर श्याममायासहित कति कति बुढी र तरुनी स्वास्नीमान्छेहरू फूलप्रसाद बेच्न फैलिसकेका छन् बत्सलामाईको मन्दिरदेखिन् लिएर मृगेश्वरीको थानसम्म (२१३) ।” यसमा पशुपति वरिपरिका विभिन्न स्थानमा मैचा, नानिचा, श्याममाया जस्ता बुढी, तरुनी स्वास्नीमान्छेहरू फूलप्रसाद बेच्न फैलिएको चर्चा गरिएको छ । बत्सलामाईको मन्दिरदेखिन् लिएर मृगेश्वरीको थानसम्मका स्थानीय दृश्य यसमा समेटिएका छन् र यसबाट त्यहाँको सामाजिक जीवनको यथार्थ प्रस्तुति भएको छ । त्यस्तै यस क्षेत्रमा मागेर गुजारा गर्न विवश बनेका अत्यन्त विपन्न वर्गको गरिबीको उपन्यासकार विष्टले यसरी चित्रण गरेका छन्- “यसका साथसाथै मन्दिर, पाटी, पौवा र सत्तलको पेटी-पेटीमा थाङ्नो वा बोरामा गुटमुटिएर रात काट्ने गरेका किसिम किसिमका मगन्तेहरू पनि हतार हतार उठेर फैलने गर्छन् सडकको छेऊ छाऊ र मन्दिरहरूो अगाडि-पछाडि र दायाँ बायाँ (३) ।” यस कथनमा स्थानीय मगन्तेहरूले साँझबिहान मागेर जीवन बाँच्नुपर्ने समस्याहरूलाई स्थानीय दृश्यसम्पादनका माध्यमबाट प्रस्तुत गरिएको छ र यसबाट त्यस क्षेत्रको निम्नवर्गीय सामाजिक जीवनको यथार्थसमेत अभिव्यक्ति भएको छ ।

प्रस्तुत उपन्यासमा वर्णित प्राकृतिक दृश्यावलीका माध्यमबाट स्थानीय दृश्यसम्पादन भएको छ र त्यस स्थानीय दृश्यलाई स्पष्ट पार्दै उपन्यासकार विष्टले लेखेका छन्- “श्लेषमान्तक वनभन्दा धेरैधेरै पर मणिचूड डाँडापारि नगरकोटभन्दा पनि पल्लापट्टि डाँडाका

चुचुरामाथि उदाएको सूर्यले हिमशिखरको अग्लाइलाई नाप्न थालिसकेको छ (९०) ।" सम्बद्ध भनाइबाट उपन्यासमा पशुपति वरपरको स्थानीय दृश्यसम्पादन भएको छ र यसले औपन्यासिक भावाभिव्यक्तिलाई विशिष्ट तुल्याएको छ ।

विवेच्य उपन्यासमा पशुपति क्षेत्र र त्यसका वरपरका समाजको वास्तविक दृश्य उतार्ने क्रममा पशुपतिका गणिक समाजजस्तै जोगी सन्न्यासी, विभिन्न पेसा व्यवसायी, मगन्ते तथा आश्रयविहीनलाई उपन्यासमा समेटिएको छ। तसर्थ उपन्यासमा त्यहाँको सामाजिक क्यानभास बृहत् छ जुन हिन्दु धार्मिक चिन्तनबाट अत्यन्त प्रभावित पनि देखिन्छ । यसरी उपन्यासमा आजको अवस्थामा पनि देख्न सकिने स्थानीय समाजका दृश्यहरूको संयोजन मात्र होइन, त्यहाँका बासिन्दाका समस्यालाई पनि सशक्त रूपमा प्रस्तुत गरिएको छ ।

### ४.२.५ हिमाल र मान्छे उपन्यासमा स्थानीय दृश्यसम्पादन

*हिमाल र मान्छे* उपन्यास नेपालको हिमाली ग्रामीण परिवेशमा रमण गरेको छ । यो उपन्यास हिमाली गाउँले समाजका असहज घटनाहरूलाई उतार गर्न सक्षम आख्यानात्मक कृति हो । यस उपन्यासमा सोलुखुम्बु जिल्लाका खुम्जुङ, खुन्दे र त्यस वरपरको भू-भाग तथा काठमाडौँ उपत्यकालगायतका ठाउँलाई कार्यपीठिका बनाइएको छ। त्यसैले यसमा यिनै ठाउँ विशेषको स्थानीय दृश्यसम्पादन गरिएको छ। विवेच्य उपन्यास विशेषतः सगरमाथा र त्यसको काखको जनजीवनलाई लिएर लेखिएको हुँदा त्यहीँको बस्तीमा केन्द्रित रहेको पाइन्छ । उपन्यासको प्रारम्भ नै स्थानीय दृश्यबाट भएको विषयमा उपन्यासका भूमिकामा माधवप्रसाद घिमिरेले लेखेका छन्- "यसमा हामी सर्वप्रथम खुम्जुङ नामक अधित्यकामा प्रवेश गर्छौं । तेह्र हजार फिटको उच्चाइमा अवस्थित त्यो लेकाली तरुलताले परिपूर्ण गिरिकुञ्जबाट सगरमाथा र लोत्से नजिकैबाट छोऊँ जस्ता देखिन्छन् (२०४५, प्रकाशकीय) ।" सम्बद्ध कथनमा खुम्जुङ उपत्यकाको प्राकृतिक सुन्दर दृश्यसम्पादन भएको कुरा उल्लेख गरिएको छ ।

प्रस्तुत उपन्यासमा नेपालको सर्वोच्च शिखर सगरमाथाका काखमा अवस्थित विभिन्न गाउँहरूको स्थानीय दृश्यावली प्रस्तुत गरिएको छ । यस्ता ठाउँहरूमध्ये खुम्जुङ, खुन्दे, थामे, त्याङबोचे, पाङबोचे, नाम्चे, स्याङबोचे, ठमु, ठोस्यो, मिङगो, छुले, फेरिचे, लुक्ला विमानघाट, जिरी, जुनवेसी, कालापत्थर जस्ता स्थानीय ठाउँहरूको वर्णन उपन्यासमा पाइन्छ । यस वर्णनबाट हिमाली गाउँलेहरूको जीवनयात्रा सदा सङ्कटपूर्ण भएको कुरा त्यहाँको भौगोलिक स्वरूपको यथार्थ अभिव्यक्तिबाट प्रस्ट भएको छ । उपन्यासमा एकातिर त्यहाँका जनताले

जीवन निर्वाहका लागि गर्नुपर्ने कठिन सङ्घर्षका कथाहरू समेटिएका छन् भने अर्कोतर्फ तिनीहरूमाथि हुने गरेका अन्याय, अत्याचार र शोषण विषयका जीवनसन्दर्भ छन् जसलाई स्थानीय दृश्यसम्पादनमार्फत संयोजित गरिएको छ । यस विषयलाई समेट्दै उपन्यासकारले लेखेका छन्- “अहिले त बाध्यता छ-विदेशी पर्वतारोहीहरूको भरिया, भान्छे र बाटो सफा गर्दै हिँड्नुपर्ने । फलामे डोरीले सरसामान ओसारपसार गरेर अग्ला-अग्ला लेकहरूलाई बारूदले धसाए पनि भूमिको फाँट त बढ्ने होइन नि त्यहाँको (३) ।” यस कथनमा त्यहाँका बासिन्दाहरूले विदेशी पर्वतारोहीका भारी बोक्ने, भरियाको काम गर्ने, भान्छे र बाटो सफा गर्ने गरेको विषयको वर्णन गरिएको छ । यिनै विषयलाई समेटेर गरिएको स्थानीय दृश्यसम्पादनले उपन्यासमा हिमाली जीवनका अभाव र समस्याहरूलाई अभिव्यञ्जित गरेको छ ।

विवेच्य उपन्यासमा खुम्जुङ उपत्यका र त्यस वरपरको भौगोलिक बनोट, जनसाङ्ख्यिकी संरचना र सांस्कृतिक परिदृश्यलाई प्राकृतिक दृश्यावलीका माध्यमबाट सम्पादन गरिएको छ । यिनै विषयको दृश्यसम्पादन यसरी गरिएको छ-

> त्यस भेगका गाउँहरूमध्ये खुम्जुङलाई सबभन्दा धेरै जनसङ्ख्या भएको गाउँ मान्नाको साथसाथै सबैभन्दा रमणीय गाउँको रूपमा पनि मान्ने गर्छन् पर्यटकहरू । कुनै कालमा त्यहाँ दुधकोशीले तुल्याएको दह थियो भन्ने कुराको साक्षीस्वरूप अवशेष रहेका बालुवाका कण र खोलाले चाटेका स-साना ढुङ्गा भएको त्यो गाउँमा पानीको केही अभाव भए पनि साँच्चै नै साह्रै-साह्रै रमणीय त्यो सिङ्गो गाउँ नै दृश्यावलोकन गर्ने एउटा टावर जस्तो देखिन्छ । किनभने त्यहाँबाट छर्लङ्ग देखिने गर्छ पूर्वतिर फैलिएको आमालब्लान, खाङतेका र कुशुमखाड आदि आदि हिमालहरू पनि र पश्चिमतर्फ फैलिएका खुम्बिला, नाङपाला र छोये आदि आदि हिमालयहरू पनि विश्वको सबभन्दा उच्च शिखर सगरमाथा पनि देखिन्छ त्यहीँबाट (११) ।

सम्बद्ध कथनमा खुम्जुङ उपत्यकालाई त्यस भेगका गाउँहरूमध्ये सबभन्दा धेरै जनसङ्ख्या भएको र रमणीय गाउँका रूपमा प्रस्तुत गरिएको छ । कुनै समय त्यस ठाउँमा दुधकोशीले तुल्याएको दह थियो भन्ने कुरा त्यहाँ अवशेष रहेका बालुवाका कण र खोलाले चाटेका ससाना ढुङ्गाले पुष्टि गरेको सन्दर्भ यसमा उल्लेख भएको छ । पानीको केही अभाव भएको भए पनि उक्त सिङ्गो रमणीय गाउँ नै एउटा टावर जस्तो देखिन्छ जहाँबाट पूर्वतिर

फैलिएका अमालब्लान, खाङतेका र कुशुमखाङ आदि हिमालयहरू, पश्चिमतर्फ फैलिएका खुम्बिला, नाङपाला र छोये आदि हिमालयहरू र विश्वको सबभन्दा उच्च शिखर सगरमाथा देखा पर्दछन् भन्दै यसमा आजको समयमा पनि साक्षात् देख्न सकिने खुम्जुङ उपत्यकालाई दृश्यमा कैद गरिएका प्राकृतिक सौन्दर्यको सुन्दर प्रस्तुतिका माध्यमबाट त्यहाँको ऐतिहासिक तथा सांस्कृतिक पक्षसमेत उद्घाटित भएको छ ।

प्रस्तुत उपन्यासमा खुम्जुङ उपत्यकाकै सेरोफरोमा पर्ने अत्यन्तै सुन्दर थामे गाउँलाई समेत कार्यपीठिका बनाइएको छ र यसमा त्यहाँका विशेषता समेटेर थामे गाउँको स्थानीय दृश्यसम्पादन गर्ने क्रममा उपन्यासकारले यसरी लेखेका छन्-

> थामे खुन्दे भन्दा दुई हजार फिट बढी उँचाइ अर्थात् पन्ध्रसय फिटको उँचाइमा बसेको एउटा शेर्पाली गाउँ हो । धेरै धेरै शताब्दीअघि हिमनदीले पहरा र माटो खियाउँदा-खियाउँदा बस्ती बसाल्न हुने तुल्याइदिएको त्यस भूमिमा असी, नब्बे घर शेर्पाहरू छन् । खुम्जुङभन्दा निकै-निकै सानो छ त्यो बस्ती । फेरि पनि खुम्जुङ्ग र खुन्देभन्दा कम आकर्षणको छैन थामे पनि (३६) ।

प्रस्तुत भनाइमा धेरै धेरै शताब्दीअघि हिमनदीले पहरा र माटो खियाउँदा-खियाउँदा बस्ती बसाल्न हुने तुल्याइदिएको भनेर थामे गाउँको ऐतिहासिकताको वर्णन गरिएको छ । शेर्पाहरूको बस्ती रहेको यस सुन्दर गाउँमा मानव सभ्यताको सुरुवातको चर्चा गर्दै यसमा त्यहाँको सामाजिकता, सांस्कृतिकता, ऐतिहासिकता तथा भौगोलिकतालाई समेटेर स्थानीय दृश्यसम्पादन गरिएको छ। यस्तै प्रस्तुत उपन्यासमा हिमाली शृङ्खलाहरूलाई लिएर प्राकृतिक दृश्यावली यसरी प्रस्तुत गरिएको छ-

> खुम्जुङ उपत्यकाबाट देखिने सगरमाथा, लोत्से, मकालु, खाङतेका र आमालब्लान आदि-आदि हिमाली चुचुराहरूलाई तन्नेरी श्रावणले कहिले मखमले पछ्यौरीले ढपक्क छोपिदिने गर्छन् त कहिले ढपक्क छोपिदिने गर्छ ध्वाँसे रङ्गको पछ्यौरीले । कहिले ती पछ्यौरीहरूको अलिकति घुम्टो उघारेर नववधुको मुहार झुल्किएझैँ कुनै-कुनै हिमाली चुचुराहरूको मुहार झुल्क्याई दिने गर्छ त कहिले साराका सारा वस्त्र खोलेझैँ निर्वस्त्र पारिदिने गर्छ (७६) ।

सम्बद्ध अभिव्यक्तिमा खुम्जुङ उपत्यकाबाट देखिने सगरमाथा, लोत्से, मकालु, खाङतेका र आमालब्लान आदि हिमाली चुचुराहरू वर्षा ऋतुमा बदलिरहने मौसमअनुसार कहिले मखमली

पछ्यौरीले त कहिले ध्वाँसे रङ्गको पछ्यौरीले मुख छोप्ने गर्छन् भने कहिले नववधुको मुहार झुल्किएझैँ ती हिमालहरू हाँसिरहेका र कहिले साराका सारा वस्त्र खोलेर निर्वस्त्र भएका हुन्छन् भन्दै त्यहाँका हिमालहरूको प्राकृतिक सौन्दर्यको सुन्दर प्रस्तुति गरिएको छ । यिनै हिमालहरूको मानवीकरण गर्दै स्थानीय दृश्यसम्पादनसमेत गरिएको छ र यसबाट त्यहाँको सामाजिक जीवनका सरलता र जटिलताको पनि अभिव्यक्त भएको पाइन्छ ।

प्रस्तुत उपन्यासमा समाजमा विद्यमान रहेका चरित्रहरूलाई स्थानीय दृश्यसम्पादनका माध्यमबाट चिनाउने काम भएको छ। भौगोलिक बनोटले व्यक्तिका क्रियाकलाप निर्धारण हुने र तिनै व्यक्तिले निर्वाह गर्ने भूमिकाका आधारमा उसको बाह्यान्तरिक यथार्थ बोध हुने सन्दर्भमा पेमा दोर्जी, पेमा सुन्दर, आङरिगु, लाक्पा नुर्बु, रिन्जिङ्ग जस्ता पात्रहरूका क्रियाकलापलाई स्थानीय भूगोल र परिस्थितिसम्बद्ध तुल्याउँदै यी पात्रहरू विचरण गरेका परिवेशबाट स्थानीय दृश्यसम्पादन गरिएको छ ।

सामाजिक यथार्थवादी उपन्यासमा स्थानीय भूगोलमा विद्यमान रहेका विशेषताहरूलाई वरण गर्दै स्थानीय दृश्यसम्पादनका कोणबाट सामाजिक यथार्थको अन्वेषण गर्ने मान्यतालाई यहाँ पनि पछ्याएको देखिन्छ । उपन्यासमा स्थानीय भूगोल र सांस्कृतिक मान्यतालाई यसरी प्रस्तुति गरिएको छ-

> हरेकवर्ष जनैपुर्णेको दिन गोकी लेकको भव्य र विशाल तालमा मेला लाग्ने गर्छ । खुम्जुङबाट दुई तीन बास टाढा गोकी लेकमाथि तीनओटा रमणीय तालहरू छन् । सबभन्दा पहिलो ताल ४६५० मिटरको अग्लाइमा भेटिन्छ । दोस्रो ताल ४७२० मिटरको अग्लाइमा भेटिन्छ । दोस्रो तालभन्दा झण्डै आधा मिल जति टाढा छ वर्षेनी मेला लाग्ने एउटा ठूला ताल । ती तीन ओटै ताल हुन् दूध कोशीको मुहान (१५१) ।

सम्बद्ध कथनमा खुम्जुङबाट दुई तीन बास टाढा गोकी लेकमाथि रहेका तीनओटा रमणीय तालहरूमा हरेकवर्ष जनैपुर्णेको दिन भव्य र विशाल मेला लाग्ने गरेको र त्यही मेलाका विशेषता समेटेर यसमा स्थानीय दृश्यसम्पादन गरिएको छ। यसै दृश्यका माध्यमबाट त्यहाँको ऐतिहासिकता तथा सांस्कृतिकताको प्रस्तुतिका साथसाथै सामाजिक यथार्थसमेत अभिव्यक्त भएको छ ।

## ४.३ दौलतविक्रम विष्टका उपन्यासमा तत्कालीन सन्दर्भ

सामाजिक यथार्थवादी उपन्यासहरू समयको प्रतिनिधत्व गर्ने समाजका छायाचित्रका रूपमा रहेका हुन्छन् । उपन्यास रचना गर्ने समयको यथार्थ उपन्यासमा अभिव्यक्तिका लागि तत्कालीन सन्दर्भ अपरिहार्य विषय बन्न पुग्छ । लेखकले रचनामा प्रतिनिधित्व गराएका पात्र, तिनका अभिव्यक्ति, सामाजिक जीवन, सामाजिक मान्यता, राजनीतिक र सांस्कृतिक परिदृश्य अभिव्यक्त नहुँदासम्म उपन्यास विश्वसनीय बन्न सक्दैन भने पात्रको प्रयोग र तिनले रचनामा निर्वाह गर्ने भूमिका समयसँग प्रत्यक्ष सरोकार राख्ने किसिमको हुन्छ । समाज र जीवनमा यथार्थवाद व्यक्त हुन आउँदा तत्कालीन सन्दर्भ यथार्थवादको आधारभूमि बन्न जान्छ (वर्मा ५६) । अतः सामाजिक यथार्थवाद तत्कालीन सन्दर्भका सापेक्षमा जति गहन ढङ्गमा अर्थिन सक्छ त्यति सामान्य अवस्थामा अर्थिन सक्दैन । यसप्रकार सामाजिक यथार्थवादले उपन्यासमा समय, भूगोल र पात्रको समन्वय खोजी रहेको देखिन्छ । उपन्यासमा निबद्ध हुने जीवनलाई यथार्थ अवस्थामा परिचित गराउनका लागि तत्कालीन सन्दर्भ महत्त्वपूर्ण मानिन्छ । तसर्थ यसमा दौलतविक्रम विष्टका सामाजिक यथार्थवादी उपन्यासका पात्र, समय र तिनले उपन्यासमा निर्वाह गरेको भूमिकालाई तत्कालीन सन्दर्भका प्रतिमानबाट निरूपण गरिएको छ ।

### ४.३.१ मञ्जरी उपन्यासमा तत्कालीन सन्दर्भ

*मञ्जरी* उपन्यासमा राजनीतिक विषयवस्तुका आधारमा तत्कालीन सन्दर्भको खोजी गरिएको छ किनभने यस उपन्यासमा प्रयुक्त विषयवस्तुले तत्कालीन नेपालको निरङ्कुश राणाशासनलाई सङ्केत गरेको छ । तत्कालीन समयमा नेपाली नागरिकलाई वाक् तथा प्रकाशन स्वतन्त्रता नभएकाले राणाशासनका विरुद्धमा बोल्न तथा लेख्न प्रतिबन्ध रहेको अवस्थामा कैलासले बनारसमा पढ्ने क्रममा राणाशाहीका विरुद्धमा लेख लेखेर 'नेपाल पुकार' मा छपाएको र सो कार्य गरेवापत राणासरकारले उसलाई पढ्न दिएको छात्रवृत्तिस्वरूपको भत्ता कटाइदिएको विषय सन्दर्भ पनि उपन्यासमा समावेश गरिएको छ । यस विषयलाई प्रस्ट पार्न उपन्यासकारले यसरी लेखेका छन्- "तर कुन्नि किन हो, त्यस दिनदेखिन् राणाशाहीको विरुद्धमा लेख लेख्ने कुरा त परै जाओस्, राणाहरूका विपक्षमा केही बोल्नु पनि अपराधझैँ कैलासले सम्झन लागेका थिए" (६६) । यस भनाइमा तत्कालीन राणाशासनका विरुद्ध लेख लेख्न वा विपक्षमा बोल्न अपराध मानिने सन्दर्भ प्रस्तुत भएको छ र यसबाट उपन्यासमा

तत्कालीन राणाशासनको निरङ्कुशता पुष्टि भएको छ। यति मात्र होइन, कैलासले राणाशासन अपराधपूर्ण शासन व्यवस्था भएकाले त्यसलाई बदल्नै पर्छ भनेर आफ्ना सहपाठीहरूसँग पूर्वी पहाडमा क्रान्ति छेडेको जस्ता कुराले पनि उपन्यासमा तत्कालीन सन्दर्भको पुष्टि भएको छ। यस्तै नेपालमा यस समयको सेरोफेरोमा चलेका क्रान्तिका विषयमा आपसी छलफलका क्रममा उपन्यासमा व्यक्त भएका विचारले पनि राजनीतिक विषयको तत्कालीन सन्दर्भ व्यक्त हुन गएको छ। यस विषयमा उपन्यासकार दौलतविक्रम विष्टले अगाडि लेखेका छन्- "नेपालमा राणा-शासन छउन्ज्याल उनले पनि राणाशासन अपराधपूर्ण शासन हो, यसलाई हामीहरूले बदल्नै पर्छ, भनेर आफ्नो सहपाठीहरूसँग छाती फुकाएर भन्थे ! क्रान्तिको अवसरमा स्वयम् उनले नै पूर्वी पहाडमा क्रान्ति छेडेका थिए (१२२)।" यस भनाइमा राणाशासन व्यवस्था अपराधपूर्ण शासन भएकाले त्यसको अन्त्य आवश्यक रहेको बताइएको छ। यसमा त्यस खालको राजनीतिक व्यवस्थाको परिवर्तनका लागि नेपाली युवाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको चर्चा गरिएको छ र राणाकालीन शासन व्यवस्थाका माध्यमबाट तत्कालीन सन्दर्भ पुष्टि भएको छ।

प्रस्तुत उपन्यासमा शङ्करद्वारा बहिनी मञ्जरीलाई लेखेको पत्रमा नेपाल छोडेर जाँदा एकपल्ट बहिनीलाई भेटेर जाने साहै इच्छा हुँदा पनि देशमा उठेको बर्बरताले गर्दा राजनीतिक व्यक्तित्वलाई काठमाडौँमा सहज रूपमा आवतजावत गर्न गाह्रो भएकाले भेट्न नसकेको सन्दर्भ प्रस्तुत गरिएको छ। पछि शङ्करले राणाशासनको विरोध गरेबापत जेल परेको कुरा उपन्यासमा उल्लेख गरिएको छ। यस विषयलाई पुष्टि गर्दै उपन्यासकार विष्टले लेखेका छन्- "राणाशासनका विरुद्धमा षड्यन्त्र गरेबापत जेल परेका थिए। पछि छुटे भन्ने पनि सुनेकी थिइन् ! तर दुर्भाग्य, तिनको भेट हुन सकेको थिएन (४९)।" यस अभिव्यक्तिमा राणाकालीन सन्दर्भको पुष्टि भएको छ। यसमा शङ्करद्वारा राणाशासनको जग भत्काउन अघि बढ्ने क्रममा आठ वर्ष भूमिगत जीवन बिताएको र पछिल्लो समय राजनीतिबाट सन्न्यास लिएर सामाजिक कार्यमा लागेको जस्ता सन्दर्भका साथै राणाशासनको अन्त्यका लागि विभिन्न कलेजहरूमा भएका आन्दोलन तथा देशका विभिन्न तह र तप्काका मानिसहरूले गरेका यावत् प्रयासहरू पनि तत्कालीन सन्दर्भका रूपमा आएका छन्।

प्रस्तुत उपन्यासमा मूलतः २००७ सालको राजनीतिक परिवर्तनपछि काठमाडौँका नारीहरूमा शैक्षिक तथा सामाजिक जागरण ल्याउने कामको थालनी आधुनिक शिक्षा आर्जन गरेका कैलास तथा शङ्करका माध्यमबाट भएको पाइन्छ। बनारसबाट शिक्षा प्राप्त गरेर

आएको कैलास हिन्दु धर्मका कट्टर अनुयायी भए पनि नारी शिक्षाको पक्षपाती रहेको देखिन्छ । उसले एउटा विधवा नारी मञ्जरीलाई धर्म रक्षार्थ काठमाडौँमा खोलिएको धार्मिक सभामा जोडेर धार्मिक वक्तव्य दिन लगाउने गरेर नारी जागरणको काम गरेको छ । नारी जागरणको निरन्तरताको रूपमा उसले विधवा मञ्जरीसँग विवाह गरेर नारीहरूको सम्मान गर्नुका साथै तत्कालीन समयमा नारी जातिमा जागरण ल्याउने काम गरेको पाइन्छ । यस्तै शङ्करले प्रतिबन्धित अवस्थामा मञ्जरीलाई पत्र लेखेर तत्कालीन अवस्थाबारे सुसूचित गरेको, मार्क्सवादी पुस्तकहरू पढ्न दिएको, नारी समानताका पक्षमा आफ्ना विचारहरू अभिव्यक्त गर्ने गरेको तथा विधवा विवाहका लागि निरन्तर उत्प्रेरित गरेको जस्ता विषयहरूलाई उपन्यासमा संयोजित गरिएको छ । त्यस समयमा भारतबाट पढेर आएका युवाहरूले शैक्षिक सामाजिक क्षेत्रमा तथा नारी जागरणका क्षेत्रमा गरेका कामको प्रस्तुतिबाट उपन्यासमा तत्कालीन सन्दर्भ प्रकट भएको छ ।

*मञ्जरी* उपन्यासमा प्रयोग भएको समय राणाशासनको अन्त्यतिरको भएको देखिन्छ । यस उपन्यासको प्रकाशन २०१६ सालमा भए पनि यसमा तत्कालीन समाजका मानिसहरूले प्रयोग गर्ने विषयवस्तु र यसमा प्रयोग भएका कतिपय सन्दर्भले यसमा २००७ सालतिरको राणाकालीन परिवेशलाई समेटिएको छ । त्यसैले गर्दा उपन्यासमा एकातिर त्यस समयका मानिसहरूको व्यवहार तथा जीवनशैलीलाई प्रत्यक्ष रूपमा देखाइएको छ भने अर्कातिर राणाकालीन समयको हुकुमी शैलीमा निर्णय गर्ने विधिलाई तत्कालीन सन्दर्भका रूपमा ग्रहण गरिएको छ । उपन्यासमा त्यस सन्दर्भलाई उपन्यासकार विष्टद्वारा यसरी पुष्टि गरिएको छ- "तर जेहोस्, काँग्रेसी सरकार स्थापित हुनासाथ झटपट ५ आना शुल्क तिरेर काँग्रेसी मेम्बर भैटोपलेका थिए (७४) ।" सम्बद्ध कथनमा नेपालमा राणाशासन अन्त्य भई प्रजातन्त्र आएपछि काङ्ग्रेसको सरकार गठन हुनासाथ एक थरी स्वार्थी मान्छेहरू जो क्रान्तिविरोधी थिए, तिनले समेत काङ्ग्रेसको सदस्यता लिएको तत्कालीन राजनीतिक सङ्क्रमणकालीन सन्दर्भ प्रस्तुत गरिएको छ ।

विवेच्य उपन्यासमा नेपाली समाजले विधवा महिलाका सम्बन्धमा बनाएको कठोर दृष्टिकोणलाई तत्कालीन सामाजिक मान्यताका रूपमा व्यक्त गरिएको छ । किनभने नेपाली समाजको परम्परागत सामाजिक विधान विधवा विवाहका विषयमा अनुदार रहेको पाइन्छ । त्यसैले उपन्यासमा नेपाली समाजका विधवा महिलाले परपुरुषलाई यौनिक भावनाका दृष्टिले हेर्न नहुने, शृङ्गार आदि गर्न नहुने, सिनेमा हेर्न जान नहुने जस्ता विषय तत्कालीन सन्दर्भका

रूपमा व्यक्त भएका देखिन्छन् । विधवाले समाजमा निर्वाह गर्नुपर्ने सामाजिक दायित्व समाजले निर्धारण गरेबमोजिम हुने विषयले नेपाली समाजको तत्कालीन सामाजिक विधानलाई पुष्टि गरेको छ ।

प्रस्तुत उपन्यासमा खास गरेर मञ्जरी र उसका परिवारमा द्वन्द्व सिर्जना गर्ने आधार विधवा महिलाप्रतिको परम्परावादी सोच तथा पैतृक सम्पत्तिमाथि स्वामित्व स्थापित गर्ने कुरा नै हो भन्ने कुरालाई देखाइएको छ । यस्तै विधवा महिलाले विवाह गर्न नपाउने कुरा उसका नैसर्गिक अधिकारबाट बञ्चित गर्नु हो भन्ने विषयलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ- "त तिनी विधवा थिइन् । सनातनी धर्मका कट्टरपन्थीहरूको घरमा कुनै शुभकार्यमा उभिने तिनलाई अधिकार थिएन । साइत गरेर बाहिर निस्कँदा पहिलो भेट तिनीसँग भयो भने मान्छेहरू घृणाले मुख बिगार्दथे । प्रत्येक शुभ-कार्यको अवसरमा तिनी घृणाको पात्र मानिन्थिन् (१९) ।" यस कथनमा महिलामाथि हुने लैङ्गिक विभेदका साथै नेपाली समाजको तत्कालीन सन्दर्भ व्यक्त भएको छ । यस्तै उपन्यासमा लैङ्गिक विभेदको अर्को चरम रूप परपुरुषबाट बलात्कारको सिकार हुन पुगेकी सेतीले जेलमा सुम्पुवा हुनु परेको र जेलमै आफूले जन्म दिएको नवजात शिशुसमेत गुमाउनु परेको पीडाबाट पुष्टि भएको छ । यसरी तत्कालीन समाजमा मञ्जरी, सेती जस्ता महिलाहरूले तत्कालीन समयमा सामाजिक न्याय नपाएको विषयबाट उपन्यासमा तत्कालीन सन्दर्भ समेटिन गएको छ ।

प्रस्तुत उपन्यास सामाजिक जागरण ल्याउन र सामाजिक विभेद अन्त्य गर्न तत्कालीन समयको क्रान्तिकारी विचार निर्वाह गर्ने रचना बन्न पुगेको छ । यद्यपि उपन्यासमा परम्परावादी चिन्तन र वर्गीय, लैङ्गिक, जातीय विभेदका विषयले ठाउँ नपाएको भने होइन । विदेशी भूमिमा शिक्षा आर्जन गरेका कैलास तथा आठ वर्षसम्म राणाविरोधी सक्रिय राजनीति गरेका एवम् पछिल्लो समय सामाजिक कार्यमा संलग्न शङ्करले नेपाली समाजको परम्परित चिन्तनमा परिवर्तन ल्याउने काम गरेको देखिन्छ । शङ्करले बहिनी मञ्जरीलाई विधवा विवाह गर्न प्रेरित गर्नु यसको साक्ष्य भएको छ । *मञ्जरी* उपन्यास २०१६ सालमा प्रकाशित भए पनि यसको लेखन २००८ सालमै सम्पन्न भएको बुझिन आएको र सो समय भनेको नेपाली समाजमा सामाजिक सांस्कृतिक एवम् राजनीतिक परिवर्तनका लागि नेपाली मानसिकतामा आएको एउटा सकारात्मक सोच भएको समय भएकाले यसले नेपाली जीवनका सबै क्षेत्रमा प्रभाव पारेको छ र त्यसको असर लेखकमा पनि पर्न गएको छ । यसैको फलस्वरूप

उपन्यासमा कैलास र मञ्जरीका बिचमा अन्तर्जातीय एवम् विधवा विवाह सम्पन्न भएको छ। यस्ता थुप्रै विषयको प्रस्तुतिबाट उपन्यासमा तत्कालीन सन्दर्भ व्यक्त भएको छ।

प्रस्तुत उपन्यासमा देशमा भएका आन्दोलन वा क्रान्तिबाट मानिसमा आएको परिवर्तनलाई व्यक्त गरिएको छ । २००७ सालको राजनीतिक परिवर्तन पश्चात् नेपाली समाजमा परिवर्तनका झिल्काहरू देखिएको कुरा विधवा विवाहका सन्दर्भमा अनुदार नेपाली समाजमा कैलास र मञ्जरीका बिचमा धारामा भएको भेटपछि बाह्य रूपमा नजिक हुन नसके पनि आन्तरिक रूपमा भने नजिकिन खोजेको र समय समयमा गरिएको भेटघाट तथा आपसमा भएका पत्राचार जस्ता विषयले यसको पुष्टि गरेको छ । यसबाट थोरै भए पनि नेपाली महिलामा परिवर्तनका विषयले प्रवेश पाएको देखिन्छ । यसले नेपाली समाजको चिन्तनमा परिवर्तन आवश्यक भएको सङ्केत गरेको छ । आपसमा सम्बन्ध जोड्न खोज्नु र विधवा विवाहका लागि आन्तरिक रूपमा तयार हुनु, कैलासले मञ्जरीलाई धर्मसभामा बोल्न प्रेरित गर्नु, शङ्करले विधवा विवाहका पक्षमा आफ्ना विचार र तर्क राखेर बहस चलाउनु, कैलासलाई त्यसका लागि उत्प्रेरित गर्नु र उनीहरू एकअर्काप्रति आकर्षित हुनु र अन्त्यमा वैवाहिक सम्बन्धमा बाँधिनु जस्ता विषयहरू उपन्यासमा समेटिएका छन्।

काठमाडौँ उपत्यकामा यातायातका लागि प्रयोग हुने तामदान अथवा मोटरको प्रसङ्गबाट उपन्यासमा तत्कालीन सन्दर्भ व्यक्त भएको छ। तत्कालीन समयमा आवतजावत गर्ने साधनका रूपमा तामदानको प्रयोग गरेको सन्दर्भबाट समयको सङ्केत गरिएको छ । उपन्यास रचनाको समयमा तामदान वा मोटर प्रयोग गरेर हिँड्ने काम कप्तान्नी मखनाको परिवारले गरेको विषयले एकातिर उसको आर्थिक अवस्थाको सङ्केत प्राप्त भएको छ भने अर्कातर्फ यसले सहरिया परिवेश देखाएको छ। कैलासको परिवार मध्यम वर्गीय भए तापनि राणाका उच्च परिवारसँग उनीहरूको पारिवारिक सम्बन्ध भएका कारण उनीहरूले दरबारिया चालचलनको दर्शन गर्न पाएको सामाजिक यथार्थ उपन्यासमा समेटिएको विषय तत्कालीन सन्दर्भको साक्ष्य भएको छ । उपन्यासमा कप्तान्नी मखना कुल घरानकी छोरी तथा कुल घरानकी बुहारी भएकाले उसलाई राजा महाराजाको ढोकादेखिन् लिएर सबै जर्नेलहरूका ढोका खुला भएको सन्दर्भले पनि काठमाडौँका मध्यमवर्गीय समाजको तत्कालीन यथार्थ व्यक्त भएको छ। यस सन्दर्भमा उपन्यासकारले लेखेका छन्- "उनी प्रायः जसो दिनदिनै तामदानमा अथवा मोटरमा एउटा न एउटा दरबारभित्र पसेकी नै देखिन्थिन् (६५) ।" सम्बद्ध कथनमा वर्णित तामदान, राजा-महाराजा शब्दको प्रयोग र कप्तान्नी मखनाको राणाहरूसँगको पारिवारिक

सम्बन्धबाट उपन्यासमा तत्कालीन राणाकालीन सन्दर्भको अभिव्यक्तिका साथै त्यस समयका सामाजिक यथार्थ निरूपित हुन गएका छन् ।

## ४.३.२ एक पालवा अनेकौँ याम उपन्यासमा तत्कालीन सन्दर्भ

*एक पालुवा अनेकौँ याम* उपन्यासमा प्रयोग भएका घटना सन्दर्भले यसको समय राणाकालीन भएको देखिन्छ । किनभने यसमा त्यस समयका मानिसहरूको व्यवहार र जीवनशैलीलाई प्रत्यक्ष रूपमा प्रस्तुत गरिएको छ । लप्टन बमबहादुरको बात, व्यवहार, चालचलन, लवाइखवाइ, सम्बोधन आदिमा रहेको दरबारियापनबाट उपन्यासमा राणाकालीन अभिजात्य शासक वर्गीय सामाजिक जीवनको यथार्थ अभिव्यक्त भएको छ भने उच्चवर्गीय राणाशासक र उसका मतियारका रूपमा रहेका कमलका ससुरा लप्टन बमबहादुर, पहलमान जरसाहेब जस्ता पात्रहरूको क्रूर र कुटिल क्रियाकलापले पनि उपन्यासमा स्थान पाएको छ।

प्रस्तुत उपन्यासमा तत्कालीन नेपाली समाजमा प्रचलित सांस्कृतिक तथा सामाजिक विषयलाई यथार्थ रूपमा व्यक्त गरिएको छ । उपन्यासमा छोरी नदिएको विषयलाई लिएर समाजमा अरूलाई अन्यायपूर्ण तरिकाबाट फसाउने तथा मुद्दा हाल्ने जस्ता क्रियाकलाप समावेश गरिएको छ। कमलको बाबु नरेन्द्र एकातिर दिन खोजिएकी च्यान्टीतिर अग्रसर नभई भरखरकी कलिली छोरी वा बुहारी भन्न सुहाउने तरुनी राजेश्वरीतिर आसक्त भएका छन् भने अर्कातर्फ चालिस बयालिस वर्षका विधुरलाई अभिभावकले छोरी दिन अस्वीकार गरेकामा च्यान्टीलाई भित्र्याए पनि राजेश्वरीलाई भोग्ने रहरले गर्दा त्यसमा विफल भएपछि उसलाई स्वास्नी राखेको हुँ भन्ने कपोल कल्पित मुद्दा हालेर छोरालाई तारिख बोकाउने काम गरिएको छ (३८) । यतिले मात्र नपुगेर कल्पनाप्रति गरिएको घृणित व्यवहार तथा पुरुषप्रधान सामन्ती समाजका उपरोक्त विषयलाई उपन्यासमा तत्कालीन सन्दर्भका रूपमा व्यक्त गरिएको छ । यस प्रकार तत्कालीन नेपाली समाजमा विद्यमान बालविवाह, बहुविवाह, विधुर विवाह, अनमेल विवाह जस्ता वैवाहिक कर्मबाट उत्पन्न भएका समस्या र छोराको विवाह गर्नु पर्ने बेलामा विधुर बाबुले आफ्नै विवाहका लागि मरिहत्ते गर्ने गरेको व्यवहारले सिङ्गो परिवार विखण्डनमा पर्न गएको सन्दर्भबाट लेखकले उपन्यासमा राणाकालीन सामन्ती समाजको छायाको अभिव्यक्ति गरेका छन् । यसबाट प्रस्तुत उपन्यासमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा तत्कालीन सन्दर्भ उठान भएको छ । उपन्यास रचना गरिएको समयमा नेपालमा रहेको चरम जातीय विभेदको विषयले पनि *एक पालुवा अनेकौँ याम* उपन्यासमा स्थान पाएको हुँदा यस खाले तत्कालीन सन्दर्भले उपन्यासलाई विशेष प्रभावित पारेको छ। जातीय भेदभावका सम्बन्धमा

उठेका विषयमा उपन्यासकारले लेखेका छन्- "ऊ कहिलेकाहीँ सोच्छ–उसको बालाई नालिस नै दर्नु थियो भने त्यति बेलै दरेको भए भैहाल्थ्यो जुन बेला मकवानपुरेले 'दिन्न' नै भनेर जातभातको पर्खाल उभ्याइदिएकी थिइन् (३८) ।" यस कथनमा एकातिर अनमेल विवाहका कारण छोरी दिन अस्वीकार गरिएको प्रसङ्ग उल्लेख गरिएको छ भने अर्कातिर जातीय विभेदको सङ्केत प्राप्त भएको छ ।

विवेच्य उपन्यासमा तत्कालीन अव्यवस्थित शिक्षण संस्था र तिनको अर्थहीन शिक्षण प्रक्रियाका माध्यमबाट तत्कालीन शैक्षिक सन्दर्भ प्रस्तुत गरिएको छ । काठमाडौँमा सीमित व्यक्तिले पढ्ने दरबार हाइस्कुलबाहेक देशका अन्य भागहरूमा मूलतः गुरुकुल शिक्षाकै परिपाटी रहेको र तिनमा संस्कृत व्याकरण, अमरकोश अनि विविध कर्मकाण्डकै पुस्तकहरू विद्यार्थीहरूलाई एकोहोरो यातना दिई घोकाउने परम्परित परिपाटी रहेको देखिन्छ । शिक्षक विद्यार्थीहरूबिच मैत्रीपूर्ण व्यवहार नभई आतङ्कको वातावरण रहेको एवम् झापा, विराटनगर र वीरगन्जमा खुलेका सरकारी विद्यालयमा आधुनिक विषयहरू पढाइने भए पनि गतिला शिक्षकहरू नपाइने हुँदा काइते शिक्षकहरूद्वारा काम चलाउनुपर्ने स्थितिको सङ्केत गरिएको छ । विशेष गरी भारतको दरभङ्गा (पटना) बाट आएका यस्ता शिक्षकहरूद्वारा सञ्चालित विद्यालयहरू शैक्षिक उपलब्धिका दृष्टिले अर्थहीन भएको उपन्यासमा उल्लेख भएको छ । यस विषयमा उपन्यासकार विष्टले यसरी प्रस्ट पारेका छन्- "पाल्नुभएका गुरु आफ्नो हातको निगालोको लट्ठीलाई च्यापेर जब फलेकमाथि ओछ्याइएको राडीमा पलैँटी कस्थे, त्यति बेला कमललगायत सबैको मुटु आउने विपद्को आशङ्काले त्यसै त्यसै सुक्थ्यो (६) ।" उपन्यासको यस भनाइमा समाजमा आधुनिक चेतनाको सञ्चार गर्ने शैक्षिक संस्थाहरूको दुरवस्था तथा राणाहरूको शिक्षाप्रतिको अनुदार दृष्टिकोणका साथै तत्कालीन नेपालको समग्र शिक्षा पद्धतिलाई वस्तुगत रूपमा प्रस्तुत गरेर अव्यवस्थित शिक्षा प्रणालीका माध्यमबाट तत्कालीन सन्दर्भ प्रस्तुत गरिएको छ ।

वि.सं.१९९४ देखि २००७ सालपूर्वको समयमा आधारित प्रस्तुत उपन्यासमा तत्कालीन राजनीतिक सन्दर्भ समेटिएको छ । यस उपन्यासमा विभिन्न परिस्थितिका कारण भारत पसेका युवायुवतीहरूद्वारा त्यहाँ विकसित समाज सुधार र अङ्ग्रेज हटाओ आन्दोलनबाट अभिप्रेरणा पाई नेपालभित्र पनि परम्परित समाज व्यवस्था र राणाशासनप्रति भित्रभित्रै सञ्चालन गरिएको विद्रोहको प्रस्तुति पाइन्छ । नेपाल आमाको मुक्तिका लागि राणाकालीन अवस्थादेखि नै नेपाली युवा तथा युवतीहरूले स्वदेश तथा विदेशी भूमिबाट निरङ्कुश शासनका विरुद्धमा मुक्तिकामी

नेपालीहरूलाई गोलबन्द गर्दै सामाजिक तथा राजनीतिक आन्दोलन चलाएको देखिन्छ। यसमा खास गरेर पीताम्बर, तारा र उसको क्रान्तिकारी सङ्गठनले गोप्य रूपमा गरेका जन-जागरणका क्रियाकलापलाई उल्लेख गरिएको छ । यी युवायुवतीले गरेका त्याग र बलिदान मूलतः काठमाडौँबाट हुँदै आएको सन्दर्भमा राणाशासकले त्यसको आभास पाएर क्रान्तिकारीहरूलाई क्रूरतापूर्वक दमन गरेको स्थितिको समेत सङ्केत उपन्यासमा पाइन्छ । यसै क्रममा राणाविरोधी पर्चा लिएको आरोपमा पीताम्बरको घर घेराउ गर्ने राता फेटाधारी पुलिसका क्रियाकलाप, रत्न र कुमार रातमै पक्राउ परेको हल्ला र ताराको रातारात जोगबिनी पलायन भएको पुष्टि गर्ने क्रममा पाठकनीका भनाइ यसरी प्रस्तुत भएका छन्- “जोगबिनी नपुगेर के गर्छे त अब ! सुन्दछु रत्न र कुमारलाई पनि राति नै समातेर लग्या छन् रे । अब पुलिसले यस घरमा पनि छापा हान्न के बेर (११३) ।” सम्बद्ध भनाइले तत्कालीन राणाशासनको क्रान्तिकारीमाथिको धरपकड तथा श्वैत आतङ्क पुष्टि गरेको छ। राणाविरोधी आन्दोलन अघि बढ्ने क्रममा विद्रोही ताराका डेरामा पुगेका आठपहरियाका क्रियाकलाप, त्यहीँ राणाविरोधी पत्रिका ‘नेपाल पुकार’ सहित कमलको पक्राउ, प्रथम पटक तारा डेराबाट भाग्न सफल भए पनि कमलकै बयानअनुसार भागेकी तारालाई राणाशासकले पक्रन सफल भएको जस्ता राजनीतिक विषयले उपन्यासमा ठाउँ पाएको विषयका सम्बन्धमा जरसाहेबका भनाइ यसरी प्रस्तुत भएका छन्- “झण्डै बौद्धबाट पनि सड्किन लागिसकेकी थिई, मौकैमा पुगिएछ (२८८) ।” यस भनाइमा राणाविरोधी गतिविधिको अगुवाइमा तारा बौद्ध आदि ठाउँहरूमा निरन्तर संलग्न भएको र त्यहीँबाट पक्राउ परेको हुँदा राजनीतिक सम्बन्धका दृष्टिले तत्कालीन सन्दर्भ प्रस्तुत भएको छ। यसरी राणाशासनको अन्त्यका लागि नेपाली युवायुवतीहरूले गरेका यावत् प्रयासका साथसाथै निरङ्कुश राणाशासकहरूका क्रूर क्रियाकलापहरूको प्रस्तुतिका माध्यमबाट तत्कालीन सन्दर्भ देखाइएको छ ।

प्रस्तुत उपन्यासमा द्वितीय विश्वयुद्धका कारण बढेको महङ्गी र भारतको अङ्ग्रेज हटाओ आन्दोलन र भारत स्वतन्त्र भएको जस्ता विषयलाई पनि तत्कालीन सन्दर्भका रूपमा ग्रहण गरिएको छ। यस्तै समाजमा न्याय, समानता र मानवीयता स्थापित गर्न क्रियाशील क्रान्तिकारी सङ्गठनकी मध्यमवर्गीय तारालाई वा आफ्ना जनता अङ्ग्रेजको हातमा बेचेर पैसा कमाउन पल्केका निकृष्ट राणाशासकको खुलेर विरोध गर्ने द्वितीय विश्वयुद्धको बहादुर लडाकु मेजर वीरसिंह थापालाई वा अन्य सोझा रैतीलाई पक्रेर क्रूरतापूर्वक दमन गर्ने राणाशासकप्रति उपन्यासमा आक्रोश सिर्जना गरिएको छ । यिनै राणाशासकका प्रतिनिधि

पहलमान जरसाहेबका क्रियाकलाप वा आफ्नो पहुँचका कारण कृत्रिम साक्षीद्वारा झुटलाई सत्य सिद्ध गरेर कमलका जेठाबालाई जेल हाल्ने लप्टन बमबहादुरका क्रियाकलाप वा यस्ता उच्चवर्गीय विलासी संस्कार जस्ता तत्कालीन सन्दर्भका सापेक्षतामा सामाजिक यथार्थको निरूपण गरिएको छ ।

### ४.३.३ भोक र भित्ताहरू उपन्यासमा तत्कालीन सन्दर्भ

*भोक र भित्ताहरू* उपन्यासमा सामाजिक, सांस्कृतिक र राजनीतिक विषयबाट तत्कालीन सन्दर्भ अभिव्यक्त भएको छ । उपन्यासमा काठमाडौंको समाजलाई केन्द्र भागमा राखेर तत्कालीन नेपाली समाजमा प्रचलित यथार्थलाई वर्ण्य विषय बनाइएको छ । समय चयनका दृष्टिले भने उपन्यासमा हर्केका पाँच वर्षदेखिका क्रियाकलाप आए पनि मुख्यतः उसले जेलमा बिताएका सोह्र वर्ष र जेलबाट छुटेर आएपछिका एकडेढ वर्षका अन्तरालमा घटेका घटनाहरूलाई नै यसले बढी समेटेको देखिन्छ । यस दृष्टिले हेर्दा २०३८ सालमा प्रकाशित यस उपन्यासको खास समय २०३८ साल पूर्वको एकडेढ वर्षको हो तापनि यसको व्याप्ति देशमा पञ्चायत व्यवस्थाको थालनीपछि २०३८ सालपूर्वसम्म रहेको देखिन्छ । उपन्यासमा त्यस समयका मानिसहरूले प्रयोगमा ल्याउने विषयवस्तु, तिनले गर्ने सामाजिक व्यवहार र तिनको जीवनशैलीलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा पञ्चायतकालीन समयको यथार्थ नजिकबाट पर्यवेक्षण गर्न प्रस्तुत रचना आफैँमा पूर्ण रहेको कुरा उपन्यासमा प्रयुक्त सन्दर्भले पुष्टि गरेको छ । यसमा जगतेका माध्यमबाट तत्कालीन सन्दर्भ यसरी प्रस्तुत भएको छ- "यो पाटीलाई त पञ्चायतले मेरो नाममा दर्ता गरिदिएको छ । त्यो पनि आजभोलि होइन गाँठे । सत्र अठार वर्ष अगाडि (२०५) ।" सम्बद्ध भनाइमा हर्के साहिँलाद्वारा जगतेको पछि लागेर काठमाडौं उपत्यका आउँदा वासस्थान नभएकाले सत्र अठार वर्षअघि पञ्चायतले उक्त पाटी उसको नाममा दर्ता गरिदिएको कुरा उल्लेख गरिएको छ । यसबाट औपन्यासिक घटना पञ्चायतकालीन भएको पुष्टि भएको छ र यस विषयको प्रस्तुतिबाट उपन्यासमा तत्कालीन सन्दर्भ अभिव्यक्त भएको छ ।

विवेच्य उपन्यासमा पञ्चायत कालको उत्तरार्धमा फस्टाउँदै गएको राजनीतिक तथा प्रशासनिक भ्रष्टाचारलाई देखाइको छ । प्रस्तुत उपन्यासमा भुसतिघ्रे कैदीलाई मनपरी गर्न दिने प्रहरी प्रशासनको कार्य, निरपराध चन्द्रेलाई समात्ने जँड्याहा पुलिसको व्यवहार, हर्केले भैँसी किन्नका लागि कृषि विकास बैङ्कमा धाउनु परेको स्थिति र उसले गाउँका प्रधानपञ्चदेखि बैङ्क कर्मचारीसमेतलाई चढाउनु परेको घुस वा नजराना, प्रहरी प्रशासनकै

आडमा घरमा चलाउने गरेको जुवातास र ठुलाठुला सरकारी ओहोदाका व्यक्ति वा विदेशी कम्पनीका मानिसहरूका लागि गर्ने गरिएको सुरासुन्दरीको व्यवस्था जस्ता घटनाहरू तत्कालीन सन्दर्भका रूपमा आएका छन् । तर २०३६ सालपछि भने पञ्चायतकालीन शोषक सामन्तका विरुद्ध युवावर्गमा विद्रोही चेतना देखा पर्न थालेको कुरा मन्दिरको पाटीमा रहेको बहुला, थुनामा परेको अर्धसिल्ली र हर्के तथा जुनेलीका सङ्कल्प तथा विद्रोही व्यवहारले थप पुष्टि गरेको छ (१४४) । यसबाट शोषक वर्गमा भय उत्पन्न भई उनीहरूको शोषणको शैलीमा परिवर्तन आउन थालेको पाइन्छ र यस्ता विषयको प्रस्तुतिबाट समेत उपन्यासमा तत्कालीन सन्दर्भ व्यक्त भएको छ ।

देशमा हुने आन्दोलन र क्रान्तिबाट मानिसमा परिवर्तन हुने तत्कालीन यथार्थ उपन्यासमा व्यक्त भएको छ । २०३६ सालको परिघटनापछि नेपाली समाजमा तत्कालीन व्यवस्थाप्रति असन्तुष्टि र प्रतिरोधका स्वर सुनिन थालेको पाइन्छ । उपन्यासमा विपन्न पात्रहरू सम्पन्नले स्थापित गर्दै लगेका गलत सामाजिक मूल्यमान्यताबाट आहत भएको हुँदा त्यस्ता मूल्यमान्यताप्रति विद्रोही छन् तापनि कतिपयले आफ्नो निरीहताका कारण त्यसको टड्कारो प्रतिरोध गर्न सकिरहेका छैनन् भने केहीले गरेका पनि छन् तर चन्द्रेको अन्तरङ्गमा मडारिएको यस भावनाले भने उसको वर्तमान स्थितिप्रतिको अनास्था वा रोष राम्रै मुखरित भएको देखिन्छ । उपन्यासकार यस विषयलाई पुष्टि गर्न उपन्यासकारले चन्द्रेका भनाइलाई यसरी प्रस्तुत गरेका छन्- “त फेरि किन केही नथाहा पाए झैँ मान्छेको बाँच्ने अधिकारको सम्बन्धमा बहिरो बनिदिन्छ यो समाज (५७) ।” यस कथनमा चन्द्रेले मान्छेको बाँच्ने अधिकारको सम्बन्धमा बहिरो भइदिने समाजप्रति प्रश्न गरेको छ । अर्थात् उसले  मानवअधिकारका सम्बन्धमा प्रश्न उठाएको छ । यस्तै हर्केका ठाउँ ठाउँका कथन र बेला बेलाका व्यवहार पनि त्यस्तै जुझारु प्रकृतिका पाइन्छन् । उसले बसी बसी सलामी खान पल्केको भुसतिघ्रे कैदीको भ्याको झार्नेदेखि लिएर अन्ततः क्रूर जगतेलाई मार्ने काम गरेको छ । जुनेलीले पनि आफ्नो अस्मिता संरक्षणका लागि चुप्पी लिएर हिँड्ने र त्यही चुप्पी देखाएर आफूप्रति ऱ्याले दृष्टि राख्नेहरूलाई लखेट्ने गरेकी छ । उपन्यासमा उपरोक्त पात्रहरूका चिन्तन तथा प्रदर्शन गरिएका क्रियाकलापले एकातिर पञ्चायती व्यवस्थाप्रतिको असहमतिको स्वर प्रकट भएको पाइन्छ भने अर्कातिर यसबाट तत्कालीन सन्दर्भ अभिव्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा जगतेका क्रियाकलापका माध्यमबाट पनि तत्कालीन सन्दर्भ अभिव्यक्त भएको छ । उसले आफ्ना घरमा रखौटी राख्ने, रक्सी र जुवाको सुविधा उपलब्ध

गराएर राष्ट्रका निर्णायक तहमा बसेका महत्त्वपूर्ण मानिसलाई आफ्नो स्वार्थअनुरूप उपयोग गर्दै ठेक्का पट्टा र तस्कर व्यवसाय सञ्चालन गर्ने, अर्काकी श्रीमती र छोरीलाई अनेक षड्यन्त्रका तानाबाना बुनेर उनीहरूको यौन शोषण गरेर आफ्नो स्वार्थसिद्ध गर्ने जस्ता घृणित कार्य गर्ने गरेको छ । यसरी सत्ता र शक्तिका आडमा तत्कालीन नेपाली सहरिया समाजमा हुने गरेका विकृति र विसङ्गतिलाई नवधनाढ्य वर्गका रूपमा उदाएको जगतेका चरित्रका माध्यमबाट उपन्यासमा देखाइएकोले यस्ता घटनाहरू एकातिर तत्कालीन सन्दर्भका रूपमा आएका छन् भने अर्कातिर यिनले तत्कालीन सामाजिक यथार्थको अभिव्यक्ति गरेका छन् ।

आर्थिक प्रलोभनले जरा गाडेको नेपाली समाजमा धनसम्पत्ति आफ्नो हातमा पार्न मानिसहरू निकै उद्यत भएको सन्दर्भलाई उपन्यासमा खोजी गरिएको छ । यसका लागि शेशे मुखिया, माहुरी साहु, जेठा पण्डित र जगते जस्ता चरित्रलाई उपन्यासमा छनोट गरिएको छ । यीमध्ये शेशे मुखिया, माहुरी साहु र जेठा पण्डित जस्ता गाउँका शोषक सामन्तले गरिब निमुखा हर्के तथा चन्द्रेको आर्थिक शोषण गरेर बसाइँ सार्न बाध्य पारेका छन् भने जगतेले त्यही विपन्न हर्केलाई धेरै पैसाको लोभ देखाई चोरीडकैती गर्न उक्साउने र चोरीको कसुरमा जेल परेपछि उसका जहान परिवारको संरक्षणका नाममा यौन शोषण गरेको जस्ता विषयले यही कुराको सङ्केत गरेको छ । यस्तै मन्दिरमा दर्शनको नाममा केटाकेटीहरू प्रेम गर्न पुग्ने, सहरमा खाते बालिकाको यौन शोषण हुने, आफ्नो श्रीमान्लाई रक्सीमा निदको गोली घोलेर आफ्नै घरमा रातभरि नाठो खेलाउने (१८६), वकिलले पैसा पाएपछि चोरलाई साधु र साधुलाई चोर साबित गर्ने जस्ता सहरिया समाजका यथार्थ पनि उपन्यासमा तत्कालीन सन्दर्भका रूपमा प्रस्तुत गरिएका छन् । यसका लागि समाजका दुष्ट चरित्रले जुनसुकै कर्म गर्न पनि आफूलाई पछाडि नपारेको उल्लेख गरिएको छ किनभने अरूलाई तल नपारी वा उसको सर्वनाश नगरेसम्म आफ्नो अनुकूल काम हुनसक्दैन भन्ने उनीहरूको मान्यता रहेको पाइन्छ । नेपाली सामन्ती समाजमा रहेका यिनै मान्यतालाई उपन्यासमा तत्कालीन सन्दर्भका रूपमा प्रस्तुत गरिएको छ ।

### ४.३.४ ज्योति ज्योति महाज्योति उपन्यासमा तत्कालीन सन्दर्भ

*ज्योति ज्योति महाज्योति* पञ्चायतकालीन समयको उत्तरार्धतिर लेखिएको उपन्यास भएको हुँदा यसमा सोही समयको सामाजिक, सांस्कृतिक र राजनीतिक प्रभाव परेको पाइन्छ । यसमा एकातिर तत्कालीन ब्राह्मण समाजमा रजस्वला हुनुभन्दा पहिले नै छोरीको विवाह गरिदिने परम्परावादी चिन्तन विद्यमान रहेको र त्यसै चिन्तनमा विश्वास राख्ने

प्रजाम्बीका परिवारले उसको स्वीकृतिविना नै सातै वर्षको सानै उमेरमा विवाह गरिदिएको सांस्कृतिक सन्दर्भ व्यक्त गरिएको छ भने अर्कातिर तत्कालीन समयमा राजनीतिक कारणले सामाजिक तथा शैक्षिक क्षेत्र प्रभावित बनेको हुँदा पञ्चायती व्यवस्थाको समर्थन र नेताहरूको आशिर्वाद पाएका व्यक्तिहरूले मात्र काठमाडौँ जिल्लामा खुलेका विद्यालयहरूको शिक्षक पदमा नियुक्ति पाएको सन्दर्भ समेटिएको छ । यति मात्र होइन, सत्ताको इसारा नभई सरकारी जागिर नपाइने तथा पाइहाले पनि उनीहरूको चाकरी नगर्ने हो भने पाएको जागिरसमेत गुमाउनु पर्ने यथार्थ स्थितिको समेत यसमा उल्लेख गरिएको छ । त्यस समयका शासकहरूले हरेक कुरामा आफ्ना नातागोतालाई प्राथमिकता र राजनीतिक पहुँचमा जोड दिने र आफूसँग राजनीतिक रूपमा विमति राख्ने मानिसहरूलाई अराष्ट्रिय तत्त्व भन्दै प्रतिशोध साँध्ने काम गरेको पनि पाइन्छ । यस विषय सन्दर्भलाई उपन्यासकार विष्टले यसरी प्रस्ट पारेका छन्- "लौ गजराज बाजे ! हाम्रो पञ्चायतभित्र तपाईँ पनि पस्नुहोस् (१२३) ।" सम्बद्ध भनाइमा गजराज बाजेसँग जागिरका लागि पञ्चायतको सदस्यता लिन आग्रह गरिएको विषयले तत्कालीन पञ्चायती राजनीतिक सन्दभर्ललाई अभिव्यक्ति दिइएको छ । यसरी उपन्यासमा एकातिर परम्परादेखि चल्दै आएको सांस्कृतिक चिन्तन र त्यसको प्रतिविम्ब पाइन्छ भने अर्कातिर तत्कालीन राजनीति र त्यसको सामाजिक प्रभावलाई समेटिएको छ ।

प्रस्तुत उपन्यासमा पात्रीय क्रियाकलापबाट पशुपति क्षेत्रका तन्नेरी नेता राजभाइले आफ्ना साथी चट्टुकाजी र प्यान्टेबाजेसँग बसेर पशुपति क्षेत्रको र त्यसको सेरोफेरोमा पर्ने ऐलानी जग्गा र बागमतीको धारले भासेको जग्गा सँधियारको नाममा दर्ता गराइदिएर भोट बटुली चुनाव जित्ने र नगरपञ्चायतबाट पशुपति क्षेत्रका विकासका लागि छुट्याइने बजेटको आधा भाग जति निल्ने तथा वृद्धाश्रमका नामको रासनपानी आफ्नो घरमा ओसार्ने जस्ता योजना बनाएको चित्रण गरिएको छ । यसका साथै पञ्चायतकालीन समयमा रातारात धनी हुने सपना देख्नेहरूले सत्ता र शक्तिको आडमा नेपालका अमूल्य मूर्तिका साथसाथै गाईवस्तुका हाडखोर तथा मानव अस्थिपञ्जरको तस्करीसमेत गर्न थालेको सन्दर्भ उपन्यासमा प्रस्तुत गरिएको छ । मानव हड्डी तस्करी गर्नेहरूले पछिल्लो समयमा पहाडबाट आउने मानिसहरूलाई नोकरी लगाई दिने आश्वासन दिएर भारतमा लगी पाँच हजारमा त्यहाँका व्यापारीलाई बेच्ने गरेको विषयको सम्बन्धमा उपन्यासकारले लेखेका छन् -"के बुझ्यौ तिमीहरूले ? ऊ त मान्छेको कङ्कालको व्यापारी भएको छ (८२) ।" यसमा उपन्यास रचनाकालको सेरोफेरोमा देवपाटन अर्थात् आठ नम्बर वडाका तत्कालीन वडाध्यक्ष कृष्णलाल

वैद्यले पशुहरूको हाडखुरको व्यापार गर्दागर्दै खोलामा मिल्काइएका मान्छेका हाडखुर पनि सप्लाइ गर्ने गरेको प्रसङ्ग उल्लेख गरिएको छ । यसमा उसले पाखा पर्वतबाट उसकहाँ आउने मानिसहरूलाई कलकत्ता बम्बईमा नोकरी लगाइदिने भनेर भारतीय व्यापारीसँग पाँचपाँच हजारमा बेचेर मान्छेका कङ्कालको व्यापारसमेत गरेको सन्दर्भ प्रस्तुत छ। उपन्यासमा प्रस्तुत भएका यस खाले चारित्रिक क्रियाकलापका माध्यमबाट तत्कालीन सन्दर्भको पुष्टि भएको छ । यसले पञ्चायतकालीन समयमा मानव तस्करीसमेत हुने गरेको सन्दर्भ प्रस्तुत गरेको छ ।

विवेच्य उपन्यासमा प्रसङ्गवश राणाकालीन समय-सन्दर्भले समेत स्थान पाएको छ । यस क्रममा राणाशासनका विरुद्ध विभिन्न किसिमले विद्रोह हुँदै आइरहेको स्थितिमा २००४ सालतिर तीनधारा पाठशालाका छात्रहरूले 'जयतु संस्कृतम्' को नारा लगाउँदै विरोध प्रदर्शन गरेका तथा गोकुलराजका बाबु ईश्वरीराज राणाकालीन समयका अदालती सुब्बा भएकाले उसले भूमि जस्तो प्रशस्त अचल सम्पत्तिको जोहो गर्न सफल भएको र स्वयम् गोकुलराजले छ छवटा विवाह गरेको जस्ता विषयको प्रस्तुतिले उपन्यासमा राणाकालीन सन्दर्भसमेत समेटेको पाइन्छ ।

प्रस्तुत उपन्यासमा सम्पन्न परिवारका छोरा बुहारीहरू बिरामी बाबुआमाको सेवामा भन्दा तास खेल्न र भिडियो हेर्नमा तल्लीन भएका तथा पैतृक सम्पत्तिमाथि गिद्देदृष्टि लगाउँदै सधैँ तिजौरीको साँचो फुत्काउने ध्याउन्नामा तल्लीन रहेका सन्दर्भहरू देखाइएको छ । यस्तै तत्कालीन समयमा पशुपति क्षेत्रमा प्राणान्त भए स्वर्गवास हुने जनविश्वास रहिआएको हुँदा काठमाडौँका सम्पन्न परिवारका वृद्धवृद्धाहरू बिरामी भएपछि अस्पताल जानुभन्दा पशुपतिमा निर्मित रोगी राख्ने घरमा जाने गरेका तर बिरामी रोगबाट मुक्त भए भने घर फर्कँदा सिन्दुरे जात्रा गर्ने प्रचलन रहेको र जयवागेश्वरीको ढुङ्गेधारामा स्नान गराउनाले केटाकेटीहरूको सरस्वती खुल्छ भन्ने सामाजिक मान्यता देवपाटनका बाबुआमाहरूले राख्ने गरेका जस्ता विषय पनि उपन्यासमा तत्कालीन सन्दर्भ बनेका छन् । यस्ता सामाजिक विषयबाट तत्कालीन सन्दर्भ व्यक्त गर्ने क्रममा नेपाली समाजमा प्रचलित यथार्थलाई वर्ण्य विषय बनाउने काम गरिएको छ र त्यसका लागि मुख्यतः पशुपति क्षेत्रको समाजलाई केन्द्र भागमा राखेर त्यहाँको खास गरेर सामाजिक, धार्मिक, आर्थिक क्षेत्रका गतिविधिहरूका माध्यमबाट तत्कालीन सन्दर्भ व्यक्त गरिएको छ । यसै गरी निम्नवर्ग र उच्चवर्गका बिचको द्वन्द्व, सामाजिक मान्यतामा आएको ह्रास, धनको मात्र ध्याउन्नामा लाग्ने चिन्तन आदिलाई पनि उपन्यासले तत्कालीन सन्दर्भका रूपमा ग्रहण गरेको छ ।

प्रस्तुत उपन्यासमा सांस्कृतिक परिदृश्यका माध्यमबाट पनि तत्कालीन सन्दर्भ प्रस्तुत भएको छ । हरेक वर्ष घोडेजात्राको एक दिनअघि अष्टलाल वैद्यले आफ्ना सहयोगीहरूका साथ तिलगङ्गानिरको पोडेटोलमा गएर त्यहाँबाट पिङ्गलदेवीको मूर्ति चोरेर ल्याउने र त्यसको भोलिपल्ट जात्रा चलाउने सांस्कृतिक परम्परा रहिआएको कुरा उपन्यासमा चर्चा गरिएको छ । पिङ्गलादेवी वत्सलादेवीकी बहिनी भएकाले जात्रामा पिङ्गलादेवीको खटलाई वत्सलादेवीका मन्दिरमा तीनतीन पल्ट परिक्रमा गराइने अनि जात्राको सायङ्कालमा अष्टलालका निम्तालु जति सबैले उसको टाउकोमा दश हात लामो नयन सुतको फेटा गुथिदिने जस्ता सांस्कृतिक मान्यताको चित्रण गरिएको छ । यसलाई प्रस्ट पार्दै उपन्यासकार विष्टले लेखेका छन्- “पिङ्गलादेवीको जात्रामा उनका आफन्त निम्तालुहरूले उनको टाउकोमा दश दश हातको नयनसुतको फेटा गुथिदिने गर्थे भने उनको जग्गाको मोही र ऋणीहरूमध्ये कसैले घ्यू, केरा चढाउने गर्थे त कसैले कुरौनी र सुकेका लिखु, खोलाको माछाको पेरुङ्गो नै चढाउने गर्थे (७३) ।” सम्बद्ध अभिव्यक्तिमा पिङ्गलादेवीको जात्राको धार्मिक-सांस्कृतिक प्रसङ्ग समेटिएको छ । यस उपलक्ष्यमा अष्टलालका टाउकामा उनका आफन्त निम्तालुहरूले दशदश हातको नयनसुतको फेटा गुथिदिने र उनका जग्गाका मोही र ऋणीहरूमध्ये कसैले घिउ, कसैले केरा, कसैले कुरौनी, कसैले सुकेका लिखु र कसैले खोलाको माछाको पेरुङ्गो नै चढाउने गरेको विषयको यसमा चर्चा गरिएको छ । यसबाट सामाजिक यथार्थका साथै तत्कालीन सांस्कृतिक सन्दर्भसमेत प्रस्तुत भएको छ ।

### ४.३.५ हिमाल र मान्छे उपन्यासमा तत्कालीन सन्दर्भ

*हिमाल र मान्छे* उपन्यासमा लाक्पा नुर्बुले बाह्र बाह्रवटी श्रीमती ल्याएको विषयले तत्कालीन सन्दर्भ व्यक्त भएको छ । यस सम्बन्धमा उपन्यासकारले लेखेका छन्- “जे होस् उसले यस उमेरसम्म जम्मा पारेका बाह्र ओटी स्वास्नीहरूमध्ये कसैले पनि ममाथि सौता हाल्यो भनेर न प्रहरी चौकी वा ठानामा उजुर-बाजुर नै गरेका छन् न त अदालतमा नालिस नै दिएका छन् (४१) ।” यस भनाइमा उपन्यास रचनाको समयसम्म पनि परम्परागत सांस्कृतिक सम्बन्ध तथा पितृसत्तात्मक चिन्तनका कारण यहाँका हुनेखाने मानिसहरूले बहुविवाह गर्ने प्रचलनलाई सहज रूपमा स्वीकार गरिएको सामाजिक यथार्थ उल्लेख गरिएको छ ।

प्रस्तुत उपन्यासमा तत्कालीन चुनावी प्रणालीका माध्यमबाट पञ्चायतकालीन राजनीतिक सन्दर्भ समेटिएको छ । तत्कालीन समयमा राष्ट्रिय पञ्चायत सदस्यको चुनावमा

प्रतिष्पर्धी बनेका एकथरी मान्छे चुनाव जित्न प्रशासकीय हाकिम कारिन्दाहरूको विरोध गरेर आफ्नो पक्षमा भोट पार्ने दाउमा देखिएका छन् भने लाक्पा नुर्बुले चाहिँ पैसाको चलखेल गरेर चुनाव जित्ने सपना देखेको छ। उसले भोट प्रभावित गर्नका लागि त्यस भेगका भद्र भलादमी, गुण्डा किसिमका स्त्रीपुरुष र सरकारी जागिरदारहरू सबैलाई आमन्त्रित गरेर त्यहीँ बसोबास गर्ने आफ्नी श्रीमतीमार्फत भव्य भोजको व्यवस्था गर्ने गरेको कुरा उपन्यासमा वर्णन गरिएको छ । यस सन्दर्भमा खुलस्त पार्दै उपन्यासकार विष्टले लेखेका छन्- "मन्त्री हुने चाहनाको प्रबलताले गर्दा उसले झन्डै आफ्नो पाँच वर्षसम्मको सारा आम्दानी चुनावमा सिद्याएको थियो (२०३) ।" यस अभिव्यक्तिमा तत्कालीन समयमा जनताको मन जितेर चुनाव जित्नेभन्दा धाँधली गरी चुनाव जित्नका लागि गरिएको खर्चको सङ्केत गरिएको छ। विवेच्य विषयबाट आर्थिक चलखेलका माध्यमबाट चुनाव जित्ने र चुनाव जितिसकेपछि सत्तामा पुगेर जनताको सेवामा भन्दा आर्थिक उपार्जन गर्नतिर संलग्न हुने तत्कालीन सन्दर्भ व्यक्त भएको छ।

विवेच्य उपन्यासमा शेर्पा जातिका सांस्कृतिक यथार्थतालाई पनि तत्कालीन सन्दर्भका रूपमा प्रस्तुत गरिएको छ । थामेको भव्य गुम्बा शताब्दी शताब्दी पहिले पेलुप्साङ दोर्जी लामाले निर्माण गराएका हुन् भन्ने मानिँदै आएको छ । गुरु रिम्बुछिले शेर्पाहरूलाई बसालेर उनीहरूको रेखदेख गर्नका लागि खुम्बिला देवतालाई खटाए तापनि निकै कालसम्म सोलुखुम्बु क्षेत्रमा एउटा पनि गुम्बा नभएको स्थितिमा धर्मकर्म गर्ने माध्यम नभएकोले शेर्पाहरू संस्कृतिविहीन भएर भट्किरहेका अवस्थामा उनीहरूलाई एउटै धार्मिक विश्वासमा बाँध्न तीन तीनवटा गुम्बाहरू निर्माण गरी एउटा विधान दिएर रीतिथितिमा बाँधेको मान्यता यस क्षेत्रमा पाइन्छ। शताब्दी शताब्दीअघि असार बाह्र गते अर्थात् दावा ङावा छेवा छुङको दिन पेलुप्साङ दोर्जी परलोक भएको हुँदा हरेक वर्ष असार बाह्रदेखि चौध गतेसम्म गाउँ गाउँ तथा गुम्बा गुम्बामा डुम्जी पर्वको चाड मनाएर सम्झना गरिने परम्परा रहेको छ। त्यो चाड मनाउँदा लाग्ने खर्च प्रत्येक वर्ष दुई घरले बेहोर्ने गरिन्छ र त्यही खर्चबाट चामल किनी बाह्र गतेका दिन डङ्गुरका डङ्गुर भात पकाउने र पाकेको भातबाट मेला भर्न आउने श्रद्धालु जतिलाई पुग्ने गरी छव (प्रसाद) को निम्ति स-साना पिण्ड बनाउने जस्ता सांस्कृतिक परिदृश्यलाई उपन्यासमा प्रस्तुत गरिएको छ। यसरी त्यस क्षेत्रमा परापूर्व कालदेखि चल्दै आएका यस खाले सांस्कृतिक परम्परालाई पनि यसमा तत्कालीन सन्दर्भका रूपमा समटिएको छ । यस्तै शेर्पा जातिमा छोरीलाई अर्काको घर जाने जात र छोरालाई बाबुआमालाई आगो लगाउने वारेसका रूपमा लिने गरिएको सन्दर्भमा यस समाजमा एकातिर घरज्वाइँ वस्ने परम्परा देख्न पाइन्छ

भने अर्कोतिर मगनी भएको छ महिनाभित्र विवाह गरिसक्नु पर्ने चलन रहेको देखिन्छ । तत्कालीन समयमा मनोरञ्जनका अन्य साधन नभएकाले गाउँमा मेला भर्न जाने अनि देवीदेवताका आँगनमा मेला भर्न जाने क्रममा आफ्ना मनोकामना पूरा होऊन् भनेर भाकल गर्ने जस्ता सामाजिक सांस्कृतिक मान्यतालाई उपन्यासमा तत्कालीन सन्दर्भका रूपमा प्रस्तुत गरिएको छ ।

नेपालको हिमाली जिल्ला सोलुखुम्बुको समाजमा घटेका विभिन्न घटनाका आधारमा उपन्यासमा तत्कालीन सन्दर्भको खोजी गरिएको छ । त्यहाँका एकथरी स्थानीय व्यापारीहरूले काठमाडौँदेखि तिब्बतसम्म आफ्नो व्यापार फैलाउने काम गरेका छन् । आर्थिक रूपमा सबल मानिसहरूले आफ्ना छोराछोरीहरूलाई शिक्षाका लागि काठमाडौँसम्म पठाउने गरेका छन् भने विपन्न परिवारका मानिसहरूले भने हिमाल चढ्न आउने हिमाल आरोहीको भरियाको काम गरेर जीवन धान्ने गरेका छन् । त्यहाँका स्थानीय युवाहरू भारी बोक्ने काममा मात्र सीमित नरही उनीहरूले सगरमाथाको सफल आरोहण गर्ने सपनालाई पनि साकार तुल्याएका छन् । रिन्जिङ्गले सगरमाथाको सफल आरोहण गरेबाट यस कुराको पुष्टि भएको छ । यस्तै यस क्षेत्रमा आफ्ना व्यापारिक प्रतिस्पर्धीलाई हत्या गर्नसम्म पनि पछि नपर्ने अनि मान्छे मार्न विषको प्रयोग गर्ने प्रचलन तथा हुने खानेले घरमा घोडा राख्ने र त्यसको हेरचाहका लागि नोकरचाकरसमेत राख्ने गरेका विषयले उपन्यासमा प्राथमिकता पाएका छन् ।

प्रस्तुत उपन्यासमा देशमा हुने आन्दोलन वा वर्गीय, लैङ्गिक, जातीय, सांस्कृतिक, क्षेत्रीय जस्ता सामाजिक अन्तर्विरोधबाट मानिसमा आइरहेको परिवर्तनले तत्कालीन यथार्थ व्यक्त गरेको छ । यही विषयको प्रस्तुतिका लागि एकातिर उपन्यास रचनाको समय अर्थात् पञ्चायत कालको उत्तरार्धतिर नेपाली समाजमा परिवर्तनका झिल्काहरू देखिएको विषयतर्फ उपन्यासलाई मोड्ने प्रयास गरिएको छ भने अर्कातर्फ बिसौँ शताब्दीमा पनि नेपाली समाजमा सामन्ती सभ्यताको अवशेषका रूपमा रहेका लाक्पा नुर्बु जस्ता सामन्तको अन्त्य भएको प्रसङ्गबाट उपन्यासमा तत्कालीन सन्दर्भ व्यक्त भएको छ । लाक्पा नुर्बुले आफ्नै हितैषी आङरिगु जेल पर्दा सहयोग गरेको नदेखेर उसकै नोकर चाकर र प्यादाहरूले समेत उसको पछि लाग्नु अर्थहीन भएको बताउनु र समाजमा असहमतिका स्वर सुनिन थालेपछि उसको प्रतिष्ठाको जग हल्लिएझैँ लागेको छ । यस सन्दर्भमा प्रस्ट पार्दै उपन्यासकारले यसरी लेखेका छन्- “इमानदारी प्रदर्शन गर्ने निहुँले उनीहरूले लाक्पा नुर्बुप्रति उनीहरूका मनमा घर गरिरहेको अविश्वास देखाएका थिए र देखाएका थिए विद्रोह (२६९) ।” यसबाट प्रतीकात्मक

रूपमा तत्कालीन पञ्चायत व्यवस्था ढल्न थालेको र परम्परागत सामाजिक सम्बन्ध परिवर्तनको मझधारमा रहेको तत्कालीन सन्दर्भ उपन्यासमा व्यक्त भएको पाइन्छ ।

## ४.४ दौलतविक्रम विष्टका उपन्यासमा क्षेत्रीयता बोध

कुनै एक भूगोलका क्षेत्रबाट मानव-जीवन विशेष प्रभावित हुने हुँदा मानवलाई त्यस भूगोलमा रहने विशेषताका आधारमा पनि अर्थ्याउने गरिएको पाइन्छ । किनभने व्यक्तिका खान-पान, बसोबास, रहन-सहन र भेष-भूषा भूगोलका आधारमा व्यवस्थित भएका हुन्छन् । यसरी सामाजिक यथार्थवादी उपन्यासमा भूगोलका सत्य आन्तरिक तथा बाह्य अवस्थामा अभिव्यक्त भएका हुन्छन् ।

लेखकले वस्तु सत्यलाई प्रतिच्छायाका रूपमा बाहिर प्रकटमा ल्याउँदा आख्यानमा प्रयुक्त क्षेत्रका विशेषता उपयोग गर्ने गर्दछ । क्षेत्रीयता बोधलाई परिपाकमा लैजानका लागि आख्यानमा क्षेत्रविशेषमा प्रयोग हुने शब्दहरूलाई समायोजन गर्न पनि सामाजिक यथार्थवाद हिचकिचाउँदैन । सामाजिक यथार्थवादले गतिशील वास्तविकतालाई स्वीकार गर्ने अर्थ हो, समाज र जीवनको ठोस सत्ताको स्वीकार गर्नु (श्रीवास्तव ११०) रहेको मानिएको छ । कतिपय अवस्थामा आख्यानमा एउटा क्षेत्र मात्र प्रयोग भएको पनि पाइन्छ । सामाजिक क्रियाकलापका सत्यलाई प्रकटमा ल्याउनका लागि जन-सामान्यले प्रयोग गर्ने विशेष प्रकृतिका शब्दहरू पनि आफैँमा उपस्थित भएका हुन्छन् । यस दृष्टिले सामाजिक यथार्थवादमा क्षेत्रीयता बोध ग्राह्य मानिएको छ ।

समाज निरन्तर गतिशील अनि परिवर्तनशील हुन्छ र यसले हरेक क्षेत्रका परिवर्तनका रेखालाई स्पर्श गरेको हुन्छ । समाज विकासका निम्ति प्रयोग भएका सामाजिक, आर्थिक, राजनीतिक एवम् सांस्कृतिक क्षेत्रका अनि निश्चित क्षेत्रविशेषका अधुनातन विषयलाई सामाजिक यथार्थवादी रचनामा समावेश गरिएको हुन्छ । निश्चित क्षेत्रको यथार्थ जीवनको प्रतिच्छाया प्रकटमा ल्याउन यसको महत्त्व आफैँमा व्यवस्थित भएको हुन्छ । निश्चित भूगोलका मानिसहरूले त्यसलाई सकारात्मक अर्थमा स्वीकार गरेका हुन्छन् । जुन भूगोलका परिसरमा उपन्यासको कार्यपीठिका निर्माण भएको हुन्छ, त्यहाँको प्रत्यक्ष अप्रत्यक्ष छाप रचनामा रहने गर्दछ । सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक परिदृश्यमा क्षेत्रीयताका परिणाम अलग प्रकारका रहने र तिनलाई तत्कालीन सन्दर्भबाट मापन गर्नुपर्ने हुन्छ । क्षेत्रीयता बोधलाई परिपाकमा पुऱ्याउनका लागि उपन्यासले विचरण गरेका क्षेत्रका पहिचान दिलाउन सक्ने

विषयवस्तु, सामाजिक जीवन, पात्रीय क्रियाकलापमा सहज अवस्थामा प्रकट हुने भाषिक अभिव्यक्तिको स्वरूप, नदी, खोला, हिमाल, घाट, डाँडा, थुम्का, बाटो, चौतारो तथा भूगोलअनुसारका खानाका परिकार, पात्रका परिधान, वासस्थान, भाषा, व्यवसाय, सामाजिक चिन्तन, यात्राका प्रसङ्गमा आउने सवारीसाधनका विषय, चरित्रमा हावापानीअनुरूप बाह्य अवस्थामा देखिने रङ्ग, वनस्पति, भौगोलिक सौन्दर्य, प्रकृति, आन्तरिक सम्बन्ध, चारित्रिक विशेषता आदि विषय भूगोलमा समावेश भएका पाइन्छन् । यसर्थ गतिशील वास्तविकतालाई वा ठोस सत्तालाई स्वीकार गर्दा मात्र सामाजिक यथार्थ रहने हुँदा यसमा भौगोलिक यथार्थ स्वाभाविक अवस्थामा आउँदछ (मिश्र, शिवकुमार ११०) । यसबाट सामाजिक यथार्थको प्रस्तुतिमा मात्रै क्षेत्रीयताले अभिव्यक्ति पाउने र क्षेत्रीयताको कसीमा मात्रै सामाजिक यथार्थवाद अभिव्यक्त हुने भएकाले सामाजिक जीवनका यथार्थ अभिव्यक्त गर्न समाजको आन्तरिक तथा बाह्य जीवनलाई परिचित गराउने पात्र र तिनले विचरण गरेको समाज अनि तिनका यावत् परिवेशलाई निरूपण गर्नुपर्ने हुन्छ ।

### ४.४.१ मञ्जरी उपन्यासमा क्षेत्रीयता बोध

*मञ्जरी* उपन्यासमा काठमाडौँका बालाजु, नयाँसडक आदि ठाउँलाई परिवेशका रूपमा ग्रहण गरिएको छ र यहाँको मध्यमवर्गीय बालविधवाको सामाजिक समस्यालाई मुख्य विषयवस्तु बनाइएको छ । यसको विषयवस्तुले हिन्दु धर्ममा वर्जित विधवा विवाहको अस्वीकृतिलाई विद्रोह गर्ने उद्देश्य राखेको पाइएको छ । उपन्यासले यसबाहेक बालविवाह, अनमेलविवाह र बहुविवाहको विरोध गर्दै अन्तर्जातीय विवाह र प्रेम विवाहको स्वीकृति दिनुपर्ने कुरामा जोड दिएको छ ।

प्रस्तुत उपन्यासमा काठमाडौँका राणापरिवारसँग सम्बन्ध भएका मध्यमवर्गका परिवारले समेत बाहिर हिँड्दा मोटर वा तामदानी प्रयोग गर्ने गरेको तथा घरमा कम्तीमा एउटा धाई र एउटा भान्से बाहुनी राख्ने गरेका र यहाँका हुनेखाने वर्गले सिनेमा हलमा गएर सिनेमा हेर्ने गरेका तथा विलासिताका लागि स्थापित स्वप्न-भूमि जाने गरेका जस्ता विषयलाई अभिव्यक्ति गरिएको छ । समाजका एकथरी महिलाले अवैध सम्बन्धबाट जन्मेको नवजात शिशुलाई एकान्त स्थलमा छाडेर जाने गरेका सहरिया सभ्यताले उत्पन्न गरेका विषयको प्रस्तुतिले समेत उपन्यासमा क्षेत्रीयता अभिव्यक्ति भएको छ ।

विवेच्य उपन्यासमा स्थान, वस्तु, राजनीतिक अभिव्यक्ति र सामाजिक मान्यताका आधारमा क्षेत्रीयता बोध भएको छ । यस उपन्यासमा काठमाडौँको समाज र त्यसका चिन्तनलाई उजागर गर्ने क्रममा सामान्य नेपाली जीवनका चरित्रहरूले समाजमा भोग्ने विषय र दरबारका मानिसहरूमा लक्षित हुने विषयवस्तु उपन्यासमा उल्लेख गरिएको छ । प्रस्तुत उपन्यासमा तत्कालीन समाजका महिलाहरूले सम्पन्न परिवारका घरमा भान्सेका रूपमा मात्र होइन, नोकरचाकर र दासीका रूपमा समेत काम गर्नुपर्ने बाध्यतालाई एकातिर देखाइएको छ भने अर्कातिरउनीहरूले पुरुष वासनाको सिकार हुनुपर्ने सामाजिक यथार्थतालाई पनि समेटिएको छ । यसरी महिलाका समस्यालाई क्षेत्रगत विशेषताका आधारमा प्रस्तुत गर्ने क्रममा काठमाडौँका समाजमा महिलाहरू समाजका सभ्य भनाउँदा मानिसहरूबाटै असुरक्षित भएको चित्रण गर्न मञ्जरीको कथालाई उपन्यासमा अभिव्यक्ति गरिएको छ । महिलाले समाजमा कठिनसाथ जीवन चलाउनुपर्ने सामाजिक बाध्यतालाई नेपाली समाजका अगाडि प्रस्तुत गरिएको छ । विश्वका कतिपय समाजमा महिलामाथि यस प्रकारको व्यवहार खास गरेर विधवा महिलामाथि नगरिने भए तापनि यस्ता विषयबाट नेपाली समाज भने अझैँ मुक्त हुन नसकेको कुरा चित्रण गरिएको हँदा उपन्यासमा क्षेत्रीय चिन्तनले स्थान पाएको देखिन्छ । यस्तै समाज परिवर्तनको सोच राख्ने शङ्कर उसको वर्षौंसम्मको भूमिगत जीवन अनि उसमाथि जारी वारन्ट र त्यसबाट फुकुवा भएपछि उसले गर्दै आएको समाज सेवाबाट उपन्यासमा क्षेत्रीयताका विषयले अभिव्यक्ति पाएको छ ।

प्रस्तुत उपन्यासमा नेपाली समाजमा विद्यमान पितृसत्तात्मक सामाजिक मान्यताका प्रस्तुतिका माध्यमबाट क्षेत्रीयताका विषय समेटिएका छन् । परिवारमा महिलाहरू नातामा आमा नै भए पनि पुरुषको स्वीकृतिविना सामाजिक क्रियाकलापमा सहभागी हुन छुट नभएको विषयलाई उपन्यासमा उठाइएको छ । रामले मञ्जरीलाई धर्मसभामा सहभागी रोक लगाएको छ (३०५) । महिलाहरू घरका अभिभावकका रूपमा रहेका भए पनि उनीहरूलाई घरबाहिरका धार्मिक क्रियाकलापमा सहभागी हुनसमेत पुरुषको स्वीकृति चाहिने विचार व्यक्त गरिएको छ । नेपाली समाजमा महिलामाथि हुने यस प्रकृतिका लैङ्गिक विभेदको यथार्थ प्रस्तुतिबाट उपन्यासमा क्षेत्रीयताको विषयलाई यसमा समेटिएको छ ।

उपन्यास रचनाको समयमा काठमाडौँका उच्च तथा मध्यम वर्गका परिवारका मानिसहरू 'स्वप्नभूमि' गएर रमाउने गरेको विषयबाट उपन्यासमा क्षेत्रीयताको बोध भएको छ । यस उपन्यासमा स्वप्न भूमिलाई होटल भन्नुको अतिरिक्त क्लव तथा चमेनागृह पनि भन्ने

गरिएको छ जहाँ ब्लाउज तथा बडीले जवानी कसेका, आँखामा आगाध सौन्दर्य भएका, लिपिस्टिकले ओठ रञ्जित पारेका एकदल मदहोस तित्तली–रङ्गीन स्वप्नसमान लाइनमा बसेका र त्यहाँ आउने मानिसलाई नृत्य देखाएर मनोरञ्जन दिने गर्दछन् । यस प्रकृतिको स्वप्नभूमिका विषयमा उपन्यासकारले लेखेका छन्- "तर अब थाहा पाए, नेपाल प्रजातंत्र नामले विभूषित भएपछि नेपालका पुराना सभ्य तथा घरानियाँ कहलाइएका महानुभावहरूले विलासमय प्रवृत्तिद्वारा ने. सभ्यतालाई अंग्रेजी सभ्यताको दाँजोमा पुऱ्याउन 'स्वप्नभूमि' को सूत्रपात गरेका थिए (२६९) ।" यस कथनमा नेपालमा प्रजातन्त्र आएपछि सहरिया उच्च कुलीनहरूले आफूलाई अङ्ग्रेजी सभ्यताको दाँजोमा देखाउन स्वप्नभूमिको स्थापना गरेको कुरा अभिव्यक्त भएको छ । त्यस समयमा उच्च कुलीनवर्ग विलासिताका लागि स्वप्नभूमि जाने गरेका तथा काठमाडौँको सहरिया समाज सिनेमातर्फ समेत आकर्षित हुँदै गएको विषयबाट उपन्यासमा क्षेत्रीयताको विषयले ठाउँ पाएको छ ।

दौलतविक्रम विष्टको प्रस्तुत उपन्यासमा मञ्जरीका मातापिताको सामाजिक जीवन र तिनका सहज क्रियाकलापबाट क्षेत्रीयताका विषयले ठाउँ पाएका छन् । मञ्जरीका पिता राइटर वासुदेव पण्डित अड्डामा सानोतिनो जागिरमा अल्झिएका भए पनि उसको घरको आर्थिक अवस्था भने अत्यन्तै कमजोर भएको विषयले उपन्यासमा चर्चा पाएको छ । यस सम्बन्धमा उपन्यासकार विष्टको भनाइ यस्तो रहेको छ- "पिताचाहिने त दिनभर गृहस्थी चलाउने सारा वस्तु आर्जन गर्न यताबाट उता, उताबाट यता, दौडिरहन्थे (३२८) ।" यस अभिव्यक्तिमा मञ्जरीका बुबाले गरिबीका कारण घरगृहस्थी चलाउन निकै दौडधुप गर्नु परेको सन्दर्भ प्रस्तुत गरिएको छ । त्यसै कारण उसले बालविवाह तथा अनमेल विवाह सहनुपरेको र विवाह गरेको एक वर्षभित्रमै वैधव्य जीवन बेहोर्नु परेको कुरा उपन्यासमा महत्त्वपूर्ण विषय बनेको छ । तसर्थ गरिबीले गर्दा सिर्जित छोरीको दयनीय अवस्थाका सम्बन्धमा राइटर वासुदेवको भनाइ यस्तो छ- "के गर्नु छोरी, अहिले तेरो आत्माले मलाई सराप्दो हो; म पनि रातदिन पश्चातापमा रहन्छु । के गर्नु ! बाहुनको कोखमा जन्म लिन आइस, छिटै बिहे गर्दिनु पर्ने ! त्यसैले सुब्बाबाजेलाई सौंपेको थिएँ (३२४) ।" सम्बद्ध भनाइमा ब्राह्मण परिवारमा छोरीको विवाह सानै उमेरमा गरिदिने परम्परा रहिआएको सामाजिक मान्यताको अभिव्यक्तिका माध्यमबाट उपन्यासमा क्षेत्रीयता बोध भएको छ ।

विवेच्य उपन्यासमा कैलासले खोलेको विद्यालयमा दलितलाई भर्ना गरेको विषयप्रति प्रचण्डबहादुरको असहमति देखाइएको छ । सार्वजनिक शैक्षिक संस्थामा समेत दलित

बालबालिका प्रवेश नपाउने स्थितिबाट उपन्यासमा एकातिर तत्कालीन समाजमा रहेको जातीय भेदभाव देखाइएको छ भने अर्कातिर मञ्जरीका आमाबाबुले सहरिया सम्पन्न परिवारका सुब्बा साहेबसँग अन्तर्जातीय तथा अनमेलविवाह गरिदिएका छन् । यता कप्तान्नी मखनाले छोरा कैलासका लागि जर्नेल कर्नेलका परिवारसँग विवाह प्रस्ताव राखेकी छे । यसबाट नेपाली समाजमा वैवाहिक सम्बन्ध चाहिँ सकभर आफूभन्दा सम्पन्न परिवारमा गर्न खोज्ने प्रवृत्ति देखापर्दछ । यसरी पुरानो पुस्ताको जातीय तथा वर्गीय सङ्कीर्णताका कारणले उपन्यासमा क्षेत्रीयताको बोध भएको छ । यति हुँदाहुँदै पनि क्षेत्रीय विषयको प्रस्तुतिका दृष्टिले प्रस्तुत उपन्यास कमजोर नै देखिन्छ ।

### ४.४.२ एक पालुवा अनेकौँ याम उपन्यासमा क्षेत्रीयता बोध

*एक पालुवा अनेकौँ याम* उपन्यासमा आवासका प्रकृति तथा कृषि कर्मका माध्यमबाट क्षेत्रीयता प्रस्तुत गरिएको छ । कमलका बुबा खरिदार नरेन्द्रबहादुर बसोबास गरेको ठाउँले तराईको गाउँले समाजलाई सङ्केत गरेको र उसले जागिरबाट अवकाश लिएर हाटखोलामा बसोबास बनाई कृषि काममा लागेपछि तिरहुतबाट बसाइँ सरेर आएका नूनियाहरूलाई खेत अधियाँमा कमाउन दिने गरेको तथा वर्षको दश हजार कम्पनीको धान, पाँच हजार कम्पनीको पाट र तोरी पूर्णिया जिल्लाका मुसलमानहरूलाई बेच्दै आइरहेको विषयले उसको कृषि कर्मको सत्यापन गरेको छ । तर पछिल्लो समयमा भने नरेन्द्रको गृहस्थी खस्कँदै गएको कुरा दायाँबायाँका सारा फुसका घरहरू टिनका र काठका घरमा परिणत भइसक्दा पनि उसको घर झन् झन् भत्किँदै गएको स्थितिले देखाएको छ । यसरी नरेन्द्रको परिवार बसोबास गरेको मोरङको हाटखोलामा रहेका भूगोलअनुरूपका आवासका प्रकृति र कृषिप्रणालीका माध्यमबाट उपन्यासमा त्यहाँको क्षेत्रीय जीवनका यथार्थ उजागर भएका छन् ।

प्रस्तुत उपन्यासमा तराईका नुनाह, वक्राह, रतुवा, रामचन्द्रे, हाटखोला तथा गौरिया खोलाको वर्णन गरिएको छ । रामचन्द्रेपछि आउने गौरिया खोलाका सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "नागबेली परेर बगिरहेको गौरिया खोलाको पानीमा आफूलाई छल्न चाहिरहेको ऊ एउटा माटोको डल्लो टिप्छ (१८०) ।" यसमा एकातिर गौरिया खोलाको वर्णन गरिएको छ भने अर्कातिर त्यस खोलासँग जोडेर त्यसको पूर्वपट्टिको ठुलो पाखोमा टिन र फुसका सय सवा सय पसल, घर र हाटखोलाको बिचमा कालीथान रहेको सन्दर्भ छ । यही ठाउँमा शनिबार र बुधबारका दिन मेला लाग्ने अनि मेलामा धान आदि मालसामानहरूको खरिदबिक्री हुने कुरा उल्लेख गर्दै हाटखोलाको व्यापारिक इतिहास धेरै लामो नभएकाले हाटमेला लाग्नुभन्दा पहिला

त्यहाँ स्याल कराउने गरेको विषयको चर्चासमेत गरिएको पाइन्छ । यसभन्दा अघि पारि मुगलानको फत्तेपुरमा हाटबजार लाग्ने हुँदा त्यस बेलाका जिमीदारले फत्तेपुरको हाट सार्न एउटा लडाइँ नै लड्नु परेको इतिहासको चर्चासमेत यसमा प्रस्ट रूपमा गरिएको छ। यसरी उपन्यासमा यी नदी तथा खोलाका छेउछाउमा लाग्ने हाटबजार तथा त्यहाँका बस्तीका घरका विशेषताका माध्यमबाट उपन्यासमा क्षेत्रीयता प्रस्तुत भएको पाइन्छ। यस्तै तत्कालीन समयमा पारि मोगलानबाट दुईचार पैसा कमाउने हेतुले तिरहुते देहातीहरू मधेश प्रदेशका विभिन्न भू-भागमा कामका लागि मजदुरी गर्न आउने गरेको इतिहास पाइन्छ । हाटखोलाबाट नजिकै रहेको काली मन्दिरको आँगनमा सुतिरहेका तिरहुतेहरूको दृश्यले यस कुराको पुष्टि गरेको छ। यता नेपालका पहाडी गाउँ पाखामा बसोबास गर्ने मानिसहरू भने कामका लागि भारतका विभिन्न ठाउँहरूमा जाने गरेको प्रसङ्गलाई पनि उपन्यासमा चर्चा गरिएको छ। यस ठाउँमा देखाइएका विभिन्न घटना प्रसङ्गले उपन्यासमा क्षेत्रीयताको बोध भएको छ।

दौलतविक्रम विष्टको प्रस्तुत उपन्यासमा तराईको ग्रामीण क्षेत्रमा कृषि कार्यबाट जीवन यापन गर्ने निम्नवर्गीय किसानहरूका मध्यमबाट क्षेत्रीयता बोध भएको छ । यहाँ एकातिर ठुलाठुला जमिनदारहरू रहेका छन् भने अर्कातिर तिनका हरुवाचरुवा र तिनकै खेतीपातीको काम गर्ने किसानहरू रहेका छन् । उपन्यासमा कमलको परिवारलाई जमिनदारका रूपमा चिनाइएको छ भने तिरहुतबाट बसाइ सरेर आएका नूनियाहरूले उसको खेत अँधियामा कमाउने गरेका छन्। तिरहुतबाट धान काट्न आउने तिरहुते देहातीहरू मोरङ पस्दा र फर्कदा बिच जङ्गलमा पुगेपछि आफ्ना शरीरका लुगाले वनदेवतालाई बाँधेर पुकारा गर्छन् र धान काट्ने काम सकेर सकुशल घर फर्कदा आफूले बाँधेका ती झुत्रा कपडाहरूलाई फुकालेर जान्छन् । यस क्षेत्रमा प्रचलित कृषिसम्बन्धी प्रचलन तथा धान काट्न आउने तिरहुतेहरूको सांस्कृतिक परम्पराबाट उपन्यासमा क्षेत्रीयता बोध भएको छ।

विवेच्य उपन्यासमा राजेश्वरीलाई विवाह गर्न नपाएको साधारण विषय सामाजिक समस्या बनेको छ । आफूले चाहेकी भरखरकी युवती राजेश्वरीलाई उसका अभिभावकद्वारा दिन अस्वीकार गरिएपछि वृद्ध नरेन्द्रले मोहनीमन्तर लगाएर भए पनि उसलाई आफ्नो वशमा पार्ने षड्यन्त्र गरेको छ। त्यसमा पनि सफल नभएपछि उसले राजेश्वरीलाई स्वास्नी तुल्याएको हुँ भन्ने झुटो मुद्दा दायर गरेको छ । यसै विषयमा प्रस्ट पार्दै उपन्यासकारले लेखेका छन्- "जब मकवानपुरेले भदैमाथि सौता हुन कसैले छोरी दिन्छ ?" भनेर के जवाफ हानेकी थिइन् त्यसको भोलिपल्ट नालिस दरेर आफ्नो वारिस कमललाई बनाई आफू काठमाडौंतिर लागेका

थिए (३८) ।" यस भनाइमा नरेन्द्रले आफूले चाहेकी राजेश्वरीलाई उसका अभिभावकले विवाहका लागि दिन अस्वीकार गर्दा ती अभिभावका विरुद्ध मुद्दा दायर गरेको कुरा उल्लेख गरिएको छ र यसबाट नरेन्द्रमा रहेको पितृसत्तात्मक अहम् प्रकट भएको छ । यसले एकातिर परम्परागत सामाजिक सम्बन्धका आधारमा निर्मित सामाजिक चिन्तनको प्रस्तुति भएको छ भने अर्कातिर क्षेत्रीयताको अभिव्यक्ति भएको छ ।

प्रस्तुत उपन्यासमा स्थानीय पात्रानुकूल भाषिक अभिव्यक्तिका माध्यमबाट क्षेत्रीयताका अभिलक्षण देखा परेका छन् । यसमा विश्वास पटुवारी, ढेकचल देउनियाँ, गोकुलनुनियाँ जस्ता पात्रहरूका भाषिक अभिव्यक्तिलाई यथार्थपरक रूपमा प्रस्तुत गरिएको छ । गाउँलेहरूले गङ्गा नूनियाका अविश्वासिला र झुट कुराका विषयमा कमललाई अवगत गराउने सन्दर्भमा विश्वास पटुवारीले आफ्नो भनाइ यसरी प्रस्तुत गरेको छ- "पहिले त की जान्नु कमलबाबू ! सबैले उसलाई विश्वास गरिहाल्यो । गङ्गा भगत छ, कण्ठी बाँधेको छ, मासमाछ खाँदैन, बडो लोगसँग बस्छ, साधु महातमको सेवा गर्छ । भगत मानुस दियो होला नि महादेवले दर्शन, विश्वास भैहाल्यो (१७४) ।" सम्बद्ध कथनमा गङ्गा नूनिया कण्ठी बाँधेको, माछामासु नखाने र भगतका रूपमा महात्माको सेवा गर्ने व्यक्ति भएको भनेर गाउँलेहरूले उसलाई विश्वास गर्ने गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । त्यहाँको सामाजिक बोली र सांस्कृतिक विश्वास अभिव्यक्त भएको यस भनाइमा त्यस क्षेत्रको सामाजिक मान्यता र सामाजिक बोलीका माध्यमबाट क्षेत्रीयताको बोध भएको छ ।

प्रस्तुत उपन्यासमा तत्कालीन शिक्षाका सन्दर्भबाट क्षेत्रीयता प्रकट भएको छ । काठमाडौँको दरबार स्कुलबाहेक तत्कालीन समयमा देशका अन्य भू-भागमा खुलेका विद्यालयहरूमा स्तरीय पठनपाठन नभएको यथार्थ उपन्यासमा उल्लेख गरिएको छ । दाङ, सल्यान, गौरीगन्ज जस्ता ठाउँका विद्यालयमा हुने पठनपाठन स्तरीय तथा विद्यार्थीमैत्री नभएको र विद्यालयमा त्रासमय वातावरण भएको हुँदा त्यसबाट विद्यार्थीहरूले अपेक्षित ज्ञान हासिल गर्न नसकेको उपन्यासमा चर्चा गरिएको छ । सल्यानको बजारको साहु रामलालको गोठको चोटामाथि बनाइएको पाठशालाको भौतिक वातावरण सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "बेन्च र टेबिलको सट्टा त्यो पाठशालामा काठका लामालामा फलेकहरू बिछ्याइएका थिए । सल्यान बगर भरिका तथाकथित भलादमीहरूका भन्ट्याङभुन्टुङहरू लछारिन्थे त्यही पाठशालामा बिहान भातसात खाएपछि (५) ।" सम्बद्ध भनाइले शैक्षिक क्षेत्रको भौतिक वातावरणतर्फ सङ्केत गरेको छ । यस्तै उपन्यासकारले त्यहाँका विद्यालयका शैक्षिक

वातावरणबारे यसरी लेखेका छन्- "जब उनी जुँगा हल्लाउँदै मैलो खाँडीको बर्को काँधमा हाली पाठशालाभित्र पस्थे, त्यति बेला चराचुरुङ्गीका बिचमा सर्प पसेझैँ सारा पाठशालामा आतङ्क फिँजिन्थ्यो । त्रासले थिचिएका ती भन्टयाङभुन्टुङ आवश्यकताभन्दा पनि ठुलो स्वरमा पाठ दोहऱ्याउन थाल्थे (५-६) ।" सम्बद्ध भनाइबाट स्थानीय विद्यालयको त्रासमय तथा गुणस्तरहीन शैक्षिक वातावरण प्रस्ट भएको छ ।

विवेच्य उपन्यासमा प्रयोग भएका पात्रहरूले क्षेत्रीयताको परिचय दिएका छन् किनभने यसमा प्रयुक्त पात्रहरूले क्षेत्रविशेषको प्रतिनिधित्व गरेका छन् । उपन्यासको कथानक विचरण गरेका पहाड, हिमाल र तराईका सम्पन्न-विपन्न, शिक्षित-अशिक्षित, नारी-पुरुष, युवा-वृद्ध, उदार-अनुदार, शासक-शासित, पीडक-पीडित, परम्परावादी-विद्रोही जस्ता विभिन्न स्तर तथा ठाउँका पात्र अनि उनीहरूसँग सम्बन्धित अनेक घटनाप्रसङ्ग र चरित्र निरूपणमा सोहीअनुकूलको भाषिक प्रयोग भएको छ । तराई क्षेत्रमा पनि खास गरेर मकवानपुर, कलैया, वीरगन्ज, चैनपुर, विराटनगर, माइस्थान, गौरीगन्ज, हाटखोलावासीका भाषिक कथन र उनीहरूका सांस्कृतिक कृत्यलाई उपन्यासमा प्रस्तुत गरिएको छ । देवीको नाममा एक अँजुली चामल दिन अनकनाएका हाटखोलाका व्यापारी बनियाँलाई पुजारीले ठगेको आरोप लगाउँदा बनियाले बोलेको कथन यस्तो रहेको छ-

> हाम्रो मन चुँडिएको छैन पुजारी बाजे, त्यसमा तपाइँ एक अँजुली चाउर उठाउँछ, पुलिस एक एक अँजुली चाउर उठाउँछ, हाटखोला सफा गर्ने डोमिन एक अँजुली चाउर उठाउँछ, की हुन्छ- एक पसेरी चाउर जान्छ । झट् बोलिए कुना कालीमाईको अगाडि मुई (म) नर्क किन जान्छ किन्तु पुजारी बाजे, मन जल्छ सीधा किसान मानुसलाई ठगेर एक पसेरी चाउर बढी लिनुपर्छ भनेर, तपाइँले, पुलिसले आर ( अरु) डोमिनले लिएन भने ठग्नै पर्दैन (१३८) ।

सम्बद्ध भनाइमा पुजारी बाजे, पुलिस, हाटखोला सफा गर्ने डोमिन जस्ताका लागि भाग नलगाउने हो भने किसानलाई ठग्न नपर्ने व्यापारीको कथन रहेको छ । सोझा किसानलाई एक पसेरी अन्न ठग्दा आफ्नो मन दुख्ने गरेको प्रस्तुति गरिएको छ । व्यापारीको यस कथनमा चाउर, मुई, बोलिए जस्ता स्थानीय भाषिक स्वरूपको प्रयोग गरिएको छ र यसबाट क्षेत्रीयताको प्रस्तुतिसँगै सामाजिक यथार्थको अभिव्यक्ति भएको छ ।

ताराले अर्धभूमिगत जीवन व्यतीत गर्दै निरङ्कुश राणाशासनका विरुद्ध आवाज निकाल्न समाजका अगुवाहरूलाई सङ्गठित गरेर हिँडेको राजनीतिक क्रियाकलापबाट क्षेत्रीयताको प्रस्तुति भएको छ । उसले समाजमा गरेका यस्ता राजनीतिक कर्म र त्यसबाट उसको जीवनमा देखिएको सङ्कटका कारण मुलुक छाडेर विदेशतिर पलायन हुनु परेको सन्दर्भ यसमा प्रस्तुत छ । राणाकालमा स्वतन्त्रताका लागि राजनीति गर्ने व्यक्तिहरूलाई देशभित्र ज्यान जोगाउन गाह्रो हुने तत्कालीन सन्दर्भ उपन्यासमा प्रस्तुत गरिएको छ । तत्कालीन समयमा शासक र शासन व्यवस्थाका विराधीहरूलाई देशद्रोहीको आरोपमा देश निकाला गर्नेसम्मका काम हुने भएको हुँदा उपन्यासमा ताराले भारततर्फ जानु परेको राजनीतिक यथार्थ व्यक्त भएको छ । यसै क्रममा राणासरकारका विरुद्ध पर्चा छर्ने क्रममा पीताम्बर, रत्न, कुमार पक्राउ परेको हुँदा नेपालभित्र बस्ने वातावरण नभएको र भारततर्फ गएको सन्दर्भबाट उपन्यासमा क्षेत्रीयता बोध भएको छ ।

नेपाली समाजमा सदियौँदेखि जरा गाडेर बसेको विभेदकारी सामाजिक चिन्तनले नेपाली महिलाहरू पुरुष वासनाका शिकार भएका छन् । प्रस्तुत उपन्यासमा चित्रित जेठकी मालकिनी, राजेश्वरी, तारा, कल्पना जस्ता पात्रहरू यसका साक्ष्य भएका छन् । महिलामाथि हुने विभेदका सम्बन्धमा ताराका भनाइ यसरी प्रस्तुत गरिएका छन्- “परम्परागत छद्म आवरणले ढाकिएको हाम्रो समाजमा कति दुर्दशा छ स्वास्नी मान्छेको । मानौँ हाम्रो समाजमा स्वास्नी मान्छे मात्र पुरुषको वासना तृप्तिको साधना हो (२२३) ।” यसमा परम्परागत चिन्तनका कारण तत्कालीन नेपाली समाजमा महिलामाथि हुने लैङ्गिक विभेदमाथि विमर्श गरिएको छ र नेपाली समाजमा विद्यमान रहेको महिलापुरुषका असमानताका माध्यमबाट उपन्यासमा क्षेत्रीयता प्रकट भएको छ ।

प्रस्तुत उपन्यासमा काठमाडौँ उपत्यका र तराईको भूगोलको वास्तविकतालाई प्रकट गरिएको छ । काठमाडौँमा जेठा बाजेको घर, दरबार हाइस्कुल, पशुपति, स्वयम्भू, विजयेश्वरी, ठहिटी, बौद्ध, गोकर्ण जस्ता ठाउँहरूको वास्तविक यथार्थ खोज्ने क्रममा तिनै ठाउँका सामाजिक व्यवहार र आचरणका आधारमा मानिसको चिनारी हुने हुँदा सोही विषयको उठान गरी उपन्यासमा क्षेत्रीयताको प्रस्तुति गरिएको छ । राणाशासकले समाजमा न्याय, समानता र मानवीयता स्थापित गर्न क्रियाशील तारा, राणाशासकको खुलेर विरोध गर्ने द्वितीय विश्वयुद्धका बहादुर लडाकु मेजर वीरसिंह थापा र अन्य सोझा निम्नवर्गीय मानिसहरूलाई पक्रेर क्रूरतापूर्वक दमन गरेको कुरा काठमाडौँका विभिन्न ठाउँसापेक्ष तुल्याएर प्रस्तुत गरिएको छ ।

यस्तै लप्टन बमबहादुरले आफ्नो पहुँचका कारण कृत्रिम साक्षीद्वारा झुटलाई सत्य सिद्ध गरेर कमलका जेठाबा होमबहादुरलाई जेल हाल्ने काम गरेको छ । यति मात्र होइन, राणाशासकका प्रतिनिधि पहलमान जरसाहेबका क्रियाकलाप तथा उच्चवर्गीय परिवारमा हुने विलासी संस्कारको प्रदर्शनसमेत यस उपन्यासमा गरिएको छ । यसरी उपन्यासमा राणाशासकको क्रूरता र सम्भ्रान्त वर्गको विलासिता मुख्यतः काठमाडौँ उपत्यकामा प्रकट भएको छ भने मध्यम तथा निम्नवर्गीय क्रियाकलापहरू तराईका भूगोलमा बढी प्रस्तुत भएको हुँदा उपन्यासमा काठमाडौँ उपत्यका तथा तराईको भौगोलिक विशेषताका आधारमा क्षेत्रीयता प्रकट भएको छ ।

### ४.४.३ भोक र भित्ताहरू उपन्यासमा क्षेत्रीयता बोध

*भोक र भित्ताहरू* उपन्यासमा स्थान, वस्तु, भाषा र सामाजिक मान्यताका आधारमा क्षेत्रीयता बोध भएको छ । यस उपन्यासमा पूर्वदीप्ति शैलीमा कोथोगोरो र ललिनचोकको समाजलाई देखाए पनि मूलभूत रूपमा काठमाडौँको समाज प्रयोग गरिएको छ । काठमाडौँका शङ्खमूल, बानेश्वर, नयाँसडक, माइतीघर, भद्रकाली, बत्तिसपुतली, मङ्गलबजार, धरहरा, पशुपतिनाथ आदि ठाउँहरूको चित्रण गरिएको हुँदा उपन्यासमा क्षेत्रीयताको प्रयोगलाई उपत्यका परिसरका वस्तु, व्यवसाय र सामाजिक चिन्तनबाट निरूपण गरिएको छ । सहरिया परिवेशका मानिसहरूमा गाउँले समाजको भन्दा पेसा व्यवसायका दृष्टिले फरक प्रवृत्ति पाइन्छ र त्यस्ता कार्यबाट जसरी पनि धन आर्जन गर्ने सामाजिक चिन्तन विकसित भएको देखिन्छ । यस विषयलाई *भोक र भित्ताहरू* उपन्यासमा क्षेत्रगत आधारमा भिन्न प्रकारको रहेको चित्रण गरिएको छ । हर्के साहिँलाले पाटने भुँडे साहुको कारखानामा तान बुन्ने काम गर्ने गरेको प्रसङ्गबाट उपन्यासमा क्षेत्रीयता बोध भएको छ । यस्तै जगतेले काठमाडौँमा सञ्चालन गरेका अवैध व्यवसायबाट छोटो समयमा नै ऊ सहरमा नवधनाढ्य साहुको रूपमा परिणत भएको कुरा देखाइएको छ । उपन्यासकारले जगतेका यस प्रकारका व्यवसायका सम्बन्धमा टिप्पणी गर्दै लेखेका छन्- "वारंवारको चोरीको सफल अभियानपछि उसले बाह्रमासे खेलाउन थालेको थियो । त्यसपछि उसले फेरि ठूला ठूला अधिकारीहरूलाई थैली र स्वास्नीमान्छे कोसेली टकर्‍याई टकर्‍याई ठूलो ठूलो ठेक्का र कालोबजार गर्ने धन्दा गरेको थियो (३७) ।" सम्बद्ध भनाइबाट जगतेले अवैध व्यवसायका माध्यमबाट अकुत सम्पत्ति आर्जन गर्ने गरेको पुष्टि भएको छ । सहरिया समाजमा सञ्चालन हुने गरेका यस प्रकारका अवैध व्यवसायबाट उपन्यासमा क्षेत्रीयता बोध भएको छ ।

प्रस्तुत उपन्यासमा हर्के साहिँलाको परिवारले आश्रयस्थल बनाएको शङ्खमूलस्थित निर्जन पाटीका माध्यमबाट क्षेत्रीयताको विषयले अभिव्यक्ति पाएको छ। यस पाटीका सम्बन्धमा उपन्यासकारको भनाइ यस्तो छ- "सुनिन्छ-पूर्व पहाडबाट कुम्भेश्वर महादेव र बगलामुखी भगवतीको दर्शन गर्न उपत्यकामा ओर्लने यात्रुहरू त्यो पाटीमा वास बस्ने गर्थे रे। पश्चिम पहाडबाट कोटेश्वर महादेव र छिन्नमस्ता भगवतीको दर्शन गर्न उपत्यकातिर झर्ने यात्रीहरूले पनि त्यो पाटीमा रात काट्ने गर्थे रे। भरिया र ढाकेहरूले पनि बराबर त्यो पाटीमा चुल्हो बाल्ने गर्थे रे (२)।" सम्बद्ध अभिव्यक्तिमा नेपालका गाउँ तथा सहरमा बनाइएका यस खाले पाटीमा विभिन्न उद्देश्य लिएर हिँडेका यात्रीहरूले बास बस्ने गरेको तथा भरिया र ढाक्रेहरू पनि बस्दै आएको चित्रण गरिएको छ। यसै क्रममा गाउँमा बस्ने स्थिति नभएर हर्केको परिवार जगतेको पछि लागेर सहर पसेपछि केही दिन उसकै घरमा बास बस्यो तर त्यहाँ बस्न असहज भएकाले पञ्चायतको अनुमतिमा उसले त्यस पाटीलाई आफ्नो वासस्थान बनाएको देखिन्छ। जगतेको जालझेलमा परेर सोह्र वर्ष जेल जीवन बिताएर फर्कँदा पनि ऊ त्यहीँ बस्न आइपुगेको छ। यसै गरी सहरमा गाँसवास नपाएका चन्द्रे र जुनेलीले पनि त्यहीँ बास पाएका छन्। युगौँ युगदेखि गरिबको आश्रयस्थल बनेको उक्त पाटीलाई जगतेले मन्दिर निर्माण गर्ने निहुँमा भत्काउन खोजेको अवस्थामा त्यसको प्रतिकारस्वरूप जगतेको हत्यासमेत हुन गएको छ। यस प्रकार कैयौँ व्यक्तिझैँ हर्केको वासस्थल बनेको यस पाटीका आधारमा उपन्यासमा क्षेत्रीयता बोध भएको छ।

चन्द्रे र जुनेलीले सहरिया समाजमा जीवन निर्वाहका लागि चोरी कार्यको सहारा लिएको विषयबाट उपन्यासमा क्षेत्रीयता बोध भएको छ। चन्द्रे र जुनेलीले काठमाडौँ उपत्यकामा बसमा यात्रा गर्ने मानिसहरूका खल्ती काटेर चोरी गर्ने वा अन्य ठाउँमा चोरी गरेर पेट पाल्ने गरेको हुँदा यसको पुष्टि भएको छ। उनीहरू अन्य कामको खोजी गर्दा पनि कतै काम नपाएर बाध्य भई यस कार्यमा लागेका देखिन्छन्। आजको सहरिया समाजमा भने मानिसको अपहरण गर्ने र ठुलो रकम माग गर्ने प्रचलन बढेर गएको सामाजिक यथार्थ भेट्न सकिन्छ। यो विषय हिजोको भन्दा आजको अवस्थामा अझ व्यापक बन्दै गएको पाइएको छ। समाजमा हुने यिनै विषयलाई क्षेत्रीयता बोधका निम्ति यस उपन्यासमा वस्तुपरक ढङ्गमा देखाउने काम गरिएको छ।

पात्रीय भाषिक अभिव्यक्तिका माध्यमबाट यसमा क्षेत्रीयतको बोध भएको छ। छ्याकचाकी श्रीमती र हर्के साहिँलाका बोलीबाट क्षेत्रीयता प्रकट भएको छ। स्थानीय

छ्याकच्याको पसलमा प्रायजसो रक्सी पिउन जाने गरेको हर्के साहिँला धेरै दिनपछि आफ्नो पसलमा आएको देखेर छ्याकच्या दम्पती खुसी देखिन्छन् । यसै सन्दर्भमा छ्याकच्या दम्पतीका भनाइलाई यसरी प्रस्तुत गरिएको छ- "बाज्या, जिम त छ्या मया नाऊ (बाजेले हामीलाई किन माया मारेको) (१७०) ।" सम्बद्ध अभिव्यक्तिमा काठमाडौँका स्थानीय नेवार जातिले बोल्ने नेपाल भाषाको प्रयोगका आधारमा क्षेत्रीयता बोध भएको छ ।

प्रस्तुत उपन्यासमा काठमाडौँको समाज र त्यसको चिन्तनलाई उजागर गरिएको छ । समाजमा सहाराविहीन महिलाहरूलाई शारीरिक शोषण गर्ने समाजको यथार्थ उपन्यासमा व्यक्त भएको छ । काठमाडौँका समाजमा निरीह महिलाहरू समाजका सभ्य भनाउँदा मानिसहरूबाट असुरक्षित भएको देखाउन झुने र जुनेको शारीरिक शोषणको विषय उपन्यासमा प्रस्तुत गरिएको छ । झुने जस्ता नारीले समाजमा आफ्नो अस्तित्व जोगाउन नसकी ज्यान गुमाउनु परेको छ भने जुनेले नौ वर्षकै उमेरमा जगतेले बलात्कार गर्न खोज्दा भागेर अस्मिता जोगाउनु परेको छ । यसरी काठमाडौँका सहरिया समाजका विपन्न नारीहरूले भोगेका शोषणका यिनै यथार्थको प्रस्तुतिका आधारमा उपन्यासमा क्षेत्रीयता बोध भएको छ ।

प्रस्तुत उपन्यासमा हर्के साहिँलाको वर्गीय जीवनका माध्यमबाट क्षेत्रीयताको निरूपण गरिएको छ । हर्के साहिँलाले गाउँमा बाबुको किरिया गर्दा लागेको ऋण तथा बल्लतल्ल घुस खुवाएर कृषि विकास बैङ्कबाट ऋण लिई किनेको भैँसी गाउँमा फैलिएको महामारीबाट केही समयमै मरिदिँदा घरजग्गा लिलाम भएर जन्मथलो छाडी जगतेसँगै काठमाडौँ उपत्यका आएपछि शङ्खमूलस्थित निर्जन पाटीलाई वासस्थान बनाएको पाइन्छ । अत्यन्तै कमजोर आर्थिक अवस्था भएको हर्के साहिँलाले एकातिर गाउँकै सामन्तको छोरो जगतेको आर्थिक प्रलोभनमा परेर जीवनका महत्त्वपूर्ण सोह्र वर्ष जेलमा गुजार्नु परेको छ भने अर्कातर्फ जेलबाहिर उसका जहानपरिवारले जगतेकै कारण दारुण जीवन भोग्नु परेको छ । यस्तै सामन्ती शोषणका कारण चन्द्रेका आमाबाबुको दुःखद मृत्युबाट उसको विचल्लीपूर्ण अवस्था र सहरमा खाते बालबालिका जस्ता बनेका चन्द्रे र जुनेलीको टिठलाग्दो स्थितिका आधारमा उपन्यासमा गाउँ तथा सहरमा हुने गरेका शोषणका यस्ता अनेक रूपका आधारमा क्षेत्रीयता उजागर भएको छ । यस खाले विषयको प्रतिपादनका लागि उपन्यासमा काठमाडौँका शङ्खमूल, लुमडीथान, त्रिपुरेश्वर, धरहरा, माइतीघर, शङ्खमूलघाट, महाङ्काल, विष्णुमती खोला, बानेश्वर, लगनखेल आदि ठाउँ तथा काठमाडौँबाहिर कोथेगोरो र ललिनचोकलाई उपन्यासमा भौगोलिक क्षेत्रका रूपमा ग्रहण गरिएको छ र त्यसमा पनि उपन्यासमा प्रयोग भएको विषयवस्तुले शङ्खमूलस्थित

पाटीलाई मुख्य कार्यक्षेत्र बनाएको हुँदा उक्त पाटी र त्यससँग सम्बन्धित विषयका आधारमा उपन्यासमा क्षेत्रीयता बोध भएको छ ।

प्रस्तुत उपन्यासमा काठमाडौँको सहरिया समाजमा आर्थिक उपार्जन गर्ने विषयस्रोतबाट क्षेत्रीयताको प्रस्तुति गरिएको छ । यसका लागि जगतेलाई जुनसुकै काममा पनि संलग्न रहेको देखाइएको छ । उसले ढुवानी ठेकेदार बन्नेदेखि लिएर काठमाडौँमा थ्रिस्टार होटेल चलाउने, होटेलको काउन्टरमा डलर सटही गराउने, निर्माण कम्पनी चलाउने, बाह्रमासे खेलाउने, ठुल्ठुला अधिकारीहरूलाई थैली र केटी मान्छेको व्यवस्था गर्नेसम्मका अनियमित काम गरेर ठुला ठुला ठेक्का हात पार्नुका साथै कालो बजारीसमेत गर्ने गरेको देखिन्छ । यति मात्र होइन, त्यसका लागि भुने र जुनेलाई समेत उपयोग गर्ने क्रममा भुनेको बीभत्स हत्या गरेको छ भने जुनेले घरबाट भागेर ज्यान जोगााउनु परेको अवस्था छ । यस्ता व्यापारिक कर्मबाट उसले छोटो समयमा नै अकुत सम्पत्ति आर्जन गरेर काठमाडौँमा भव्य महल तथा गाडी जोड्न सफलता प्राप्त गरेको छ । यसरी काठमाडौँमा अवैध व्यापार व्यवसायबाट अकुत सम्पत्ति आर्जन गर्ने विषयबाट उपन्यासमा क्षेत्रीयता प्रकट भएको छ । यस्तै कोथेगोरो गाउँमा सर्पो बाजेका नामले चिनिएको जगतेको बाबु शेशे मुखियाले काठमाडौँका तत्कालीन समयका शक्तिशाली व्यक्तिहरूसँगको सम्बन्धका कारण गाउँमा कसैलाई पनि मुद्दा लगाइदिन सक्ने हैसियत प्राप्त गरेकाले उसले घरानियाँ व्यक्तिका रूपमा परिचय बनाएको छ । उसले बर्सेनि चारपाँच मुद्दा बोकेर तारिख थाम्न काठमाडौँ जाँदै गर्दा खानीखोलापारिको जङ्गलमा टिपेका पात, खानीखोलामा दुवाली थापेर मारेका असला माछाका सुकुटी, केरा, चुक आदिको कोसेली बोक्ने गरेको र काठमाडौँबाट घर फर्किदा भने पुराना लुगाफाटाको भारी बोकेर आउने गरेको छ । शेशे मुखियामा रहेको यस खाले सामन्ती मनोवृत्ति तथा खानीखोलामा पाइने वस्तुका आधारमा उपन्यासमा क्षेत्रीयताको प्रस्तुति भएको छ ।

*भोक र भित्ताहरू* उपन्यासमा पात्रीय क्रियाकलापका माध्यमबाट क्षेत्रीयताको खोजी गरिएको पाइन्छ । प्रस्तुत उपन्यासमा नौ वर्षको उमेरदेखि नै आमाबाबुसँग सम्पर्कविहीन भएर सहरी परिस्थितिले गर्दा खाते बालिकाका रूपमा जुनेली चोरीको पापकर्म गर्न बाध्य भए पनि ऊ त्यस कर्मप्रति कुनै गुनासोरहित ढङ्गबाट प्रस्तुत भएकी छ । सम्पत्ति थुपार्न नभई पेट भर्न गरिने चोरीलाई उसले कुनै पापकर्म ठानेको छैन । यस क्रममा उसले आफ्नो अस्मिता संरक्षणका लागि चुप्पी लिएर हिँड्ने र त्यही चुप्पी देखाएर आफ्नो अस्मितामाथि धावा बोल्नेहरूलाई लखेट्ने गरेको छ । यसै क्रममा आमाको निधनपछि माहुरी साहु र जेठा पुरेतको

षड्यन्त्रका कारण धर्मसंस्कृतिका नाउँमा आफ्नो भएभरको जायजेथा गुमाउन बाध्य भएको र गाउँमा आश्रयविहीन हुँदा सहर पसेको चन्द्रेको जुनेलीसँग शङ्खमूलको पाटीमा भेट भएको जस्ता विषयलाई उपन्यासमा जीवन्त प्रस्तुति गरिएको छ। गाउँबाट सहर आएको र परम्परित धार्मिक आस्था र नैतिकताप्रति प्रतिबद्ध भएको हुँदा तथा सहरी परिस्थितिप्रति अनभिज्ञ रहेकाले चोरी गरेर बाँच्नुभन्दा आत्महत्या गर्नु ठिक ठान्ने चन्द्रेलाई जुनेलीले पापकर्म दानदक्षिणा दिएर पखाल्न सकिने भन्दै सम्झाएकी छ । यसपछि दुवैजना पेटको क्षुधा मेटाउन हातमा चुप्पी लिएर चोरी गर्न काठमाडौँका विभिन्न ठाउँमा धाउने गरेका छन् । उनीहरू काठमाडौँका महाङ्कालथान, वीर अस्पताल, भोटाहिटी, असन, इन्द्रचोक, अन्नपूर्ण मन्दिर जस्ता स्थानमा चोरी कार्यमा संलग्न भएको वर्णन उपन्यासमा गरिएको छ । यस विषयको पुष्टि गर्दै उपन्यासकारले लेखेका छन्-

> कतिपल्ट भैसक्यो ठूलो दाउ मार्ने अभिप्रायले बानेश्वरदेखिन् बत्तीसपुतलीसम्मका घरघरको हुलियालाई छाम्दै हिंडेको। तर जतिसुकै चहारे पनि ठूलो हात मार्ने जमर्का देखाउन सकेका थिएनन्। त्यस किसिमले चहार्दा कसैको चोक र आँगनसम्म पुग्न सफल भैहाले भने कहिले स्टीलका रिकापी र चम्चा, कहिले सुकाएका फरिया र रुमाल सुमाल यस्तै सानातिना वस्तु हात पार्न सफल भएका थिए (८६)।

सम्बद्ध भनाइमा चन्द्रे र जुनेली सहरमा पेट पाल्नका लागि चोरी गर्ने हेतुले बानेश्वरदेखि बत्तिसपुतलीसम्मका घरमा जति आँखा लगाए पनि उनीहरू त्यसमा सफल नभएको सन्दर्भ प्रस्तुत गरिएको छ। यसमा उनीहरू सानातिना वस्तु हात पार्न सफल भए पनि ठुलो हात मार्न असफल भएका छन्। सहरिया समाजमा जुनसुकै परिस्थितिले गर्दा भए पनि काठमाडौँमा हुने गरेका चोरी कर्म जस्ता सामाजिक विकृतिको यथार्थ प्रस्तुतिका आधारमा उपन्यासमा भौगोलिक क्षेत्रीयता अभिव्यक्त भएको छ।

### ४.४.४ ज्योति ज्योति महाज्योति उपन्यासमा क्षेत्रीयता बोध

*ज्योति ज्योति महाज्योति* उपन्यासमा पशुपति क्षेत्र र त्यस वरपरको सामाजिक जीवनका क्रियाकलापका आधारमा क्षेत्रीयताको सत्यापन गरिएको छ । त्यसका लागि उपन्यासमा पशुपति क्षेत्रको सीमित परिवेश अँगालिए पनि त्यसको सघन प्रतिपादनबाट त्यहाँको समाज र जीवनका अनेकन् महत्त्वपूर्ण आयामहरू उद्घाटित भएका छन्। प्रस्तुत उपन्यासको मूल विषयवस्तुको रूपमा दार्शनिक कथ्य वा अध्यात्ममूलक सन्देश रहेको छ।

त्यस्तै यसमा सामाजिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, पौराणिक, तान्त्रिक, व्यापारिक जस्ता विभिन्न क्षेत्रका विषयवस्तुहरू समेटिएका छन् जसले त्यस समाजका कटु यथार्थ अभिव्यक्त गरेको छ ।

प्रस्तुत उपन्यासमा पशुपतिनाथको परिसरमा घटित विभिन्न घटना र त्यहाँको सामाजिक जीवनका माध्यमबाट क्षेत्रीयता बोध भएको छ। यस उपन्यासमा त्यहाँको सामाजिक तथा सांस्कृतिक व्यवहार, पात्रीय अभिव्यक्ति र तिनका चारित्रिक क्रियाकलापका माध्यमबाट क्षेत्रीय पहिचानका विषयको खोजी गरिएको छ । उपन्यासमा एकातिर दिनानाथले पशुपतिको सडकमा फालिएको नाबालक परशुरामलाई जीवन प्रदान गरेका छन् भने अर्कातिर शङ्करका आफ्नै ठुला बुबा सुब्बा होमप्रसादले उससँग गरेको अमानवीय दुर्व्यवहारबाट घरदेखि निस्किएको शङ्कर फेरि फर्किएर घर नआएको विषयले उपन्यासमा क्षेत्रीयता बोध भएको छ । यस्तै गौरीघाटकै छेउछाउमा कुटी बनाएर बसेको माइरामले विभिन्न समस्या लिएर आउने तरुनी तन्नेरी अनि अधबैंसे स्वास्नीमान्छे र लोग्नेमान्छेको थाप्लोमा शिव र शक्तिको नाम लिँदै अम्रिसाको कुचो ठटाउने र त्यो प्रक्रिया सिद्धिएपछि कलशको जल खुवाउने काम गर्नेदेखि लिएर प्रजाम्बीले गौरीघाटबाट किराँतेश्वर, किराँतेश्वरबाट मृगस्थली हुँदै बिहानीको ठिक पाँच बजेतिर शिवको पुकारा गर्दै पशुपतिको मन्दिरमा स्वास्नीमान्छेहरूको लाममा सबभन्दा पहिला पुग्ने अनि आर्यघाटमा प्राण जाओस् भनेर बुढापाकाहरू देवपाटनमा डेरा गरेर बस्ने जस्ता त्यस क्षेत्रमा हुने गरेका सामजिक, सांस्कृतिक तथा अन्य विभिन्न क्रियाकलापबाट उपन्यासमा क्षेत्रीयता बोध भएको छ । प्रजाम्बीद्वारा हराएको श्रीमान्को प्राप्तिका लागि गरिएको शिव आराधना, दिनानाथले गरेको आयर्वेदिक औषधीको निर्माण र त्यसका माध्यमबाट गरिएको मानवसेवा, शङ्करको अर्धशिल्लीपन र त्यस्तै व्यवहार, गजराज बाजेको धार्मिक कर्म, सुभद्रा बजैको परिवारको आवश्यकता परिपूरणका लागि गरिएको कर्म, खडानन्दले जीवन चलाउन गर्ने गरेको लास जलाउने काम र अन्य थुप्रै पात्रहरूले पशुपतिको सेरोफेरोलाई आश्रयस्थल बनाएर गरेका कर्मले यहाँको सामाजिक जीवनशैली प्रकट भएको छ । यसरी पशुपति क्षेत्रसँग जोडिएर आएका यस्ता जीवनशैली, आचरण र व्यवहारका आधारमा उपन्यासमा क्षेत्रीयताको अभिव्यक्ति भएको छ ।

पशुपतिनाथ मन्दिर परिसरलाई केन्द्र बनाएर गतिविधि गरिरहेका मानिसहरूले बाह्य रूपमा एउटा परिचय पाएका भए तापनि भित्री रूपमा चाहिँ अर्कै व्यवसाय अँगालेका देखिन्छन् । यस्तै व्यक्तिमध्येका पशुपतिको प्राङ्गणको बेलको रुखमुनि हठयोग प्रदर्शन गर्ने

एक जना सेतो अलखधारी जोगी देखा पर्दछन् । तिनको सेवाका लागि देवपाटन र चाहाबेलतिरका स्त्रीपुरुषले सङ्गठन बनाएका थिए । तर ती जोगीले भने आफ्नै सेवामा खटिएर दिशा पिसाब धुने गरेकी बुढी कन्या र एउटी विधुवी तरुनीसमेत लिएर भागेका छन् । यस्तै सुभद्रा बजैले त्यस क्षेत्रमा काम खोज्दै आउने केटाकेटीहरूसँग नाता सम्बन्ध जोडेर आफूले चिनेका हुनेखाने परिवारका मान्छेसँग पैसा लिएर काममा अल्झाउने गरेको छ । सेठ धनीराम र तन्नेरी राजभाइले सुभद्रा बजैलाई मासिक चारसय दिने सर्तमा उसको भतिजो भनिएको अर्धसिल्ली शङ्कर सिद्धपुरुष भएको भन्दै उसलाई खुवाउँदा वा उसले लात्ताले हिर्काउँदा मनोकामना पूरा हुन्छ भन्ने हल्ला फिजाएर धर्मखाताका नाममा पैसा असुल्ने माध्यम बनाएका छन् । त्यही क्षेत्रका ज्वालाप्रसाद नेपाल र रत्नमान भण्डारीले भजन गाउने बहानामा गाँजा तान्ने र तरुनीतर्फ आँखा लगाउने गरेका छन् भने कृष्णलाल वैद्य जस्ता मानिसले राजनीतिको आडमा मानिसको कङ्कालको व्यापार गरेको छ । त्यस्तै तत्कालीन वर्गीय सङ्गठनको सदस्यता प्राप्त गर्नु प्रजातान्त्रिक विशेषता मानिएको हुँदा त्यही सदस्यताका बलमा एकजना देवपाटने ड्राइभरले महिला ओसारपसार गरेको पाइन्छ । उसले पचलीको पाटी, पौवा र सत्तलमा शरीर बेच्ने गरेकी तरुनीलाई राजेश्वरी घाटको सत्तल, पाटी र पौवामा अनि राजेश्वरी घाटको पाटी, पौवा र सत्तलमा कारोबार गर्ने स्वास्नी मान्छेलाई पचली घाटको पाटी, पौवा र सत्तलमा ओसारपसार गर्ने गरेको छ । पशुपति वरपर क्षेत्रका यस खाले क्रियाकलापका माध्यमबाट उपन्यासमा क्षेत्रीयता प्रकट भएको छ ।

विवेच्य उपन्यासमा पशुपति क्षेत्रमा रहेका विभिन्न पाटी, पौवा र सत्तल, विभिन्न घाट तथा त्यहाँको वन क्षेत्रको सांस्कृतिक पहिचान र त्यस क्षेत्रलाई आश्रय बनाएका जोगी, सन्न्यासी र तिनका क्रियाकलापका माध्यमबाट उपन्यासमा क्षेत्रीयता बोध भएको छ । उपन्यासमा जङ्गबहादुरले निर्माण गरेको सात कवले सत्तल महत्त्वपूर्ण मानिएको छ जसमा घाट ल्याएका रोगीहरूलाई राख्ने गरिएकोमा चन्द्र शमशेरले विदेशी पाराको रोगी राख्ने छुट्टै घर निर्माण गरिदिएपछि रोगीहरूलाई त्यही घरमा राख्ने गरेको पाइएको छ । पशुपति क्षेत्रमा आर्यघाट, भष्मेश्वरघाट, सूर्यघाट, वासुकीघाट र जयमङ्गलाघाट जस्ता थुप्रै घाटहरू रहेका छन् जसमा दाह संस्कार गर्ने गरिन्छ । यिनै घाटहरूलाई अघोरी साधु (क) जस्ता विभिन्न जोगीहरूले आफ्नो आर्थिक उपार्जनको माध्यम बनाएका छन् । यस क्षेत्रका भूगोलमा स्थिर रहेका बन जङ्गलका विशेषताको प्रतिच्छाया उपन्यासमा समेटिएको विषयमा उपन्यासकारले यसरी लेखेका छन्-

एकातिर जहाँ बनकाली, इन्द्रकील, श्लेषमान्तक, ध्रुवस्थली, मृगस्थलीको हरित बनकुञ्ज र भाँति भाँतिको योगमुद्रामा ध्यानावस्थित झैँ मन्दिरै मन्दिर अनि पाटी, पौवा, सत्तल र घाटहरूले अष्टदल लेखिए झैँ छटा भर्दिएको छ भने अर्कोतिर श्लेषमान्तक बन भित्रको खहरे अनि खहरेले तुल्याएको कुनाकाप्चा र बनको घनत्वले घातक आँखाहरूका निम्ति पनि अनुकूल ठाउँ जन्माइदिएको छ (८) ।

प्रस्तुत अभिव्यक्तिमा पशुपति क्षेत्रमा रहेका बनकाली, इन्द्रकील, श्लेषमान्तक, ध्रुवस्थली, मृगस्थली जस्ता थुप्रै बन क्षेत्रको वर्णन गरिएको छ । यहाँ रहेका मठमन्दिर, पाटीपौवा, सत्तल र घाटहरूले यस क्षेत्रको शोभा बढाएको कुरा उल्लेख गरिएको छ । यसमा एकातिर खास गरेर श्लेषमान्तक वनभित्रको खहरे र त्यसले तुल्याएको कुनाकाप्चा तथा घना जङ्गलले कुदृष्टि राख्नेलाई अनुकूल ठाउँ बनइदिएको कुरातर्फ सङ्केत गरिएको छ भने अर्कातिर पशुपति वरपरका क्षेत्रमा रहेका यस्ता प्रसिद्ध प्राकृतिक बनजङ्गलले यहाँको सौन्दर्य बढाएका छन् । अतः यस खालका पौराणिक महत्त्व बोकेका विभिन्न मठमन्दिर, पाटी, पौवा र घाटहरूले क्षेत्रीयता बोध गराउनका साथै क्षेत्रीय यथार्थ प्रकट गरेका छन् भन्ने सन्दर्भ यसमा समेटिएको छ ।

प्रस्तुत उपन्यासमा मूलतः पशुपति क्षेत्रको परिवेश ग्रहण गरिएको छ र उपन्यासमा वर्णन गरिएको भूगोल र त्यहाँभित्रको समाज अनि त्यस समाजमा हुने गरेका क्रियाकलापका आधारमा क्षेत्रीयता बोध भएको छ । पशुपति क्षेत्रमा रहेको जयवागेश्वरीको ढुङ्गेधारालाई साक्षात् सरस्वती मान्ने गरिएको र त्यस धारामा स्नान गरेर जयवागेश्वरीको दर्शन गर्नाले जस्तोसुकै मूर्ख पनि कालिदास हुन्छ भन्ने त्यहाँका मानिसहरूको जनविश्वास रही आएकाले देवपाटनका बाबुआमाहरूले आफ्ना सन्तानहरूलाई आर्यघाटमा नुहाउनुको साटो जयवागेश्वरीकै ढुङ्गेधारोमा नुहाउन प्रोत्साहित गर्ने गरेका छन् । त्यस्तै त्यहाँदेखि टाढा टाढाका बाबुआमाहरूले पनि आफ्ना छोराछोरीहरूलाई त्यही धारामा नुहाउन ल्याउने गरेका छन् र ज्वालाप्रसाद नेपाल र रत्नमानले समेत आफ्ना मनोकाङ्क्षा पूरा हुने आशाका साथ त्यही ढुङ्गेधारामा स्नान गर्ने गरेका छन् । पशुपति क्षेत्रसँग जोडिएर आएका यस्ता विषयवस्तुका आधारमा त्यस क्षेत्रको सामाजिक तथा सांस्कृतिक जीवनका सत्य यथार्थ रूपमा प्रस्तुत भएकाले उपन्यासमा क्षेत्रीयता प्रकट भएको छ ।

विवेच्य उपन्यासमा पशुपतिमा केन्द्रित भएर प्रस्तुत गरिएका क्रियाकलापका आधारमा क्षेत्रीयताको निरूपण गरिएको छ । अघोरी साधु 'क' ले तन्त्रसाधनाका लागि राजेश्वरीघाटको

पारिपट्टिको शमशान घाटलाई छनोट गरेर त्यसमा धुनी जगाउने काम गरेको छ । उसले यसका अतिरिक्त भष्मेश्वरघाट, आर्यघाट र कच्चीघाटमा मुर्दा पोलेर बगाएका अर्धजलित दाउराका ठुटाठाटी बटुलबाटुल गरेर धुनीको आगो ताप्ने गरेको छ। अघोरी साधुका यस खाले क्रियाकलापका सम्बन्धमा उपन्यासकारले लेखेका छन्- "भष्मेश्वर घाटमा घण्टौँ घण्टौँसम्म उभिएर चिताबाट उठेको आगोको लप्का, भष्म हुँदै गैरहेको लासको जोर्ने जोर्ने र डब्ब डब्ब आवाज दिँदै फुट्न थालेको खप्परमाथि एकटक टाँसिरहेको थिए सम्मोहन शक्ति भरिएका उसका आँखा (८४) ।" यस कथनमा पशुपति आर्यघाटमा जलाइने गरेका लास र त्यसमा हुने तान्त्रिक साधनाका माध्यमबाट क्षेत्रीयता प्रकट भएको छ ।

प्रस्तुत उपन्यासमा पशुपति क्षेत्रमा हुने सामाजिक विकृतिको चर्चा गरिएको छ । यसमा खास गरेर मुक्तिमण्डलको अखडामा बस्ने अधिकार प्राप्त गरेको अमरानन्द भन्ने भस्मनिष्ट जोगी, भजन गायक ज्वालाप्रसाद नेपाल र रत्नमान भण्डारी तथा खडानन्द बाजे र उसका गँजेडची दलका सदस्य प्रभुबाजे, चैते खत्री आदि मानिसहरूले त्यस क्षेत्रमा जुवा तास खेल्ने र गाँजाको नसा गर्ने गरेका जस्ता सामाजिक विकृतिलाई उल्लेख गरिएको छ । यस्तै त्यस क्षेत्रमा हुने देहव्यापार तथा हत्या बलात्कार जस्ता अपराधपूर्ण क्रियाकलापका साथै धर्मका नाउँमा हुने ठगी धन्दा, मूर्ति चोरी तथा मानव कङ्कालको तस्करी जस्ता विकृति र विसङ्गतिलाई समेत समावेश गरिएको छ । धार्मिक स्थलमा हुने गरेका यस खाले विकृत सामाजिक क्रियाकलापका आधारमा क्षेत्रीयताको अभिव्यक्ति हुन गएको छ ।

नेपालका विभिन्न नदीहरूमध्ये प्रख्यात बागमती नदीको विषयलाई उपन्यासमा समावेश गरिएको छ । काठमाडौँको पावन पशुपति क्षेत्र हुँदै बग्ने बागमती नेपालमा सभ्यता र संस्कृतिको प्रभात ल्याउने नदीहरूमध्ये गङ्गामा नमिसिउन्ज्यालसम्म आफ्नै नामबाट बग्ने नदीका रूपमा चिनिएको छ। बागमती जसको जन्म हिमालबाट नभए पनि नेपाल अधिराज्यका फाँटका फाँटलाई उर्वर तुल्याउँदै भारतेली भूमिभित्र पसेपछि पनि बागमतीकै नामले चिनिने यस नदीको उद्‌गम सम्बन्धमा उपन्यासकारले यसरी लेखेका छन्- "तर वागमती बाघरूपी महादेवकै मुखबाट निस्किएर बगेकी पवित्र नदी (२३०) ।" यस कथनमा गरिएको बागमतीको उद्‌भवको वर्णनबाट बागमती सभ्यता र संस्कृतिको वस्तुगत पहिचान प्राप्त भएको छ । यसै बागमती नदी किनारमा निर्मित विभिन्न घाट र ती घाटहरूमा मानिसहरूले स्नान गर्ने परम्परा अनि बागमती भित्रभित्रै बगिरहेका अरू दुई नदीसमेतको संगमस्थललाई नै आर्यघाट मानिएको र त्यसमा स्नान गर्नका लागि सबभन्दा बढी भिडभाड हुने गरेको र त्यसमा न्यायालयका

न्यायाधीशहरू, विभिन्न मन्त्रालय र विभागका कर्मचारीहरू, छात्रछात्राहरू, साहु-महाजनको विशेष उपस्थिति हुने कुरा उपन्यासमा उल्लेख गरिएको छ । पशुपतिनाथ तथा बागमती सभ्यतासँग जोडिएर आएका यस्ता विषयहरूको प्रस्तुतिबाट उपन्यासमा क्षेत्रीयताका मान्यताहरूले प्रवेश पाएको छ ।

प्रस्तुत उपन्यासमा स्याङ्जा सेतीखोला दोभानको समाजमार्फत त्यहाँको आर्थिक, राजनीतिक सांस्कृतिक विषयको उठान गरिएको छ । यसमा गोकुलराजका बुबा ईश्वरीराजको समयदेखि त्यस भेगका सबै जातका गरिब गुरुवाहरूलाई जग्गा धितो लिई ब्याजमा रुपियाँ लगानी गर्ने प्रचलन रहिआएकामा पहाडमा त्यसरी रुपियाँ लगानी लगाउनु एक किसिमको प्रतिष्ठा मानिने हुनाले गोकुलराजले पनि त्यस कार्यलाई निरन्तरता दिएको सामाजिक यथार्थ व्यक्त भएको छ । त्यसैले उसले व्याँसीका मगर र लेकका गुरुङसमेतलाई आफ्नो मुठीबाट फुस्कन नदिएको, हङकङ र ब्रुनाइबाट बिदामा घर आउनेहरूले उसका निम्ति कोसेली ल्याउने गरेका, लाहुरेहरूले बेच्न ल्याएका चिजवस्तु कहिले सित्तैमा त कहिले परल मोलभन्दा पनि कम्ती मोलमा फुस्काउने गरेको, उनीहरूले बन्धक राखेको जग्गा फर्काउन नसकेको र उसले मन्त्री हुने सपनासमेत देख्ने गरेको त्यस क्षेत्रको सामाजिक आर्थिक विषयको प्रस्तुति गरिएको छ ।

विष्टको यस उपन्यासमा आनन्दनाथले पशुपति दर्शन गर्न आउने मानिसहरूलाई पशुपति गोली नामक आयुर्वेदिक औषधी बेचेर जीवन चलाउने गरेको, देवपाटने भुराहरूले पशुपतिका विभिन्न स्थानमा विभिन्न देवीदेवताले अमुक अमुक क्रियाकलाप गरेको भन्दै पैसा झार्ने गरेका र माइरामले तन्त्रमन्त्र गरेर आयआर्जन गर्ने गरेका गजराज बाजेले विदेशी पर्यटकलाई दिशानिर्देश गरेर आयआर्जन गर्ने गरेका छन् । यसै गरी सुभद्रा बजैले सामाजिक व्यवहार सम्पन्न गरी दिएर, निर्देशक साहले पदीय दुरुपयोग गरेर अनि देवपाटने ट्याक्सी चालकले यौनजन्य क्रियाकलापका लागि युवतीहरू ओसारपसार गरेर आयआर्जन गर्ने गरेका छन् । पशुपति क्षेत्रमा हुने गरेका यस खाले विभिन्न क्रियाकलापबाट क्षेत्रीयता प्रतिविम्बित भएको छ ।

प्रस्तुत उपन्यासमा सुभद्रा बजैका बाबु पण्डित जगन्नाथले एकातिर सेती दोभान र नौ डाँडा अनि त्यसको सेरोफेरोका धनीमानी र साहु महाजनहरूकहाँ न्वारन, पास्नी, विवाह, व्रतबन्ध, सप्ताह, नवाहका साथै जन्मदेखि मृत्युसम्मका सबै किसिमका परम्परागत सांस्कृतिक अनुष्ठान गर्ने गरेको पाइन्छ भने अर्कातिर त्यसै समयमा स्याङ्जा जिल्लामा पनि परम्परागत

सामाजिक सम्बन्धमा आएको परिवर्तनले जातभातको पर्खाल भत्किँदै गएको र त्यस ठाउँका ब्राह्मण तन्नेरीहरूमध्ये केही चाहिँ परम्परागत संस्कार र संस्कृतिलाई लत्याएर खेतबारीमा हलो जोत्न थालेका देखिएका छन् । यसरी सेतीदोभानको समाजमा देखा परेका यस खाले आर्थिक, सामाजिक र सांस्कृतिक विषयका आधारमा उपन्यासमा त्यहाँको क्षेत्रीयता प्रकट भएको छ ।

### ४.४.५ हिमाल र मान्छे उपन्यासमा क्षेत्रीयता बोध

*हिमाल र मान्छे* उपन्यासमा हिमाली जिल्ला सोलुखुम्बु र त्यस वरपरको जीवनशैलीबाट क्षेत्रीयता बोध भएको छ । यसमा सोलुका विभिन्न स्थान र त्यस क्षेत्रका मानिसहरूका आवास, परिधान र खानाका परिकारका आधारमा क्षेत्रीयतालाई पर्गेल्ने काम भएको छ । उपन्यासमा त्यहाँका स्थानीय वासिन्दाहरू मूलतः ढुङ्गाका गारोले बनाइएका घरहरूमा बसोबास गर्दै आएका छन् भने छ्याङ, आराक, मोमो, थोक्पा, चाउचाउ, लुच्याङ र लुक्साको मासु, रिन्दक (आलुको ढिडो), पेचुँ (रायोको साग) आदिलाई खानाको परिकारमा प्रयोग गर्ने गर्दछन् । उनीहरू छिलुलाई भुटनको रूपमा उपयोगमा ल्याउने गर्छन् । यस्तै यस उपन्यासमा त्यहाँको शेर्पा जातिको जीवनशैलीको प्रस्तुति यसरी भएको छ-

> आफ्नो वरिपरि छड्के सिँउदो झिकी कोरी-बाटी गरी किलिप अल्झ्याइएको कपाल अनि बाहुले चोलोमाथि आङ्गी, आङ्गीमाथि ज्याकेट र मटिल लाएका स्वस्नीमान्छेहरूका नारीका काँचका चुरा बज्दा र कानका यूं का टप झल्किँदा साह्रै भावुक हुने गर्थे उनीहरू । भावुक त उनीहरूलाई जिमाला (मुगाको माला) र खौ (सुनको जन्तर) ले पनि तुल्याउँथ्यो र प्याण्ट र ज्याकेटले पनि तुल्याउँथ्यो र भावुक तुल्याउँथ्यो छेवे (लामो बक्खु) र बक्खुले पनि, थाप (अँगेना) वरिपरि बसेर छ्याङ वा आराकले (रक्सीले) जीउ तताउँदा पनि (१२) ।

सम्बद्ध भनाइमा हिमाली जिल्ला सोलुका महिलाहरूले स्थानीय भूगोलअनुरूप लगाउने गरेका बाहुले चोलो, आङ्गी, ज्याकेट, मटिल, प्याण्ट, छेवे (लामो बक्खु) जस्ता पोसाक, कानमा पहिरने गरेका यूं का टप, घाँटीमा लगाउने गरेका जिमाला तथा खौ र जिउ तताउन खाने गरेका छ्याङ वा आराक जस्ता सामाजिक रहनसहनसित सम्बन्धित क्षेत्रीय विषयको चित्रणद्वारा भौगोलिक यथार्थको प्रस्तुति गरिएको छ र यसमा आएका ‘आङ्गी’, ‘मटिल’,

'जिमाला', 'खौ', 'छेवे', 'थाप', 'आराक' जस्ता स्थानीय भाषिक शब्दको विन्यासले त्यसलाई यथार्थको रङ दिएर वस्तुपरक तुल्याएको छ ।

प्रस्तुत उपन्यासमा चित्रित कार्यपद्धति र स्थानिक दृष्टिबाट क्षेत्रीयताको प्रस्तुति भएको छ । हिमालको काखमा बस्ने शेर्पा जातिको मुख्य पेसा कृषि भए तापनि पर्याप्त कृषियोग्य भूमिको अभावमा उनीहरू पर्यटन क्षेत्रको कामलाई आफ्नो पेसा बनाउन बाध्य भएका छन् । आङरिता, आङकर्मा, आङफुर्वा र पेमा दोर्जीहरू यसै पेसामा संलग्न भएका र तिनले पर्यटकहरूको भारी बोक्दै पथ प्रदर्शनको काम गर्नुका साथै आफू पनि हिमाल आरोहण गरेर आफ्नो पहिचान र रोजगारी प्राप्त गरेका छन् । फुर्वा छितेनले यहीँ क्षेत्रमा काम गर्दा गर्दै ज्यानै गुमाएको छ। यिनै मानिसहरूको थातथलोका रूपमा रहेको एउटा उच्च हिमाली ठाउँका रूपमा परिचित खुम्जुङ तथा खुन्देलगायतका क्षेत्रलाई उपन्यासले आफ्नो कार्यपीठिका बनाएको छ। यसरी प्रस्तुत उपन्यासमा हिमाली क्षेत्रका पेसा व्यवसाय, पर्यटकीय गतिविधि तथा क्षेत्रीय भाषाका आधारमा क्षेत्रीयताको प्रस्तुतिका साथै त्यहाँका सामाजिक जीवनका यथार्थको समेत अभिव्यक्ति भएको छ ।

विवेच्य उपन्यासमा त्यस क्षेत्रका व्यापारीहरूमध्ये खुन्दे निवासी पेमा सुन्दरका व्यापारिक क्रियाकलापलाई प्रस्तुत गरिएको छ । उसको व्यापार कीरेछाप, लामा बगर, जिरी, खुन्दे काठमाडौँ र तिब्वतसम्म फैलिएको देखाइएको छ । व्यापारमा नुनका साथै झारमौरा, सिलाजित, चमर, दुम्सीका काँडा, छेरा, गलैँचा र तिब्बतबाट आयात गरिएका लत्ताकपडा आदि रहेका देखिन्छन् । उसले काठमाडौँबाट तिब्बतीय बजारतिर खपत हुने खालका नाना रङ्गका कस्मेरा, पोलिस्टर, कोचिन, तास, नाइलोन, जिरामरिच, चिनी, रङ्ग, खुर्सानी, प्याज आदि ल्याउने गरेको छ र ती सामानहरू लिएर थामे हुँदै होस्यो, मिङगो, ताङ्गा, छुले, मारालुङ, नाङपाला भएर तिब्बतीय सिमानाभित्र पुग्ने गरेको छ। त्यहाँबाट नुन, बोसो, काँचो मासु, चीनमा बनेका लत्ताकपडा, थर्मस, भुवादारी रुमाल आदि सामानको भारी लिएर नेपालका विभिन्न ठाउँमा व्यापार गर्ने गरेको छ । व्यापार गर्ने क्रममा खास गरेर चिनियाँ नाकातिरको व्यापारमा ज्यानै गुमाउनुपर्ने अवस्थाको चर्चा गरिएको छ किनभने त्यस क्षेत्रको व्यापारमा एकाधिकार राख्ने व्यापारीहरूले अन्य व्यापारीहरूलाई सहज रूपमा आउन नदिनका लागि भाडामा गुन्डा राख्ने तथ्य फेला पर्दछ । यस क्षेत्रमा चोरी गर्नुलाई पाप ठानिए पनि लुटपाट गर्नुलाई भने सामान्य रूपमा लिइन्छ। यस प्रकार सोलुखुम्बु क्षेत्रमा पेमा सुन्दरका व्यापारिक क्रियाकलापबाट उपन्यासमा क्षेत्रीयता बोध भएको छ ।

प्रस्तुत उपन्यासमा हिमचितुवाको परिचय पाएको लाक्पा नुर्बुका क्रियाकलापका माध्यमबाट क्षेत्रीयताको बोध भएको छ । यसमा लाक्पा नुर्बुलाई राणाकालीन समयको अवशेषका रूपमा प्रस्तुत गरिएको भए तापनि उसको व्यक्तित्व भने पञ्चायतकालीन समयमा विकसित भएको पाइन्छ । सोलुमा हिमचितुवाका नामले परिचित लाक्पा नुर्बुले स्थानीय समाजमा आफ्नो प्रभुत्व कायम गर्ने क्रममा बाह्रवटी श्रीमती बटुलेको यथार्थ खुल्न आएको छ । यस सन्दर्भलाई प्रस्ट पार्दै उपन्यासकारले लेखेका छन्- "अस्तित्व भए पनि ती भीर र पहाराहरूका डरलाग्दा अस्तित्वहरूलाई मलिन पार्दिएको छ उसको बाह्रवटी राम्री र पट्ठी स्वास्नीहरूको उज्यालो र छिटो छरितोपनले (४१) ।" सम्बद्ध भनाइबाट तत्कालीन नेपाली समाजमा प्रचलित मर्दका दशवटी स्वास्नी भन्ने सामन्ती विचारलाई उसको चरित्रले पुष्टि गरेको छ । सोलु र काठमाडौँलाई वासस्थान बनाएको लाक्पा नुर्बुको प्रतिनिधि चरित्रका माध्यमबाट उपन्यासमा क्षेत्रीयता बोध भएको छ । नेपाली समाजमा तत्कालीन समयका मानिसहरूले घरमा कामका लागि होस् वा समुदायका मानिसहरूका अगाडि आफूलाई प्रभुत्वशाली देखाउन किन नहोस् श्रीमती बटुल्ने गरेको सामन्ती चिन्तनलाई उसकै चारित्रिक क्रियाकलापबाट देखाइएकाले उपन्यासमा क्षेत्रीय यथार्थ बोध भएको छ ।

*हिमाल र मान्छे* उपन्यासमा प्रयुक्त पात्रीय अभिव्यक्तिबाट क्षेत्रीयता बोध भएको पाइन्छ । यसमा लेखकद्वारा हिमाली जिल्ला सोलुका खुम्जुङ, खुन्दे, थामे जस्ता भौगोलिक क्षेत्रका सामाजिक यथार्थको वस्तुपरक प्रस्तुतिका लागि त्यहीँको स्थानीय भाषिक प्रयोगमा जोड दिइएको छ । यस विषयको पुष्टि गर्न साली र भिनाजुका बिचमा भएको संवादलाई यसरी प्रस्तुत गरिएको छ– "तिमी मेरो उरू (साली) हो नि, हो  हो । मोलाई माया गर्छ । अरू कसले माया गर्छ, फोमुले माया गर्छ । उँ हुँ उसले पानि माया गार्दैन हो । साँच्चे भान्छ मोइले फुलाङो । तिम्रो आईलाई (दिदी) सम्झ्यो कि त आँसु झारिहाल्छ (३८) ।" यसमा 'उरू' 'फोमु', 'आई' जस्ता पद तथा सामाजिक भाषिकाको प्रयोग गरेर साली र भिनाका बिचको सम्बन्धको अभिव्यक्ति साथै क्षेत्रीयताको प्रस्तुति भएको छ ।

*हिमाल र मान्छे* उपन्यासमा नेपालको हिमाली जिल्ला सोलुखुम्बु र त्यसका आसपासमा रहेका गाउँका विशिष्टतालाई खोज्ने प्रयास गरिएको छ । त्यसकारण सोलुखुम्बु जिल्लाका खुमजुङ, खुन्देजस्ता ठाउँहरूलाई उपन्यासमा भौगोलिक क्षेत्रका रूपमा ग्रहण गर्दै त्यहाँका शेर्पा जातिका मानिसहरूले गर्ने व्यवहार, पारिवारिक संरचना र भूगोलको यथार्थ स्वरूप चिनाउने काम लेखकबाट भएको छ। उपन्यासमा प्रयोग भएका पेमा दोर्जी, आङरिगु, रिन्जिङ्ग,

आलम, पेमा सुन्दर, लाक्पा नोर्बु, निमा जस्ता चरित्रका माध्यमबाट खुमजुङ, खुन्दे जस्ता स्थलहरूमा बसोबास गर्ने मानिसहरूका दिनचर्या र त्यहाँको भौगोलिक परिचय दिने विषयलाई उपन्यासमा समेट्ने काम उपन्यासकारबाट यसरी भएको छ-

> खाली त्यो कचौरा बान्कीको खुम्जुङ उपत्यका र तीन हजार आठ सय बीस मिटरको अग्लाइमा बसेको खुन्देका पुम्पेजा नाजुङ र तिनका माम्मा र पालाका आँखामा बसन्त ठहरिएको होइन ऊ । खुम्जुङ र खुन्देको सेरोफेरोको तेह्र हजार फिटदेखिन् सोह्र हजार फिटसम्मको उँचाइमा बसेको गाउँ-स्याङबोचे, ठमु, थामे, होस्यो, मिङ्गो, थाङबुचे, छुले अनि बाह्र हजार फिटभन्दा केही तलको नाम्चे बजारका पुम्पेजा नाजुङ र तिनका माम्मा र पालाहरूको आँखामा पनि बसन्त बन्दै आइरहेको छ ऊ (७) ।

सम्बद्ध अभिव्यक्तिमा एकातिर खुम्जुङ उपत्यका वरपरको भूगोलको परिचय दिइएको छ भने अर्कोतर्फ त्यस हिमाली क्षेत्रमा बसोबास गर्ने मानिसले निर्वाह गर्ने काम र तिनको चिनारी गराउने काम भएको छ । यसमा त्यहाँको सुन्दर प्रकृतिमा अवस्थित खुम्जुङको सौन्दर्य प्रस्तुत गरिएको छ ।

प्रस्तुत उपन्यासमा सोलुखुम्बु जिल्लाका खुम्जुङ र खुन्देलाई कार्यक्षेत्र बनाएर त्यहाँको सामाजिक जीवनको यथार्थ प्रस्तुति गरिएको छ । हिमालको काखमा बसेका यस्ता गाउँमा बसोबास गर्ने मानिस पर्वतारोही र त्यससँग सम्बन्धित श्रममा आश्रित भएका र यही पेसामा संलग्न हुँदा हुँदै लाक्पा डोमा, निमा जस्ता महिलाहरूले श्रीमान् गुमाउनु परेको दुःखद अवस्था उपन्यासमा देखाइएको छ । तर पनि यहाँका तन्नेरीहरूले विदेशी पर्वतारोहीहरूसँग ट्रेकिङ्गमा जाने काम पाउनुलाई गौरवको विषय मानेका छन् किनभने खेतीपाती र अन्य व्यवसाय नभएका युवाहरूका लागि आर्थिक उपार्जनको यो भरपर्दो पेसा मानिएको छ । त्यसैले पेमा दोर्जी, आङकर्मा, आङरिता, आङफुर्बाहरूले यही पेसालाई आत्मसात् गरेका छन् ।

उपन्यासमा वर्णित आवास, कृषि, व्यापार, परिधान आदिका माध्यमबाट क्षेत्रीयताको बोध भएको छ । यहाँका घरहरू ढुङ्गाले बनेका र ती घरका गारो भट्टीमा हालेर तयार पारेको चुनले पोतिएका हुन्छन् र प्रायः सबैका घरहरू ढुङ्गे चुनले पोतिएका भए पनि केहीका घर भने जस्तापाताको छानो हालेर तयार पारिएका पनि छन् । यस भेगको मुख्य पेसा खेती र पशुपालन भए पनि भौगोलिक तथा कृषियोग्य जमिनको अभाव र भएको जमिनमा पनि

सीमित व्यक्तिको एकाधिपत्य कायम भएको कुरा उपन्यासमा वर्णन गरिएको छ । तर हिमाली जिल्ला भएको हुँदा त्यहाँ लुच्याङ्ग (च्याङ्ग्रा ), लुक्सा (भेडा ), चमरी, याक आदि पशुपालन हुने गरेको भए तापनि यहाँका आम मानिसहरूले पर्वतारोहीहरूको भारी बोक्ने काम गरेर जीवन धान्ने गरेका छन् । यस विषयलाई प्रस्ट पार्दै उपन्यासकारले यसरी लेखेका छन्- “हुन पनि साँच्चि ती अग्ला अग्ला कहाली लाग्दा हिम-चुचुरामाथि पाइला सार्नु नै उनीहरूको खेती हुँदै आइरहेको छ (४) ।” यस भनाइमा यहाँका मानिसको पेसा कृषि भए पनि कृषियोग्य जमिनको अभावले गर्दा पर्यटन क्षेत्रमा काम गर्नु र पर्यटन व्यवसाय सञ्चालन गर्नु शेर्पा जातिको खेतीपाती हुने गरेको सन्दर्भ प्रस्तुत गरिएको छ र यसबाट क्षेत्रीयताको अभिव्यक्ति हुन गएको छ ।

विवेच्य उपन्यासमा समाजमा हुने व्यवहारबाट क्षेत्रीयताको प्रस्तुति गरिएको छ । सोलुको समाजमा आर्थिक अवस्था कमजोर भएका मानिसहरू लाक्पा नुर्बुबाट ऋण लिएर घर व्यवहार चलाउने गरेको विषय उपन्यासमा वर्णन गरिएको छ । यसबापत उसले ऋणीबाट ब्याज असुल्ने गरेको विषयमा उपन्यासकारले लेखेका छन्- “कसै कसैले साँवा र ब्याज नै बुझाउने गर्छन् त कसै कसैले उसको अगाडि कोसेली पात राखी भाका बढाइदिनु पऱ्यो भनी बिन्ती बिसाउने गर्छन् । कोही ब्याज मात्रै बुझाउने साँवा राखिरहने नै गर्छन् (४२) ।” यस कथनबाट सामन्तवादी सभ्यताको अवशेषका रूपमा रहेको लाक्पा नुर्बु र ऋणीका बिचको सम्बन्धले तत्कालीन सामाजिक व्यवहार पुष्टि भएको छ । यसरी ऋण लिएर घर व्यवहार चलाउने क्रममा कतिपयले ऋण तिर्न नसकेर साँवा र ब्याजबापत खेतबारी नै गुमाउनु परेको परिस्थितिबाट त्यहाँको आर्थिक सामाजिक सम्बन्ध प्रकट हुनुका साथै क्षेत्रीयताको बोधसमेत भएको छ ।

## ४.५ निष्कर्ष

दौलतविक्रम विष्टका *मञ्जरी, भोक र भित्ताहरू* तथा *ज्योति ज्योति महाज्योति* उपन्यास मूलतः काठमाडौँ उपत्यकामा केन्द्रित रहेका छन् भने *एक पालुवा अनेकौँ याम* उपन्यास मूलभूत रूपमा तराई र आंशिक रूपमा काठमाडौँ उपत्यकामा तथा *हिमाल र मान्छे* उपन्यास सगरमाथा अञ्चलको प्रसिद्ध हिमाली जिल्ला सोलुमा केन्द्रित रहेको छ । विष्टका यी उपन्यासहरूमा हिमाल, पहाड र तराईका भूगोलसापेक्ष यथार्थ प्रस्तुत गरिएको छ । प्रस्तुत *मञ्जरी* उपन्यास काठमाडौँको भौगोलिक परिवेशमा केन्द्रित उपन्यास भए पनि भूगोलका

यथार्थको स्थूल प्रस्तुति भएकाले यस अर्थमा यो उपन्यास कमजोर नै देखा पर्दछ भने *भोक र भित्ताहरू* उपन्यासमा यहाँका विशिष्ट सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको यथार्थ अभिव्यक्ति गरिएको छ । विष्टको *ज्योति ज्योति महाज्योति* उपन्यास काठमाडौंमा पनि मूलतः पशुपति वरपरको भूगोल र त्यहाँको सांस्कृतिक यथार्थको प्रकटीकरणमा केन्द्रित देखिन्छ । यस्तै *एक पालुवा अनेकौं याम* उपन्यासमा मूलतः तराईको र केही मात्रामा काठमाडौंलगायत अन्य स्थानको भौगोलिक सत्यको प्रस्तुति भएको छ र *हिमाल र मान्छे* उपन्यास हिमाली भौगोलिक क्षेत्रका विशेषता प्रस्तुतिमा केन्द्रित रहेको छ ।

दौलतविक्रम विष्टका यी उपन्यासहरूमा खास गरेर वर्गीय शोषण, नारी समस्या तथा सामाजिक, आर्थिक, सांस्कृतिक राजनीतिक समस्याको तत्स्थानिक भूगोलमा सजाएर स्थानीय दृश्यसम्पादनका माध्यमबाट प्रस्तुत गरिएको छ । यसबाट उपन्यासमा भौगोलिक परिवेशमा निहित सामाजिक यथार्थको अभिव्यक्ति भएको छ । स्थानीय दृश्यसम्पादन गर्दा चाहिँ उपन्यासहरू विचरण गरेका स्थानको चिनारी दिइएको छ र त्यसले सामाजिक जीवनमा महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ । विष्टले स्थानीय दृश्यावलीलाई समाजमा रहेका पहिचानका आधारमा जोड्ने काम गरेका छन् । त्यसैले उपन्यासको कार्यपीठिका जुन ठाउँमा रहेको छ, त्यस ठाउँको स्थानीय दृश्यलाई समाजले वरण गर्ने आधारबाट प्रस्तुत गरिएको छ ।

दौलतविक्रम विष्टका *मञ्जरी* तथा *एक पालुवा अनेकौं याम* उपन्यासमा राणाकालीन समयका सन्दर्भहरूलाई समेटिएको पाइन्छ भने *भोक र भित्ताहरू, ज्योति ज्योति महाज्योति र हिमाल र मान्छे* उपन्यासमा पञ्चायतकालीन सन्दर्भहरू समेटिएका छन् । त्यस्ता तत्कालीन सन्दर्भभित्र पुरुषप्रधान सामन्ती समाज र त्यसका परम्परावादी चिन्तनबाट सृजित बालविवाह, अनमेलविवाह, बहुविवाह, सामाजिक न्यायमा महिलाप्रति हुने विभेद र निरङ्कुश राणाशासनको अन्याय, अत्याचार, क्रूर दमन अनि त्यसका विरुद्धका विद्रोह रहेका छन् । पञ्चायतकालीन सन्दर्भभित्र अनुदार शासनव्यवस्था, वर्गीय शोषण, भ्रष्टाचार, बेरोजगारी, गरिबी र युवाहरूमा आएको पञ्चायत विरोधी जागरण र त्यसको प्रतिरोध जस्ता पक्षहरू समेटिएका छन् । यसमा खास गरेर तत्कालीन समयका पात्र र तिनका अभिव्यक्ति, सामाजिक जीवन, सामाजिक मान्यता, राजनीतिक र सांस्कृतिक परिदृश्यलाई भूगोलसँग संयोजित गरेर प्रस्तुत गरिएको छ ।

दौलतविक्रम विष्टका उपन्यासहरू हिमाल, पहाड र तराईका भौगोलिक क्षेत्रमा प्रचलित सामाजिक जीवनका विभिन्न आयामहरूमा केन्द्रित भएकाले त्यसबाट क्षेत्रीयताको

बोध हुन गएको छ । त्यसमा पनि *एक पालुवा अनेकौँ याम, ज्योति ज्योति महाज्योति* तथा *हिमाल र मान्छे* उपन्यासहरूमा व्यापक भौगोलिक क्षेत्र समेटिएका कारण त्यहाँको आवास, पेसा, व्यवसाय, पोसाक, धर्म संस्कृति, खोलानाला, पाटी, पौवा, नदी खोला घाट आदि प्राकृतिक स्थल र सामाजिक चिन्तन जस्ता क्षेत्रीयताका विषयले विशेष प्राथमिकता पाएको छ । *मञ्जरी* तथा *भोक र भित्ताहरू* उपन्यासमा भने विषयवस्तुलाई प्रधानता दिइएको हुँदा क्षेत्रीयताको पाटो कमजोर हुन गए पनि विषयवस्तु, पात्रीय अभिव्यक्ति, सामाजिक रहनसहन, पेसा, व्यवसाय र धर्मसंस्कृतिसम्बन्धी मौलिकताको पहिचान र त्यसको प्रस्तुतिबाट यी उपन्यासमा क्षेत्रीयता बोध भएको छ । यसरी विष्टका उपन्यासमा अभिव्यक्त भौगोलिक क्षेत्रीयताका माध्यमबाट सामाजिक यथार्थताको प्रस्तुति भएको छ ।

# पाँचौं परिच्छेद

# दौलतविक्रम विष्टका उपन्यासमा भाषिक विन्यास

## ५.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा दौलतविक्रम विष्टका उपन्यासमा पाइने सामाजिक यथार्थको अभिव्यक्तिका लागि गरिएको भाषिक विन्यासको अध्ययन गरिएको छ । यथार्थवादी लेखन नवपरिष्कारवादीको जस्तो कृत्रिम र परवर्ती प्रयोगवादी वा प्रतीकवादीहरूको जस्तो अस्पष्ट तथा दुर्बोध्य हुँदैन किनभने यथार्थवादी लेखन काल्पनिक वा भावुक लेखनका विपरीत बौद्धिक लेखन भएकाले यसमा अस्पष्ट र दुर्बोध्य बौद्धिकताको प्रयोग गरिँदैन । यसलाई जनसामान्यले पनि बुझ्न सक्ने किसिमले प्रस्तुत गर्ने गरिन्छ । प्रस्तुतिमा अनावश्यक वक्रता, बढी आलङ्कारिकता र आडम्बरको निषेध गर्दै स्पष्टता, स्वाभाविकता वा जीवनअनुरूपता र सरलताका गुण निर्वाह गर्ने प्रयत्न गरिन्छ । सामाजिक यथार्थवादी उपन्यासमा पात्रहरूले आफू बाँचेको समाजका यथार्थलाई भाषिक अभिव्यक्ति गर्ने हुँदा त्यसका लागि पात्रको स्तरअनुकूलको भाषाको प्रयोग गर्नुपर्ने हुन्छ । भाषिक यथार्थवादको समृद्ध रूप उपन्यासका पात्रहरूका भाषाको प्रसङ्गमा देखा पर्दछ । त्यसैले समाजको यथार्थ ग्रहण गर्न उपन्यासमा भाषिक अभिव्यक्तिको सशक्ततामा जोड दिइन्छ । विष्टका उपन्यासमा प्रयुक्त पात्रहरूका अभिव्यक्तिबाट समाजको यथार्थ केकसरी अभिव्यक्त भएको छ भन्ने जिज्ञासाको समाधानका लागि सामाजिक यथार्थवादले स्थापित गरेका भाषिक अभिव्यक्तिको विन्याससम्बन्धी सैद्धान्तिक प्रतिमानअन्तर्गतका स्थानीय बोली, सामाजिक भाषिकाको प्रयोग, उखान र टुक्काको प्रयोग जस्ता सैद्धान्तिक आधारको उपयोग यस अध्ययनमा गरिएको छ । यस क्रममा सर्वप्रथम यिनै सैद्धान्तिक आधारहरूको परिचय प्रस्तुत गर्दै तिनकै आधारमा विष्टका उपन्यासहरूमा गरिएको सामाजिक यथार्थवादी भाषिक विन्यासको विश्लेषण गरिएको छ ।

## ५.२ दौलतविक्रम विष्टका उपन्यासमा स्थानीय बोली

सामाजिक यथार्थवादी उपन्यासमा अभिव्यक्त हुने क्षेत्रीय जीवनलाई यथार्थ रूपमा प्रस्तुत गर्न स्थानीय बोलीलाई परिवेशपूरक बनाई सजाउने काम गरिएको हुन्छ । मानक नेपाली भाषाको प्रयोगबाट मात्र उपन्यास जीवन्त बन्न नसक्ने हुँदा पात्रहरूको शैक्षिक, सामाजिक र सांस्कृतिक स्तरअनुरूपको बोली उपयोगमा ल्याइएको हुन्छ । कतिपय सन्दर्भमा त पात्रका मातृभाषालाई समेत प्रयोगमा ल्याउनु वाञ्छनीय मानिन्छ । यति मात्र होइन,

कतिपय अवस्थामा पात्रका अभिव्यक्तिमा रहने वैयक्तिक बोली (थेगो) पनि समावेश गरिएको हुन्छ । भाषाले नै व्यक्तिको पहिचान कायम गर्ने हुँदा उपन्यासमा प्रयुक्त सम्पन्न-विपन्न, सहरिया-ग्रामीण कस्तो पात्र हो भन्ने कुरा उसको भाषाद्वारा उद्घाटित भएको पाइन्छ । उपन्यासमा व्यक्तिगत र सामूहिक प्रतिनिधित्व गर्ने दुवै खाले चरित्रको उपस्थिति पाइने हुँदा सोही किसिमको भाषिक प्रयोग अपेक्षित छ । यस्तै उपन्यासमा पात्रको सामाजिक, सांस्कृतिक, शैक्षिक स्तरअनुकूल तथा स्थानीय भाषिक प्रयोगले सिर्जनालाई यथार्थपरक बनाउन सहयोग पुऱ्याउने हुँदा उपन्यासमा सोही किसिमको भाषिक प्रयोगमा जोड दिइन्छ ।

### ५.२.१ मञ्जरी उपन्यासमा स्थानीय बोली

*मञ्जरी* उपन्यासमा भाषिक अभिव्यक्तिको स्वरूप स्थानीय बोलीका रूपमा प्रकट भएको छ । प्रस्तुत उपन्यास काठमाडौँको सेरोफेरोमा केन्द्रित भएको र उपन्यासमा प्रयुक्त पात्रहरूले बोल्ने भाषा मूलतः मानक नेपाली भएको हुँदा उपन्यासमा स्थानीय शब्दहरूको न्यून प्रयोग भएको देखिन्छ तापनि प्रस्तुत उपन्यासमा बिर्सिराख्या, महतारी, चिकेन, असाध्ये, तुलबुली, आन, आवाद, दिलचस्पी, फिजुल, गाका थिए, कुम्लो, दर्गाह, मर्जीहोस्, आमै, उम्मीद, साध्ये, अजमरिनु, वेश्ये, जानिफकार, समस्था, मिनिया, बैन्ही, एकोतारै, मैन्हा, पुरान, पतलुङ्ग, ज्यूनार, मुमा, भुजा, पसन्द, लम्पट, थला, ढाक्रे, होड, खोया, खेइ, हेरिल्यायो, वरत्र, परत्र, गैछ जस्ता शब्दहरूको प्रयोग भएको पाइन्छ । यस्ता शब्दहरूको प्रयोगबाट उपन्यासमा स्थानीय सामाजिक यथार्थको सहज तथा कलात्मक भाषिक अभिव्यक्तिमा सहयोग पुगेको छ ।

प्रस्तुत उपन्यासले नेपाली समाजमा विद्यमान लैङ्गिक विभेदसम्बन्धी पितृसत्तात्मक सामाजिक चिन्तन यसरी व्यक्त भएको छ- “ठूलोराजाको दुलही हुने कस्ती अलच्छिनी रहिछे ! स्वयंवर गरेकै दिनदेखि ठूलोराजा विरामी भएछन्, हेरिबक्सियोस् त हजूर ! (४७०) ।” यस भनाइमा पुरुषप्रधान समाजमा पुरुष मात्र होइन, स्वयम् नारीसमेत नारीलाई दोषी देख्ने पुरुषवादी चिन्तन बोकेको सामाजिक यथार्थको अभिव्यक्तिमा स्थानीय बोलीको उपयोग भएको छ । त्यस्तै यसमा कप्तान्नी मखना र चक्रपाणि पण्डितको बिचको संवादमा कैलासको विवाहको प्रसङ्ग पाइन्छ । यही विवाहको विषयलाई लिएर कप्तान्नी मखनाको भनाइ यस्तो रहेको छ- “आः के कुरा गर्नहुन्छ पण्डितबाजे, मेरो छोरोभन्दा पनि जेठी जस्ती छ त्यो केटी ! कसरी बिहे गरेर ल्याउनु ? (१६३) ।” सम्बद्ध भनाइमा स्थानीय भाषिक स्वरूपको विन्यास गरिएको छ र यसले तत्कालीन नेपाली समाजमा विवाहका लागि केटाभन्दा केटी कम उमेरको हुनुपर्ने सामाजिक मान्यतालाई यथार्थपरक रूपमा प्रस्तुत गरेको छ ।

### ५.२.२ एक पालुवा अनेकौं याम उपन्यासमा स्थानीय बोली

*एक पालुवा अनेकौं याम* उपन्यासमा स्थानीय भाषिकाका माध्यमबाट भाषिक अभिव्यक्तिको स्वरूप प्रकट भएको पाइन्छ । यस उपन्यासमा स्थान विशेषका पात्रले बोलेको बोलीमा सहज अवस्थामा उपस्थित भएका शब्दहरूलाई स्थानीय बोलीका रूपमा ग्रहण गरिएको छ । उपन्यासमा समावेश भएका चाउर, मुई (म), मानुस, आर (अरु), बेस्से, लाग्याछन्, रैछु, कछाड, जाट (खामो), बाबरी, वस्ताज, लच्छी, सत्ते, स्वर्गे, समझ, मलकाइन, ब्याहिएका, मुमा, भुजा, चमेना, ज्यूनार, चाइने, रिसानी, पटाङ्गिनी, तारिख, मोलाहिजा, जुठेल्नु, पटुवा, नौटङ्की, मस्टिएको, हाता, इला, छुवा, खावा, पसेरी, अँधियार, कामद, खलियान, दाउनी, धनसार, मोगलान, हरुवाचरुवा, बेर्छानी (स्वास्नी), पेटानी, टका, आनेर, नुकाएको, तोक (तैंले), कर्वालागे, तुई, ओस्लो, फरेब, खिलामु, मासमाछ, भोरदेखिन्, लुच्चा, महातम, कामदिया, सोरही, सम्पनी गाडा, देउनिया (ठालु), बोस्न (बस्न) आदि जस्ता स्थानीय बोलीको प्रतिनिधित्व गर्ने शब्दहरू पाइन्छन् । उपन्यासमा आएका यस्ता शब्दहरूबाट भाषिक अभिव्यक्तिमा विविधता र विशिष्टता सिर्जना हुनुका साथै स्थानीय सामाजिक तथा सांस्कृतिक जीवनको यथार्थ प्रस्तुति भएको छ ।

प्रस्तुत उपन्यासमा पटुवारीले कमलसँगको वार्तामा गङ्गा नूनियाको चरित्रचित्रण गर्ने क्रममा प्रयोग गरेको वाक्यात्मक अभिव्यक्ति यस्तो छ- “अरू कुन हुन्छ कमलबाबू ! सालार बेटा साला कण्ठीधारी । बडो महातमको सेवाटहल कर्छु बोल्छ । भला त्यस्तो पनि हुन्छ कमलबाबू ! इला लोकेर चच्छु छल्वा पार्वे (यी मानिसको आँखा छल्न सक्छ ) (१७४) ।” यस संवादमा प्रयुक्त स्थानीय वाक्यात्मक भाषिक स्वरूपले पात्रको शैक्षिक तथा सामाजिक यथार्थता प्रतिविम्बित गरेको छ । प्रस्तुत उपन्यासमा नुनिया टोला तथा तेली टोलाका बुढापाकाहरूले कमलको विवाहका बारेमा आपसमा वार्तालाप गर्दा गरेको स्थानीय बोलीको प्रयोग यस प्रकार रहेको छ- “के रङ्गको मानुस छ इला खर्दार ! आफू कनिया गर्छ छुआलाई कनिया गर्दिदैन । राधाकृष्णको बाबु कति भला छ । राधाकृष्णलाई कनिया गर्दियो (१३५) ।” कमलका बाबु छोराको विवाह गर्ने बेलामा आफ्नो विवाह गर्नतिर लागेको तर राधाकृष्णको बुबा असल मान्छे भएकाले उसले चाहिँ छोराको विवाह गर्दिएको सन्दर्भ प्रस्तुत गर्दै यस कथनमा तन्नेरी छोराको बिहे नगरेर आफैं तरुनी थुपार्ने नरेन्द्रप्रति व्यङ्ग्य गरिएको छ । यसै सम्बन्धमा उसैसँग गाँजा खाने श्रीलालको कथन यस्तो छ- “जे होस् खरिदारसाहेब, ताक चाल अच्छा लाग्दैन । तपाइँले कन्या आनेको छ, तपाईले आन्न नपर्ने, कमलबाबू यति बडो भैसकेको छ, खै उसलाई सादी

गरिदिएको ? (१४१) ।" श्रीलालको भनाइको प्रतिरक्षा गर्दै नरेन्द्रले विवाह सम्बन्धमा व्यक्त गरेका वाक्यात्मक अभिव्यक्तिमा पनि स्थानीय भाषिक स्वरूप प्रकट भएको छ- "बिहा सादी सब भोगको कुरा हो श्रीलाल । मैले तिमीले गरिदिन्छु भन्दैमा बिहा सादी हुँदैन । ऊ जन्ममा जुन केटीले उसको खाएको छ, त्यही केटीसँग उसको बिहे हुन्छ (१४१) ।" सम्बद्ध भनाइले नेपालको भोजपुरी ग्रामीण समाजमा रहेको विवाहसम्बन्धी परम्परावादी सामाजिक चिन्तनको अभिव्यक्ति गरेको छ । यसका लागि स्थानीय भाषिक स्वरूपको विन्यास गरिएको छ र जसले गर्दा क्षेत्रीय सामाजिक यथार्थको वस्तुपरक अङ्कन हुन गएको छ ।

प्रस्तुत उपन्यासमा गङ्गा नूनियाको काम सम्बन्धमा विश्वास पटुवारी र गोकुल नूनियाले कमलसँग गरेको कुराकानीमा प्रयोग भएको स्थानीय बोली यस्तो छ- "हाम्रो गाउँको झगडाको इन्साफ खरिदारसाहेबले गरिदिन्छ । के खरिदारसाहेब के खरिदारसाहेबको छुआ । बराबर आज हजुरले इन्साफ गर्नुपर्छ कमलबाबू ! भला तुई ओस्लो (भला तँ आइस्) (१७५) ।" यसै गरेर गादुको पानपसलमा भेटिएका मानिसले कमलसँग भनेका भनाइ, गङ्गा नूनियाकी श्रीमतीले तारासँग गरेको वार्तालाप, रामलखनको घरमा साँझ गरिएको तुलसीकृत रामायणको भजन, पौडी खेल्दै गरेको कमलले गाएको स्थानीय गीत जस्ता कुराको प्रस्तुतिमा भोजपुरी भाषाको प्रयोग गरिएको छ र यसबाट त्यस क्षेत्रका सामाजिक सांस्कृतिक यथार्थको जीवन्त अभिव्यक्ति भएको छ ।

### ५.२.३ भोक र भित्ताहरू उपन्यासमा स्थानीय बोली

*भोक र भित्ताहरू* उपन्यास मूलतः सहरी परिवेशमा केन्द्रित भएको हुँदा पात्रको बोली स्तरीय नेपाली भाषा अनुकूलकै देखिन्छ । ग्रामीण परिवेशका वा ग्रामीण परिवेशबाट सहर पसेका अशिक्षित पात्रको भाषामा भने केही भिन्न लबज प्रयोग भएको हुँदा त्यसलाई सोहीअनुरूप टिप्ने प्रयास उपन्यासकारको रहेको देखिन्छ । यसरी उपन्यासका विभिन्न स्थानमा प्रयुक्त स्थानीय शब्दहरू तथा पात्रहरूले आपसमा वार्तालाप गर्दा प्रयोग गरेका क्षेत्रीय भाषिकाका माध्यमबाट उपन्यासमा भाषिक अभिव्यक्तिको स्वरूप प्रकट भएको छ । यस क्रममा स्थानीय परिवेश संवहन गर्ने जैरे, हेरि चोरीको बात, छुट्टी, दाम्लो, भकुर्नु, हुइत्त, पढ्याछस्, गरज, खापी, बिसौली, व्यङ्ग्य, हाँडा, चिण्डा, बिर्सिराख्या, धुस्नो, अन्ती, फिट्टो, न्यानु, गुजेस्ता, गुठुरी, गिलिएका, भोयसुकुमा (लामताने सुकुल), छोयला, कचिला, नौसादर,

जग्गे, सत्ते, बालारुण, माजुम, पलौटे, माग्या, अच्छा, साहिँला डाई आदि जस्ता शब्दहरूबाट उपन्यासमा स्थानीय बोलीको प्रतिनिधित्व भएको पाइन्छ ।

प्रस्तुत उपन्यासमा हर्के साहिँला जेलबाट निस्केपछि झुने र जुनेका बारेमा खोजी गर्दै जाने क्रममा जगतेसँग भएको संवाद यस्तो छ- “आच्चे, के कुरा गर्नुभा गाँठे ! तपाइँसँग नसोधे अरू कोसँग सोध्ने । खोरमा छँदा दिनदिनै आएर के भन्नुभा थियो तपाइँले बिर्सनुभयो ! (४०) ।” यसमा जगतेले हर्के जेलमा छँदा भनेको कुरालाई स्थानीय बोलीमा समेटिएको छ । यस्तै माहुरी साहुले चन्द्रेप्रति सहानुभूति राख्दै आमाको काजक्रियामा जेजस्तो सामान चाहिन्छ पसलमा लिन पठाउँदा हुने भन्दै उपन्यासमा प्रस्तुत गरिएको कथनमा यस्तो स्थानीय बोलीको प्रयोग भएको छ- “हेर् चन्द्रे, जे भए पनि तँ मेरो मोही होस् हेरी । तेरो बाबुले पनि भीर माहुरीको मह झिक्ने काममा मलाई जे जस्तो मदद पुऱ्यायो त्यस कुराको पनि हेक्का छ मलाई । केही धन्दा सुर्ता लिनुपर्दैन हेरी । यो कामलाई जे चाहिन्छ हेरी पसलमा लिन पठाएस् । हिसाब-किताब भनेको पछि हुँदै गर्ला (६४) ।” यसबाट स्थानीय समाजमा मोही तल्सिङका बिचको सम्बन्धका आधारमा उच्चवर्गीय चिन्तनको प्रस्तुति भएको छ ।

प्रस्तुत उपन्यासमा हर्के साहिँला भैँसी किन्ने क्रममा मदिसे भैँसी व्यापारीकहाँ जाँदा भैँसी व्यापारीले बोलेको संवाद यस्तो छ- “दिनुहोस्, तपाइँको भाग अच्छा छ । यस्तो भैँसी त देशमा पनि यतिमा पाइँदैन (१४०) ।” यस कथनमा पात्रले आफ्नो मातृभाषाबाट प्रभावित भएर संवाद गरेको छ र यसमा भैँसीको किनबेचको विषयले ठाउँ पाएको छ ।

### ५.२.४ ज्योति ज्योति महाज्योति उपन्यासमा स्थानीय बोली

*ज्योति ज्योति महाज्योति* उपन्यासमा सामाजिक यथार्थ यथावत् अभिव्यक्त गर्न स्थानीय बोलीको प्रयोग भएको पाइन्छ । उपन्यासमा प्रयोग भएका पात्रहरूले सहज अवस्थामा स्थानीय बोलीलाई पछ्याएको पाइन्छ र पात्रका वाक्यात्मक अभिव्यक्तिमा रहेको स्थानीय लबजका साथै व्यक्तिबोलीबाट उपन्यासमा भाषिक अभिव्यक्तिको स्वरूप प्रकट भएको छ । पशुपतिको सांस्कृतिक परिवेश अनुकूलका पौरुष, प्रकृति वाण, ज्योतिर्लिङ्ग, पैठ, हुकुम, जान-पहचान, जरुरत, पाल्चा, लपेस, तखला, आजा, गुर्जा, ज्यूनार, पराशक्ति, काँणा, वारना, हर्षातिरेत, चङ्गा, भन्या, मनग्ये, निर्गह, वामदेव, अपमार्ग, तत्पुरुष, भव, टाँण, कौचा, सद्योजात, लेकिन, मजबुत जस्ता तत्सम बहुल शब्दहरूलाई उपन्यासमा समेटिएको छ र यसबाट सामाजिक यथार्थको जीवन्त प्रस्तुति हुन गएको छ ।

प्रस्तुत उपन्यासमा पशुपति क्षेत्रमा क्रियागर्ने क्रियापुत्री पाइने भए पनि त्यस्ता व्यक्तिहरूले शुद्ध भएर काजक्रिया गरेको आफूले नदेखेको भन्दै प्रस्तुत उपन्यासमा खडानन्दले सुभद्रा बजैसँग गरेका संवादमा स्थानीय बोलीको यस्तो स्वरूप पाइन्छ-

> तपाईंले भने जस्तो कृयापुत्र त पाइन्छन् नि दिदी जत्ती भने पनि नोटको बिटो फेला पारेपछि । तर पाइएर पो के गर्ने हेरी । यता छात्रावास बस्ने भन्छन् उता हेरी राती सुट्ट ओड्नेले मुख छोपछोपी हलुवा स्वारी खपाखप निल्न थाल्छन् । यता नून खान्न भन्छन्, उता सुटुक्क नून पिँधेर सिरानमुनि राखी चिनी भन्दै उडाउन थाल्छन् (२४५) ।

सम्बद्ध भनाइमा पशुपतिमा क्षेत्रमा पैसा तिरेर राखेको क्रियापुत्रीले निष्ठापूर्वक क्रियापुत्रीको रूपमा क्रिया नगरेको कुराको यथार्थपरक प्रस्तुति गरिएको छ । त्यसको अभिव्यक्तिका लागि काठमाडौँको स्थानीय लबजका साथै धार्मिक भाषिकस्वरूपको प्रयोग भएको पाइन्छ । यस्तै प्रस्तुत उपन्यासमा तत्कालीन समयमा पैसा खर्च नगरी चुनाव आफ्नो पक्षमा पार्न नसकिने सन्दर्भमा डाइरेक्टर शाहा र तन्नेरी नेता राजभाइबिचको संवादलाई यसरी प्रस्तुत गरिएको छ-

> नगदै खर्च गरेर मात्रै कहाँ हुन्छ र डाइरेक्टर साहेब ! नगदै भएपनि सबैलाई कहाँ दिन सकिँदैन क्यारे । फेरि नगदै दिए पनि आफ्ना हुँदैनन् क्यारे । हात नपरून्जयाल 'हुन्छ नि राजभाइ, जावो भोटको के कुरा चिन्तै लिनु पर्दैन तपाईंले । म मात्रै होइन अरूहरूलाई पनि तपाईंलाई नै भोट दिन लगाउँछु' भनेर फुरुङ्ग पार्दिन्छन् नै (३४१-३४२) ।

प्रस्तुत भनाइमा प्रयोग भएको स्थानीय बोलीले स्थानीय राजनीतिक विषयको यथार्थ प्रस्तुति भएको छ । यस्तै उपन्यासमा समाजमा रहेको छुवाछुतको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ- "चलाउन भएन भान्दाइले कर्म । व्रतमन्न भएको सातै दिनभित्र दमाई, कामी, थारू जुन जातले पकाएर दिएको भात हाँसी हाँसी खाएर हिँडेको देखिनौ (५००) ।" यस भनाइमा नेपाली समाजमा विद्यमान जातीय विभेदसम्बन्धी सामाजिक यथार्थको प्रस्तुति भएको छ जसलाई स्थानीय बोलीको प्रयोगले जीवन्तता प्रदान गरेको छ ।

### ५.२.५ हिमाल र मान्छे उपन्यासमा स्थानीय बोली

*हिमाल र मान्छे* उपन्यासमा सोलुखुम्बु जिल्लाका स्थानीय समाजका मूल्यमान्यता र वस्तुगत यथार्थ अभिव्यक्त गर्न स्थानीय बोलीको उपयोग गरिएको छ। यसमा प्रयोग गरिएका पात्रहरूले स्थानीय सामाजिक विशेषता र सामाजिक यथार्थ वहन गर्न बोल्ने स्थानीय भाषाका शब्दहरूमा स्थानीय बोली विन्यास गरिएको छ र यस्ता स्थानीय बोलीका माध्यमबाट उपन्यासमा स्थानीय भाषिक स्वरूप निर्माण भएको पनि छ । विवेच्य उपन्यासमा खाल्टुङ, गावा, आराक, पुम्पेजा नाजुङ, माम्मा, पाला, आई, दलजा, लुच्याङ्ग, लुक्सा, चमरी, याक, खादा, आमालब्लान, खुम्बिला, नाङपाला, छोये, आङ्गी, मटिल, जिमाला, खौ, छेवे, थाप, धूपी, थम्बो, सिम्बु ह्यो, नुप, आजु, दमो, उवा, नुम, से, रिन्दक, याक्से, लुक्से, थाक्से, पेचुँ, छेरा, गलैँचा, छौ, माने फुरु, नामा, लोङ्गजङ्ग, खुर्पा, छिलु, दोचा, तोक्मा लुभिन, तुङ्ग, ग्यालिङ्गा, बुकसेल, डम्फु, डमरु, मटिल वा करा, उरु, फोमु, धाम्बे, गावा, दावा ढक्पा, छेवाचीक, नाम्मा, ङारचिया, सुचिया, माग्या, डाई, काङरी, थुन्चे, ध्यूमु, फुजुङ्ग, खेवा, भ्राङ्ग्रो, काङबा, काँचा जस्ता स्थानीय शब्दहरू प्रयोग भएका छन् । यस्ता शब्दहरूको प्रयोगले उपन्यासमा स्थानीय संस्कृति, चालचलन, खानपान जस्ता क्षेत्रीय जीवनपद्धतिको वस्तुपरक प्रस्तुति भएको छ र यसबाट उपन्यासमा स्थानीय बोलीको अत्यधिक प्रभाव रहेको पुष्टिसमेत भएको छ ।

प्रस्तुत उपन्यासमा पेमा सुन्दरले घरज्वाइँका रूपमा रहेका पेमा दोर्जीलाई आफू बुढो भइसकेको हुँदा पशुधन तथा लगानी गरेको धन जिम्मा लिन भन्दा प्रयुक्त कथन यस्तो छ- "ह्यार् माग्या । आब म बाँच्दैना । घ्यार घ्यार गारेर बाँच्नु भान्दा त मोर्नु निको नि हो गाँठे । लू सम्हाल आब साबै कुरो । लुच्याङ्ग, लुक्सा र चामरीको गोठ पानि तेरै हो, लगानी गरेको साम्पाति पानि तेरै हो, साबै साबै तेरै हो (१२८) ।" यस अभिव्यक्तिमा शेर्पा समाजमा रहेको घरज्वाइँको संस्कृति र घरका अभिभावक बुढा भइसकेपछि पैतृक सम्पत्ति हस्तान्तरण गर्ने परम्परागत सन्दर्भको प्रस्तुति गरिएको छ । यसको प्रस्तुतिमा स्थानीय बोलीको उपयोग गरिएको छ र त्यसमा मातृभाषाका प्रभावका कारण शेर्पाले बोलेको नेपाली भाषामा पनि आ, उ, ओं, र अनुनासिक उच्चारण गरिएको छ । यसबाट स्थानीय यथार्थताको वस्तुपरक अभिव्यक्ति भएको छ ।

प्रस्तुत उपन्यासमा हिमालमा बस्ने शेर्पा समाजमा खुसियाली मनाउन घरमै छ्याङ् बनाउने र घरमा आएका आफन्तसँग मिलेर छ्याङ खाने संस्कृति रहेको पाइन्छ । यही परम्परानुसार पेमा दोर्जीका छोरा रिन्जिङ्गले सगरमाथाको सफल आरोहण गरेपश्चात् घरमा

भएको उत्सवमा दोर्जीको भनाइ यस्तो छ- "कास्तो छ कुन्नि यो छ्याङ । आफ्नो घारमा बनाकु भा पो हुन्छ । छ्याङ बनाउने मान्छी छोईन । पराइकहाँबाट ल्याकू (२३३) ।" यस कथनमा शेर्पा जातिमा विभिन्न चाडपर्व तथा घरमा आयोजित कार्यक्रमका अवसरमा घरैमा छ्याङ बनाउने परम्परा रहे पनि त्यसो गर्न नसकिएकोतर्फ सङ्केत गरिएको छ । त्यसको अभिव्यक्तिका लागि शेर्पा मातृभाषाबाट प्रभावित स्थानीय बोलीको उपयोग गरिएको छ र यसबाट स्थानीय जीवन र संस्कृतिको वस्तुपरक प्रस्तुति हुन गएको छ ।

## ५.३ दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक भाषिकाको प्रयोग

भाषा मानिसका अनुभव, अनुभूति र विचारको सम्प्रेषणका निम्ति प्रयोग गरिने सशक्त साधन वा माध्यम हो । भाषाका कारणले गर्दा नै मानिस सामाजिक प्राणीका रूपमा व्यवहार गर्न सक्षम भएको हो । त्यसैले भाषाको मुख्य कार्य विचार विनिमय गर्नु हो र मानिसले आफ्ना विचार, भाव तथा इच्छाहरूलाई प्रकट गर्ने क्रममा भाषाको जन्म भएको हो भन्न सकिन्छ । भाषा समाजद्वारा अर्जित एक गतिशील सामाजिक गतिविधि भएकाले यसमा परिवर्तन भइरहन्छ । यो सबै ठाउँ र जुनसुकै समयमा एकनास रहँदैन । त्यसैले भौगोलिक दूरी, सामाजिक तथा सांस्कृतिक वातावरण र समयको लामो अन्तराल आदि विविध कारणहरूले गर्दा जन्मने एउटै भाषाका अनेकौँ सामाजिक तथा क्षेत्रीय भेदहरूलाई भाषिका भनिन्छ । भौगोलिक रूपमा भाषाका विविध क्षेत्रीय भेदहरू भएझैँ भाषाका सामाजिक भेदहरू पनि प्रशस्तै पाइन्छन् । चूडामणि बन्धुले समाजका व्यक्तिहरूको व्यवहारका आधारमा रहेको एउटै भाषाको भिन्नतालाई सामाजिक भाषिकाअन्तर्गत राखेका छन् (२५१) । यस्ता सामाजिक भाषिकाहरूमा सामान्य भिन्नता पाइन्छन् । यी भिन्नताहरू उच्चारण, व्याकरण र शब्दभण्डारमा देखिन्छन् ।

नेपाली भाषामा क्षेत्रीय भाषिकाका बारेमा जस्तो विस्तृत अध्ययन सामाजिक भाषिकामा भएको नभए तापनि नेपाली समाजमा यसका थुप्रै भेदहरू पाइन्छन् । समाजमा जात, धर्म, वर्ग, संस्कृति, पेसा, व्यवसायअनुसार मानिसको भाषिक व्यवहार फरक हुन्छ । हरेक व्यक्तिले आफ्नो धर्म र संस्कृतिका आदर्श मान्यताहरूलाई आत्मसात् गरेको हुन्छ (गौतम, देवीप्रसाद १०) । यसरी जात, पेसा, आर्थिकस्तर, शैक्षिक योग्यता आदिका कारण सामाजिक भाषिकाका विभिन्न भेदहरू देखा पर्दछन् । त्यसैले सामाजिक भाषिका समाजअनुसार फरक हुन्छ । समाजमा रहेका यिनै वर्ग, जात, धर्म, संस्कृति, शिक्षा, उमेर आदिका आधारमा

देखा परेका सामाजिक भाषिकाका आधारमा दौलतविक्रम विष्टका उपन्यासको विश्लेषण गरिएको छ ।

### ५.३.१ मञ्जरी उपन्यासमा सामाजिक भाषिकाको प्रयोग

*मञ्जरी* उपन्यासमा प्रयोग भएका पात्रहरूले आपसमा वार्तालाप गर्दा वा सामाजिक विषयको बारेमा चर्चा गर्दा सामाजिक भाषिकाको प्रयोग गरेको पाइन्छ । कथ्य भाषाको संयोजनमा पात्रहरूलाई समावेश गरिएकाले उनीहरूको बोलीमा सामाजिक लबजको प्रभाव रहेको देखिन्छ । यस्ता वाक्यात्मक अभिव्यक्तिका आधारमा उपन्यासमा सामाजिक भाषिकाको पुष्टि भएको छ । श्रीमान् गुमाएकी कप्तान्नी मखनाले आफ्नो पैतालिस वर्षको जन्मोत्सवमा तीनवटा गाई दान गरेको सन्दर्भलाई लिए गाउँलेहरूले आपसमा कानेखुसी गर्दै भनेका वाक्यमा सामाजिक भाषिकाको यस्तो स्वरूप पाइन्छ । "कप्तानले निकै धन छाडेर गा'का थिए कि कसो हो ? कप्तान बाँचुन्ज्याल त यस घरमा अहिले जस्तो चकचकी थिएन । ऋण लिएर खर्च गऱ्या हो भनौं भने साहुले कहिले ढोका घचघच्या देखिन्न (६५) ।" यस्तै इन्दिराले सिनेमा हेर्नका लागि मञ्जरीलाई प्रस्ताव राख्दाको अभिव्यक्तिमा पनि सामाजिक भाषिकाको यस्तो स्वरूप फेला पर्दछ- "मैले हेरेको सिनेमा मध्ये 'सिस महल' असाध्ये राम्रो थियो । सुनेकी थिएँ यो पनि राम्रो छ रे ! कालेलाई टिकट किन्न पठाएको । ल्याउँछ की ल्याउँदैन ! हिँड आज तिमी पनि हेर ! टिकट ब्लाकमा किनौंला ! अलि खेरमा मोटर ल्याउँछ ... (७९) ।" सम्बद्ध अभिव्यक्तिमा प्रयोग गरिएको भाषिक स्वरूपमा उच्च तथा शिक्षित वर्गीय सामाजिक भाषिका देखापर्दछ जसका माध्यमबाट तत्कालीन वर्गीय जीवनका यथार्थ प्रकट भएका छन् ।

प्रस्तुत उपन्यासमा कप्तान्नी मखना र पुरेत चक्रपाणिले आपसमा वार्तालाप गर्दा चक्रपाणिले नेपालमा प्रजातन्त्र आएर पार्टीहरू खुल्न थालेपछि मान्छे नास्तिक हुँदै गएका र छुवाछुतको भेद मेटिन थालेकोप्रति चिन्ता गर्दै बोलेको कथन यस्तो छ- "भन्नपर्छ र मैयाँ, जैलेदेखिन् यी पार्टी फार्टी क्या क्या हुन् आए तैलेदेखिन् हेरिबक्सियोस् न नेपालमा कस्तो भाँडभैलो मच्चिरहेको छ ! (१०२) ।" यस भाषिक कथनमा 'मैयाँ', हेरिबक्सियोस्', जस्ता पदहरूको प्रयोगबाट उच्च तथा मध्यमवर्गीय समाजमा बोलिने सामाजिक भाषिकाको स्वरूप देखा परेको छ । यसबाट परम्परागत वर्गीय चिन्तनका साथै तत्कालीन सामाजिक यथार्थ अभिव्यक्त भएको छ । यस्तै तत्कालीन सामाजिक यथार्थको प्रस्तुतिका लागि प्रचण्डबहादुरका भनाइ यसरी प्रस्तुत भएका छन्- "मनुष्य जसलाई सम्बोधित गर्छन् वास्तवमा हेरिल्यायो भने त्यो सनातन छ ! तर आजको पुण्य एउटा कोरा फेशन मात्र हो (२७०) ।" यस कथनमा

अभिव्यक्त समाजको हिन्दु धार्मिक विषयका आधारमा यसमा सामाजिक भाषिकाको प्रयोग फेला पर्दछ ।

प्रस्तुत *मञ्जरी* उपन्यासमा प्रयोग गरिएका बाल पात्रको बोलीमा बालबोली र मध्यम वर्गीय पात्रका बोलीमा अतिउच्च आदरार्थी भाषिक स्वरूपको प्रयोग गरिएको छ । मिश्रीबजैका बुहारीहरू सासूसँग गुनासो गर्दै- "के बिना कसुरै हामीहरूलाई हप्काइबक्सिन्छ सासूज्यू (८२)" भन्छन् भने बाल पात्र मुकन्द भन्छ- "म बिहा ...गल्छु, दुलई ल्याउँछु हगि (१४०) ।" सम्बद्ध भनाइमा आएका बाल तथा मध्यमवर्गीय पात्रका अभिव्यक्तिमा गरिएको सामाजिक भाषिकाको प्रयोगले क्षेत्रीय, वर्गीय र बालबोलीको जीवन्त प्रस्तुतिबाट सामाजिक चिन्तन अभिव्यक्त भएको पाइन्छ ।

### ५.३.२ एक पालुवा अनेकौँ याम उपन्यासमा सामाजिक भाषिकाको प्रयोग

*एक पालुवा अनेकौँ याम* उपन्यासमा प्रयुक्त विभिन्न स्तरका पात्र र ती पात्र सम्बद्ध अनेकन् घटनाप्रसङ्ग तथा चरित्र चित्रणमा शैक्षिक र सामाजिक स्तरअनुकूलको सामाजिक भाषिकाको प्रयोग गरिएको छ । उपन्यासमा प्रयुक्त यस्ता पात्रहरूले आपसमा वार्तालाप गर्दा प्रयोग गर्ने वाक्यात्मक अभिव्यक्तिमा सामाजिक भाषिकाका विभिन्न रूपहरूको उपयोग गरिएको छ । जेठकी मालकिनीले आर्थिक अभावका कारण आफ्नो स्वयंवरको औँठी रामलखन पटुवारीकहाँ बेच्न खोजेको अवस्थामा पटुवारीको प्रत्युत्तर यस्तो छ- "झूटो थिएन, केवल समझको फेर हो जेठकी मालकिनी ! म त्यो औँठी होइन, तपाईंलाई चाहन्थेँ (५६ ) ।" सम्बद्ध अभिव्यक्तिमा आएको 'मालकिनी' पदको प्रयोगले मालिक र नोकरको भाषामा देखिने सामाजिक भिन्नतातर्फ सङ्केत गरेको छ र यसको भाषाले सामाजिक भाषिकाको स्वरूप ग्रहण गरेको छ ।

प्रस्तुत औपन्यासिक संवादमा व्यक्ति विशेषले प्रयोग गर्ने थेगो आएको छ र यसले एकातिर व्यक्ति भाषाको परिचय दिएको हुन्छ । यस उपन्यासमा पाठकनी बुढियाले 'मेरो हजुर भन्नुहुन्थ्यो' थेगोको प्रयोग गरेको छ- "मेरो हजुर भन्नुहुन्थ्यो', 'एका बिहानै कौवा करायो भने पाहुना आउँछन् भनेर जान्नू' । ल हेर, कस्तो रहेछ त मेरो कुरा (८६) ।" यस भनाइमा व्यक्ति बोलीका रूपमा रहेको सामाजिक भाषिकाको प्रयोग भएको छ र यसबाट उपन्यासमा सामाजिक विश्वास अभिव्यक्त भएको छ । यस्तै पाठकनीले ताराको परम्परा विरोधी विचारको प्रतिवाद गर्दाको कथनमा प्रयोग भएको बोली यस्तो छ- "मेरो हजुर भन्नुहुन्थ्यो-पहिलेको

जुनीमा आफूले नराम्रो गरेको छ भने यो जुनीमा कहिले पनि सुख पाइँदैन (९०) ।" पीताम्बरको घर पुलिसले घेरेर आतङ्कित बनाएको परिस्थितिमा 'मेरो हजुर थेगो' लगाएर बोल्ने पाठकनीले कमलसँग भनेको अभिव्यक्ति यस्तो छ- "सुन्दछु रत्न र कुमारलाई पनि राती नै समातेर लग्याछन् रे ! अब पुलिसले यस घरमा पनि छापा हान्न के बेर । मेरो हजुर भन्नुहुन्थ्यो हुकुमी शासनमा सबभन्दा जाती हुन्छ मुख सिएर बस्नु । म बूढीले भन्या सुन्ने हो र कसैले (११३) ।" सम्बद्ध भनाइमा व्यक्तिबोलीका रूपमा रहेको सामाजिक भाषिकाका माध्यमबाट तत्कालीन राजनीतिप्रतिको वैयक्तिक दृष्टिकोण र तत्कालीन राजनीतिक यथार्थ प्रस्तुत गरिएको छ । यसरी उपन्यासमा समाजका विभिन्न वर्ग, जाति, धर्म, पेसा र व्यवसाय क्षेत्रका विविध पक्षको यथार्थपरक प्रस्तुतिका लागि सामाजिक भाषिकाको उपयोग गरिएको छ । यसबाट औपन्यासिक अभिव्यक्तिमा स्वाभाविकता, सहजता, वस्तुगतता र यथार्थपरकता देखा परेको छ ।

### ५.३.३ भोक र भित्ताहरू उपन्यासमा सामाजिक भाषिकाको प्रयोग

*भोक र भित्ताहरू* उपन्यासमा सामाजिक यथार्थको अभिव्यक्तिका लागि उपन्यासमा प्रयोग भएका पात्रहरूको अभिव्यक्तिमा सामाजिक भाषिकाको उपयोग गरिएको छ । यस उपन्यासमा चन्द्रे आमाको दाहसंस्कार गरेर क्रियापुत्रीका रूपमा घर आएपछि उसलाई लक्षित गर्दै माहुरी साहुद्वारा प्रयुक्त वाक्यात्मक अभिव्यक्तिमा यस्तो भाषिक विन्यास उपयोग भएको छ-

> हेर बाबु चन्द्रे ! तँ अपढ मूर्ख होइनस् । हेरी जे भए पनि गाउँको स्कुलमा दुई अक्षर पढ्याछस्, जन्मिएपछि हेरी को मर्दैन । पशुपन्छी मान्छे जो पनि मर्छ । यो जीवन नै अस्थायी । आमा खसिन् भनेर पिन्चे भएर नै अब के फाइदा ! अब त हेरी तैँले दानदक्षिणाको बारेमा सोच्नुपर्छ । छोराको कर्तव्य हो हेरी आमालाई मुक्ति दिलाउने प्रयत्न गर्नु...(६४) ।

सम्बद्ध अभिव्यक्तिमा आएका 'दानदक्षिणा', 'मुक्ति' जस्ता हिन्दु धार्मिक मान्यता वहन गर्ने शब्दको उपयोगबाट यसले एकातिर सामाजिक भाषिकाको स्वरूप प्राप्त गरेको छ भने अर्कातर्फ ग्रामीण समाजमा विद्यमान परम्परागत हिन्दु सांस्कृतिक मान्यताका यथार्थसमेत प्रस्तुत भएका छन् ।

प्रस्तुत उपन्यासमा गाउँका साहु महाजनहरूले आफ्नो सम्पत्ति लुटिसकेपछि भैंसी चोरेको आरोप लगाउँदै पुलिस बोलाई समात्न लगाएको सन्दर्भ जुनेलीलाई सुनाउँदा चन्द्रेको बोलीमा रहेको लबज यस्तो छ- “हेर न, जैरेले पुलिसलाई पो बोलाएर ल्यायो । बडो आफन्त हुँ भन्थ्यो । त्यस्तो गर्ने हो त्यसले हेरी (६९) ।” यस कथनमा रहेको सामाजिक भाषिकाको प्रयोगले चन्द्रेको वर्ग तथा शैक्षिक र सामाजिक स्तर प्रस्ट हुनुका साथै अभिव्यक्तिमा स्वाभाविकता सिर्जना पैदा भएको छ । यस्तै जेल मुक्त भएपछि छ्याकचाको भट्टी पसलमा जाने गरेको हर्के साहिँलालाई रक्सीको नसामा डुब्न लागेको देखेर छ्याकचाले उसलाई सम्झाउने क्रममा बोलेको वाक्यात्मक अभिव्यक्ति यस्तो छ- “खाने भन्दैमा धेडै खान हुन्न डाई (१००) ।” यस अभिव्यक्तिले छ्याकचामा रहेको नेपाल मातृभाषाको प्रभावमा देखा परेको सामाजिक भाषिकातर्फ सङ्केत गरेको छ । हर्के साहिँलाले जेल बस्ता जेलमा काम गरेबापत कमाएको पैसाले श्रीमती झुने र छोरी जुनेका लागि किनेका लत्ताकपडाको बक्सा बन्धक राखेर आठ सय रुपियाँ ऋण माग्न जाने क्रममा भुँडे साहुले आफूसँग पैसा नभएको अभिव्यक्ति गर्दा बोलेको कथनमा सामाजिक भाषिकाको यस्तो स्वरूप पाइन्छ- “हुन त हुन्थ्यो नि । रुपियाँ तिमीले जुवा खेल्न माग्या होइन, मोज मज्जा गर्न माग्या होइन, कामै गर्न माग्या हो । भा भए सट्ये सट्ये दिन्थेँ साहिँला दाई । तिमीलाई त थाहा छँदैछ । सबै रुपैयाँ त धागो किन्न खर्च भो । टिमीहरूले बुनेको कपडा खै बिक्री भा (१३९) ।” सम्बद्ध कथनमा प्रयुक्त स्थानीय भाषिकाका माध्यमबाट पात्रको संवादमा स्वाभाविकता आउनुका साथै तत्कालीन समयमा अपनाइएका पेसा व्यवसायतर्फ सङ्केत गरिएको छ ।

यस उपन्यासमा प्रयोग भएका विभिन्न पात्रहरूले व्यक्ति भाषिकाको रूपमा रहेको थेगोको प्रयोग र बाल पात्रले बाल भाषाको प्रयोग गरेका छन् । जेठा पुरेतले प्रयोग गर्ने ‘चाहिने जो’ थेगो, चन्द्रेले बेलाबेलामा प्रयोग गर्ने ‘हेरी’ थेगो त्यस्तै हर्केले बेलाबखतमा प्रयोग गर्ने ‘गाँठे’ थेगोले उनीहरूको व्यक्ति भाषाको रूपमा देखा पर्ने सामाजिक भाषिकातर्फ सङ्केत गरेको देखिन्छ । चन्द्रेले आमाको क्रियामा लागेको खर्च तिर्न आफूसँग पैसा नभएको भन्दा जेठा पुरेत भन्छन्- “तँसँग त चाहिने जो कहिले पनि हुँदैन । हेर् चन्द्रे, आफ्नो भैंसी मिलाइदे । भैंसी पनि त चाहिने जो रुपियाँ नै हो क्यारे (६७) ।” यस ‘चाहिने जो’ थेगो प्रयोगका माध्यमबाट यसमा सामाजिक भाषिकाअन्तर्गत रहने व्यक्ति बोलीको प्रयोग भएको पाइन्छ । यस्तै चन्द्रेको सेती भैंसीका बारेको कथनमा पनि सामाजिक भाषिकाको प्रयोग पाइन्छ- “सेती ब्याउने भएकी थिई । मैले बेसीतिर लगेको भोलिपल्टै ब्याई पनि हेरी” (६९) । यस्तै हर्के

साहिँलाको बोली यस्तो छ- "जे होस् गाँठे, उनीहरू बाँच्या भए पनि यो माल बेच्दिनँ उनीहरू मऱ्या भए पनि यो माल बेच्दिनँ । उनीहरू भा भए कति खुशी हुने थिए । यो सारी र चोला खास्टालाई देखेर । सत्ते सत्ते साहू जी, साह्रै साह्रै पो खुशी हुन थिए (१३९) ।" हर्के साहिँलाले चोरलाई लखेट्ने क्रममा चोर जगतेको घरभित्र पसेको आशङ्का गर्दै बोलेको अभिव्यक्ति यस्तो छ- "मेरो वासबाट भाग्या चोर यही क्याम्पाभित्र पस्या छ काजी ! के ठेगान न घरैभित्र पनि पस्या छ कि गाँठे" (१५५) । सम्बद्ध कथामा सामाजिक भाषिकाका विभिन्न भेदहरूको प्रयोगबाट उपन्यासमा सामाजिक यथार्थका विविध पाटाहरूको उजागर भएको छ । यस्तै उपन्यासमा बालबोलीका माध्यमबाट समाजमा हरेक उमेर समूहका मान्छेमा रहने अहम् बालबालिकामा समेत प्रकट हुने गरेको तथ्यलाई प्रस्तुत गरिएको छ । त्यही अहम्लाई प्रकट गर्न यस खाले बालबोलीको प्रयोग यसरी भएको छ- "मेलो बाले त खछी ल्याएको छ–केटी जवाफ दिन्छे–हाछ ल्याएको छ । बोका पनि ल्याएको छ । हाछ त के गुजेछोलीमा पूजा गर्न पठाउनेले खछी घरमै मार हान्नेले बाबै (३३) ।" विभिन्न उमेर समूहका आधारमा देखिने बाल भाषागत सामाजिक भाषिक भेदको उपयोगबाट यसमा सामाजिक सत्य निरूपण भएको छ । यसरी सामाजिक यथार्थवादी उपन्यासमा प्रयोग हुने सामाजिक भाषिकाका विविधताबाट उपन्यासमा कलात्मक सौन्दर्य सृष्टि भएको छ ।

### ५.३.४ ज्योति ज्योति महाज्योति उपन्यासमा सामाजिक भाषिकाको प्रयोग

प्रस्तुत उपन्यासमा पात्रहरूले आपसमा संवाद वा कुराकानी गर्दा सामाजिक बोलीको प्रयोग गरेका छन् । पात्रका यस्ता संवादात्मक अभिव्यक्तिबाट उपन्यासमा स्थानीय यथार्थको प्रस्तुतिका साथै भाषिक अभिव्यक्तिको स्वरूप प्रकट भएको छ । विद्यालयमा अध्यापन गर्ने क्रममा गजराज बाजेको जागिरमा समस्या देखिएपछि त्यसप्रति प्रतिक्रिया दिँदा सुभद्रा बजैको अभिव्यक्तिमा प्रयुक्त सामाजिक बोली यस्तो छ- "बडो आचार्य पास गर्नु भा मान्छे तपाइँ ! जसकहाँ आगो बल्छ त्यस कहाँ नै आगो ताप्छन् भन्ने पनि थाहा छैन तपाइँलाई ! (१४२) ।" सम्बद्ध अभिव्यक्तिमा पात्रको बोलीचालीको लबजका साथै नेपाली समाजमा प्रचलित उखानको समेत प्रयोग भएको छ । यस्तै पशुपति क्षेत्रमा अर्थि बोक्ने र लास जलाउने पेसा लिएको खडानन्दले आफ्ना कामका बारेमा सुभद्रा बजैसँग वार्तालाप गर्दा प्रयोग गरेको वाक्यात्मक अभिव्यक्ति यस्तो छ- "यति नगरे मनग्गे पैसो न आउने दिदी ! ठूला बडाको लाशको अर्थिमा हेरी काँध थापेको अर्थि बोक्ने जस्तोले पनि कपाल न खौरिए मरेको मान्छे स्वर्ग जाने बाटो हेरी बडार कुँडार न हुने (२४३) ।" एक अर्को प्रसङ्गमा खडानन्द सुभद्रा बजैसँग भन्छ-

"आम्मै भन्न पर्छ र दिदी ? त्यत्रा-त्यत्रा कुरा भएपछि चाँदीका भाँडा कुँडा पनि नहोलान् त ? हाम्री मैयाँसाहेबको मनलाई सानो नसम्भिनुहोस् दिदी ! त्यस्ती मनकारी त गाँठे काठमाडौँमा त देखेकै छैन मैले हेरी (२४७) ।" सम्बद्ध अभिव्यक्तिमा पात्रको सामाजिक तथा शैक्षिक स्तरअनुकूलको सामाजिक भाषिकाको प्रयोग भएको छ र यसका माध्यमबाट धार्मिक सांस्कृतिक सम्बन्धसमेत प्रस्तुत भएको छ ।

पशुपति क्षेत्रमा देखिएको घाइते शङ्करलाई भोजन गराए भने मनोकामना पूर्ण हुन्छ भन्ने चर्चा भएअनुसार निर्देशक शाहले त्यो प्रयास गरे तर उनी त्यसमा असफल भएपछि त्यहीँ क्षेत्रमा व्यापार गरेर बसेको सेठ धनीरामको शङ्करका विषयको अभिव्यक्ति यस्तो छ- "छोटी मुह बढी बात माफहोस् हजूर । त्यस मान्छेलाई मीठाई खिलाउन त्यसरी पक्डन पर्छ र ? फरि त्यो मान्छे कस्तो ? विष खिलाउन लागेको जस्तो किसिमले किन भागेको होला ? मो त हिजै सोध्ने वाला थिएँ डाइरेक्टर साहबको अफिस टाइम होला" (३४६) । यस अभिव्यक्तिमा पात्रानुकूलको सामाजिक भाषिकाको उपयोग गर्दै सामाजिक यथार्थको प्रस्तुति गरिएको छ । यस्तै सेठ धनीरामले आफ्नो व्यापारवादी नीतिका बारेमा खुलस्त पार्दै बोलेका वाक्यात्मक कथनमा पनि सामाजिक बोलीलाई उपन्यासमा यसरी समेटिएको छ- "त्यो त भैहाल्छ हजुर । हामी जन्मदेखिको व्यापारी मान्छे । लेकिन हजुरलाई थाहा छैन । मेरो दुकानमा जस्तो सस्तो र मजबुत माल हजुरले अरू दुकानमा पाउन सक्नु हुन्न (३५१) ।" यसबाट उपन्यासमा पेसागत रूपमा देखा परेका स्थानीय सामाजिक भाषिक स्वरूपका माध्यमबाट सेठ धनीरामको व्यापारवादी चिन्तन प्रकट भएको छ ।

प्रस्तुत उपन्यासमा भुवनेश्वरी तथा उन्मत्त भैरवको पूजाको जिम्मा पाएको पूजारी खोपेले उन्मत्त भैरवको मन्दिरभित्र पसेका मान्छेहरूलाई छानी छानी भैरवको कथा सुनाउने क्रममा अभिव्यक्त गरेको संवाद यस्तो छ- "अहोरात्री बत्ती बाल्नुपर्छ यहाँ । तर के गर्नु हजुर बडो फसादमा परेको छु म । गुठीले बट्टी बाल्न टेल डिँडैन । एक कुरुवा टेल दिनको नभए ट बोल्नै पर्दैन (४३५) ।" यस अभिव्यक्तिमा रहेको पात्रानुकूलको स्थानीय भाषिक प्रयोगबाट भाषामा यथार्थता उत्पन्न हुनुका साथै त्यसले सामाजिक यथार्थतालाई समेत अभिव्यक्ति दिएको छ ।

*ज्योति ज्योति महाज्योति* उपन्यासमा पात्रहरूको वैयक्तिक चिनारी दिनका लागि व्यक्तिबोलीका रूपमा रहेको सामाजिक भाषिकाको समेत उपयोग गरिएको छ । विवेच्य उपन्यासमा पण्डित बाजेले प्राचीन धर्म संस्कृति र सृष्टि चक्रका बारेमा अभिव्यक्त गरेको

कथन यस्तो छ- “चाहिँने सृष्टिको आदिकालमा न रात थियो, न दिन थियो; चाहिँने न सत् थियो, न असत् थियो; चाहिँने एक मात्र निर्विकार रूपमा बसेका थिए शिव र शिवा (१८७) ।” यस्तै आफ्नो भाषामा पाशुपत् दर्शनसम्बन्धी जिज्ञासा राखिरहेको पर्यटकको भाषानुवाद गर्दै एउटा गाइडले नेपालीमा उल्था गरेर गजराज बाजेलाई सुनाएको भाषिक अभिव्यक्तिमा ‘चाहिँने जो’ भन्ने थेगोको प्रयोग गरिएको छ जसबाट व्यक्तिभाषाको रूपमा रहेको सामाजिक बोलीको पुष्टि भएको छ। “सिनोरास सिनोरेस ई सिनोरितास ! जीवले शरीर पाउँछ। जीव चाहिँने जो हेरी संसारको कारण पनि हो (३१५) ।” उपन्यासमा एउटी महिलाका माध्यमबाट ‘तेरी आमा’ थेगोको प्रयोग गर्दै बोलेको वाक्यात्मक अभिव्यक्ति यस्तो छ- “अनि त्यसपछि तेरी आमा पार्वतीले ‘तन्त्रमन्त्र सिकाइ दिनुपर्‍यो भनेर हेरी महादेवको खुट्टा ढोगीछन्। तेरी आमा त्यस्तै त हो नि हेरी (४३७) ।” सम्बद्ध अभिव्यक्तिमा थेगो प्रयोगका आधारमा देखा परेको व्यक्ति भाषिकाका रूपमा रहेको सामाजिक भाषिकाबाट पात्रको सामाजिक तथा शैक्षिक स्थिति प्रकट भएको छ।

### ५.३.५ हिमाल र मान्छे उपन्यासमा सामाजिक भाषिकाको प्रयोग

*हिमाल र मान्छे* उपन्यासमा प्रयोग भएका पात्रहरूका संवादमा सामाजिक भाषिकाको प्रभाव रहेको पाइन्छ किनभने यी पात्रहरूले तत्कालीन समयका समाजका विभिन्न स्थानीय जीवनको यथार्थ अभिव्यक्ति गरेका छन्। उपन्यासमा लेखकीय वर्णनमा भने मानक नेपालीको उपयोग गरिएको भए पनि स्थान चिनारी तथा क्षेत्रीय सामाजिक क्रियाकलापमा यथार्थता ल्याउन पात्रका संवादमा सामाजिक बोलीको उपयोग गरिएको छ । यसबाट उपन्यासमा भाषिक अभिव्यक्तिको विशिष्ट स्वरूप प्रकट हुनुका साथै भाषिक यथार्थता पैदा भएको छ।

प्रस्तुत उपन्यासमा लाक्पा डोमाले आफ्नो श्रीमान् हिमाल आरोहणमा गुमाउँदा उसको सम्झनामा गरेको अभिव्यक्तिमा सामाजिक भाषिकाको यस्तो स्वरूप पाइन्छ- “तोइले हिमाल जानु पार्दैन, कामायार ल्याउन पार्दैन, गुलियो चिया पानि खाँदैन (६) ।” यस्तै पेमा सुन्दरले छोरी आङरिगुलाई पेमा दोर्जीसँग विवाह गर्न गरेको कुराकानीमा समेत सामाजिक भाषाको उपयोग यसरी भएको छ- “यो केटासँग पनि लोङ्गजङ्ग हुन साकेन भने बुझिस्, तेरो पालालाई तोंइले मार्‍यु भन्ने सामझे हुन्छ (५५) ।” सम्बद्ध भाषिक अभिव्यक्तिबाट उपन्यासमा सामाजिक यथार्थको प्रस्तुतिका साथ विशिष्ट भाषिक अभिव्यक्तिको स्वरूप प्रकट भएको छ।

प्रस्तुत उपन्यासमा पेमा सुन्दरले आफ्ना ज्वाइँ पेमा दोर्जीसँग लाक्पा नुर्बुका बाबुले कसरी आर्थिक हैसियत प्राप्त गरेका थिए भन्ने विषयमा गरेको कुराकानीमा सामाजिक भाषिकाको यस्तो रूप पाइन्छ- "लाक्पा नुर्बु पनि त खानदानी धानी होइन माग्या । मेरो पाला भान्थ्यो, उसको बाजे राणाको दरबार जान्थ्यो, केटी राख्ना लैजान्थ्यो, बिर्ता पायो पानि भन्थ्यो, चमरी खर्क र लुक्लाको जाग्गा (९९) ।" निमा गाउँका हुनेखाने व्यक्तिहरूसँग ऋण काढ्न जाँदा सोझासाझा गाउँलेहरू लाक्पा नुर्बुको सहमतिविना ऋण दिन नसकिने जानकारी दिने क्रममा "कासारी ऋण दिनु हो तोंलाई लाक्पा नुर्बु घोडा चाढेर घुम्छा हो गाँठे आजभोलि भोट माग्न । तोंलाई कार्जा दियो भाने बान्दूक ढ्याङ्ग पारिहाल्छा नि हो हाम्रा छातीमा । बारु तोंलाई भोट दिम्ला हो नुर्बु भानेर ऊ साँगै कार्जा माग्न (१७३)" भन्ने अभिव्यक्ति दिन्छन् । सम्बद्ध भाषिक अभिव्यक्तिबाट यसमा सामाजिक भाषिकाको उपयोग भएको छ र लाक्पा नुर्बुले सोझासाझा गाउँलेलाई केकसरी आफ्नो नियन्त्रणमा राखिरहेको छ भन्ने कुरा देखाएको छ । उसले गाउँलेहरूलाई आफ्नो नियन्त्रणमा राखिराख्न रिन्जिङ्गलाई विष खुवाएको आरोप लगाउँदै बोलेको कथन यस्तो रहेको छ- "ट्रेकिङ्गको काममा लागेको रिन्जिङ्ग झ्यामोलोङ्गामा चढ्यो, तिमीहरू चाढ्नु साकेन । त्यही ईर्ष्याले तिमीहारूले रिन्जिङ्गलाई विष खुवायो भानेर रिपोर्ट दिएको छ रे, आब पारेन फन्दामा प्रहरीको (२५३) ।" सम्बद्ध अभिव्यक्तिमा समेटिएका यस्ता संवादात्मक भाषिक अभिव्यक्तिमा सामाजिक भाषिकाका जातिगत भेद प्रकट भएका छन्  र यसबाट उपन्यासमा स्थानीय समाजका यथार्थ पनि मुखरित हुनुका साथै सोलु तथा त्यसका आसपासका क्षेत्रमा तत्कालीन समयमा मान्छे मार्न विष प्रयोग हुने गरेको विषयको समेत पुष्टि भएको छ । आङरिगुले आफ्नै श्रीमान्लाई विष खुवाउने सल्लाह मागिरहेको सन्दर्भमा लाक्पा नोर्बुको भनाइ यसरी आएको छ- "तिम्रो खासामले तिमीलाई खात्ताम पार्नु भन्दा पहिले तिमीले नै किन उसलाई खात्ताम पार्दैन ? एक थोपा विष उसको मुखमा पार्दियो भाने एकै छिनमा सखाफ । कासो ? (२१०) ।" सम्बद्ध भाषिक कथनले एकातिर क्षेत्र विशेषका समाजका यथार्थको अभिव्यक्ति गरेको छ भने अर्कातिर यसले सामाजिक भाषिकाको स्वरूप ग्रहण गरेको छ ।

*हिमाल र मान्छे* उपन्यासमा पात्रहरूको वैयक्तिक चिनारी दिनका लागि प्रयोग गरिएको व्यक्ति भाषिकाको पनि संयोजन गरिएको छ । व्यक्ति विशेषको उच्चारणगत भिन्नता वा थेगोको प्रयोगबाट व्यक्ति भाषिकाको जन्म भएको पाइन्छ । त्यसैले हरेक व्यक्तिको बोल्ने शैली आफ्नै प्रकारको रहेको हुन्छ । विवेच्य उपन्यासका कतिपय पात्रहरूका संवादमा थेगो आदिका

माध्यमबाट व्यक्तिबोलीको पहिचान भएको छ । प्रस्तुत उपन्यासमा रिन्जिङ्ग र आलमका बिच विवाह हुँदैछ भन्ने विषयमा लाक्पा नुर्बुका लाउकेहरूको कुराकानीका क्रममा खास गरेर नेपाली भाषिक समाजमा कथ्य रूपमा 'गाँठे' शब्दको प्रयोग यसरी गरिएको छ- "आब खुम्जुङमा दुई चार दिनपछि बिहे हुने माक्पा र नाम्माको । माक्पाको माम्मा प्रहरीको थुनामा, माक्पाको घरमा हाँसो । यो भन्दा राम्रो आरु के हुन्छ गाँठे (२६८) ।" यस प्रकार उपन्यासमा विभिन्न आधारमा देखा परेका सामाजिक बोलीका पद, पदावली तथा वाक्यात्मक अभिव्यक्तिको विशिष्ट भाषिक विन्यासले स्थानीय समाजका यथार्थ प्रकट भएका छन् ।

## ५.४ दौलतविक्रम विष्टका उपन्यासमा उखानको प्रयोग

सामाजिक यथार्थवादी उपन्यासमा समाजको अतल गहिराइसम्म पुग्ने आकाङ्क्षा राखिएको हुन्छ । त्यसका लागि समाजका चरित्रहरूलाई विश्वसनीय निष्कर्षका साथ प्रस्तुत गरेर उपन्यासमा सामाजिक सत्य प्रकट गर्नु लेखकीय धर्म मानिएको हुन्छ । पात्रहरूले समाजमा निर्वाह गर्ने भूमिकामा सबै विषय, तह, वस्तु र अवस्थाको उपयोग गर्नु अनिवार्य मानिएको छ । यस अवस्थामा समाजमा प्रचलनमा रहेका उखान पात्रको मुखबाट सहज अवस्थामा प्रयोग भएको पाइन्छ । समाजका शिक्षित मानिसहरूले मात्र उखान र टुक्काको प्रयोग गर्छन् भन्ने होइन, सबै तहका मानिसका बोलीमा उखान पाइन्छन् । यसबाट उपन्यासमा विशेष सन्दर्भका साथसाथै भाषिक अभिव्यक्तिको स्वरूपसमेत प्रकट भएको पाइन्छ । उपन्यासमा उखानको प्रयोगबाट सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, नैतिक र भौगोलिक विषय थोरै शब्दमा वस्तुगत रूपमा यथार्थ प्रस्तुति भएको पाइन्छ । त्यसैले सामाजिक यथार्थवादका सैद्धान्तिक प्रतिमानका मुख्य स्रोत समाजमा स्थापित मूल्य र आदर्श नै हुन् । यिनलाई स्वीकार गरी सामाजिक स्थितिको यथार्थपरक चित्रण गर्नुमा यथार्थवादको गिद्दे दृष्टि रहन्छ (श्रेष्ठ, दयाराम ५७) । सामाजिक यथार्थवादका उखानसम्बन्धी यिनै मान्यताको उपयोग गरी उपन्यासमा उखानको प्रयोग कुन सन्दर्भमा र समाजका केकस्ता यथार्थको अभिव्यक्तिका लागि भएको छ त्यससम्बन्धी सन्दर्भको विश्लेषण गरेर उपन्यासमा भाषिक अभिव्यक्तिको स्वरूप सत्यापन गरिएको छ ।

### ५.४.१ मञ्जरी उपन्यासमा उखानको प्रयोग

*मञ्जरी* उपन्यासमा प्रयुक्त उखानहरूबाट नेपाली समाजको वास्तविक यथार्थ प्रकट भएको पाइन्छ । उपन्यासमा समावेश गरिएका समाजका पात्रहरूले आफू बाँचेको युग र

समाजको प्रतिनिधित्व गर्दै प्रयोग गरेका उखानका माध्यमबाट नेपाली समाजको भाषिक अभिव्यक्तिको स्वरूप उजागर भएको पाइन्छ ।

मिश्रीबजै र मञ्जरी सौतासौता हुन् तर नेपाली समाजमा भने सौतालाई एकअर्काका शत्रुका रूपमा लिने गरिन्छ । नेपाली समाजमा प्रचलित यही सौताबिचका सम्बन्धलाई मूर्तता दिन 'सौता भनेका मुटुका किल्ला हुन्छन्' (२९) भन्ने उखानको प्रयोगबाट नेपाली समाजमा सौतालाई शत्रुका रूपमा लिने गरिएको सामाजिक यथार्थलाई उजागर गरिएको छ । यस्तै उपन्यासमा मिश्रीबजैको घर आँगनमा हुन गइरहेको पूजाका लागि यज्ञमण्डप सजाउनमा तल्लीन मञ्जरी कुनै पूर्व परिचित व्यक्तिलाई देखेर काममा बाधा उत्पन्न भएको महसुस गरेर आफ्नो ध्यान काममा लगाउँदै छिटोछिटो काम गर्दा काम बिग्रने पो हो कि भन्ने सन्दर्भको अभिव्यक्तिका लागि उपन्यासमा 'हतपतमा लतपत भनेझैँ' (५३) उखानको प्रयोग भएको छ ।

सासू-बुहारीको बिचमा भैरहेको विवादमा बुहारी भामाले कान्छी सासू मञ्जरीलाई घरधन्दा छाडेर बाहिर डुल्न जाने गरेको आरोप लगाएको छ । उपन्यासको यही सन्दर्भलाई अभिव्यक्ति दिन 'काम-काज एकातिर कुम्लो बोकी ठिमीतिर' (८९) भन्ने उखानको प्रयोग गरिएको छ र यसबाट समाजमा आफ्नो काम छोडेर अन्यत्र जाने प्रवृत्तिगत यथार्थ अभिव्यक्त हुन गएको छ । यस्तै बलरामले विधवा मञ्जरीलाई बदनाम गर्न बारीमा शृङ्गारको बट्टा फाल्ने काम गरेकोमा पछि यस विषयको यथार्थ रहस्योद्घाटन हुने आशङ्काले ऊ डराएको छ । उसको यही मनस्थिति सङ्केत गर्न 'वनको बाघले खाओस् नखाओस् मनको बाघले खान्छ' (१३४) भन्ने उखानलाई उपन्यासमा समेटिएको छ । यस्तै बलरामले मञ्जरीमाथि बाहिर नाठो खेलाउने गरेको आरोप लगाएकोमा त्यसैको प्रत्युत्तरस्वरूप 'आफ्नो आङको भैँसी नदेख्ने अर्का आङको जुम्रा पनि देख्ने' (२६२) उखानको प्रयोग गरिएको छ । सम्बद्ध उखानका माध्यमबाट उपन्यासमा सामाजिक यथार्थ अभिव्यक्त भएको छ । समाजमा कुनै क्षति न बेहोरीकन सफलता प्राप्त गर्ने अर्थ व्यक्त गर्न 'सर्पो पनि मरोस् लट्ठी पनि नभाँचियोस् (४२७) उखान प्रयोग गर्ने गरिन्छ । यसलाई उपन्यासमा सामाजिक यथार्थ अभिव्यक्तिका लागि उपयोगमा ल्याइएको छ ।

मञ्जरीको आफूमा हिम्मत भएको भए पुरानो परम्परा ध्वस्त पार्ने थिएँ तर आफू काँतर भएकाले त्यही परम्पराको चापले दबिनु परेको अर्थलाई प्रस्ट पार्न उपन्यासमा 'डाडुमा पानी तताएर मर्नु निको' (४३९) उखानको प्रयोग गरिएको छ । यस्तै उपन्यासमा प्रयुक्त 'आमा बाबुको मन छोराछोरीमाथि, छोराछोरीको मन ढुङ्गोमाथि' (४५८) उखान गैरजिम्मेवार

सन्तानप्रति लक्षित रहेको छ किनभने कप्तान्नी मखनाले छोरा कैलासको भलाइका लागि जति प्रयत्न गरे पनि अन्तमा ऊ भने आमाका वचन विरुद्ध गएको छ ।

### ५.४.२ एक पालुवा अनेकौं याम उपन्यासमा उखानको प्रयोग

प्रस्तुत उपन्यासमा नेपाली समाजमा सदियौंदेखि प्रचलनमा रहेका उखानको प्रयोग भएको पाइन्छ। उखानको प्रयोगले उपन्यासमा नेपाली समाजका सांस्कृतिक, सामाजिक जस्ता विविध पक्षको भाषिक अभिव्यक्ति भएको पाइन्छ। तिनै सामाजिक यथार्थको पहिचानका लागि उपन्यासमा प्रयुक्त उखानहरूलाई यहाँ विश्लेषण गरिएको छ ।

नेपाली समाजमा प्रचलित 'कौवाले कान लग्यो भनेर कौवाकै पछि दगुर्ने' (१०२) उखानबाट आफूमाथि विश्वास नगरी अरूको भनाइमा लाग्ने सामाजिक चिन्तनको प्रस्तुति भएको छ । यसबाट उपन्यासमा समाजका यथार्थको कलात्मक अभिव्यक्ति हुनुका साथै उपन्यासको भाषिक स्वरूपले विशिष्टता प्राप्त गरेको छ । यस्तै औपन्यासिक पात्र ताराले आफूले भोगेको पीडाको वस्तुगत अङ्कनका लागि 'खुकुरीले बिर्सन्छ अचानाले बिर्सन सक्दैन (१०९) भन्ने उखान प्रयोग गरेको छ। यसबाट समाजमा पीडकले बिर्से पनि पीडितले आफूलाई पाएको पीडा कदापि बिर्सन नसक्ने विषय प्रस्ट पारिएको छ ।

प्रस्तुत उपन्यासमा राणाशासकले क्रान्तिकारीहरूलाई क्रूरतापूर्वक दमन गर्ने क्रममा राणाविरोधी पर्चा लिएको भन्ने आरोपमा पीताम्बरको घर घेराउ गर्न आएका फेटाधारी पुलिसका क्रियाकलाप देखेर पाठकनीद्वारा 'हुलहालमा जीउ जोगाउनू (११३) भन्ने नेपाली समाजमा प्रचलित उखान प्रयोग गरिएको छ। यस्तो बेलामा राणाविरोधी चर्चा गर्दा असहज परिस्थिति सिर्जना हुने सन्दर्भका लागि 'भित्ताका पनि कान हुन्छन्' (११३) भन्ने उखानलाई अघि सारिएको छ। नेपाली समाजमा परम्परावादी मान्यताका पक्षपाती बुढापाकाहरूद्वारा युवा पुस्ताले बढी जान्न खोजे 'कलीमा खुकुरी भन्दा कर्द लाग्ने' (११३) भन्ने उखान प्रयोग गरेर नयाँ पुस्ताका विचारप्रति असहमति जाहेर गरेको पाइन्छ । सम्बद्ध उखानका माध्यमबाट तत्कालीन शासनव्यवस्थाको सामाजिक त्रास र आतङ्कलाई प्रकट गरिएको छ ।

नेपाली समाजमा 'गुन्द्रुक पकाउन पर्दैन साली फकाउन पर्दैन' (३०) उखानको प्रयोग भएको पाइन्छ । उपन्यासमा नरेन्द्रका लागि राजेश्वरीलाई फकाइदिने क्रममा जेठकी मालकिनीले यसको प्रयोग गरेको पाइन्छ। यसबाट नेपाली समाजमा विवाहका लागि सालीलाई फकाइरहनु नपर्ने सामाजिक यथार्थलाई उपन्यासमा अभिव्यक्ति गरिएको छ । यस्तै नेपाली

समाजमा प्रचलित भनाइ अटेरी गर्ने मानिसलाई सम्झाइबुझाइ गर्दा पनि नमानेपछि दण्डित नगरी नहुने अर्थलाई संवहन गर्नका लागि उपन्यासमा 'लातको देवता बातले मान्दैन' (२३०) भन्ने उखान प्रयोग गरिएको छ । यसबाट भाषिक यथार्थको स्वरूप प्रकट हुनुका साथै सामाजिक यथार्थ अभिव्यक्त भएको छ ।

उपन्यासमा लिचुमैयाँले जन्म दिएको सन्तान कमलको नभएर अर्केको हो भन्ने कुरा खुल्न आउँदा र यस विषयमा परिवारभित्र ठुलै विवाद सिर्जना भए पनि ऊ लिचुमैयाँलाई भोग गरेरै बसेको हुन्छ तर पछि उससँग असहमति राख्दै आएको छ। उपन्यासको यही कार्यव्यापार प्रस्ट पार्ने अर्थमा 'सारा मुसा खाएर बिरालो गयो तीर्थ गर्न' (२७४) उखान प्रयोग गरिएको छ । यसबाट जीवनको अधिकांश समय भोगविलासमा बिताएर अन्त्यमा जोगी हुन खोज्ने मानवीय प्रवृत्तिलाई उजागर गरिएको छ ।

नेपाली समाजमा 'जति मागे पनि सवा मानाको सवै माना' (१३६) भन्ने उखान प्रचलनमा रहेको पाइन्छ । उपन्यासमा यस उखानको प्रयोगबाट पुजारीबाजेको जीवनलाई सङ्केत गरिएको छ जसले सिपाही छँदा मुगलानबाट आउने बनियाबाट चारआना आठआना झारझुर पारे पनि दश वर्षसम्म आफ्नी श्रीमतीलाई एउटा फरियासम्म पठाउन नसकेको उपन्यासको कथ्यलाई सङ्केत गरिएको छ ।

*एक पालुवा अनेकौँ याम* उपन्यासमा प्रयोग भएका यस्ता उखानहरूबाट नेपाली समाजका विविध क्षेत्रका विषयवस्तु र त्यसमा अन्तर्निहित सामाजिक यथार्थको अभिव्यक्ति भएको पाइन्छ । समाजका अनुभव र अनुभूतिलाई उखान जस्ता भाषिक स्वरूपमा समाहित गर्दै उपन्यासमा कलात्मक अभिव्यक्ति गरिएको हुन्छ । यसमा समाजका यथार्थ समेटिएको कुरा पात्रका कथनबाट प्रकट भएको पाइन्छ । यसबाट उपन्यासमा भाषिक अभिव्यक्तिको स्वरूप प्रकट भएको पाइन्छ र उपन्यासका पात्रहरूले यथार्थ प्रकट गर्न प्रयोग गरेका उखानका आधारमा सामाजिक यथार्थ प्रकट भएको छ ।

### ५.४.३ भोक र भित्ताहरू उपन्यासमा उखानको प्रयोग

प्रस्तुत उपन्यासमा नेपाली समाजमा प्रयोग हुने उखानहरू औपन्यासिक सन्दर्भलाई पुट दिनका लागि प्रयोग गरिएका छन् । यिनको सफल प्रयोगबाट उपन्यासका पात्रहरूका अभिव्यक्ति गहन सन्दर्भयुक्त हुनुका साथै स्थानीय भाषिक अभिव्यक्तिको स्वरूप प्रकट भएको पाइन्छ ।

प्रस्तुत उपन्यासमा भुस्तिघ्रे कैदीले बारम्बार जेल पर्दा पनि चोरी गर्न नछाडेको सन्दर्भलाई सङ्केत गर्न 'चेत बाबा काशी' (५) उखानको प्रयोग गरिएको छ। नेपाली समाजमा कुनै गलत काम गरेर सजाय पाई चेत खुल्दा अबदेखि त्यस्तो गलत काम नगर्ने अर्थ बुझाउन उक्त उखान प्रयोग गरिएको पाइन्छ । यस्तै उपन्यासमा 'कुकुरको पुच्छर बाह्रै वर्ष ढुङ्ग्रोमा राखे पनि बाङ्गोको बाङ्गै' (६) उखानलाई जति सजाय दिए पनि मति नसुध्रेको भन्ने अर्थ संवहन गर्न प्रयोग गरिएको छ ।

हर्के साहिँला जेल मुक्त भएपछि त्यही पुरानो पाटीमा बसेर झुनेले भरेको तमाखु खाने इच्छा राख्छ तर झुनेको हत्या भैसकेको हुँदा उसको त्यो चाहना पूरा हुँदैन। उपन्यासको यही अर्थलाई व्यक्त गर्न 'मान्छे ताक्छ मुढो बन्चरो ताक्छ घुँडो' (१७) उखान प्रयोग गरिएको छ। यसबाट मान्छेले जे चाहन्छ परिस्थितिले गर्दा त्यो पूरा हुँदैन भन्ने यथार्थ व्यक्त भएको छ।

नेपालीहरूको महान् सांस्कृतिक चाड दसैँ आफ्नो क्षमताअनुसार मनाउनु वेस हुन्छ। अर्काको देखासिकी गर्दै ऋण गरेर अनावश्यक खर्च गर्नु राम्रो होइन । त्यसो गर्नाले ऋणमा डुब्ने स्थिति पैदा हुन सक्छ। यही सामाजिक सत्यलाई सङ्केत गर्न उपन्यासमा 'आउँछ दशैँ रमाई रमाई जान्छ दशैँ ऋण लगाई' (३३) उखान प्रयोग गरिएको छ ।

समाजमा केही मानिसहरूले आफूलाई निकै सच्चरित्र भएको देखाउने गरे पनि पैसाका लागि भने मरिहत्ते गर्छन् र पैसा देख्ने बित्तिक्कै त्यसमा आँखा लगाउँछन् । यही मानवीय प्रवृत्तिलाई प्रकट गर्न उपन्यासमा 'पैसाको तीन नेत्र' (३८) उखान प्रयोग गरिएको छ। यस उखानबाट उपन्यासमा भाषिक अभिव्यक्तिको स्वरूप प्रकट भएको छ।

चन्द्रे र जुनेली सहरमा काम खोज्दै जाने क्रममा भैँसी हेरचाह गर्ने काम पाइन्छ कि भनेर भैँसी धनीको आँगनमा पस्दा चिन्नु न जान्नु त्यसै अर्काको घरमा पस्ने भन्दै घरधनीद्वारा उनीहरूलाई बाहिर निस्कन आदेश दिइएको छ। उनीहरूले कामका लागि अनुनय गर्न खोज्दा घरधनीले अटेर गरेको भन्दै 'लातका देवता बातले मान्दैनन्' (४२) उखानको प्रयोग गरेको छ। यसबाट नेपाली समाजमा राम्ररी सम्झाइबुझाइ गर्दाखेरि पनि नमानेको खण्डमा त्यसलाई तह लाउने सन्दर्भ व्यक्त गरिएको पाइन्छ । यस्तै उपन्यासमा चन्द्रे र जुनेली काम नपाएर निराश भएर घर फर्किदा हर्के साहिंलाले उनीहरूलाई सम्झाउने क्रममा 'जहाँ तक सास त्यहाँ तक आस' (१३२) उखान प्रयोग गरेको छ । यसबाट सास छउन्ज्याल आस गर्नुपर्ने शिक्षा दिइएको छ। झगडालु स्वभावका मानिसलाई झगडाको निहुँ चाहिएको हुन्छ। त्यस्ता मानिस

साना साना कुरामा पनि झगडा गर्न पछि पर्दैनन् । समाजको यही कुरालाई उजागर गर्न उपन्यासमा 'के निहुँ पाउँ कनिका बुक्याउँ' (१४५) उखान प्रयोग गरिएको छ ।

नेपाली समाजमा प्रचलित 'वनको बाघले खाओस् नखाओस् मनको बाघले खान्छ' भन्ने उखानलाई उपन्यासमा 'कसैले खाओस् नखाओस् मनको बाघले खान्छ' (१३८) भनिएको छ । यस उखानको प्रयोग हर्के साहिँलाको मनमा भैँसी किन्नका लागि साहुकहाँ बाकस बेच्न लैजाँदा आफूमाथि आक्रमण त हुने होइन भन्ने शङ्का प्रस्ट पार्ने सन्दर्भमा गरिएको छ ।

चन्द्रे र जुनेली जिउ पाल्न चोरी कार्यमा संलग्न भएको देखेर हर्के साहिँला घृणा गर्दछ । त्यसैले उनीहरू केही समय त्यस कार्यबाट विमुख भए पनि अरू काम नपाउँदा पुनः त्यही मार्गमा प्रवृत्त भएको देखेपछि उनीहरूको चरित्र उजागर गर्न 'कुकुरको पुच्छरलाई बाह्रै वर्ष ढुङ्ग्रोमा हाले पनि बाङ्गोको बाङ्गै' (१३५) उखानको प्रयोग गरिएको छ । यसबाट केही मानिसको चरित्र जति सुधार्न खोजे पनि नसुध्रिने विषयलाई अर्थ्याउन खोजिएको छ ।

जगतेले हर्के साहिँला र चन्द्रेलाई आफ्नो घरमा चोरी गर्न प्रवेश गरेका हुन् भन्ने आरोप लगाएर गस्ती पुलिसद्वारा चौकीमा थुन्न लगाएको छ । उनीहरूले जगतेद्वारा लगाइएको आरोप खण्डन गर्ने प्रयास गर्दा पनि पुलिसले सुनिदिँदैनन् । यस अवस्थामा हर्के ज्यादै दुःखी हुँदै 'शक्तिको अगाडि बाबुको दुहाई' (१५३) उखान प्रयोग गर्दछ । यसबाट समाजमा आफूले नबिराउँदा पनि र त्यसको जतिसुकै खण्डन गरे पनि शक्तिका कारण सजाय भोग्नु पर्ने यथार्थ व्यक्त भएको छ ।

समाजमा कुनै पनि अर्थ नलाग्ने सन्दर्भ आउँदा 'तीन न तेह्रका कुरा' (१३९) उखानको प्रयोग भएको पाइन्छ । विशेषतः समाजका विपन्न वर्ग वा अपहेलित मानिसले बोलेको बोलीलाई निरर्थक बनाउन उपन्यासमा यस उखानको प्रयोग भएको छ । उपन्यासमा कुनै काम हुँदै नहुनुभन्दा थोरै भए पनि हुनु भन्ने अर्थ प्रकट गर्न 'नहुनुभन्दा कानो मामा निको' (१२७) उखानको प्रयोग भएको छ । यस उखानको प्रयोग चन्द्रे र जुनेलीले काम खोज्दा खोज्दा फेला नपारेपछि भैँसी स्याहार्ने काम भए पनि पाउँदा त्यसलाई अर्थ्याउन प्रयोग गरिएको छ ।

चन्द्रे र जुनेली हर्के साहिँला कुनै आपत् विपत्मा परेर घर नफर्केका हुन् कि भन्ने विषयलाई लिएर कुरा गरिरहेका सन्दर्भमा चन्द्रे भने खानाकै विषयमा बढी चिन्तित देखिन्छ । यही सामाजिक यथार्थ बोधका लागि उपन्यासमा जुनेलीले 'कसैलाई के धन्दा घरज्वाइँलाई खानैको चटारो' (२३०) उखान प्रयोग गरेको छ ।

जगतेले हर्के र जुनेलीलाई त्यहीँ पुरानो पाटीमा देखेपछि उसले सोह्र वर्षअघि झुनेलाई मारेको विषय बल्भिने डरले चिन्तित देखिएको छ। त्यसैले ऊ उनीहरूलाई त्यहाँबाट सहज रूपमा निकाल्ने उपायको खोजीमा लागेको छ। उसको त्यही अर्थलाई प्रकट गर्न उपन्यासमा 'लट्ठी पनि नभाँच्चियोस् सर्प पनि मरोस्' (१४८) भन्ने नेपाली समाजमा प्रचलित उखानको प्रयोग गरिएको छ।

### ५.४.४ ज्योति ज्योति महाज्योति उपन्यासमा उखानको प्रयोग

*ज्योति ज्योति महाज्योति* उपन्यासमा प्रयुक्त उखानहरूबाट नेपाली समाजको वास्तविक यथार्थ प्रकट भएको पाइन्छ। उपन्यासमा समावेश गरिएका समाजका पात्रहरूले आफू बाँचेको युग र समाजको प्रतिनिधित्व गर्दै उखानहरूका माध्यमबाट नेपाली समाजको भाषिक अभिव्यक्तिको स्वरूप उजागर गरेको पाइन्छ। गोकुलराजले दनुवार्नीतर्फको छ्वाँके छोरी उजेलीको छ्वाँकेपनलाई देख्नेहरूले बिर्सिऊन् भन्ने विचारले आमा जस्तो गोबर र गउँतको गन्ध लिएर हिड्ने काम नगर्नू भन्ने कुरा सुनाउने गरेका छन्। उजेली चाहिँ त्यस्तै फेसन गरेर हिड्न मन पराउने सन्दर्भमा उसलाई 'के खोज्छस् काना आँखा' (१३२) भएको छ र सम्बद्ध उखानबाट सामाजिक यथार्थ अभिव्यक्त भएको छ।

समाजमा विद्यमान रहेको परम्परागत अर्थ र मूल्यलाई व्यक्त गर्न वा अघिल्लो पुस्ताको पहिचानलाई वर्तमान सन्दर्भमा पनि त्यही रूपमा चिनाउनका लागि 'हिङ नभए पनि हिङ बाँधेको टालो' (३३८) उखानको प्रयोग भएको पाइन्छ। बाजे बराजुको साखलाई चिनाउन विवेच्य उखान नेपाली समाजमा प्रयोग हुने यथार्थ उपन्यासमा प्रयुक्त सन्दर्भबाट पुष्टि भएको छ। सुभद्रा बजैले आफ्ना पुर्खा पनि कमजोर नभएको भन्ने आशयको अभिव्यक्तिलाई सार्थक तुल्याउन यसको प्रयोग गरेको छ।

प्रस्तुत उपन्यासमा दिनानाथले परशुलाई गाली गरेपछि प्रजाम्बीले आग्रह गर्दा पनि उसले खाना अस्वीकार गर्दा 'जुन गोरुको सिङ छैन उसको नाम तिखे' (३५४) भन्ने उखानको प्रयोग गरिएको छ। समाजमा जोसँग जे छैन, त्यसको नाम त्यही आधारमा राखिएको सन्दर्भलाई व्यङ्ग्य गर्न यस उखानको प्रयोग गर्ने गरिन्छ।

सुभद्रा बजै घाइते शङ्कर आफ्नो भदा भएको कुरा बताउँछिन्। ऊ केटाकेटी देखिन्कै अर्धसिल्ली किसिमको भएकाले ओखतीमुलो खाएर सद्दे भइहाल्छ कि भन्दा पनि ठिक नभएको विषय उपन्यासमा प्रस्तुत गरिएको छ। उपन्यासको यही सन्दर्भलाई पुष्टि गर्न 'कुकुरको

पुच्छर बाह्र वर्षसम्म ढुङ्ग्रामा हाले पनि बाङ्गाको बाङ्गै (१२० उखान प्रयोग गरिएको छ भने नेपाली समाजमा चरित्रहीन नारीको चरित्र वर्णन गर्दा 'पति मारी सती होइ' (३०९) उखान प्रयोग गरिन्छ । उपन्यासमा सुभद्रा बजै रक्स्याहा निरञ्जनबाट बारम्बार अपहेलित हुन थालेपछि त्यसको प्रतिकार गर्ने क्रममा निरञ्जन आफूले गरेको सहयोग बिर्सेको भन्दै उसको चरित्रप्रति लक्षित गरेर उक्त उखान प्रयोग गरिएको छ । उपन्यासमा समेटिएका यस्ता उखानबाट सामाजिक यथार्थको चित्रणका साथै भाषिक अभिव्यक्तिको स्वरूप प्रकट भएको छ ।

नेपाली समाजमा कुनै पनि काम हुँदै नहुनु भन्दा थोरै भए पनि असल हुने भाव प्रकट गर्न 'नहुनु मामा भन्दा कानो मामा निको' (३६) उखानको प्रयोग भएको पाइन्छ । परशुले बनारस हिन्दु विश्वविद्यालयबाट कल्चर विषयमा स्नातकोत्तर तहको उपाधि लिई काठमाडौं फर्किएर जागिरका निम्ति त्रिभुवन विश्वविद्यालयतिर धाए पनि जागिर नपाए तापनि आश्वासन र पुस्तक तयार पार्न दुई वर्षका लागि भए पनि वृत्ति पाएको सन्दर्भलाई प्रकट गर्न उपन्यासमा यस उखानको प्रयोग गरिएको छ ।

नेपाली समाजमा तार्किक क्षमता भएमा विषयलाई जता पनि मोड्न सकिन्छ भन्ने अर्थ प्रकट गर्न 'कुरो र कुलो जता लगाए पनि लाग्छ (३३९) उखान प्रयोग गरिन्छ । यसको प्रयोगबाट उपन्यासमा भाषिक अभिव्यक्तिको स्वरूप प्रकट भएको छ ।

प्रस्तुत उपन्यासमा एकातिर पशुपति र त्यस क्षेत्रको महिमा गान गाइएको छ भने अर्कोतिर त्यहाँका विकृति र विसङ्गतिको चित्रण गरिएको छ । त्यसै सन्दर्भमा राज भाइ र डाइरेक्टरबिच चलेको संवादमा राजभाइको पशुपति क्षेत्रका मान्छे पनि पापी भैसके भन्ने विषयलाई पुष्टि गर्न 'बत्तीमुनि अँध्यारो' (३४२) भन्ने उखान प्रयोग गरिएको छ ।

निर्देशक शाहाले गाई छाडा छोड्दा गाई नै गुमाउनु परेको घटना पछि अब ऊ अर्को गाई गुमाउन चाहँदैन भन्ने उपन्यासको घटनालाई उजागर गर्न 'चेत बाबा काशी' (१६९) उखानको प्रयोग गरिएको छ । समाजमा कुनै कर्म गर्दा क्षति बेहोरे पश्चात् लिने शिक्षाको रूपमा यस उखानको प्रयोग गर्ने गरिन्छ ।

प्रस्तुत उपन्यासमा गजराज बाजेले भुइँ पोत्न थाल्दा सुभद्रा बजै उनका हातको लुँडो खोसेर आफैँ पोत्न थाल्छिन् । ऊ कुनै कामधाम मात्र होइन माखोसमेत मार्न नसक्ने भन्दै

बाजेसँग रिसाउने सन्दर्भमा 'सबै कुकुर काशी गए मैला कसले खाने' (१२४) उखानको प्रयोग गरिएको छ ।

### ५.४.५ हिमाल र मान्छे उपन्यासमा उखानको प्रयोग

*हिमाल र मान्छे* उपन्यासमा भाषिक अभिव्यक्तिलाई विशिष्ट र प्रभावकारी तुल्याउन समाजमा प्रचलित उखानहरूको प्रयोग गरिएको छ । यस्ता उखानहरूको प्रयोगले औपन्यासिक पात्रहरूका क्रियाकलाप र घटनाहरूका सन्दर्भलाई यथार्थ रूपमा प्रकट गर्न र उपन्यासको भाषिक अभिव्यक्तिको स्वरूप उजागर गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

नेपाली समाजमा चोरलाई कुनै वस्तुको रेखदेख गर्न दिइयो भने त्यो वस्तु हराएरै छोड्छ भन्ने सामाजिक मान्यता उजागर गर्न उपन्यासमा 'दूधको साक्षी बिरालो' (७२) उखान प्रयोग गरिएको छ । प्रस्तुत उपन्यासमा निमाले आङरिगु जस्तो राम्रो स्वास्नीमान्छे सोलुभरिमा छैन । उसले पेमा दोर्जीलाई आफू दुधको साक्षी बिरालो नभएको भन्दै ऊ साँच्चीकै राम्रो भएको कुरा बताएको छ । यही सन्दर्भलाई प्रस्ट पार्न उक्त उखान उपन्यासमा प्रयोग गरिएको देखिन्छ ।

परालको आगो छिनभरमै बलेर सिद्धिएझैं श्रीमान् श्रीमतीबिचको झगडा पनि एक छिनमै बलेर सिद्धिन्छ । समाजको यही अनुभवलाई 'लोग्ने स्वास्नीको झगडा परालको आगो' (१३६) उखानका माध्यमबाट प्रकट गरिएको पाइन्छ । यस उपन्यासमा भने यस उखानको उल्टो निमाले पेमा दोर्जीका पतिपत्नीबिचको झगडा परालको आगोझैं नभएर खोटो सल्ला, धुपी र देवदारको बाक्लो जङ्गलमा लागेको डढेलोझैं भएको बताएको छ ।

*हिमाल र मान्छे* उपन्यासमा पेमा दोर्जीले श्रीमतीसँग जतिसुकै चर्काचर्की परे तापनि सम्बन्ध चाहिँ कटु नहोस् भन्ने चाहेका छन् । तर छोरा रिन्जिङ्गलाई आफूसँग खुम्जुङ ल्याउने कारण भने आङरिगुलाई घुर्की लगाउनु रहेको देखिन्छ । उपन्यासको यही सन्दर्भ उजागर गर्न 'नाङ्लो ठटाएर हात्ती तर्साउने (१३६) उखानको प्रयोग गरिएको छ । यसबाट उपन्यासमा सामाजिक यथार्थको अभिव्यक्तिका साथै भाषिक स्वरूप प्रकट भएको छ ।

प्रस्तुत उपन्यासमा रिन्जिङ्गले भविष्यमा सर्वोच्च शिखर सगरमाथा चढ्ने अभिव्यक्ति गरेको छ । उसको कुरा सुनेर उसका साथीहरूले अपाङ्गता भएको मानिसले हिमाल चढ्ने कुरा गरेको भन्दै 'जुन गोरुको सिँग छैन उसको नाम तिखे' (१४२) उखान अघि तेर्स्याएका छन् । यसबाट समाजमा जोसँग जे छैन त्यसैको धाक लगाउने प्रवृत्तितर्फ सङ्केत गर्न

खोजिएको छ । यसरी उपन्यासमा प्रयुक्त उखानहरू नेपाली समाजका दैनन्दिन जीवनमा प्रयोग हुने प्रकृतिका छन् । यिनको सफल प्रयोगबाट उपन्यासमा सामाजिक मूल्य र आदर्श अभिव्यक्त हुनुका साथै भाषिक अभिव्यक्तिको स्वरूप प्रकट भएको छ । यति मात्र होइन, सम्बद्ध उखानबाट नेपाली समाजको यथार्थसमेत अभिव्यक्त भएको पाइन्छ ।

## ५.५ दौलतविक्रम विष्टका उपन्यासमा टुक्काको प्रयोग

टुक्का लोक साहित्यको महत्त्वपूर्ण विधा मानिन्छ । लोक साहित्यका अन्य विधाभन्दा कम फस्टाएको विधा भए पनि यसको छुट्टै पहिचान रहेको छ । मानिसहरूले विभिन्न विषयवस्तुमा आधारित भएर विचारहरू आदान प्रदान गर्ने क्रममा प्रयोग भएका कतिपय शब्दले सामान्य अर्थ प्रकट गर्दछन् भने कतिपय शब्दले लक्ष्यार्थ प्रकट गर्दछन् । यस्ता लक्ष्यार्थ प्रकट गर्ने पदलाई टुक्का भनिन्छ । मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले टुक्कालाई दुई वा दुईभन्दा बढी शब्दहरू मिलेर एउटै विशिष्ट लक्ष्यार्थ बन्ने पदसमूहात्मक संरचना भनेर परिभाषित गरेका छन् (३५४) । यसमा दुई वा दुईभन्दा बढी शब्दहरू मिलेर एउटा मात्र अर्थ दिने र अभिधार्थ बाधित भएर लक्ष्यार्थको प्रधानता हुने र टुक्काको अर्थ रूढ रहने गर्दछ । साथै दुई वा दुईभन्दा बढी शब्दबाट यसको संरचना बन्नु, अर्थगत एकता हुनु, अर्थ रूढ हुनु तथा भनाइमा प्रभावकारिता, सूत्रात्मकता, सङ्क्षिप्तात्मकता र लक्ष्यार्थपरकता हुनु यसका वैशिष्ट्य हुन् । दुई वा दुईभन्दा बढी पदसमूह एउटै अर्थमा केन्द्रित हुने टुक्कामा नीति, भाग्य, नियति, धन, दौलत, ऐश्वर्य, दुःख, पीडा, वेदना, रूढिवाद, अन्धविश्वास, रिस, डाहा, आधुनिक शिक्षा, दीक्षा, राजनीति, धर्म, दर्शन, समाज, पुराण, इतिहास, प्रशासन, साहित्य, कानुन, आफन्त, पराया, आनीबानी, व्यवहार, घटनापरिघटना, समय, क्षण, पल, पाप, मोक्ष, विश्वब्रह्माण्ड, प्रकृति, वनस्पति, तत्त्व, पदार्थ, लौकिक, अलौकिक, पारलौकिक, स्वर्ग, नर्क, देवी, देवता, भूतप्रेत, मानव, मानवेतर जस्ता विषयवस्तु अभिव्यक्त भएका पाइन्छन् ।

### ५.५.१ मञ्जरी उपन्यासमा टुक्काको प्रयोग

*मञ्जरी* उपन्यासमा प्रयुक्त भाषिक अर्थलाई विशिष्ट एवम् लक्ष्यार्थपरक तुल्याउन यसका विभिन्न पाठहरूमा टुक्काको प्रयोग गरिएको छ । यसमा कान थाप्नु (५७), कूच गर्नु (६५), कानेखुसी गर्नु (६५), मुख मोड्नु (६७), कान ठाडो पार्नु (६९), एक कान दुई कान मैदान हुनु (७०), मुखमा ताल्चा लाउनु (७५), मुखामुख गर्नु (८०), लोग्ने टोक्नु (८४), आकाशको फल तोड्नु -९६), चोसो पसार्नु (१०३), छाती फराकिलो हुनु (१३५), सुइँकुच्चा

ठोक्नु (१४३), दिन छिप्पिनु (१४७), आगोको शोला ओकल्नु (१६३), राग अलाप्नु (१६८), कानेखुशी गर्नु (१७५), विषालु दृष्टिले हेर्नु (१९८), मृत्युको काखमा सुत्नु (२०३), दृष्टि दौडाउनु (२१०), बालुवाबाट तेल निकाल्नु (२४०), कुखुरा बास्नु (२४३), चिटचिटे पसिना फुट्नु (२९३), हेलमेल बढाउनु (३१६), आमाबाबु खस्नु (३३८) जस्ता टुक्काको प्रयोग गरिएको छ । यसबाट भाषिक अभिव्यक्तिको विशिष्ट स्वरूप प्रकट हुनुका साथै उपन्यासको अर्थमा लाक्षणिक सौन्दर्य सृष्टि गरेको छ ।

### ५.५.२ एक पालुवा अनेकौँ याम उपन्यासमा टुक्काको प्रयोग

*एक पालुवा अनेकौँ याम* उपन्यासमा भाषिक अभिव्यक्तिलाई विशिष्ट स्वरूप प्रदान गर्न र समाजका विविध यथार्थ प्रकटीकरणका लागि मौनता भाँच्नु (३), नाक खुम्च्याउनु (४), गति समाउनु (५), लख काट्नु (९), दैव विपरीत हुनु (२०), कालले चुँडेर लग्नु ( २४), कान थाप्नु (३२), आँखा छल्नु (३३), एक टुक्रा अँध्यारोको हत्या गर्नु (३३), पाइलामा खिया लाग्नु (५०), धुनी जगाउनु (७४), बाटो ढुक्नु (८४), गाँठो सफाचट पार्नु (१२२), हिलो छ्याप्नु (१२५), ठक्कर खानु (१३५), पोखिने साहस (२२४), बेसारे बोल्नु (२७१), बलिको बोको हुनु (२७४), मुख सिउनु (२८०), फुसफुसाउनु (२८१), भुपी घुसार्नु (२८४) आतङ्क ओकल्नु जस्ता टुक्काहरूको प्रयोगले उपन्यासमा अर्थलाई चमत्कारपूर्ण तथा प्रभावकारी बनाउनुका साथै यथार्थपरक बनाउनसमेत सहयोग पुऱ्याएको छ ।

### ५.५.३ भोक र भित्ताहरू उपन्यासमा टुक्काको प्रयोग

प्रस्तुत उपन्यासमा विभिन्न टुक्काको प्रयोग गरेर नेपाली समाजको यथार्थ अभिव्यक्त गरिएको छ । यसमा प्रयोग भएका यस्ता टुक्काहरूमा बातबातमा चिप्लनु (४), आत्मालाई कैद गर्नु (१०), पेटमा ताल्चा मार्नु (११), रात छिप्पिनु (१२), टाउकामा टेक्नु (१४), आँखा चिप्लाइदिनु (२०), हात्तीको मुखमा जिरा (२२), टेवा बन्नु (३०), रफूचक्कर हुनु (३४, कोरीको पाउ मल्नु (३५), फुटेको आँखा (३८), ऱ्याल काढ्नु (४०), कुलेलम ठोक्नु (४९) कसिङ्गरको थुप्रो (६५), जुङ्गामा ताउ लगाउनु (८५),, जुलूस उठ्नु (८७), निन्याउरो मुख लगाउनु (९१), हातमा घ्यू जमाउनु (१०२), पैतला चाट्नु (१०३), पखेटा हाल्नु (९१) तीनछक पर्नु (१७१), घाँटीको पासो बन्नु (२३४) आदि रहेका छन् । यस्ता उखान तथा टुक्काहरूको प्रयोगबाट उपन्यासमा भाषिक अभिव्यक्तिको स्वरूप प्रकट भएको छ ।

### ५.५.४ ज्योति ज्योति महाज्योति उपन्यासमा टुक्काको प्रयोग

*ज्योति ज्योति महाज्योति* उपन्यासमा भाषिक अभिव्यक्तिको स्वरूप प्रकट गर्न बेसारे लबज (५), गिल्ला गर्नु (२२), मुखमा पानी आउनु (२३), हावा खुस्किनु (२४), टाट पल्टिनु (२५), तोरीको फूल देख्नु (२५), दाहिने हात हुनु (३०), छारो उड्नु (५०), दाँतमा साँचो घुसाउनु (७९), कुम्भकर्णको निन्द्रा (९१), हात खुट्टा बजार्नु (९७), गाँठो फुकाउनु (९९), पापी आँखा (११९), पखेटा काटिनु (१३७), रित्तो हात (१४७), बतासे कुरा (१४९), एक कान दुई कान मैदान हुनु (१४९), किताबको कीरा (१५५), नाक काटिनु (२५०), नाक ठाडो पारेर हिड्नु (२५०), एक कान दुई कान (२५५), सुइकुच्चा ठोक्नु (२५६), बासी हुनु (२५९), फरिया फुस्किनु (२७०), आगोमा घिउ थप्नु (२७७), झटारो खानु (२७८), तीन छक पर्नु (२८२), टाउको घुम्नु (३०१), आङमा घाम लाग्नु (३९०), पर्खाल बन्नु (४०२), फलामका च्यूरा चपाउनु (४१०), तिललाई पहाड बनाउनु (४२५), टेवा लिनु (४५०), मस्तिष्क सड्नु (४७०) विषालु कीरा (४९५), इन्तु न चिन्तु हुनु (५०५) जस्ता टुक्काहरुको प्रयोग भएको  छ।

### ५.५.५ हिमाल र मान्छे उपन्यासमा टुक्काको प्रयोग

प्रस्तुत उपन्यासमा मान्छेको मन सालको पात (७), कुलेलम ठोक्नु (१०), कुकुर रुनु (१२), सन्यासी हुनु (२३), दहिलो कटाउनु (१६), कालो छडी तेर्स्याउनु (१९), हर्षाश्रु छचल्किनु (२१), तुस मेटिनु २४), आँखाको नानी हुनु (२५), बुढेसकालको लट्ठी (३९), मुखमा बुजो लगाउनु (४३), हिस्स पर्नु (४६), धूलो पीठो हुनु (४८), तीन छक पर्नु (५२), बाह्र सत्ताइस (५३), घारको न घाटको (५४), मनको उडान (६६), आँखामा छारो हाल्नु (७५), पोल्टामा आँसु हाल्नु (७७), रातो पिरो हुनु (८६), खोलाका दुई किनार (९८), कानेखुशी चल्नु (९८), तोरीको फूल देख्नु (१०००), पेट बोक्नु (१०१), चिसो सास फेर्नु (१०५), कानमा बतास (१०६), प्राण पखेरु उड्नु (११२), अल्छी तिघ्रे हुनु (११५), आँखामा छारो हाल्नु ( १३४), डुब्न लागेको घाम (१४४), भाग्यमा ग्रहण लाग्नु (१५५), मुखमा ताल्चा मार्नु (१६७), केरकार गर्नु (१७७), मस्तिष्कमा आगो लाग्नु (१८७), बतास खुस्किनु (१९१), आँखाको पुतली बन्नु १९७), खासखासखुसखुस (२६५), स्वर्ग जानु (२६६), ढुङ्गाको मूर्ति हुनु (२६६), नीच मार्नु (२६७), एक कान दुई कान (२७४), चार आँखा हुनु (२७५) जस्ता टुक्काहरूको सार्थक प्रयोग भएको छ। यस्ता टुक्काहरूको उचित प्रयोगबाट उपन्यासको भाषिक विन्यासमा स्पष्टता, रोचकता, प्रभावकारिता थपिनुका साथै स्थानीय सन्दर्भसमेत समेटिएको छ।

## ५.६ निष्कर्ष

दौलतविक्रम विष्टका उपन्यासमा प्रयुक्त भाषिक विन्यासको विश्लेषणका लागि स्थानीय बोली, सामाजिक भाषिका, उखान र टुक्कालाई आधार सामग्री बनाइएको छ । यस क्रममा विष्टका उपन्यासमा प्रयुक्त मानक नेपालीबाहेकका स्थानीय शब्दहरूको सूची तयार गरिएको छ भने औपन्यासिक पात्रहरूका वाक्यात्मक अभिव्यक्ति, व्यक्ति बोली (थेगो), उखान र टुक्कालाई औपन्यासिक सन्दर्भमा राखेर विश्लेषण गर्दा विष्टका उपन्यासमा प्रयुक्त भाषिक अभिव्यक्तिले वर्गगत, क्षेत्रगत, जातिगत सामाजिक यथार्थलाई वस्तुपरक तथा यथार्थपरक ढङ्गले वहन गर्न सकेको देखिन्छ । यस्तै उपन्यासमा पात्रहरूले बोलेका उखान र टुक्कालाई त्यसको सन्दर्भमा राखेर विश्लेषण गर्दा त्यसबाट विषयवस्तुको सन्दर्भगत अर्थ पुष्टि हुनुका साथै पात्रका आशयलाई समेत प्रस्ट पार्ने काम भएको छ ।

# छैटौँ परिच्छेद

# सारांश र निष्कर्ष

## ६.१ सारांश

'दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक यथार्थ' विषयक प्रस्तुत शोधप्रबन्धलाई छवटा परिच्छेदमा सङ्गठित गरिएको छ। यस शोधप्रबन्धको पहिलो परिच्छेदमा प्रस्तुत शोधको विषय परिचयका साथै यसमा अवलम्बन गरिएको शोधप्रक्रियाबारे प्रस्ट पारिएको छ भने प्रस्तुत अन्तिम छैटौँ परिच्छेदमा यस शोधको प्रथमतः सारांश दिई त्यसपछि शोध समस्याको समाधानका रूपमा प्राप्त निष्कर्ष प्रस्तुत गरिएको छ । यस शोधप्रबन्धको दोस्रोदेखि पाँचौँ परिच्छेदसम्म समस्याको समाधानका निम्ति आवश्यक सामग्रीको विश्लेषण गरिएको छ र ती परिच्छेदहरूमा गरिएको अध्ययनको सारांश क्रमशः तल दिइएको छ ।

प्रस्तुत शोधको दोस्रो परिच्छेदमा दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक संरचनागत विषयसँग सम्बद्ध सामग्रीलाई विभिन्न उपशीर्षकहरूमा विश्लेषण गरिएको छ । यसमा उनका सामाजिक यथार्थवादका दृष्टिले महत्त्वपूर्ण रहेका *मञ्जरी, एक पालुवा अनेकौँ याम, भोक र भित्ताहरू, ज्योति ज्योति महाज्योति* र *हिमाल र मान्छे* उपन्यासहरूमा परम्परागत आर्थिक, राजनीतिक, सांस्कृतिक र सामाजिक व्यवस्थाका कारण उत्पन्न वर्गीय, लैङ्गिक, जातीय भेदभाव र सांस्कृतिक प्रयोगको विश्लेषण गरिएको छ। यस क्रममा अध्ययनका लागि निर्धारण गरिएका सामाजिक यथार्थवादका सामाजिकता, सामाजिक सम्बन्ध सांस्कृतिक सन्दर्भ र वस्तुवादी चेतना जस्ता वैशिष्ट्य उनका उपन्यासका सामाजिक संरचनाको स्वरूपभित्र रहेको कुरा स्पष्ट पारिएको छ । विष्टका उपन्यासमा एकातिर सामाजिक वर्ग, सामाजिक स्वार्थ, सामाजिक आदर्श, सामाजिक इतिहास, सामाजिक विघटन, सामाजिक संस्कार, सामाजिक द्वन्द्व तथा सङ्घर्ष जस्ता सामाजिकताका विषयको कलात्मक प्रस्तुति पाइने कुरा स्पष्ट पारिएको छ भने अर्कातिर परम्परागत सामाजिक सम्बन्धको विघटन भई नयाँ सामाजिक सम्बन्ध निर्माणतर्फको वातावरण नेपाली समाजमा बन्दै गएको अवस्थाको प्रतिविम्बन भएको छ भन्ने कुरा औँल्याइएको छ । यस्तै परम्परागत सांस्कृतिक सन्दर्भ तथा नयाँ संस्कृतिका रूपमा विकसित सांस्कृतिक यथार्थको प्रतिपादनका साथसाथै भाग्य, पूर्वजन्म, जातजाति, वर्ग, अलौकिकता जस्ता परम्परागत अवस्तुवादी चिन्तनप्रति विमति राख्दै वस्तुवादी चेतना आत्मसात् गर्न खोजिएको तर्फ सङ्केत गरिएको पाइन्छ ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदमा दौलतविक्रम विष्टका उपन्यासमा वर्गीय जीवनलाई मुख्य विषय बनाइएको छ र सोसँग सम्बद्ध उपन्यासहरूमा केन्द्रित रहेर तिनमा चित्रित वर्गीय जनजीवनको विश्लेषण गरिएको छ । विष्टका उपन्यासमा अभिव्यक्त वर्गीय जनजीवनको विश्लेषणका लागि उपयोग गरिएका सामाजिक यथार्थवादका वर्गीय जनजीवनको प्रतिविम्बन, सङ्कटग्रस्त जीवनको प्रयोग र तथ्यको संयोजन जस्ता प्रतिमानको प्रथमतः सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ र यिनै प्रतिमानका आलोकमा उनका औपन्यासिक रचनाहरूको विश्लेषणका क्रममा तिनमा नेपाली समाजका उच्च, मध्यम र निम्नवर्गीय जीवनको प्रस्तुति रहेको देखाइएको छ । विवेच्य उपन्यासमा समाजका उच्चवर्गद्वारा निम्नवर्गका महिला र पुरुष तथा एकल महिलामाथि हुने गरिएको वर्गीय, लैङ्गिक शोषणका अनेक रूपहरूलाई देखाइएको छ । उच्चवर्गद्वारा ग्रामीण समाजमा धार्मिक तथा सांस्कृतिक मान्यता एवम् सहरिया समाजमा प्रशासन र न्याय व्यवस्थाका आडमा निम्नवर्गमाथि गरिएको शोषण, दमन, अन्याय, अत्याचारलाई प्रदर्शित गरिएको छ । यसका साथै उनका उपन्यासमा नेपाली समाजका सामन्ती राणाहरूसँगको सामीप्यमा रहेका मध्यम वर्गमा पनि उच्चवर्गीय चिन्तन प्रबल रहेको अवस्था तथा उच्चवर्गको रूपमा नवधनाढ्य वर्गको उदय भएको प्रसङ्गको अभिव्यक्ति र तद्युगीन नेपाली सामन्ती समाजका वर्गीय जनजीवनमा विद्यमान विभेदका अवस्थाको यथार्थ प्रतिविम्बन भएको छ भन्ने कुरा यस परिच्छेदमा वस्तुगत रूपमा प्रस्तुत गरिएको छ ।

नेपाली समाजमा विद्यमान सामन्ती चिन्तन र परम्परा तथा सांस्कृतिक, सामाजिक समस्याका कारण निम्नवर्गीय जीवन अप्ठ्यारोमा पर्न गएको कुरा पनि विवेच्य उपन्यासमा देखाइएको छ । तत्कालीन अनुदार राजनीतिक व्यवस्था र त्यससँगको सामाजिक सम्बन्ध, असमान तथा महँगो न्याय व्यवस्था र बदलिँदो सामाजिक सम्बन्धका कारणले गर्दा पनि औपन्यासिक जीवनमा अनेक समस्या पैदा हुन गई सङ्कटको सिर्जना भएको तर्फ सङ्केत गरिएको छ । नेपाली समाजमा विद्यमान वर्गीय विभेद र त्यसबाट सिर्जित सङ्कटग्रस्त जीवनका विषयलाई विश्वसनीय तुल्याउन उपन्यासमा वस्तुगत तथ्यको संयोजन गरिएको छ। त्यसका लागि आपसमा लेखिएका चिठीपत्रहरू, पत्रपत्रिकामा प्रकाशित समाचार, विज्ञापन, उपहारस्वरूप चिनोका रूपमा दिइएका औँठी तथा अन्य गरगहना, भित्तामा सजाइएका चित्रहरू, अड्डा अदालतमा दिइने नालिस वा उजुरी, प्राचीन पाटीपौवा, सत्तल, गुठी मठमन्दिर, स्थानीय दृश्य, तन्त्रमन्त्र विधि र त्यसमा प्रयोग हुने वस्तु र पुस्तान्तरित हुँदै आएका पुराना

सामग्रीहरूलाई उपन्यासमा पनि तथ्यका रूपमा संयोजन गरी सामाजिक विषयवस्तुको सत्यापन गरिएको छ । यसरी तत्कालीन नेपाली समाजमा विद्यमान लैङ्गिक र जातीय विभेदका साथै वर्गीय जनजीवनका चित्रणका माध्यमबाट सामाजिक यथार्थको प्रस्तुति गरिएको पाइएको छ ।

प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेदमा दौलतविक्रम विष्टका उपन्यासमा भौगोलिक परिवेशमा निहित यथार्थताको अध्ययनका लागि सामाजिक यथार्थवादका स्थानीय दृश्यसम्पादन, तत्कालीन सन्दर्भ र क्षेत्रीयता बोध जस्ता प्रतिमानको उपयोग गरिएको छ । यस क्रममा प्रथमतः यिनै प्रतिमानको सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ। यिनै प्रतिमानका सैद्धान्तिक अभिलक्षणका आधारमा अध्ययन गर्दा दौलतविक्रम विष्टका *मञ्जरी, भोक र भित्ताहरू* तथा *ज्योति ज्योति महाज्योति* उपन्यास मूलतः काठमाडौँ उपत्यकामा केन्द्रित रहेका, *एक पालुवा अनेकौँ याम* उपन्यास मूलभूत रूपमा तराई र आंशिक रूपमा काठमाडौँ उपत्यकामा तथा *हिमाल र मान्छे* उपन्यास सगरमाथा अञ्चलको प्रसिद्ध हिमाली जिल्ला सोलुखुम्बुमा केन्द्रित रहेको देखाइएको छ । यी उपन्यासहरूमा खास गरेर वर्गीय शोषण तथा सामाजिक, आर्थिक, सांस्कृतिक राजनीतिक समस्यालाई तत्स्थानिक भूगोलमा सजाएर स्थानीय दृश्यसम्पादनका माध्यमबाट सामाजिक यथार्थका रूपमा प्रस्तुत गरिएको छ भने उनका उपन्यासका भौगोलिक परिवेशमा निहित सामाजिक रहनसहन, खानपान, पेसा, व्यवसाय, संस्कृति जस्ता क्षेत्रीय विषयलाई भौगोलिक यथार्थका रूपमा समेटिएको पाइन्छ। उपन्यासमा स्थानीय दृश्यसम्पादन गर्दा चाहिँ उपन्यासहरू विचरण गरेका स्थानको चिनारी दिइएको छ र त्यसले सामाजिक जीवनमा महत्त्वपूर्ण प्रभाव पारेको देखाइएको छ । त्यसैले उपन्यासको कार्यपीठिका जुन ठाउँमा रहेको छ, त्यस ठाउँको स्थानीय दृश्यलाई समाजले वरण गर्ने आधारबाट प्रस्तुत गरिएको छ। तत्कालीन सन्दर्भका दृष्टिले उनका उपन्यासमा राणाकालीन तथा पञ्चायतकालीन सन्दर्भहरू समेटिएका छन् । त्यस्ता तत्कालीन सन्दर्भभित्र पुरुषप्रधान सामन्ती समाज र त्यसका परम्परावादी चिन्तनबाट सृजित बालविवाह, अनमेलविवाह, बहुविवाह, सामाजिक न्यायमा महिलाप्रति हुने विभेद र निरङ्कुश राणाशासनको अन्याय, अत्याचार, क्रूर दमन अनि त्यसका विरुद्धका विद्रोह रहेका छन् भने पञ्चायतकालीन सन्दर्भभित्र भने अनुदार शासनव्यवस्था, वर्गीय शोषण, भ्रष्टाचार, बेरोजगारी, गरिबी र खास गरेर २०३६ सालपछि युवाहरूमा आएको पञ्चायत विरोधी जागरण र त्यसको प्रतिरोधजस्ता पक्षहरू समेटिएका छन् । यसरी तत्कालीन समयका पात्र र तिनका अभिव्यक्ति, सामाजिक जीवन,

सामाजिक मान्यता, राजनीतिक र सांस्कृतिक परिदृश्यलाई भूगोलसँग संयोजित गरेर प्रस्तुत गरिएको छ । उनका उपन्यासहरूमा हिमाल, पहाड र तराईका भौगोलिक क्षेत्रमा प्रचलित सामाजिक जीवनका विभिन्न विषयलाई क्षेत्रीय बोधका लागि प्रयोग गरिएको छ । उनका उपन्यासहरूमा समेटिएका भौगोलिक क्षेत्र र त्यहाँको आवास, पेसा, व्यवसाय, पोसाक, धर्म संस्कृति, खोलानाला, पाटी, पौवा, घाट आदि प्राकृतिक स्थल र सामाजिक चिन्तन, सामाजिक रहनसहन, पेसा, व्यवसाय, धर्म, संस्कृति सम्बन्धी मौलिकताको पहिचान भौगोलिक परिवेशमा निहित रहेका अनि त्यसका माध्यमबाट सामाजिक यथार्थको प्रतिविम्बन भएको विषय यस परिच्छेदमा समेटिएको छ ।

पाँचौँ परिच्छेदअन्तर्गत दौलतविक्रम विष्टका उपन्यासमा भाषिक विन्यासबारे अध्ययन गरिएको छ । त्यसका लागि सामाजिक यथार्थवादका स्थानीय बोली, सामाजिक भाषिका, उखान र टुक्का जस्ता सैद्धान्तिक प्रतिमानलाई आधार सामग्री बनाइएको छ र प्रथमतः तिनको सैद्धान्तिक परिचय दिइएको छ । त्यसपछि यिनै प्रतिमानका आधारमा  विष्टका उपन्यासमा प्रयोग गरिएको भाषिक विन्यासको विश्लेषण गरिएको छ । यसबाट उनका उपन्यासमा समाजका र जीवनका तथ्यलाई पहिल्याउनका लागि भाषाका सरल रूपको उपयोग गरिएको, समाजका अपठित पात्रले व्यवहार गर्ने र तिनीहरूसँग सम्बन्ध राख्ने स्थानीय बोलीको छनोट गरिएको, भाषाका क्षेत्रीय तथा सामाजिक भेदका साथै उखान र टुक्काको स्वाभाविक प्रयोगले भाषिक अभिव्यक्तिको यथार्थवादी सौन्दर्यको प्रतिविम्बन तथा सामाजिक यथार्थको वस्तुपरक अङ्कन गर्नामा महत्त्वपूर्ण भूमिका खेलेको छ भन्ने निष्कर्ष निकालिएको छ ।

## ६.२ निष्कर्ष

प्रस्तुत शोध दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक यथार्थको चित्रण केकसरी गरिएको छ भन्ने मुख्य शोधसमस्यामा केन्द्रित भई सम्पन्न गरिएको छ । यस शोधसमस्याको प्राज्ञिक समाधानमा पुग्न मुख्यतः चारवटा शोधप्रश्न बनाई सामाजिक यथार्थवादका निश्चित सैद्धान्तिक मान्यताका आधारमा तीसँग सम्बद्ध सामग्रीको विश्लेषण गरिएको छ र त्यसबाट प्राप्त निष्कर्ष शोधप्रश्नका क्रमानुसार तलका बुँदामा दिइएको छ ।

(१) प्रस्तुत शोधको पहिलो शोधप्रश्नका रूपमा दौलतविक्रम विष्टका उपन्यासमा अभिव्यक्त सामाजिक संरचनामा केकस्तो सामाजिक यथार्थको अभिव्यक्ति गरिएको छ भन्ने रहेको छ । यस शोधप्रश्नसँग सम्बद्ध सामग्रीका रूपमा रहेका सामाजिक यथार्थवादका सामाजिकता,

सामाजिक सम्बन्ध, सांस्कृतिक सन्दर्भ र वस्तुवादी चेतना जस्ता प्रतिमानका आधारमा उनका *मञ्जरी, एक पालुवा अनेकौँ याम, भोक र भित्ताहरू, ज्योति ज्योति महाज्योति* तथा *हिमाल र मान्छे* उपन्यासमा चित्रित सामाजिक संरचनामा निहित सामाजिक यथार्थको विश्लेषण गरिएको छ ।

दौलतविक्रम विष्टका उपन्यासमा नेपालको राणाशासनकालीन (२००७ साल निकट पूर्वको) सामन्ती सामाजिक परिपाटीका साथै २००७-२०१५ सालको प्रजातन्त्रकालीन सङ्क्रमणशील सामाजिक यथार्थ र २०१७-२०४५ सालका बिचको पञ्चायतकालीन सामन्ती सामाजिक यथार्थका विशिष्ट पक्षहरू प्रतिविम्बित भएका छन् । त्यस क्रममा उनले खासगरी उच्च, मध्यम र निम्नवर्गीय जीवनको प्रस्तुतिका माध्यमबाट तत्कालीन नेपाली समाजमा विद्यमान वर्गीय सामाजिकताको अभिव्यक्ति गरेका छन् । यस क्रममा उनका उपन्यासमा निम्नवर्गीय जीवनले भोग्नु परेको भोको पेटको समस्यालाई प्रबल रूपमा उठाइएको छ । उनका उपन्यासमा मानिस जानी-जानी चोरी, बेइमानी र घोर अनैतिक कर्म गर्न पनि विवश रहेको यथार्थतालाई प्रस्तुत गरिएको छ । मध्यमवर्गीय परिवारको आर्थिक अवस्था खस्कँदै जाँदा त्यसले धान्नुपर्ने परम्परित विधिविधान कायम राख्न गाह्रो हुने र त्यसले जीवन निकै मार्मिक बन्दै गएको अवस्था पनि उनका उपन्यासमा देखाइएको छ । यसको मुख्य समस्या भनेको परम्परित सामाजिक तथा सांस्कृतिक मूल्यमान्यताअनुरूप आफूलाई समायोजन गर्दै लान खोज्नु र नखोज्नुका बिचको अन्तर्द्वन्द्व नै हो । युगीय चेतनाको सङ्क्रमणशीलताले गर्दा उनका उपन्यासमा शङ्कर, कैलास *(मञ्जरी)*, तारा *(एक पालुवा अनेकौँ याम)* जस्ता पात्रहरू परम्परित समाजको विपक्षमा उभिएका छन् भने प्रचण्डबहादुर *(मञ्जरी)*, नरेन्द्र *(एक पालुवा अनेकौँ याम)*, जगते, पुरेतबाजे *(भोक र भित्ताहरू)* जस्ता पुरातन संस्कार बोकेका पात्रहरू यथास्थितिकै पक्षधर देखा पर्दछन् । यसले गर्दा उनीहरूका बिच तीव्र प्रतिक्रिया सिर्जना गरेर विविध पारिवारिक समस्याहरू उत्पन्न भएका छन् । यसै गरी उच्चवर्गले निम्नवर्गमाथि गरेको शोषण, उत्पीडन, अन्याय, अत्याचारका साथै उच्च वर्गको क्रूरता, कुटिलता र विलासितालाई पनि उनका उपन्यासमा दुरुस्तै प्रस्तुत गरिएको छ । यस्तै उनका उपन्यासमा पुरुषप्रधान सामन्ती प्रथामा अडेको नेपाली समाजमा नारीहरूले बेहोर्नु परेका बालविवाह, बालवैधव्य, अनमेलविवाह, बहुविवाह, पुरुषद्वारा गरिने यौन दुर्व्यवहार, यौन व्यापारमा लाग्नु पर्ने बाध्यता जस्ता नारी सामाजिकता सम्बन्धी अनेक समस्याको वस्तुवादी चित्रण गरिएको छ ।

दौलतविक्रम विष्टका उपन्यासमा आर्थिक, राजनीतिक, सांस्कृतिक, वर्गीय जस्ता बाह्यान्तरिक सामाजिक सम्बन्धका माध्यमबाट सामाजिक यथार्थको सशक्त प्रतिविम्बन गरिएको छ। उत्पादन सम्बन्ध र उत्पादनका नयाँ नयाँ भौतिक साधनको विकास र विस्तारबाट नयाँ सामाजिक सम्बन्धको विकास हुने गरेको परिप्रेक्ष्यमा उनका उपन्यासमा नयाँ र पुराना पुस्ताबिचको सम्बन्धमा पर्याप्त अन्तर्विरोध पैदा भएको र त्यसले परिवारका सदस्यबिचको सम्बन्धमा उल्लेख्य परिवर्तन हुँदै गरेको पाइएको छ । यस्ता परिवर्तन आर्थिकलगायत अन्य क्षेत्रमा भएका परिवर्तनसँग अन्तरङ्ग रूपले गाँसिएका छन् । उनका उपन्यासमा पारम्परिक आर्थिकलगायत राजनीतिक र सांस्कृतिक संरचना तथा मूल्यमान्यताका कारण वर्गीय, जातीय, लैङ्गिक र सांस्कृतिक सम्बन्धमा रहेका विभेदलाई यथार्थ रूपमा देखाइएको छ । समाजमा मानिस-मानिसका बिच रहने बाहिरी तथा भित्री आपसी सम्बन्धबाटै सामाजिक संरचनाको निर्मिति हुने र त्यस्तो नेपाली सामाजिक सम्बन्धलाई उनका उपन्यासमा वस्तुगत रूपमा देखाइएको छ ।

दौलतविक्रम विष्टका उपन्यासहरूमा नेपाली समाजमा स्थापित हिन्दु धर्ममा आधारित परम्परित संस्कृति र हिमाली शेर्पाजनजातीय संस्कृतिको प्रस्तुति गरिएको पाइन्छ । उनका उपन्यासमा नेपाली संस्कृतिका यथार्थलाई झल्काउनका साथै त्यसको भौतिक अवस्थामा आएको परिवर्तनसँगै सांस्कृतिक सङ्क्रमणशीलतातर्फ पनि सङ्केत गरिएको छ ।

दौलतविक्रम विष्टका उपन्यासमा समाजमा रहेको गरिबी र असमानताको कारण पूर्वजन्म वा भाग्य नभएर नेपाली वर्गीय समाज व्यवस्था र त्यसले सिर्जना गरेको असमान आर्थिक सामाजिक संरचना नै दोषी रहेका भन्ने वस्तुवादी चेतना अभिव्यक्त भएको छ। यस दृष्टिले हेर्दा *भोक र भित्ताहरू* उपन्यासमा सामाजिक यथार्थवादी वस्तुवादी चेतना सबल रूपमा व्यक्त भएको देखिन्छ भने त्यसपछि क्रमशः *एक पालुवा अनेकौँ याम, हिमाल र मान्छे* तथा *ज्योति ज्योति महाज्योति* उपन्यासमा पनि त्यस चेतनाको अभिव्यक्तिद्वारा नेपाली सामाजिक यथार्थको प्रतिविम्बन गरिएको छ । सामाजिक संरचनामा निहित यस सामाजिक यथार्थलाई उनका उपन्यासमा कथानक, पात्र, परिवेश र भाषाशैलीका यथार्थदर्शी कलात्मक घटकको बुनोटद्वारा जीवन्त रूपमा अभिव्यक्त गरिएको छ ।

(२) प्रस्तुत शोधको दोस्रो शोधप्रश्नका रूपमा दौलतविक्रम विष्टका उपन्यासमा गरिएको वर्गीय जनजीवनको चित्रणमा सामाजिक यथार्थको प्रतिविम्बन कसरी भएको छ भन्ने रहेको छ । यस शोधसमस्यासँग सम्बद्ध सामग्रीको विश्लेषण गर्दा सामाजिक यथार्थवादका वर्गीय

जीवनको प्रतिविम्बन, सङ्कटग्रस्त जीवनको प्रयोग र तथ्यको संयोजन जस्ता प्रतिमानको उपयोग गरिएको छ । विष्टका उपन्यासमा उच्चवर्गीय जीवनको प्रस्तुति उनीहरूको दैवीगुणयुक्त उदात्त चरित्रको चित्रणका लागि नभएर पाशविक प्रवृत्ति र तल्लो वर्गप्रति उनीहरूले गर्ने अमानवीय व्यवहारलाई देखाउनका लागि गरिएको छ र त्यसका लागि उच्चवर्गका रूपमा उदय भएका नवधनाढ्य वर्ग धनसम्पत्ति आर्जन गर्नका लागि सत्ता र शक्तिको जस्तोसुकै दुरुपयोग गर्न पनि लागिपर्ने गरेको परिदृश्य समेटिएको छ । उनका उपन्यासमा सामन्ती राणाहरूसँगको सामीप्यमा रहेका मध्यमवर्गमा पनि कप्तान्नी मखना (*मञ्जरी*) जस्ता पात्रमा उच्चवर्गीय चिन्तन रहेको कुरालाई समेत देखाइएको छ । उनका उपन्यासमा निम्नवर्गीय जीवनका यथार्थतालाई समेट्ने क्रममा खास गरेर ग्रामीण समाजमा प्रचलित धार्मिक तथा सांस्कृतिक मान्यता एवम् सहरिया समाजमा विद्यमान प्रशासन र न्यायव्यवस्थाका आडमा निम्नवर्गमाथि हुने गरेका चरम शोषण, दमन, अन्याय, अत्याचारलाई प्रदर्शित गरिएको छ। यस क्रममा एकातर्फ समाजका उच्च वर्गीय जीवनका कुटिल र पतित चरित्रको अङ्कन गरिएको छ भने अर्कातर्फ विपन्न वर्गका महिला र पुरुष तथा एकल महिलामाथि हुने गरेका वर्गीय, लैङ्गिक शोषणका अनेक रूपहरूलाई देखाइएको छ।

दौलतविक्रम विष्टका उपन्यासमा समाजमा रहेको वर्गीय असमानताले गर्दा एकथरी मानिस सम्पन्न वा उच्चवर्गीय र अर्काथरी मानिस विपन्न वा निम्नवर्गीय हुँदा सम्पन्नवर्गको शोषण र विपन्नताको मारमा परेर निम्नवर्गीय जीवन सङ्कटग्रस्त बन्न पुगेको सामाजिक यथार्थलाई देखाइएको छ। उनका उपन्यासमा नेपाली समाजमा विद्यमान सामन्ती चिन्तन र परम्पराले गर्दा बालविवाह, बहुविवाह, विधुर विवाहको स्वीकृति तर विधवा विवाहको निषेध जस्ता सामाजिक र सांस्कृतिक समस्याले नारी जीवन सङ्कटमा पर्न गएको विषयलाई पनि देखाइएको छ । उनका उपन्यासमा तत्कालीन अनुदार राजनीतिक व्यवस्था र त्यससँगको सामाजिक सम्बन्ध अनि समाजमा रहेको असमान तथा महँगो न्याय व्यवस्था र बदलिँदो सामाजिक स्वरूपका कारण निम्नवर्गीय जनजीवनमा सिर्जना हुन गएका सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक जस्ता अनेक समस्या तथा सङ्कटलाई कथानक, पात्र, परिवेश र भाषाशैलीका बुनोटद्वारा कलात्मक रूपमा अभिव्यक्त गरिएको छ।

दौलतविक्रम विष्टका उपन्यासमा नेपाली समाजमा विद्यमान वर्गीय विभेद र त्यसबाट सिर्जित निम्नवर्गीय जीवनका सङ्कटलाई विश्वसनीय तुल्याउन वस्तुगत तथ्यको संयोजन गरिएको छ। त्यसका लागि आपसमा लेखिएका चिठीपत्रहरू, पत्रपत्रिकामा प्रकाशित समाचार,

विज्ञापन आदिलाई उपयोगमा ल्याउनुका साथै उपहारस्वरूप चिनाका रूपमा दिइएका औँठी तथा अन्य गरगहना, भित्तामा सजाइएका चित्रहरू, अड्डा अदालतमा दिइने नालिस वा उजुरी, प्राचीन पाटी, पौवा, सत्तल, गुठी मठमन्दिर, स्थानीय दृश्य, तन्त्रमन्त्र विधि र त्यसमा प्रयोग हुने वस्तु एवम् पुस्तान्तरित हुँदै आएका पुराना सामग्रीहरूलाई पनि तथ्यका रूपमा उनका उपन्यासमा संयोजन गरी सामाजिक यथार्थको प्रतिविम्बन गरिएको छ ।

(३) प्रस्तुत शोधको तेस्रो शोधप्रश्न दौलतविक्रम विष्टका उपन्यासमा पाइने भौगोलिक परिवेशमा सामाजिक यथार्थका अभिलक्षणलाई कुन रूपमा प्रस्तुत गरिएको छ भन्ने रहेको छ । यस प्रश्नसँग सम्बद्ध सामग्रीको विश्लेषण गर्दा यथार्थवादका स्थानीय दृश्यसम्पादन, तत्कालीन सन्दर्भ र क्षेत्रीयता बोध जस्ता प्रतिमानको आधार लिइएको छ । यस दृष्टिले हेर्दा उनका उपन्यास हिमाल, पहाड र तराईका भूगोलमा केन्द्रित देखिन्छन् । उनका *मञ्जरी, भोक र भित्ताहरू* र *ज्योति ज्योति महाज्योति* उपन्यासले मूलतः काठमाडौँ तथा अंशतः पहाडी भू-भाग समेटेका छन् भने *एक पालुवा अनेकौँ याम* तराईको र *हिमाल र मान्छे* उपन्यास हिमाली भूगोलमा केन्द्रित देखिन्छन् । यी उपन्यासहरूमा नारीहरूले झेल्नु परेका बालविवाह, अनमेल विवाह, बहुविवाह, विधवा समस्या, वर्गीय सामाजिक शोषण र सांस्कृतिक, आर्थिक, सामाजिक र राजनीतिक समस्यालाई त्यस भूगोलका सामाजिक यथार्थको परिवेशका रूपमा सजाएर प्रस्तुत गरिएको छ र त्यसैले उनका उपन्यासमा आत्मसात् गरिएको भौगोलिक परिवेशको प्रस्तुति यथार्थपरक रहेको पाइन्छ । उनका उपन्यासमा भूगोलसापेक्ष रूपमा समेटिएका विषयवस्तु, पात्रीय अभिव्यक्ति, सामाजिक रहनसहन, खानपान, पेसा, व्यवसाय, धर्म, संस्कृति, राजनीतिसम्बन्धी मौलिकताको पहिचान र प्रस्तुतिबाट क्षेत्रीयताको अभिव्यक्ति हुनुका साथै तिनमा प्रयोग भएको भूगोल र तत्स्थानिक विशिष्टता देखाई सामाजिक यथार्थको प्रतिविम्बन गरिएको छ ।

स्थानीय दृश्यसम्पादनका दृष्टिले हेर्दा दौलतविक्रम विष्टका उपन्यासहरूमा स्थानका विशेषताका माध्यमबाट सामाजिक जीवनमा महत्त्वपूर्ण प्रभाव पर्ने कुरालाई प्रस्तुत गरिएको छ। उनका उपन्यासमा एकातिर स्थानीय दृश्यावलीलाई समाजमा रहेका पहिचानका आधारमा जोड्ने काम गरिएको छ भने अर्कातिर राणाकालीन तथा पञ्चायतकालीन समयका सन्दर्भहरूलाई पनि समेटिएको पाइन्छ । उनका उपन्यासमा त्यस्ता सन्दर्भभित्र पुरुषप्रधान सामन्ती समाज र त्यसका चिन्तनबाट सृजित बालविवाह, अनमेल विवाह, बहुविवाह, सामाजिक न्यायमा महिलाप्रति हुने विभेद र निरङ्कुश राणाशासनका अन्याय, अत्याचार, क्रूर

दमन अनि त्यसका विरुद्ध गरिएको विद्रोह समेटिएका छन् । पञ्चायतकालीन अनुदार शासन व्यवस्था, वर्गीय शोषण, भ्रष्टाचार, बेरोजगारी, गरिबी र खास गरेर २०३६ सालपछि युवाहरूमा आएको पञ्चायत विरोधी जागरण र त्यसको प्रतिरोध जस्ता पक्षहरू पनि उनका उपन्यासमा सामाजिक यथार्थका रूपमा समेटिएका छन् । यसरी तत्कालीन समयका पात्र र तिनका चरित्र र आवाज तथा सामाजिक जीवन, सामाजिक मान्यता, राजनीतिक एवम् सांस्कृतिक परिदृश्यलाई भूगोलसँग संयोजित गरेर विष्टले आफ्ना उपन्यासमा तत्कालीन सामाजिक यथार्थको प्रस्ट अभिव्यक्ति गरेका छन् ।

(४) प्रस्तुत शोधको चौथो शोधप्रश्नको रूपमा दौलतविक्रम विष्टका उपन्यासमा सामाजिक यथार्थको अभिव्यक्तिका निम्ति केकस्तो भाषिक विन्यास गरिएको छ भन्ने रहेको छ । यस शोधप्रश्नसँग सम्बद्ध सामग्रीको विश्लेषणका निम्ति क्षेत्रीय/स्थानीय भाषिका, सामाजिक बोली, उखान र टुक्का जस्ता प्रतिमानको उपयोग गरिएको छ । उपन्यासमा अभिव्यक्त अनेक यथार्थ, तत्कालीन राजनीतिक स्थिति र बदलिँदो मानसिकताको चित्रणका लागि उपन्यासकारले जुन कथासंसारको निर्माण गर्दछ, त्यसमा अनेक किसिमका पात्र रहेका हुन्छन् तिनका मानसिकता, सोच, सांस्कृतिक स्तरअनुरूप औपन्यासिक भाषामा पनि वैविध्य हुनु आवश्यक मानिन्छ । त्यस क्रममा एउटै खालको भाषाको प्रयोग गरिँदैन । विष्टले कथाकथन गर्दा आडम्बररहित, सरल तथा केही हदसम्म तत्सम शब्दका साथसाथै मानक नेपाली भाषाको नै प्रयोग गरेका छन् भने आफ्ना उपन्यासमा खास खास प्रसङ्ग उपस्थित हुँदा चाहिँ सामाजिक भाषिकाको प्रयोगका साथै स्थानीयले सामान्य रूपमा बोल्ने तद्भव शब्द तथा बोलचालको भाषाको पनि प्रयोग गरेका छन् । उनले प्रकृति चित्रण गर्दा भने काव्यगुणले युक्त भाषाको प्रयोग गरेका छन् । उनका औपन्यासिक पात्रहरूका वाक्यात्मक अभिव्यक्तिमा उनीहरूको शैक्षिक र सांस्कृतिक स्तरअनुरूप यथार्थ चित्रणका लागि *एक पालुवा अनेकौं याम* उपन्यासका ठाउँठाउँमा भोजपुरी र *हिमाल र मान्छे* उपन्यासमा शेर्पा भाषाको सान्दर्भिक प्रयोग भएको छ । यस खालको भाषिक प्रयोगले सम्बन्धित क्षेत्रीय जीवनका यथार्थ अभिव्यक्ति गर्न सघाएको छ । उनले पात्रको चरित्रचित्रणलाई विश्वसनीय तथा यथार्थपरक बनाउनका लागि उसको मातृभाषागत उच्चारण र केही मात्रामा आफ्नै भाषाका शब्द तथा वाक्यको प्रयोग गर्ने यथार्थवादी प्रवृत्ति पनि लिएको देखिन्छ । उनका उपन्यासमा प्रयुक्त व्यक्ति बोली (थेगो) र उखानले सम्बद्ध पात्रको सामाजिक पहिचान दिएका छन् भने ती उखानबाट विषयवस्तुको यथार्थ झल्किनुका साथै पात्रका आशयलाई प्रस्ट पनि पारिएको छ । यसरी उनका उपन्यासमा

सामाजिक बोली, उखान र टुक्काको समुचित भाषिक विन्यासबाट अभिव्यक्तिको विशिष्ट स्वरूप निर्माण हुन गई त्यसले सामाजिक यथार्थको दुरुस्त प्रस्तुति हुन गएको छ ।

समग्रमा हेर्दा दौलतविक्रम विष्ट नेपालको काठमाडौँ उपत्यका, तराई र हिमाली प्रदेशका सामाजिक यथार्थका साथै संस्कृतिसापेक्ष यथार्थको चित्राङ्कन गर्ने सामाजिक यथार्थवादी उपन्यास स्रष्टाका रूपमा देखा पर्दछन् र यही नै उनको सामाजिक यथार्थवादी उपन्यासकारिताको मौलिक वैशिष्ट्य हो । आधुनिक नेपाली उपन्यासका बारेमा गरिएका अद्यावधिक अध्ययनअनुसार विष्टका पूर्ववर्ती र समकालीन सामाजिक यथार्थवादी उपन्यास परम्परामा जहाँ लैनसिंह वाङदेलको *मुलुकबाहिर* उपन्यासमा सामान्य मजदुरी गर्ने निम्नवर्गलाई प्रमुखता दिई बर्सेनि अर्थ उपार्जन गर्न प्रवास लाग्नुपर्ने नेपालीहरूको विवश जीवन, कठोर परिश्रम र दोस्रो महायुद्धबाट फर्केकाहरूको जीवनक्रमको यथार्थ परिचय मात्र होइन, बाँच्नलाई गरिएको प्रयास र सङ्घर्ष जस्तो सामाजिक यथार्थ पाइन्छ त्यहीँ लीलबहादुर क्षेत्रीको *बसाइँ* उपन्यासमा नेपालको पूर्वी पहाडको समाजमा विद्यमान सामन्ती शोषण र त्यसका कारण गरिब, निमुखा वर्गले आफ्नो जायजेथा सामन्तलाई सुम्पिई बसाइँ सर्नुपर्ने बाध्यता बेहोर्नु परेको कारुणिक सामाजिक यथार्थको चित्रण पाइन्छ । विष्टका समकालीन सामाजिक यथार्थवादी उपन्यासकार शङ्कर कोइरालाको *खैरेनी घाट* उपन्यासमा मध्य पहाडी समाजको आञ्चलिक यथार्थ प्रतिविम्बित भएको छ भने ध. च. गोतामेको *घामका पाइला* उपन्यासमा तराईको सामाजिक जीवनमा देखा परेका सामयिक सङ्क्रमणशील सामाजिक यथार्थ पक्षको चित्रण गरिएको पाइन्छ । यी सबैका परिप्रेक्ष्यमा दौलतविक्रम विष्टले *मञ्जरी* उपन्यासमा समाजमा विद्यमान रूढिग्रस्त र समस्यामूलक सामाजिक यथार्थ, *एक पालुवा अनेकौँ याम* उपन्यासमा तराईको सामाजिक जीवनका यथार्थ, *भोक र भित्ताहरू* उपन्यासमा नेपाली समाजमा चर्को रूपमा विद्यमान वर्गीय असमानता र निम्नवर्ग तथा उच्चवर्गका बिचको द्वन्द्व र बदलिँदो सामाजिक संरचनाका कारण निम्न वर्गमा आएको परिवर्तनकारी विद्रोही सञ्चेतनाको यथार्थवादी र केही मात्रामा आलोचनात्मक यथार्थवादी प्रवृत्ति एवम् *ज्योति ज्योति महाज्योति* र *हिमाल र मान्छे* उपन्यासमा क्रमशः काठमाडौँको पाशुपत क्षेत्र र हिमाली क्षेत्रको शेर्पा संस्कृतिसापेक्ष यथार्थको अभिव्यक्ति गरिएको छ र उपन्यासकार विष्टको सामाजिक यथार्थवादी उपन्यासकारिताको खास मौलिक पहिचान पनि यही हो । विष्टले नेपाली समाजमा विद्यमान काठमाडौँली, तराईली र हिमाली जीवनका सामाजिक यथार्थका विभिन्न पाटाहरूलाई मूलभूत रूपमा संस्कृतिसापेक्ष तुल्याई आफ्ना उपन्यासमा उतारेका छन् । यसले

गर्दा नेपाली सामाजिक यथार्थवादी उपन्यासका परम्परामा उनका उपन्यासको सामाजिक यथार्थको स्वरूप अन्य उपन्यास स्रष्टाका सामाजिक यथार्थवादी विषयगत सेरोफेरोभन्दा भिन्न देखा पर्छ तर आलङ्कारिक र काव्यात्मक भाषाको प्रयोगले गर्दा उनको यथार्थवादी चित्रण ठाउँठाउँमा सामाजिक यथार्थका प्रवृत्तिभन्दा केही टाढा हुन खोजेको पनि देखिन्छ । यसो भए पनि बोलीचालीका स्थानीय भाषाको प्रयोग, भिन्न भिन्न सांस्कृतिक परम्पराका पात्रहरूका मातृभाषागत पदपदावली एवम् वाक्यको प्रयोग र ध्वन्यात्मक उच्चारण तथा नेपाली जनजीवनमा प्रचलित उखान र टुक्काको स्वाभाविक प्रयोगले उनको सामाजिक यथार्थवादी उपन्यास कलालाई सौन्दर्यपूर्ण तुल्याएको छ ।

सामाजिक यथार्थताका सैद्धान्तिक प्रतिमानका आधारमध्ये पहिलो शोधप्रश्नसँग सम्बन्धित सामाजिक संरचना र त्यसको औपन्यासिकीकरणका दृष्टिले हेर्दा *एक पालुवा अनेकौँ याम, भोक र भित्ताहरू, मञ्जरी, हिमाल र मान्छे र ज्योति ज्योति महाज्योति* उपन्यासहरूको कलात्मक गुणवत्ता क्रमशः सशक्त देखापर्दछ । त्यसै गरी प्रस्तुत शोधको दोस्रो शोधप्रश्नसँग सम्बन्धित प्रतिमान वर्गीय जनजीवनको चित्रण र त्यसलाई प्रस्तुत गर्न गरिएको कथानक, पात्र, परिवेश, भाषाशैली आदि जस्ता औपन्यासिक तत्त्वको कलात्मक गुम्फनका दृष्टिले हेर्दा *भोक र भित्ताहरू, एक पालुवा अनेकौँ याम, मञ्जरी, हिमाल र मान्छे र ज्योति ज्योति महाज्योति* उपन्यासहरूको गुणवत्तापूर्ण सोपानक्रम क्रमशः स्थापित हुन पुगेको देखिन्छ । प्रस्तुत शोधको तेस्रो शोधप्रश्नसँग सम्बन्धित सैद्धान्तिक प्रतिमान भौगोलिक परिवेशमा पाइने सामाजिक यथार्थ र त्यसको औपन्यासिक कलात्मक चित्रणका दृष्टिले हेर्दा *एक पालुवा अनेकौँ याम, भोक र भित्ताहरू, हिमाल र मान्छे, ज्योति ज्योति महाज्योति* र *मञ्जरी* उपन्यासहरू क्रमशः सबल रहेका छन् । प्रस्तुत शोधको चौथो शोधप्रश्नसँग सम्बन्धित सैद्धान्तिक प्रतिमान समाजिक यथार्थको अभिव्यक्तिका लागि प्रयुक्त भाषाको वस्तुपरकताका दृष्टिले *हिमाल र मान्छे, भोक र भित्ताहरू, एक पालुवा अनेकौँ याम, मञ्जरी र ज्योति ज्योति महाज्योति* उपन्यासहरू क्रमशः विशेष उत्कृष्ट रहेका छन् । यसै गरी सामाजिकता, सामाजिक सम्बन्ध, सांस्कृतिक सन्दर्भ, वस्तुवादी चेतना, वर्गीय जीवनको प्रतिविम्बन जस्ता सामाजिक यथार्थवादका सैद्धान्तिक अभिलक्षणका आधारमा विष्टका उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थको विश्लेषण गर्दा *एक पालुवा अनेकौँ याम, भोक र भित्ताहरू, मञ्जरी, हिमाल र मान्छे र ज्योति ज्योति महाज्योति* उपन्यासहरू क्रमशः महत्त्वपूर्ण उपन्यासका रूपमा देखा पर्दछन् । यिनमा चित्रित सामाजिक यथार्थसम्बन्धी मार्मिक विषयवस्तुले जहाँ यिनको

औपन्यासिक कलात्मक मूल्यको अभिवृद्धिमा प्रभावकारी भूमिका खेलेको छ त्यहीँ त्यस सामाजिक यथार्थको प्रतिविम्बनलाई कलात्मक मार्मिकता प्रदान गर्नामा यी उपन्यासमा गरिएको औपन्यासिक विधागत संरचक तत्त्वहरूको पारस्परिक मेलको पनि उत्तिकै उल्लेख्य भूमिका रहेको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, लक्ष्मी, *चपाइएका अनुहार उपन्यासको कृतिपरक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०६२ ।

उप्रेती, सञ्जीव, सिद्धान्तका कुरा (चौथो संस्क.), काठमाडौँ : अक्षर क्रियसन्स नेपाल, २०६९ ।

एटम, नेत्र, सङ्क्षिप्त साहित्यिक शब्दकोश, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, २०७४ ।

कँडेल, घनश्याम, 'पश्चिमका केही महत्त्वपूर्ण साहित्यिक प्रवृत्तिहरू', मधुपर्क, वर्ष १०, अङ्क ७ (मङ्सिर २०३४), पृ. ४१ ।

———, 'पाश्चात्य साहित्यको रूपरेखा : सङ्क्षिप्त दिग्दर्शन', *पृथ्वीवाङ्मय,* वर्ष १, अङ्क १ (२०५८), पृ. १३१ ।

कोइराला, खेम 'बन्धु', 'आजको समाजको सशक्त चित्रण बिग्रेको बाटो', *रूपरेखा,* वर्ष १९, अङ्क ६ (२०३५), पृ. ५४-६१ ।

गिरी, अमर, *सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, २०७० ।

गुप्त, शान्तिस्वरूप, *उपन्यास स्वरूप, संरचना तथा शिल्प,* वाराणसी : विश्वविद्यालय प्रकाशन, सन् १९८२ ।

गौतम, कृष्ण, *उत्तरआधुनिक संवाद,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, २०६७ ।

———, 'साहित्यमा यथार्थवाद', *समकालीन साहित्य* (समालोचना अङ्क), पूर्णाङ्क ५० (साउन-भदौ-असोज २०६०), पृ. १७-२३ ।

गौतम, देवीप्रसाद, *नेपाली भाषा-परिचय,* ललितपुर : साझा प्रकाशन, २०४९ ।

गौतम, ध्रुवचन्द्र, 'नेपाली उपन्यास : समकालीन सन्दर्भमा', *मधुपर्क,* वर्ष २६, अङ्क २, (असार २०५०), पृ. ५-९ ।

चापागाईं, निनु, *यथार्थवादी रचना दृष्टि र विवेचना,* काठमाडौँ : दिल वरदान र महिम चापागाईं, २०५१ ।

चापागाईं, निनु (सम्पा.), *मार्क्सवादी साहित्यचिन्तन,* ललितपुर : साझा प्रकाशन, २०६७ ।

जैन, नागिना, *आञ्चलिकता और हिन्दी उपन्यास,* नई दिल्ली : अक्षर प्रकाशन, सन् १९७६ ।

जैन, रवीन्द्रकुमार, *उपन्यास सिद्धान्त और संरचना,* नई दिल्ली : नेसनल पब्लिसिङ हाउस, सन् १९७२ ।

जोशी, कुमारबहादुर, *पाश्चात्य साहित्यका प्रमुख वाद* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन, २०५७ ।

———, 'यथार्थवाद', *नेपाली साहित्यकोश* (सम्पा.) ईश्वर बराल र अन्य. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५५, पृ. ६६०-६७३ ।

जोशी, रत्नध्वज, *आधुनिक नेपाली साहित्यको झलक* (तेस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन, २०२१/२०५० ।

तिवारी, रामपूजन, *पाश्चात्य काव्यशास्त्र,* नई दिल्ली : राधाकृष्ण प्रकाशन, सन् १९७१ ।

त्रिपाठी, वासुदेव, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (पहिलो भाग) (तेस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन, २०४८ ।

———, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (दोस्रो भाग) (पाँचौँ संस्क.), ललितपुर : साझा प्रकाशन, २०६५ ।

———, *विचरण,* काठमाडौँ भानु प्रकाशन, २०२८ ।

थापा, सुन्दरी, *उपन्यासकार दौलतविक्रम विष्टको एक पालुवा अनेकौँ याम उपन्यासमा द्वन्द्व,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०५६ ।

नगेन्द्र (सम्पा.), *मानविकी पारिभाषिक कोश* (साहित्य खण्ड), नई दिल्ली : राजकमल प्रकाशन, सन् १९९८ ।

निगम, शोभा, *पाश्चात्य दर्शन के सम्प्रदाय* (तेस्रो संस्क.), वाराणसी : मोतीलाल वनारसीदास, सन् २००० ।

नेउपाने, पशुपति, दौलतविक्रम विष्टको उपन्यासकारिताको निरूपण, *गरिमा,* वर्ष १२, अङ्क ५ (२०५१), पृ. २२४ ।

नेपाल, घनश्याम, *आख्यानका कुरा* (दोस्रो संस्क.), सिलगढी : एकता बुक हाउस प्रा. लि., सन् २००५ ।

पचौरी, सुधीश, *उत्तर-आधुनिक साहित्यिक विमर्श* (आवृत्ति संस्क.), नयी दिल्ली : वाणी प्रकाशन, सन् २०१० ।

पाण्डेय, ताराकान्त, *मार्क्सवाद, सास्कतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन, २०५३ ।

पाण्डेय, मैनेजर, 'उपन्यास और यथार्थ : एक टिप्पणी', *हंस* (जनवरी सन् १९९९), पृ.१४-१५ ।

———, *साहित्य और इतिहास दृष्टि,* नई दिल्ली : पिपुल पब्लिसिङ हाउस, १९८४ ।

———, *साहित्य के समाजशास्त्र की भूमिका,* चण्डीगढ : हरियाणा साहित्य अकादमी, सन् १९८९ ।

पोखरेल, भोलानाथ, *आधुनिक नेपाली सामाजिक यथार्थवादी उपन्यासको पात्रविधान,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, २०६४ ।

पौडेल, विष्णुप्रसाद, 'साहित्यकार दौलतविक्रम विष्ट र उनको औपन्यासिक यात्राको चरण-विभाजन', *गरिमा,* वर्ष १९, अङ्क १० (२०५८), पृ. ६३-७४ ।

———, *नेपाली उपन्यास र यथार्थवाद,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, २०६० ।

प्रधान, कृष्णचन्द्रसिंह, *नेपाली उपन्यास र उपन्यासकार* (छैटौं संस्क.), ललितपुर : साझा प्रकाशन, २०३७/२०७७ ।

———, 'वाध्य जीवन नयाँ परिवेशको यथार्थ चित्र एक पालुवा अनेकौं याम', *रमझम,* वर्ष ६, अङ्क ३ (फागुन २०२६), पृ. ६४-७३ ।

——— (सम्पा.), *साझा समालोचना* (पाँचौं संस्क.), ललितपुर : साझा प्रकाशन, २०२५/२०५८ ।

प्रधान, प्रतापचन्द्र, 'थाकेको आकाश', *अभिव्यक्ति,* वर्ष ९, अङ्क १ (वैशााख २०३५), पृ. ३२-३४ ।

प्रधान, भिक्टर, *सांस्कृतिक अध्ययनमा नेपाली नाटक,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, २०७० ।

प्रसाई, नरेन्द्रराज, *दौलतविक्रम विष्टको परिक्रमा,* ललितपुर : साझा प्रकाशन, २०६० ।

बन्धु, चूडामणि, *भाषाविज्ञान* (नवौँ संस्क.), ललितपुर : साझा प्रकाशन, २०७३ ।

बराल, ऋषिराज, *उपन्यासको सौन्दर्य शास्त्र,* ललितपुर : साझा प्रकाशन, २०५६ ।

---, 'ज्योति ज्योति महाज्योतिमा निरूपित सौन्दर्य-दर्शन', *समकालीन साहित्य* पूर्णाङ्क १३ (माघ-फागुन-चैत २०५०), पृ.४५-५८ ।

---, *मार्क्सवाद र उत्तरआधुनिकतावाद* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन, २०६७ ।

---, *मार्क्सवाद र सबाल्टर्न अध्ययन,* ललितपुर : साझा प्रकाशन, २०७३ ।

---, *साहित्य र समाज,* ललितपुर : साझा प्रकाशन, २०६४ ।

बराल, कृष्णहरि र एटम, नेत्र, *उपन्यासको विश्लेषण,* काठमाडौँ : काठमाडौँ बुक सेन्टर, २०५५ ।

---, *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन, २०५६/२०५८ ।

भट्टराई, रमेशप्रसाद, *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक विश्लेषण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०७७ ।

---, *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०७७ ।

भण्डारी, जगदीशचन्द्र र श्रेष्ठ, संजीवदास (अनु.), *साहित्य र यथार्थ,* (लेखक) हावर्ड फास्ट, काठमाडौँ : बिजेन्टस ट्रेनिङ कं. लि., २०६६ ।

भारद्वाज, मैथिलीप्रसाद, *पाश्चात्य काव्यशास्त्र के सिद्धान्त* (द्वितीय संस्क.), चण्डीगढ : हरियाणा साहित्य अकादमी, सन् १९९४ ।

मास्के, राजेन्द्र (अनु.), *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान,* (लेखक) भिक्टर आफानास्येभ, काठमाडौँ: सहभागी प्रकाशन, २०५४ ।

मिश्र, चैतन्य, *पुँजीवाद र नेपाल,* काठमाडौँ : मूल्याङ्कन प्रकाशन गृह, २०६३ ।

–––, *बदलिँदो नेपाली समाज,* काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

मिश्र, भगीरथ, *पाश्चात्य काव्यशास्त्र इतिहास सिद्धान्त और वाद,* वाराणसी : विश्वविद्यालय प्रकाशन, सन् २००५ ।

–––, *पाश्चात्य काव्यशास्त्र* (दसौँ संस्क.), वाराणसी : विश्वविद्यालय प्रकाशन, सन् २०१९ ।

मिश्र, मनुजबाबु, *विश्वकलाको इतिहास,* काठमाडौँ : त्रि.वि., पाठ्यक्रम विकास केन्द्र, २०३९ ।

मिश्र, शिवकुमार, *दर्शन साहित्य और समाज,* नई दिल्ली : वाणी प्रकाशन, सन् २००० ।

*–––, मार्क्सवादी साहित्य-चिन्तन : इतिहास तथा सिद्धान्त,* नई दिल्ली : वाणी प्रकाशन, सन् २०१० ।

*–––, यथार्थवाद* (द्वितीय संस्क.), भारत : म्याकमिलन कम्पनी इण्डिया लिमिटेड, सन् १९७८ ।

–––, *यथार्थवाद* (आवृत्ति संस्क.), नयी दिल्ली : वाणी प्रकाशन, सन् २०१७ ।

मिश्र, सत्यदेव, *पाश्चात्य काव्यशास्त्र कोश,* वाराणसी : विश्वविद्यालय प्रकाशन, सन् २०१९ ।

राई, इन्द्रबहादुर, *उपन्यासका आधारहरू* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन, २०३१/२०५० ।

राकेश, रामदयाल, 'ज्योति-ज्योति महाज्योति औपन्यासिक जगतको हिमज्योति', *तन्नेरी,* वर्ष १३, अङ्क ३ (२०४८), पृ. ६-२० ।

राय, गोपाल, *उपन्यासका शिल्प,* पटना : विहार हिन्दी ग्रन्थ अकादमी, सन् १९७३ ।

–––, *उपन्यासकी संरचना* (तीसरा संस्क.), नई दिल्ली : राजकमल प्रकाशन, सन् २०२० ।

लुइटेल, खगेन्द्रप्रसाद, *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, २०६९ ।

वर्मा, भगवती चरण, *साहित्य के सिद्धान्त तथा रूप,* दिल्ली : राजकमल प्रकाशन, सन् १९७६ ।

वाग्ले, ईश्वरचन्द्र, *रमेश विकलका कथामा यथार्थ,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, २०६० ।

विष्ट, दौलतविक्रम, *एक पालुवा अनेकौँ याम,* काठमाडौँ : साझा प्रकाशन, २०२६ ।

---, *चपाइएका अनुहार,* काठमाडौँ : साझा प्रकाशन, २०३० ।

---, *ज्योति ज्योति महाज्योति,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, २०४५ ।

---, *थाकेको आकाश,* काठमाडौँ : साझा प्रकाशन, ३०३४ ।

---, *फाँसीको फन्दा,* काठमाडौँ : विश्वराम भक्त माथेमा, २०५३ ।

---, *बिग्रिएको बाटो,* काठमाडौँ : नवीन प्रकाशन, २०३३ ।

---, *भोक र भित्ताहरू,* काठमाडौँ : साझा प्रकाशन, २०३८ ।

---, *मञ्जरी,* काठमाडौँ : नेपाल भारत मैत्री सङ्घ, २०१६ ।

---, 'रचनाको सन्दर्भमा मेरो जीवन', *गरिमा* वर्ष १४, अङ्क ३ (२०५२), पृ. १०-२३ ।

---, *हिमाल र मान्छे,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४५ ।

शर्मा, गोपीकृष्ण, 'एक पालुवा अनेकौँ याम उपन्यासको पात्रविधान', *वाङ्मय,* वर्ष ५, अङ्क ५ (२०४१), पृ. ६६-८० ।

शर्मा, जनकलाल, *हाम्रो समाज एक अध्ययन* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन, २०५८ ।

शर्मा, तारानाथ, 'एक पालुवा अनेकौँ याम', *मधुपर्क,* वर्ष २, अङ्क ४ (भदौ २०२६), पृ. १०५-११३) ।

---, *नेपाली साहित्यको इतिहास* (तेस्रो संस्क.), काठमाडौँ : नवीन प्रकाशन, २०५१ ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद, *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

———, *लोकवार्ताविज्ञान र लोकसाहित्य,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

शर्मा, मोहनराज, *समालोचनाका नयाँ कोण,* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस, २०७८ ।

शर्मा, रामविलास, *मार्क्स और पिछडे हुए समाज,* नयी दिल्ली : राजकमल प्रकाशन, सन् १९८६ ।

शर्मा, लीलाप्रसाद (अनु.), *जर्ज लुकासको साहित्य सिद्धान्त* (लेखक) जर्ज लुकास, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान २०३१ ।

शर्मा, सीता, *साहित्यकार दौलतविक्रम विष्टको जीवनी र व्यक्तित्वको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०३८ ।

शिवाकोटी, गोपाल, *राजनैतिक शब्दकोश,* काठमाडौँ : पैरवी प्रकाशन, २०६७ ।

श्रीवास्तव, परमानन्द, *उपन्यास का पुनर्जन्म* (आवृत्ति संस्क.), नई दिल्ली : वाणी प्रकाशन, सन् २०१५ ।

श्रीवास्तव, शिवनारायण, *हिन्दी उपन्यास* (द्वितीय संस्क.), वाराणसी : सरस्वती मन्दिर सन् १९६८ ।

श्रेष्ठ, तारालाल, *शक्ति, स्रष्टा र सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन, २०६८ ।

श्रेष्ठ, दयाराम, *नेपाली कथा र यथार्थवाद,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, २०३८ ।

श्रेष्ठ, दयाराम, *यथार्थवाद र नेपाली कथा-परम्परामा आधुनिक कालको प्रणयन,* काठमाडौँ : शिखा बुक्स, २०७८ ।

सचदेव, डी.आर, *समाजशास्त्र के सिद्धान्त* (पुनर्मुद्रण संस्क.), नई दिल्ली : किताब महल, सन् २०१६ ।

सांकृत्यायन, राहुल, *दर्शन दिग्दर्शन* (पुनर्मुद्रण संस्क.), नई दिल्ली : किताब महल, सन् २०२१ ।

———, *मानव-समाज* (तृतीय पेपरबैक संस्क.), प्रयागराज : लोकभारती प्रकाशन, सन् २०१९ ।

सान्याल, भुपेन्द्रनाथ, *फ्रेन्च साहित्य का इतिहास,* उत्तरप्रदेश : हिन्दी समिति सूचना विभाग, सन् १९६३ ।

सिंह, अजब, *यथार्थवाद पूनर्मूल्याङ्कन,* वाराणसी : विश्वविद्यालय प्रकाशन, सन् १९९८ ।

सिंह, त्रिभुवन, *हिन्दी उपन्यास और यथार्थवाद* (पञ्चम् संस्क.), वाराणसी : हिन्दी प्रचारक पब्लिकेसन, २०५४ ।

सिंह, बच्चन, *साहित्य का समाजशास्त्र और रूपवाद,* वाराणसी : विश्वविद्यालय प्रकाशन, सन् १९८४ ।

सिंह, भगवान, *विभ्रम और यथार्थ,* (लेखक) क्रिस्टोफर कडवेल, नई दिल्ली : राजकमल प्रकाशन, सन् १९९८ ।

सिंह, शशिभूषण, *उपन्यास का स्वरूप,* ग्वालियर : कैलाश पुस्तक सदन, सन् १९८१ ।

सुवेदी, अभि, *पाश्चात्य काव्य सिद्धान्त,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३० ।

सुवेदी, धनप्रसाद, *नेपाली आञ्चलिक उपन्यासका प्रवृत्ति,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, २०६८ ।

सुवेदी, राजेन्द्र, *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,* वाराणसी : भूमिका प्रकाशन, २०५३ ।

———, 'वस्तु-स्रोत र विन्यासका सफलता र विफलता ज्योतिज्योति महाज्योति' भित्र, *गरिमा* वर्ष ११, अङ्क १२ (२०५०), पृ. ३६-४९ ।

सुषमा, विजय (अनु.), *साहित्य और यथार्थ* (द्वितीय संस्क.),(लेखक) हावर्ड फास्ट, नई दिल्ली : वाणी प्रकाशन, सन् २०१५ ।

Shaw, Harry (ed.). *Dictionary of literary terms.* New York : McGraw Hil Book Co., 1972.

Swingwood, Alan. 'The social theory of literature' *Sociology of literature* (ed.). Alen Swingwood and Diana T. Laurenson. London : Schocken Books, 1972.